CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इति. पु. ६६५२ ००६

श्रीविष्णुसहस्रनामस्तोत्र-विवृतिः

(नेपालीभाषानुवादसहिता)



प्रकाशकः
पशुपति वंशीराम
मण्डप नेपाल

विद्वच्छिरोमणिः कुलचन्द्रगौतमः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
इति.पु. ६६५२

श्रीविष्णुसहस्रनामस्तोत्र-विवृतिः

(नेपालीभाषानुवादसहिता)

विवृतिकारः

विद्वच्छिरोमणिः कुलचन्द्रगौतमः

अनुवादक

डा. नारायणप्रसाद गौतम

सम्पादन समिति

सुना भण्डारी	-	अध्यक्ष
हृषीकेशराम भण्डारी	-	सदस्य
केशवचन्द्र गौतम	-	सदस्य
प्रा. महेशकुमार उपाध्याय	-	सदस्य
सुरेन्द्र मिश्र	-	सदस्य

प्रधान सम्पादक

प्रा.डा. माधव भट्टराई

Acc 30131

प्रकाशक

पशुपति वंशीराम मण्डप नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशक – पशुपति वंशीराम मण्डप नेपाल
कमलादी, काठमाडौं, नेपाल
फोन : ०१-४२२३००९

संस्करण – प्रथम, २०६७ (ई.२०११), वसन्तपञ्चमी

संख्या – १००० प्रति

सर्वाधिकार – प्रकाशकमा सुरक्षित

मूल्य – रु.९९९/- (US$ 15.00) (IC 700.00)

कम्प्युटर व्यवस्थापन – सुमनकृष्ण श्रेष्ठ, मदन थापा

Acc. 30025 / 30136

वितरक – रत्न पुस्तक भण्डार
बागबजार, काठमाडौं, नेपाल

मुद्रक – नेपाल प्रिन्टिङ्ग सपोर्ट
अनामनगर, काठमाडौं, ४२६५८२१

ISBN No. – 978-9937-2-2735-3

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कार्य समिति

संरक्षक : अनन्तश्रीविभूषित ज्योतिष्पीठाधीश्वर जगद्गुरु शङ्कराचार्य
स्वामी माधवाश्रमजी महाराज

सल्लाहकार : केशवचन्द्र गौतम
प्रा. महेशकुमार उपाध्याय
व्यासाचार्य किशोरकुमार गौतम
कमलेशकुमार उपाध्याय
शान्ता पोखरेल

अध्यक्ष : सुना भण्डारी

उपाध्यक्ष : शशीराम भण्डारी

महासचिव : सुरेन्द्र मिश्र

कोषाध्यक्ष : दिव्यमणि दीक्षित

सदस्य : कल्पना रेग्मी (भण्डारी)
हरिहर दाहाल
डा. नारायणप्रसाद गौतम
राजाराम भण्डारी
रघुराम भण्डारी

विशेष सहयोगी : रिता/नर्म स्टेकलाइन
फिलिस उपाध्याय
गौरीशङ्कर/अनिता अधिकारी
सविता भण्डारी
साधना/सुरज अधिकारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषयसूची

प्रकाशकीय : सुना भण्डारी — छ
आशीर्वचन : जगद्गुरु शङ्कराचार्य श्रीमाधवाश्रमजी महाराज — झ
सन्देश : जगद्गुरु शङ्कराचार्य श्रीनिश्चलानन्द सरस्वतीजी महाराज — ट
शुभाशंसा : पं. टेकनाथ उपाध्याय गौतम — ठ
प्राक्कथन : डा. नारायणप्रसाद गौतम — ड
भूमिका : प्रा. डा. माधव भट्टराई — थ

श्रीविष्णुसहस्रनामस्तोत्रम् कुलचन्द्रकृता भूमिका — १
श्रीविष्णुसहस्रनाम प्रस्तावना — ६
श्रीविष्णुसहस्रनामविवृति — १०
फलश्रुतिः — ५२३
केहीनामको थप व्याख्या — ५३१
सहस्रनाम व्याख्याको प्रवृत्तिमा कारण — ५३४
स्वपरिचयः — ५३७

परिशिष्टखण्डः

विद्वच्छिरोमणेः कुलचन्द्रगौतमस्य हस्ताक्षराणां निदर्शनम् — ५४१
चतुर्थ्यन्त खण्ड (विष्णुसहस्रनामावली) — ५४२
चतुर्थ्यन्तमा केही विकल्प — ५६५
श्रीविष्णुसहस्रनामस्तोत्रम् (मूलपाठः) — ५६६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशकीय

श्रीसीतारामाभ्यां नमः । मङ्गलमूर्तये नमः

अन्तर्राष्ट्रिय ख्यातिप्राप्त साहित्यकार तथा महान् मनीषी विद्वच्छिरोमणि कुलचन्द्र गौतमको विद्वत्ताको बयान जति गरे पनि थोरै नै हुन्छ । म सुना भण्डारी वहाँको कान्छा छोरा लक्ष्मीनाथ गौतमकी जेठी छोरी ।

मलाई पूजनीय हजुरबुबाप्रति अत्यन्त श्रद्धा लाग्छ, वहाँको सौम्य, तेजिलो, हँसिलो मुहार अझै पनि म सम्झन्छु । एकदिन मैले मेरा श्रीमान् स्व. वंशीराम भण्डारी पूजाको लागि जाँदै गरेको बेलामा मलाई हेरेर विष्णुसहस्रनाम तीनपटक भन्नुभएको सपनामा देखें । यसको अर्थ के होला भन्ने हरदम मनमा आइरहन्थ्यो । अनि मैले विष्णुसहस्रनामको पाठ पनि ३ पटक गरेँ तैपनि यसको अर्थ के होला भन्ने कौतूहल लागिरहेको थियो ।

एकदिन म पूजनीय आमाकहाँ गएको बेलामा आमा किताबहरू मिलाइरहनुभएको थियो । म पनि आमासँगै किताब मिलाउन लागेँ । किताबहरूमध्ये हजूरबुबा कुलचन्द्र गौतमका नछापिएका धेरै पाण्डुलिपिहरू थिए । ती मध्ये हस्तलिखित "विष्णुसहस्रनाम" पनि थियो । मेरा श्रीमान्ले यस किताबलाई नै भन्नुभएको होला भनेर मैले पूजनीय आमालाई मलाई यो किताब पाउँ भनेर बिन्ती गरेँ । आमाले केही पनि जवाफ दिनुभएन । केही समयपछि मैले आमालाई फेरि बिन्ती गरेँ । हस्तलिखित किताब पशुपति वंशीराम मण्डपद्वारा सरल नेपाली भाषामा अनुवाद गराई छपाउँदा धेरै जनतामा विष्णुसहस्रनामको प्रभाव पर्नेछ र भगवान्को महिमा संस्कृत नबुझ्नेहरूको लागि पनि अत्यन्त उपयोंगी सिद्ध हुनेछ भन्ने लागेको छ । यो कृति हामी सबैका लागि विशेष उपयोगी हुनेछ भन्ने आशा गरेकी छु । यो कृति पढेर चिन्तन मनन गर्नुहुने महानुभावले भगवान्को कृपाले. अभीष्ट फल पाउनुहुनेछ । यसरी पूजनीय आमा सुभद्रा गौतमलाई अनुरोध गर्दा वहाँबाट सो पाण्डुलिपि प्रकाशनार्थ प्रदान गर्नुभएकोले यस संस्था मार्फत पुस्तक प्रकाशन गर्ने सौभागय प्राप्त भयो । पूजनीय आमाले प्राणीमात्रको हितका लागि यो पुस्तक प्रदान गर्नुभएको कुरा जानकारी गराउन पाउँदा अत्यन्त हर्ष लागेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस संस्थाका पदाधिकारी डा. नारायण प्रसाद गौतमज्यूले अथक प्रयासद्वारा विष्णुसहस्रनामको नेपाली भाषामा अनुवाद पुरा गर्नुभएकोमा हार्दिक धन्यवाद दिन चाहन्छु । यो पुस्तकको प्रकाशनबाट सबै पाठकवर्ग लाभान्वित हुनेछन् भन्ने विश्वास छ । आदरणीय दाजु श्री केशवचन्द्र गौतम र भाइ प्रसन्न गौतम (जसले हजुरबुबासँगै बसेर अध्ययन गर्नुभएको थियो) बाट प्रेरणा र विशेष सल्लाहहरू प्राप्त भएकाले आभार प्रकट गर्न चाहन्छु र यस संस्थाका अन्य शुभेच्छुक महानुभावहरुको प्रेरणा, विशेष सल्लाह र सहयोगले मलाई अझ यस पुस्तक प्रकाशन गर्न थप हौसला मिलेको छ ।

अनन्तश्रीविभूषित ज्योतिष्पीठाधीश जगद्गुरु शङ्कराचार्य स्वामी श्री माधवाश्रमजी महाराजबाट निरन्तर प्रेरणा र आशीर्वाद प्राप्त भएकोमा वहाँप्रति श्रद्धापूर्वक आभार व्यक्त गर्दछु । यो कृति पशुपति वंशीराम मण्डप नेपाललाई प्रदान गर्नुहुने यस संस्थाका संस्थापक सदस्य स्व. सुभद्रा गौतमप्रति पशुपति वंशीराम मण्डप नेपाल परिवार हार्दिक आभार प्रकट गर्दछ ।

नेपाल पञ्चाङ्ग निर्णायक समिति तथा राष्ट्रिय धर्मसभा, नेपालका अध्यक्ष प्रा.डा. माधव भट्टराईज्यूद्वारा प्रकाशन सम्बन्धी सुझावहरू दिनुभई पुस्तकको सम्पादन गरिदिनुभएकोमा हार्दिक धन्यवाद दिन चाहन्छु ।
यस कृतिलाई अत्यन्त मेहनतका साथ टाईप गरी सहयोग गर्नु भएकोमा सुमन कृष्ण श्रेष्ठलाई हार्दिक धन्यवाद दिन चाहन्छु । बत्तीसपुतली स्थित कुमारीस्थान संरक्षण समितिका सदस्यहरुको सहयोग पनि अविस्मरणीय छ ।

अन्तमा, स्वर्गीय माता पिता तथा सम्पूर्ण पितृहरुको चरण कमलमा वन्दना गर्दै श्री भगवान् वंशीरामेश्वर तथा सम्पूर्ण देवी देवताहरुमा प्रार्थनाका साथ यो कृति प्रकाशित हुन लागेकोमा वहाँहरुप्रति हार्दिक श्रद्धा-सुमन अर्पण गर्दछु ।

मिति : २०६७/८/१६

श्रीमती सुना भण्डारी
अध्यक्ष
पशुपति वंशीराम मण्डप नेपाल, काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥ श्री हरिः ॥
गौ माता की जय हो
॥ हर हर महादेव ॥

धर्म की जय हो
अधर्म का नाश हो

प्राणियों में सद्भावना हो
विश्व का कल्याण हो

भारत में धर्म, शास्त्रीय मर्यादा तथा परम्परा की संरक्षक संस्था

अखिल भारतवर्षीय धर्मसंघ

अनन्तश्री ब्रह्मलीन धर्मसम्राट्
स्वामी श्री करपात्रीजी महाराज
द्वारा संस्थापित

स्थायी अध्यक्ष :
ज्योतिष्पीठाधीश्वर परमपूज्य जगद्गुरु
शंकराचार्य अनन्तश्री विभूषित
स्वामी माधवाश्रमजी महाराज
बदरिकाश्रम (हिमालय)

केन्द्रीय कार्यालय :
7, शंकराचार्य मार्ग, सिविल लाइंस
दिल्ली-110 054
दूरभाष : 23914579

पत्रांक ....

दिनांक ...२०/11/10

शुभाशंसा

भक्तिमती सुना भण्डारी,

भवत्याः प्रयासेन विद्वच्छिरोमणिना कुलचन्द्रगौतममहाभागेन विरचिता **"श्रीविष्णुसहस्रनामविवृतिः"** इत्याख्या कृतिः प्रकाश्यमाना वर्तत इति मोमुद्यते मदीयं चेतः । अहं कृतेरस्याः साफल्यं कामये । कृतिरेषा सकलानां भगवद्भक्तानां कृते फलदायिनी स्यादिति आशास्यते ।

॥ इति शुभम् ॥

(स्वामी माधवाश्रम)
....
श्रीमज्जगद्गुरुशङ्कराचार्यः
बदरिकाश्रमः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

श्रीहरि:

श्रीगणेशाय नम:

पूर्वाम्नाय श्रीगोवर्द्धनमठ-पुरीपीठाधीश्वर श्रीमज्जगद्गुरु-शङ्कराचार्य-स्वामी निश्चलानन्दसरस्वती
श्रीगोवर्द्धनमठ-पुरी- ७५२००१, ओड़िशा, दूरभाष/फेक्स:- ०६७५२-२३१०९४
निज सचिव - स्वामीश्रीनिर्विकल्पानन्दसरस्वती, मो-९४३७०३१७१६, ९४३७००४७९५
Tele-Fax 06752 - 231094, Ph.- 231716, Mobile No :- 9437031716 9437004795

॥ श्रीहरि ॥ ॥ श्री गणेशाय नम: ॥

सन्देश

तद्विष्णो: परमं पदं सदा पश्यन्ति सूरय: । दिवीव चक्षुराततम् (शुक्लयजुर्वेदसंहिता ६.५) आदि श्रुति- स्मृतियोंके अनुशीलनसे सच्चिदानन्दस्वरूप विभु और अद्वितीय विष्णुके स्फुट अभिव्यञ्जकसंस्थान सूर्यादि मान्य हैं ।

उत्पत्ति-स्थिति- संहृति-निग्रह और अनुग्रहनामक पञ्चकृत्योके निर्वाहक सच्चिदानन्दस्वरूप सर्वज्ञ-सर्वशक्तिमान् -सर्वव्यापक सर्वेश्वर स्वयंको कमश: हिरण्यगर्भात्मक सूर्य, विष्णु, शिव, शक्ति और गणपतिरूपसे व्यस्त करते हैं । सच्चिदानन्दस्वरूप सर्वेश्वरके पञ्चविध अभिव्यक्तरूप पञ्चदेव सनातनियोंके सार्वभौम सनातन उपास्य हैं । इनके विविध नाम-रूप-लीला-धामकी उपासनासे अभ्युदय और नि: श्रेयसकी समुपलब्धि सुनिश्चित है ।

पञ्च देवोंके निर्गुण-निराकार, सगुण-निराकार तथा सगुण-साकार -विराट्-परक नामोंमें अभिन्नता हैं । केवल अवतार-विग्रह-सापेक्ष नामोंमें रूप-लीला एवम् धामगत प्रभेदके कारण भिन्नता हैं । प्रकृतिस्वरूप प्रणवके विलासभूत सहस्रनाम गेय और अनुसन्धेय हैं । नाम नामीका ज्ञापक तथा स्मारक होता हैं । भगवन्नाम भगवत्तत्त्वके ज्ञापक और स्मारक हैं । एवम् तारक तथा पारक (प्रेमाभक्तिप्रदायक) हैं ।

भगवत्पाद शिवावतार श्रीशंकराचार्यमहाभाग - विरचित 'श्रीविष्णुसहस्रनामस्तोत्र' पररसरहस्यमय प्रसन्न और गम्भीर भाष्य स्मरणीय है ।

श्रीविद्वत्प्रवर कुलचन्द्र गौतमकृत पद्यात्मिका विवृति - नेपाली अर्थसहित मनोरमा हैं । इसके अनुशीलनसे सर्वविध उत्कर्ष सुनिश्चित है । डा. श्रीमाधव भट्टराई आदि महानुभावोके सम्पादनमे इस अद्भुत कृतिका प्रकाशन सौख्यप्रद हैं ।

२-५-२०६७ (११-८-२०१०)

निश्चलानन्दसरस्वती
....
(निश्चलानन्द सरस्वती)
श्रीमज्जगद्गुरु- शङ्कराचार्य - पुरी (भारत)

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभाशंसा

ॐ श्रीपरमात्मने नमः

नेपालदेशे शुभहिन्दुराष्ट्रे हिमालयोत्सङ्गयुते पवित्रे ।
श्रीव्यासतुल्या द्विजवंशजाः स्युः पुरा यथासीत् कुलचन्द्रगौतमः।

गौतमवंशविख्यातः श्रीकुलचन्द्रगौतमः।
अत्रिगोत्रे समुत्पन्नः सर्वशास्त्रविशारदः ॥

सम्पूर्णशास्त्रसारज्ञः शास्त्राणामनुवादकः ।
विष्णुसहस्रनाम्नश्च विवृतिप्रतिपादकः ॥

ईदृशा विबुधश्रेष्ठा भवन्तु काष्ठमण्डपे ।
नेपालराष्ट्रं रक्षन्तु जायन्तां कीर्तिभूषणाः ॥

विद्वांसः शास्त्रसारज्ञा भवन्तु धर्मरक्षकाः ।
देवः पशुपतिनाथश्च साक्षी भवतु सदा ॥

पं. टेकनाथ उपाध्यायगौतमः
विवेकाश्रम, चारपाने-३, झापा, नेपाल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राक्कथन

वागीशाद्याः सुमनसः सर्वार्थानामुपक्रमे ।
यं नत्वा कृतकृत्याः स्युस्तं नमामि गजाननम् ॥
ईश्वरो गुरुरात्मेति मूर्तिभेदविभागिने ।
व्योमवद्व्याप्तदेहाय दक्षिणामूर्तये नमः ॥

भगवान् भुवनभास्कर सूर्यलाई देखाउन अन्य कुनै प्रकाशको आवश्यकता पर्दैन, प्रभाकर, सहस्रांशु, स्वप्रकाश आफै हुनुहुन्छ तथाऽपि भक्तजन प्रभाकरको धूप, दीप, आरती आदिद्वारा पूजन गर्दछन् । त्यस्तै यो श्रीविष्णुसहस्रनामस्तोत्र पनि भगवान् श्रीनारायणको स्तुति हो ।

स्तु धातुमा 'ष्ट्रन्' प्रत्यय लगाएर स्तोत्र शब्द बन्दछ, जसको अर्थ प्रशंसा गर्नु भन्ने हुन्छ । जसको स्तुति, गुणानुवाद गरिन्छ त्यस्ता परमात्माको गुण संकीर्तन नै स्तोत्र हो । विष्णुसहस्रनाम स्तोत्र चारै वेदका ज्ञाता साक्षात् नारायणस्वरूप श्रीकृष्णद्वैपायन व्यासले रचना गर्नुभएको स्तोत्ररत्न हो, जसलाई महाभारत अनुशासन पर्व अन्तर्गत राखी लोककल्याण निमित्त प्रस्तुत गरिएको छ । यो महर्षि वेदव्यासको रचना, गौरीपुत्र श्रीगणेशको लेखनी, राजा युधिष्ठिरको प्रश्न र इच्छामरणको प्रतीक्षामा वाणशैय्यामा रहेका भीष्मपितामहको मार्मिक उत्तरको मूर्त रूप हो ।

"कलौ केशवकीर्तनात्" हरिकीर्तन नै (कलि) यस युगको मुक्तिको साधन हो भने जस्तै भीष्मपितामहका मुखारविन्दबाट अभिव्यक्त मन्त्ररूपी नामहरू नै विष्णुसहस्रनाम स्तोत्र हो । ॐकारसहितको जप वा पाठले साधकहरू आफ्नो लक्ष्य प्राप्तिमा सफल हुन्छन् । यस विष्णुकवचलाई आध्यात्मिक जीवनको सर्वोच्च स्थान (मोक्ष) प्राप्त गराउने साधनको रूपमा हेरिन्छ । सनातन धर्मावलम्बी, नैष्ठिक र आदर्शवान् व्यक्तिहरू आज पनि यसको प्रयोग अर्थात् पाठ, अर्चन, पूजन, स्मरण निष्ठाका साथ गर्दछन् । भूत, वर्तमान र भविष्य तीनै कालमा यसको महत्त्व शाश्वत छ । भगवन्नाम संस्मरण गर्न कुनै समय, स्थान र अवस्था विशेषको आवश्यकता पर्दैन मात्र ईश्वरप्रति निष्ठा, आस्था र भक्ति भए पुग्दछ । श्रीभगवान् नारायणका मुखारविन्दबाट व्यक्त भएकै छ :-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाहं वसामि वैकुण्ठे योगिनां मानसे पि वा ।
मद्भक्ता यत्र गायन्ति तत्र तिष्ठामि नारद !

हे नारद ! म न त बैकुण्ठमा लक्ष्मीको साथ बस्दछु, न त ठूला-ठूला योगीहरूको मानसपटलमा विराजमान हुन्छु, म त जहाँ मेरा भक्तहरूले आर्तभावले मलाई पुकारिरहेका हुन्छन् त्यही ठाउँमा बस्दछु । त्यसैले जसले अत्यन्त कारुणिक भएर भगवान्को नाम वा सहस्रनामको महिमागान गर्दछ त्यसको महत्त्व यहाँ वर्णन गर्न सकिदैन । किनभने भगवान् विष्णु 'शब्दातिग:' हुनुहुन्छ अर्थात् शब्दभन्दा पनि माथि हुनुहुन्छ । **"सर्वं विष्णुमयं जगत्"** यो सम्पूर्ण चराचर जगत् श्रीविष्णुमय छ, यो शास्त्रसार हो ।

श्रीपरब्रह्म परमात्मा भगवान् श्रीविष्णुका १००० नामहरू भगवान् विष्णुका प्रिय भक्त भीष्मपितामहले महाभारतको अनुशासनपर्वमा धर्मराज युधिष्ठिरलाई बताउनुभएको हो ।

त्यही उपदेशस्वरूप श्रीविष्णुसहस्रनाम स्तोत्रलाई हृदयङ्गम गर्दै सरस्वतीका वरदपुत्र विद्वच्छिरोमणि, साहित्याचार्य, जसले आफ्नो यशको माध्यमबाट संसारमा ख्याति फर्फराए, जसले व्याकरण, साहित्य, दर्शन, पुराणका साथै अन्य शास्त्रहरूको गहन आलोडन गरेर साहित्य जगत्मा आफ्नो प्रतिभाको गम्भीर प्रस्तुति देखाउन सफल हुनुभयो त्यस्ता मूर्धन्य विद्वान्का लेखनीबाट प्रस्फुटित भगवान् श्रीविष्णुका हजार नामको हजार श्लोकमा रचित नाममहिमाको पार पाउन, कहाँ शास्त्ररूपी सागरका आलोडक कहाँ नदीका किनारमा डुबुल्की मार्ने व्यक्ति तथापि भगवान्का अनुकम्पाले यो सौभाग्य पशुपति वंशीराम मण्डप नेपालद्वारा मलाई मिल्यो र नेपाली भाषामा अनुवाद पनि सम्पन्न भयो । यस कार्यलाई सम्पन्न गर्न अनेक विद्वान्हरूको सहयोग मैले प्राप्त गरेँ । त्यसमा पूर्णरूपले सहयोग गर्नुहुने मनीषी विद्वान् दर्शनशास्त्रमर्मज्ञ गुरु प्राध्यापक डा. दुर्गाप्रसाद दवाडीप्रति हार्दिक कृतज्ञता अर्पण गर्दै आशीर्वादको कामनासहित आभार व्यक्त गर्न चाहन्छु ।

विद्वच्छिरोमणि स्व. कुलचन्द्र गौतमकी नातिनी श्रीपशुपति वंशीराम मण्डप नेपालकी अध्यक्षा श्रीमती सुना भण्डारी एउटी समाजसेवी महिला हुनुहुन्छ । वहाँले अनेक धार्मिक एवम् आध्यात्मिक कार्यक्रमहरू विभिन्न अवसरहरूमा सञ्चालन गर्दै - दु:खी, अनाथ, भक्त, साधु-सन्त, विद्यार्थी र विद्वान्हरूको सेवामा आफूलाई समर्पित गरी मन्दिर, आश्रम र धर्मशाला आदिको निर्माणमा निरन्तर योगदान पुऱ्याउँदै आउनुभएको छ । वहाँले आफ्ना श्रद्धेय पितामह,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साहित्यमणि कुलचन्द्र गौतमले रचना गर्नुभएको विष्णुसहस्रनामस्तोत्रविवृत्तिको पाण्डुलिपिलाई नेपालीभाषामा अनुवाद गराई प्रकाशन गरेर नेपाल राष्ट्र र नेपाली भाषाको श्रीवृद्धिमा योगदान पुऱ्याउनुभएको छ । विष्णुसहस्रनामको आध्यात्मिक महत्त्वलाई आत्मसात् गरी उहाँले धार्मिक र आध्यात्मिक चिन्तनप्रति देखाउनुभएको उदारता नेपाली समाजमा सदैव संस्मरणीय रहनेछ । यस कुरालाई हृदयङ्गम गर्दै वहाँको दीर्घायुष्यको कामना गर्दछु ।

यो कृति यस रूपमा आउनुमा ज्ञात-अज्ञात विद्वान्विदुषीहरूका लेख-रचना-ग्रन्थहरूको कुनै न कुनै रूपमा भाव ग्रहण गरिएको छ । त्यस्ता स्वनामधन्य मनीषीहरूप्रति हार्दिक नमन व्यक्त गर्दछु । साथै विभिन्न पुस्तकालयहरूबाट प्राप्त सहयोगप्रति हार्दिक कृतज्ञता अर्पण गर्दछु ।

अन्त्यमा श्रीकुलचन्द्र गौतमज्यूले गरेको यो विष्णुसहस्रनामस्तोत्रका हजार नामको एक-एक श्लोकमा गरिएको व्याख्याको नेपाली अनुवाद हो । त्यसमा शङ्कराचार्यले गरेको व्याख्यालाई स्पष्टताको निमित्त आधाररूपमा प्रस्तुत गरिएको छ । मैले यहाँ भएका कुरालाई मात्र उपस्थापित गरेको हुँ, मेरो यसमा केही कृतित्व छैन । **सर्वज्ञ अनन्तकोटि ब्रह्माण्डनायक भगवान् श्रीनारायण** हुनुहुन्छ । श्रीविष्णुका अनुकम्पाले यस स्तोत्ररत्नलाई नेपाली भाषामा अनुवाद गरी आवश्यक स्थानमा स्पष्टताको निमित्त टिप्पणी समेत प्रस्तुत गरेर पाठकहरूका समक्ष टक्र्याउन पाउँदा मलाई आत्मानन्दको अनुभव भइरहेको छ । यसमा भएका त्रुटि मेरा हुन् र जे राम्रा छन् ती ग्रन्थकार विद्वच्छिरोमणिका हुन् । यस ग्रन्थबाट पाठकहरूले यथेष्ट लाभ लिनुहुनेछ भन्ने आशा लिएको छु । अस्तु

गच्छतः स्खलनं क्वाँ पि भवत्येव प्रमादतः
हसन्ति दुर्जनास्तत्र समादधति सज्जनाः ॥

श्रीकृष्णजन्माष्टमी
२०६७/५/१६

अनुवादक
डा. नारायणप्रसाद गौतम
सह-प्राध्यापक
त्रिभुवनविश्वविद्यालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूमिका

विद्वच्छिरोमणि कुलचन्द्र गौतमद्वारा रचित विष्णुसहस्रनामस्तोत्रविवृति पुस्तक आफैंमा ऐतिहासिक, धार्मिक र साहित्यिक गरिमाले ओतप्रोत छ । महाभारतको अनुशासन पर्वमा भीष्मपितामहको प्रसंगसँग जोडेर महर्षि वेदव्यासले समावेश गर्नुभएका विष्णुका हजार नाम भएको विष्णुसहस्रनाम स्तोत्रको पूर्वीय समाजमा ठूलो सम्मान छ भन्ने तथ्य सर्वविदित छ । यस स्तोत्रको पाठ वा श्रवण गर्नाले अद्भुत सिद्धि र सफलता मिलिरहेको अनुभव साधकहरूले गरेका छन् ।

विष्णुसहस्रनामस्तोत्रमाथि मनीषीहरूले अनेक प्रकारका व्याख्या र टीका लेखेका छन् । ती सबैको आ-आफ्नो विशेषता छ । रचनाकार विद्वच्छिरोमणि कुलचन्द्र गौतमले भिन्नै शैली र विशेषताले भरिएको संस्कृत पद्यात्मक व्याख्या गर्नुभएको छ, जसको साहित्यिक महत्त्व इतिहासमै उल्लेखनीय छ । सहस्रनाममध्ये प्रत्येक नामको एक/एक पद्यका रूपमा छन्दोबद्ध व्याख्या गरेर उहाँले विष्णुसहस्रनामको ऐतिहासिक र साहित्यिक महत्त्व बढाउनुभएको छ, जसलाई उहाँले विष्णुसहस्रनामविवृति भन्ने नाम दिनुभएको छ । प्रत्येक व्याख्यामा उहाँले सो नामको धार्मिक, शास्त्रीय र व्युत्पत्तिमूलक अर्थ खुलाउनुभएको छ ।

रचनाको ऐतिहासिक पक्षबारे विचार गर्दा उहाँले यो विवृति रचना गर्नुको कारण र औचित्य दर्शाउँदै आफ्नो परिचय दिने क्रममा भन्नुभएको छ-

स्वतातपादप्राचीनसङ्कल्पपरिपूर्तये ।
सहस्रनामविवृतिं कुलचन्द्रो व्यधादिमाम् ॥

अर्थात् आफ्ना पिताजीको पुरानो सङ्कल्प पूरा गर्न मैले यो विवृत्ति लेखेको हूँ । उहाँले पिताजीको नाम श्री ६ रमाकान्त र माताजीको नाम सावित्री भनी परिचयमा उल्लेख गर्नुभएको छ । यसरी कुलचन्द्रपिता रमाकान्तदेखि गणना गर्दा रमाकान्त, कुलचन्द्र, लक्ष्मीनाथ, सुना भण्डारी, शशिराम भण्डारी र हृषीकेश-रघुराम भण्डारीसमेत छ पुस्ताको संलग्नता विष्णुसहस्रनामविवृतिको लेखन र प्रकाशनमा रहेको पाइन्छ । सायद अरु अनेक ग्रन्थ लेखनमा सक्रिय कुलचन्द्रजीलाई पिता रमाकान्तले विष्णुसहस्रनामको व्याख्या गर्न प्रेरित गर्नुभएको थियो तर कुलचन्द्रले यो पिताजीको आग्रह निकै पछि आफू ७५ वर्षको हुँदा २००९ सालमा मात्र पूरा गर्नुभयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माथिको पद्यमा पिताजीको प्राचीन सङ्कल्प भन्ने उल्लेख भएबाट पनि यो सिद्ध हुन्छ । यसप्रकार ६ पुस्ताको संलग्नताबाट निस्केको यो ग्रन्थ ऐतिहासिक दृष्टिले पनि निकै गौरवपूर्ण छ । यस प्रकाशनमा आकस्मिक संलग्नता मेरा लागि निकै रोचक र स्मरणीय बन्न पुगेको छ । यसमा मैले मेरो भाग्यलाई नै कारण मानेको छु । यद्यपि कर्मले नै भाग्यलाई जन्माउँछ तर संस्कार नभई भाग्य पनि फलीभूत हुँदैन । त्यसैले भनिएको हो:-

कर्मणा लभ्यते लक्ष्यं ज्ञानं मोक्षश्च कर्मत: ॥

भगवान्को आदेश सम्झेर "**ब्राह्मणसहस्रनामस्तोत्र**"रचना गर्ने तर्खर गरिरहेकै वेला सुनाजीको प्रस्ताव आयो - उहाँका पितामह स्वनामधन्य साहित्यधुरन्धर विद्वच्छिरोमणि कुलचन्द्र गौतमको विष्णुसहस्रनामको पद्यमय संस्कृत व्याख्याको नेपाली अनुवाद प्रकाशन गर्ने तयारीमा सहयोग पुऱ्याउने । गर्नुपर्ने काम थियो - संस्कृतको शुद्धाशुद्धि मिलाउने र अनूदित नेपाली भाषामा काँटछाँट गरी स्तरीयता कायम गर्ने । यस प्रस्तावलाई श्रद्धेय केशवचन्द्र गौतमले बलियो समर्थन जनाएपछि मलाई यो काम गर्न अझ प्रेरणा प्राप्त भयो । दुवै जना व्यक्तित्व धर्म, संस्कृति र समाजसेवाको कार्यमा निरन्तर लागिरहनुभएकोमा आफू पनि त्यसै क्षेत्रमा क्रियाशील रहेका नाताले पनि मलाई यो महनीय कार्य गर्न सहज भयो ।

प्रातःस्मरणीय कुलचन्द्र गौतम (१९३४-२०१५) नेपालमा मात्र नभई भारतमा समेत विद्वत्समुदायमा चर्चित हुनुहुन्थ्यो । संस्कृत र नेपाली भाषा साहित्यमा उहाँ आफ्नो समयका अग्रणी व्यक्तित्व हुनुहुन्थ्यो । उहाँका संस्कृत काव्य कृतिहरु विशेष परिमार्जित र उपल्ला कोटिका छन् । साहित्यमा मात्र नभएर कोष र आयुर्वेदजस्ता विषयमा पनि उहाँको गहिरो दखल थियो । श्लेष आदि अनेक अलङ्कार प्रयोग गरी "राघवालङ्कार"जस्तो भक्तिप्रधान रोचक काव्य रचना गर्न सक्ने खुबी सिद्ध कवि कुलचन्द्र गौतममा सहजै पाइन्छ । प्रस्तुत ग्रन्थको शैली अत्यन्त परिष्कृत छ । व्याकरणगत त्रुटि कहीं भेटिदैन र साहित्यिक परिमार्जन पनि उत्तिकै पाइन्छ । यस ग्रन्थमा जगद्गुरु आद्य शङ्कराचार्यको विष्णुसहस्रनाम भाष्यको प्रभाव परेको छ । विवृतिकार यस सम्बन्धमा स्वयं भन्नुहुन्छ -

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रतिनामनमनमात्रान्निजं कृतार्थं विजानानः ।
भाष्यापहारदोषे क्वचित् क्वचिद्यत् प्रसक्तो ऽस्मि ॥

प्रत्येक नामको नमस्कार मात्रले आफूलाई कृतार्थ मान्ने म कहीं-कहीं भाष्यको अपहरणको दोषमा पनि लागेको छु ।

श्रीशङ्कराचार्यपादाः पादाम्भोजन्मवन्दनात् प्रीताः ।
मितबोधजन्तुसुलभं मन्तुमिमं क्षन्तुमर्हन्ति ॥

श्रीशङ्कराचार्यपाद (आचार्यचरण) चरणकमलको वन्दनाद्वारा प्रसन्न भएर स्वल्पज्ञानले उत्पन्न हुने साधारण यस दोषलाई क्षमा गर्न योग्य हुनुहुन्छ ।

अनुवादकले पनि अर्थ र टिप्पणी खुलाउने सन्दर्भमा शाङ्करभाष्यको आधार लिएको पाइन्छ जुन अस्वाभाविक होइन किनभने प्रामाणिकताका दृष्टिमा आद्य शङ्कराचार्यको व्याख्या उत्कृष्ट छ ।

आजभन्दा झण्डै ६ दशकअघि तयार भएको यो पुस्तक लेखककै नातिनी समाजसेवी सुना भण्डारीज्यूले पशुपति वंशीराम मण्डप संस्थाका तर्फबाट परिवारका सदस्यहरुको सहयोगमा प्रकाशन गर्ने व्यवस्था मिलाउनुभएको छ । निश्चय नै यस कार्यबाट उहाँ र उहाँको परिवारलाई कल्याण मिल्नेछ । यसमा संलग्न सबै धन्य हुनुहुन्छ ।

कैयौं पुस्तकको लेखनपछि जीवनको उत्तरार्धमा तयार पारिएको विष्णुसहस्रनामविवृति वास्तवमा जीवनको अत्यावश्यक पाठ्य सामग्री हो भन्ने सन्देश यसले दिन्छ । **"आखीर श्रीकृष्ण रहेछ एक"**भनेझैं जीवनमा नपढी नबुझी नहुने त भगवान्कै नाम र लीला हो भन्ने तथ्य यसले उद्घाटित गर्दछ ।

यो गर्ने गराउने उही परब्रह्मस्वरूप भगवान् विष्णु हुनुहुन्छ । हामी निमित्त मात्र हौं । ६ पुस्ताको केन्द्रमा रही निमित्त भएर सुनाजीले हामीलाई प्रकाशनको काममा प्रेरित गर्नुभयो । उहाँका वृद्ध पितामह रमाकान्तदेखिकै शुभ भावनाले यो ग्रन्थ अहिले साकार रूपमा बाहिर आएको छ । यसलाई पढेर, मन्थन गरेर लाभ लिने काम पाठकको हो । यसका लागि म सबैसँग हार्दिक बिन्ती चढाउँदै सबैको कल्याणका लागि भगवान् नारायणसँग प्रार्थना गर्दछु । यस प्रकाशन र सम्पादनको कार्यमा समेत सहयोग गर्नुहुने तमाम सहयोगी शुभेच्छुकहरूप्रति साधुवाद ज्ञापन गर्दछु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशनको कार्यारम्भदेखि नै अभिरुचि राखी आशीर्वचन प्रदान गर्नुहुने ज्योतिष्पीठाधीश्वर जगद्गुरु शङ्कराचार्य श्री माधवाश्रमजी महाराजमा कृतज्ञता चढाउँदछु । यसै गरी गोवर्द्धनमठ पुरीका शङ्कराचार्य श्रीनिश्चलानन्द सरस्वतीज्यूप्रति पनि सविनय प्रणाम अर्पण गर्दछु। ग्रन्थ सम्पादनकै सन्दर्भमा उहाँले प्रसन्नतापूर्वक आशीर्वचन प्रदान गरी हामीलाई उत्साहित गराउनुभएको छ ।

आफ्नो सारगर्भित सँस्कृत छन्दोबद्ध मन्तव्य प्रदान गर्नुहुने वरिष्ठ विद्वान् पं. टेकनाथ उपाध्याय गौतमज्यूलाई पनि हार्दिक साधुवाद छ ।

यस्तै पशुपति वंशीराम मण्डपले ग्रन्थ सम्पादन गर्ने जिम्मेवारी दिएर आफूप्रति आस्था र विश्वास देखाएकोमा मण्डप परिवार र विशेषतः अध्यक्ष धर्मात्मा सुना भण्डारीज्यूप्रति साधुवाद ज्ञापन गर्दछु ।

प्रधान सम्पादक

प्रा.डा.माधव भट्टराई

अध्यक्ष, नेपाल पञ्चाङ्ग निर्णायक समिति,

अध्यक्ष, राष्ट्रिय धर्मसभा, नेपाल ।

अनामनगर, काठमाडौं

वसन्तपञ्चमी २०६७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री कमलादी गणेश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



जगद्गुरु आद्य शङ्कराचार्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जगद्गुरु शङ्कराचार्य श्रीमाधवाश्रमजी महाराज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ग्रन्थकार विद्वच्छिरोमणि कुलचन्द्र गौतम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीविष्णुसहस्रनामस्तोत्रम्

कुलचन्द्रकृता भूमिका

अन्तर्वाणिचराणां साहित्याम्भोधिकुम्भजातानाम् ।
आदर्शभावविलसद्रुचिराचारार्चनीयानाम् ॥
श्रीरामशास्त्रिनाम्नां प्राचामाचार्यवर्याणाम् ।
चरणारविन्दयुगलं विपुलबलं चित्त आधाय ॥

वाणी (सरस्वती/विद्या) का अन्तश्चर भएका (सम्पूर्ण विद्यामा नै प्रवेश गरेका वा आलोडन गरेका) तथा साहित्यरूपी समुद्रका (निमित्त) कुम्भजात (अगस्त्यऋषि) भएका र आदर्श भावले उज्ज्वल र अत्यन्त सुन्दर आचारले अर्चनीय भएका श्रीरामशास्त्री नाम गरेका (मेरा) पूर्व आचार्यवरका चरणकमलद्वयलाई अत्यधिक बलपूर्वक चित्तमा राखेर ।

टिप्पणी

यस श्लोकमा विद्याको क्षेत्रमा प्रवेश गरेका जो विद्वान्हरू छन् तिनमा श्रेष्ठ भएका र साहित्यरूपी समुद्रलाई त्यसै गरी पान गरेका जसरी अगस्त्यऋषिले समुद्रको पान गरेका थिए । त्यस्तै श्रीरामशास्त्रीले पनि साहित्यलाई सम्पूर्ण रूपले अध्ययन गरेर पचाइदिनुभएको थियो, वहाँको भाव आदर्शभाव थियो, आचार अत्यन्त सुन्दर थियो त्यसैले वहाँ पूज्य हुनुहुन्थ्यो । श्रीरामशास्त्री कुलचन्द्र गौतमका पूर्वगुरु हुनुहुन्थ्यो वहाँका चरणको पनि कुलचन्द्रले ध्यान गर्नुभएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समशर्व-सर्वतन्त्रस्वतन्त्र-विद्वन्मतल्लीनाम् ।
श्री (६) पूज्यपाद-गुरुवर-गङ्गाधरशास्त्रिमानवल्लीनाम् ॥
निर्द्वन्द्वताभिरामं नामं नामं पदोर्द्वन्द्वम् ।
विष्णोर्नामसहस्रं निर्वक्तुं श्रद्धया प्रवृत्तोऽस्मि ॥

शिवतुल्य सवै तन्त्रहरूमा स्वतन्त्र एवं विद्वान्हरूमा मान्य, श्री छ पूज्यपाद गुरुवर गङ्गाधर शास्त्री मानवल्लीका द्वन्द्वरहित हुनाले अत्यन्त राम्रा चरणकमलद्वयलाई बारम्बार नमस्कार गरेर विष्णुका सहस्रनामको व्याख्या गर्नका लागि श्रद्धापूर्वक प्रवृत्त भएको छु ।

प्रतिनामनमनमात्रान्निजं कृतार्थं विजानानः ।
भाष्यापहारदोषे क्वचित् क्वचिद्यत् प्रसक्तो ऽस्मि ॥

प्रत्येक नामको नमस्कार मात्रले आफूलाई कृतार्थ मान्ने म कहीं-कहीं भाष्यको अपहरणको दोषमा पनि लागेको छु ।

दिव्यावदानमालासुरभीकृतमेदिनीवलयाः ।
करुणामयान्तरङ्गाः कर्मणि लोकम्पृणे प्रवणाः ॥

आफ्नो दिव्य देनरूपी सुगन्धित मालाद्वारा सम्पूर्ण पृथ्वीमण्डललाई नै सुगन्धित गराएका करुणामय अन्तरङ्ग मन भएका, लोककल्याण कार्यमा चतुर भएका ।

श्रीशङ्कराचार्यपादाः पादाम्भोजन्मवन्दनात् प्रीताः ।
मितबोधजन्तुसुलभं मन्तुमिमं क्षन्तुमर्हन्ति ॥

श्रीशङ्कराचार्यपाद (आचार्यचरण) चरणकमलको वन्दनाद्वारा प्रसन्न भएर स्वल्पज्ञानले उत्पन्न हुने साधारण यस दोषलाई क्षमा गर्न योग्य हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुर्निर्वचं नाम दिव्यं हरेरेकमपि ध्रुवम् ।
इति मे जानतोऽपीह नोत्साहः परिहीयते ॥

हरिको दिव्य एउटा नाम पनि निर्वचन गर्न नसकिने छ यो ध्रुवसत्य हो । यो जान्दा जान्दै पनि मेरो उत्साह कम भएको छैन ।

कृष्णस्यैकः प्रणामोऽपि वाजिमेधदशाधिकः ।
इति वाणीं च पौराणीं न विस्मरति मे मतिः ॥

कृष्णका निमित्तमा गरिएको एउटा प्रणाम पनि दश अश्वमेध यज्ञ गरेको भन्दा पनि बढी हो । यो प्राचीन वाणी (सूक्ति) लाई मेरो बुद्धिले कहिल्यै विस्मरण गर्दैन ।

एष मे सर्वधर्माणां धर्मोऽधिकतमो मतः ।
इति गाङ्गेयगीर्वक्ति भक्तियुक्तः स्तुहीति माम् ॥

यो सबै धर्महरूभन्दा पनि श्रेष्ठ धर्म मानिएको छ । त्यसैले भक्तिपूर्वक भगवान् पुण्डरीकाक्षका सहस्रनामको स्तुतिद्वारा सधैं पूजन गरोस् ।

(यद्भक्त्या पुण्डरीकाक्षं स्तवैरर्चेन्नरः सदा)

यो गांगेय भीष्मको वाणीले भक्तियुक्त भएर तिमीले स्तुति गर भनेर मलाई भन्दछ ।

अनपेक्ष्य वचोगुम्फसामीचीन्यसमुच्चयम् ।
वाग्वैफल्यनिरासाय प्रवृत्तोऽस्मि नतौ हरेः ॥

वाणीको गुम्फन (शब्दको सङ्कलन) को समीचीनतालाई अपेक्षा नगरीकन वचनको विफलतालाई निरास गर्नका लागि भगवान्लाई नमस्कार गर्न म प्रवृत्त भएको छु ।

अर्थात् मेरो यो सहस्रनामको व्याख्या साहित्यको दृष्टिले ठीक छ वा छैन भन्ने विचारै नगरी मेरो वचन विफल नहोस् यसका लागि म भगवान्लाई नमस्कार गर्दछु किनभने भगवान्लाई नमस्कार गर्दा सबै दोष नाश हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स वाग्विसर्ग इति यो वेत्ति वैयासिकं वचः ।
तस्मै रोचेत कृतिने नूनं कृतिरियं मम ॥

जसले व्यासजीको **तद्वाग्विसर्गः** यो श्लोकको वचन/अर्थलाई जान्दछ त्यसलाई विश्चय नै मेरो कृति रुचिकर हुनेछ ।

टिप्पणी

श्रीमद्भागवतमा भनिएको छ - जुन रचना सुन्दर छैन, दूषित शब्दले युक्त पनि छ परन्तु जसका प्रत्येक श्लोक भगवान्का सुयशसूचक नामले युक्त छ त्यो वाणी सम्पूर्ण पापलाई नाश गरिदिन्छ किनकि सत्पुरुष यस्तै वाणीको श्रवण, गान र कीर्तन गर्दछन् ।

तद्वाग्विसर्गो जनताघविप्लवो यस्मिन् प्रतिश्लोकमबद्धवत्यपि ।
नामान्यनन्तस्य यशोऽङ्कितानि यच्छृण्वन्ति गायन्ति गृणन्ति साधवः ॥
(श्रीमद्भागवत १।५।११)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवन्तमहं विष्णुं सर्वान्तर्वर्तिमूर्तिकम् ।
निध्याय नत्वा निर्वच्मि विष्णुनामसहस्रकम् ॥

सवैका हृदयमा रहेका भगवान् विष्णुलाई म ध्यान गरेर, विष्णुसहस्रनामको निर्वचन गर्दछु ।

❁ ❁ ❁

भवकाराबहिर्भावद्वाराय भजतां सताम् ।
नारायणात्मने नित्यमोङ्काराय नमो नमः ॥

भजन गर्ने सज्जनहरूका लागि संसाररूपी कारागारबाट बाहिर जाने द्वार (ढोका) भएको नारायणको स्वरूप नै भएको (नारायणको वाचक भएको) ॐकारलाई नित्य नमस्कार छ ।

❁ ❁ ❁

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीविष्णुसहस्रनामप्रस्तावना

यस्य स्मरणमात्रेण जन्मसंसारबन्धनात् ।
विमुच्यते नमस्तस्मै विष्णवे प्रभविष्णवे ॥

जसको सम्झना मात्रले पनि मानिस जन्ममृत्युरूप संसारको बन्धनबाट मुक्त हुन्छन् त्यस्ता सवैका उत्पत्तिका कारण भएका भगवान् श्रीविष्णुलाई नमस्कार गर्दछु ।

नमः समस्तभूतानामादिभूताय भूभृते ।
अनेकरूपरूपाय विष्णवे प्रभविष्णवे ॥

सम्पूर्ण प्राणीहरूका आदि कारण भएका, पृथ्वीलाई धारण गर्ने, अनेक प्रकारको रूप लिने, जे कुरा पनि गर्न सक्ने परमात्मा श्रीविष्णुलाई नमस्कार गर्दछु ।

वैशम्पायन उवाच (वैशम्पायन ऋषिले जनमेजय राजालाई भन्नुभयो)

श्रुत्वा धर्मानशेषेण पावनानि च सर्वशः ।
युधिष्ठिरः शान्तनवं पुनरेवाभ्यभाषत ॥१॥

(धर्मपुत्र) युधिष्ठिरले लौकिक उन्नति र मोक्षको कारण भएका सम्पूर्ण धर्महरूलाई सुनेर भीष्मजीसित पुनः युधिष्ठिरले सोध्नुभयो ।

युधिष्ठिर उवाच (युधिष्ठिरले सोध्नुभयो)

किमेकं दैवतं लोके किं वाप्येकं परायणम् ।
स्तुवन्तः कं कमर्चन्तः प्राप्नुयुर्मानवाः शुभम् ॥२॥

लोक(विश्व)मा एकमात्र देवता कुन हो ? र एकमात्र परायण प्राप्तव्य स्थान कुन हो ? कुन देवताको स्तुति गर्दा वा पूजन गर्दा मानिसहरु शुभ (कल्याण-स्वर्ग इत्यादि) प्राप्त गर्छन् ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

को धर्मः सर्वधर्माणां भवतः परमो मतः ।
किं जपन्मुच्यते जन्तुर्जन्मसंसारबन्धनात् ॥३॥

तपाईंको मत अनुसार सबै धर्ममा परमश्रेष्ठ धर्म कुन हो ? कसको जप गर्दा मनुष्य जन्म र संसारको बन्धनबाट मुक्त हुन्छ ?

भीष्म उवाच (भीष्मपितामहले उत्तर दिनुभयो)

जगत्प्रभुं देवदेवमनन्तं पुरुषोत्तमम् ।
स्तुवन्नामसहस्रेण पुरुषः सततोत्थितः ॥४॥

संसारका स्वामी भएका, देवता ब्रह्मादिहरूका पनि देवता भएका तथा अनन्त (देशकालले अपरिच्छिन्न) भएका, पुरुषहरूमा उत्तम भएका भगवान्लाई सहस्रनामले स्तुति गरेर निरन्तर त्यसैमा लागिरहेमा पुरुष मुक्त हुन्छ ।

तमेव चार्चयन्नित्यं भक्त्या पुरुषमव्ययम् ।
ध्यायन्स्तुवन् नमस्यंश्च यजमानस्तमेव च ॥५॥

तिनै भगवान्को भक्तिपूर्वक नित्य अर्चन गरेर, तिनैको ध्यान गरेर, तिनैको स्तुति गरेर, तिनैलाई नमस्कार गरेर, तिनैको यज्ञ गरेर मनुष्य मुक्त हुन्छ ।

अनादिनिधनं विष्णुं सर्वलोकमहेश्वरम् ।
लोकाध्यक्षं स्तुवन् नित्यं सर्वदुःखातिगो भवेत् ॥६॥

अनादिनिधन भएका (आदि र अन्त्यले रहित भएका) सर्वत्र व्याप्त भएका, सम्पूर्ण लोकका महेश्वर भएका एवं लोकका स्वामी वा लोकलाई देख्ने ती भगवान्लाई नै निरन्तर स्तुति गर्दा सबै (तीन प्रकारका) दुःखलाई पार गर्न सकिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मण्यं सर्वधर्मज्ञं लोकानां कीर्तिवर्धनम् ।
लोकनाथं महद्भूतं सर्वभूतभवोद्भवम् ॥७॥

ब्रह्म(ब्रह्मा र ब्राह्मण)को हित गर्ने, सम्पूर्ण धर्महरूलाई जान्ने, प्राणीहरूको यशलाई वढाउने, सबैद्वारा स्तुति गरिने लोकका नाथ भएका, संसारभन्दा माथि भई महान् भूत भएका, सम्पूर्ण भूत एवं प्राणीमात्रको उत्पत्ति स्थान भएका परमेश्वरको स्तुति गर्नाले मनुष्य सबै दु:खबाट छुट्छ ।

एष मे सर्वधर्माणां धर्मोऽधिकतमो मतः ।
यद्भक्त्या पुण्डरीकाक्षं स्तवैरर्चेन्नरः सदा ॥८॥

सबै विधिरूप धर्ममा श्रेष्ठ धर्म मानिएको, भक्तिपूर्वक सहस्रनामको स्तुतिद्वारा मनुष्यले भगवान् पुण्डरीकाक्ष विष्णुको स्तुतिद्वारा पूजा गरोस् ।

परमं यो महत्तेजः परमं यो महत्तपः ।
परमं यो महद्ब्रह्म परमं यः परायणम् ॥९॥

जुन (भगवान् विष्णु) उत्कृष्ट महान् तेजस्वरूप हुनुहुन्छ र महान् उत्कृष्ट तपस्वरूप एवं उत्कृष्ट तथा महान् ब्रह्म निर्गुण निराकार स्वरूप हुनुहुन्छ र जो सर्वोत्कृष्ट परायण अर्थात् सबैको आश्रय पनि हुनुहुन्छ ।

पवित्राणां पवित्रं यो मङ्गलानां च मङ्गलम् ।
दैवतं देवतानां च भूतानां योऽव्ययः पिता ॥१०॥

भगवान् पवित्रहरूमा पवित्र हुनुहुन्छ, मङ्गलका पनि मङ्गल, देवताहरूका पनि देवता एवं प्राणीमात्रका कहिल्यै नाश नहुने पिता हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यतः सर्वाणि भूतानि भवन्त्यादियुगागमे ।
यस्मिंश्च प्रलयं यान्ति पुनरेव युगक्षये ॥११॥

जुन भगवान्बाट नै आदि युगको आगम (सत्य युगको प्रारम्भ) मा सम्पूर्ण भूतहरू (पञ्चभूत र प्राणीहरू) उत्पन्न हुन्छन् र युगक्षय (महाप्रलय) मा त्यसैमा गएर विलीन हुन्छन् ।

तस्य लोकप्रधानस्य जगन्नाथस्य भूपते ।
विष्णोर्नामसहस्रं मे शृणु पापभयापहम् ॥१२॥

यस्ता लोकमा प्रधान (चौधै भुवनका स्वामी) भएका, जगत्का नाथ, डर र पापलाई नाश गर्ने भगवान् विष्णुका सहस्रनाम तिमी मसंग सुन ।

यानि नामानि गौणानि विख्यातानि महात्मनः ।
ऋषिभिः परिगीतानि तानि वक्ष्यामि भूतये ॥१३॥

जुन नामहरू गुणसित सम्बन्ध राख्छन् अर्थात् गौण छन् र जुन नाम विख्यात अर्थात् प्रसिद्ध छन् एवं मन्त्रद्रष्टा ऋषिहरूले निरन्तर गाइएका छन् ती नामहरू भूति (कल्याण) को निमित्त (पुरुषार्थ चतुष्टय-सिद्धिको लागि) भन्दछु ।

❀ ❀ ❀

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MIDF

विद्वच्छिरोमणि कुलचन्द्र गौतमले विष्णुसहस्रनामस्तोत्रका प्रत्येक नामको व्याख्या गर्दै पद्य लेख्नुभएको छ ।
नेपाली अर्थसहित ती पद्यहरु यहाँ प्रस्तुत गरिएका छन् :

१) विश्वम्

समस्तवस्तुरूपाय विश्वस्मै हरये नमः ।
विशोवाते (व्याप्नुवते) विश्वाय (ब्रह्मणे) नमः ॥

अर्थ

भगवान् हरि समस्त वस्तुका रूपमा विद्यमान हुनुहुन्छ । विश्व शब्द सम्पूर्ण वस्तुको वाचक हो, त्यसलाई सर्वनाम पनि भन्न सकिन्छ । त्यसैले यहाँ पहिले विश्वस्मै चतुर्थीको प्रयोग गरिएको छ । विश्व शब्दको व्युत्पत्ति गर्दा विशोवाते व्याप्नुवते अर्थात् सर्वत्र व्यापक हरिलाई नमस्कार छ भन्दा हरि व्यक्तिवाचक संज्ञा भएको हुनाले विश्वाय नामको पनि प्रयोग गरिएको छ । विश्व भनेको ब्रह्म हो ब्रह्म नै सर्वत्र व्याप्त छ ।

टिप्पणी

विश्व अर्थात् जगत्को कारण हुनाले ब्रह्म विश्व भनिन्छ । यो विश्व शब्द कार्य शब्द भए पनि कारणको ग्रहण हुनाले ब्रह्म विश्व भनिन्छ किनभने कार्यभूत विरिञ्चि आदि नामहरूले पनि विष्णुको स्तुति हुनसक्छ । त्यसैले विश्व यस कार्यशब्दले कारण ब्रह्मको ग्रहण गरिएको छ । अथवा यो सम्पूर्ण विश्व परमपुरुष परमात्माभन्दा भिन्न होइन त्यसैले विश्व शब्दले ब्रह्मलाई जनाएको छ । अथवा विश्वमा प्रवेश गरेको हुनाले ब्रह्मलाई विश्व भनिएको हो । वा सम्पूर्ण विश्व संहारमा ब्रह्ममा नै प्रवेश गर्दछ भनेर पनि विश्व भनिएको हो । भगवान्को विश्वनाम प्रथम उच्चारण गर्दा सम्पूर्ण विश्वलाई नै विष्णुरूप सम्झेर स्तुति वा नमस्कार गर्नुपर्छ भन्ने आशय हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२) विष्णुः

सोन्मेषतः समुद्भूतं जगदेतच्चराचरम् ।
स्वेनाऽऽत्मना वेविषते (व्यापिने) विष्णवे नमः ॥२॥

अर्थ

आफ्नै उन्मेषबाट उत्पन्न यो सम्पूर्ण चराचर जगत्लाई आफ्नै आत्माले व्याप्त गर्ने भएका विष्णुलाई नमस्कार छ ।

टिप्पणी

विष्णुसहस्रनामस्तोत्रमा भगवान्को दोस्रो नाम विष्णु हो, विष्णु नाम विश्लृ व्याप्तौ धातुबाट बनेको हो । उन्मेष शब्दले भगवान्बाट जगत्को प्राकट्य र निमेष शब्दले भगवान्मा जगत्को लीनता बुझाउँछ ।

वेवेष्टि व्याप्नोतीति विष्णुः यस्तो विष्णुपदको व्युत्पत्ति गरेमा सर्वत्र व्याप्त भएका हुनाले देश, काल, वस्तुरूप तीन प्रकारको नियन्त्रणरहित भगवान् हुनुहन्छ । नुक् प्रत्ययान्त विश् प्रवेशने धातुबाट विष्णुपद निष्पन्न हुन्छ । अर्थात् भगवान् विष्णुको शक्ति सर्वत्र व्याप्त छ त्यसैले उहाँ विष्णु हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३) वषट्कारः

यज्वभिः श्रीयमाणाय वहते सुहुतं हविः ।
वषट्काराय हरये नमस्कारा अनेकशः ॥३॥

अर्थ

यज्ञमा वरण गरिएका, ऋत्विक्हरूले र यजमानले पनि आश्रय गरिएका एवं विधिपूर्वक प्रक्षेप गरिएका हवि वा पुरोडाशलाई वहन गर्ने वषट्काररूप हरिलाई अनेकवार नमस्कार छ ।

टिप्पणी

वषट्कार शब्दको प्रयोग यज्ञमा गरिन्छ । वषट्, श्रौषट् वौषट् यी अव्यय शब्द हुन् । यिनको प्रयोग हविर्दानमा गरिन्छ भन्ने सिद्धान्त कौमुदीकारको अभिप्राय छ । जसको उद्देश्यले वषट् गरिन्छ त्यो वषट्कार हो । भगवान्को निमित्त वषट् गरिन्छ त्यसैले वषट्कार भगवान्को नाम हो अथवा जुन यज्ञमा वषट् क्रिया गरिन्छ त्यो वषट्कार हो । यज्ञ नै भगवान् विष्णु हुनुहुन्छ त्यसैले वषट्कार शब्दले भगवान् विष्णुलाई जनाउँदछ ।

४) भूतभव्यभवत्प्रभुः

त्रैकालिकानां भूतानां सर्वेषां प्राभवं वहन् ।
प्रसीदतु प्रणामेन भूतभव्यभवत्प्रभुः ॥४॥

अर्थ

भूत भनेको व्यतीत काल हो, भव्य भनेको भविष्यत् काल हो र भवत् भनेको वर्तमान काल हो । यी तीनै कालका प्राणीहरूको उत्पत्तिलाई धारण गर्ने भूतभव्यभवत्प्रभु नामका प्रभु प्रणामद्वारा प्रसन्न हुनुहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

गुणका दृष्टिले हेर्दा रजोगुणलाई आश्रय गरेर ब्रह्मारूपले तिनै प्राणीहरूको सृष्टि गर्नुहुन्छ । तमोगुणलाई आश्रय गरेर रुद्र रूपमा संसारको लय गर्नुहुन्छ । अनि सत्त्वगुणलाई आश्रय गरेर विष्णुरूपमा समस्त प्राणीहरूको पोषण र धारण गर्नुहुन्छ । त्यसैले भगवान् विष्णु भूतभव्यभवत्प्रभु हुनुहुन्छ ।

काल भेदको उपेक्षा गरेर सत्तामात्र ऐश्वर्यस्वरूप भएका भगवान् भूतभव्यभवत्प्रभु हुनुहुन्छ ।

५) भूतकृत्

चतुर्भिरधिकाशीतिर्लक्षाणां यैः प्रमीयते ।
तानि भूतानि योऽकार्षीत् तस्मै भूतकृते नमः ॥५॥

अर्थ

चौरासी लाख योनिहरू मानिएका छन् ती सबै भूतशब्द वाच्य हुन् । ती भूतहरूलाई जसले बनायो त्यस्ता परमात्मालाई भूतकृत् भनिन्छ । त्यस्ता भूतकृत् भगवान्लाई नमस्कार ।

टिप्पणी

सम्पूर्ण भूतहरूलाई निर्माण गर्ने र नाश गर्ने काम पनि भगवान्बाटै हुन्छ । त्यसैले वहाँलाई भूतकृत् भनिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६) भूतभृत्

स्वयं कृतानि भूतानि बिभ्रते भरते स्वयम् ।
महामहिम्ने हरये नित्यं भूत-भृते नमः ॥६॥

अर्थ

आफैंले बनाएका प्राणीहरूलाई आफैले पालनपोषण गर्ने भएका हुनाले महान् महिमाले युक्त भएका भूतभृत् हरिलाई नित्य नमस्कार छ ।

टिप्पणी

यसको व्युत्पत्ति लभ्य अर्थ भूतानि बिभर्ति इति भूतभृत् अर्थात् जसले सत्त्वगुणको आश्रय लिएर प्राणीहरूको पालन-पोषण गर्दछ त्यसलाई भूतभृत् भनिन्छ । सत्त्वगुणको आश्रय लिएर भूतहरूको पालन-पोषण गर्नाले भगवान् भूतभृत् हुनुहुन्छ ।

७) भावः

विद्वत्तया वस्तुतया भावनीयमहत्तया ।
समवेताय भगवन् भावाय भवते नमः ॥७॥

अर्थ

भाव शव्दको अर्थ हो सत्ता । विद्यमानता, भू सत्तायाम् धातुबाट भाव शव्द वन्दछ । त्यही शव्द वा नामलाई स्पष्ट गर्दै विद्यमान हुनाले वा विद्वान् हुनाले वा वस्तुरूप हुनाले अथवा सत्‌रूप हुनाले भावना गर्न योग्य महत्ताले युक्त भएका हुनाले भगवान् भावरूप हुनुहुन्छ त्यस्ता तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

शङ्कराचार्यले पनि प्राणीहरूको भावना गर्नाले अर्थात् उनीहरूको उत्पत्ति र वृद्धि गर्नाले वा प्रपञ्चात्मकरूपमा उत्पन्न हुनाले भगवान् 'भाव' हुनुहुन्छ भन्नुभएको छ ।

८) भूतात्मा

अन्तर्यामितया सर्वभूतेषु वसते सते ।
भावनामात्रगम्याय तुभ्यं भूतात्मने नमः ॥८॥

अर्थ

अन्तर्यामीरूपले सम्पूर्ण प्राणीहरूमा बस्ने तथा सत्‌रूप भएका साथै भावना मात्रले जान्न सकिने तपाईं भूतात्मा भगवान्‌लाई नमस्कार छ ।

टिप्पणी

यो तिम्रो आत्मा अन्तर्यामी र अमृतस्वरूप हो । यस्तो उपनिषद्‌को कथन अनुसार भगवान् विष्णु प्राणीहरूका अन्तर्यामी हुनाले भगवान् भूतात्मा हुनुहुन्छ ।

९) भूतभावनः

भूतान्यलं भावयते तानि पालयते सते ।
भूतकृत्याय ते भूतभावनाय नमो नमः ॥९॥

अर्थ

प्राणीहरूलाई सम्पूर्ण रूपले भावना गर्ने भएका हुनाले अर्थात् उत्पत्ति गर्ने भएका हुनाले र उनीहरूको पालन अर्थात् वृद्धि पनि गर्ने भएकाले भगवान्‌लाई भूतभावन भनिन्छ । त्यस्ता भगवान्‌लाई पुनः पुनः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

यसैलाई शङ्कराचार्यले यसरी लेख्नुभएको छ - भूतहरूको भावना गर्नुहुन्छ, उत्पत्ति वा वृद्धि गर्नुहुन्छ त्यसैले ईश्वर भूतभावनः हुनुहुन्छ ।

(भूतकृत्यायका स्थानमा नूतकृत्याय शब्द मान्ने हो भने जसको कार्यलाई सबैले नमस्कार गर्दछन् भन्ने हुन्छ ।)

१०) पूतात्मा

कर्तृतां भर्तृतां सर्वहर्तृतामपि बिभ्रते ।
धूतमायाप्रपञ्चाय तुभ्यं पूतात्मने नमः ॥१०॥

अर्थ

सर्वकर्तृत्व, सर्वभर्तृत्व र सर्वहर्तृत्व अर्थात् निर्माण, पालन र संहारलाई समेत धारण गर्ने भएका र माया प्रपञ्चलाई नाश गर्ने त्यस्ता पूतात्मा भगवान्लाई नमस्कार छ ।

टिप्पणी

यसैलाई भूतकृत् इत्यादि शब्दले भगवान्मा गुणाधीनता/गुणतन्त्रता प्राप्त हुन्छ । त्यसलाई निषेध पूतात्मा शब्दले गर्ने भएको हुनाले पवित्र छ आत्मा जसको वा कुनै पनि दोषले रहित परमात्मा भन्ने कुरा स्पष्ट हुन्छ । उपनिषद्ले पनि 'केवलो निर्गुणश्च' भनेर गुणाधीनताको निषेध गरेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

११) परमात्मा

जीवात्मभिः स्वतोऽभिन्नैर्मायायाभिन्नमानिभिः ।
परप्रयत्नैर्गम्याय नमस्ते परमात्मने ॥११॥

अर्थ

जीवात्माहरूसित स्वतः अभिन्न भएता पनि (जीवात्मा र परमात्मामा जीव र परम शब्दलाई हटाई दिने हो भने केवल आत्मा शब्द मात्र बाँकी रहन्छ त्यसो हुँदा दुवैमा स्वतः अभेद सिद्ध हुन्छ) मायाले गर्दा मात्र आफूलाई भिन्न मान्ने भएका जीवात्माहरूका परप्रयत्न अर्थात् ठूलो प्रयासले जान्न सकिने त्यस्ता परमात्मालाई नमस्कार छ ।

१२) मुक्तानां परमा गतिः

यं प्राप्य न निवर्तन्ते यतमाना मनीषिणः ।
प्रणम्यते स शतशो मुक्तानां परमा गतिः ॥१२॥

अर्थ

जसलाई प्राप्त गरेर प्रयत्न गर्ने मनीषी(विद्वान्)हरू पुनर्जन्म ग्रहण गर्दैनन् । त्यस्ता प्रणाम गरिने र मुक्तहरूका पनि परमगति भएका भगवान्लाई शतशः प्रणाम ।

टिप्पणी

मुक्तहरूको उत्कृष्ट गति जसबाट प्राप्त हुन्छ त्यसलाई मुक्तानां परमागतिः भनिन्छ ।
गीतामा पनि "मामुपेत्य तु कौन्तेय पुनर्जन्म न विद्यते" भनिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१३) अव्ययः

एकरूपाय सर्वत्र निर्विकाराय सर्वतः ।
नानार्थदाय जगतामव्ययाय नमो नमः ॥१३॥

अर्थ

सर्वत्र एकरूप भएका (सबै स्थान, सबै कालमा एक रूप भएका) सबैतिरवाट निर्विकार भएका, अनेक अर्थ दिने भएका अथवा नानार्थ दिने भएका जगत्का अव्ययस्वरूप भगवान्लाई नमस्कार छ । (जसको नाश हुँदैन त्यो अव्यय हो, अविनाशी हो) त्यस्ता अविनाशी भगवान्लाई नमस्कार ।

१४) पुरुषः

अनावृतनवद्वारि सवातायामहर्निशम् ।
पुरि स्वैरं शयानाय पुरुषाय नमो नमः ॥१४॥

अर्थ

पुरुष शब्दको व्युत्पत्ति पुरि (नगरे) शेते इति पुरुषः यस्तो हुन्छ त्यही भावलाई लिएर पुर = अर्थात् शरीर नै पुर = नगर हो, जसमा नवद्वार छन् शरीरका नव छिद्र नै नवद्वार हुन् - २ आँखा, २ कान, २ नाकका प्वाल, १ मुख, १ गुदद्वार र १ मूत्रद्वार । अनावृत नवद्वार भएका अर्थात् खुला नौवटा ढोका भएका वातयुक्त वायुको निरन्तर आगमनले युक्त भएको यस्तो पुर अर्थात् शरीरमा स्वैर = स्वेच्छया - शयन गर्ने पुरुषरूप भगवान्लाई नमस्कार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

यसको अर्को व्युत्पत्ति पनि हुन सक्छ - अस् भुवि धातुका अक्षरहरूलाई उल्टो गरेर पूरा शब्दमा जोडेर पुरा आसीत् = पहिला थियो, जो परापूर्वकालदेखि थियो त्यो पुरुष हो यस्तो अर्थ पनि गरेको पाइन्छ । श्रुतिले पनि भनेको छ - **'पूर्वमेवाहमिहासमिति तत् पुरुषस्य पुरुषत्वम्'** ।

१५) साक्षी

देशकालकृताधानव्यवधानविनाकृतम् ।
सर्वत्र सर्वदा सर्वं पश्यते साक्षिणे नमः ॥१५॥

अर्थ

साक्षी शब्दको अर्थ गर्दै देशकृत व्यवधान र कालकृतव्य वधानरहित भएर सबै ठाउँमा र सबै कालमा सबैलाई देख्ने भएका साक्षीरूप भगवान्लाई नमस्कार ।

टिप्पणी

कुनै वस्तुको दर्शनमा मुख्यतः दुई व्यवधान हुन्छन् । धेरै टाढा भए पनि कुनै वस्तुलाई देख्न सकिँदैन र समयको अन्तराल भए पनि देख्न, वस्तुको दर्शन गर्न सकिँदैन । त्यसैले भगवान् सर्वस्थान र सर्वकालमा सर्वत्र देख्न सक्ने हुनाले सबैका साक्षी भनिएको हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१६) क्षेत्रज्ञः

कर्मवीजनिवापार्हशरीरक्षेत्रवेदिने ।
दिने दिने भगवते क्षेत्रज्ञाय नमो नमः ॥१६॥

अर्थ

कर्मरूपी वीजलाई निवाप गर्न (रोप्न) योग्य शरीररूपी क्षेत्रलाई जान्ने त्यस्ता क्षेत्रज्ञ भगवान्‌लाई प्रतिदिन नमस्कार छ ।

टिप्पणी

निवाप = वीउ छर्नु, रोप्नु, लगाउनु आदि अर्थमा निवाप शब्दको प्रयोग हुन्छ । यो शरीर नै खेत हो जसमा कर्मरूपी बिउ लगाउन, छर्न र रोप्न सकिन्छ र कर्मरूपी वीजवाट सुख-दुखरूपी फल प्राप्त हुन्छ । त्यही नै क्षेत्रज्ञ नामको आशय हो । त्यो शरीररूपी क्षेत्रलाई जान्ने भएका हुनाले भगवान्‌लाई क्षेत्रज्ञ भनिन्छ ।

१७) अक्षर एव च

अश्नुवानाय सकलमश्नते च जगत्त्रयम् ।
अक्षराय नमस्तुभ्यमस्तक्षरणकर्मणे ॥१७॥

अर्थ

सम्पूर्णलाई भोग गर्ने, तिनै जगत् (जगत्त्रय) लाई खाने भएका, क्षरण कर्म अस्त भएका (अर्थात् विनाशशील कर्म जसमा छैन यस्ता) अक्षर स्वरूप तपाईं भगवान्‌लाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

जो अक्षर अर्थात् क्षीण हुँदैन त्यसलाई अक्षर भनिन्छ र ती परमात्मा नै अक्षर हुन्छ । अक्षर शब्द अशू व्याप्तौ धातुवाट व्याप्ति अर्थमा बनेको हो ।

क्षर सञ्चरणे धातुबाट पचाद्यत् भएर साथै नञ् समास भएर न क्षरतीति अक्षरः शब्द सिद्ध हुन्छ । अशु भक्षणे धातुबाट पनि अक्षर शब्द बन्दछ ।

अश्नोतीति अक्षर अर्थात् जसले सबैलाई खान्छ, जो सबैमा व्याप्त छ, वा जो कहिल्यै नाश हुँदैन त्यो अक्षर हो ।

१८) योगः

विशुद्धध्यानसन्नद्धै (रुद्धानेकप्रवृत्तिभिः) ।
योगिभिर्युज्यमानाय योगाय हरये नमः ॥१८॥

अर्थ

विशुद्ध ध्यानमा लागेका, मनका अनेक वृत्तिहरू रोकेका योगीहरूद्वारा असम्प्रज्ञात समाधिको स्थितिमा पुगेर भगवान्सँग संयोग प्राप्त गरेका योगस्वरूप भगवान् हरिलाई नमस्कार छ ।

टिप्पणी

योग मनसहित समस्त ज्ञानेन्द्रियलाई रोकेर क्षेत्रज्ञ र परमात्माको एकत्व भावनाको नाम योग हो । त्यही योगद्वारा नै परमात्मा प्राप्त हुने हुनाले परमात्माको नाम पनि योग हो । भनिएको छ :

ज्ञानेन्द्रियाणि सर्वाणि निरुध्य मनसा सह ।
एकत्वभावना योगः क्षेत्रज्ञपरमात्मनोः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योगक्षेमविधानेन रक्षते योगयोगिनः ।
तुभ्यं योगविदां नेत्रे गोविन्द ! शतशो नमः ॥१९॥

अर्थ

अप्राप्तको प्राप्तिलाई योग भनिन्छ भने प्राप्तको रक्षालाई क्षेम भनिन्छ । योगक्षेमको विधानद्वारा योग र योगीहरूको रक्षा गर्ने योगवित् (योग जान्नेहरूका नेत्रस्वरूप) हे गोविन्द तपाईंलाई शतशः नमस्कार छ ।

२०) प्रधानपुरुषेश्वरः

प्रकृतेः पुरुषस्यापि नियन्ताऽनन्तशक्तिकः ।
प्रणम्यते स भगवान् प्रधानपुरुषेश्वरः ॥२०॥

अर्थ

प्रकृति र पुरुषको पनि नियन्ता भएका, अनन्तशक्ति भएका ती भगवान् प्रधान पुरुषेश्वरलाई प्रणाम गरिन्छ ।

टिप्पणी

प्रधान भनेको मूल प्रकृति अथवा माया हो र पुरुष भनेको जीव हो ती दुवैका ईश्वर अर्थात् स्वामी हुनाले भगवान् विष्णु प्रधानपुरुषेश्वर हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२१) नारसिंहवपुः

विनिग्रहानुग्रहयोरनुरूपं वपुर्धरन् ।
प्रणम्यतेतरां प्रीत्या नारसिंहवपुर्हरिः ॥२१॥

अर्थ

निग्रह र अनुग्रहको अनुरूप शरीर धारण गर्ने (हिरण्यकशिपुको निग्रह र प्रह्लादको अनुग्रह गर्ने) नृसिंह शरीर भएका भगवान्लाई प्रीतिपूर्वक अतिशय प्रणाम गरिन्छ ।

टिप्पणी

नर र सिंहका अवयवहरू जसमा देखिन्छन् त्यस्तो शरीरलाई नृसिंह भनिन्छ । त्यस्तो छ शरीर जसको त्यो नारसिंहवपु हो ।

२२) श्रीमान्

न जहाति महालक्ष्मीः सहासा यदुरःस्थलीम् ।
तस्मै श्रीश्रयणीयाय श्रीमते हरये नमः ॥२२॥

अर्थ

हास्यले युक्त भएकी महालक्ष्मीले जसको उरस्थली (हृदयस्थल) लाई छोड्दिनन् ती लक्ष्मीद्वारा आश्रय गरिएका श्रीमान् हरिलाई नमस्कार छ । जसका वक्षस्थलमा सर्वदा श्री वस्छिन् ती श्रीमान् हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२३) केशवः

प्रशंसनीयकेशाय केशिदानवघातिने ।
कं चं चेशं चाश्रयते केशवाय नमो नमः ॥२३॥

अर्थ

प्रशंसनीय केश भएका, केशीदानवको वध गर्ने, क=जल, सुख, च=चन्द्रमा तिनका स्वामी भएका केशवलाई पुनः पुनः नमस्कार छ ।

टिप्पणी

जसका केश अत्यन्त सुन्दर छन् त्यसलाई केशव भनिन्छ । 'केशाद्वोऽन्यतरस्याम्' यस सूत्रले केशाः सन्ति अस्य यस विग्रहमा केश शव्ददेखि व प्रत्यय गरेर केशव शब्द बन्दछ । अर्थात् राम्रो कपाल भएका अथवा क = ब्रह्मा, अ = विष्णु, ईश = शङ्कर यी तीनै मूर्ति केश हुन् ती जसका अधीनमा छन् ती केशव हुन् । वा केशी नामक दानवको वध गर्नाका कारण केशव भनिएका हुन् । विष्णुपुराणमा भनिएको छ -

यस्मात्त्वयैव दुष्टात्मा हतः केशी जनार्दन ।
तस्मात्केशवनाम्ना त्वं लोके ख्यातो भविष्यसि ॥ ५।१६।२३।

२४) पुरुषोत्तमः

उत्तमायैव सततं क्षरादप्यक्षरादपि ।
कुर्वे सभक्ति पुरुषोत्तमाय शतशो नमः ॥२४॥

अर्थ

जो भगवान् क्षर र अक्षर दुवैवाट उत्तम छन् ती पुरुषोत्तम भगवान्‌लाई सभक्ति शतशः नमस्कार गर्छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

पुरुषहरूमा उत्तमलाई पुरुषोत्तम भनिन्छ। यहाँ षष्ठी समासको निर्धारण सूत्रले निषेध हुँदैन किनकि जाति गुण क्रिया इत्यादिद्वारा क्रियाको अपेक्षा नहुनाले समासको निषेध भएन र पुरुषोत्तम शब्द निर्माण भयो। अथवा पुरुषात्-उत्तमः पुरुषोत्तमः यो पञ्चमी समास पनि हुन सक्छ। गीतामा भनिएको छ-

यस्मात्क्षरमतीतोऽहमक्षरादपि चोत्तमः।

अतोऽस्मि लोके वेदे च प्रथितः पुरुषोत्तमः ॥१५।१८।

म (कृष्ण) क्षर अर्थात् नाशवान् पदार्थ जडवर्ग क्षेत्रबाट अतीत (पर) हुँ तथा अक्षर अर्थात् अविनाशी जीवात्माबाट पनि उत्तम हुँ त्यसैले लोक र वेदमा पनि पुरुषोत्तम नामले प्रसिद्ध छु।

२५) सर्वः

जङ्गमाजङ्गमतया वर्तमानाय सर्वतः।
कस्मैचन परेशाय सर्वस्मै शतशो नमः ॥२५॥

अर्थ

जङ्गम र अजङ्गम (चल-अचल) रूपमा चारैतिर विद्यमान भएका त्यस्ता कुनै सर्व नाम भएका परेश भगवान्लाई शतशः नमस्कार छ।

टिप्पणी

सत् र असत् सवैको उत्पत्ति स्थिति र प्रलयको कारण (स्थान) हुनाले सर्वदा सवैलाई जान्ने भएकाले भगवान्लाई सर्व भनिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रवर्तमाने संवर्ते शृणते सकलं जगत् ।
उग्रभावं प्रपन्नाय शर्वाय शतशो नमः ॥२६॥

अर्थ

संवर्त (प्रलय) काल आएपछि सम्पूर्ण जगत्लाई नष्ट गर्ने भएका, उग्रभावलाई प्राप्त गरेका शर्व (रुद्र) रूप भगवान्लाई शतशः नमस्कार छ ।

टिप्पणी

संहारका समयमा समस्त प्रजालाई शीर्ण गर्ने/संहार गराउने (शृणाति इति शर्वः) भएका हुनाले भगवान् विष्णुलाई शर्व भनिन्छ ।

२७) शिवः

प्रशान्ताय शयानाय त्रैगुण्यपरिहारिणे ।
पुण्यमङ्गलरूपाय शिवाय शतशो नमः ॥२७॥

अर्थ

भगवान्को सत्ताइसौं नाम शिव हो । भगवान् अत्यन्त शान्त हुनुहुन्छ अथवा शयन गर्नुहुन्छ । अथवा त्रिगुणरहित हुनुहुन्छ । पूर्ण र मङ्गलरूप हुनुहुन्छ त्यस्ता शिवरूप भगवान्लाई शतशः नमस्कार छ । शिव शब्दको व्युत्पत्ति- शीङ् शयने धातुवाट शेते अस्मिन् सर्वमिति शिवः, शीङ् धातुमा वन् प्रत्यय गरेर शिव शब्द सिद्ध हुन्छ । शृणतीति विग्रहे शृ हिंसायाम् धातुवाट "कृगृशृदृभ्यो वः" वः प्रत्यय, गुण, शर्वः (रुद्र) रूप हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

त्रिगुणरहित हुनाले, शुद्ध स्वरूप हुनाले भगवान् विष्णु शिव हुनुहुन्छ । कैवल्योपनिषद्मा सः ब्रह्मा सः शिवः अर्थात् विष्णु नै ब्रह्मा पनि हुन् शिव पनि हुन् यस्तो अभेदरूप भनिएको हुनाले शिव इत्यादिको नामको स्मरणले पनि भगवान् विष्णुको नै स्तुति हुन्छ ।

२८) स्थाणुः

विलीनेऽपि प्रपञ्चेऽस्मिन् स्थिरत्वेनैव तिष्ठते ।
जगदाश्चर्यचर्याय स्थाणवे हरये नमः ॥२८॥

अर्थ

यो सम्पूर्ण प्रपञ्च (जगत्) विलीन भए पनि जुन भगवान् स्थिर रूपले नै रहनुहुन्छ, साथै जगत्लाई आश्चर्य गराउने भएका स्थाणुरूप हरि भगवान्लाई नमस्कार छ ।

टिप्पणी

स्थाणु शब्द स्था धातुबाट वन्दछ । तिष्ठतीति स्थाणुः "स्थोःणुः" सूत्रले णु प्रत्यय भएर स्थाणु शब्द हुन्छ । जो सँधै रहिरहन्छ त्यसलाई स्थाणु भनिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनन्तकोटिभूतानां निदानत्वेन तस्थुषे ।
करोमि योजितकरो मुहुर्भूतादये नमः ॥२९॥

अर्थ

अनन्तकोटि प्राणीहरूका आदिकारणको रूपमा स्थित भएका भूतादि नाम गरेका ती भगवान् विष्णुलाई वारम्वार दुवै हात जोडी नमस्कार गर्दछु ।

३०) निधिरव्ययः

मुहुर्मुहुरिदं विश्वमाविर्भावयते सते ।
अनपायविभुत्वायाऽव्ययाय निधये नमः ॥३०॥

अर्थ

वारम्वार यस विश्वलाई आविर्भाव (प्रकट) गर्नुभएका, सत्यस्वरूप, कहिल्यै पनि विभुत्व नष्ट नहुने अव्ययनिधि नाम गरेका हरि भगवान्‌लाई नमस्कार छ ।

टिप्पणी

प्रलयकालमा सवै प्राणी उनैमा स्थित हुन्छन् त्यसैले भगवान्‌लाई निधि भनिएको हो, प्रलयकालेऽस्मिन्निधीयतेऽस्मिन्सर्वम् यस विग्रहमा नि पूर्वक धा धातुदेखि कि प्रत्यय गरेर ककारको लश क्वतद्धिते सूत्रले लोप र धा.को आकारको 'आतोलोप इटि च' लोप भएर निधि शव्द वन्दछ । त्यस निधि शव्दको अव्ययरूप विशेषणयुक्त पर प्रयोग गरेपछि निधिरव्ययः शव्द वन्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३१) सम्भवः

स्वलीलाऽऽलोकनायैव देवतिर्यङ्नरादिषु ।
युगे युगे सम्भवते संभवाय नमो नमः ॥३१॥

अर्थ

आफ्नो लीलाको प्रकाश गर्नका लागि देवयोनि, तिर्यक् योनि र मनुष्ययोनि इत्यादिमा प्रत्येक युगमा उत्पन्न हुने सम्भव नाम भएका भगवान्लाई पुनः पुनः नमस्कार छ ।

टिप्पणी

स्वेच्छामा समीचीन भावले उत्पत्ति भएको छ जसको त्यो सम्भव हो । साधुको रक्षा र दुष्टको दमनका लागि र धर्मको स्थापना गर्नका लागि म युग-युगमा उत्पन्न हुन्छु भन्नुभएको छ । जस्तै गीतामा -

परित्राणाय साधूनां विनाशाय च दुष्कृताम् ।
धर्मसंस्थापनार्थाय सम्भवामि युगे युगे ॥४/८॥

३२) भावनः

वासग्रासत्रासनाशप्रदानेन दिवानिशम् ।
भूतान्यलं भावयते भावनाय नमो नमः ॥३२॥

अर्थ

वास (वासस्थान) ग्रास (भोजन) त्रास (भय) नाश (संहार) गरेर रातदिन प्राणीहरूको भावन गर्ने भावन नामका भगवान्लाई पुनः पुनः नमस्कार हुन्छ । (भू धातुदेखि ल्युट् प्रत्यय गरेर अन् र वृद्धि गरेपछि भावन बन्दछ ।)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

 CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समस्त भोक्ताहरूको गासवासत्रासरूपी फललाई उत्पन्न गर्ने हुनाले भगवान्को नाम भावन हो । अर्थात् सम्पूर्ण फलको उत्पत्ति भगवान्द्वारा नै हुन्छ ।

३३) भर्ता

अधिष्ठानत्वमालम्ब्य पतिपुत्रादितामपि ।
भरते बिभ्रते लोकान् भर्त्रे तुभ्यं नमो नमः ॥३३॥

अर्थ

सबैका अधिष्ठान (आधार) लाई आलम्बन गरेर पति, पुत्रादिको रूपले पनि भरणपोषण गर्ने, लोकलाई पालन गर्ने भर्ता नाम भएका भगवान् तपाईंलाई वारम्बार नमस्कार छ । जसरी पतिपुत्रादिको भरणपोषण पति वा पिताले गर्छन् त्यसरी नै पतिको पनि भरणपोषण भगवान्ले गर्नुहुन्छ । त्यसैले भर्ताका पनि भर्ता भगवान् नै हुनुहुन्छ ।

डुभृञ् धारणपोषणयोः धातुदेखि तृच् प्रत्यय गरेर भर्तृ शब्द बन्दछ । भरण वा पोषण गर्नेवाला भर्ता हो ।

३४) प्रभवः

प्रकर्षपूरितभवो भवोत्कर्षकरश्च यः ।
अनन्तशक्तये तस्मै प्रभवाय नमो नमः ॥३४॥

अर्थ

विशेषरूपले भव (संसारलाई) पूर्ण गर्ने, संसारको उत्कर्ष गर्ने अनन्त शक्तिले युक्त ती प्रभवनामका भगवान्लाई पुनः पुनः नमस्कार छ ।

(प्र. उपसर्ग पूर्वक भू धातुदेखि अप् प्रत्यय र गुण गरेर प्रभव शब्द निष्पन्न हुन्छ ।)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३५) प्रभुः

तृणं दम्भोलितां धत्ते दम्भोलिस्तृणतामपि ।
यदिच्छया नमस्तस्मै प्रभवे भवहेतवे ॥३५॥

अर्थ

जसले तृण (घाँस) लाई वज्र बनाइदिन्छ, पुनः वज्रलाई तृण बनाइदिन्छ । जसको इच्छाद्वारा यस्ता कार्य हुन्छन् भयका कारण भएका ती प्रभु नामका भगवान्‌लाई नमस्कार छ ।

टिप्पणी

प्रभवति इति प्रभुः (प्रपूर्वक भू धातुदेखि डु प्रत्यय भएर टिलोप भई प्रभु शब्द बन्दछ ।) सम्पूर्ण क्रियाहरूमा सामर्थ्यको अधिकता हुनाले नै भगवान्‌लाई प्रभु भनिएको हो ।

३६) ईश्वरः

निग्रहानुग्रहौ यस्य जगदाश्चर्यदायिनौ ।
ईश्वराय नमस्तस्मै गत्वरेतरशक्तये ॥३६॥

अर्थ

जसका निग्रह (दमन) र अनुग्रह (कृपा) यी दुई शक्ति जगत्‌लाई आश्चर्यदायक हुन् तिनै चल र अचल शक्ति भएका ईश्वर नामका भगवान्‌लाई नमस्कार छ ।

टिप्पणी

ईश ऐश्वर्ये धातुबाट वरच् प्रत्यय गरेर ईश्वर शब्द बनेको हो । अथवा अश्नुते व्याप्नोति इति ईश्वरः जो सर्वत्र व्यापक छ त्यो ईश्वर हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अश्धातुदेखि वरच् प्रत्यय र अश् धातुको अकारमा ईत्व गरेर ईश्वर वन्दछ । जो ऐश्वर्यशाली छ त्यो ईश्वर हो अर्थात् जो सर्वत्र व्यापक छ त्यो ईश्वर हो । भगवान्को ऐश्वर्य उपाधिरहित छ । त्यसैले भगवान्लाई ईश्वर भनिन्छ । जसकसैले भगवान्को शक्ति मापदण्ड वा सीमाङ्कन गर्न सक्दैन त्यस्ता उपाधिरहित वा निरुपाधिक शक्तिलाई ईश्वर भनिन्छ । त्यसैले योगदर्शनमा ईश्वरप्रणिधानद्वारा समाधिको सिद्धि हुन्छ भनिएको छ ।

ती ईश्वरलाई पुरुषविशेष माने पनि क्लेशकर्मविपाक र आश्रयले छुन सक्दैनन्, अविद्यादि क्लेश हुन्, शुभाशुभ पुण्यपाप कर्म हुन्, ती कर्मको फल विपाक हो । फलको जुन वासना हो त्यो आशय हो । भगवान्को ऐश्वर्य उपाधिरहित छ अतः उहाँ ईश्वर हुनुहुन्छ ।

३७) स्वयम्भूः

कारणानां कारणायाऽकारणाय सते स्वयम् ।
भक्तिभावैकभाव्याय नमस्तुभ्यं स्वयम्भुवे ॥३७॥

अर्थ

जो कारणका पनि कारण हुनुहुन्छ र जो स्वयं अकारण हुनुहुन्छ स्वयं सत् हुनुहुन्छ, भक्तिमात्रले जसलाई जान्न सकिन्छ त्यस्ता स्वयम्भू नाम गरेका भगवान्लाई नमस्कार छ ।

टिप्पणी

कारणका कारण भनेको घडाको कारण माटो हो । मृत्तिकाको कारण भगवान् नै हुनुहुन्छ । जसरी घडाको कारण माटो हो र माटोको कारण पृथ्वी हो भने पृथ्वीको कारण भगवान् हुनुहुन्छ । जसरी घडाको कारण माटो हो त्यसरी नै भगवान्को पनि कुनै कारण छ कि भन्दा भगवान्को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोही/कुनै कारण छैन, त्यसैले व्याख्यामा अकारण शब्दको प्रयोग गरिएको हो । नास्ति कारणं यस्य । खरायोको सिङ्को कुनै कारण नै छैन, त्यसैले 'सते' अर्थात् जो स्वयं सत्स्वरूप हुनुहुन्छ । जो सत् छ त्यसलाई सबैले जान्नुपर्ने हो । किन जान्दैनन् भन्दा जो सत् छ त्यसलाई सबैले जान्दछन् । घडा, माटो आदिलाई सबैले जान्दछन् भने यस शंकामा भनिएको छ "भक्तिमात्रैकगम्याय" अर्थात् भक्तिले मात्र भगवान्लाई जान्न सकिन्छ । त्यसैले भक्तहरूले भगवान्लाई जान्न सके जसरी प्रह्लाद, ध्रुव, द्रौपदी, कुन्ती आदि ।

३८) शम्भुः

यस्मादाराधितादारादनिशं शं भवत्यलम् ।
तस्मै भवैकसाराय करवै शम्भवे नमः ॥३८॥

अर्थ

जुन भगवान्को समीपमा आराधना गरेपछि निरन्तर कल्याण नै हुन्छ । संसारका एकमात्र सार भएका शम्भु नामक भगवान्लाई नमस्कार छ ।

टिप्पणी

शम्भु शब्द सम् यो अव्यय उपसर्गपूर्वक भू धातुदेखि डु प्रत्यय गरेर वनेको हो । शं मङ्गलं भवत्यस्माद्- जसवाट मंगल हुन्छ, अथवा शम्भवति (भावयतीत्यर्थः) मङ्गल गरिदिन्छ । भक्तको निमित्त सुखको भावना गर्नाले वा सुखको उत्पत्ति गर्नाले भगवान् शम्भु हुनुहुन्छ । भक्तहरुको निमित्त सुखको भावना अर्थात् उत्पत्ति गर्नाले (भगवान्) शम्भु हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३९) आदित्यः

आत्मत्वेन समाम्नातो जगतस्तस्थुषश्च यः ।
आदित्याय नमस्तस्मै ज्योतिर्मण्डलवर्तिने ॥३९॥

अर्थ

जङ्गम र स्थिर (चल र अचल) का रूपमा जो आत्मत्वेन मानिएका छन् अर्थात् वेदले सबैको आत्मा मानेको छ । ज्योतिर्मण्डल (सूर्यमण्डल) मा वर्तमान आदित्य नाम गरेका भगवान्लाई नमस्कार छ ।

टिप्पणी

आदित्य शब्द अदितिबाट अदितेरपत्यं पुमान् यस विग्रहमा अदिति शब्ददेखि ण्यत् प्रत्यय गरेर बनेको हो, त्यसको अर्थ हुन्छ अदितिका छोरा अर्थात् भगवान् सूर्य अदितिका पुत्र हुन् भनेर पुराणले संकेत गरेको छ । अथवा दो अवखण्डनेबाट दिति शब्द बन्दछ । दिति भनेको खण्डित हुनेवाला, न दिति अदितिः = जो खण्डित हुँदैन अदिति = पृथ्वी, तिनका पति हुनाले भगवान्लाई आदित्य भनिन्छ ।

४०) पुष्कराक्षः

अनासक्ततया विश्वं वीक्षमाणाय सर्वतः ।
अक्षान्तपापपक्षाय पुष्कराक्षाय ते नमः ॥४०॥

अर्थ

अनासक्त रूपले विश्वलाई सर्वत (वीक्षण) देख्ने भएका, पापको पक्षलाई क्षमा नगर्ने (पापलाई सहन नगर्ने भएका) तपाईं पुष्कराक्ष भगवान्लाई नमस्कार छ । अथवा पुष्कर भनेको कमल हो । "पुष्करे इव अक्षिणी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्य" अर्थात् कमलका जस्ता छन् नेत्र जसका त्यसलाई पुष्कराक्ष भनिन्छ । भगवान्का कमल जस्ता आँखा भएकाले उहाँलाई पुष्कराक्ष भनिन्छ ।

४१) महास्वनः

महनीयश्रुतिमयश्वसितध्वनये सते ।
महास्वनाय भगवन् ! तुभ्यमस्तु नमो नमः ॥४१॥

अर्थ

महनीय (पूज्य) श्रुतिमय (वेदमय) श्वासरूपी ध्वनि भएका, महास्वन नाम गरेका हे भगवान् तपाईंलाई बारम्बार नमस्कार छ ।

टिप्पणी

भगवान्को वेदरूप महान् स्वर हुनाका कारण वहाँलाई महास्वन भनिन्छ । ऋग्वेद र यजुर्वेद आदि वेदहरू त्यस महान् भूत परमेश्वरका निःश्वास हुन् । जसरी हामीलाई श्वास लिँदा कुनै प्रकारको प्रयत्न गर्नु पर्दैन त्यस्तै सृष्टिका आदिमा यी वेदहरू जुन प्रलयकालमा भगवान्मा नै लीन भएका थिए ती स्वतः प्रकट हुन्छन् । त्यसैले वेद अनादि हुन् । महास्वन शब्दको व्युत्पत्ति - **महान् स्वनो नादो वा श्रुतिलक्षणो यस्य सः महास्वनः** । अर्थात् ठूलो वेदरूप स्वन अर्थात् शब्द जुन छ त्यो भगवान् स्वरूप हो । भगवान्का वेदरूप अतिमहान् स्वर वा घोष हुनाले उहाँ महास्वन हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४२) अनादिनिधनः

यस्योत्पत्तिश्च मृत्युश्च नास्ति तत्कारणात्मनः ।
तस्मै नमोऽस्तु भगवन्ननादिनिधनाय ते ॥४२॥

अर्थ

जसको उत्पत्ति र मृत्यु हुँदैन किन्तु उहाँ उत्पत्ति र विनाशका कारण नै हुनुहुन्छ त्यस्ता अनादिनिधन नाम गरेका हे भगवान् तपाईंलाई नमस्कार छ । आदि भनेको जन्म हो । निधन भनेको नाश हो । ती दुवै जसका छैनन् ती अनादिनिधन हुन् । **"आदिश्च निधनञ्च यस्य नास्ति सः अनादिनिधनः ।"** जसको आदि र अन्त्य छैन (हुँदैन) त्यसलाई अनादिनिधन भनिन्छ ।

४३) धाता

अनन्तकूर्मदिग्दन्तिकोलरूपेण मेदिनीम् ।
दधानाय नमस्तुभ्यं धात्रेऽत्यद्भुतशक्तये ॥४३॥

अर्थ

शेषनाग, कच्छपावतार, दिग्गज, शूकरावतारका रूपले पृथ्वीलाई सँधै धारण गर्ने भएका धातानामका अद्भुत शक्तिले युक्त भएका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

धाता शब्द डुधाञ् धारणपोषणयोः धातुबाट तृच् प्रत्यय गरेर बनेको हो । जसले सम्पूर्णलाई धारण गरेको छ त्यो धाता हो । भगवान्ले पृथ्वीलाई शेषनागका रूपमा सदैव धारण गर्नुहुन्छ । कूर्म अवतार र दिग्गजहरूले पनि पृथ्वीलाई धारण गर्दछन् । शूकरावतारमा भगवान्ले पृथ्वीलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पातालवाट धारण गरेर ल्याउनुभयो । त्यसैले वहाँ धाता हुनुहुन्छ । अथवा धेट् पाने धातुबाट पनि तृच् प्रत्यय गरेर "आदे च उपदेशे शिति" सूत्रले एकारलाई आ गरेर धाता रूप बन्दछ । संहार कालमा सम्पूर्ण विश्वलाई जसले पान गरिदिन्छ त्यो धाता हो ।

४४) विधाता

नानाविधानां कार्याणां तत्फलानां च भूयसाम् ।
संविधानैकधीराय विधात्रे शतशो नमः ॥४४॥

अर्थ

अनेक प्रकारका कार्यहरू र तिनका फलहरूको पनि संविधान गर्ने धीर भएका विधाता नाम गरेका भगवान्लाई शतशः नमस्कार छ ।

टिप्पणी

कर्म एवं तिनका फलको सृष्टि गर्नाले भगवान् विधाता हुनुहुन्छ । वि पूर्वक धा धातुदेखि तृच् प्रत्यय लगाएर विधाता शब्द बनाइएको हो । विधाता अर्थात् सबैको विधान गर्ने भगवान् नै हुनुहुन्छ । कर्म र त्यसको फलको सृष्टि गर्नुहुन्छ, त्यसैले विधाता हुनुहुन्छ ।

४५) धातुरुत्तमः

वृन्दावने कृताघेन धात्रा भीतिमता सता ।
स्तुताय भवते धातुरुत्तमाय नमो नमः ॥४५॥

अर्थ

वृन्दावनमा पाप गरेका व्रह्माजीद्वारा स्तुति गरिए, भयभीत ती व्रह्माजीभन्दा पनि उत्तम भएका धातुरुत्तम नाम गरेका भगवान्लाई पुनः पुनः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४५.क) धातुः

चिदेकरूपाय सते गुणभेदविभेदितम्
प्रपञ्चमेतं विपुलं दधते धातवे नमः ॥

चित् एकरूप भएका एवं सत्‌रूप भएका गुणको भेदले भिन्न भएका प्रपञ्च (पृथ्वी-जल-तेज-आकाशादि) विपुल (विशाल) लाई धारण गरेका धातुरूप भगवान्‌लाई नमस्कार छ ।

४५.ख) उत्तमः

उत्तमादुत्तमं वस्तु समतीत्यैव तिष्ठते
उत्तमाय नमस्तुभ्यं तुलनारहितात्मने ॥

उत्तमभन्दा पनि उत्तम वस्तुलाई अतिक्रान्त गरेर (जितेर) विद्यमान भएका, तुलनारहित भएका यस्ता उत्तम रूप (नाम) भएका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

भगवान्‌ले शेषनाग इत्यादिलाई पनि धारण गर्नुहुन्छ, अथवा विशेष रूपमा सबैलाई धारण गर्नुहुन्छ त्यसैले वहाँलाई धातुरुत्तम भनिएको हो । धातुरुत्तम दुई शब्द जस्तो प्रतीत हुन्छन् तर समानाधिकरण रूपले विशेषण यो एउटै नाम हो । चित् धातु पृथ्वी आदि समस्त धातु जुन छन् ती सबैलाई धारण गर्ने हुनाले धातुरुत्तम भनिएको हो ।

अथवा धाता ब्रह्माभन्दा पनि श्रेष्ठ हुनुहुन्छ । त्यसैले व्यधिकरणरूपले विशेषणसहित यो एउटै नाम हो । वा धातु एउटा नाम र उत्तम अर्को नाम पनि भन्न सकिन्छ । कार्यकारणरूप प्रपञ्चलाई धारण गर्ने चैतन्य स्वरूप भगवान् नै धातु हुन् । दधाति शोभां यस विग्रहमा धा धातुदेखि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तुन् प्रत्यय गरेर धातु बनेको हो । चाँदी, सुन, रत्नादि पनि धातु हुन् । भगवान् पनि बहुमूल्यवान् हुनुहुन्छ त्यसैले धातु भनियो । धीयते सर्वमस्मिन् इति धातुः । भू, धा आदि धातुहरू शब्दहरूका आश्रयभूत धातु हुन् ।

उत्तम सबै उत्कृष्ट पदार्थहरूमा अत्यन्त श्रेष्ठ हुनाले पनि उत्तम भनिएको हो । उत्तम शब्द अतिशयेन उत्कृष्टः यस अर्थमा उत् यस अव्ययदेखि तमप् प्रत्यय गरेर बनेको हो । त्यसले कुनै पनि वस्तुको उत्तमपनलाई बुझाउँछ । अथवा उत्ताम्यति इति उत्तमः = उत् उपसर्ग पूर्वक तम् धातुदेखि अच् प्रत्यय गरेर उत्तमः शब्द बन्दछ । जो सबैभन्दा माथि (उच्च) छ त्यो उत्तम हो ।

४६) अप्रमेयः

प्रत्यक्षादिप्रमाणानामगोचरतया सते ।
अप्रमेयाय भगवन् ! नमस्ते ज्ञानमूर्तये ॥४६॥

अर्थ

प्रत्यक्षादि प्रमाणहरूको अगोचर (अविषय) हुनाले (भए पनि) सत्स्वरूप भएका अथवा प्रत्यक्ष आदि प्रमाणहरूको विषय नभएका हुनाले असत् रूपले वर्णन गर्न सकिने भएका यस्ता प्रमाका (यथार्थ ज्ञानका) विषय नभएका हे भगवन् ! ज्ञानमूर्ति तपाईंलाई नमस्कार छ ।

टिप्पणी

शब्दादि गुणहरूले रहित भएका हुनाले भगवान् प्रत्यक्षका विषय हुनुहुन्न । भगवान्लाई अनुमानद्वारा पनि जान्न सकिन्न, अर्थात् अनुमानका हेतु आदि गुण हुनाले हेतुरहित भएको हुनाले अनुमानले पनि जान्न सकिन्न । भगवान् उपमानरहित भएका हुनाले उपमान प्रमाणको पनि विषय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुनुहुन्न । भगवान् नभए पनि कुनै अनुपपन्न (असिद्ध) छैन त्यसैले अर्थापत्तिको पनि विषय मानिदैन ।

भगवान् अभावस्वरूप नभएका हुनाले (अर्थात् भावरूप हुनाले) अभाव प्रमाणका पनि विषय हुनुहुन्न । अभावको साक्षी पनि भगवान् नै भएका हुनाले अभाव प्रमाणका विषय हुनुभएन । त्यसैले भगवान्लाई अप्रयेय भनिएको हो ।

प्रकर्षेण मातुं योग्यः प्रमेयः, (जसलाई कुनै प्रकारले नापतौल गर्न सकिदैन, वा वर्णन गर्न सकिंदैन) त्यो अप्रमेय हो ।

४७) हृषीकेशः

हृषीकाणामशेषाणां तत्तत्कर्मप्रवर्तने ।
अधीशानाय भगवन् ! हृषीकेशाय ते नमः ॥४७॥

अर्थ

भगवान् सम्पूर्ण इन्द्रियहरूका मालिक हुनुहुन्छ र ती कर्महरूमा प्रवृत्त गर्नमा अधीश = स्वामी हुनुहुन्छ, त्यस्ता हृषीकेश नाम भएका हे भगवन् तपाईंलाई नमस्कार छ ।

टिप्पणी

हृषीक भनेर इन्द्रियहरूलाई भनिन्छ । ती इन्द्रियहरूका क्षेत्रज्ञरूपमा भगवान् उनका स्वामी हुनुहुन्छ । ती भगवानलाई नमस्कार छ । अथवा इन्द्रियहरू भगवान्का अधीनमा छन् त्यसैले भगवान् हृषीकेश हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४८) पद्मनाभः

श्रुतिगुञ्जनसंसक्तद्रुहिणभ्रमराञ्चितम् ।
पद्मं नाभौ धृतवते पद्मनाभाय ते नमः ॥४८॥

व्याख्या

श्रुति (वेद) को गुञ्जनमा संसक्त (लागेका) ब्रह्मारूपी भ्रमरले युक्त भएको पद्म (कमल) लाई नाभिमा धारण गर्ने भएका पद्मनाभ नाम गरेका भगवान् तपाईंलाई नमस्कार छ ।

टिप्पणी

पद्मं नाभौ यस्य सः पद्मनाभः, अर्थात् जसको नाभिमा कमल छ त्यसलाई पद्मनाभ भनिन्छ । सम्पूर्ण जगत्को कारण भएको पद्म (कमल) छ नाभिमा जसको ती पद्मनाभ हुनुहुन्छ ।

४९) अमरप्रभुः

अमराणामशेषाणां सत्त्वप्राधान्यशालिनाम् ।
संरक्षकाय ते नित्यममरप्रभवे नमः ॥४९॥

अर्थ

सत्त्वगुण प्रधान भएका सम्पूर्ण अमरहरू (देवता) का संरक्षक भएका अमरप्रभु नाम गरेका हे भगवान् ! तपाईंलाई नमस्कार छ ।

टिप्पणी

विश्व प्रपञ्च (सुर-असुर-मानव-कीट-पतङ्ग-जड-चेतन सम्पूर्ण) प्रकृतिवाट नै उत्पत्ति भएको हो । प्रकृति त्रिगुणात्मिका छ- सत्त्व गुण, रजोगुण र तमोगुणात्मिका, विश्व प्रपञ्च त्रिगुणरहित छैन । जसवाट जे उत्पन्न हुन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो तदात्मक नै हुन्छ । जस्तै माटोवाट घडा भए पनि मृत्तिकात्मक नै हुन्छ ।

प्रकृति त्रिगुणात्मिका भए पनि तिनै गुणको साम्यावस्थामा सृष्टि हुँदैन । कुनै एक गुणको अधिकता अर्थात् प्राधान्य भएमा सृष्टि हुन्छ । त्यसका सत्त्वगुणको प्राधान्य भएमा सात्त्विक सृष्टि, रजोगुणको प्राधान्य भएमा राजसी सृष्टि र तमोगुणको प्राधान्य भएमा तामसी सृष्टि हुन्छ । देव मनुष्य राक्षस इत्यादिको सृष्टिमा सत्त्वगुण, रजोगुण वा तमोगुणको प्राधान्य हुन्छ । देवतामा सत्त्वगुणको प्राधान्य हुन्छ । मानवमा रजोगुणको प्राधान्य र दैत्य = राक्षसमा तमोगुणको प्राधान्य हुन्छ । त्यसैले देवताहरू सत्त्वगुणको प्राधान्य भएका हुनाले सत्त्वगुण भएका देवताहरूका संरक्षक भएका हुनाले भगवान्लाई अमर प्रभु भनिएको हो । अमरप्रभु = देवताहरूका मालिक भगवान्लाई अमरप्रभु भनिएको हो ।

५०) विश्वकर्मा

अनन्तकोटिब्रह्माण्डघटनैकपटीयसे ।
असाधनाय च सते नमस्ते विश्वकर्मणे ॥५०॥

अर्थ

विना साधन अनन्तकोटि ब्रह्माण्डको रचना गर्न कुशल भएका, सत्स्वरूप भएका विश्वकर्मा तपाईंलाई नमस्कार छ ।

टिप्पणी

यो अनन्तकोटि ब्रह्माण्डका निर्माता भगवान् नै हुनुहुन्छ । साधारण व्यक्तिका निम्ति केही वस्तु वनाउनलाई धातु, अग्नि, खलाती, इत्यादिको आवश्यकता पर्दछ । विश्वको निर्माण गर्ने भगवान्लाई कुनै साधनको आवश्यकता पर्दैन । भगवान् सद्रूप नै हुनुहुन्छ असद्रूप हुनुहुन्न । **"विश्वं कर्म क्रिया यस्य सः विश्वकर्मा"** विश्व नै जसको कर्म अर्थात्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्रिया हो त्यो विश्वकर्मा हो । क्रियते यत् कर्म = विश्व नै कर्म हो र त्यो कर्मकर्ता भगवान् हुनुहुन्छ ।

भगवान्मा विचित्र निर्माण शक्ति छ । विश्व भनेको विचित्र हो, त्यो विचित्रको निर्माण शक्ति भगवान्मा छ त्यसैले भगवान्लाई विश्वकर्मा भनिएको हो । अथवा विश्वकर्मा र त्वष्टा एकै देवताको नाम हो । तिनले सबै देवताहरूको कार्य गर्छन् । त्यसैले उनलाई विश्वकर्मा भनिएको हो । विश्वकर्मालें जस्तै भगवान्ले सम्पूर्ण कार्य गर्ने हुनाले भगवान्लाई विश्वकर्मा भनिएको हो ।

५१) मनुः

मननैकस्वभावाय मन्त्ररूपाय रक्षते ।
अवेदनीयवपुषे करोमि मनवे नमः ॥५१॥

अर्थ

निरन्तर मनन मात्र स्वभाव भएका वा मन्त्रस्वरूप भएका, सबैको रक्षा गर्ने, (मन्त्ररूप भएकाले नै) अवेदनीय = अज्ञेय = जान्न नसकिने शरीर भएका त्यस्ता मनुरूप भगवान्लाई नमस्कार गर्दछु ।

टिप्पणी

मन्त्र शब्द मन् धातुबाट बन्छ । **मननात् त्रायते इति मन्त्रः** । अनि मनु पनि मन् ज्ञाने धातुबाटै बन्दछ । मन्यते इति मनुः । यथार्थ मनन गर्नेवाला भगवान् नै हुनुहुन्छ । "नान्यतोक स्ति मन्ता" भनेर वेदले भगवान्लाई मननकर्ता बनाएको छ । मनु भनेको मन्त्र हो र मन्त्रले जसको रक्षा गर्दछ त्यसलाई मनु भनिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५२) त्वष्टा

अक्षतेनाऽऽत्मना कांश्चित्त्वक्षतेऽनुचितोच्छ्रयान् ।
कांँश्चिचच्च रक्षते लोकाँस्त्वष्ट्रे तुभ्यं नमो नमः ॥५२॥

अर्थ

अक्षत स्वरूपले कुनैलाई अनुचित उन्नतिबाट पतन गराउने, कुनै लोकहरूलाई रक्षा गर्ने वा ताछ्ने/खिरिलो गर्ने त्यस्ता त्वष्टा (काष्ठकर्मी) सदृश भगवान् तपाईंलाई वारम्वार नमस्कार छ ।

टिप्पणी

संहारको समयमा सवै प्राणीहरूलाई तनु अर्थात् क्षीण गर्नेलाई त्वष्टा भनिन्छ । त्वक्ष तनुकरणे धातुबाट तृच् प्रत्यय गरेर त्वष्टा शब्द वन्दछ । तनूकरणको अर्थ हो तिखार्नु, संहारका समयमा भगवान्ले संसारलाई तिखार्नुहुन्छ अर्थात् क्षीण गर्नुहुन्छ ।

५३) स्थविष्ठः

प्रपञ्चं सकलं व्याप्य योऽध्यतिष्ठद्दशाङ्गुलम् ।
श्रुतीडिताय तस्मै ते स्थविष्ठाय नमो नमः ॥५३॥

अर्थ

सम्पूर्ण प्रपञ्चलाई व्याप्त गरेर जुन भगवान् दश अङ्गुलमा मात्र स्थित हुनुहुन्छ । श्रुति = वेदद्वारा स्तुति गरिएका अतिशय स्थूल (सवैभन्दा स्थूल = मोटा) त्यस्ता तपाईं स्थविष्ठ भगवान्लाई वारम्वार नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

भगवान्को ध्यान हृत्कमलमा गरिने विधान छ । त्यो हृदयरूपी कमल दश अङ्गुलको नै हुन्छ । दश अङ्गुल भनेका दश इन्द्रिय पनि हुन् ती दश इन्द्रियहरूलाई सञ्चालन गर्ने भगवान् हुनाले दशाङ्गुलमा व्याप्त भनिएको हो । सर्वत्र व्यापक भएका हुनाले भगवान्लाई स्थविष्ठ भनिएको हो ।

५४) स्थविरः ध्रुवः

पुराणायापि शक्ताय निर्विकाराय तिष्ठते ।
तुभ्यं नमोऽस्तु भगवन् ! स्थविराय ध्रुवाय च ॥५४॥

अर्थ

अत्यधिक पुराना भए पनि परमशक्त अर्थात् अति सामर्थ्यले युक्त भएका र सदैव निर्विकार रूपले रहने हे भगवान् ! स्थविर = अर्थात् अतिशय वृद्ध, र ध्रुव = अटल भएका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

निरन्तर स्थिर रहनाले नै भगवान्लाई ध्रुव भनिएको हो । पुरानो र सदैव एक नित्य रहनाले स्थविर ध्रुव एउटै नाम विशेषण सहित भगवान्लाई भनिएको हो । भगवान् पुरातनभन्दा पनि पुरातन हुनुहुन्छ । त्यस्तो भएर पनि वहाँमा कहिल्यै परिवर्तन हुँदैन । त्यसैले वहाँलाई ध्रुव भनिएको हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५५) अग्राह्यः

यश्चक्षुराद्यैः करणैर्ग्रहीतुं नैव शक्यते ।
अग्राह्याय नमस्तस्मै सच्चिदानन्दवर्ष्मणे ॥५५॥

अर्थ

जुन भगवान्लाई नेत्रादि इन्द्रियहरूद्वारा ग्रहण गर्न सकिँदैन, ती सच्चिदानन्द विग्रह (सच्चिदानन्द स्वरूप) भएका अग्राह्य नामका भगवान्लाई नमस्कार छ ।

टिप्पणी

उपनिषद्ले पनि **"यतो वाचो निवर्तन्ते अप्राप्य मनसा सह"** (तै.उ. २।९॥) भनेको छ ।

जहाँवाट मनसहित वाणी त्यसलाई प्राप्त नगरेर फर्केर आउँछ त्यस ब्रह्मानन्दलाई जान्ने पुरुष कहिल्यै पनि भयभीत हुँदैन भनेर भगवान् परमात्मा परमेश्वर इन्द्रियग्राह्य होइनन् भन्ने कुरा बताएको छ त्यसैले यहाँ पनि भगवान्को अग्राह्य नाम भनिएको हो । ग्रहीतुं शक्यः ग्राह्यः, न ग्राह्य इति अग्राह्यः । जो वा जसलाई ग्रहण गर्न सकिँदैन त्यसलाई अग्राह्य भनिन्छ ।

५६) शाश्वतः

कालानवच्छेद्यसत्ताशालितागुणशालिने ।
अनासादितमूलाय शाश्वताय नमो नमः ॥५६॥

अर्थ

कालले जसको सत्तालाई अवच्छेद (मापन गर्न) सक्दैन । यस्ता गुणले युक्त भएका र अप्राप्य मूल (जरो पत्ता लगाउन नसकिने) भएका त्यस्ता शाश्वत नाम भएका भगवान्लाई पुनः पुनः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

भगवान्को उत्पत्तिको रहस्य अर्थात् मूल छैन । त्यसैले शाश्वत भनिन्छ । यहाँ कालले अनवच्छिन्न भनिएको छ तर दिक्काल आदिले अनवच्छिन्न भएका भन्दा अझ उपयुक्त हुन जान्छ । यद्यपि शाश्वत शब्दले निरन्तर अर्थलाई बोध गराउँछ । त्यसैले भगवान् सर्वत्र र सर्वदा हुनुहुन्छ भन्ने भाव यसबाट बोध हुन्छ । सबै कालमा जुन विद्यमान छ त्यो शाश्वत हो ।

५७) कृष्णः

स्वानन्दैकस्वरूपाय देवकीदारकात्मना ।
द्वारकामाश्रितवते कृष्णाय शतशो नमः ॥५७॥

अर्थ

देवकीका पुत्रका रूपमा कृष्ण नाम गरेर स्वात्मानन्द मात्र स्वरूप भएका, द्वारकामा आश्रय लिएका, कृष्ण नाम गरेका भगवान्लाई शतशः नमस्कार छ ।

टिप्पणी

कृष्ण शब्दमा कृष् र ण यी दुई खण्ड गरेर कृष् शब्दको अर्थ हो सत्ता र ण शब्दको अर्थ हो आनन्द । सत्ताले सत् अर्थ बुझाउँछ, ण ले आनन्द अर्थ बुझाउँछ । अनि चित्को आक्षेप गरेर भगवान् कृष्ण सच्चिदानन्दस्वरूप हुनुहुन्छ भन्ने कुरा बुझिन्छ ।

कृष् धातु कर्षण = आकर्षण आफूतिर तान्ने अर्थमा छ, सम्पूर्ण विश्वलाई नै आफैं उपसंहार (लीन) गर्ने, सम्पूर्ण प्रपञ्चको बाध गरेर आफ्नो मात्र सत्ता राख्ने, भू धातुको जुन अर्थ हुन्छ कृष् धातुको पनि त्यही अर्थ हुन्छ । भू = सत्ता, त्यसको वाचक कृष् यो शब्द हो । ण वाट यो निर्वृत्ति अर्थात्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुखको वाचक हो । ती दुवैको अर्थ वोध गराउने भएका हुनाले कृष्ण सत्ता, आनन्दका साथै चैतन्यको पनि वोधक हो । त्यसैले "कृष्ण" शब्दले सच्चिदानन्दमय स्वरूपको वोध गराउँछ । अथवा कृष्णावतारमा भगवान्को रूप कृष्ण (कालो) भएको हुनाले कृष्ण भनिएको हो । कालो फलामको हलोको सियो वनेर भगवान्ले नै पृथ्वीलाई जोत्नुहुन्छ र अन्न उत्पन्न भएर संसार बाँच्दछ । भगवान्को कृष्ण वर्ण पनि छ त्यसैले वहाँलाई कृष्ण भनिएको हो ।

५८) लोहिताक्षः

धर्मर्षभशरीराय पुमर्थश्रेणिवर्षिणे ।
श्रुतिनिर्दिष्टरूपाय लोहिताक्षाय ते नमः ॥५८॥

अर्थ

धर्म वृषभ शरीर भएका, (धर्म भगवान्को नै स्वरूप हो) पुरुषार्थको श्रेणीलाई वर्षा गर्ने, वेदले रक्त नेत्रका रूपमा निर्देश गरिएका लोहिताक्ष नाम गरेका भगवान्लाई नमस्कार छ ।

टिप्पणी

राजा परीक्षितले आफ्नो राज्यमा निरीक्षणका क्रममा घुम्दा एउटा खुट्टाले मात्र उभिएको वृषभ (साढे) र अत्यन्त दुब्ली गाईलाई एउटा कालो वर्णको व्यक्तिले पिटिरहेको देखेर त्यसको निग्रह गरे । पछि ज्ञात भयो ती गाई पृथिवी थिइन् र साँढे धर्म थिए । त्यसैले धर्मले वृषभको रूप धारण गरेको कुरा यहाँ झल्किन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५९) प्रतर्दनः

नर्दतो दानवान् दृप्तान् यः प्रातर्दत्सहस्रशः ।
प्रतर्दनाय तस्मै ते ममाऽस्तु शतशो नमः ॥५९॥

अर्थ

नाद (गर्जन) गर्ने भएका दृप्त (घमण्डी) दानवहरूको जसले हजारौं पटक प्रतर्दन (नाश) गरे त्यस्ता प्रतर्दन नाम गरेका भगवान्लाई मेरो शतशः नमस्कार छ ।

टिप्पणी

भगवान्ले प्रलयकालमा प्राणीहरूको तर्दन अर्थात् हिंसा गर्नुहुन्छ त्यसैले वहाँलाई प्रतर्दन भनिन्छ ।

६०) प्रभूतः

ज्ञानैश्वर्यादिसकलसद्गुणग्रामशालिने ।
अभूतपूर्वभूताय प्रभूताय नमो नमः ॥६०॥

अर्थ

ज्ञान, ऐश्वर्य इत्यादि सम्पूर्ण सद्गुणहरूका खानी भएका, अभूतपूर्व भूतस्वरूप भएका प्रभूत नाम गरेका भगवान्लाई पुनः पुनः नमस्कार छ ।

टिप्पणी

भगवान् त्यस्ता भूत हुनुहुन्छ त्योभन्दा पूर्वभूत कोही पनि छैन त्यसैले अभूतपूर्वभूत भनिएको हो । प्रभूत भनेको अत्यधिक अर्थ हुन्छ । ज्ञान ऐश्वर्य आदि सम्पूर्ण गुणहरूले सम्पन्न भएकाले भगवान्लाई प्रभूत भनिएको हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६१) त्रिककुब्धामः

त्रिदिशं वैष्णवं धाम समधिष्ठाय तिष्ठते ।
त्रिसन्ध्यं त्रिककुब्धाम्ने करोमि हरये नमः ॥६१॥

अर्थ

तीन दिशामा विद्यमान वैष्णवधामलाई समधिष्ठित (व्याप्त) गरेर रहने भएका त्रिककुब्धाम नामका भगवान् हरिलाई तिनै सन्ध्या- (प्रातः, मध्याह्न र सायं) मा नमस्कार छ ।

टिप्पणी

ऊर्ध्व, अधः तथा मध्य यी तीन दिशा छन् । दिशामा जो व्याप्त छ, तीन दिशा नै जसका धाम (स्थान) छन् त्यसैले भगवान् त्रिककुब्धाम हुनुहुन्छ । तिनै भगवान्लाई यहाँ नमस्कार गरिएको छ ।

६२) पवित्रम्

जगत्त्रयं पुनानाय वज्रभीतिनिवारिणे ।
ममाऽस्तु हरये नित्यं पवित्राय नमो नमः ॥६२॥

अर्थ

तिनै जगत् (स्वर्ग, मर्त्य र पाताल) लाई पवित्र गर्ने, वज्रको भय (डर) लाई निवारण गर्ने (हटाउने) भएका पवित्र नामका भगवान्लाई मेरो नित्य नै नमस्कार छ । जसद्वारा पवित्र गरिन्छ वा जसले पवित्र गर्दछ त्यो देवताको नाम पवित्र हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६३) मङ्गलं परम्

मङ्गलेभ्योऽष्टसंख्येभ्य: श्रेष्ठत्वमधिजग्मुषे ।
नतिरस्तु प्रतिदिनं मङ्गलाय पराय मे ॥६३॥

अर्थ

आठ संख्या भएका मङ्गलहरूदेखि श्रेष्ठत्व प्राप्त गरेका, परमङ्गलरूप भगवान्लाई प्रतिदिन मेरो नमस्कार छ ।

टिप्पणी

अणिमा-महिमा-गरिमा लघिमा प्राप्ति प्राकाम्य ईशित्व वशित्व यी आठ सिद्धिहरू नै परममङ्गल हुन् । भगवान्मा यी अष्ट सिद्धिहरू स्वत: विद्यमान छन् । यीभन्दा पनि पर भगवान् हुनुहुन्छ त्यसैले भगवान्लाई मङ्गलं परम् भनिएको हो । मङ्गल भनेको जसको स्मरण मात्रले पुरुषहरूका अशुभहरू टाढा भाग्दछन् । शुभको विस्तार हुन्छ । त्यस ब्रह्मलाई नै मङ्गल भनिन्छ ।

भगवान् कल्याणरूप भएका हुनाले मङ्गल भनिएको हो । पर भनेको सबैभन्दा उत्कृष्ट/श्रेष्ठ हो । भगवान्भन्दा उत्तम मङ्गल अरु को हुन सक्छ र त्यसैले भगवान्लाई मङ्गलं परम् भनिएको हो ।

६४) ईशानः

समर्चा यस्य लोकानां लोकपालत्वसाधिका ।
ईशानाय नमस्तस्मै शक्तिसाम्राज्यशालिने ॥६४॥

अर्थ

जसको पूजा लौकिक प्राणीहरूलाई लोकपालत्वको साधिका हो अर्थात् लोकपाल बनाइदिन्छ । शक्तिका साम्राज्यले युक्त भएका ती ईशान नाम गरेका भगवान्लाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

भगवान्‌को ईशान नाम परेको सम्पूर्ण भूतहरूका नियन्ता हुनाले हो । भूतमात्र भगवान्‌का नियन्त्रणमा छन्, त्यसैले भगवान्‌लाई ईशान भनिएको हो ।

ईश् ऐश्वर्ये धातुबाट ईशान शब्द बन्दछ । जो सर्व समर्थ छ त्यो ईशान हो । भगवान्‌बाहेक कोही कुनै पनि सर्व समर्थवान् छैन । त्यसैले भगवान्‌लाई ईशान भनिएको हो ।

६५) प्राणदः

प्राणान् यथार्हं ददते द्यते दापयते सताम् ।
प्राणदाय नमस्तस्मै रुचिरौचित्यचारवे ॥६५॥

अर्थ

यथायोग्य प्राण दान गर्ने वा प्राण खण्डन वा हरण गर्ने, वा सज्जनहरूको प्राणलाई शोधन (शुद्ध) गर्ने, सुन्दर औचित्यलाई प्रतिपादन गर्ने भएका त्यस्ता प्राणद नाम गरेका भगवान्‌लाई नमस्कार छ ।

टिप्पणी

यदि आनन्दमय ईश्वर नभए कसले अपान (दिसा-पिशाव) क्रिया गराउँथ्यो र कसले प्राण क्रिया गराउँथ्यो भनेर भगवान्‌लाई प्राणमा चेष्टा गराउने भनिएको हो । त्यसैले प्राणमा चेष्टा दिनेवाला भगवान् हुनुहुन्छ । अथवा प्राणान् द्यति खण्डयति दो अवखण्डने धातुबाट पनि प्राणदः बन्दछ । कालरूपले भगवान्‌ले प्राणीका प्राणलाई तान्नुहुन्छ, प्राणलाई प्रदीप्त गर्ने हुँदा पनि वहाँलाई प्राणदः भनिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६६) प्राणः

यत्सत्तयैव करणग्रामः स्वार्थे प्रवर्तते ।
सर्वेप्सिताय भगवन् ! तस्मै प्राणाय ते नमः ॥६६॥

अर्थ

जसको सत्ता (अस्तित्व) ले सम्पूर्ण करण (इन्द्रिय) समुदाय आफ्नो कार्यमा प्रवृत्त हुन्छ, सबैले चाहेका प्राण नामका भगवान् तपाईंलाई नमस्कार छ ।

टिप्पणी

जसले प्राणन क्रिया गर्दछ अर्थात् श्वास प्रश्वासको क्रिया गर्छ त्यो प्राण हो । क्षेत्रज्ञ = जीव वा परमात्माको नाम प्राण हो । ब्रह्मको शक्तिले अधिष्ठित भएर नै प्राणन क्रियाको सामर्थ्य आउँछ । ब्रह्मको त्यो शक्ति चैतन्यात्मा ज्योतिले शून्य भएपछि प्राणादि इन्द्रियहरू काठ वा माटाको डल्लो जस्तो भई रहन्छन् ।

६७) ज्येष्ठः

सर्वेभ्योऽप्यतिवृद्धाय वन्दनीयाय निर्जरैः ।
ज्येष्ठाय भवते नित्यं सायं प्रातर्नमो नमः ॥६७॥

अर्थ

सवैभन्दा अति वृद्ध भएका, देवताहरूवाट पनि वन्दनीय भएका सबैभन्दा जेठा भएका, ज्येष्ठ नाम गरेका तपाईं भगवान्लाई सायं प्रातः पुनः पुनः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

ज्येष्ठ शब्द अत्यन्त प्रशंसनीय अर्थमा बन्दछ । अतिशयेन (वृद्धः) प्रशस्यः श्रेष्ठो ज्येष्ठश्च ।

६८) श्रेष्ठः

सर्वैः प्रशंसनीयाय निगमैरागमैरपि ।
श्रेष्ठाय भवते नित्यं भगवन् ! शतशो नमः ॥६८॥

अर्थ

निगम (वेद) आगम (तन्त्र-पुराणादि) सबैद्वारा प्रशंसनीय भएका त्यसैले श्रेष्ठ नाम गरेका हे भगवान् तपाईंलाई नित्य शतशः नमस्कार छ ।

टिप्पणी

सबैभन्दा धेरै प्रशंसनीयको नाम नै श्रेष्ठ हो । अथवा सबैको कारण हुनाले परमात्मा नै सबैभन्दा ज्येष्ठ हुनुहुन्छ । सबैभन्दा बढेचढेका हुनाले ईश्वर नै श्रेष्ठ हुनुहुन्छ ।

६९) प्रजापतिः

प्रजानां भूतभव्यानां पालकत्वमुपेयुषे ।
तुभ्यं कृतादृति प्रजापतये शतशो नमः ॥६९॥

अर्थ

भूतकालमा भएका र भविष्यत् कालमा हुने भएकालाई पनि पालन गर्ने भएका तपाईं प्रजापति नामका भगवान्लाई आदरपूर्वक शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

कृतादृति शब्दमा दृङ् आदरे धातुबाट क्तिच् प्रत्यय गरेर आङ् उपसर्ग लगाएर कृता आदृतिः यस्मिन् कर्मणि तत्- 'कृतादृति' नामको विशेषण रूपमा प्रयोग भएको बुझिन्छ । त्यसैले प्रजापतिलाई आदरपूर्वक सयौं नमस्कार छ भन्ने बुझिन्छ । भगवान् ईश्वररूपले सबै प्रजाहरूका पति अर्थात् स्वामी हुनुहुन्छ त्यसैले भगवान्लाई प्रजापति भनिएको हो ।

७०) हिरण्यगर्भः

हिरण्मयाण्डनिष्पन्नविध्यभिन्नत्वमीयुषे ।
तुभ्यं हिरण्यगर्भाय पुण्यनाम्ने नमो नमः ॥७०॥

अर्थ

हिरण्मय अण्ड (पिण्ड) लाई निष्पन्न (सम्पादन) गर्ने विधिदेखि अभिन्नता प्राप्त गरेका हिरण्यगर्भ यो पुण्यनाम प्राप्त गरेका तपाईं भगवान्लाई पुनः पुनः नमस्कार छ ।

टिप्पणी

हिरण्यमयको व्याख्या गर्दै मनुले पनि - यो संसार प्रलयकालमा तममा लीन अज्ञेय लक्षणरहित प्रमाणादिले रहित अविज्ञेय तथा सर्वत्र सुतेको जस्तो थियो । भगवान्ले आफ्नो सामर्थ्यद्वारा अन्धकारलाई हटाउँदै आकाशादि महाभूतहरूलाई व्यक्त (प्रकट) गर्नुभयो । ती परमात्मा अतीन्द्रिय सूक्ष्म, अव्यक्त, नित्य, सबै प्राणीका आत्मा एवं अचिन्त्य हुनुहुन्छ । परमात्मा स्वयं प्रकट हुनुभयो । तिनै परमात्माले अनेक प्रकारका प्रजाहरू सृष्टि गर्ने इच्छा गरी सर्वप्रथम जलको सृष्टि गरी त्यसमा आफ्नो शक्तिरूपी बीजको वपन (सेचन) गर्नुभयो । त्यो बीज सहस्र सूर्यको जस्तो प्रकाश भएको सुवर्णको जस्तो तेजिलो शुद्ध अण्डको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूपमा प्रकट भयो त्यो नै हिरण्यमय अण्ड हो । त्यसबाट सम्पूर्ण लोकका पितामह ब्रह्माजी उत्पन्न हुनुभयो । ब्रह्माण्डरूपी हिरण्मय अण्डका भित्र व्याप्त हुनुका कारण सृष्टिकर्ता ब्रह्मा नै हिरण्यगर्भ हुन् । ती ब्रह्माका पनि आत्मास्वरूप हुनाले भगवान् पनि हिरण्यगर्भ हुनुभयो । हिरण्यगर्भ नामका जो पुरुष छन् ती सबैभन्दा पहिले उत्पन्न भए । उनी उत्पन्न हुने वित्तिकै प्राणी मात्रका स्वामी भए ।

७१) भूगर्भः

इतराणीव भूतानि तव गर्भे बभूव भूः ।
तुभ्यं सभक्ति भगवन् ! भूगर्भाय नमो नमः ॥७१॥

अर्थ

अरु आकाशादि भूतजस्तै तपाईंका गर्भमा पृथिवी पनि भइन्, त्यसैले तपाईं भूगर्भ हुनुहुन्छ । हे भूगर्भ भगवान् तपाईंलाई भक्तिपूर्वक नमस्कार छ ।

७२) माधवः

मधुविद्यावबोध्याय मधुवंशोद्भवाय च ।
मायाः (श्रियश्च) पत्ये ते माधवाय नमो नमः ॥७२॥

अर्थ

मधुविद्याद्वारा जान्न सकिने, मधुवंशमा उत्पन्न, माया र श्रीका पति माधव नाम भएका तपाईंलाई पुनः पुनः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

मायाः (लक्ष्म्याः धवः पतिः माधवः) लक्ष्मीका पतिलाई माधव भनिन्छ । श्री पनि लक्ष्मी नै हुन् र उनका पनि पति भन्नुको आशय भगवान्लाई संसारको रचना गर्ने प्रकृतिरूपी मायाका पति हुनाले र शुद्धबुद्धज्ञान प्रदात्री श्रीमहामायाका पति हुनाले पनि माधव भनिएको हो । एउटी मोक्षदायिनी लक्ष्मी शुद्धबोधस्वरूपा, दोस्री संसारको गर्त (खाडल) मा हाल्ने बन्धनकारिणी मायारूपी लक्ष्मी दुवैका पति भगवान् हुनाले मायाः श्रियश्च पत्ये भनेर दुवैको बोध गराइएको छ । मधुविद्याको विवेचन बृहदारण्यकोपनिषद्को पञ्चम ब्राह्मणमा गरिएको छ- यो पृथिवी समस्त भूतहरूको मधु हो, एवं सम्पूर्ण भूतहरू पनि पृथ्वीका मधु हुन् । यहाँ मधु शब्दको अर्थ मह अर्थात् कार्य हो । जसरी मौरीको घार अनेक मौरीहरूद्वारा तयार गरिन्छ त्यसैगरी पृथ्वी पनि समस्त भूतहरू - आकाश - वायु - तेज - जलद्वारा निर्मित छ । त्यसैले समस्त भूतहरू पृथ्वीका मधु अर्थात् कार्य हुन् । यस पृथ्वीमा तेजोमय अमृतमय पुरुष छ तथा जुन अध्यात्म शरीरमा रहने तेजोमय अमृतमय पुरुष हो र जुन आध्यात्मिक शरीरमा लिङ्गरूपमा रहन्छ त्यो पनि तेजोमय र अमृतमय छ । यी सबै मधु अर्थात् भूतका कार्य हुन् । ती सबैका अन्तः स्थित आत्मा हो त्यो नै अमृत हो र आत्मा हो । त्यसरी जल, वायु, तेज (सूर्य) यी सबैमा मधु विद्याको भाव गरेर नित्य शुद्धबद्ध बोधस्वरूप आत्माको विवेचन गरिएको छ । यसमा पनि मधुविद्यावबोध्याय भनेर त्यही मधु विद्याको सङ्केत गरिएको हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७३) मधुसूदनः

निजकर्णमलोद्भूतकैटभाग्रजघातिने ।
तुभ्यं कृताञ्जलि मधुसूदनाय नमो नमः ॥७३॥

अर्थ

आफ्ना कानका मयलबाट उत्पन्न भएका कैटभका दाजु मधुलाई मारेका हे मधुसूदन तपाईंलाई हात जोडेर पुनः पुनः नमस्कार छ ।

७४) ईश्वरः

मनसा वचसा मूर्ध्ना स्वैरशक्तिविहारिणे ।
ईश्वराय नमस्तुभ्यं सृष्टिस्थित्यन्तकारिणे ॥७४॥

अर्थ

आफ्ना वशमा भएकी शक्तिले विहार गर्ने, सृष्टिस्थितिसंहार गर्ने, सर्वसमर्थ भएका तपाईं ईश्वरलाई मन, वचन र शिरले नमस्कार छ ।

टिप्पणी

सर्वशक्तिमान् हुनाले नै भगवान्लाई ईश्वर भनिन्छ । ईश् धातुबाट वरच् प्रत्यय गरेर ईश्वर शब्द वनेको हो । जो सर्वसमर्थ छ, कर्तुम् अकर्तुमन्यथा कर्तुम् समर्थः छ त्यो नै ईश्वर हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७५) विक्रमी

प्रशंसितं सुविततं नित्यसंबद्धमुन्नतम् ।
विक्रमं दधते तुभ्यं नित्यं विक्रमिणे नमः ॥७५॥

अर्थ

प्रशंसित, विस्तृत, नित्य रहिरहनेवाला एवं उन्नत (उच्चकोटिको) विक्रम अर्थात् पराक्रमलाई धारण गर्ने विक्रमी नाम भएका तपाईं भगवान्लाई नित्य नमस्कार छ ।

टिप्पणी

विक्रम शूरवीरतालाई भनिन्छ । त्यो शूरवीरता भगवान्मा नित्य नै रहन्छ । **विक्रमोऽस्यास्तीति विक्रमी-** विक्रम शब्ददेखि इनि प्रत्यय गरेर विक्रमी शब्द बनेको हो ।

७६) धन्वी

धरते सुदृढं दीर्घं गुर्वच्छेद्यं महद्धनुः ।
धनुर्धराणां धुर्याय धन्विने ते नमो नमः ॥७६॥

अर्थ

सुदृढ (बलियो) दीर्घ (लामो) गुरु (गरुङ्गो) अच्छेद्य (भाँच्न नसकिने) ठूलो धनुषलाई धारण गर्ने, धनुर्धरहरूमा अग्रगण्य भएका धन्वी नाम गरेका तपाईं भगवान्लाई पुनः पुनः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

धनुष जसको छ त्यसलाई धन्वी भनिन्छ । 'धनुरस्यास्तीति' यस विग्रहमा इनि प्रत्यय र यण् गरी धन्वी शब्द बन्दछ । धनुर्धारण गर्ने भगवान् राम मुख्य हुनुहुन्छ । "रामः शस्त्रभृतामहम्" गीता (१०।३१) मा भगवान्ले भन्नुभएको छ ।

७७) मेधावी

सप्तलक्षणसंपन्नामतापां दूरधाविनीम् ।
मेधां दधानाय तुभ्यं नाथ ! मेधाविने नमः ॥७७॥

अर्थ

सात लक्षणले युक्त, ताप रहित, दूरसम्म जाने मेधा (बुद्धि) लाई धारण गर्ने मेधावी नामका हे नाथ ! तपाईंलाई नमस्कार छ ।

टिप्पणी

मेधा शब्ददेखि विनि प्रत्यय गरेर मेधावी शब्द बन्दछ । धेरै ग्रन्थहरू धारण गर्ने सामर्थ्यलाई मेधा भनिन्छ । त्यो मेधा जसमा रहन्छ त्यो मेधावी हो । भगवान्का अतिरिक्त सम्पूर्ण ग्रन्थहरूलाई धारण गर्न कसले सक्छ र ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७८) विक्रमः

विशेषेण जगद्व्याप्तिं कुर्वते बलिनिग्रहे ।
विवाहनाय च सते विक्रमाय नमो नमः ॥७८॥

अर्थ

बलिलाई निग्रह गर्दा विशेषरूपले जगत्लाई नै व्याप्त गर्ने भएका र विवाहन (पक्षी गरूड नै वाहन भएका) अथवा वाहनरहित भएर नै वामन रूपमा विश्वलाई व्याप्त गर्ने भएका सत्स्वरूप विक्रम नाम गरेका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

विक्रम भगवान्ले संसार वा जगत्लाई नै नाघेर ब्रह्मलोकमा पाउ पुऱ्याउनुभएको थियो । त्यसैले वहाँ विक्रम हुनुहुन्छ । **विशिष्टः क्रमः यस्य सः** = विशिष्ट छ हिडाइ जसको यस्तो । अथवा वि = पक्षीद्वारा गमन छ जसको त्यो विक्रम हो । त्यसैले भगवान् विक्रम हुनुहुन्छ । जगत्लाई नै लङ्घन गर्नाले अथवा गरुड पक्षीद्वारा गमन गर्नाले भगवान् विक्रम हुनुहुन्छ ।

७९) क्रमः

श्रौतस्मार्तक्रियाश्रेणिविधानविधिवर्ष्मणे ।
ददते कर्मसाफल्यं क्रमाय शतशो नमः ॥७९॥

अर्थ

श्रौतस्मार्त क्रियाहरूको र त्यसका श्रेणी (पङ्क्ति) हरूको एवं विधिहरूको पनि शरीर धारण गर्ने भएका, कर्मको सफलता दिने क्रम नामका भगवान्लाई शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

कमण (फड्को-दौडाइ) वा क्रम अर्थात् विस्तारका कारण हुनाले विष्णुको नाम कम हो । त्यसैले वहाँलाई कम भनिन्छ ।

८०) अनुत्तमः

उत्तमान् जयते सर्वान् सर्वैरेव गुणैः सदा ।
तुभ्यं विचित्रचर्यायाऽनुत्तमाय मुहुर्नमः ॥८०॥

अर्थ

आफ्ना सवै गुणहरूले आफूलाई उत्तम मान्ने, सबैलाई जित्ने, विचित्र चर्या = आचरण भएका, अनुत्तम नाम गरेका तपाईंलाई बारम्बार नमस्कार छ ।

टिप्पणी

अनुत्तम - अविद्यमान छ उत्तम जसदेखि त्यो अनुत्तम हो । अविद्यमान उत्तमो यस्मात्- भगवान्भन्दा उत्तम कोही छैन त्यसैले भगवान्लाई अनुत्तम भनिएको हो ।

८१) दुराधर्षः

प्रचण्डतरदोर्दण्डैर्बाणकोदण्डपाणिभिः ।
मुरादिभिर्वैरिवर्गैर्दुराधर्षाय ते नमः ॥८१॥

अर्थ

अत्यन्त प्रचण्ड वाहुदण्ड भएका, वाण र धनुष हातमा लिएका, मुर आदि दैत्य-राक्षस-दुष्ट शत्रुवर्गहरूद्वारा जित्न नसकिने भएका दुराधर्ष नामका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

भगवान् दैत्यादिहरूद्वारा दवाउन नसकिने भएका हुनाले दुराधर्ष हुनुहुन्छ। दुराधर्ष शब्द ञिधृषा प्रागल्भ्ये धातुबाट वा धृष प्रहसने धातुबाट पनि बन्न सक्दछ । **दुःखेन आधर्षयितुं शक्यते इति दुराधर्षः-** दुःखले नै जसलाई केही भन्न वा हाँसो गर्न सकिन्छ त्यो दुराधर्ष हो । यद्यपि भगवान् श्रीकृष्णमाथि शिशुपालले हाँसो गरेको थियो तर अन्त्यमा वधरूपी फल प्राप्त भयो। त्यसैले भगवान्लाई कसैले हेप्न सक्दैन ।

८२) कृतज्ञः

पत्रं पुष्पं फलं तोयं भक्त्या दत्तं प्रतीच्छते ।
यच्छते च चतुर्वर्गं कृतज्ञाय नमो नमः ॥८२॥

अर्थ

पत्र, पुष्प, फल, जल मात्र पनि भक्तिपूर्वक दिइएकोलाई सहर्ष ग्रहण गर्नुहुने र चतुर्वर्ग (धर्म-अर्थ-काम-मोक्ष) दिनुहुने त्यस्ता कृतज्ञ भगवान्लाई पुनः पुनः नमस्कार छ ।

टिप्पणी

कृतज्ञको अर्थ हो गरेको कुरालाई जान्ने । 'कृतं जानातीति कृतज्ञः' भगवान्ले प्राणी (मानव) ले गरेको पुण्य र पाप सबै जान्नुहुन्छ त्यसैले वहाँ कृतज्ञ हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८३) कृतिः

बलीयसां मतिमतां कृतित्वाधानहेतवे ।
व्यवहारैकमूलाय कृतये शतशो नमः ॥८३॥

अर्थ

वलवान्हरूको र वुद्धिमान्हरूको कृतित्वलाई राख्ने (आधानका कारण) भएका, व्यवहारका एक मात्र मूल भएका कृतिरूप भगवान्लाई शतशः नमस्कार छ ।

टिप्पणी

कृति भनेको क्रिया वा व्यापार हो । चलन-स्पन्दन पनि भनिन्छ । त्यो स्पन्दन क्रिया भगवान्को अभावमा सम्भव छैन । जडवस्तुमा स्वतः स्पन्दन आउँदैन । स्पन्दन भन्नु र कृति भन्नु एउटै कुरा हो । त्यसैले संसारका प्राणीहरूलाई स्पन्दन गराउने र गर्ने भगवान्लाई कृति भनिन्छ ।

८४) आत्मवान्

स्वयं महिमनि स्वीये सर्वदा प्रतितिष्ठते ।
श्रुत्यन्तगीतशीलाय तुभ्यमात्मवते नमः ॥८४॥

अर्थ

आफ्नै महिमामा आफै स्वयं सर्वदा प्रतिष्ठित भई श्रुति (वेद) को अन्त्य भाग उपनिषद्हरूले स्तुति गरिएका आत्मवान् तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

आफ्नै महिमामा प्रतिष्ठित हुनाले भगवान् आत्मवान् हुनुहुन्छ । ईश्वर भूमा (अतिशयेन बहु) तत्त्वमा दृश्यभन्दा भिन्न कुनै अन्य द्रष्टव्य विषयलाई अन्य इन्द्रियद्वारा देख्दैन र सुन्दैन पनि । जुन देखिन्छ, सुनिन्छ, जानिन्छ त्यो अल्प हो र भूमा देखिँदैन, सुनिँदैन र जानिँदैन पनि त्यसैले त्यो भूमा (महान्) हो । जो अल्प छ त्यो मर्त्य हो । त्यो भूमा आत्मामा नै प्रतिष्ठित हुन्छ त्यसलाई आत्मवान् भनिन्छ । जो आफ्नो महिमाले प्रतिष्ठित हुन्छ त्यसलाई आत्मवान् भनिन्छ । आफ्नो महिमाले प्रतिष्ठित भगवान् मात्र भएकाले वहाँलाई आत्मवान् भनिएको हो ।

८५) सुरेशः

सुराणां (दानशौण्डानां) देवानामप्यधीशताम् ।
संप्राप्ताय सुरेशाय नतमौलेर्नमो मम ॥८५॥

अर्थ

दानशील भएका देवताहरूका पनि अधीश (स्वामी/श्रेष्ठ) भएका त्यसैले सुरेश अर्थात् देवताहरूको ईशत्व प्राप्त गरेका तपाईं सुरेशलाई मस्तक (शिर) निहुराएर मेरो नमस्कार छ ।

टिप्पणी

सुर भनेको देवता हो । त्यसको ईश भनेको स्वामी अर्थात् इन्द्र । इन्द्रका रूपमा भगवान् नै हुनुहुन्छ । अथवा सुर भनेको सुष्ठु राति ददाति इति "सुरः" अर्थात् जो/जसले राम्रोसँग दिन्छ र कसैबाट केही लिँदैन त्यो सुर हो । सुरमा पनि सबैभन्दा श्रेष्ठ हुनाले भगवान् सुरेश हुनुभयो । वहाँले सबैलाई दिनुहुन्छ तर कसैबाट केही पनि लिनुहुन्न । त्यसैले शुभ दिनेहरूका ईश हुनाले भगवान् सुरेश हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८६) शरणम्

आधारभूताय सते रक्षते च निजाश्रितान् ।
शरणाय नमस्तस्मै कस्मैचन महीयसे ॥८६॥

अर्थ

सबैका आधार भएका/शरण भएका, सत्स्वरूप भएका, आफ्ना आश्रितहरूको रक्षा गर्ने (विभीषण जस्ता शरणमा आएकाको रक्षा गर्ने) महीयान् (ठूला भन्दा पनि ठूला भएका) शरण नाम गरेका भगवान्लाई मेरो नमस्कार छ ।

टिप्पणी

भगवान् दु:खीहरूको दु:खलाई दूर गर्नुहुन्छ त्यसैले वहाँलाई शरण भनिएको हो । कुनै पनि प्राणी दु:खी भएर कसैको शरणमा जान्छ तर त्यो दु:ख निवारण गर्ने (हटाउने) सामर्थ्य व्यक्तिमा हुँदैन । त्यो दु:ख हटाउने सामर्थ्य भगवान्मा मात्र छ । त्यसैले भगवान्लाई शरण भनिएको हो ।

८७) शर्म

सर्वेहायाः परित्यागाल्लभ्याय कृतिभिर्जनैः ।
पूर्णानन्दस्वरूपाय नमस्ते नाथ ! शर्मणे ॥८७॥

अर्थ

कृति (कर्म) गर्ने पुरुषहरूद्वारा सम्पूर्ण इच्छाको परित्याग गरेपछि प्राप्त गर्न सकिने, सम्पूर्ण आनन्दस्वरूप शर्म नाम गरेका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

शर्म शब्द शृ हिंसायाम् धातुबाट सर्वधातुभ्यो मनिन् बाट मनिन् प्रत्यय गरेर बनेको हो । शृणाति अशुभम् इति शर्म, जसले अशुभलाई नष्ट गर्छ त्यो शर्म हो । शर्म शब्द सुख अर्थात् आनन्दको वाचक हो । त्यसैले परमानन्दस्वरूप हुनाले भगवान् शर्म हुनुहुन्छ ।

८८) विश्वरेताः

शक्तिरूपेण वीर्येण विश्वोत्पत्तिविधायिने ।
अनश्वरप्रभावाय नमस्ते विश्वरेतसे ॥८८॥

अर्थ

शक्तिरूप वीर्यद्वारा विश्वको उत्पत्ति गर्ने, अनश्वर (कहिल्यै नष्ट नहुने) प्रभाव भएका विश्वरेता नामका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

रेतस् शब्द वीर्यको वाचक हो । भगवती शक्ति नै भगवान्को वीर्य हो । शक्तिद्वारा नै विश्वको उत्पत्ति हुन्छ । भगवान्को शक्तिरूपी वीर्य कहिल्यै नष्ट हुँदैन । त्यसैले भगवान् विश्वरेता हुनुहुन्छ । कुनै पनि वस्तुको उत्पत्तिमा वीजको आवश्यकता पर्दछ । वीजलाई कारण भनिन्छ । विश्वको कारण हुनाले नै भगवान् विश्वरेता भनिनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८९) प्रजाभवः

स्वयेच्छया विदधते प्रजानामभवं भवम् ।
प्रजाभवाय भवते भगवन् ! भूरि मे नमः ॥८९॥

अर्थ

स्वेच्छाले प्रजाहरूको अभव (नाश) र भव (उत्पत्ति) गर्ने, प्रजाभव नाम गरेका तपाईंलाई हे भगवान् मेरो भूरि-भूरि नमस्कार छ ।

टिप्पणी

प्रजाभव शब्दमा प्रजानामभवः- प्रजानां भवः दुवै व्युत्पत्ति गर्न सकिन्छ । प्रजाहरूको उत्पत्ति र नाश दुवै गर्ने भएका हुनाले भगवान्लाई प्रजाभव भनिन्छ । सम्पूर्ण प्रजा जसबाट उत्पन्न हुन्छन् ती भगवान् प्रजाभव भनिन्छन् । 'प्रजानां भवः (उत्पत्ति) यस्मात् स प्रजाभवः' यस व्युत्पत्तिले पनि प्रजाभव भनेर भगवान्लाई नै बुझाउँछ ।

९०) अहः

भजतां बोधवैधुर्यतमिस्रावृतचेतसाम् ।
अह्ने (प्रकाशरूपाय) करोमि शतशो नमः ॥९०॥

अर्थ

बोधको वैधुर्य (अभाव) रूपी अन्धकारद्वारा आवृत (ढाकिएको) चित्त भएका, भजन गर्नेहरूका दिन (प्रकाश) स्वरूप भएका अहः रूप भगवान्लाई म शतशः नमस्कार गर्छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

ज्ञानको अभावरूपी अन्धकारले भक्तहरूको चित्त जब छोपिन्छ (ढाकिन्छ) त्यो अन्धकार रात्रि स्वरूप हो । त्यस अज्ञानरूपी अन्धकारलाई भगवान्ले दिनको प्रकाशले जस्तै हटाइदिनुहुन्छ । जसरी रात्रिको अन्धकारलाई सूर्यको प्रकाशले अन्त्य गरिदिन्छ त्यसै गरी भगवान्ले भक्तहरूको अज्ञानरूपी अन्धकारलाई नष्ट गरिदिनुहुन्छ । भगवान् प्रकाशरूप हुनाले अहः अर्थात् दिन हुनुहुन्छ । अज्ञान अन्धकार हो र ज्ञान प्रकाश हो । अज्ञान रात्रि हो र ज्ञान दिन हो । त्यसैले भगवान् अहस्वरूप अर्थात् प्रकाशस्वरूप हुनुहुन्छ ।

९१) संवत्सरः

परिबोधयते सर्वान् सुप्तानिव शरीरिणः ।
संवत्सराय भगवन् ! भवते शतशो नमः ॥९१॥

अर्थ

सुतेका जस्ता भएका सबै देह (शरीर) धारीहरूलाई परिबोध (जगाउने) भएका संवत्सर नाम गरेका हे भगवान् तपाईंलाई शतशः नमस्कार छ ।

टिप्पणी

संवत्सरका प्रारम्भमा सबै मानिस आफ्नो गत वर्षको क्रियाकलापलाई सम्झेर त्यसमा भएमा त्रुटिको निराकरण गर्नको लागि आफ्नो आउने वर्षको योजना बनाउँदछन् । नवीन वर्षले सुतेका जस्ता भएका प्राणीहरूलाई व्युँझाए जस्तो गर्छ त्यसैले भगवान्लाई संवत्सर भनिएको हो । भगवान् कालस्वरूप हुनुहुन्छ । संवत्सर अर्थात् वर्ष पनि एउटा काल हो । कालस्वरूपले स्थित भएका भगवान्लाई संवत्सर भनिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९२) व्यालः

विशेषेण प्रपञ्चेऽस्मिन् पर्याप्तिमधिजग्मुषे ।
व्यालाय तुभ्यं कलये भगवन् ! शतशो नतीः ॥९२॥

अर्थ

यस विश्व प्रपञ्चमा विशेषरूपले पर्याप्ति अर्थात् व्याप्ति प्राप्त गर्नुभएका व्याल नाम गरेका हे भगवान् तपाईंलाई म शतशः नमस्कार गर्छु ।

टिप्पणी

व्याल अर्थात् सर्पको जस्तो समाउन नसकिने हुनाले भगवानलाई व्याल भनिएको हो । भगवान्लाई कसैले समाउन, जान्न सक्दैन । व्याल (सर्प) जस्तो ग्रहण गर्न नसकिनाले भगवान् व्याल हुनुहुन्छ ।

९३) प्रत्ययः

श्रद्धासाधनसम्पन्नैः प्रपञ्चविमुखैर्जनैः ।
कैश्चित्प्रतीयमानाय प्रत्ययाय नमो नमः ॥९३॥

अर्थ

श्रद्धा र साधनले सम्पन्न भएका अथवा श्रद्धारूपी साधनले सम्पन्न भएका, प्रपञ्चबाट हटेका केही मानिसहरूले मात्र जानिने भएका त्यस्ता प्रत्ययरूपी भगवान्लाई पुनः पुनः नमस्कार छ ।

टिप्पणी

श्रद्धा भएमा मात्र भगवान्लाई जान्न सकिन्छ । प्रपञ्चबाट विमुख पनि हुनुपर्दछ । त्यस्ताले मात्र भगवान्लाई प्रत्यय अर्थात् जान्न सक्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रत्यय अर्थात् प्रतीति प्रज्ञालाई भनिन्छ । प्रतीति (प्रत्यय प्रज्ञान) रूप हुनाले नै भगवान्लाई प्रत्यय भनिन्छ । ऐतरेय उपनिषद्ले पनि - "प्रज्ञानं ब्रह्म" भनेको छ । त्यसैगरी प्रज्ञानरूप आत्मा नै ब्रह्म हो, त्यो नै इन्द्र हो, त्यो नै प्रजापति हो, पञ्चभूत पनि प्रज्ञान नै हो । सबै प्रपञ्च प्रज्ञानमै स्थित छन् । प्रज्ञान नै संसारको उत्पत्ति र लयस्थान हो । त्यसैले प्रज्ञान अर्थात् प्रत्यय नै ब्रह्म हो । प्रतीति प्रत्यय प्रज्ञा ज्ञान पर्यायवाची शब्द हुन् र भगवान् ज्ञानस्वरूप हुनाले प्रत्यय हुनुहुन्छ ।

९४) सर्वदर्शनः

सर्वं सर्वत्र सर्वेषां चरित्रमवजग्मुषे ।
विश्वतश्चक्षुषे सर्वदर्शनाय मुहुर्नमः ॥९४॥

अर्थ

सबैलाई सर्वत्र (सबै ठाउँमा) सबैको चरित्रलाई जान्ने भएका विश्वतः चक्षु (चारैतिर नेत्र भई सबैलाई देख्न सक्ने) भएका सर्वदर्शन नाम गरेका भगवान्लाई बारम्बार नमस्कार छ ।

टिप्पणी

सबै रूपमा भगवान् नै हुनुहुन्छ । दर्शन भनेको नेत्र हो- दृश्यतेऽनेन इति दर्शनम्, जसबाट देखिन्छ त्यो दर्शन हो । भगवान् सबैका नेत्रस्वरूप हुनुहुन्छ । जति नेत्र छन् ती भगवान्कै नेत्र हुन् त्यसैले भगवान्लाई सर्वदर्शन भनिन्छ । श्वेताश्वतरोपनिषद्मा पनि भगवान्लाई विश्वतश्चक्षु भनिएको छ । विश्व शब्दको अर्थ सर्व हो, भगवान् विश्वदर्शन, विश्वमुख, विश्ववाहु, र विश्वपाद हुनुहुन्छ अर्थात् सम्पूर्ण विश्व नै भगवान्का मुख, वाहु, र पाद (चरण) हुन् । विश्वका जति पनि मुख छन् ती सबै भगवान्का मुख हुन् । त्यसैगरी बाहु र पाद (चरण) पनि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९५) अजः

षण्णां भावविकाराणामुत्तरोत्तरवर्तिनाम् ।
आद्येन परिहीणायाऽजाय तुभ्यं नमो नमः ॥९५॥

अर्थ

उत्तरोत्तरवर्ती (एकपछि क्रमशः आउने) भएका ६ भाव विकारहरू मध्ये प्रथम भावविकारले रहित अज नाम भएका तपाईंलाई पुनः पुनः नमस्कार छ ।

टिप्पणी

भाव अर्थात् वस्तुका विकार ६ नै छन्- **"जायते, अस्ति, विपरिणमते, वर्धते, अपक्षीयते, नश्यति"** । उत्पन्न हुन्छ, छ, विकृत (परिणमित) हुन्छ, बढ्छ, घट्छ र नाश हुन्छ । कुनै पनि वस्तुका यी ६ विकार हुन्छन् ।

प्रथम भाव विकार जायते अर्थात् उत्पन्न हुन्छ यो हो । त्यो विकार भगवान्मा हुँदैन किनकि भगवान् कहिल्यै उत्पन्न नै हुनुहुन्न । त्यसैले वहाँको नाम अज हो । न उत्पन्न भएको हो, न उत्पन्न हुन्छ, र न उत्पन्न हुनेछ सम्पूर्ण भूतहरूको क्षेत्रज्ञ भगवान् नै हुनुहुन्छ । त्यसैले भगवान्ले आफूलाई अज भन्नुभएको छ ।

९६) सर्वेश्वरः

सर्वं सर्वविधं वस्तु सर्वत्रैवाधिकुर्वते ।
सर्वेश्वराय भवते भगवन् ! भूयसी नतिः ॥९६॥

अर्थ

सबै र सबै प्रकारका वस्तुलाई सर्वत्र नै अधिकार गर्ने भएका त्यसैले सर्वेश्वर नाम गरेका हे भगवान् तपाईंलाई धेरै नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

संसारमा जो वस्तु छ, जहाँ छ, जति प्रकारको भए पनि सबैको स्वामी तपाईं नै हुनुहुन्छ, त्यसैले हजुरलाई सर्वेश्वर भनिन्छ । समस्त ईश्वरहरूका पनि ईश्वर हुनाले भगवान्लाई सर्वेश्वर भनिन्छ । उपनिषद्मा पनि यो सबैको ईश्वर हो, यो सर्वज्ञ हो, यो अन्तर्यामी हो, यो सबै जीवहरूको उत्पत्ति र लयको स्थान हुनाले यो कारण पनि हो भनिएको छ ।

९७) सिद्धः

अनस्तिताविहीनाय त्रिषु कालेषु सर्वतः ।
सिद्धाय तुभ्यं भगवन् ! अस्ति मे शतशो नतिः ॥९७॥

अर्थ

तिनै कालमा, सबै दिशामा अनस्तिता (अभाव) ले रहित भएका त्यसैले सधैं सिद्ध भएका हे भगवान् तपाईंलाई मेरो शतशः नमस्कार छ ।

टिप्पणी

त्रिषु कालेषु भन्नाले कालावच्छिन्नता र सर्वतः भन्नाले दिगवच्छिन्नता हुन आउँछ । अनस्तिताविहीनाय भन्नाले काल र दिशाको मापदण्डभन्दा बाहिर भन्ने बुझाउँछ । त्यसैले भगवान् सर्वदा सिद्ध हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९८) सिद्धिः

योगौषधतपोमन्त्रैरिष्यमाणाय जन्मिभिः ।
सिद्धये सन्तु भगवन् ! फलरूपाय वन्दनाः ॥९८॥

अर्थ

प्राणीमात्रले जसलाई प्राप्त गर्न योगसिद्धि, औषधसिद्धि, तपसिद्धि र मन्त्रसिद्धिद्वारा प्राप्त गर्न चाहन्छन्, त्यस्ता फलस्वरूप अर्थात् सिद्धिस्वरूप हे भगवान् मेरा वन्दनाहरू तपाईलाई प्राप्त होऊन् ।

टिप्पणी

यहाँ योगदर्शनका सिद्धिहरूमा चतुर्थपादमा प्रतिपादित जन्मसिद्धि, औषधीसिद्धि, मन्त्रसिद्धि तपसिद्धि र समाधिसिद्धि मध्ये योग, मन्त्र, औषधी, तप यी चार सिद्धिको उल्लेख गरिएको छ ।

जन्मसिद्धि भनेको जन्मैबाट सिद्धि प्राप्त गर्नु हो जसरी पक्षीहरू आकाशमा उड्न सक्दछन् । औषधी सिद्धि भनेको रस रसायनको प्रयोगले शरीरलाई स्वस्थ वनाउने काम हुन्छ । मन्त्र सिद्धिले आकाशादि गमन गर्न सक्ने सामर्थ्य प्राप्त हुन्छ । तपसिद्धिले सङ्कल्पको सिद्धि हुन्छ । अर्थात् जे सङ्कल्प गऱ्यो त्यो सिद्धि हुन्छ र योग अर्थात् समाधि सिद्धिद्वारा अणिमादि ऐश्वर्य चन्द्रलोक इन्द्रलोक गमन आदि प्राप्त हुन्छ । यसरी यहाँ चार प्रकारका सिद्धिहरूको चर्चा गरेर सिद्धिस्वरूप भगवान्लाई नमन गरिएको छ । "**जन्मौषधिमन्त्रतपःसमाधिजाः सिद्धयः** ॥ योगदर्शन ।४।१"

सम्पूर्ण वस्तुहरूमा संवित् अर्थात् ज्ञानरूप हुनाले अथवा सबैभन्दा श्रेष्ठ हुनाले वा सवैको फल भगवान् नै हुनाले भगवान्को नाम सिद्धि हो । स्वर्गादिफल नाशवान् छन् त्यसैले ती सिद्धि वा फल होइनन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९९) सर्वादिः

सर्वेषामेव भावानां प्रथमत्वं च बिभ्रते
कारणत्वं च भजते तुभ्यं सर्वादये नमः ॥९९॥

अर्थ

सबै भावहरूको प्रथमता (पहिलोपना) धारण गर्ने, सबैका कारण पनि भएका त्यसैले सर्वादि नाम गरेका हे भगवन् तपाईंलाई नमस्कार छ ।

टिप्पणी

भगवान् भावरूप हुनुहुन्छ र अभावरूप पनि हुनुहुन्छ । भाव त धेरै छन् - द्रव्य, गुण, कर्मसामान्यादि, अभाव सातौं पदार्थ हो । ती भाव पदार्थका पनि कारण हुनाले सर्वादि भगवान् नै हुनुहुन्छ । भगवान्‌बाट नै सम्पूर्ण प्रपञ्चहरूको उत्पत्ति भएको हो । त्यसैले भगवान् सर्वादि हुनुहुन्छ ।

१००) अच्युतः

नित्यमच्यवमानाय स्वरूपात्प्राभवादपि ।
अच्युताय नमस्तुभ्यं छिद्रच्छादनकीर्तये ॥१००॥

अर्थ

नित्य नै आफ्नो स्वरूपबाट जो च्युत हुँदैनन् यद्यपि प्रकट हुन्छन् त्यसैले क्षिद्रलाई आच्छादन (छोप्ने) गर्ने कृति भएका अच्युत नाम गरेका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

यहाँ क्षिद्रलाई आच्छादान गर्ने भनेको हुनाले कर्ममा भएको त्रुटि भगवान्‌को स्मरणले पूर्ण हुन्छ, यस कुराको स्मरण यसबाट हुन्छ -

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्य स्मृत्या च नामोक्त्या तपोयज्ञक्रियादिषु ।

न्यूनं सम्पूर्णतां याति सद्यो वन्दे तमच्युतम् ॥

जसको स्मरण गर्नाले र नाम लिनाले तपस्या, यज्ञ आदि क्रियाहरूमा भएको न्यूनता (कमी) सम्पूर्णतामा प्राप्त गर्छ, ती अच्युतलाई प्रणाम छ भन्ने श्लोकको भाव झल्कन्छ ।

न च्युतः इति अच्युतः जो कहिल्यै नाश हुँदैन त्यो अच्युत हो । अर्थात् भगवान्को कहिल्यै च्युति हुँदैन त्यसैले वहाँ अच्युत हुनुहुन्छ । भगवान् आफ्नो स्वरूपशक्तिले कहिल्यै च्युत हुनुभएन न, च्युत हुनुहुन्छ, न हुनुहुनेछ त्यसैले वहाँ अच्युत हुनुहुन्छ ।

सहस्रनामविवृतौ कुलचन्द्रकृताविदम्

आदिमं शतकं प्राप पूर्णतां कृपया हरेः ॥

सहस्रनामको विवृति (व्याख्या) मा कुलचन्द्रले रचना गरेको १०० नामको यो आदिम पहिलो शतकले श्री हरिका कृपाले पूर्णता प्राप्त गऱ्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१०१) वृषाकपिः

वृषं न यः कम्पयति स्वकीयं धर्मनामकम् ।
तस्मै तुभ्यं देव ! वृषाकपये शतशो नमः ॥१०१॥

अर्थ

स्वकीय धर्म नाम भएका वृषलाई जसले कहिल्यै कम्पन गर्दैनन्, त्यस्ता वृषाकपि नाम गरेका हे देव तपाईंलाई शतशः नमस्कार छ ।

टिप्पणी

वृष भनेको धर्म हो । कपि भनेको वानर हो । जुन धर्म कपि अर्थात् वानर जस्तो जसको वशमा छ त्यो वृषाकपि हो । **वृषः धर्मः कपिः (वानरः), वृषः कपिवत् वश्यो यस्य = बृषाकपिः अन्येषामपीति सूत्रेण दीर्घः** । अथवा **वृषं न कम्पयतीति वृषाकपिः शिवः**, वृष अर्थात् बसाहालाई जसले कँपाउन सक्दैन त्यसलाई वृषाकपि भनिन्छ । अथवा वृष-बसाहाले दैत्यहरूलाई कम्पन गराइदिन्छ । त्यो वृषाकपि हो । **वृषेण आकम्पयति दैत्यान् इति वृषाकपिः** ।

सबै कामनाहरूको वर्षा गर्ने भएका हुनाले धर्मलाई वृष भनिन्छ । जलबाट भूमिलाई जसले रक्षा गरेको थियो त्यो कपि अर्थात् वराह भगवान् हुनुहुन्छ । कात् जलात् भूमिं पातीति कपिः = वराहावतार भगवान् । वृषरूप हुनाले र कपिरूप हुनाले भगवान् वृषाकपि हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१०२) अमेयात्मा

प्रमाणैः शास्त्रनिर्दिष्टैर्यस्याऽऽत्मा नैव भीयते ।
करोमि तस्मै शतशोऽहममेयात्मने नमः ॥१०२॥

अर्थ

शास्त्रमा निर्देश गरिएका प्रमाणहरूले जसको आत्मा मापन गर्न सकिंदैन त्यस्ता अमेय आत्मा भगवान्लाई म शतशः नमस्कार गर्छु ।

१०३) सर्वयोगविनिःसृतः

यो योगै रुध्यमानोऽपि निःसरीसर्ति नैकशः ।
प्रणम्यते स भगवान् सर्वयोगविनिःसृतः ॥१०३॥

अर्थ

जुन भगवान् योगद्वारा (योगसाधना वा अनेक उपायहरूद्वारा) रोक्दा रोक्दै पनि अनेक बार वाहिर निक्लिहाल्नुहुन्छ उनै भगवान् सम्पूर्ण उपाय गर्दा पनि वाहिर निक्लेका सर्वयोगविनिःसृत नाम गरेका भगवान्लाई प्रणाम छ ।

टिप्पणी

सम्पूर्ण सम्वन्धले रहित हुनाले भगवान् सर्वयोगविनिःसृत हुनुहुन्छ । अथवा नानाप्रकारका शास्त्रहरूका योग साधनाहरूद्वारा जानिने हुनाले भगवान् सर्वयोगविनिःसृत हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१०४) वसुः

यस्मिन् वसन्ति भूतानि भूतान्याच्छादयेच्च यः ।
तस्मै नमोस्तु वसवे धीधनानां धनाय च ॥१०४॥

अर्थ

जसमा सबै भूत (प्राणी-प्रपञ्च) बस्छन् र जसले सम्पूर्ण भूत-प्राणीहरूलाई आच्छादन गर्छ (छोप्छ) । त्यस्ता बुद्धि नै धन भएका (विद्वान्हरूका), धनस्वरूप भएका ती वसुनामका गरेका भगवानलाई नमस्कार छ ।

टिप्पणी

भगवान्मा सबै भूत बस्छन् त्यसैले भगवान् वसु हुनुहुन्छ । अथवा ती भूतमा भगवान् बस्नाले भगवान् वसु हुनुहुन्छ । वसतीति वसुः, जो बस्छ त्यो वसु हो । वसन्त्यस्मिन् इति वसुः - जसमा सबै प्राणीहरू बन्छन् ती वसु हुन् ।

१०५) वसुमनाः

रागद्वेषादिभिर्दोषैर्मनो यस्य न दूषितम् ।
तस्मै कृताञ्जलि वसुमनसे शतशो नमः ॥१०५॥

अर्थ

राग-द्वेष इत्यादि दोषले जसको मन दूषित छैन तिनै वसुमना नाम गरेका भगवान्लाई हात जोडेर शतशः नमस्कार गर्दछु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

वसु शब्द धनवाची हो त्यसले प्रशस्तता अर्थात् श्रेष्ठता भन्ने बुझिन्छ। जसको मन प्रशस्त (ठूलो वा प्रशंसनीय) छ ती भगवान् वसुमना हुनुहुन्छ। रागद्वेषादि - क्लेश र मदादि उपक्लेषद्वारा दूषित नहुनाले भगवान्को मन प्रशस्त छ।

क्लेश - ५ मानिएका छन् - १.अविद्या, २.अस्मिता, ३.राग, ४.द्वेष, ५.अभिनिवेश।

उपक्लेश - मद, मात्सर्यादि उपक्लेश छन्। यी कुनैले पनि दूषित नगर्ने हुँदा उहाँलाई वसुमना भनिन्छ।

१०६) सत्यः

तथ्यतां न त्यजति यः साधुः सत्सु च यः स्थितः।
सच्च त्यच्चाऽभवद्यश्च तस्मै सत्याय ते नमः ॥१०६॥

अर्थ

जसले तथ्यलाई कहिल्यै पनि छोड्दैन जो सधैं साधु नै छ, जो सदासर्वदा सत्मा वा साधुमा स्थित छ त्यसैले सत् र त्यत् अनवद्य (अनिन्दित) छ त्यस्ता सत्यनामका भगवान् तपाईंलाई नमस्कार छ।

टिप्पणी

सत्यस्वरूप हुनाले भगवान् सत्य हुनुहुन्छ। उपनिषद्मा पनि 'सत्यं ज्ञानमनन्तं ब्रह्म' (तै.उ.।२।१।१) भनिएको छ।

अथवा भगवान् सत् (मूर्त) र त्यत् (अमूर्त) हुनुहुन्छ त्यसैले मूर्तामूर्त स्वरूप हुनाले भगवान् सत्य हुनुहुन्छ। उपनिषद्मा - "सच्च त्यच्चाभवत्" तै.उ.२।६।१ भनिएको छ। अथवा सत् प्राणलाई भनिन्छ। त् अन्नलाई भनिन्छ र य सूर्यलाई भनिन्छ। प्राण, अन्न र सूर्य स्वरूप हुनाले भगवान् सत्यस्वरूप हुनुहुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१०७) समात्मा

यस्यात्मा सर्वभूतेषु दधाति समतां सदा ।
समेषामेव यश्चाऽऽत्मा नमस्तस्मै समात्मने ॥१०७॥

अर्थ

जसको आत्माले सम्पूर्ण प्राणीमा सदा समता (समानता) स्थापित गर्छ, जो सम अर्थात् सबैको आत्मा हो त्यस्ता समात्मा नाम गरेका भगवान्लाई नमस्कार छ ।

टिप्पणी

जसको आत्मा अर्थात् मन सम अर्थात् रागद्वेष इत्यादिले रहित छ, सबैका प्रति समान छ ती भगवान् समात्मा हुनुहुन्छ । अथवा समस्त प्राणीहरूमा भगवान् सम अर्थात् एकात्मा हुनुहुन्छ त्यसैले भगवान्लाई समात्मा भनियो ।

१०८) असम्मितः

गुणजात्यादिभिः सर्वैर्वस्तुधर्मैरुपाधिमिः ।
अपरिच्छिद्यमानायाऽसम्मिताय नमो नमः ॥१०८॥

अर्थ

गुण-जाति आदि वस्तुका धर्महरूद्वारा (उपाधिहरूद्वारा) पनि जसलाई परिच्छिन्न गर्न (कुनै प्रकारको विशेषण लगाउन) नसकिने त्यस्ता असम्मित नाम गरेका भगवान्लाई बारबार नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

समस्त पदार्थद्वारा भगवान् (सम्मित हुनुहुन्छ) जानिनुहुन्छ, त्यसैले भगवान्लाई सम्मित भनिएको छ । अथवा समस्त पदार्थहरूद्वारा असम्मित=अपरिमित (ननापिएका) हुनुहुन्छ त्यसैले भगवान् असम्मित हुनुहुन्छ ।

१०९) समः

सर्वस्वरूपाय सते मया च सहचारिणे ।
नमस्तस्मै भगवते समस्मै च समाय च ॥१०९॥

अर्थ

सवैको स्वरूप हुनाले एवं सत् हुनाले भगवान् सम हुनुहुन्छ । अथवा मा अर्थात् लक्ष्मीका साथ चल्ने हुनाले वा मा = मायाका साथ चल्ने हुनाले भगवान् सम हुनुहुन्छ । तिनै समरूप भगवान्लाई नमस्कार छ ।

टिप्पणी

मा = लक्ष्मीः, मा = प्रकृतिः = माया (तया सह वर्तते इति समः)

जुन सवै कालमा भगवान् समस्त विकारले रहित हुनाले सम हुनुहुन्छ । कहिल्यै विषम अर्थात् विकार नहुने हुनाले सम । मया सह वर्तते समः अर्थात् सदा लक्ष्मीका साथ रहनाले भगवान् सम हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

११०) अमोघः

जनैः कृता यस्य सेवा वैफल्यं नैति कर्हिचित् ।
अमोघाय नमस्तस्मा अघसंघातघातिने ॥११०॥

अर्थ

जन = मानिसले गरिएको जसको सेवा कहिल्यै विफल अर्थात् व्यर्थ हुँदैन, त्यस्ता पापको समुदायलाई नाश गर्ने भएका अमोघ नाम गरेका भगवान्‌लाई नमस्कार छ ।

टिप्पणी

मोघको अर्थ हो व्यर्थ जहाँ व्यर्थता छदैछैन त्यसैले अमोघ । नास्ति मोघो यस्य सः अमोघः अथवा सङ्कल्प कहिल्यै व्यर्थ नहुनाले भगवान् सत्यसङ्कल्प अर्थात् अमोघ हुनुहुन्छ ।

पूजा-स्तुति वा स्मरण गरिएका जसले सम्पूर्ण फल दिनुहुन्छ, व्यर्थ गर्नुहुन्न त्यसैले भगवान् अमोघ हुनुहुन्छ ।

१११) पुण्डरीकाक्षः

अक्ष्णोति हृत्पुण्डरीकं प्राणिनां यः सनातनः ।
पुण्डरीकाक्षाय तुभ्यं तस्मै मे शतशो नमः ॥१११॥

अर्थ

प्राणीहरूको हृदयरूपी कमललाई जसले व्याप्त गर्नुभएको छ त्यस्ता सनातन (सधैं वर्तमान रहिरहने) पुण्डरीकाक्ष नाम गरेका भगवान् तपाईंलाई मेरा शतशः नमस्कार छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

हृदयमा स्थित पुण्डरीक अर्थात् कमलमा व्याप्त भएका अथवा प्राप्त हुने भएका (अथवा कसैले भगवान्लाई हेर्न चाहन्छ भने आफ्नो हृदय हेरोस् ।) भगवान् पुण्डरीकाक्ष, अथवा पुण्डरीक भनेको कमल हो र कमलका आकारका दुई वटा नेत्र हुनाले भगवान् पुण्डरीकाक्ष हुनुहुन्छ ।

११२) वृषकर्मा

कर्मधर्ममयं यस्य जगदभ्युदयावहम् ।
तस्मै भगवते नित्यं नमोऽस्तु वृषकर्मणे ॥११२॥

अर्थ

जसको कर्म धर्ममय छ, र संसारको अभ्युदय गर्नेवाला छ, तिनै वृषकर्मा नाम गरेका भगवान्लाई नित्य नमस्कार छ ।

टिप्पणी

वृष भनेको धर्म हो, जसले शुभको वर्षा गर्छ त्यो धर्म हो । भगवान्का सम्पूर्ण कर्म धर्ममय छन् त्यसैले भगवान्लाई वृषकर्मा भनिएको हो ।

११३) वृषाकृतिः

वृषत्राणाय विविधामाकृतिं धरते सते
अस्तु बद्धाञ्जलि वृषाकृतये शतशो नमः ॥११३॥

अर्थ

वृष अर्थात् धर्मको रक्षा गर्नको लागि विविध आकृति (रूप) धारण गर्ने सत्स्वरूप भएका वृषाकृति नाम गरेका भगवान्लाई हात जोडेर शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

वृष अर्थात् धर्मको निमित्त नै आकृति अर्थात् शरीर छ जसको ती भगवान्लाई वृषाकृति भनिन्छ ।

११४) रुद्रः

गिरं प्रददते सद्भ्योऽसतो द्रावयतेऽखिलान् ।
अगम्यबहुमुद्राय रुद्राय शतशो नमः ॥११४॥

अर्थ

सज्जनहरूलाई वाणी प्रदान गर्ने र सम्पूर्ण असज्जनहरूलाई नाश गर्ने, अगम्य (जान्न नसकिने धेरै मुद्राहरू भएका) रुद्र नाम गरेका भगवान्लाई शतशः नमस्कार छ ।

टिप्पणी

रुद्र शब्दका अनेक अर्थ छन् - रुद्र रुङ् गतिरेषणयोः धातुबाट पनि बन्दछ । रु शब्दे धातुबाट क्विप् प्रत्यय गरेर क्विप्को सर्वोपहारी लोप गरी तुक् गरेर रुत् बन्छ र रुत् भनेको शब्द हो । रुतं राति (ददाति) इति रुद्रः, जसले वाणी दिन्छ त्यो रुद्र हो । अथवा रुदिर् अश्रु विमोचने धातुबाट पनि रुद्र बन्दछ । रोदयतीति रुद्रः - संहारकालमा प्रजाहरूलाई संहार गर्दै रुवाउनुहुन्छ त्यसैले भगवान् रुद्र हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

११५) बहुशिराः

धनञ्जयप्रेमजुषे वपुर्वैराजमीयुषे ।
बद्धाञ्जलेर्मम बहुशिरसे ते नमो नमः ॥११५॥

अर्थ

धनञ्जय (अर्जुन) को प्रेमलाई सेवन गर्ने, त्यही प्रेमका कारणले विराट् शरीर धारण गर्ने (विराटरूप हुनाले नै) धेरै शिर (बहुशिर) भएका, तपाईं भगवान्लाई हात जोडेर मेरो बारम्बार नमस्कार छ ।

११६) बभ्रुः

अभ्र-तीव्रांशु-शुभ्रांशु-रूपाय भ्रमते सदा ।
बिभ्रते सकलान् लोकान् बभ्रवे शतशो नमः ॥११६॥

अर्थ

अभ्र (बादल) तीव्रांशु (सूर्य) शुभ्रांशु (चन्द्र) रूप भएका, सदा भ्रमणशील भएका, सम्पूर्ण लोकहरूलाई भरण गर्ने बभ्रु नामका भगवान्लाई शतशः नमस्कार छ ।

टिप्पणी

लोकलाई जसले भरण-पोषण गर्दछ त्यो बभ्रु हो । लोकको भरणपोषण भगवान्वाट मात्रै सम्भव भएकाले भगवान् बभ्रु हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

११७) विश्वयोनिः

निःसरन्ति यतो लोका वह्नेः सूक्ष्माः कणा इव ।
तस्मै नमोऽस्तु शतशः साञ्जलेर्विश्वयोनये ॥११७॥

अर्थ

सम्पूर्ण लोकहरू अग्निका सूक्ष्मकण (झिल्का) जस्तै जसवाट निस्कन्छन् ती विश्वका नै योनि (कारण) भएका विश्वयोनि भगवान्लाई हात जोडेर शतशः नमस्कार छ ।

विश्वका कारण हुनाले नै भगवान् विश्वयोनि हुनुहुन्छ । योनि शब्द कारणको वाचक हो ।

११८) शुचिश्रवाः

यस्य कीर्तनमात्रेण शुचिर्भवति मानवः ।
तस्मै कृताञ्जलि शुचिश्रवसे भवते नमः ॥११८॥

अर्थ

जसको कीर्तनमात्रले मानव शुचि (पवित्र) हुन्छ ती शुचिश्रवा नाम गरेका भगवान् तपाईंलाई अञ्जलिबद्ध नमस्कार छ ।

टिप्पणी

श्रव भनेको सुन्न योग्य वा कीर्तन योग्य अर्थात् जसका नाम सुन्न वा कीर्तन गर्न योग्य (पवित्र) छन् ती भगवान्लाई शुचिश्रवा भनिन्छ ।

(शुचीनि श्रवांसि नामानि यस्य सः अथवा श्रवणीयानि नामानि यस्य सः) जसका नाम पवित्र छन् अथवा सुन्न योग्य छन् ती शुचिश्रवा हुन् । श्रव भनेको कृति पनि हो । भगवान्को पवित्र कृति छ त्यसैले वहाँलाई शुचिश्रवा भनिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

११९) अमृतः

यदनुध्यायिनां मृत्युर्भयादिव निवर्तते ।
दयामयाय ते तस्मा अमृताय नमो नमः ॥११९॥

अर्थ

जसको ध्यान गर्नाले मृत्यु डराए जस्तै गरी फर्कन्छ, दयामय (दयाका खानी) भएका अमृतनाम गरेका ती तपाईं भगवान्लाई वारम्वार नमस्कार छ ।

टिप्पणी

भगवान्को मृत अर्थात् मरण हुँदैन, त्यसैले भगवान् अमृत हुनुहुन्छ । **न विद्यते मृतं (मरणं) यस्य सः अमृतः ।**

१२०) शाश्वतस्थाणुः

नित्यसत्तावते नित्यस्थिरत्वाय प्रतिक्षणम् ।
प्रीत्या करोमि शतशः शाश्वतस्थाणवे नमः ॥१२०॥

अर्थ

नित्य सत्तावान् भएका प्रतिक्षण नित्य स्थिर भएका, त्यस्ता शाश्वतस्थाणु नाम गरेका भगवान्लाई प्रीतिपूर्वक शतशः नमस्कार गर्दछु ।

टिप्पणी

शाश्वतः चासौ स्थाणुश्च - शाश्वतस्थाणु (ठूटो कहिल्यै नाश नहुने, ठूटो जस्तो भगवान्को स्वरूप हुनाले भगवान्लाई शास्वतस्थाणु भनिएको हो । भगवान् शाश्वत (नित्य) पनि हुनुहुन्छ साथै स्थाणु (स्थिर) पनि हुनुहुन्छ । त्यसैले भगवान्को शाश्वतस्थाणु नाम भएको हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१२१) वरारोहः

यस्याङ्कमधिरूढानामवरोहो निरुद्ध्यते ।
तस्मै स्थिरानुकम्पाय वरारोहाय ते नमः ॥१२१॥

अर्थ

जसको अङ्क (काख) मा अधिरूढ भएका (चढेका) हरूको अवरोह (पतन) रोकिन्छ तिनै स्थिरकृपा भएका वरारोह तपाईं भगवान्लाई नमस्कार छ ।

टिप्पणी

भगवान्को अङ्क अर्थात् काख वर (श्रेष्ठ) छ त्यसैले भगवान् वरारोह हुनुहुन्छ । वा भगवान्मा आरोह गर्नु वर (उत्तम) हो त्यसैले वरारोह हुनुहुन्छ । **वर आरोहो यस्य सः=वरारोहः, अथवा वर आरोहो यस्मिन् सः** जसमा जानु श्रेष्ठ छ, भगवान्मा आरूढ भएकाको फेरि संसारमा आगमन हुँदैन त्यसैले भगवान् वरारोह हुनुहुन्छ ।

१२२) महातपाः

प्रतापतपसोर्यस्य महत्त्वं विश्वविश्रुतम् ।
तस्मै कृताञ्जलि महातपसे ते नमो नमः ॥१२२॥

अर्थ

जसको प्रताप र तपस्याको महत्त्व विश्वमा नै विश्रुत (प्रसिद्ध) छ तिनै महातपा नाम गरेका तपाईं भगवान्लाई हात जोडेर वारम्वार नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

भगवान्को सृष्टिविषयक तप अर्थात् ज्ञान अत्यधिक महान् छ त्यसैले वहाँ महातप हुनुहुन्छ। मुण्डकोपनिषद्मा पनि "यस्य ज्ञानमयं तपः" भनिएको छ। जसको तपस्या नै ज्ञानमय भनिएको छ। अथवा तप भनेको ऐश्वर्य वा प्रताप हो। त्यो ऐश्वर्य र तपस्या जसको महान् छ त्यो महातपा हो।

१२३) सर्वगः

य उपादानभावेन भावे भावेऽवतिष्ठते।
सर्वगाय सते तस्मै सभक्ति शतशो नमः ॥१२३॥

अर्थ

जुन भगवान् उपादान समवायीकारणको रूपमा प्रत्येक भाव-भाव (प्रत्येक वस्तु) मा विद्यमान हुनुहुन्छ। उनै सर्वग (सत्स्वरूप भगवान्) लाई भक्तिपूर्वक शतशः नमस्कार छ।

टिप्पणी

कारण नै जहाँ कार्यको रूपमा उपस्थित हुन्छ त्यसलाई उपादान भनिन्छ। उपादान भनेको कारण हो।

सर्वेषु गतः सर्वगः = सबैमा व्याप्त भएका। कारणरूपले भगवान् सर्वत्र व्याप्त हुनुहुन्छ। सबै ठाउँमा जानुहुन्छ, (सर्वं गच्छतीति सर्वगः) त्यसैले भगवान् सर्वगः हुनुहुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१२४) सर्वविद्भानुः

सर्वं विदन्नेव भवन् सर्वदा भाति यः स्वयम् ।
सर्वविद्भानवे तस्मै भवते भावये नमः ॥१२४॥

अर्थ

सबैलाई जानेर नै जो सर्वदा प्रकाशित हुन्छन् वा दीप्त हुन्छन्, 'सर्वविद्भानु' नाम गरेका तपाईं भगवान्लाई नमस्कारको भावना गर्छु ।

टिप्पणी

भा दीप्तौ धातुबाट भानु बनेको हो । भाति दीव्यति इति भानुः, सर्वं वेत्ति इति सर्वविद् = सबैलाई जसले जान्दछ त्यो सर्वविद्भानु । जो सबै कुरा जानेर प्रकाशित छ त्यो सर्वविद्भानु हो ।

सबै कुरा जान्दछन्, वा सबै वस्तु प्राप्त गर्दछन् त्यसैले भगवान् सर्वविद् हुन् । विद् ज्ञाने वा विद्लृ लाभे धातुबाट सर्व शब्दको समास भएर सर्वविद् शब्द बन्दछ । सर्वं वेत्ति (जानातीति) वा सर्वं विन्दति (लभते) इति सर्वविद् । यसरी सर्वविद्भानु शब्द सिद्ध हुन्छ । भगवान् सर्वविद् पनि भानु पनि हुनुहुन्छ त्यसैले सर्वविद्भानु भगवान्को नाम रहयो ।

१२५) विष्वक्सेनः

पराञ्चत्यासुरी सेना यस्माद्विष्वग् भयातुरा ।
विष्वक्सेनाय तस्मै ते शतशोऽस्तु नमो नमः ॥१२५॥

अर्थ

जसको भय (डर) ले आत्तिएर आसुरी सेना चारैतिर पछि भाग्छन्, ती विष्वक्सेन नाम गरेका तपाईं भगवान्लाई शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

भगवान्को युद्धको उद्योग मात्रले दैत्यसेना चारैतिर भाग्छन् । त्यसैले भगवान् विष्वक्सेन भनिनुहुन्छ । विष्वक् यो अव्ययपद हो त्यसैले सबै यस्तो अर्थ बुझाउँछ । अञ्चको अर्थ पलायन (भाग्नु) हो । भगवान्को रण-उद्योगले मात्र पनि दैत्य सेनाहरू चारैतिर भाग्दछन् त्यसैले भगवान् विष्वक्सेन हुनुहुन्छ ।

१२६) जनार्दनः

जननाम्नोऽसुरान् ख्यातान् दुष्टाँश्चार्दयतेऽपरान् ।
जनार्दनाय भवते भगवन्नस्ति मे नतिः ॥१२६॥

अर्थ

जन नाम गरेका दुष्ट कुख्यात असुरहरूलाई अर्दन (पीडित) गर्ने भएका अथवा जननाम गरेका असुरहरू र अन्य दुष्टहरूलाई पनि अर्दन (पीडित) गर्ने भएका जनार्दन नाम गरेका हे भगवान् तपाईंलाई मेरो नति (नमस्कार छ) ।

टिप्पणी

जन अर्थात् दुर्जनहरूलाई अर्दन (पीडित) गर्दछन् वा मार्दछन्, अथवा नरकादि तमोमय लोकमा पठाउनुहुन्छ । त्यसैले भगवान् जनार्दन हुनुहुन्छ । **जनान् अर्दयति हिनस्ति इति जनार्दनः अथवा जनान् दुर्जनान् अर्दयति नरकादीन् गमयति इति जनार्दनः** । अथवा भक्तजनहरूद्वारा भगवान्संग अभ्युदयनिःश्रेयस्वरूप पुरुषार्थ मागिन्छ त्यसैले भगवान् जनार्दन हुनुहुन्छ । जनैः पुरूषार्थम् अर्ध्यते (याच्यते) इति जनार्दनः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१२७) वेदः

विद्यते यः सत्यतया वेत्ति सर्वं च यः स्वयम् ।
वेद्यते यश्च विन्दानैस्तस्मै वेदाय ते नमः ॥१२७॥

अर्थ

जो सत्यरूपले विद्यमान हुनुहुन्छ, एवं जसले सबै कुरा जान्नुहुन्छ, प्राप्त गर्नेहरू (भगवान्लाई जान्ने भक्त वा ज्ञानीहरू) ले जुन भगवान् जानिन्छन् (अरुले जान्न सक्दैनन्) उनै वेद नाम भएका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

भगवान् वेदस्वरूप हुनुहुन्छ । भगवान्को वेद नै रूप हो त्यसैले भगवान् वेद हुनुहुन्छ । (वेदरूपत्वात् वेदः)

"वेदो हि भगवान् साक्षात् इति शुश्रुम" अथवा वेद अर्थात् ज्ञान प्राप्त गराउनुहुन्छ त्यसैले भगवान् वेद हुनुहुन्छ ।

१२८) वेदवित्

स्वनिःश्वासमयान् वेदान् विश्वविश्वासदायिनः ।
याथातथ्येन यो वेत्ति तस्मै वेदविदे नमः ॥१२८॥

अर्थ

आफ्ना निःश्वासमय वेदहरूलाई, विश्वलाई नै विश्वास दिलाउने भएकाहरूलाई यथातथ्यरूपले जस्तो छ त्यस्तै रूपले जसले जान्नुहुन्छ त्यस्ता वेदवित् नाम गरेका भगवान्लाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

वेद एवं वेदका अर्थलाई भगवान्‌ले जस्ताको तस्तै यथार्थरूपले जान्नुहुन्छ - त्यसैले वहाँलाई वेदवित् भनिन्छ । गीतामा पनि भनिएको छ - वेदान्तको रचना गर्ने र वेदलाई जान्ने म (श्रीकृष्ण) नै हुँ । **वेदान्तकृद् वेदविदेव चाहम्** । गीता १५।१५॥

१२९) अव्यङ्गः

अङ्गैर्ज्ञानविरागाद्यैरहीनाय सदा सते ।
अव्यङ्गाय नमस्तुभ्यमव्यक्तायापि तिष्ठते ॥१२९॥

अर्थ

ज्ञान, विरागादि अङ्गहरूद्वारा कहिल्यै हीन नभएका, सत्‌रूप भएका अव्यक्त भएर पनि सधैं विद्यमान रहेका अव्यङ्ग नामका तपाईं भगवान्‌लाई नमस्कार छ ।

टिप्पणी

ज्ञान इत्यादि छ अङ्गले परिपूर्ण भएका हुनाले भगवान्‌लाई अव्यङ्ग भनिन्छ । विगतानि अङ्गानि यस्य सः जसका अङ्गमा खोट छ अथवा कुनै अङ्गले हीन छ भने त्यसलाई व्यङ्ग भनिन्छ । जो व्यङ्ग छैन अर्थात् कुनै पनि अङ्गले रहित छैन त्यसलाई अव्यङ्ग भनिन्छ । भगवान् सबै अङ्गले पूर्ण हुनाले वहाँलाई अव्यङ्ग भनिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१३०) वेदाङ्गः

यस्य वेदा अङ्गरूपा (गमका + बोधका) इति ।
श्रुत्यन्तमात्रवेद्याय वेदाङ्गाय नमो नमः ॥१३०॥

अर्थ

जसका वेदहरू अङ्गरूप अर्थात् वेदले भगवान्लाई शब्दप्रमाणरूपले बोधक साथै भगवान्का अङ्ग नै हुनाले अनुमापक (गमक) (ज्ञान गराउनेवाला) हुन् जसरी अग्निको अङ्गरूप धूम (धुवाँ) देखेर अग्नि अङ्गीको ज्ञान हुन्छ त्यसैगरी वेदलाई देखेर भगवान्को ज्ञान हुन्छ । श्रुतिको अन्त उपनिषद् मात्रले वेद्य (जान्न सकिने) भएका वेदाङ्ग नाम गरेका भगवान्लाई पुनः पुनः नमस्कार छ ।

१३१) वेदवित्

वेदरूपं (बोधरूपं) यः स्वं वेत्ति स्वयं सदा ।
नित्यप्रबोधरूपाय तस्मै वेदविदे नमः ॥१३१॥

अर्थ

वेदरूप अर्थात् बोधरूप आफूलाई जसले स्वयं सधै जान्नुहुन्छ, नित्य प्रबोधरूप ती वेदवित् नाम गरेका भगवान्लाई नमस्कार छ ।

टिप्पणी

भगवान् वेदरूप नै हुनुहुन्छ । वेद भनेको ज्ञान हो त्यसैले ज्ञानरूप हुनुहुन्छ । ती ज्ञानस्वरूप भगवान्लाई स्वयं आफैंले नै जान्नुहुन्छ, अरु कसैले जान्ने कुरा आएन । अरुले जानेमा भगवान्मा परिछिन्नता दोष आउँछ, भगवान् अपरिछिन्न हुनुहुन्छ, आफू नै वेद = ज्ञानस्वरूप भएका हुनाले आफ्नो स्वरूपलाई आफूले मात्र जान्नुहुन्छ । वेदपूर्वक विद् विचारणे धातुवाट क्विप् प्रत्यय गरेर वेदवित् बन्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१३२) कविः

चतुर्धा कवमानाय (दधते वाक्स्वरूपताम्) ।
कल्पनापटवे तुभ्यं कवये शतशो नमः ॥१३२॥

अर्थ

चार प्रकारले रचना गर्ने र वाक्यस्वरूप धारण गर्ने, कल्पनामा पटु (चतुर) भएका कवि नाम गरेका तपाईं भगवान्लाई शतशः नमस्कार छ ।

टिप्पणी

वर्णको उच्चारण गर्दा चार प्रकारको स्थिति हुन्छ र अन्त्यमा वर्णले पद र वाक्यस्वरूप धारण गर्छ । भाषा वा वर्णको प्रथम स्थिति - परा, द्वितीया स्थिति-पश्यन्ती, तृतीया स्थिति-मध्यमा, चतुर्थस्थिति-वैखरी हो । वैखरी स्थितिमा पुगेपछि वर्ण वा पद वाक्यका रूपमा परिणत हुन्छन् । त्यही स्थितिलाई यहाँ प्रकट गरिएको छ । कवि शब्द कवृ वर्णने धातुबाट वनेको हो ।

कवते इति कविः जसले वर्णन गर्छ त्यो कवि हो । क्रान्तदर्शी हुनाले अर्थात् सवैलाई देख्ने हुनाले भगवान् कवि हुनुहुन्छ । किनकि भगवान् वाहेक अरु कसैले सवैलाई देख्न सक्दैन ।

१३३) लोकाध्यक्षः

दृश्यमानं जगत्सर्वं तदन्तःस्थाँश्च देहिनः ।
नित्यं निरीक्षमाणाय लोकाध्यक्षाय ते नमः ॥१३३॥

अर्थ

दृश्य (देख्न सकिने) सम्पूर्ण जगत्लाई र त्यस जगत्का अन्तःस्थित (भित्र रहेको) सम्पूर्ण प्राणीहरूलाई सदा निरीक्षण गर्ने लोकाध्यक्ष नाम भएका तपाईं भगवान्लाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

लोकस्य अध्यक्षः लोकाध्यक्षः । लोकका नै स्वामी वा लोकको निरीक्षण गर्ने । भगवान् सम्पूर्ण लोकको निरीक्षण गर्नुहुन्छ त्यसैले लोकाध्यक्ष हुनुहुन्छ । अधिगतो अक्षं व्यवहारम् अध्यक्षः अत्यादय इति समासः, जसले संसारको व्यवहार चलाएको छ । अधिपूर्वक् अक्षू व्याप्तौ धातुबाट अच् प्रत्यय भएको, जसले संसारलाई व्याप्त गरेको छ । लोकान् अध्यक्षयतीति लोकाध्यक्षः - लोकहरूको निरीक्षण गर्नुहुन्छ त्यसैले भगवान् लोकाध्यक्ष हुनुहुन्छ ।

१३४) सुराध्यक्षः

तत्तत्कर्मनियुक्तानां निजादेशानुसारिणाम् ।
निरीक्षकाय देवानां सुराध्यक्षाय ते नमः ॥१३४॥

अर्थ

ती-ती कार्यमा नियुक्त गरिएका र आफ्नो आदेशको अनुसरण गर्ने भएका देवताहरू अर्थात् सुरहरूको निरीक्षक भएका सुराध्यक्ष नाम गरेका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

लोकपाल आदि देवताहरूका भगवान् अध्यक्ष हुनुहुन्छ त्यसैले भगवान् सुराध्यक्ष हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१३५) धर्माध्यक्षः

धर्ममिष्टप्रदातारं श्रौतं स्मार्तं च रक्षितुम् ।
अनिशं चेष्टमानाय धर्माध्यक्षाय ते नमः ॥१३५॥

अर्थ

श्रौत-स्मार्त धर्मलाई रक्षा गर्नका निमित्त अभीष्ट फल दिने भएका निरन्तर त्यसै चेष्टामा लागेका धर्माध्यक्ष नाम गरेका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

वेदले प्रतिपादित कर्मलाई श्रौतकर्म भनिन्छ भने स्मृतिहरूले प्रतिपादित कर्मलाई स्मार्त कर्म भनिन्छ । भगवान्ले वेदप्रतिपादित, स्मृतिले प्रतिपादित धर्मको रक्षा गर्नुहुन्छ त्यसैले धर्माध्यक्ष हुनुहुन्छ । कर्मानुसार फल दिनका लागि धर्म र अधर्मलाई साक्षात् देख्नुहुन्छ त्यसैले भगवान् धर्माध्यक्ष हुनुहुन्छ ।

१३६) कृताकृतः

कार्यकारणरूपेण वर्तमानाय सर्वतः ।
कृताकृताय भवते भगवन् ! शतशो नमः ॥१३६॥

अर्थ

कार्य-कारणरूपले सर्वत्र विद्यमान भएका त्यसैले कृताकृत नाम गरेका हे भगवान् तपाईंलाई शतशः नमस्कार छ ।

टिप्पणी

कार्य रूपले भगवान् कृत हुनुहुन्छ, कारणरूपले भगवान् अकृत (नगरिएको) हुनुहुन्छ । त्यसैले वहाँ कृताकृत हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१३७) चतुरात्मा

जन्तु-काल-प्रजेशाऽजैश्चतुर्भिर्भूतिमूर्तिभिः ।
कुर्वते ललितां लीलां नमस्ते चतुरात्मने ॥१३७॥

अर्थ

जन्तु अर्थात् प्राणी, काल (समय), प्रजेश (दक्षादि प्रजापतिहरू), तथा ब्रह्मा यी चार भूति (ऐश्वर्य) का मूर्तिद्वारा ललित (सुन्दर) लीला गर्ने चतुरात्मा नामका भगवान्लाई नमस्कार छ ।

टिप्पणी

सृष्टिका आदिमा भगवान्का चार भिन्न-भिन्न आत्मा (मूर्ति) हुन्छन् त्यसैले भगवान् चतुरात्मा हुनुहुन्छ । चार आत्मा - ब्रह्मा, दक्षादि प्रजापतिहरू, तीन काल र चौथो सम्पूर्ण जीवहरू सृष्टिका हेतुभूत विभूतिहरू हुन् त्यसैले भगवान् चतुरात्मा हुनुहुन्छ ।

१३८) चतुर्व्यूहः

व्यूहं चतस्सृभिः कृत्वा वासुदेवादिमूर्तिभिः ।
स्वैरं विहरमाणाय चतुर्व्यूहाय ते नमः ॥१३८॥

अर्थ

वासुदेव आदि चार मूर्तिहरूले व्यूह बनाएर स्वेच्छया विहार गर्ने चतुर्व्यूह नाम गरेका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

व्यासदेवका वचनानुसार भगवान् चतुर्व्यूह हुनुहुन्छ । सृष्टि आदि कार्यका निमित्त भगवान्का चार विभाग छन् - वासुदेव, सङ्कर्षण, प्रद्युम्न र अनिरुद्ध । वैष्णव सम्प्रदायमा यी चार स्वरूपको व्यूह प्रसिद्ध छ ।

१३९) चतुर्दंष्ट्रः

नारसिंहं वपुर्घोरं स्तम्भादुद्भाव्य भासुरम् ।
प्रह्लादं त्रायमाणाय चतुर्दंष्ट्राय ते नमः ॥१३९॥

अर्थ

भयङ्कर तेजस्वी नृसिंह शरीर खम्बाबाट प्रकट गरेर प्रह्लादको रक्षा गर्ने भएका चार दाराले युक्त चतुर्दंष्ट्र नामका तपाईं भगवान्लाई नमस्कार छ ।

टिप्पणी

वैयाकरणहरूले - चार प्रकारका पदहरूलाई सिंग मानेका छन् । नाम, आख्यात, उपसर्ग र निपात । जसका चारवटा दारा छन् ती भगवान् चतुर्दंष्ट्र हुनुहुन्छ । (**दंष्ट्राश्चतस्रो यस्य स - चतुर्दंष्ट्रः**) अथवा सादृश्यले सिंगलाई पनि दारा भन्न सकिन्छ । त्यसैले चार सिंग छन् जसका ती चतुर्दंष्ट्र भगवान्को नाम हो । वेदमा पनि चत्वारि शृङ्गाः भनिएको छ । वैदिकहरूले चार सिंग भनेर अग्निलाई भन्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१४०) चतुर्भुजः

चतुर्वर्गप्रसक्तानां तुष्टये धृतमूर्तये ।
चतुर्भुजाय ते भूमन् ! भूयो भूयो नमो नमः ॥१४०॥

अर्थ

चतुर्वर्ग (धर्म-अर्थ-काम-मोक्ष) मा प्रसक्त भएकाको (लागेकाको) तुष्टिका निमित्त चार हात भएको मूर्ति (शरीर) धारण गरेका चतुर्भुज नाम भएका तपाईंलाई बारम्बार नमस्कार छ ।

१४१) भ्राजिष्णुः

वीतिहोत्र-व्रध्न-विधु-विद्यु-द्वज्रादिकं जगत् ।
विभ्राजते यस्य भासा तस्मै भ्राजिष्णवे नमः ॥१४१॥

अर्थ

अग्नि सूर्य-चन्द्र-विद्युत्, (विजुली) र वज्र इत्यादि जगत् जसको प्रकाशले प्रकाशित हुन्छ ती भ्राजिष्णु नामका भगवान्लाई नमस्कार छ ।

टिप्पणी

भ्राजते इति भ्राजिष्णुः- भ्राज धातुदेखि इष्णुच् प्रत्यय भएर भ्राजिष्णु शब्द बन्दछ । सदा प्रकाशस्वरूप हुनाले भगवान् भ्राजिष्णु हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१४२) भोजनम्

भोज्यमायामयीभावमाप्य व्यापृतिमृच्छते ।
भोक्त्रे सतेऽपि लीलायै भोजनाय नमो नमः ॥१४२॥

अर्थ

भोज्यको मायामयी भावलाई प्राप्त गरेर व्याप्ति प्राप्त गरेका (भोजन नगरीकन कोही पनि बाँच्न सक्दैन त्यसैले भगवान् भोजनका रूपमा सर्वत्र व्याप्त हुनुहुन्छ) स्वयं भोक्ता भए पनि लीलाका निमित्त भोजनरूप धारण गरेका भोजन नाम गरेका भगवान्लाई बारम्बार नमस्कार छ ।

टिप्पणी

भगवान् मायारूपले नै भोजन बन्नुहुन्छ, त्यसैले भोजन हुनुहुन्छ ।

१४३) भोक्ता

भुञ्जानाय महामायां पुरुषाय पृथक् सते ।
अत्यद्भुतस्वभावाय भोक्त्रे तुभ्यं नमो नमः ॥१४३॥

अर्थ

महामाया (प्रकृति) को भोग गर्ने भएका महामाया (प्रकृति देखि) पृथक् (भिन्न) भएका एवं सद्रूप भएका अति अद्भुत स्वभाव भएका (महामायालाई पनि खाइदिने हुनाले) भोक्ता (नामका) तपाईंलाई बारबार नमस्कार छ ।

टिप्पणी

भोज्यरूप हुनाले प्रकृति अर्थात् माया भोजन हुन् भने पुरुषरूपले भगवान्ले ती प्रकृतिलाई भोग गर्नुहुन्छ अर्थात् खाइदिनुहुन्छ वा प्रकृति पुरुषमा लीन हुन्छिन् त्यसैले भगवान् भोक्ता हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१४४) सहिष्णुः

अरातीन् सहमानाय प्रबलानपि भूयसः ।
अजिताय च तैः सर्वैर्नमस्तुभ्यं सहिष्णवे ॥१४४॥

अर्थ

धेरै र प्रवल भएका शत्रुहरूलाई सहन गर्ने, तिनीहरूद्वारा कहिल्यै नजितिएका, सहिष्णु नाम गरेका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

शिशुपालले भगवान्लाई ९९ गाली गरून्जेलसम्म सहिरहनुभयो त्यसैले भगवान् सहिष्णु हुनुहुन्छ । हिरण्याक्ष आदिलाई सहन गर्ने, अर्थात् पातालमा गएर पृथ्वीलाई उचालेर बाहिर ल्याउने क्रममा हिरण्याक्ष पछि लागेर गाली गर्न लाग्यो, भगवान्ले त्यसलाई सहनुभयो, त्यसैले भगवान् सहिष्णु हुनुहुन्छ ।

१४५) जगदादिजः

हिरण्यगर्भरूपेण जगदारम्भणे स्वयम् ।
आविर्भूताय जगदादिजाय भवते नमः ॥१४५॥

अर्थ

जगत्को प्रारम्भ गर्ने वेलामा हिरण्यगर्भ (ब्रह्मा) को रूपमा आविर्भूत भएका जगदादिज नाम गरेका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

जगतः आदिः जगदादिः, जगदादौ जातः जगदादिजः (ब्रह्माको रूपमा जगत्का आदिमा उत्पन्न भएका । जगत् (संसार) को उत्पत्तिको बेलामा भगवान् स्वयं ब्रह्माको रूपमा उत्पन्न हुनुभयो त्यसैले वहाँको नाम जगदादिज हुनगयो ।

१४६) अनघः

व्यसनेन सदुःखेन पाप्मना च विना सते ।
अनघान् कुर्वते भक्ताननघाय नमो नमः ॥१४६॥

अर्थ

दुःख सहित व्यसनले र पापले रहित बनाएर भक्तहरूलाई अनघ (पापरहित) बनाउने, सद्रूप भएका अनघ नामका भगवान्लाई बारम्बार नमस्कार छ ।

टिप्पणी

भगवान्मा पाप छैन, अघ भनेको पाप हो । त्यो पाप नहुनाले भगवान् अनघ हुनुहुन्छ । उपनिषद्ले पनि "य आत्माऽपहतपाप्मा" आत्मस्वरूप भगवान् पापरहित हुनुहुन्छ भनेको छ ।

१४७) विजयः

धर्मज्ञानविरागाद्यैः शौर्योदार्यदयादिभिः ।
सर्वोपरिष्टाद्भवते विजयाय नमो नमः ॥१४७॥

अर्थ

धर्म-ज्ञान-वैराग्य आदि र शौर्य (वीरता) औदार्य (उदारता) एवं दया आदि गुणहरूले सबैभन्दा उच्च (सबैलाई जित्ने) विजयनामका तपाईंलाई पुनः पुनः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

ज्ञान-वैराग्य ऐश्वर्यादि गुणले भगवान् विश्वलाई जित्नुहुन्छ, सर्वत्र भगवान्को विजय नै हुन्छ त्यसैले भगवान्को नाम विजय हुनगयो ।

१४८) जेता

भूतान्यतिशयानाय स्वभावेन गरीयसा ।
जयते जातवैराँश्च जेत्रे तुभ्यं नमो नमः ॥१४८॥

अर्थ

अत्यन्त गौरवपूर्ण स्वभाव हुनाले भूत अर्थात् प्राणीमात्रलाई अतिक्रमण गर्ने (जित्ने) भएका साथै संसारका शत्रुहरूलाई पनि जित्ने भएका हुनाले जेता नामका तपाईंलाई पुनः पुनः नमस्कार छ ।

टिप्पणी

भगवान् स्वभावले नै सम्पूर्ण भूतहरूलाई जित्नुहुन्छ अर्थात् जगत्का प्राणीहरूभन्दा अत्यन्त उत्कर्ष प्राप्त गर्नुहुन्छ त्यसैले भगवान् जेता हुनुहुन्छ ।

१४९) विश्वयोनिः

यस्मादुत्पद्यते विश्वं विश्वादुत्पद्यते च यः ।
तस्मै चित्रचरित्राय नमस्ते विश्वयोनये ॥१४९॥

अर्थ

जसबाट यो विश्व उत्पन्न हुन्छ र जो स्वयं विश्वबाट उत्पन्न हुन्छ त्यस्ता विचित्र चरित्र भएका विश्वयोनि नाम गरेका तपाईं भगवान्लाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

विश्व भगवान्को योनि हो, भगवान् विश्वबाट प्रकट हुनुहुन्छ । त्यसैले भगवान् विश्वयोनि हुनुहुन्छ । **विश्वं योनिर्यस्य** - विश्व नै जसको उत्पत्तिस्थान अर्थात् योनि हो । अथवा विश्व र योनि दुवै भगवान् नै हुनुहुन्छ त्यसैले भगवान् विश्वयोनि हुनुहुन्छ । **विश्वश्चासौ योनिश्च विश्वयोनिः** अर्थात् विश्व र योनि दुवै भगवान् हुनाले वहाँलाई विश्वयोनि भनिन्छ ।

१५०) पुनर्वसुः

जीवभावावलम्बाय वसते च पुनर्भुवि ।
तुभ्यं सभक्ति शतधाऽस्तु पुनर्वसवे नमः ॥१५०॥

अर्थ

जीवभाव अवलम्वन गर्नका लागि अर्थात् जीवरूपमा परिणत हुनका लागि पुनः पृथ्वीमा वस्ने पुनर्वसु नाम गरेका तपाईंलाई सभक्ति शतशः नमस्कार छ ।

टिप्पणी

भगवान् क्षेत्रज्ञरूपले पुनः पुनः शरीरमा वस्नुहुन्छ त्यसैले उहाँ पुनर्वसु हुनुहुन्छ ।

१५१) उपेन्द्रः

इन्द्रानुजत्वं भजते तस्मादुपरि तिष्ठते ।
उपेन्द्राय नमस्तुभ्यं लीलालालित्यशालिने ॥१५१॥

अर्थ

उपेन्द्रका अनुज (भाइ) वनेका त्यसदेखि माथि रहने, लीलाको लालित्यले युक्त उपेन्द्र नाम गरेका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

भगवान्‌ले इन्द्रलाई इन्द्र बनाउनुभयो, बलिलाई स्वर्गको अधिकारबाट हटाएर आफू स्वयं भने इन्द्रका भाइ बनेर अदितिका पुत्र वामनका रूपमा भगवान् इन्द्रभन्दा कान्छा हुनुभयो । यो त भगवान्‌का लीलाको अतिशयता हो ।) इन्द्रको अनुज(भाइ)का रूपमा प्राप्त हुनुभएको थियो त्यसैले भगवान् उपेन्द्र हुनुहुन्छ । (उपगतः इन्द्रम् उपेन्द्रः) अथवा इन्द्रभन्दा उपरि (माथि) हुनुहुन्छ त्यसैले उपेन्द्र हुनुहुन्छ ।

१५२) वामनः

शक्रत्रैलोक्यसाम्राज्यप्रत्यावर्तनहेतवे ।
वामनाय नमस्तुभ्यं बलिवञ्चनचुञ्चवे ॥१५२॥

अर्थ

इन्द्रको त्रैलोक्यको साम्राज्य प्रत्यावर्तन (फर्काउन) को लागि वामन रूप धारण गर्ने, बलिलाई वञ्चन (छल) गर्नमा चतुर वामन नामका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

जसले अर्काको घमण्ड नष्ट गर्छ वा आफैपनि मदरहित हुन्छ त्यो वामन भनिन्छ । भगवान्‌ले वामनरूपले बलिसित याचना गर्नुभयो त्यसैले भगवान् वामन हुनुभयो । माग्नाले मानिस सानो (छोटो) हुन्छ । अथवा राम्रै ढंगले भजन योग्य हुनाले भगवान् वामन हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१५३) प्रांशुः

द्योशीर्ष्णे भूमिपादाय शशिभास्करचक्षुषे ।
बलिविज्ञातवीर्याय प्रांशवे ते नमो नमः ॥१५३॥

अर्थ

आकाशमा शिर भएका भूमिमा पाउ (चरण) भएका, चन्द्रमा र सूर्य नेत्र भएका, वलिद्वारा पराक्रम ज्ञात भएका अथवा बलिको विज्ञान जान्ने, अन्यन्त अग्ला भएका त्यसैले प्रांशु नाम गरेका तपाईंलाई पुनः पुनः नमस्कार छ ।

टिप्पणी

तिनै लोकलाई नाप्दाखेरि भगवान् अग्ला हुनुभएको थियो त्यसैले भगवान् प्रांशु भनिनुभयो । बलिले गरेको सङ्कल्पको जल हातमा खस्ने वित्तिकै वामन अवामन हुनुभयो र त्यस बेलामा प्रभुले आफ्नो सर्वदेवमय रूपं दर्शन गराउनुभयो । पृथ्वी वहाँको पाउ, आकाश वहाँको शिर र चन्द्र र सूर्य वहाँका आँखा थिए । यसरी भगवान्को विराट् (अग्लो) रूप हुनाले वहाँ प्राशु हुनुभयो ।

१५४) अमोघः

कदापि चेष्टितं यस्य बन्ध्यतां नैति सर्वतः ।
अमोघाय नमस्तस्मै सफलाश्रयणाय च ॥१५४॥

अर्थ

जसको चेष्टा कतैतिरबाट व्यर्थ हुँदैन, सफल आश्रय भएका अर्थात् जसको शरण सर्वदा सफल हुन्छ, ती अमोघ नाम गरेका भगवान्लाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

जसको चेष्टा व्यर्थ हुँदैन ती भगवान्लाई अमोघ भनिन्छ । न मोघं चेष्टितं यस्य सः अमोघः ।

१५५) शुचिः

मलैर्लिप्तोऽपि विविधैर्यैः स्मरन्नर्चयन् स्तुवन् ।
शुचितां मानवो धत्ते तस्मै ते शुचये नमः ॥१५५॥

अर्थ

विविध मलले लिप्त भएको पनि प्राणी जसको स्मरण, पूजा र स्तुतिले शुचि (पवित्र) हुन्छ तिनै तपाईं शुचि नामका भगवान्लाई नमस्कार छ ।

टिप्पणी

जसले पवित्र गर्दछ त्यो शुचि हो र यहाँ भगवान्ले नै सारा संसारलाई पवित्र गर्ने हुनाले वहाँ शुचि हुनुभयो । त्यस्तै, स्मरण गर्ने, स्तुति गर्ने एवं पूजा गर्नेहरूलाई शुचि अर्थात् पवित्र गर्ने हुनाले पनि भगवान् शुचि हुनुहुन्छ ।

१५६) ऊर्जितः

तेजसा मानसेनापि शारीरेण बलेन च ।
अन्विताय नमस्तुभ्यमूर्जिताय मुहुर्मुहुः ॥१५६॥

अर्थ

तेजले, मनले, शरीरले, बलले युक्त भएका हुनाले अत्यन्त ऊर्जित (तेजस्वी मन, शरीर र बल आदिले युक्त) ऊर्जित नाम गरेका तपाईंलाई वारम्बार नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

ऊर्ज बलप्राणयोः यस धातुबाट क्त प्रत्यय गरेर ऊर्जित रूप बन्दछ । जसमा अत्यधिक बल र प्राण छ त्यसलाई ऊर्जित भनिन्छ र भगवान् ऊर्जित हुनुहुन्छ ।

१५७) अतीन्द्रः

शक्त्या शक्रमतिक्रम्य दुष्करं कर्म कुर्वते ।
सभक्ति शतशस्तुभ्यमतीन्द्राय नमो नमः ॥१५७॥

अर्थ

आफ्ना शक्तिले शक्र (इन्द्र) लाई अतिक्रमण गरेर दुष्कर (कठिन) कर्म गर्ने भएका अतीन्द्र नाम गरेका तपाईंलाई सभक्ति शतशः नमस्कार छ ।

टिप्पणी

आफ्नो स्वाभाविक ज्ञान-ऐश्वर्य आदिका कारण इन्द्रलाई अतिक्रमण गरेर (इन्द्रभन्दा पनि बढेर) रहनुहुन्छ त्यसैले भगवान् अतीन्द्र हुनुहुन्छ ।

१५८) संग्रहः

संवर्तसमये प्राप्ते सदेवासुरमानुषम् ।
जगत्संहरते तुभ्यं संग्रहाय नमो नमः ॥१५८॥

अर्थ

संवर्त (संहार) कालमा सम्पूर्ण देवता-असुर-मनुष्यसहित जगत्को संहार गर्ने भएका संग्रह नाम गरेका तपाईंलाई बारम्बार नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

प्रलयका बेलामा सबैको संग्रह गर्ने हुनाले भगवान् संग्रह हुनुहुन्छ। संग्रह (एकत्रित) गर्नु, सम्यक् ग्रहणं संग्रहः, प्रलयावस्थामा भगवान्ले सबैलाई आफैमा लीन गर्नुहुन्छ। त्यसैले संग्रह सार्थक नाम हो।

१५९) सर्गः

सृज्यमानजगज्जालस्वरूपेण स्थिताय च।
तुभ्यं नमोऽस्तु सर्गाय तद्धेतुत्वं गताय च ॥१५९॥

अर्थ

सृष्टि गर्न लागिएको जगत् जञ्जालको स्वरूपले स्थित भएका सर्ग अर्थात् सृष्टिका हेतु (कारण) भएका सर्ग नाम गरेका तपाईंलाई नमस्कार छ।

टिप्पणी

सृज्यते इति सर्गः जसको सिर्जना गरिन्छ त्यो सर्ग हो। सृजतीति सर्गः अर्थात् जसले सृष्टि गर्छ त्यो सर्ग हो। अर्थात् जुन व्युत्पत्ति गरे पनि भगवान् सर्गः हुनुहुन्छ। सृज्य अर्थात् जगत्का रूप हुनाले अथवा सृष्टि (सर्ग) का हेतु (कारण) हुनाले भगवान् सर्ग हुनुहुन्छ।

१६०) धृतात्मा

प्रपञ्चरचनामेतां कुर्वतेऽपि सते सदा।
शुद्धसच्चित्स्वरूपाय नमस्तुभ्यं धृतात्मने ॥१६०॥

अर्थ

यस संसारको प्रपञ्चको रचना गर्दा गर्दै पनि सदा सद्रूप नै भएका शुद्ध-सच्चित्स्वरूप भएका धृतात्मा नाम गरेका तपाईंलाई नमस्कार छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

जन्मादिले रहित अर्थात् षड्भावविकार (६ भावका विकारले) रहित भएर एक रूपले आफ्नो स्वरूपलाई धारण गर्ने हुनाले भगवान् धृतात्मा हुनुहुन्छ । धृतः आत्मा येन सः धृतात्मा - एक स्वरूपले सदैव आत्मालाई धारण गर्ने हुनाले भगवान् धृतात्मा हुनुहुन्छ ।

१६१) नियमः

शशिसूर्यग्रहादीनामितरेषां च जन्मिनाम् ।
नियामकाय भवते नियमाय नमो नमः ॥१६१॥

अर्थ

चन्द्र-सूर्य ग्रह इत्यादिको र अरू पनि जन्म लिनेहरूका नियामक (नियन्त्रक) भएका, नियम नाम गरेका तपाईंलाई पुनः पुनः नमस्कार छ ।

टिप्पणी

भगवान्ले सबै प्राणीहरूलाई आफ्ना आफ्ना अधिकारमा नियमित गर्नुहुन्छ त्यसैले भगवान् नियम हुनुहुन्छ । नियमयति इति नियमः । नियम वा नियन्त्रणमा जसले राख्छ त्यो नियम हो । भगवान्ले सबैलाई नियन्त्रणमा राख्नुहुन्छ त्यसैले नियम हुनुहुन्छ ।

१६२) यमः

हृदि स्थिताय सर्वेषां यच्छते तानसत्पथात् ।
वैवस्वताय च सते यमाय शतशो नमः ॥१६२॥

अर्थ

सबैका हृदयमा स्थित भएका तथा उनीहरूलाई असत्पक्ष (कुमार्ग) बाट नियन्त्रण गर्ने भएका वैवस्वत (सूर्यका पुत्र) भएका यम नाम गरेका भगवान्लाई शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

सबैका अन्तःकरणमा स्थित भएर नियमन गर्नुहुन्छ त्यसैले भगवान् यम हुनुहुन्छ । यच्छति इति यमः, यम् उपरमे धातुबाट यम बनेको हो र जसले नियन्त्रण (उपरम) गर्छ त्यो यम हो भन्ने अर्थ प्रष्ट हुन्छ ।

१६३) वेद्यः

कैश्चित्साधनसम्पन्नैः कृतविद्यैर्मनीषिभिः ।
शक्याय वेदितुं तुभ्यं वेद्याय शतशो नमः ॥१६३॥

अर्थ

केही साधनसम्पन्न, विद्यासम्पन्न मनीषीहरूद्वारा जान्न सकिने भएका वेद्य नाम गरेका तपाईंलाई शतशः नमस्कार छ ।

टिप्पणी

विद् ज्ञाने धातुबाट वेद्य बनेको हो । वेदितुं शक्यः वेद्यः, जसलाई कुनै कुनैले मात्र जान्न सक्छन् ती भगवान् वेद्य हुनुहुन्छ । मोक्षको इच्छा राख्नेहरूले वेदन गर्न अर्थात् ज्ञान गर्न योग्य हुनुहुन्छ त्यसैले भगवान् वेद्य हुनुहुन्छ ।

१६४) वैद्यः

सर्वविद्यानिधानाय भवरोगनिवारिणे ।
वैद्याय तुभ्यं भगवन् ! भवन्तु नतयो मम ॥१६४॥

अर्थ

सम्पूर्ण विद्याका निधान (खानी) भएका, संसाररूपी रोगलाई निवारण गर्ने भएका त्यसैले वैद्य नाम गरेका तपाईं भगवान्लाई मेरा नमस्कारहरू रहून् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

विद्यामधीते वेद वा वैद्यः, जसले विद्या पढ्छ वा जान्दछ । विद्या शब्ददेखि तदधीते तद्वेद ले अण् प्रत्यय गरेर वैद्य शब्द बन्दछ । संसाररूपी रोगका चिकित्सक भगवान् हुनुहुन्छ त्यसैले भगवान् वैद्य हुनुहुन्छ ।

१६५) सदायोगी

अनारतसुसम्पन्नस्वानुसन्धानकर्मणे ।
तुभ्यं कृताञ्जलि सदायोगिने शतशो नमः ॥१६५॥

अर्थ

निरन्तर सम्पन्न गर्ने आफ्नो अनुसन्धानकर्म गर्ने (भगवान् स्वयं अनुसन्धान गरिरहनुहुन्छ र त्यो अनुसन्धान सम्पन्न पनि हुन्छ) सदायोगी तपाईंलाई हात जोडेर शतशः नमस्कार छ ।

टिप्पणी

भगवान् आत्मानुसन्धान गर्नुहुन्छ । त्यसैले वहाँलाई सदायोगी भनिएको हो । योगी भनेको आत्मा प्रत्यक्ष गर्ने पनि हुन्छ । भगवान् सदैव प्रत्यक्षस्वरूप भएकाले सदायोगी हुनुहुन्छ ।

१६६) वीरहा

प्रचण्डतरदोर्दण्डान् धर्मखण्डनपण्डितान् ।
वीरान् हतवते तुभ्यं वीरघ्ने शतशो नमः ॥१६६॥

अर्थ

प्रचण्ड दोर्दण्ड भएका (भयङ्कर वाहुवल भएका) धर्मको खण्डन गर्नमा पण्डित भएका दुष्ट वीरहरूलाई मार्ने भएका वीरहा नामका तपाईंलाई शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

"वीरान् हन्तीति वीरहा" यस व्युत्पत्ति अनुसार धर्मको रक्षा निमित्त वीर असुरहरूलाई मार्ने हुनाले भगवान् वीरहा हुनुहुन्छ ।

१६७) माधवः

मायाः (स्वरूपविद्यायाः) पतित्वं श्रयते सदा ।
माधवाय नमस्तुभ्यं श्रीलक्ष्मीरमणाय च ॥१६७॥

अर्थ

मा अर्थात् स्वरूपविद्याको सदा पतित्व ग्रहण गर्ने भएका हुनाले माधव नाम भएका, लक्ष्मीसँग रमण गर्ने तपाईंलाई नमस्कार छ ।

टिप्पणी

मा भनेको विद्या पनि हुन सक्छ, त्यो विद्या (ज्ञान) भगवत्स्वरूप नै हो । भगवत् स्वरूप ज्ञानका दाता पनि भगवान् नै हुनुहुन्छ । भगवत् स्वरूप ज्ञान भगवत्कृपाले नै प्राप्त हुने हुनाले त्यसका स्वामी भगवान् हुनुहुन्छ । माको अर्थ लक्ष्मी र धवको अर्थ पति हुन्छ । त्यसैले माधव अर्थात् लक्ष्मीपति भन्ने हुन्छ । भगवान्को नाम लक्ष्मीरमण पनि हो ।

मा अर्थात् सद् विद्याका पति हुनाले भगवान् माधव हुनुहुन्छ । हरिवंशमा भनिएको छ - हरि अर्थात् भगवत्सम्बन्धी विद्याको नाम हो मा । त्यस माका ईश अर्थात् स्वामी तपाईं हुनुहुन्छ, त्यसैले माधव नाम तपाईंको हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१६८) मधुः

स्वदनीयाय सर्वेषां माधुर्याद्बुद्धिशालिनाम् ।
मधवेऽनेकरोगघ्ने भवते शतशो नमः ॥१६८॥

अर्थ

अत्यन्त मधुरताले युक्त हुनाले सबै बुद्धिमान् व्यक्तिहरूले स्वाद लिन योग्य भएका अनेक (भवरूप) रोगलाई नाश गर्ने मधु नाम गरेका तपाईंलाई शतशः नमस्कार छ ।

टिप्पणी

मधु भनेको मह हो र महमा मधुरता (मीठोपना) हुन्छ । तर मधुरताको अन्तिम सीमा भगवान्मा नै हुन्छ र भगवान्मा जस्तो मधुरता कोही कसैमा हुँदैन । त्यसैले जो बुद्धिमान् छन् र जसले मधुरताको चाहना राख्छन् तिनले भगवान्को नामरूपी संकीर्तनको स्वाद लिन्छन् । मधु अनेक औषधीहरूको अनुपान हो । जसले धेरै रोगहरू नाश पनि गर्छ र भगवान्ले संसाररूपी रोगलाई नाश गर्नुहुन्छ त्यसैले भगवान्लाई मधुस्वरूप मानेर नमस्कार गरिन्छ ।

जसरी महले अत्यन्त प्रीति उत्पन्न गर्छ त्यसै गरी भगवान्ले पनि अत्यन्त प्रीति उत्पन्न गर्नुहुन्छ त्यसैले भगवान् मधु हुनुहुन्छ ।

१६९) अतीन्द्रियः

विनिवृत्ताः समनसो यतो वाचः सहेन्द्रियैः ।
अतीन्द्रियाय तस्मै ते भगवन् ! भावये नमः ॥१६९॥

अर्थ

जुन भगवान्मा इन्द्रियहरूका साथै मनसहित वाणी निवृत्त हुन्छन् अर्थात् वहाँ पुग्न सक्दैनन् त्यस्ता इन्द्रियको सामर्थ्यदेखि पर भएका तिनै तपाईं भगवान्लाई म नमस्कारको भावना गर्दछु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

भगवत्तत्त्व मन, बुद्धि, वचन आदि इन्द्रियद्वारा ग्रहण गर्न सकिँदैन । मनले ठम्याउन सक्दैन, वाणीले वर्णन गर्न सक्दैन बुद्धिले अन्त पाउन सक्दैन । त्यसैले कुनै पनि इन्द्रियद्वारा ग्रहण गर्न नसकिने हुनाले भगवान्लाई अतीन्द्रिय भनिएको हो ।

इन्द्रियाणि अतिक्रान्तः अतीन्द्रियः । रूप-रस-शब्द-गन्ध-स्पर्श-शब्दादि विषय भगवान्का छैनन्, इन्द्रियहरूले शब्दादि विषयलाई नै ग्रहण गर्दछन् । भगवान्मा ती छँदैछैनन् भने इन्द्रियहरूले भगवान्लाई स्पर्श गर्न सक्दैनन् र इन्द्रियको गति नै शब्दादिसम्म हो । शब्दादि विषयहरूले रहित हुनाले भगवान् इन्द्रियहरूका विषय नै हुनुहुन्न । त्यसैले भगवान् अतीन्द्रिय हुनुहुन्छ ।

१७०) महामायः

यस्य माया सुमहती (परमायातिशायिनी) ।
महामायाय तस्मै ते परमात्मन् ! नमो नमः ॥१७०॥

अर्थ

जसको माया अत्यन्त महती (ठूलो) छ त्यसैले नै परमाया (विद्या) लाई पनि जित्ने भएका त्यस्ता महामाय नाम गरेका हे परमात्मन् तपाईंलाई पुनः पुनः नमस्कार छ ।

टिप्पणी

'महती माया' यस्य स महामायः । जसको माया अत्यन्त ठूलो छ, त्यो महामाय हो । यहाँ मायाका तीन भेद संकेत गरिएको छ - जडमाया अर्थात् प्रकृति, विद्यामाया - अर्थात् चेतनरूपमाया, अनि महामाया यो भगवत्स्वरूप नै हो र त्यसलाई नै पराशक्ति भन्न सकिन्छ । त्यसैलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकृति, विद्या र परा विद्या भन्न सकिन्छ । प्रकृति जडशक्ति हो विद्या ज्ञान शक्ति हो । त्यो पनि बन्धनकारक हो । भगवान्को अनुग्रहशक्ति प्राप्त भएर मात्रै पराविद्या प्रकाशित हुन्छ । मायावीहरूमाथि पनि माया गर्न सक्ने हुनाले भगवान् महामाय हुनुहुन्छ ।

१७१) महोत्साहः

शतयोजनविस्तीर्णे सिन्धौ सेतुं च बध्नते ।
मथ्नते तं च गिरिणा महोत्साहाय ते नमः ॥१७१॥

अर्थ

सय योजन = ४०० कोश = (एक योजनमा ४ कोश हुन्छ) । विस्तीर्ण समुद्रमा सेतु अर्थात् पुल बाँध्ने भएका एवं त्यस समुद्रलाई नै गिरि (मन्दराचल) लाई मदानी बनाएर मन्थन गर्ने यस्तो ठूलो उत्साह भएका महोत्साह नाम गरेका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

४०० कोश लामो पुल बनाउन सानो उत्साहले सकिंदैन तर त्यो उत्साह भगवान् राममा थियो त्यसैले वहाँलाई महोत्साह भनियो । त्यसैगरी चौध रत्न = (लक्ष्मी, कौस्तुभमणि, पारिजात, सुरा, धन्वन्तरि, चन्द्रमा, कामधेनु गाई, ऐरावत हात्ती, उच्चैश्रवा घोडा, रम्भादि अप्सरा, अमृत, शार्ङ्गधनुष, पाञ्चजन्य शङ्ख, विष) निकाल्नका लागि मन्दराचल पर्वतलाई मदानी र वासुकि नागलाई नेती बनाएर मन्थन गर्नु सानो उत्साहले सम्भव छैन तर भगवान्ले गरेर देखाइदिनुभयो । त्यसैले उहाँलाई महोत्साह भनिन्छ । महान् उत्साहो यस्य सः । जगत्को उत्पत्ति, स्थिति र लयका निमित्त सदा तत्पर रहनाले भगवान्को उत्साह महान् छ त्यसैले भगवान् महोत्साह हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१७२) महाबलः

नमो महाबलायाऽस्तु सपर्वतवनामिमाम् ।
सर्वामुर्वीं सर्षपवद् बिभ्रते शेषवर्ष्मणे ॥१७२॥

अर्थ

पर्वत, वनहरूसहित सम्पूर्ण यो पृथ्वीलाई सर्स्यूंको एउटा दाना जस्तो (आफ्ना शिरमा) धारण गर्ने, शेषनागरूपी शरीर धारण गर्ने हुनाले महाबलले युक्त महाबल नाम गरेका भगवान्लाई नमस्कार छ ।

टिप्पणी

पृथ्वीलाई शेषनागले आफ्नो फणामण्डलमा सर्स्यूंको एउटा दाना जस्तो गरी धारण गरेका छन् भन्ने शास्त्रको वचन छ । "**वहति भुवनश्रेणिं शेषः फणाफलकस्थिताम्**" नीतिशतक ।३५।

बलवान्मा पनि अधिक बलवान् हुनाले भगवान् महाबल हुनुहुन्छ । महत् बलं यस्य सः = जसको ठूलो बल छ त्यो महाबल हो ।

१७३) महाबुद्धिः

असंघट्टं भ्रमयते ग्रहनक्षत्रतारकाः ।
कृताञ्जलि महाबुद्धये मे नित्यं नमो नमः ॥१७३॥

अर्थ

अनन्त (आकाशमा) असंख्य ग्रहनक्षत्र ताराहरूलाई कुनै संघटन वा संघर्ष नगरीकन भ्रमण गराउने, सत्स्वरूप, महाबुद्धिले युक्त महाबुद्धि नाम गरेका भगवान्लाई मेरो नित्य नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

बुद्धिमान्हरूमा पनि महान् बुद्धिमान् भएकाले भगवान् महाबुद्धि हुनुहुन्छ । **महती बुद्धिर्यस्य सः** । भगवान् अनन्त विचित्रताले युक्त संसारका निर्माता हुनाले भगवान् महाबुद्धि हुनुहुन्छ ।

१७४) महावीर्यः

महत्तत्वं यस्य वीर्यं जगदेतत्सिसृक्षतः ।
महावीर्याय तस्मै ते शतशोऽस्तु नमो नमः ॥१७४॥

अर्थ

यस संसारको सृष्टि गर्ने इच्छा गर्दा जसको महत्तत्त्व नै वीर्य बन्छ ती महावीर्य नाम गरेका तपाईं भगवान्लाई मेरो शतशः नमस्कार छ ।

टिप्पणी

कुनै वस्तुको उत्पादनमा वीज अर्थात् वीर्यको आवश्यकता हुन्छ । यो संसार पनि वस्तु हो यसको उत्पादनमा पनि वीजको आवश्यकता पर्दछ । संसारको उत्पत्ति हुँदा भगवदीक्षाले प्रकृतिमा विक्षोभ (हलचल) भएर महत्तत्त्वको उत्पत्ति हुन्छ । महत्तत्त्वबाट अहंकार, अहंकारबाट पञ्चतन्त्रमात्रा र एकादश इन्द्रियको उत्पत्ति हुन्छ । पञ्चतन्मात्राबाट नै पञ्चमहाभूतको उत्पत्ति हुन्छ ।

यी पच्चीस तत्त्वमध्ये महत्तत्त्व भगवान्को महान् वीर्य हो । त्यसैबाट संसारको उत्पत्ति भयो भन्ने सांख्यदर्शनको वीजलाई यहाँ उपस्थापित गरिएको छ ।

महान् उत्पत्तिको कारणरूप अविद्या (अज्ञान वा प्रकृति) भगवान्को महान् वीर्य हो त्यसैले भगवान् महावीर्य हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१७५) महाशक्तिः

यच्छक्त्या शक्ततां याति सारहीनमिदं जगत् ।
तस्मै तुभ्यं महाशक्तयेऽस्तु नित्यं नतिर्मम ॥१७५॥

अर्थ

सार (शक्ति) हीन यो सम्पूर्ण संसार जसको शक्तिले नै शक्तता प्राप्त हुन्छ (सामर्थ्यवान्/शक्तिमान् बन्छ) तिनै तपाईं महाशक्ति भगवान्लाई मेरो नित्य नमस्कार छ ।

टिप्पणी

वास्तवमा यो संसार सार (शक्ति) हीन छ । भगवान्ले त्यसमा शक्तिको आधान गरिदिनुहुन्छ र यो संसार सारवान् हुन्छ । शक्तिहीनलाई शक्तिमान् बनाइदिने भगवान् महाशक्ति हुनुहुन्छ । **महती शक्तिर्यस्य सः** ।

भगवान्को शक्ति (सामर्थ्य) अति महान् छ त्यसैले भगवान् महाशक्ति हुनुहुन्छ ।

१७६) महाद्युतिः

यद्द्युत्या द्योतते सर्वं द्युमणिप्रमुखं जगत् ।
तस्मै कृताञ्जलि महाद्युतये ते नमो नमः ॥१७६॥

अर्थ

जसको द्युति (कान्ति) ले सूर्यादि मुख्य भएको सम्पूर्ण जगत् द्योतित (प्रकाशित) हुन्छ, तिनै महाद्युति नाम भएका तपाईंलाई पुनः पुनः अञ्जलिबद्ध नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

भगवान्कै प्रकाशले सम्पूर्ण जगत् प्रकाशित छ । भगवान्को वाह्य र आभ्यन्तर प्रकाश सशक्त छ त्यसैले भगवान् महाद्युति हुनुहुन्छ । **महती द्युति-र्यस्य सः** । उपनिषद्हरूले पनि भगवान्लाई ज्योतिका पनि ज्योति अर्थात् महाद्युति भनेको छ ।

१७७) अनिर्देश्यवपुः

अज्ञेयं हि वपुर्यस्य निर्देष्टुं नहि शक्यते ।
नमस्तस्मा अनिर्देश्यवपुषे मे कृताञ्जलेः ॥१७७॥

अर्थ

जसको वपु अर्थात् शरीर अज्ञेय (जान्न नसकिने) छ, निर्देश गर्न पनि सकिंदैन । तिनै अनिर्देश्यवपु नाम गरेका भगवान्लाई मेरो हात जोडेर नमस्कार छ ।

टिप्पणी

अज्ञेय हुनाले ती भगवान्लाई यी हुन् भनेर अर्कोलाई निर्देश गर्न सकिंदैन र त्यसैले अनिर्देश्य भनिन्छ । भगवान्को वपु अर्थात् शरीर अनिर्देश्य छ त्यसैले भगवान् अनिर्देश्यवपु हुनुहुन्छ । **अनिर्देश्यं वपुर्यस्य सः** भनेर यसको विग्रह गरिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१७८) श्रीमान्

प्रशंसनीया विपुला श्रीर्यस्यास्त्यनपायिनी ।
नमोऽस्तु श्रीमते तस्मै पातितावयवाष्टकम् ॥१७८॥

अर्थ

जसको श्री (लक्ष्मी/शोभा) कहिल्यै नाश नहुने प्रशंसनीय र अति विशिष्ट छ त्यस्ता श्रीमान् नाम गरेका भगवान्लाई आफ्ना अष्टाङ्ग भूमिमा पसारेर साष्टाङ्ग नमस्कार छ ।

टिप्पणी

श्रीरस्यास्तीति श्रीमान् ऐश्वर्यस्वरूप सम्पूर्ण श्री अर्थात् लक्ष्मी जसको छ ती भगवान् श्रीमान् हुनुहुन्छ ।

१७९) अमेयात्मा

यदीय आत्मा(स्वं रूपं) मातुमन्यैर्न शक्यते ।
तस्मै मुदा मम हृदा सदाऽमेयात्मने नमः ॥१७९॥

अर्थ

जसको आत्मा (स्वरूप) को मापन गर्न (इयत्ता=यस्तो यति भनेर निश्चित गर्न) अर्काले सक्दैनन् तिनै अमेयात्मा भगवान्लाई प्रसन्नता पूर्वक मेरो हृदयले सदा नमस्कार छ ।

टिप्पणी

भगवान्को स्वरूपको निर्णय गर्न सकिंदैन किनभने भगवान्लाई दिक्काल इत्यादिले बाँध्न सकिंदैन । वेदले पनि नेति नेति भन्दै वर्णन गर्छ । त्यसैले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अमेयात्मा भनिएको हो । **न मेयः अमेयः, अमेयः आत्मा यस्य सः** जसको आत्मा अर्थात् स्वरूप प्रमाणको विषय हुन सक्दैन, त्यो अमेयात्मा हो ।

जसको आत्मा (बुद्धि) समस्त प्राणीहरूद्वारा अमेय (प्रमाणद्वारा जान्न नसकिने) छ, ती भगवान् अमेयात्मा हुनुहुन्छ ।

१८०) महाद्रिधृक्

दधृग्यः प्रोद्दधाराद्री तौ गोवर्धनमन्दरौ ।
तस्मै मुहुर्मम महाद्रिधृषे शतशो नमः ॥१८०॥

अर्थ

जसले ती गोवर्धन र मन्दराचल दुई पर्वतलाई (उठाएर) उद्धार गरे, ती महान् पर्वत धारण गर्ने महाद्रिधृक् नाम गरेका भगवान्‌लाई मेरो बारम्बार शतशः नमस्कार छ ।

टिप्पणी

भगवान्‌ले अमृतमन्थन गर्दा मन्दराचललाई तथा इन्द्रले संवर्तक बादलद्वारा वर्षा गराएर डुबाउन खोज्दा गोवर्द्धन पर्वत उठाएर गाई र गोपगणको रक्षा गर्नुभएको थियो । ती दुई महान पर्वतलाई धारण गर्नुभएकाले भगवान् महाद्रिधृक् हुनुहुन्छ । महान् अद्रि अर्थात् पर्वत मन्दर र गोवर्धनलाई अमृत मन्थन र गोरक्षणका बेलामा धारण गरेका हुनाले भगवान् महाद्रिधृक् हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१८१) महेष्वासः

इषुक्षेपो(धनुर्दण्डो)महान् यस्यास्ति विश्रुतः ।
महेष्वासाय तस्मै ते भगवन्नस्तु मे नतिः ॥१८१॥

अर्थ

जसको इषुक्षेप (धनुषको दण्ड) ठूलो भन्ने प्रसिद्ध छ तिनै महेष्वास नाम गरेका तपाईं भगवान्लाई मेरो नमस्कार छ ।

१८२) महीभर्ता

वाराहं रूपमादाय महीं भृतवते स्वयम् ।
तां च पत्नीं कृतवते महीभर्त्रे मुहुर्नमः ॥१८२॥

अर्थ

वाराह रूप लिएर स्वयं पृथ्वीलाई धारण गर्ने र तिनै पृथ्वीलाई पत्नी बनाउने महीभर्ता नामका भगवान्लाई बारम्बार नमस्कार छ ।

टिप्पणी

भगवान्ले वराहरूप धारण गरेर पृथ्वीलाई पातालबाट ल्याउँदा दारामा धारण गरेर ल्याउनुभयो र पृथ्वीको पालन पनि गर्नुभयो । डुभृञ् धारणपोषणयोः धातुबाट धारण र पोषण अर्थमा भर्ता शब्द बन्दछ । त्यसैले भगवान् पृथ्वीका भरण र पोषण दुवै गर्ने हुनुहुन्छ । साथै भगवान्का दुई पत्नी भूदेवी र लक्ष्मी भनिएका हुनाले भगवान् पृथ्वीका पति पनि हुनुहुन्छ । यहाँ त्यसैको सङ्केत गरिएको पाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१८३) श्रीनिवासः

वक्षःपीठे यस्य नित्यं श्रीर्वसत्यनपायिनी ।
तस्मै ते श्रीनिवासाय सायं प्रातर्नमो नमः ॥१८३॥

अर्थ

जसको वक्षःस्थलरूपी पीठमा अनपायिनी (नित्यस्वरूप भएकी, श्री (लक्ष्मी) निवास गर्नुहुन्छ, तिनै तपाईं श्रीनिवास भगवान्लाई सायं प्रातः नमस्कार छ ।

१८४) सतां गतिः

शिष्टानां (शान्तिशीलानामनुत्सृष्टस्वधर्मणाम्) ।
उद्देश्यभूताय सतां गतये शतशो नमः ॥१८४॥

अर्थ

शान्तिशील (शान्ति नै स्वभाव) भएका आफ्नो धर्ममा अडिग रहेका, शिष्टहरूका उद्देश्यभूत सतां गति नाम गरेका भगवान्लाई शतशः नमस्कार छ ।

टिप्पणी

भगवान् सज्जनहरूका गति (प्राप्य स्थान) हुनुहुन्छ । सत् भनेको शिष्ट वा सभ्य हो । शिष्ट भनेको पनि जो शान्तिशील र आफ्नो धर्मलाई जसले त्याग गर्दैन त्यो नै शिष्ट हो ।

सन्तजन, वैदिक धर्मावलम्वी सत्पुरुषहरूको पुरुषार्थ साधनको हेतु हुनाले भगवान्, सतां गति हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१८५) अनिरुद्धः

चतुर्व्यूहे तृतीयाय सते, पृथगवस्थितौ ।
अरुद्धाय परैराजावनिरुद्धाय ते नमः ॥१८५॥

अर्थ

चतुर्व्यूह (वासुदेव, संकर्षण, अनिरुद्ध र प्रद्युम्न) मा पृथक्स्थितिमा तृतीय (तेस्रा) भएका, सत्स्वरूप भएका एवं युद्धमा कसैबाट पनि रुद्ध नभएका (नरोकिएका) यस्ता अनिरुद्ध नामका भगवान्लाई नमस्कार छ ।

टिप्पणी

युद्धमा भगवान् श्रीकृष्णका नाति प्रद्युम्नका छोरालाई कसैले पनि रोक्न सक्दैनथ्यो त्यसैले भगवान्को नाम अनिरुद्ध रहेको हो । भगवान् प्रादुर्भावका बेलामा कसैबाट निरुद्ध (रोकिएको) हुनुभएन त्यसैले भगवान् अनिरुद्ध हुनुहुन्छ ।

१८६) सुरानन्दः

आनन्दनाय देवानां व्यापृताय दिवानिशम् ।
सुरानन्दाय ते नित्यं शतशः सन्तु वन्दनाः ॥१८६॥

अर्थ

देवताहरूलाई आनन्द दिनको लागि रात दिन लागिरहेका सुरानन्द नाम गरेका तपाईंलाई नित्य शतशः वन्दनाहरू रहून् ।

टिप्पणी

सुर अर्थात् देवताहरूलाई सदैव भगवान्ले आनन्दित गर्नुहुन्छ त्यसैले भगवान् सुरानन्द हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१८७) गोविन्दः

यो गामविन्दत्तोयान्तर्गोभिर्यश्चावबोध्यते ।
तस्मै गवां च पतये गोविन्दाय नमो नमः ॥१८७॥

अर्थ

जसले तोय (जल) भित्र गाई (पृथ्वी) लाई प्राप्त गऱ्यो र गो अर्थात् वाणीद्वारा जसको अवबोधन (जागरण) गरिन्छ एवं जो गाईका पति (मालिक) पनि छन् ती गोविन्द नाम गरेका भगवान्लाई नमस्कार छ ।

टिप्पणी

रसातलमा डुबेकी पृथ्वीलाई वराहरूप भगवान्ले खोज्दै गएर प्राप्त गर्नुभएको थियो । विद्लृ लाभे धातुबाट लङ्लकारमा अविन्दत् रूप बन्दछ । भगवान्लाई गो अर्थात् वाणी अर्थात् वेदले व्युझाउँछन्, चारै वेदले भगवान्लाई चारणजस्तो भएर स्तुति गरेको वेदस्तुति भागवतको दशम स्कन्धमा वर्णित छ ।

भगवान् गाईका स्वामी पनि हुनुहुन्छ । गोपाल-गोविन्द वहाँको नाम हो । पूर्वकालमा नष्ट भएकी अर्थात् पातालमा पुगेकी गाई अर्थात् पृथ्वीलाई भगवान्ले पाउनुभयो त्यसैले भगवान्को नाम गोविन्द रह्यो भनेर व्याख्या गरेको पाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



मत्स्यावतार भगवान्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कूर्मावतार भगवान्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



वराहावतार भगवान्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



नरसिंहावतार भगवान्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१८८) गोविदां पतिः

गोविदां (वेदवेतृणां) पालयित्रे (भवच्छिदे)।
गोविदां पतये तुभ्यं नमस्काराः सहस्रशः ॥१८८॥

अर्थ

गोविद् अर्थात् वेदवेत्ताहरूको पालन गर्ने, भव अर्थात् संसारको नाश गर्ने भएका हुनाले गोविद्हरूका पति (रक्षक, पालक र उद्धारक) भएका गोविदां पति नाम गरेका तपाईं भगवान्लाई हजारौं हजार नमस्कार छन्।

टिप्पणी

गो वाणीलाई भनिन्छ, त्यसलाई जसले प्राप्त गर्दछ त्यो गोविद् हो। ती गोविद्हरूका पनि विशेषरूपमा पति (मालिक/स्वामी) हुनाले भगवान् गोविदां पति हुनुहुन्छ।

१८९) मरीचिः

"अहं तेजस्विनां तेज" इति व्याहरते स्वयम्।
मरीचये नमस्तुभ्यं द्रुहिणस्यात्मजाय च ॥१८९॥

अर्थ

म तेजस्वीहरूको पनि तेज हूँ। यस्तो स्वयं भन्ने भएका ब्रह्माजीका छोरा भई मरीचि नाम गरेका सूर्यरूप तपाईंलाई नमस्कार छ।

टिप्पणी

मरीचि त्यसलाई भनिन्छ जसबाट अन्धकारको नाश हुन्छ। भगवान्लाई तेजका खानी भएका हुनाले मरीचि भनियो। मरीचि सप्तर्षिहरूमा एक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऋषि पनि हुनुहुन्छ । ती मरीचिको उत्पत्ति ब्रह्माजीबाट भएको हो । मरीचि ब्रह्माजीका मानसपुत्र हुन्, कश्यप ऋषिका पिता । तेजस्वीहरूका पनि परम तेज हुनाले भगवान्लाई मरीचि भनियो । सूर्य किरणलाई पनि मरीचि भनिन्छ ।

१९०) दमनः

दुर्दान्तानां दुरीहाणं दमनाय दयावते ।
दमनाय नमस्तुभ्यं समवर्तित्वमीयुषे ॥१९०॥

अर्थ

दुर्दान्त (अतिदुष्ट) दुरीह (अत्यन्त दुष्ट चेष्टा) भएकाहरूको दमनमा दया राख्ने भएका र सवैप्रति समवर्तित्वको व्यवहार गर्ने भएका दमन नाम गरेका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

भगवान्ले अत्यन्त दुष्टहरूको दमनका लागि र दुष्ट स्वभाव भई जनतालाई पीडा दिने भएकाहरूको नाशका लागि अवतार लिनुभएको हो, गीतामा पनि दुष्टहरूको नाश र साधुहरूको रक्षा निमित्त मैले पटक-पटक अवतार लिन्छु भन्नुभएको छ । त्यसैले यहाँ दमन र दया दुवै शब्द राखिएको छ । दुष्टलाई निग्रह (दण्ड) दिनु पनि समवर्ती व्यवहार हो ।

आफ्नो अधिकारमा प्रमाद गर्ने प्रजाहरूलाई सूर्यपुत्र यमका रूपमा दमन गर्ने स्वभाव भएका हुनाले भगवान् दमन हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१९१) हंसः

"अहं स" इति जानानान् कृतार्थीकुर्वते सतः ।
हंसाय तुभ्यं भगवन् ! नतयः सन्तु नैकशः ॥१९१॥

अर्थ

"त्यो म नै हूँ" यस्तो जान्ने भएका सज्जनहरूलाई कृतार्थ गर्ने (धन्य गर्ने) भएका हंस नामका हे भगवान् तपाईंलाई अनेकबार नमस्कार छ ।

टिप्पणी

अहं'सः' यसबाट हंसः यो रूप पृषोदरादित्वाद् आकारको लोप गरेर हंस बन्दछ । सिंहो वर्णविपर्ययात् यस कथनअनुसार हिसी हिंसार्थक धातुबाट वर्ण विपर्यय गरेर सिंह बने जस्तो अहं सः मा पनि वर्ण विपर्यय गरेर सोऽहम् बन्दछ । यो सोऽहम् मन्त्र नै अजपा गायत्री मन्त्र हो ।

अहं सः म त्यो हुँ, यसप्रकारले तादात्म्य भावना गर्नेहरुलाई संसारको भय नाश गरिदिनुहुन्छ । त्यसैले भगवान् हंस हुनुहुन्छ । अथवा सबै शरीरमा जानुहुन्छ त्यसैले भगवान् हंस हुनुहुन्छ । (**हन्ति गच्छति सर्वशरीरेषु स इति हंसः**) । हन् धातु गत्यर्थक हुनाले पनि हंस सिद्ध हुन्छ ।

१९२) सुपर्णः

छन्दःस्वरूपपर्णायाऽश्वत्थायापि सते पुनः ।
पतद्वराय भवते सुपर्णाय नमो नमः ॥१९२॥

अर्थ

छन्दस्वरूप (वेद) पर्ण (प्वाँख/पात) भएका एवं अश्वत्थ (पीपल वृक्ष) पनि भएका, पुनः सत्स्वरूप भएका, पक्षीहरूमा श्रेष्ठ भएका सुपर्ण नाम गरेका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

('सुष्ठु शोभनानि पर्णानि/पत्राणि यस्य सः' सुपर्ण अर्थात् राम्रा पात भएको अश्वत्थ (पीपल) लाई पनि सुपर्ण भनिन्छ ।) 'अश्वत्थः सर्ववृक्षाणाम्' भनेर भगवान्ले गीतामा भन्नुभएको छ । त्यस अश्वत्थ वृक्षका पात वेदहरू हुन् भन्ने कुरा शास्त्रमा व्यक्त गरिएको छ ।

१९३) भुजगोत्तमः

शेष-वासुकि-कर्कोट-तक्षकादित्वमीयुषे ।
मायानुगाय भुजगोत्तमाय भवते नमः ॥१९३॥

अर्थ

शेष-वासुकि-कर्कोट-तक्षक-आदिमा परिणत हुने, मायाको अनुगत (पछि) हुने भुजगोत्तम नाम गरेका, सर्पहरूमा सर्वश्रेष्ठ सर्पस्वरूप शेषनाग भएका तपाइं भगवान्लाई नमस्कार छ ।

टिप्पणी

वासुकि नागहरूका राजा हुनाले भुजगोत्तम हुनुभयो । शेषनाग भगवान्का शैय्या हुनाले भुजगोत्तम हुनुभयो । कर्कोटक नाग पनि प्रातः कीर्तनीय हुनाले भुजगोत्तम हुनुभयो । **कर्कोटकस्य नागस्य दमयन्त्या नलस्य च । ऋतुपर्णस्य राजर्षेः कीर्तनं कलिनाशनम्** । तक्षक नागले पनि अमृत पान गरेको र इन्द्रको आश्रय पाएकाले भुजगोत्तम भएका हुनाले सबै भुजगहरूमा श्रेष्ठ भए त्यसैले सर्पहरूमा श्रेष्ठ भएकाले भगवान् भुजगोत्तम हुनुभयो ।

भुजाले हिंड्नेवालाहरूमा उत्तम हुनाले भगवान् भुजगोत्तम हुनुहुन्छ । शेष-वासुकी आदि नागहरू भुजाले नै हिंड्छन् र उनका भुजा गुप्त हुन्छन् त्यसैले उनीहरू भुजगोत्तम नामले पुकारिन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१९४) हिरण्यनाभः

यस्य नाभे रत्नरूपाज्जगत्पद्ममभूदिदम् ।
तस्मै हिरण्यनाभाय ममाऽस्तु शतशो नमः ॥१९४॥

अर्थ

रत्नरूप जसको नाभिबाट यो संसाररूपी पद्म (कमल) उत्पन्न भयो तिनै हिरण्यनाभ गरेका भगवान्लाई मेरो शतशः नमस्कार छ ।

टिप्पणी

भगवान्को नाभि रत्नस्वरूप छ, त्यसै नाभिकमलबाट ब्रह्माजी र संसारको उत्पत्ति भयो, त्यसैले भगवान्लाई हिरण्यनाभ भनिएको हो । सुन पवित्र मानिन्छ, त्यसको जल छर्केर अपवित्र वस्तु पवित्र हुन्छ । भगवान्को नाभि सुवर्णमय छ त्यसैले भगवान्लाई हिरण्यनाभ भनिएको हो । भगवान्को नाभि हिरण्य अर्थात् सुनको जस्तो कल्याणमय छ त्यसैले भगवान् हिरण्यनाभ हुनुहुन्छ । अथवा हितकर रमणीय नाभि भएकाले भगवान्लाई हिरण्यनाभ भनिएको हो ।

१९५) सुतपाः

नरनारायणत्वेन सुचिरं तपते सते ।
तुभ्यं सुतपसे भूमन् ! भूयो भूयो नतिर्मम ॥१९५॥

अर्थ

नर र नारायणका (ऋषि अवतारका) रूपमा धेरै कालसम्म तपस्या गर्ने, एवं सत्स्वरूप (सज्जन) भएका हुनाले सुतपा नाम गरेका हे भूमन् (विभु + व्यापक स्वरूप भएका) तपाईंलाई मेरो वारम्वार नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

नर-नारायणको अवतारको रूपमा भगवान्ले बदरिकाश्रममा दीर्घकालसम्म तपस्या गरेको पुराणमा प्रसिद्ध छ। कृष्ण र अर्जुन नै नर-नारायणका अवतार मानिन्छन्। बदरिका आश्रममा नर-नारायणका रूपले सुन्दर तप गर्नु हुन्छ त्यसैले वहाँको नाम सुतपा भयो। मन र इन्द्रियहरूको एकाग्रता नै परम तपस्या हो।

१९६) पद्मनाभः

यस्य नाभेरुदभवल्लोकपद्मं महत्तमम्।
तस्मै ते पद्मनाभाय नतिरस्तु मुहुर्मुहुः ॥१९६॥

अर्थ

जसको नाभिवाट महत्तम लोकपद्मरूपी कमलको उत्पत्ति भयो तिनै पद्मनाभ गरेका तपाईंलाई बारम्बार नमस्कार छ।

टिप्पणी

पद्ममिव नाभिः अस्य स पद्मनाभः। पद्म जस्तो राम्रो बाटुलो नाभि छ जसको ती पद्मनाभ हुन्। अथवा सबैका हृदयपद्मको नाभि मध्यमा प्रकाशित हुनाले भगवान् पद्मनाभ हुनुहुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१९७) प्रजापतिः

स्वजातायाः प्रजाः सर्वाः पाति योगैर्यथोचितम् ।
तस्मै बद्धाञ्जलि प्रजापतये ते नमो नमः ॥१९७॥

अर्थ

जसले आफूबाट उत्पन्न सम्पूर्ण प्रजाहरूको (योगरूपी ऐश्वर्यद्वारा) यथोचित रूपले पालन गर्नुहुन्छ तिनै प्रजापति नामका भगवान् तपाईंलाई बद्धाञ्जलि (हात जोडेर) बारम्बार नमस्कार छ ।

टिप्पणी

प्रजानां पतिः प्रजापतिः । भगवान् प्रजाहरूका पति अर्थात् पिता हुनुहुन्छ त्यसैले भगवान्लाई प्रजापति भनिएको हो ।

१९८) अमृत्युः

सर्वसंहारको मृत्युर्यस्माद्भीतः पलायते ।
अमृत्यवे नमस्तस्मै नतमौलेः कृताञ्जलेः ॥१९८॥

अर्थ

सबैको संहार गर्ने भएको मृत्यु जसदेखि डराएर पलायन गर्छ, तिनै अमृत्यु नाम गरेका भगवान्लाई मस्तक झुकाएको तथा हात जोडेको मेरो नमस्कार छ ।

टिप्पणी

मृत्यु भनेको विनाश हो, त्यो मृत्यु अर्थात् विनाशका कारण नहुनाले भगवान् अमृत्यु हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१९९) सर्वदृक्

कृतं करिष्यमाणं च यः पश्यति शरीरिणाम् ।
सर्वं कर्म नमस्तस्मै मुहुः सर्वदृशे नमः ॥१९९॥

अर्थ

जसले प्राणीमात्रले गरेको र गरिने भएको सम्पूर्ण कर्मलाई देख्दछ तिनै सर्वदृक् (सबै कुरा देख्ने) नाम गरेका भगवान्लाई मेरो बारम्बार नमस्कार छ ।

टिप्पणी

सर्वं पश्यतीति सर्वदृक् । यस व्युत्पत्ति अनुसार आफ्नो स्वाभाविक ज्ञानले भगवान्ले प्राणीहरूका सबै कर्महरू कृत (गरिएका) र अकृत भविष्यमा गरिने सबैलाई स्वाभाविक ज्ञानले देख्नुहुन्छ त्यसैले वहाँको नाम सर्वदृक् हो ।

२००) सिंहः

परप्राणापहरणप्रवणानेव हिंसते ।
परैरनभिभूताय सिंहाय शतशो नमः ॥२००॥

अर्थ

अर्काको प्राण अपहरण गर्नमा प्रवण (कुशल) भएकाहरूको नै हिंसा गर्ने भएका, पर अर्थात् अन्य कसैवाट पनि पराजित नभएका त्यसैले सिंह नाम गरेका भगवान्लाई शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

जसले हिंसा गर्छ त्यो सिंह हो । भगवान्ले दुष्टहरूको हिंसा गर्नुहुन्छ त्यसैले वहाँ सिंह हुनुहुन्छ । (हिनस्तीति सिंहः) (पृषोदरादित्वात् वर्णविपर्ययः) ।

सहस्रनामविवृतौ कुलचन्द्रकृताविदम् ।
द्वितीयं शतकं प्राप पूर्णतां कृपया हरेः ॥

सहस्रनामको विवृति अर्थात् व्याख्यामा कुलचन्द्रको कृतिको यो द्वितीयशतक भगवान्का कृपाले पूर्ण भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२०१) सन्धाता

नानाविधैः कर्मफलैर्लोकान्तरगतानपि ।
देहिनः सन्दधानाय सन्धात्रे शतशो नमः ॥२०१॥

अर्थ

नाना प्रकारका कर्मफलले लोकान्तर (भिन्न लोकमा) गएका, प्राणीहरूलाई पनि कर्मफलले सन्धान अर्थात् जोडदिने भएका सन्धाता नामका भगवान्‌लाई शतशः नमस्कार छ ।

२०२) सन्धिमान्

लोकान्तरगतायाऽपि जीवरूपेण तैः फलैः ।
सर्वैः सन्धीयमानाय सते सन्धिमते नमः ॥२०२॥

अर्थ

(प्राणीहरू) जीवरूपले लोकान्तरमा गएको भए ता पनि सवैद्वारा आफूले गरेका ती कर्मका फलहरूले सन्धीयमान भएका (जोडिने भएका) सत्स्वरूप भएका, सन्धिमान् नाम गरेका भगवान्‌लाई नमस्कार छ ।

टिप्पणी

सर्वव्यापक हुनाले जीवरूपमा पनि भगवान् नै हुनुहुन्छ । र त्यसरूपमा लोकान्तर गमनकर्ता पनि भगवान् नै हुनुभयो । मृत्युलोकमा गरिएका कर्मका फलहरूसित सन्धीयमान अर्थात् जोडिने पनि भगवान् नै हुनुहुन्छ। त्यसैले भगवान् सन्धिमान् हुनुहुन्छ ।

वास्तवमा फलका भोक्ता पनि उनै भगवान् नै हुन् । कर्मफलसँग भगवान्‌को नै सन्धि (संयोग) हुन्छ, त्यसैले भगवान् सन्धिमान् हुनुहुन्छ । (सन्धिः अस्यास्तीति सन्धिमान्) अर्थात् संयोग छ जसको, त्यो सन्धिमान अर्थात् भगवान् हो भन्ने यसको व्युत्पत्ति हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२०३) स्थिरः

सगुणत्वे शरीरेण स्थैर्यमाश्रयते युधि ।
निर्गुणत्वे स्वभावेन स्थिराय भवते नमः ॥२०३॥

अर्थ

सगुण रूपको शरीरले युद्धमा स्थैर्य अर्थात् स्थिरताको आश्रय गर्ने, स्वभावैले निर्गुण (गुणरहित) भएका त्यसैले स्थिर नाम गरेका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

भगवान्ले सगुण रूपको शरीर धारण गर्नुहुन्छ र युद्धमा स्थिर रहनुहुन्छ त्यसैले वहाँको स्थिर नाम भयो तर भगवान्को वास्तविक स्वरूप त निर्गुण नै हो त्यसैले वहाँ स्थिर हुनुहुन्छ ।

२०४) अजः

गच्छते सकलाँल्लोकान् क्षिपते दुर्जनानपि ।
नमस्तुभ्यमजायाऽस्तु जन्मना रहिताय च ॥२०४॥

अर्थ

सम्पूर्ण लोकहरूमा जाने, एवं दुर्जनहरूलाई फाल्ने, र जन्मले रहित भएका यस्ता अज नाम गरेका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

अज शब्द अज् गतिक्षेपणयोः धातुवाट बनेको हो । **अजतीति अजः, अर्थात्** सवै ठाउँमा जान सक्छ र दुर्जनहरूलाई फाल्छ त्यो अज हो । **न जायते**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इति अजः यस विग्रहमा जन धातुदेखि ड प्रत्यय गरेर अज शब्द बन्दछ, नञ् समास गरेपछि पनि अज शब्द बन्दछ । त्यसैले सम्पूर्ण लोकमा जाने भएका, दुर्जनहरूलाई फाल्ने भएका र जन्मले रहित भएका अज नाम गरेका भगवान्लाई नमस्कार भनिएको हो ।

भगवान् भक्तका हृदयमा जानुहुन्छ । त्यसैले भगवान् अज हुनुहुन्छ र भगवान् असुरादि दुष्टहरूलाई फाल्नुहुन्छ ।

२०५) दुर्मर्षणः

सर्वैरसह्यमानाय प्रबलैरपि सङ्गरे ।
दुर्मर्षणाय भगवन् ! भवतेऽस्तु मुहुर्नमः ॥२०५॥

अर्थ

युद्धमा प्रवल भएका पनि सबैद्वारा (दुष्टहरूद्वारा) असह्य भएका त्यसैले दुर्मर्षण नाम गरेका हे भगवान् तपाईंलाई बारम्बार नमस्कार छ ।

टिप्पणी

मर्षण अर्थात् सहन गर्न नसकिनेलाई दुर्मर्षण भनिन्छ । दानव इत्यादिद्वारा भगवान्को मर्षण गर्न सकिंदैन अतः भगवान् दुर्मर्षण हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२०६) शास्ता

गर्भे शयानं पुरुषं दुर्वृत्ताँश्चेतरान् जनान् ।
शासतेऽप्रतिघाताय शास्त्रे तुभ्यं नमो नमः ॥२०६॥

अर्थ

गर्भमा शयन गर्ने भएका पुरुषलाई एवं अन्य दुर्वृत्त (दुष्ट चरित्र) जनहरूलाई शासन गर्ने भएका र अप्रतिघात (कसैले रोक्न नसकिने) भएका शास्ता नाम गरेका तपाईं भगवान्लाई बारम्बार नमस्कार छ ।

टिप्पणी

गर्भमा बसेकालाई शासन गर्नुको अर्थ त्यसलाई ज्ञान दिनु वा उपदेश दिनु हो । श्रुतिस्मृति इत्यादिद्वारा सबैलाई अनुशासित गर्नुहुन्छ त्यसैले भगवान् शास्ता हुनुहुन्छ ।

२०७) विश्रुतात्मा

सत्यज्ञानानन्दमयं स्वरूपं यस्य विश्रुतम् ।
तादृशाय सते शश्वन्नमस्ते विश्रुतात्मने ॥२०७॥

अर्थ

सत्य, ज्ञान र आनन्दमय स्वरूप जसको विश्रुत (प्रसिद्ध) छ त्यस्ता सत्स्वरूप भएका विश्रुतात्मा नाम गरेका तपाईंलाई सदैव नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२०८) सुरारिहा

धर्मरक्षार्थमखिलानपथेन प्रधावतः ।
सुरारातीन् हतवते सुरारिघ्ने नमो नमः ॥२०८॥

अर्थ

कुमार्गमा लागेका सबै देवताहरूका शत्रुहरूलाई धर्मरक्षाको निमित्त मार्ने भएका सुरारिहा नाम गरेका भगवान्लाई नमस्कार छ ।

टिप्पणी

(सुराणाम् अरयः सुरारयः, तान् हन्तीति सुरारिहा) सुर अर्थात् देवताहरूका अरि शत्रुहरूलाई मार्ने भएका हुनाले भगवान् सुरारिहा हुनुहुन्छ ।

२०९) गुरुः

हिताय सर्वजगतां सर्वविद्योपदेशिने ।
महत्तमाय पूज्याय गुरवे ते नमो नमः ॥२०९॥

अर्थ

सम्पूर्ण संसारको हितका निमित्त, सम्पूर्ण विद्याको उपदेश दिने भएका महत्तम (अत्यन्त ठूला) तथा पूज्य गुरु नामका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

सम्पूर्ण विद्याको उपदेश दिने भएका हुनाले र सबैका जनक (पिता) भएका हुनाले भगवान् गुरु हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२१०) गुरुतमः

विधिमुख्यानपि गुरून् शासतेऽनन्तशक्तये ।
प्रणामाः शतशः सन्तु तुभ्यं गुरुतमाय मे ॥२१०॥

अर्थ

ब्रह्मादि मुख्य गुरुहरूलाई पनि शासन (उपदेश) गर्ने तथा अनन्त शक्ति भएका गुरुतम नाम गरेका तपाईंलाई शतशः प्रणाम छ ।

टिप्पणी

ब्रह्मा आदिलाई पनि ब्रह्मविद्या प्रदान गर्ने र गुरुका पनि गुरु हुनाले भगवान् गुरुतम हुनुहुन्छ । उपनिषद्ले पनि भनेको छ - **यो ब्रह्माणं विदधाति पूर्वं, यो वै वेदाँश्च प्रहिणोति तस्मै** । श्वेताश्व. ६।१८।

२११) धाम

आधाररूपाय सते तेजोरूपेण तिष्ठते ।
तीर्थरूपेण वसते तुभ्यं धाम्ने नमो नमः ॥२११॥

अर्थ

(सबैका) आधाररूप भएका, सत्स्वरूप भएका एवं सदैव तेजोरूपले (प्रकाशरूपले) रहने तथा तीर्थरूपले पनि रहने भएका (तीर्थलाई पनि धाम भनिन्छ र आश्रयलाई पनि धाम भनिन्छ) त्यसैले धाम नाम गरेका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२१२) सत्यः

सत्यनाम्ने सत्यधाम्ने सत्यवाचे दिवानिशम् ।
सत्यैकरुचये तुभ्यं सत्याय शतशो नमः ॥२१२॥

अर्थ

सत्य नाम भएका, सत्य नै धाम (आधार) भएका, दिन रात सत्यवचन नै बोल्ने, सत्य एक मात्र रुचि भएका, त्यसैले सत्य नाम गरेका तपाईंलाई शतशः नमस्कार छ ।

टिप्पणी

'सत्यव्रतं सत्यपरं त्रिसत्यं, सत्यस्य योनिं निहितञ्च सत्ये ।
सत्यस्य सत्य मृत सत्ययोनिं सत्यात्मकं त्वां शरणं प्रपन्नाः ॥
श्रीमद्भागवत १०।२।२६।

अर्थात् - सदा सर्वदा सत्य नै व्रत छ जसको, परं सत्य स्वरूप भएका, त्रिकाल-भूत, वर्तमान र भविष्यमा पनि सत्य नै भएका, सत्यका पनि योनि (आधार) भएका र स्वयं पनि सत्यका नै आधार भएका, सत्यका पनि सत्य भएका अर्थात् भगवान्का आश्रयले नै सत्य पनि सत्य बन्दछ । ऋत र सत्य जसका योनि अर्थात् उत्पत्तिस्थल हुन्, व्यावहारिक सत्य र पारमार्थिक सत्यस्वरूप भई, सत्य नै स्वरूप भएका तपाईंका शरणमा आएका छौं ।

२१३) सत्यपराक्रमः

परानाक्रममाणाय स्वेन सत्येन हेतुना ।
तुभ्यं सदा सत्यपराक्रमाय शतशो नमः ॥२१३॥

अर्थ

आफ्नो सत्य हेतुले गर्दा अरु पर (दुष्टहरू) लाई आक्रमण गर्ने भएका, त्यसैले सत्यपराक्रम नाम गरेका तपाईंलाई सदा शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

जसको पराक्रम सत्य अर्थात् अमोघ छ ती भगवान् सत्यपराक्रम हुनुहुन्छ ।

२१४) निमिषः

उपसंहरते विश्वं दृक्संकोचेन सर्वतः ।
निमिषाय नमस्तुभ्यं स्वैरलीलाविहारिणे ॥२१४॥

अर्थ

आफ्नो दृक् सङ्कोच (आँखा चिम्लनु) मात्रले सर्वतः विश्वको उपसंहार गर्ने भएका त्यसैले निमिष नाम गरेका, स्वेच्छया लीला विहार गर्ने भएका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

योग निद्रामा रत भएका भगवान्का नेत्र निमिष (चिम्लिएका) हुन्छन् त्यसैले भगवान् निमिष हुनुहुन्छ ।

२१५) अनिमिषः

उन्मेषेण दृशो विश्वमाविर्भावयते पुनः ।
तस्मा अनिमिषायाऽस्तु नमः स्वाच्छन्द्यशालिने ॥२१५॥

अर्थ

नेत्रको उन्मेषले (आँखा उघार्नाले) विश्वलाई पुनः आविर्भाव (सृष्टि/प्राकट्य) गर्ने, स्वच्छन्द त्यसैले अनिमिष नाम गरेका तपाईं भगवान्लाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

नित्य नै प्रवुद्ध रूप हुनाले भगवान् अनिमिष हुनुहुन्छ । भगवान् कहिल्यै सुत्नुहुन्न । अथवा मत्स्यरूपमा भगवान् आँखा चिम्लिनुहुन्न त्यसैले भगवान् अनिमिष हुनुहुन्छ । अथवा आत्मारूप हुनाले पनि भगवान् अनिमिष हुनुहुन्छ ।

२१६) स्रग्वी

वैजयन्तीं महामालां भूततन्मात्रविग्रहाम् ।
सर्वर्तुकुसुमैः सिद्धां बिभ्रते स्रग्विणे नमः ॥२१६॥

अर्थ

पञ्चभूतको तन्मात्रा रूप भएको सबै ऋतुका पुष्पहरूले सिद्ध वैजयन्ती महामालालाई धारण गर्ने स्रग्वी नाम गरेका भगवान्लाई नमस्कार छ ।

टिप्पणी

(**स्रक् अस्यास्तीति स्रग्वी तस्मै स्रग्विणे**) स्रज् शब्ददेखि स्रग्वी सिद्ध हुन्छ ।)

स्रज् भनेको माला हो । त्यही वैजयन्ती माला धारण गर्ने भएका हुनाले भगवान्लाई स्रग्वी भनिन्छ । भूत तन्मात्रारूप वैजयन्तीमाला धारण गर्नुहुन्छ त्यसैले भगवान् स्रग्वी हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२१७) वाचस्पतिरुदारधीः

धीर्यस्य परमोदारा यश्च वाचां पतिः प्रभुः ।
स नम्यते साञ्जलिना वाचस्पतिरुदारधीः ॥२१७॥

अर्थ

जसको बुद्धि परम उदार छ तथा जो वाणीका स्वामी हुनुहुन्छ, तिनै वाचस्पतिरुदारधी नाम गरेका भगवान्लाई साञ्जलि हात जोडेर नमस्कार गरिन्छ ।

टिप्पणी

भगवान् वाक् अर्थात् विद्याका पति हुनाले वाचस्पति हुनुहुन्छ, भगवान् र भगवान्को बुद्धि सर्व पदार्थको प्रत्यक्ष दर्शन गर्छ त्यसैले वहाँ उदारधी पनि हुनुहुन्छ । यसरी वाचस्पतिरुदारधी एउटै नाम हो ।

२१८) अग्रणीः

अग्रं नयति यः सर्वान् मुमुक्षून् साधुसाधनान् ।
करोमि तस्मै साह्लादमग्रण्ये शतशो नमः ॥२१८॥

अर्थ

जसले राम्रो (शुद्ध) साधन भएका सबै मुमुक्षुहरूलाई अघि लैजानुहुन्छ (मोक्षतिर लैजानुहुन्छ) तिनै अग्रणी नाम गरेका भगवान्लाई आह्लाद (प्रसन्नता) पूर्वक शतशः नमस्कार गर्छु ।

टिप्पणी

भगवान्ले मुमुक्षुहरूलाई अग्र अर्थात् उत्तमपद मोक्षमा लैजानुहुन्छ त्यसैले भगवान् अग्रणी हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२१९) ग्रामणीः

भूतग्रामं नयति यः स्वाभीष्टं प्रति सर्वतः ।
नमोऽस्तु सततं तस्मै ग्रामण्ये पुण्यकीर्तये ॥२१९॥

अर्थ

जसले सम्पूर्ण प्राणीलाई सबैतिरबाट आफूले चाहे अनुसारको लक्ष्यतिर लैजानुहुन्छ, त्यस्ता पुण्यकीर्ति भएका तिनै ग्रामणी नामका भगवान्लाई निरन्तर नमस्कार छ ।

टिप्पणी

भूतग्राम (प्राणीमात्र)को नेतृत्व गर्नाले भगवान् ग्रामणी हुनुहुन्छ ।

२२०) श्रीमान्

प्रशंसनीयां महतीं विपुलामनपायिनीम् ।
श्रियं धारयते धाम्नि श्रीमते भवते नमः ॥२२०॥

अर्थ

अत्यन्त प्रशंसनीय तथा अत्यधिक विशाल, कहिल्यै नाश नहुने लक्ष्मीलाई आफ्ना धाममा (वैकुण्ठमा) धारण गर्ने श्रीमान् नामका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

भगवान्को श्री अर्थात् कान्ति सबैलाई जित्नेवाला छ त्यसैले भगवान् श्रीमान् हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२२१) न्यायः

अशिष्टैरनभीष्टाय शिष्टैरिष्टाय सन्ततम् ।
नमो न्यायाय जगतां सुव्यवस्थाविधायिने ॥२२१॥

अर्थ

अशिष्टहरूबाट अनभीष्ट (दुर्जनद्वारा नरुचाइएका), शिष्टहरूलाई इष्ट भएका (सज्जनहरूले सर्वदा रुचाइएका) जगत्को सुव्यवस्थाको विधान गर्ने, न्याय नामका भगवान्लाई नमस्कार छ ।

टिप्पणी

प्रमाण (प्रत्यक्षादि) हरूलाई अनुग्रह गर्ने र अभेद बोध गर्ने तर्कलाई न्याय भनिन्छ । त्यसैले भगवान्को नाम न्याय हो ।

२२२) नेता

ग्रहनक्षत्रपर्जन्यप्रभृतीनामनारतम् ।
नियन्त्रणं विदधते नेत्रे तुभ्यं नमो नमः ॥२२२॥

अर्थ

ग्रह, नक्षत्र, मेघ इत्यादिलाई निरन्तर नियन्त्रण गर्ने नेता नाम गरेका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

जगत्रूपी यन्त्रलाई निर्वाह गर्ने अर्थात् चलाउने हुनाले (जगद्यन्त्रका संचालक हुनाले) भगवान् नेता हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२२३) समीरणः

भूतग्रामवपुर्यन्त्रप्रचालनपटीयसे ।
समीरणाय भवते नमः कायप्रवर्तिने ॥२२३॥

अर्थ

भूतग्राम (शरीर) रूपी यन्त्रलाई प्रचलनरूपी कर्ममा पटु (कुशल) भएका, त्यसैले समीरण नाम गरेका एवं शरीरलाई प्रवृत्त (सञ्चालन) गर्ने भएका समीरण नामका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

(सम्यक् ईरयतीति समीरणः) समीरण वायुको नाम हो, सञ्चालन गर्ने काम वायुको हो, प्राणवायुले नै हाम्रो शरीरलाई सञ्चालन गर्छ, त्यसैले शरीरको सम्यक् सञ्चालन गर्ने हुनाले भगवान् समीरण हुनुहुन्छ ।

२२४) सहस्रमूर्धा

वैराजं वपुरादाय स्वानन्देन विराजते ।
सहस्रमूर्ध्ने भवते शतशोऽस्तु नमस्कृतिः ॥२२४॥

अर्थ

विराट् (विशाल) शरीर लिएर आफ्ना आनन्दले विराजमान भएका त्यसैले सहस्रमूर्धा नाम गरेका तपाईं भगवान्लाई शतशः नमस्कार छ ।

टिप्पणी

भगवान्का हजारौं मूर्धा अर्थात् शिर छन् त्यसैले भगवान् सहस्रमूर्धा हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२२५) विश्वात्मा

जने जने निवसते जानते च हिताहिते ।
विश्वात्मने नमस्तुभ्यमस्तु मे विहिताञ्जलेः ॥२२५॥

अर्थ

जन-जनमा निवास गर्ने, हितअहितलाई पनि जान्ने (त्यसैले) विश्वात्मा (विश्वका नै आत्मा) नाम गरेका तपाईं भगवान्लाई करबद्ध नमस्कार छ ।

२२६) सहस्राक्षः

सहस्रशीर्ष्णे भवते वैराजं वपुरीयुषे ।
पुरन्दरत्वे च सते सहस्राक्षाय ते नमः ॥२२६॥

अर्थ

विराट् शरीर धारण गरेका त्यसैले सहस्र शिर अर्थात् अनन्तशिर भएका र अनन्त नेत्र पनि भएका तथा पुरन्दर (इन्द्रका) रूपमा रहेर पनि सहस्र नेत्र भएका सहस्राक्ष नाम गरेका सत्स्वरूप तपाईं भगवान्लाई नमस्कार छ ।

टिप्पणी

हजारौं नेत्र हुनाले भगवान् सहस्राक्ष हुनुहुन्छ अथवा सहस्र अक्ष (इन्द्रिय) हुनाले पनि भगवान् सहस्राक्ष हुनुहुन्छ । **'सहस्राणि अक्षीणि यस्य अथवा सहस्राणि अक्षाणि यस्य सः'** भन्दा सहस्राक्ष शब्द बन्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२२७) सहस्रपात्

अपदेऽपि सते लीलामालम्ब्य स्थातुमिच्छते ।
महते साञ्जलि सहस्रपदे भवते नमः ॥२२७॥

अर्थ

पाद (चरण) नभए पनि लीलालाई आलम्बन गरेर रहने त्यसैले सहस्रपात् नाम गरेका महान् तपाईंलाई बद्धाञ्जलि नमस्कार छ ।

टिप्पणी

भगवान्का सहस्रपाद (अनन्तचरण) छन्, त्यसैले भगवान् सहस्रपाद हुनुहुन्छ । वेदमा पनि "**सहस्रशीर्षा पुरुषः सहस्राक्षः सहस्रपात्**" अर्थात् भगवान्का अनन्त शिर, अनन्त आँखा र अनन्त पाउ (चरण) छन् भनिएको छ ।

२२८) आवर्तनः

संसारचक्रमेतद्यः समावर्तयतेऽनिशम् ।
तस्मा आवर्तनायाऽद्य नतिमावर्तयाम्यहम् ॥२२८॥

अर्थ

जसले यो संसार चक्रलाई निरन्तर समावर्तन (घुमाउने कार्य) गर्छ, त्यसैले तिनै आवर्तन नाम गरेका भगवान्लाई म आज नमस्कारको आवर्तन गर्छु अर्थात् अर्पण गर्छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

भगवान्‌को स्वभाव संसारचक्रको आवर्तन गर्नेवाला (घुमाउनेवाला) छ, त्यसैले भगवान् आवर्तन हुनुहुन्छ ।

२२९) निवृत्तात्मा

यस्याऽऽत्मा विनिवृत्तोऽस्ति बन्धात्सांसारिकात्सदा ।
स पूर्णकामो भगवान् निवृत्तात्मा नमस्यते ॥२२९॥

अर्थ

जसको आत्मा सांसारिक बन्धनबाट सदा निवृत्त (मुक्त) छ, ती पूर्णकाम निवृत्तात्मालाई नमस्कार गरिन्छ ।

२३०) संवृतः

सतेऽपि परिपूर्णाय मायाच्छादितलोचनैः ।
अनालोच्याय भवते संवृताय नमो नमः ॥२३०॥

अर्थ

सत्स्वरूप भए पनि, परिपूर्ण भए पनि मायाले छोपिएका आँखा भएकाहरूले नदेखिने भएका त्यसैले संवृत नाम भएका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

आच्छादन गर्ने (ढाक्ने) अविद्या (मायाद्वारा) संवृत (छोपिएको) हुनाले भगवान् संवृत नामका हुनुहुन्छ । मायाले ढाकिएका हुनाले भगवान्‌लाई कसैले देख्न सक्दैनन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२३१) सम्प्रमर्दनः

साधूनर्दयतः सर्वान् दुष्टान् मर्दयते भृशम् ।
तुभ्यं मुहुः संप्रमर्दनाय नित्यं नमो नमः ॥२३१॥

अर्थ

साधुहरूलाई पीडा (कष्ट) दिने भएका सबै दुष्टहरूलाई अत्यन्त मर्दन (नाश) गर्ने भएका हुनाले सम्प्रमर्दन नाम गरेका तपाईंलाई बारम्बार नित्य नमस्कार छ ।

टिप्पणी

भगवान् आफ्ना रुद्र-काल आदि विभूतिहरूद्वारा सबैतिरबाट दुष्टहरूलाई अर्दन (नाश/पीडा) गर्नुहुन्छ त्यसैले भगवान् सम्प्रमर्दन हुनुहुन्छ ।

२३२) अहःसंवर्तकः

पीडां तमिस्रजां हर्तुमजस्रं धावते सते ।
नमोऽस्तु नित्यं भगवन्नहःसंवर्तकाय ते ॥२३२॥

अर्थ

रात्रिको (अन्धकारजन्य) पीडालाई हरण गर्नका लागि (दिनको प्रवर्तन गर्ने भएका) निरन्तर धावन गर्ने (दौडने) सत्स्वरूप तपाईं अहःसंवर्तक नाम गरेका भगवान्लाई नित्य नमस्कार छ ।

टिप्पणी

सम्यक् रूपले दिनका प्रवर्तक हुनाले भगवान् सूर्य अहःसंप्रवर्तक हुनुहुन्छ. र सूर्यलाई पनि प्रवर्तन भगवान्बाटै हुने हुनाले भगवान् पनि अहःसम्प्रवर्तक हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२३३) वह्निः

जाठरायाऽऽरणेयाय दुरपह्नवशक्तये ।
नमोऽस्तु वह्नये तुभ्यमजस्रं वहते हविः ॥२३३॥

अर्थ

जठराग्नि (पेटको अग्नि) को रूपमा एवं दवानल (वनको डढेलो) को रूपमा रहेको हुनाले रोक्न नसकिने शक्ति भएका एवं निरन्तर हविको वहन गर्ने भएका वह्नि नाम भएका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

वह्निका रूपमा भगवान्ले यजमानद्वारा अग्निमा प्रक्षिप्त हविलाई वहन गरेर देवता समक्ष पुऱ्याउने काम गर्नुहुन्छ । (वहतीति वह्निः) जसले चरु वा पुरोडाश वहन गर्छ त्यसलाई वह्नि भनिन्छ । हविको वहन गर्ने हुनाले भगवान् वह्नि हुनुहुन्छ ।

२३४) अनिलः

जीवानानयते सर्वान् मेघादींश्च यतस्ततः ।
अनिलाय नमस्तुभ्यं प्राणाय पवनाय च ॥२३४॥

अर्थ

सबै जीवहरूलाई एवं मेघ (बादल) हरूलाई पनि जहाँतहींबाट ल्याउनुहुन्छ, यो काम अनिल अर्थात् वायुले गर्छ त्यसैले अनिल नाम गरेका प्राणस्वरूप र पवनस्वरूप तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

जीवहरूलाई प्राणरूपले र मेघ (वादल) इत्यादिहरूलाई पवनरूपले भगवान्ले जहाँतहीवाट ल्याउनुहुन्छ । कुनै निलय (निश्चित निवासस्थान) नहुनाले भगवान् अनिल हुनुहुन्छ । अथवा अनादि हुनाले भगवान् अनिल हुनुहुन्छ, अथवा अनादान = ग्रहण नगर्नाले नै भगवान् अनिल हुनुहुन्छ । अथवा अनन अर्थात् चेष्टा गर्नाले भगवान् अनिल हुनुहुन्छ ।

२३५) धरणीधरः

शेषकूर्मादिरूपेण धरते धरणीं सदा ।
तुभ्यं सभक्ति धरणीधराय शतशो नमः ॥२३५॥

अर्थ

शेष (शेषनाग) कूर्म (कच्छपावतार) आदि रूपले सदा धरणी (पृथ्वी) लाई धारण गर्ने धरणीधर नाम गरेका तपाईंलाई सभक्ति शतशः नमस्कार छ ।

टिप्पणी

शेष र दिग्गज आदि रूपले अथवा वराहरूपले भगवान्ले पृथ्वीलाई धारण गर्नुहुन्छ त्यसैले धरणीधर हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२३६) सुप्रसादः

पत्रपुष्पादिभिस्तुच्छैर्वस्तुभिः प्रीतिमृच्छते ।
सुप्रसादाय ते स्वामिन् ! ममाऽस्तु शतशो नमः ॥२३६॥

अर्थ

पत्र, पुष्प आदि तुच्छ (स्याना/सामान्य) वस्तुहरूद्वारा प्रीति अर्थात् प्रसाद प्राप्त गर्ने भएका, त्यसैले सुप्रसाद नाम गरेका हे स्वामी तपाईंलाई मेरो शतशः नमस्कार छ ।

टिप्पणी

शोभन (रमणीय) प्रसाद अर्थात् प्रसन्नता/कृपा जसको छ त्यो सुप्रसाद हो । अपकार गर्नेवाला शिशुपाल इत्यादिलाई पनि मोक्ष प्रदान गर्ने भएका हुनाले भगवान् सुप्रसाद हुनुहुन्छ ।

२३७) प्रसन्नात्मा

आप्तकामः स भगवान् करुणावरुणालयः ।
प्रतीच्छतु प्रसन्नात्मा प्रणतीः प्रणयार्पिताः ॥२३७॥

अर्थ

आप्तकाम (पूर्णकाम) भएका हुनाले कामनारहित ती भगवान् करुणावरुणालय (दयाका सागर) हुनुहुन्छ । त्यसैले प्रसन्नात्मा नाम गरेका ती भगवान् प्रणय (प्रेम) पूर्वक अर्पित नमस्कारहरू स्वीकार गरून् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

रजोगुण र तमोगुणद्वारा भगवान्‌को अन्तःकरण दूषित छैन । त्यसैले भगवान् प्रसन्नात्मा हुनुहुन्छ । अथवा करुणाले आर्द्र (कोमल) स्वभाव हुनाले पनि भगवान् प्रसन्नात्मा हुनुहुन्छ । अथवा प्रसन्नस्वभाव हुनाले भगवान् कारुणिक हुनुहुन्छ, वा सबै प्रकारका कामनाहरू वहाँलाई प्राप्त छन् त्यसैले भगवान् प्रसन्नात्मा हुनुहुन्छ ।

२३८) विश्वधृग्

अनन्यलभ्यं प्रागल्भ्यं दधते विश्वधारणे ।
समर्हणीयकृतये तुभ्यं विश्वधृषे नमः ॥२३८॥

अर्थ

विश्वलाई धारण गर्ने अनन्यलभ्य (अर्काले प्राप्त गर्न नसकिने) प्रगल्भता (धृष्टता) धारण गर्ने भएका, समर्हणीय कृति (पूज्य कार्य) भएका विश्वधृग् नाम गरेका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

'विश्वं धृष्णोतीति विश्वधृग्' - ञिधृषा प्रागल्भ्ये धातुबाट विश्वधृग् शब्द बन्दछ । प्रगल्भता (धृष्टता) पूर्वक जसले विश्वलाई धारण गर्दछ त्यो विश्वधृग् हो । त्यो अरू कसैले पनि गर्न सक्दैन । यो कार्य अत्यन्त प्रशंसनीय (अर्हणीय) हो । त्यस्तो विश्वधारणरूप कार्य गर्ने हुनाले भगवान्‌लाई विश्वधृग् भनिएको हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२३९) विश्वभुक्

स्थितौ विश्वं भुञ्जते च भुञ्जानाय च संहृतौ ।
अनश्वरप्रभावाय तुभ्यं विश्वभुजे नमः ॥२३९॥

अर्थ

विश्वको स्थिति (पालन) कालमा विश्वलाई भोग्नुहुन्छ अर्थात् पालन गर्नुहुन्छ । संहारकालमा विश्वलाई भक्षण गर्नुहुन्छ । यस्तो अनश्वर (नष्ट नहुने) प्रभाव भएका विश्वभुक् नाम गरेका तपाईं भगवान्‌लाई नमस्कार छ ।

टिप्पणी

भुज् पालनाभ्यवहारयोः धातुसंग विश्वपदलाई जोडेर विश्वभुक् बन्दछ । त्यसैले विश्वलाई पालन गर्ने र विश्वलाई भक्षण गर्ने दुवै अर्थ हुन्छ । स्थितिकालमा भगवान्‌ले विश्वलाई पालन गर्नुहुन्छ र संहारकालमा भगवान्‌ले विश्वलाई भोग गरिदिनुहुन्छ अर्थात् खानुहुन्छ । वहाँको प्रभाव अनश्वर छ कहिल्यै नष्ट हुँदैन ।

२४०) विभुः

नानारूपेण भवते जगद्व्याप्नुवते सते ।
तुभ्यं नमोऽस्तु भगवन् ! विभवे भवहेतवे ॥२४०॥

अर्थ

नाना रूपले हुने भएका एवं जगत्‌लाई व्याप्त गर्ने भएका, सत्‌रूप भएका, संसारका हेतु (कारण) भएका विभु नाम गरेका हे भगवन् तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

हिरण्यगर्भ आदि रूपले भगवान् विविध प्रकारका हुनुहुन्छ । अनेक प्रकारले जो हुन्छ त्यो विभु हो ।

२४१) सत्कर्ता

जात्याऽधमानपि सतः सात्त्विकान् भक्तिभावितान् ।
सत्कुर्वते प्रीतिपूर्वं सत्कर्त्रे हरये नमः ॥२४१॥

अर्थ

जातिले निम्न (अधम) भएका पनि सज्जन सात्त्विक र भक्तिभावनाले युक्त भएकालाई प्रीतिपूर्वक सत्कार गर्ने भएका, सत्कर्ता नाम गरेका हरिलाई नमस्कार छ ।

टिप्पणी

(सत्करोति इति सत्कर्ता) जसले अर्काको सत्कार गर्छ त्यसलाई सत्कर्ता भनिन्छ । भगवान्ले अरुको सत्कार गर्नुहुन्छ, पूजा गर्नुहुन्छ त्यसैले भगवान् सत्कर्ता हुनुहुन्छ । भगवान् रामले वशिष्ठ आदि ऋषिहरूको सत्कार गर्नुहुन्थ्यो ।

२४२) सत्कृतः

नमद्भिश्च स्तुवद्भिश्च सुरासुरनरोरगैः ।
महत्तरैरपि सदा सत्कृताय नमो नमः ॥२४२॥

अर्थ

सुर-असुर, नर, नाग आदि ठूला-ठूलाहरूले पनि नमस्कार र स्तुतिद्वारा सत्कार गरिएका सत्कृत नाम गरेका भगवान्लाई नमस्कार छ, नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२४३) साधुः

प्राणिमैत्रीपवित्राणां चरणार्पितचेतसाम् ।
मनोरथान् साध्नुवते साधवे भवते नमः ॥२४३॥

अर्थ

प्राणीमात्रका प्रति मैत्रीभावनाले पवित्र भएका एवं भगवान्का चरणमा अर्पित चित्त भएका साधुहरूको मनोरथलाई साधन (पूर्ण) गर्ने भएका, त्यसैले साधु नाम गरेका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

न्यायानुकूल नै भगवान् प्रवृत्त हुनुहुन्छ त्यसैले भगवान् साधु हुनुहुन्छ । (साध्नोति परकार्यम् इति साधुः) जसले अर्काको कार्य सिद्ध गर्छ वा अरुलाई सहयोग गर्दछ त्यो साधु हो । साध्यकार्यहरूको साधन गर्नाले पनि भगवान् साधु हुनुहुन्छ । अथवा भगवान् सम्पूर्ण कार्यका उपादान कारण (साधन) हुनुहुन्छ त्यसैले भगवान् साधु हुनुहुन्छ ।

२४४) जह्नुः

अपराधं निह्नुवानान् जहते कुटिलान् जनान् ।
ऋजून् भक्तान् पालयते जह्नवे ते नमो नमः ॥२४४॥

अर्थ

अपराधलाई लुकाउने भएका, कुटिल स्वभाव भएका मानिसहरूलाई त्याग गर्ने एवं सरल स्वभावका भक्तहरूलाई पालन गर्ने जह्नु नाम गरेका तपाईं भगवान्लाई नमस्कार छ नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२४५) नारायणः

यस्यायनानि नाराणि भूतानि सकलान्यपि ।
नारायणाय तस्मै ते करोमि शतशो नमः ॥२४५॥

अर्थ

नरसम्बन्धी मनुष्यसँग सम्बद्ध सम्पूर्ण कार्यहरू एवं सम्पूर्ण भूतहरू पनि जसका अयन (स्थान) हुन् तिनै नारायण नामका तपाईं भगवान्लाई शतशः नमस्कार गर्छु ।

२४६) नरः

दयामयाय नयते निजान् भक्तान् निजं पदम् ।
नराय तुभ्यं शतशः करोमि पदयोर्नतीः ॥२४६॥

अर्थ

आफ्ना भक्तहरूलाई आफ्नै धाममा लैजाने भएका दयामय (दयाले भरिपूर्ण) नर नामका तपाईंका पाउमा शतशः नमस्कार गर्छु ।

२४७) असंख्येयः

संख्यातिगानि रूपाणि धृत्वा धारयते प्रजाः ।
असंख्यसंख्यजयिनेऽसंख्येयाय नमो नमः ॥२४७॥

अर्थ

संख्यादेखि पर भएका (असंख्य) रूप धारण गरेर प्रजाहरूको धारण (पोषण) गर्ने गणनातीत (गन्न नसकिने) युद्धलाई जित्ने भएका असंख्येय नामका तपाईं भगवान्लाई नमस्कार छ नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

जसमा संख्या छैन अर्थात् नामरूप इत्यादिको भेद छैन, ती भगवान् नै असंख्येय हुन् । (संख्यातुं योग्य: संख्येय: = न संख्येय: असंख्येय:) जसका विषयमा केही भन्न वा गणना गर्न सकिन्छ त्यो संख्येय हुन्छ, जसको बारेमा केही भन्न वा यत्ति भनेर भन्न सकिदैन ती असंख्येय अर्थात् भगवान् हुनुभयो ।

२४८) अप्रमेयात्मा

प्रत्यक्षादिप्रमाणानां यस्य रूपमगोचर: ।
अप्रमेयात्मने तस्मै ममाऽस्तु शतशो नति: ॥२४८॥

अर्थ

जसको रूप प्रत्यक्षादि प्रमाणहरूको गोचर (विषय) छैन (प्रत्यक्ष आदि प्रमाणहरूले भगवान्का रूपहरूका बारेमा केही भन्न सकिंदैन) । त्यसैले अप्रमेय आत्मा (प्रमाणहरूले अग्राह्य स्वरूप भएका) अप्रमेयात्मा ती भगवान्लाई मेरो शतश: नमस्कार छ ।

२४९) विशिष्ट:

सर्बैर्गुणै: सर्वतोऽपि सर्वदाऽप्यधिकाय ते ।
शिष्टै: सर्बैरर्हिताय विशिष्टाय नमो नम: ॥२४९॥

अर्थ

सर्वत: (चारैतिरबाट पनि) सबै गुणहरूले सर्वदा अधिक भएका तथा शिष्ट अवशिष्ट सबै कुराहरूले पूज्य भएका त्यसैले विशिष्ट नाम गरेका तपाईं भगवान्लाई नमस्कार छ, नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

विशिष्ट शब्द विशेषेण शिष्टः विशिष्टः यो अर्थ, अथवा विशेषरूपले सभ्य अथवा शिष्टेभ्यः विशेषः आदि । भगवान्ले सबैलाई जित्नुहुन्छ, सबैभन्दा विशिष्ट हुनुहुन्छ । शिष्टभन्दा पनि विशिष्ट हुनाले वहाँ विशिष्ट हुनुहुन्छ ।

२५०) शिष्टकृत्

शासनं कुर्वते लोके शिष्टत्वाधायिभक्तये ।
शिष्टाचारैकरुचये तुभ्यं शिष्टकृते नमः ॥२५०॥

अर्थ

संसारमा शासन गर्ने भएका, शिष्टत्वको आधानको नै भक्ति भएका, शिष्टाचार एक मात्र रुचि भएका अर्थात् सबैलाई शिष्ट बनाउने भएका त्यसैले शिष्टकृत् नामका तपाईं भगवान्लाई नमस्कार छ ।

टिप्पणी

शिष्ट अर्थात् शासन जसले गर्दछ त्यो शिष्टकृत् हो । अथवा भगवान्ले शिष्ट बनाउनुहुन्छ वा साधुहरूलाई पालन-पोषण गर्नुहुन्छ । यद्यपि शिष्टकृत् भन्नाले शिष्टहरू उत्पादन गर्ने अर्थ बुझिन्छ । तापनि कृ धातुको अर्थ गर्नु हो, त्यसमा सामान्य अर्थ छोडेर विशेष अर्थ पालन गर्नु भन्ने हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२५१) शुचिः

पावित्र्यपरभागाप्त्या परपावित्र्यकारिणे ।
निरञ्जनाय च सते शुचये भवते नमः ॥२५१॥

अर्थ

पवित्रताको परम (अन्तिम) भागको प्राप्तिद्वारा परलाई पवित्र गर्ने भएका, वा परम पवित्र गर्ने भएका एवं निरञ्जन (मलरहित) भएका, सत्स्वरूप भएका शुचि नाम गरेका तपाईंलाई नमस्कार छ ।

२५२) सिद्धार्थः

अर्थनीयैः समैरर्थैः समेतायैव सर्वदा ।
सिद्धार्थाय सते तुभ्यं शतशोऽस्तु नमो नमः ॥२५२॥

अर्थ

प्रार्थनीय (वाञ्छनीय) सबै अर्थ (वस्तु) हरूले सधै युक्त भएका अर्थात् सिद्ध अर्थ भएका, सत्स्वरूप भएका, सिद्धार्थ नाम गरेका तपाईं भगवान्लाई शतशः नमस्कार छ ।

टिप्पणी

भगवान्को इष्ट (चाहेको सबै कुरा) सिद्ध नै छ, त्यसैले भगवान् सिद्धार्थ हुनुहुन्छ । सत्यकामः (छा.उ. ८।७।१) भनेर भगवान्को सिद्ध अर्थ भएको वताएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२५३) सिद्धसङ्कल्पः

स्वेन सङ्कल्पमात्रेण पदार्थान् प्रचुराकृतीन् ।
सहसा सृजते सिद्धसङ्कल्पाय नमो नमः ॥२५३॥

अर्थ

आफ्ना सङ्कल्पमात्रले अनेक आकृति भएका पदार्थहरूलाई छिन भरमै सृष्टि गर्ने, सम्पूर्ण सङ्कल्प सिद्ध भएका सिद्धसङ्कल्प नाम गरेका तपाईंलाई नमस्कार छ, नमस्कार छ ।

टिप्पणी

भगवान्को सङ्कल्प सिद्ध छ अर्थात् पूर्ण छ । त्यसैले भगवान् सिद्धसङ्कल्प हुनुहुन्छ । "सत्यसङ्कल्पः" (छा.उ. ८।७।१) भनेर भगवान्लाई सिद्ध सङ्कल्प भनेको छ ।

२५४) सिद्धिदः

भजद्भ्यो विविधाः सिद्धीर्ददते च यथेप्सितम् ।
कर्मणां फलदात्रे च सिद्धिदाय नमो नमः ॥२५४॥

अर्थ

भजन (सेवा, उपासना) गर्नेहरूलाई उनीहरूले चाहेको (यथेप्सित) विविध सिद्धिहरू दिने भएका एवं कर्महरूको पनि फल दिने भएका, सिद्धिदान गर्ने भएका सिद्धिद नामका तपाईंलाई नमस्कार छ, नमस्कार छ ।

टिप्पणी

साधना गर्नेहरूलाई उनीहरूको अधिकार अनुसार सिद्धि अर्थात् फल दिनुहुन्छ । त्यसैले भगवान् सिद्धिद हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२५५) सिद्धिसाधनः

सिद्ध्यै प्रयतमानेभ्यः साधकेभ्यः शुभां धियम् ।
सप्रीति ददते सिद्धिसाधनाय नमो नमः ॥२५५॥

अर्थ

सिद्धिका निमित्त प्रयत्न गर्ने भएका साधकहरूलाई शुभ बुद्धि प्रेमपूर्वक दिने भएका (शुभबुद्धि प्राप्त गर्नाले नै साधकहरूको साधना सिद्ध हुन्छ) त्यसैले सिद्धिका साधन भएका सिद्धिसाधन तपाईंलाई नमस्कार छ, नमस्कार छ ।

२५६) वृषाही

आहाऽह्नोतिः प्राप्तिमर्थं वृषो धर्मः प्रवर्षणात् ।
वृषमह्नुवते तुभ्यं नमो नित्यं वृषाहिणे ॥२५६॥

अर्थ

अह्नोतिले प्राप्ति अर्थ बुझाउँछ । वृष = भन्नाले धर्मको वर्षा गराउने भन्ने बुझिन्छ । त्यही वृषलाई प्राप्ति गराउने हुनाले वृषाही नाम गरेका तपाईंलाई नित्य नमस्कार छ ।

टिप्पणी

ह्नुङ् अपनायने धातुबाट शितप् प्रत्यय गरेर ह्नोति बन्दछ र नञ् समास गरेर न ह्नोति अह्नोति बन्दछ । त्यसको अर्थ हो नलुकाउनु अर्थात् प्रकाशित गर्नु । वृष वर्षणे धातुबाट वृष बनेको छ । जसले वर्षा गराउँछ त्यो वृष हो । कामनाको वर्षा गर्नाले धर्म नै वृष हो, वृष अर्थात् धर्मलाई नलुकाउने (प्रकाश) गर्ने हुनाले भगवान् वृषाही हुनुहुन्छ । त्यसैगरी वृष भनेको धर्म अर्थात् पुण्य हो । त्यो नै दिन हो, प्रकाशस्वरूपतामा समानता हुनाले । त्यसैले द्वादशाह आदि यज्ञलाई वृषाह भनिन्छ । त्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वृषाह यज्ञ जसको छ त्यो वृषाही हो । द्वादशाहादि यज्ञ भगवान्मा स्थित छन् त्यसैले भगवान् वृषाही हुनुहुन्छ ।

२५७) वृषभः

वृषे कृते यो विभाति वृषत्वेन च भाति यः ।
तस्मै सर्वोपरिस्थाय वृषभाय नमो नमः ॥२५७॥

अर्थ

वृषका लागि जो प्रकाशित हुन्छ (अर्थात् धर्मका निमित्त अवतार धारण गर्छ) एवं वृषत्वेन रूपेण जो प्रकाशित हुन्छ अर्थात् धर्मका रूपमा प्रकाशित हुन्छ, सबैभन्दा माथि स्थित भएका तिनै वृषभरूप भगवान्लाई नमस्कार छ, नमस्कार छ ।

टिप्पणी

भक्तहरूका लागि भगवान् कामनाहरूको वर्षा गर्नुहुन्छ त्यसैले भगवान् वृषभ हुनुहुन्छ ।

२५८) विष्णुः

त्रेधा पदं निदधतेऽनेकशीर्ष्णेऽधिमेदिनि ।
पुरु विक्रममाणाय विष्णवे शतशो नमः ॥२५८॥

अर्थ

पृथिवीमा तीन प्रकारले पाउ (चरण) राख्ने भएका, अनेक शिर भएका, विशाल (अत्यधिक) विक्रम गर्ने भएका, विष्णु नाम गरेका तपाईंलाई शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

विष्लृ व्याप्तौ धातुबाट विष्णु बनेको हो । विशेष विक्रम हुनाले र सर्वैतिर व्याप्त हुनाले भगवान् विष्णु हुनुहुन्छ ।

२५९) वृषपर्वा

विधाय धर्मं सोपानं श्रौतं स्मार्तं च सज्जनैः ।
क्रमेणाऽऽरुह्यमाणाय नमस्ते वृषपर्वणे ॥२५९॥

अर्थ

श्रौत र स्मार्त धर्मलाई सिंढी बनाएर सज्जनहरूका साथ क्रमैले आरोहण गर्ने, वृषपर्वा नाम गरेका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

वृष भनेको धर्म हो । धर्म दुई प्रकारका हुन्छन् श्रौत (वैदिक) र स्मार्त (स्मृतिमा कथित) । यी दुवै धर्मलाई सिंढी (पर्व) बनाएर भगवान्ले सज्जनहरूका साथ धर्म गर्दै सिंढी बनाएर आरोहण गर्नुहुन्छ । त्यसैले भगवान्लाई वृषपर्वा भनियो । अथवा परम धाममा आरोहण गर्न चाहनेले वृषरूप धर्मका सोपान = पर्व (सिंढीहरू) चढ्नु पर्छ । त्यसैले भगवान् वृषपर्वा हुनुहुन्छ ।

२६०) वृषोदरः

उदरे धर्ममाधाय व्यवहर्त्रे दिवानिशम् ।
वृषोदराय भवते भगवन् ! शतशो नमः ॥२६०॥

अर्थ

वृष अर्थात् धर्मलाई उदर (पेटमा) राखेर दिनरात व्यवहार गर्ने वृषोदर नाम गरेका हे भगवान् तपाईंलाई शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

वृषरूपी भगवान्को उदर प्रजाको निरन्तर वर्षा गर्छ त्यसैले भगवान् वृषोदर हुनुहुन्छ ।

२६१) वर्धनः

साधून् जनानेधयते च्छिन्दते दुर्जनानपि ।
परमौचित्यरुचये वर्धनाय नमो नमः ॥२६१॥

अर्थ

साधुजनहरूलाई नित्य वर्धन गर्ने (बढाउने), दुर्जनहरूलाई नाश गर्ने, परम औचित्य रुचि भएका, वर्धन नामका भगवान्लाई नमस्कार छ नमस्कार छ ।

२६२) वर्धमानः

'एकोऽहमस्मि न रमे बहुः स्याम् रन्तु'मीदृशीम् ।
कल्पनामवलम्व्यैव वर्धमानाय ते नमः ॥२६२॥

अर्थ

म एउटै छु, त्यसैले मलाई राम्रो लागेन, राम्रो लाग्नका लागि म बहु (धेरै) होऊँ यस्तो कल्पनालाई लिएर नै बढ्दै जाने वर्धमान नामका तपाईं भगवान्लाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२६३) विविक्तः

प्रपञ्चनप्रसङ्गेऽपि प्रपञ्चाद्वसते पृथक् ।
सर्वतः परिपूताय विविक्ताय नमो नमः ॥२६३॥

अर्थ

प्रपञ्चको प्रसङ्ग (विस्तार) मा पनि प्रपञ्चभन्दा भिन्नै वस्ने भएका त्यसैले विविक्त नाम गरेका सबैतिरवाट पवित्र भएका भगवान्लाई नमस्कार छ, नमस्कार छ ।

२६४) श्रुतिसागरः

श्रुतयः पर्यवस्यन्ति यस्मिन्नेवाऽऽपगा इव ।
तस्मै ते साञ्जलि श्रुतिसागराय नमो नमः ॥२६४॥

अर्थ

नदीहरू (समुद्रमा मिसिए) जस्तो जसमा श्रुति(वेद)हरू पर्यवसित हुन्छन् (मिस्सिन्छन्) । त्यस्ता श्रुति(वेद)का सागर भएका तपाईं भगवान्लाई अञ्जलिबद्ध नमस्कार छ, नमस्कार छ ।

२६५) सुभुजः

जगत्त्रयं पालयते चतुर्वर्गं प्रयच्छते ।
गोवर्धनादीन् धरते सुभुजाय नमो नमः ॥२६५॥

अर्थ

तीनै जगत् (स्वर्ग-मर्त्य-पाताल) लाई पालन गर्ने, चतुर्वर्ग (धर्म-अर्थ-काम-मोक्ष) दिने, गोवर्धन इत्यादिलाई धारण गर्ने, सुभुज नाम गरेका तपाईंलाई नमस्कार छ, नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

जगत्‌को रक्षा गर्ने भगवान्‌का भुजाहरू अत्यन्त शोभन (राम्रा) छन्, त्यसैले वहाँ सुभुज हुनुहुन्छ ।

२६६) दुर्धरः

दिधीर्षिताय हृदये मादृशैः क्लेशशोषितैः ।
प्रायोधर्तुमशक्याय दुर्धराय नमो नमः ॥२६६॥

अर्थ

क्लेश (दुःख) ले पीडित मजस्ताले हृदयमा धारण गर्न चाहिएका, प्रायः धारण गर्न नसकिने भएका, त्यसैले दुर्धर नामका तपाईंलाई नमस्कार छ, नमस्कार छ ।

टिप्पणी

(दुःखेन धार्यते इति दुर्धरः) अरुले धारण गर्न नसकिने, तर आफू पृथ्वी इत्यादिलाई धारण गर्नुहुन्छ तथा स्वयं कसैले वहाँलाई धारण गर्न सक्दैन – त्यसैले वहाँ दुर्धर हुनुहुन्छ । ध्यानका समयमा मुमुक्षुहरूले हृदयमा दुःखले धारण गरिनुहुन्छ त्यसैले पनि भगवान् दुर्धर हुनुहुन्छ ।

२६७) वाग्मी

प्रव्यक्तवर्णामर्थाढ्यां स्वनिःश्वासमयीमपि ।
सृजतेऽत्यद्भुतां वाचं वाग्मिने ते नमो नमः ॥२६७॥

अर्थ

जसमा वर्णहरू व्यक्त भएका छन् र अर्थले पनि समृद्ध (परिपूर्ण) छ एवं आफ्नै निःश्वासवाट उत्पन्न भएको निःश्वास (श्वास) मयी अद्भुत वाक् अर्थात् वाणीलाई सिर्जना (सृष्टि) गर्ने भएका वाग्मी नामका तपाईंलाई नमस्कार छ, नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२६८) महेन्द्रः

इन्द्राणामपि सर्वेषां परमैश्वर्यशालिनाम् ।
इन्द्राय महते तुभ्यं महेन्द्राय नमो नमः ॥२६८॥

व्याख्या

परम ऐश्वर्यशाली सबै इन्द्रहरूका पनि इन्द्र भएका एवं महान् भएकाले महेन्द्र नामका तपाईं भगवान्लाई नमस्कार छ, नमस्कार छ ।

२६९) वसुदः

सुवर्णरत्नमुख्यानि धनानि विविधान्यपि ।
जगद्भ्यो ददते तुभ्यं वसुदाय नमो नमः ॥२६९॥

अर्थ

सुवर्ण रत्न (आदि) मुख्य भएका, विविध धनहरूलाई पनि जगत् (संसार) लाई दिने भएकाले वसुद – वसु = धन, द = दिने भएका तपाईं भगवान्लाई नमस्कार छ, नमस्कार छ ।

२७०) वसुः

आत्मानमाच्छादयते वसते च निरत्ययम् ।
समीरणाय च सते वसवे ते नमो नमः ॥२७०॥

अर्थ

आत्मालाई नित्य नै आच्छादन गर्ने (छोप्ने/ढाक्ने) भएका, अत्यन्त नै वस्ने भएका, समीरणाय (निरन्तर चल्ने भएका) सत्स्वरूप भएका त्यसैले वसु नाम गरेका तपाईंलाई नमस्कार छ, नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

वस् धातुका अनेक अर्थ हुन्छन्, जस्तै - वस् निवासे, भ्वादि, वस् आच्छादने अदादि, वस् स्नेहछेदापहरणेषु चुरादि, वस् निवासे चुरादि, वसु स्तम्भे = रोक्ने दिवादि । यी सबै धातुको अर्थ यहाँ प्रयोग भएको छ । वस्नु अर्थमा, प्रेरणा र आच्छादन अर्थमा, स्नेह, छेद, अपहरण र स्तम्भ अर्थमा पनि यसको सङ्केत पाइन्छ ।

भगवान् धन दिनेवाला हुनुहुन्छ त्यसैले वसुद हुनुहुन्छ र दिइने धन पनि भगवान् नै हुनुहुन्छ त्यसैले वहाँ वसु हुनुहुन्छ । मायाले आत्मस्वरूप छोप्नुहुन्छ त्यसैले पनि वसु हुनुहुन्छ । वसिरहनुहुन्छ अन्तरिक्षमा त्यसैले वसु । निरन्तर चल्ने वायु हुनाले पनि वसु हुनुहुन्छ ।

२७१) नैकरूपः

तत्तत्कर्मानुरूपाणि धृत्वा रूपाणि कर्मणाम् ।
संसिद्धिमादधानाय नैकरूपाय ते नमः ॥२७१॥

अर्थ

ती-ती कर्म अनुरूप (अनेकरूप) धारण गरेर नैक रूपले संसिद्धि (सफलता) प्राप्त गर्ने भएका नैकरूप नामका तपाईं भगवान्लाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२७२) बृहद्रूपः

खुरमध्यगतो यस्य मेरुः खुरखुरायते ।
तस्मै वराहवपुषे बृहद्रूपाय ते नमः ॥२७२॥

अर्थ

जसको खुरको मध्यमा स्थित भएर सुमेरु पर्वत खुर् खुर् शब्द गर्छ उनै वराह शरीर धारण गर्ने भएका बृहद्रूप नाम गरेका तपाईं भगवान्लाई नमस्कार छ ।

२७३) शिपिविष्टः

यज्ञत्वेन पशौ, रश्मौ तेजस्त्वेन, क्वचिद्गिरौ ।
शिवत्वेन निविष्टाय शिपिविष्टाय ते नमः ॥२७३॥

अर्थ

पशुमा यज्ञरूपले, रश्मि (किरण) मा तेजरूपले कहीँ पर्वतमा शिवरूपले निविष्ट (बस्ने) भएका शिपिविष्ट नाम गरेका तपाईं भगवान्लाई नमस्कार छ ।

२७४) प्रकाशनः

आलोकरूपमालम्ब्य वस्तुदर्शनदायिने ।
प्रकाशनाय भवते शतशोऽस्तु नमो नमः ॥२७४॥

अर्थ

प्रकाशरूप/आलोक आदि अनेक रूप धारण गरेर वस्तुको दर्शन दिने भएका त्यसैले प्रकाशन नाम गरेका तपाईं भगवान्लाई शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२७५) ओजस्तेजोद्युतिधरः

उद्भिद्यमानरोमाञ्चं पतदश्रु कृताञ्जलि ।
ओजस्तेजोद्युतिधरः प्रभुः प्रेम्णा प्रणम्यते ॥२७५॥

अर्थ

रोमाञ्चित हुँदै, आँसु खसाल्दै, हात जोडेर, ओजस्तेजोद्युतिधर नाम गरेका प्रभुलाई प्रेमले (मद्वारा) प्रणाम गरिन्छ ।

टिप्पणी

ओज भनेको प्राण र वल हो, तेज भनेको शूरवीरता आदि गुण हो, द्युति भनेको कान्ति वा शोभा हो । ती ओज, तेज एवं द्युतिलाई भगवान्ले धारण गर्नुहुन्छ त्यसैले भगवान् ओजस्तेजोद्युतिधर हुनुहुन्छ ।

२७५ क)

सदैव सम्पन्नतमः प्राणचित्ता-ऽङ्गदीप्तिभिः ।
ओजस्तेजोद्युतिधरः प्रभुः प्रेम्णा प्रणम्यते ॥

अर्थ

प्राण, चित्त र अङ्गदीप्तिद्वारा सदैव सम्पन्नतम भएका, ओज (प्राणवल), तेज (शौर्यादिगुण), द्युति (दीप्ति वा कान्ति) धारण गर्ने भएका प्रभु प्रेमपूर्वक प्रणाम गरिन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२७६) प्रकाशात्मा

स्वयं प्रकाशरूपोऽस्ति यस्यात्मा ज्ञानविग्रहः ।
बद्धाञ्जलेर्मे प्रकाशात्मने तस्मै नमो नमः ॥२७६॥

अर्थ

जसको आत्मा ज्ञानशरीर भएको स्वयं प्रकाशरूप छ, तिनै प्रकाशात्मा नाम गरेका भगवान्लाई अञ्जलिबद्ध मेरो नमस्कार छ ।

२७७) प्रतापनः

तपतामपि सत्त्वानामवलम्बत्वमीयुषे ।
प्रतापनाय भवते शतशोऽस्तु नतिर्मम ॥२७७॥

अर्थ

प्रतापले युक्त, प्राणीहरूको पनि अवलम्बन, प्रतापन नाम गरेका तपाईंलाई मेरो शतशः नमस्कार छ ।

टिप्पणी

सूर्यादि आफ्ना विभूतिहरूद्वारा विश्वलाई तपाउने भएका हुनाले भगवान् प्रतापन नामका हुनुहुन्छ ।

२७८) ऋद्धः

सम्पद्भिः परिपूर्णाय दैवीभिरभयादिभिः ।
ऋद्धाय तुभ्यं प्रणतिः श्रद्धाबद्धाञ्जलेर्मम ॥२७८॥

अर्थ

अभय आदि दैवी सम्पत्तिहरूले परिपूर्ण भई ऋद्ध (समृद्ध) भएका तपाईंलाई श्रद्धाले अञ्जलि बाँधेको मेरो नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२७९) स्पष्टाक्षरः

अक्षराय च सुव्यक्तप्रणवोपासिताय च ।
स्पष्टाक्षराय भवते भगवन् ! शतशो नमः ॥२७९॥

अर्थ

अक्षर (नाश नहुने) क्षर (नाशवान्) नभएका व्यक्त ओंकारद्वारा नै उपासना गरिने भएका हुनाले स्पष्टाक्षर नाम गरेका हे भगवान् ! तपाईंलाई शतशः नमस्कार छ ।

टिप्पणी

ओंकार नै भगवान्को नाम हो भन्ने कुरा स्पष्ट छ । स्पष्ट छ ओंकाररूपी अक्षर जसको ती भगवान् स्पष्टाक्षर हुनुहुन्छ ।

२८०) मन्त्रः

ऋग्यजुःसामवपुषे नानामनुमयाय च ।
नीत्यङ्गाय च नित्यं ते मन्त्राय शतशो नमः ॥२८०॥

अर्थ

ऋग्यजुसामवेद नै शरीर भएका एवं नाना मन्त्रमय भएका, नीति नै अङ्ग भएका, मन्त्र नाम गरेका तपाईं भगवान्लाई नित्य नै शतशः नमस्कार छ ।

टिप्पणी

यहाँ मनु भनेको मन्त्र हो । ऋग्मजुसामवेद सबै मन्त्रमय छन् र नीतिमा पनि मन्त्रको नै आवश्यकता पर्दछ । यी सबै मन्त्रहरूमा भगवान् हुनाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवान्‌लाई मन्त्र भनिन्छ । भगवान् ऋग्, साम र यजुरूप मन्त्र हुनुहुन्छ । अथवा मन्त्रद्वारा जान्न योग्य भएका हुनाले भगवान्‌लाई मन्त्र भनिन्छ ।

२८१) चन्द्रांशुः

जगदाह्लादिनी यस्य कान्तिरस्ति विधोरिव ।
तुभ्यं चन्द्रांशवे तस्मै करोमि शतशो नमः ॥२८१॥

अर्थ

जसको कान्ति चन्द्रमाको जस्तो संसारलाई आह्लाद (प्रसन्नता) दिनेवाला छ तिनै चन्द्रांशु नाम गरेका हे भगवान् ! तपाईंलाई शतशः नमस्कार गर्छु ।

टिप्पणी

संसाररूपी सूर्यका तापले सन्तप्त चित्त भएका पुरुषहरूलाई चन्द्रमाको किरणले जस्तो शीतलता प्रदान गर्दै सबैलाई आनन्दित गराउनुहुन्छ त्यसैले भगवान् चन्द्रांशु हुनुहुन्छ ।

२८२) भास्करद्युतिः

भास्करस्येव यस्यास्ति द्युतिः प्रकटनोद्यता ।
भास्करद्युतये तस्मै तुभ्यमस्तु नमो नमः ॥२८२॥

अर्थ

जसको द्युति (प्रकाश) भास्कर (सूर्य) को जस्तो प्रकटित छ, तिनै भास्करद्युति नाम गरेका भगवान् तपाईंलाई मेरो नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२८३) अमृतांशूद्भवः

अम्भोधिमथने चन्द्रं यः प्राक् प्रादुरबीभवत् ।
तस्मै नमोऽस्तु भगवन्नमृतांशूद्भवाय ते ॥२८३॥

अर्थ

पहिले समुद्रमन्थनको वेलामा जसले चन्द्रलाई प्रादुर्भाव गरे तिनै अमृतांशूद्भव नाम गरेका हे भगवान् ! तपाईंलाई मेरो नमस्कार छ ।

टिप्पणी

अमृतका लागि समुद्रको मन्थन गर्दा अमृतांशु (चन्द्रमा) को उत्पत्ति जुन परमात्मावाट भयो ती भगवान् अमृतांशूद्भव हुनुहुन्छ ।

२८४) भानुः

स्वभासा भासयन् विश्वं यो भाति भुवनातिगः ।
तस्मै ते भानवे नित्यं नतिरस्तु सदा मम ॥२८४॥

अर्थ

(चौध) भुवनहरू अतिक्रमण गर्ने (नाघ्ने), जुन (सूर्य) ले आफ्ना प्रकाशले विश्वलाई नै प्रकाशित गर्दै प्रकाशित हुन्छन् तिनै भानु नाम गरेका (सूर्यरूपले स्थित भएका) तपाईं भगवान्‌लाई मेरो नित्य नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२८५) शशबिन्दुः

शशलाञ्छनवल्लोकान् सकलान् परिपुष्णते ।
तुभ्यं नमोऽस्तु भगवन् ! शतशः शशविन्दवे ॥२८५॥

अर्थ

चन्द्रमाले जस्तो सम्पूर्ण लोकलाई परिपुष्ट गर्ने शशविन्दु नामका हे भगवान् ! तपाईंलाई शतशः नमस्कार छ ।

टिप्पणी

शश (खरायो) जस्तो बिन्दु लाञ्छन् चिह्न छ जसमा ती चन्द्रमा शशविन्दु भनिन्छन् । चन्द्रमाले जस्तै लोकलाई परिपुष्ट गर्नुहुन्छ त्यसैले भगवान्लाई शशबिन्दु भनिन्छ । गीतामा पनि म रसरूप चन्द्रमा भएर सम्पूर्ण औषधीहरूलाई पोषण गर्छु - "पुष्णामि चौषधीः सर्वाः सोमो भूत्वा रसात्मकः" भनिएको छ । १५।१३

२८६) सुरेश्वरः

वदान्यानामपि सतामीश्वराय हविर्भुजाम् ।
सुरेश्वराय भवते नतिरस्तु सदा मम ॥२८६॥

अर्थ

सत्स्वरूप भएका, श्रेष्ठ भएका सुर (देवताहरू) का पनि ईश्वर भएका, त्यसैले सुरेश्वर नाम गरेका तपाईंलाई मेरो सदा नमस्कार छ ।

टिप्पणी

यहाँ वदान्य शब्द श्रेष्ठवाचक भएर आएको छ । मसँग माग यस्तो जसले भन्दछ त्यो वदान्य हो । सुरहरू (देवताहरू) को अथवा शोभनदाताहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि ईश्वर हुनाले भगवान् सुरेश्वर हुनुहुन्छ । सुष्ठु राति (ददाति इति) सुरः, सुराणाम् ईश्वरः सुरेश्वरः = दानदिनेहरूमा श्रेष्ठ ।

२८७) औषधम्

अनन्यधन्यचित्तानां भवव्याधिं समुद्धतम् ।
सद्योऽपहरते तुभ्यमौषधाय नमो नमः ॥२८७॥

अर्थ

अनन्य (भक्त) र धन्य चित्त भएका (भक्तहरूका) समुद्धत (उत्पन्न) भवरूपी (संसाररूपी) व्याधि अर्थात् रोगलाई सद्यः (तत्काल) अपहरण (नाश) गर्ने भएका औषध नाम गरेका तपाईं भगवान्लाई नमस्कार छ, नमस्कार छ ।

२८८) जगतः सेतुः

पारप्राप्तिं च लोकानामसंभेदं च कुर्वते ।
जगतः सेतवे तुभ्यं ममाऽस्तु शतशो नतिः ॥२८८॥

अर्थ

संसारका मानिसहरूका पार (मुक्ति) प्राप्तिका साधन भएका एवं असम्भेद (एकत्व) गर्ने भएका हुनाले जगतःसेतु नाम गरेका (संसाररूपी समुद्रका पुल जस्ता भएका) तपाईं भगवान्लाई मेरो शतशः नमस्कार छ ।

टिप्पणी

संसारलाई पार गर्ने कारण हुनाले र पुलको जस्तो अभिन्नताका कारण हुनाले भगवान् जगत्सेतु हुनुहुन्छ । उपनिषद्मा पनि "एष सेतुर्विधारण एषां लोकानामसम्भेदाय" वृ.उ. ४।४।१२ मा भनिएको छ । यी लोकहरूको पारस्परिक असम्भेद (अभेद) का लागि ती परमेश्वर नै तिनलाई धारण गर्नेवाला सेतु हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२८९) सत्यधर्मपराक्रमः

पराक्रमश्च धर्मश्च यस्य सत्योऽनपह्नुतः ।
प्रणम्यते स भगवान् सत्यधर्मपराक्रमः ॥२८९॥

अर्थ

पराक्रम, धर्म जसको सत्य छ (लुकेको र छिपेको छैन) तिनै सत्यधर्मपराक्रम नाम गरेका भगवान्लाई प्रणाम गरिन्छ ।

२९०) भूतभव्यभवन्नाथः

त्रैकालिकानां भूतानां शास्ता तैरनुयाचितः ।
भूतभव्यभवन्नाथः प्रेम्णा भूयः प्रणम्यते ॥२९०॥

अर्थ

भूत भविष्य र वर्तमान तिनै कालका भूतहरूको शासन गर्ने र ती तिनै कालका प्राणीहरूले अनुयाचित (प्रार्थना) गरिएका हुनाले भूतभव्यभवन्नाथ नाम गरेका भगवान्लाई पुनः प्रेमपूर्वक प्रणाम गरिन्छ ।

टिप्पणी

भूत, भव्य (भविष्य) र भवत् (वर्तमान) प्राणीहरूका नाथ हुनुहुन्छ त्यसैले भगवान् भूतभव्यभवन्नाथ हुनुहुन्छ । एवं तिनै कालका प्राणीहरूद्वारा याच्ञा (याचना) गरिनुहुन्छ, तीनै ताप दिनुहुन्छ । तिनका ईश्वर हुनुहुन्छ, तिनलाई शासन पनि गर्नुहुन्छ त्यसैले भगवान् भूतभव्यभवन्नाथ हुनुहुन्छ ।

नाथको अर्थ माग्नु पनि हुन्छ, ऐश्वर्य पनि हुन्छ । भगवान्लाई ताप दिनेहरूका ईश्वर र शासन गर्नेवाला भनिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२९१) पवनः

सञ्चारेण पुनानाय जगदेतच्चराचरम् ।
पवनाय नमस्तस्मै वपुरन्तश्चराय च ॥२९१॥

अर्थ

आफ्नो सञ्चार (गति) द्वारा यो सम्पूर्ण चराचर जगत्लाई पवित्र गर्ने भएका र शरीरका अन्तःचारी भएका, पवन नामका भगवान्लाई नमस्कार छ ।

टिप्पणी

पवन शब्द पुञ् पवने धातुबाट बनेको हो जसले पवित्र गर्छ त्यो पवन हो । वायु पवन हुन्, शरीरका अन्तः संचारी वायुलाई नै पवन भनिन्छ । भगवान्ले पवित्र गर्नाले पनि र अन्तचारी भएकाले पनि पवन हुनुहुन्छ ।

२९२) पावनः

पूतताऽऽधायिकृतये पवनप्रेरकाय च ।
बद्धाञ्जलेर्मे भवतु पावनाय नमो नमः ॥२९२॥

अर्थ

पवित्रताको आधान गर्नु नै कार्य भएका एवं पवन (वायु) का प्रेरक भएका, त्यसैले पावन नाम गरेका भगवान्लाई बद्धाञ्जलि भएको मेरो नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२९३) अनलः

अनान् (प्राणान्) गृह्णते च गन्धेन रहिताय च ।
न तृप्यते च काष्ठाद्यैरनलाय नमो नमः ॥२९३॥

अर्थ

अन (प्राणहरू) लाई ग्रहण गर्नुहुन्छ, एवं गन्धले रहित हुनुहुन्छ र काष्ठ इत्यादिले कहिल्यै तृप्त हुनुहुन्न त्यसैले अनल नाम गरेका भगवान्लाई नमस्कार छ, नमस्कार छ ।

टिप्पणी

अन अर्थात् प्राणहरूलाई आत्मभावले ग्रहण गर्छ त्यसैले जीव अनल हो । नञ् पूर्वक गन्धवाचक अल धातुबाट अनल रूप बन्दछ । त्यसैले अनलमा गन्ध रहँदैन, त्यसैले भगवान् अनल हुनुहुन्छ ।

२९४) कामहा

मुमुक्षूणां स्वभक्तानामन्येषां द्वेषिणामपि ।
कामान् हतवते तुभ्यं कामघ्ने शतशो नमः ॥२९४॥

अर्थ

मुमुक्षु आफ्ना भक्तहरूको र अन्य आफ्ना शत्रुहरूको पनि कामनालाई नाश गर्ने भएका कामहा नाम गरेका तपाईंलाई शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२९५) कामकृत्

कामच्छिदे पापकृतां कामदायाऽङ्घ्रिसेविनाम् ।
प्रद्युम्नपित्रे च सते तुभ्यं कामकृते नमः ॥२९५॥

अर्थ

पापीहरूको कामना (इच्छा) लाई नाश गर्ने, पादसेवकहरूको कामना (इच्छा) लाई पूर्ण गर्ने प्रद्युम्न (कामदेव) का पिता भएका एवं सत्स्वरूप भएका कामकृत् नाम गरेका तपाईंलाई नमस्कार छ ।

सात्त्विक भक्तहरूका कामनाहरूलाई पूरा गर्ने भएका हुनाले भगवान् कामकृत् हुनुहुन्छ र काम भनेका प्रद्युम्न तिनका पिता भएका हुनाले भगवान् कामकृत् हुनुहुन्छ ।

२९६) कान्तः

सुषमासीमवपुषे सते सौशील्यशालिने ।
पद्माप्रणयपात्राय कान्ताय शतशो नमः ॥२९६॥

अर्थ

सुषमा (शोभा) को अन्तिम सीमामा पुगेको शरीर भएका, एवं सत्स्वरूप भएका, सुशीलतारूपी गुणहरूले युक्त भएका, पद्मा अर्थात् लक्ष्मीका प्रेमपात्र भएका तपाईं कान्त नामका भगवान्लाई शतशः नमस्कार छ ।

२९७) कामः

विरक्तैश्च सुरक्तैश्च निखिलैरेव जन्मिभिः ।
इष्यमाणाय भवते कामाय शतशो नमः ॥२९७॥

अर्थ

विरक्त वा अनुरक्त सबै जन्म लिनेहरूले कामना गरिएका त्यसैले काम नाम गरेका तपाईंलाई शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२९८) कामप्रदः

जगद्धितं चिन्तयद्भ्यो भजद्भ्यश्च पदाम्बुजम् ।
कामप्रदाय भवते शतशोऽस्तु नमस्कृतिः ॥२९८॥

अर्थ

जगत्को हितको चिन्ता गर्नेहरूलाई र चरणकमलका सेवकहरूलाई काम प्रदान गर्ने कामप्रद नाम गरेका तपाईंलाई शतशः नमस्कार छ ।

२९९) प्रभुः

अनन्तकोटिब्रह्माण्डनायकत्वेन तिष्ठते ।
पुनः पुनश्च भवते प्रभवे भवते नमः ॥२९९॥

अर्थ

अनन्तकोटि ब्रह्माण्डका नायक भएर रहनुभएका, एवं पुनः पुनः हुने भएका हुनाले नै प्रभु नाम गरेका तपाईंलाई नमस्कार छ ।

३००) युगादिकृत्

चतुर्धा पुण्यदानाय युगादित्वेन तिष्ठते ।
तुभ्यं कृताञ्जलि युगादिकृते शतशो नमः ॥३००॥

अर्थ

धर्म, अर्थ, काम, मोक्ष, यी चार प्रकारले पुण्यदानको निमित्त युगादि रूपले रहने भएका तपाईं युगादिकृत् नाम गरेका भगवान्लाई बद्धाञ्जलि शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

युग आदि कालभेदका कर्ता हुनाले भगवान् युगादिकृत् हुनुहुन्छ । अथवा भगवान्ले युगको आदि अर्थात् प्रारम्भ गर्नुहुन्छ त्यसैले भगवान् युगादिकृत् हुनुहुन्छ ।

सहस्रनामविवृतौ कुलचन्द्रकृताविदम् ।
तृतीयं शतकं प्राप पूर्णतां कृपया हरेः ॥

कुलचन्द्रद्वारा रचिएको यो सहस्रनामको व्याख्याको तृतीय शतक भगवान्का कृपाले पूर्ण भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३०१) युगावर्तः

अनीहतां गतायाऽपि युगमालिकया जपम् ।
कुर्वाणायेव बुद्धाय युगावर्ताय ते नमः ॥३०१॥

अर्थ

अनीहता (अचेष्टता) चेष्टारहित भएर पनि युगको मालाद्वारा जप गर्ने शुद्धबुद्ध भएका, र युगको आवर्तन (पुनः पुनः परिवर्तन) गर्ने भएका युगावर्त नाम गरेका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

जसरी जपमाला बारबार परिवर्तन भइरहन्छ त्यसैगरी भगवान्ले त्यही युगरूपी माला जपिरहनुहुन्छ अर्थात् युग बारबार आइरहन्छन् । कालरूपले सत्ययुग आदि युगहरूको आवर्तन गर्नुहुन्छ त्यसैले भगवान् युगावर्त हुनुहुन्छ ।

३०२) नैकमायः

अनेकरूपा यन्माया भवचक्रैकचालिका ।
नैकमायाय तस्मै ते भगवन्नस्तु मे नतिः ॥३०२॥

अर्थ

सम्पूर्ण संसार चक्रलाई एकमात्र चलाउने भएकी अनेक रूपकी जुन माया हुन् ती माया नै भएका नैकमाय नाम गरेका तिनै तपाईं भगवान्लाई मेरो नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

(नैकमाया शब्दमा एका माया यस्य सः एकमायः न एकमायः नैकमायः) जसमा अनेकरूपको माया छ भन्ने अर्थ हो । एउटै मात्रै माया छैनन् र अनेक मायालाई धारण गर्नुहुन्छ त्यसैले भगवान् नैकमाय हुनुहुन्छ ।

३०३) महाशनः

ब्रह्माण्डं ग्रसमानाय संवर्ते समुपस्थिते ।
महाशनाय भवते भगवन्नस्तु मे नतिः ॥३०३॥

अर्थ

संवर्त (प्रलयकाल) उपस्थित भएमा ब्रह्माण्डलाई नै गाँस बनाउने भएका, त्यसैले महाशन नाम गरेका हे भगवन् ! तपाईंलाई मेरो नमस्कार छ ।

टिप्पणी

कल्पान्त (सृष्टिको अन्त्य हुने वेला) मा सबैलाई एकै गाँस बनाउनुहुन्छ । त्यसैले ठूलो भोजन राशि खाने हुनाले महाशन हुनुहुन्छ ।

३०४) अदृश्यः

विविधान्यपि कर्माणि कुर्वाणायैव तिष्ठते ।
अदृश्याय नमस्तुभ्यं कर्मानुमितमूर्तये ॥३०४॥

अर्थ

विविध कर्म गर्दै रहे पनि अदृश्य नै रहने भएका, कर्मले नै मूर्तिको अनुमान गरिने भएका अदृश्य नामका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

भगवान् समस्त ज्ञानेन्द्रियका अविषय हुनुहुन्छ त्यसैले भगवान् अदृश्य हुनुहुन्छ । दृश् धातुको अर्थ चाक्षुप ज्ञान हो, आँखाले देख्नु हो तथापि भगवान् ज्ञानेन्द्रियद्वारा प्राप्त गर्न नसकिने हुनाले अदृश्य हुनुहुन्छ ।

३०५) व्यक्तरूपः

लीलेहयाऽवतरते रामकृष्णादिवर्ष्मणा ।
व्यक्तरूपाय भवते शतशः सन्तु वन्दनाः ॥३०५॥

अर्थ

लीला गर्ने इच्छाले राम-कृष्ण आदि शरीरद्वारा अवतार लिने भएका, त्यसैले व्यक्तरूप नाम गरेका तपाईंलाई शतशः बन्दना छ ।

टिप्पणी

भगवान् स्थूलरूपले व्यक्त स्वरूपका हुनुहुन्छ । त्यसैले वहाँ व्यक्तरूप हुनुहुन्छ । अथवा भगवान् स्वयं प्रकाशमान हुनाले पनि व्यक्तरूप हुनुहुन्छ वा योगीहरूको निमित्त व्यक्तरूप हुनुहुन्छ ।

३०६) सहस्रजित्

मायाविनां राक्षसानां सहस्राण्यपि हेलया ।
जयते साञ्जलि सहस्रजिते भवते नमः ॥३०६॥

अर्थ

मायावी राक्षसहरूका हजारौं हजारलाई पनि सहजै जित्ने भएका, त्यसैले सहस्रजित् नाम गरेका तपाईंलाई साञ्जलि नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३०७) अनन्तजित्

अनन्तानपि दुर्दान्तान् दानवान् दारुणाकृतीन् ।
जयते ते सतेऽनन्तजिते नाथ ! नमो नमः ॥३०७॥

अर्थ

भयङ्कर (डरलाग्दा/विशाल) आकृति भएका, अनन्त संख्याले युक्त दुर्दान्त दानवहरूलाई जित्ने भई सत्स्वरूप भएका हुनाले अनन्तजित् नाम गरेका हे नाथ तपाईंलाई नमस्कार छ ।

टिप्पणी

अचिन्त्य शक्ति भएका हुनाले युद्ध र खेलमा पनि सर्वत्र सबै अनन्त प्राणीहरूलाई जित्नुहुन्छ त्यसैले भगवान् अनन्तजित् हुनुहुन्छ ।

३०८) इष्टः

वाञ्छिताय सदा सद्भिर्यज्वभिः पूजिताय च ।
इष्टाय तुभ्यं भगवन् ! करोमि शतशो नमः ॥३०८॥

अर्थ

सज्जनहरूद्वारा सदैव वाञ्छित (इष्ट) भएका एवं यज्ञकर्ताहरूद्वारा पूजित भएका इष्ट नाम गरेका हे भगवान् ! तपाईंलाई म शतशः नमस्कार गर्छु ।

टिप्पणी

परमानन्दस्वरूप हुनाले वहाँ सबैका अत्यधिक प्रिय (इष्ट) हुनुहुन्छ त्यसैले वहाँ इष्ट हुनुहुन्छ । वा यज्ञद्वारा सबैका पूजित हुनुहुन्छ त्यसैले पनि इष्ट हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३०९) अविशिष्टः

सर्वत्र समभावेन वर्तमानाय सर्वदा ।
अविशिष्टाय भगवँस्तुभ्यमस्तु नमो नमः ॥३०९॥

अर्थ

सर्वत्र (सबै ठाउँमा) सर्वदा समभावले (एकनास) अविशिष्ट भई वर्तमान भएका, अविशिष्ट नाम गरेका हे भगवान् ! तपाईंलाई नमस्कार छ ।

टिप्पणी

भगवान् कुनै एक ठाउँमा मात्र नरहेर सबै ठाउँमा समानरूपले रहनुहुन्छ, विशिष्ट ठाउँमा मात्र नरहने हुनाले नै वहाँ अविशिष्ट हुनुहुन्छ । सबैका अन्तर्यामी हुनाले र कुनै विशिष्टका मात्रै अन्तर्यामी नहुनाले भगवान् अविशिष्ट हुनुहुन्छ ।

३१०) शिष्टेष्टः

शिष्टैः सदा वाञ्छिताय वाञ्छते ताँश्च सर्वदा ।
शिष्टेष्टाय नमस्तुभ्यमन्योन्यप्रेमशालिने ॥३१०॥

अर्थ

शिष्ट (सभ्य) द्वारा सदा वाञ्छित भएका, एवं शिष्टहरूलाई भगवान्ले पनि चाहने हुनाले शिष्टका इष्ट भएका र एक दोस्राका प्रेमी भएका हुनाले **शिष्टेष्ट** नाम गरेका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

शिष्टेष्टका दुई अर्थ हुन्छन्, एक शिष्ट नै इष्ट हुन् जसका अर्को शिष्टहरूद्वारा जो इष्ट छ त्यो पनि शिष्टेष्ट हो । भगवान् दुवै रूपले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिष्टेष्ट हुनुहुन्छ । शिष्ट अर्थात् विद्वान्हरूका भगवान् इष्ट हुनुहुन्छ त्यसैले भगवान् शिष्टेष्ट हुनुहुन्छ । वा शिष्टहरू भगवान्का इष्ट हुनुहुन्छ, त्यसैले भगवान् शिष्टेष्ट (शिष्टद्वारा भगवान् इष्ट अर्थात् पूजित) हुनुहुन्छ त्यसैले भगवान् शिष्टेष्ट हुनुहुन्छ ।

३११) शिखण्डी

बल्लवीबालवपुषे वृन्दावनविहारिणे ।
बर्हिबर्हावतंसाय नमस्तुभ्यं शिखण्डिने ॥३११॥

अर्थ

गोपिनीहरूका वीचमा वाल शरीर भएर खेल्ने, वृन्दावनमा विहार गर्ने, मजुरको प्वाँखको मुकुट धारण गर्ने हुनाले शिखण्डी नाम गरेका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

शिखण्ड भनेको मयूरको प्वाँख हो, मयूरको प्वाँख छ मुकुटमा जसको त्यो शिखण्डी अर्थात् भगवान् भन्ने अर्थ हुन्छ ।

शिखण्ड अर्थात् मयूरको प्वाँख भगवान्को अलङ्कार (शिरोभूषण) हो त्यसैले भगवान् शिखण्डी हुनुहुन्छ । किनभने भगवान्ले गोपवेश धारण गर्दा यस्तै भेष लिनुभएको वयान पुराणहरूमा पाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३१२) नहुषः

नह्यते लीलया लोकान् माययाऽनेकरूपया ।
सच्चिदानन्दवपुषे नहुषाय नमो नमः ॥३१२॥

अर्थ

लीला गर्दा अनेक रूपका मायाले लोकहरूलाई आवद्ध गर्नुहुन्छ, र सच्चिदानन्दस्वरूप हुनुहुन्छ त्यसैले नहुष नाम गरेका तपाईंलाई नमस्कार छ, नमस्कार छ ।

टिप्पणी

णह् बन्धने धातुबाट नहुष शब्द बन्दछ, अर्थात् जसले लोकलाई बन्धनमा पार्छ त्यो नहुष हो । भूतहरूलाई मायाले नद्ध गर्नुहुन्छ (बाँध्नुहुन्छ) त्यसैले भगवान् नहुष हुनुहुन्छ ।

३१३) वृषः

पदपद्मप्रपन्नेभ्यः सर्वान् कामान् प्रवर्षते ।
धर्मस्वरूपाय सते वृषाय भवते नमः ॥३१३॥

अर्थ

चरणकमलमा प्राप्त भएकालाई सबै कामना (इच्छा) को वर्षा गर्नुहुन्छ र धर्मस्वरूप एवं सत् हुनुहुन्छ त्यसैले वृष नाम गरेका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

सम्पूर्ण कामनाहरूको वर्षा गर्ने हुनाले भगवान् वृष हुनुका साथै धर्मस्वरूप हुनाले पनि भगवान् वृष हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३१४) क्रोघहा

भृगुं वक्षसि पादेन प्रहरन्तमतर्कितम् ।
सत्कुर्वते सूनृतेन क्रोधघ्ने शतशो नमः ॥३१४॥

अर्थ

अकस्मात् अचिन्तित रूपले छातीमा पाउले प्रहार गर्ने भृगु ऋषिलाई सद्‌वचनले सत्कार गर्ने र क्रोधलाई मार्ने भएका क्रोधहा नाम गरेका भगवान्‌लाई शतशः नमस्कार छ ।

३१५) क्रोधकृत् कर्ता

सर्वान् क्रोधकृतो दुष्टान् कृन्तते बलशालिनः ।
श्रद्धाय क्रोधकृत्कर्त्रे कुर्वे बद्धाञ्जलिर्नमः ॥३१५॥

अर्थ

वलशाली एवं क्रोध गर्ने दुष्टहरूलाई कृन्तन गर्ने (मार्ने), श्रद्धाका निमित्त दुष्ट क्रोधीहरूलाई नाश गर्ने त्यसैले क्रोधकृत् कर्ता नाम गरेका भगवान्‌लाई वद्धाञ्जलि नमस्कार गर्छु ।

३१५ (क) १

दुर्वृत्तेभ्यो वलिष्ठेभ्यः क्रुध्यद्भ्यः प्रतिक्रुध्यते ।
धर्मरक्षैकरुचये तुभ्यं क्रोधकृते नमः ॥

अर्थ

कोध गर्ने वलवान् दुष्टहरू प्रति क्रोध गर्ने भएका, धर्मरक्षा मात्र एकमात्र रुचि भएका (धर्म रक्षाका निमित्त क्रोधलाई मार्ने भएका) क्रोधकृत् नाम गरेका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३१५ (ख) २

कर्म कारयते जीवानन्तर्यामितया सते ।
प्रयोजकाय कर्त्रे ते शतशोऽस्तु नमो नमः ॥

अर्थ

अन्तर्यामी हुनाले जीवहरूसित कर्म गराउने भएका हुनाले प्रयोजक (प्रेरणा गर्ने) कर्ता भएकाले कर्ता नाम गरेका तपाईंलाई शतशः नमस्कार छ ।

टिप्पणी

१) दुष्टमाथि क्रोध गर्नुहुन्छ त्यसैले भगवान् क्रोधकृत् हुनुहुन्छ । २) जुन गरिन्छ त्यो कर्म हो, जगत् नै कर्म हो त्यसका कर्ता हुनाले भगवान् कर्ता हुनुहुन्छ । ३) क्रोध गर्ने दुष्ट दैत्यहरूका कर्ता (काट्ने) हुनाले क्रोधकृत् कर्ता भगवान्को एउटै नाम हो । क्रोधकर्ता भएका दैत्य इत्यादिका कर्ता (छेदक, नाशक) भएकोले "क्रोधकृत् कर्ता" यो एउटै भगवान्को नाम हो ।

३१६) **विश्वबाहुः**

सर्वतोऽप्याददानाय पत्रं पुष्पं फलं जलम् ।
भक्तिप्रियाय भवते नमो मे विश्वबाहवे ॥३१६॥

अर्थ

पत्र-पुष्प, फल-जल (भक्तिपूर्वक चढाइएको) सबैतिरबाट लिने भएका र भक्तिप्रिय भएका विश्वबाहु नाम गरेका तपाईंलाई मेरो नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

विश्वका नै अवलम्बन भएकाले सम्पूर्ण हात भगवान्का नै हुन् त्यसैले भगवान् विश्वबाहु हुनुहुन्छ। अथवा चारैतिर भगवान्का हात छन् त्यसैले भगवान् विश्वबाहु हुनुहुन्छ । "विश्वतो वाहुरुत विश्वतस्पात्" श्रुतिले भनेको छ।

३१७) महीधरः

महीमहीनरूपेण बिभ्रते सकलामिमाम् ।
महीधराय भवते शतशोऽस्तु नमो नमः ॥३१७॥

अर्थ

यो सम्पूर्ण मही (पृथिवी) लाई अहीन (उत्कृष्ट) रूपले धारण गर्ने भएका हुनाले महीधर नामका तपाईंलाई शतशः नमस्कार छ।

टिप्पणी

मही भनेको पूजा हो, अथवा पृथिवी पनि हुन्, त्यसलाई सम्यक् धारण गर्ने भएका हुनाले भगवान् महीधर हुनुहुन्छ।

३१८) अच्युतः

औचित्यमविमुच्यैव प्रस्तुतं कर्म कुर्वते ।
अच्युताय नमस्तुभ्यं श्रद्धाबद्धाञ्जलेर्मम ॥३१८॥

अर्थ

औचित्यलाई नछोडी प्रस्तुत (उपस्थित) कर्म गर्ने भएका, त्यसैले अच्युत नाम गरेका तपाईंलाई श्रद्धाले अंजुली जोडेको मेरो नमस्कार छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

छ प्रकारका भावविकार हुन्छन्, अस्ति, जायते, विपरिणमते, वर्धते, अपचीयते क्षीयते, यी छ प्रकारका भावविकारले रहित भएका हुनाले भगवान् अच्युत हुनुहुन्छ ।

३१९) प्रथितः

अनन्यसाध्यैः प्रचुरैर्जगदभ्युदयावहैः ।
कर्मभिः प्रथमानाय प्रथिताय नमो नमः ॥३१९॥

अर्थ

अरूले साधन गर्न नसकिने धेरै संख्या भएका जगत्को अभ्युदय गर्ने भएका, कर्मद्वारा प्रथित (प्रसिद्ध) भएका प्रथित नाम गरेका तपाईंलाई नमस्कार छ ।

३२०) प्राणः

जरायुजानण्डजातानुद्भिज्जान् स्वेदजानपि ।
सर्वान् जीवयते जन्तून् प्राणाय शतशो नमः ॥३२०॥

अर्थ

जरायुज (सालनालबाट उत्पन्न भएका) अण्डज (अण्डा वा फुलबाट उत्पन्न भएका) उद्भिज्ज (भूमि फोरेर उत्पन्न भएका वृक्षादि) स्वेदज (पसिनाबाट उत्पन्न भएका जुम्रा आदि) सबै जन्तुहरूलाई जीवन अथवा प्राण दिनुहुन्छ त्यसैले प्राण नाम गरेका तपाईंलाई शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३२१) प्राणदः

बलप्रदाय देवानामसुराणामसुच्छिदे ।
भगवन् ! भवते नित्यं प्राणदाय नमो नमः ॥३२१॥

अर्थ

देवताहरूलाई बल दिने र असुरहरूको प्राणहरण गर्ने भएका हुनाले प्राणद नाम गरेका हे भगवान् ! तपाईंलाई नित्य नमस्कार छ नमस्कार छ ।

टिप्पणी

(प्राणान् ददाति इति प्राणदः) वा प्राणान् द्यति इति प्राणदः) दो धातु प्राण दिने र प्राण लिने दुवै अर्थमा प्रयुक्त छ ।

सुर र असुरहरूको प्राण र बललाई दिनुहुन्छ अथवा लिनुहुन्छ त्यसैले भगवान् प्राणद हुनुहुन्छ ।

३२२) वासवानुजः

शक्रस्वाराज्यलाभाय वामनत्वमुपेयुषे ।
भगवन् ! भवते वासवानुजाय नमो नमः ॥३२२॥

अर्थ

इन्द्रको स्वाराज्य प्राप्त गराउनका लागि वामनरूप धारण गर्नुभएका, त्यसैले वासवानुज (इन्द्रका भाइ) नाम भएका हे भगवन् ! तपाईंलाई नमस्कार छ, नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

आदितिमा कश्यप ऋषिबाट वासव अर्थात् इन्द्रका अनुज (भाइ) भएर उत्पन्न हुनुभयो त्यसैले भगवान् वासवानुज हुनुहुन्छ ।

३२३) अपां निधिः

द्वितीयं तत्त्वमाधाय जगज्जीवनदायिने ।
भवते सन्ततमपां निधये शतशो नमः ॥३२३॥

अर्थ

द्वितीय (जलतत्त्व) लाई आधान (गरेर) जगत्‌को जीवन धान्ने भएका (जीवन = जल दिएर जगत्‌लाई जीवन दिने भएका) हुनाले अपां निधि नाम गरेका तपाईं भगवान्‌लाई निरन्तर शतशः नमस्कार छ ।

टिप्पणी

जहाँ जल एकत्रित रहन्छ त्यो अपां निधि भनिन्छ । भगवान् अपां निधि अर्थात् समुद्र हुनुहुन्छ । गीतामा - "सरसामस्मि सागरः" भनेर जलहरूमा म समुद्र हूँ भन्नुभएको छ । १०।२४।

३२४) अधिष्ठानम्

उपादानत्वमालम्ब्य समुद्भावयते जगत् ।
अधिष्ठानाय भवते भगवन्नस्तु मे नतिः ॥३२४॥

अर्थ

उपादान (समवायिकारण = कारण कार्यका रूपमा परिणत हुनु समवायी कारण हुन्छ जस्तै वस्त्रको धागो समवायी कारण हो) त्यस रूपमा परिणत भएर जगत्‌को उत्पादन गर्ने भएका हुनाले अधिष्ठान नाम गरेका तपाईंलाई हे भगवान् ! मेरो नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३२५) अप्रमत्तः

कर्मिणां फलदानाय सावधानतया सते ।
अप्रमत्ताय ते नित्यं भगवन्नस्तु मे नमः ॥३२५॥

अर्थ

कर्मीहरू (काम गर्नेहरू) लाई फल दिनका लागि सदा सावधान रहने भएका हुनाले अप्रमत्त नाम गरेका (प्रमाद = असावधानी कहिल्यै नगर्ने भएका) हे भगवन् ! तपाईंलाई मेरो नित्य नमस्कार छ ।

टिप्पणी

अधिकारीहरूलाई उनको कर्मअनुसार फल दिनका लागि कहिल्यै प्रमाद (असावधानी) गर्नुहुन्न त्यसैले भगवान् अप्रमत्त हुनुहुन्छ ।

३२६) प्रतिष्ठितः

स्थिताय स्वे महिमनि स्वातिरिक्तानपेक्षया
प्रतिष्ठिताय ते भूमन् ! भूयो भूयो नमो नमः ॥३२६॥

अर्थ

आफूभन्दा अतिरिक्त (भिन्न) को अपेक्षा (सहायता) नराखेर आफ्नै महिमामा स्थित भएकाले प्रतिष्ठित नामका हे भूमन् (महिमाशाली) तपाईंलाई वारम्वार नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३२७) स्कन्दः

स्कन्दतेऽमृतरूपेण वहते वायुरूपतः ।
शिवपुत्राय च सते स्कन्दाय भवते नमः ॥३२७॥

अर्थ

अमृतरूपले प्रवाहित हुनुहुन्छ, एवं वायुरूपले बग्नुहुन्छ, त्यसैले शिवपुत्र भएका र सत्स्वरूप भई स्कन्दरूप धारण गरेका स्कन्द नाम गरेका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

भगवान् अमृतरूपले बग्नुहुन्छ, वायुरूपले शोषण गर्नुहुन्छ, त्यसैले स्कन्द हुनुहुन्छ ।

३२८) स्कन्दधरः

भज्यमानं धर्मपथं दुर्वृत्तैरसुरादिभिः ।
रक्षते विविधैर्योगैर्नमः स्कन्दधराय ते ॥३२८॥

अर्थ

दुश्चरित्र असुर आदिद्वारा तोडिने (धर्मपथलाई नाश गर्ने) भएको धर्ममार्गलाई विविध योगद्वारा (उपायद्वारा) रक्षा गर्ने स्कन्दधर नाम गरेका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३२९) धुर्यः

अनन्तकोटिब्रह्माण्डसंरक्षणमयीं धुरम् ।
वहते महते तुभ्यं धुर्याय शतशो नमः ॥३२९॥

अर्थ

अनन्तकोटि ब्रह्माण्डको संरक्षणरूपी भारलाई वहन गर्ने भएका हुनाले धुर्य नाम गरेका महान् तपाईंलाई शतशः नमस्कार छ ।

टिप्पणी

समस्त प्राणीहरूको जन्मादिरूप धुर (भार) लाई बोक्नुहुन्छ वा धारण गर्नुहुन्छ त्यसैले भगवान् धुर्य हुनुहुन्छ ।

३३०) वरदः

पदपद्मप्रपन्नेभ्यो यथेच्छं यच्छते वरान् ।
धर्मरक्षणसज्जाय वरदाय नमो नमः ॥३३०॥

अर्थ

चरणकमलमा प्राप्त भएकाहरूलाई यथेच्छ (इच्छा अनुरूप) वर दिने, धर्मको रक्षा गर्नका लागि सदैव तत्पर रहेका हुनाले वरद नाम गरेका तपाईंलाई नमस्कार छ, नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३३१) वायुवाहनः

आवहप्रमुखान् सप्त वायून् वाहयतेऽनिशम् ।
यथावस्थिति ते वायुवाहनाय नमो नमः ॥३३१॥

अर्थ

आवह, प्रवह आदि मुख्य सात वायुहरूलाई मर्यादाबमोजिम नित्य चलाउने वायुवाहन नाम गरेका तपाईंलाई नमस्कार छ, नमस्कार छ ।

टिप्पणी

आवह, प्रवह, अनुवह, संवह, विवह, परावह, परिवह नाम गरेका सात वायुहरूलाई चलाउनुहुन्छ, त्यसैले भगवान् वायुवाहन हुनुहुन्छ ।

३३२) वासुदेवः

त्रैलोक्यमाच्छादयते दीव्यते च प्रतिक्षणम् ।
वसुदेवस्य पुत्राय वासुदेवाय ते नमः ॥३३२॥

अर्थ

त्रैलोक्यलाई नित्य आच्छादन गर्ने प्रतिक्षण प्रकाशित भइरहेका र वसुदेवका पुत्र भएका हुनाले वासुदेव नाम गरेका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

वस् आच्छादने धातुबाट वसु/वासु बनेको हुनाले तीनै लोकलाई भगवान्ले आच्छादन गर्नुहुन्छ भन्ने कुरा स्पष्ट हुन्छ । दिवु धातुको कान्ति पनि अर्थ भएको हुँदा वासु र देव दुवै हुनाले भगवान् वासुदेव हुनुहुन्छ । अथवा वसुदेवका छोरा हुनाले अपत्य अर्थमा वासुदेव हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वस्नुहुन्छ अथवा बासित सबैलाई आच्छादित गर्नुहुन्छ त्यसैले वासु हुनुहुन्छ, दीव्यति = क्रीडा गर्नुहुन्छ, जित्ने इच्छा गर्नुहुन्छ, व्यवहार गर्नुहुन्छ, प्रकाशित हुनुहुन्छ, स्तुति गरिनुहुन्छ, त्यसैले भगवान् देव पनि हुनुहुन्छ ।

३३३) बृहद्भानुः

भास्करेभ्यः समस्तेभ्यो बृहतेऽधिकतेजसे ।
भाताय नित्यं च बृहद्भानवे ते नमो नमः ॥३३३॥

अर्थ

सबै सूर्यहरूभन्दा बृहत् (अधिक) तेज भएका नित्य प्रकाशित हुनाले बृहद्भानु नाम गरेका तपाईंलाई नमस्कार छ, नमस्कार छ ।

टिप्पणी

सूर्य-चन्द्रमामा जाने उहाँका अति बृहत् भानु (किरण) छन् र ती किरणहरूद्वारा नै सम्पूर्ण जगत् प्रकाशित हुन्छ त्यसैले भगवान् बृहद्भानु हुनुहुन्छ ।

३३४) आदिदेवः

सर्वकारणरूपाय दीव्यते च प्रतिक्षणम् ।
प्रथमाय च देवानामादिदेवाय ते नमः ॥३३४॥

अर्थ

सबैका आदि कारणरूप भएका एवं प्रतिक्षण प्रकाशित भइरहेका, देवताहरूका आदि (प्रथम) भएका हुनाले आदिदेव नाम गरेका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

आदि अर्थात् सबैका कारण एवं देवता पनि हुनाले भगवान् आदिदेव हुनुहुन्छ । आदिश्चासौ देवश्च ।

३३५) पुरन्दरः

द्विषत्पुरं दारयते भजतां मुक्तिदायिने ।
पुरन्दराय भवते सादरं शतशो नमः ॥३३५॥

अर्थ

शत्रुहरूका पुर (नगर) हरूलाई दारण (नाश) गर्ने एवं भजन गर्नेहरूलाई मुक्ति दिने हुनाले पुरन्दर नाम गरेका तपाईंलाई सादर शतशः नमस्कार छ ।

३३६) अशोकः

शोकस्य पारं नयते भक्तान् स्वान् शोचतोऽनिशम् ।
अनेकशोऽप्यशोकाय तुभ्यं नाथ ! नमो नमः ॥३३६॥

अर्थ

निरन्तर शोक गर्ने आफ्ना भक्तहरूलाई शोकबाट पार (शोकरहित) गर्ने भएका, अनेकबार नै अशोक भएका हुनाले अशोक नाम गरेका हे नाथ ! तपाईंलाई नमस्कार छ, नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३३७) तारणः

तितीर्षतां हितकृते देशिकत्वमुपेयुषे ।
मुक्तिलब्धेः कारणाय तारणाय नमो नमः ॥३३७॥

अर्थ

जो संसाररूपी सागरवाट तर्न चाहन्छन्, उनीहरूको हित गर्ने एवं उपदेशकरूपमा उनी (भक्त) हरूलाई प्राप्त हुनुहुने भएका र मुक्तिलाभका कारण पनि भएका तारण नाम गरेका तपाईंलाई नमस्कार छ ।

३३८) तारः

तितीर्षतस्तारयते सर्वोच्चाय सते सदा ।
प्रणवाऽनन्यवपुषे ताराय भवते नमः ॥३३८॥

अर्थ

(संसारसागरवाट) तर्ने इच्छा राख्नेहरूलाई तार्ने भएका, सर्वोच्च भएका, सदा सत्स्वरूप भएका, प्रणव ॐकार नै अनन्य शरीर भएका तार नाम गरेका तपाईंलाई नमस्कार छ ।

३३९) शूरः

सूर्यरूपेण च सते दुर्वृत्ताँश्च प्रमथ्नते ।
नमः शूराय भवते शौर्यातिशयशालिने ॥३३९॥

अर्थ

सूर्य रूपमा चम्कने भएका, दुष्टहरूलाई मथन (नाश) गर्ने अतिशय शौर्यले युक्त भएका हुनाले शूर नाम गरेका तपाईं भगवान्लाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३४०) शौरिः

शूरस्य (वसुदेवस्य) तनयत्वमुपेयुषे ।
कंसादिकप्राणमुषे भवते शौरये नमः ॥३४०॥

अर्थ

शूर (वीर) वसुदेवका छोरा हुनुभएका, कंसादि दुष्टहरूको प्राण हरण गर्ने र शूरका छोरा हुनाले शौरि नाम गरेका तपाईंलाई नमस्कार छ ।

३४१) जनेश्वरः

सर्वेषामेव जन्तूनां नियामकतया सते ।
जनेश्वराय भवते भगवन् ! शतशो नमः ॥३४१॥

अर्थ

सवै जन्तु (प्राणी) हरूका नियामक रूपमा रहनुभएका, सत्स्वरूप भएका त्यसैले जनेश्वर नाम गरेका हे भगवन् तपाईंलाई नमस्कार छ ।

३४२) अनुकूलः

प्रपत्तिमात्रयत्नेन दिशते स्वैकरूपताम् ।
दयामयाय भगवन्ननुकूलाय ते नमः ॥३४२॥

अर्थ

शरणागतिको मात्र प्रयत्न (प्रयास) ले आफ्नो एकरूपता दिने भएका, दयामय भई सवैका अनुकूल नाम भएका हे भगवन् तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

भगवान् सबैका आत्मा हुनाले अनुकूल हुनुहुन्छ, कोही पनि आफ्नो प्रतिकूल आचरण गर्दैन त्यसैले भगवान् अनुकूल हुनुहुन्छ ।

३४३) शतावर्तः

अवतारैर्बहुविधैर्बहुधाऽऽवर्तितैर्निजैः ।
धर्मरक्षां विदधते शतावर्ताय ते नमः ॥३४३॥

अर्थ

अनेकवार गरिएका अनेक प्रकारका आफ्ना अवतारहरूद्वारा धर्मरक्षा गर्ने भएका, सयकडौं अवतार लिनाले शतावर्त नाम गरेका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

धर्मको रक्षाका लागि सयौं आवर्तन (अवतार) छन् जसका ती भगवान् शतावर्त हुन् । हृदयबाट निक्लने सयौं नाडीहरूमा प्राणरूपले बस्नुहुन्छ त्यसैले भगवान् शतावर्त हुनुहुन्छ ।

३४४) पद्मी

धर्मज्ञानमयं पद्मं पाणिना दधते सदा ।
ज्ञानधर्मप्रियायाऽस्तु पद्मिने ते नमो नमः ॥३४४॥

अर्थ

धर्म र ज्ञानमय भएको पद्म (कमल) लाई हातले धारण गर्ने, ज्ञान र धर्म प्रिय भएका हुनाले पद्मी नाम गरेका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३४५) पद्मनिभेक्षणः

प्रेक्षतां प्रणयीभूत्वा करुणावरुणालयः ।
पदप्रणतिमात्रेण प्रभुः पद्मनिभेक्षणः ॥३४५॥

अर्थ

भगवान्लाई देख्नेहरूलाई प्रेमी भएर करुणाका सागर नै बनिदिनुहुन्छ, पाउमा प्रणति (ढोग) मात्रले पद्मका जस्ता नेत्रले करुणा गर्नुहुन्छ, त्यसैले भगवान् पद्मनिभेक्षण हुनुहुन्छ ।

टिप्पणी

पद्म (कमल)जस्ता ईक्षण अर्थात् आँखाहरू छन् जसका ती भगवान् पद्मनिभेक्षण हुनुहुन्छ ।

३४६) पद्मनाभः

हृत्पद्मकर्णिकामध्ये दीपायेव दिवानिशम् ।
पूतचित्तैश्चिन्तिताय पद्मनाभाय ते नमः ॥३४६॥

अर्थ

हृदय कमलको कर्णिका (मध्य) का मध्यभागमा दीपलाई जस्तो रातदिन पवित्रचित्त भएकाहरूले निरन्तर चिन्तन गरिएका पद्मनाभ नाम गरेका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

पद्मको नाभि (कर्णिका) का वीचमा भगवान् स्थित हुनुहुन्छ त्यसैले भगवान् पद्मनाभ हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३४७) अरविन्दाक्षः

पुरन्दरप्रभृतिभिर्वन्दिताय सभक्तिभिः ।
नतिर्मुदाऽस्तु भवतेऽरविन्दाक्षाय नैकशः ॥३४७॥

अर्थ

भक्तिसहित इन्द्रादि देवताहरूले वन्दना गरिएका र कमलको जस्ता नेत्र (आँखा) भएका अरविन्दाक्ष नाम गरेका तपाईंलाई प्रसन्नतापूर्वक अनेकवार नमस्कार छ ।

३४८) पद्मगर्भः

हृत्पद्मगर्भे कृतिभिर्भाव्यमानाय भक्तितः ।
पद्मगर्भाय भगवन् ! भवतेऽनेकशो नमः ॥३४८॥

अर्थ

हृदयरूपी पद्म (कमल) को गर्भ अर्थात् मध्यमा कुशल व्यक्तिहरूद्वारा भक्तिपूर्वक भावना गरिने भएका त्यसैले पद्मगर्भ नाम गरेका हे भगवन् तपाईंलाई अनेकवार नमस्कार छ ।

३४९) शरीरभृत्

यथोपयोगं प्रणयन् प्राणिनां पोषकं वपुः ।
शरीरभृत् प्रभुः प्रीतिं प्रणामेन प्रयातु मे ॥३४९॥

अर्थ

प्राणीहरूको पोषण गर्ने र उपयोगमा आउने भएको, शरीरलाई पुष्ट वनाउने भएका हुनाले शरीरभृत् नाम गरेका प्रभु मेरा प्रणामले प्रसन्न होऊन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

अन्नरूप वा प्राणरूपले सवै शरीरधारीका शरीरलाई पोषण गर्दै धारण गर्नुहुन्छ त्यसैले भगवान् शरीरभृत् हुनुहुन्छ । अथवा आफ्ना मायाले सवै प्राणीका शरीरहरूको पोषण गर्नुहुन्छ वा धारण गर्नुहुन्छ, त्यसैले वहाँ शरीरभृत् हुनुहुन्छ ।

३५०) महर्द्धिः

दैवीमृद्धिं सुमहतीं दधानाय दिवानिशम् ।
अहर्निशमहं तस्मै नमस्कुर्वे महर्द्धये ॥३५०॥

अर्थ

दिनरात ठूलो दैवी समृद्धिलाई धारण गर्ने भएका त्यसैले अनन्त ऋद्धि (ऐश्वर्य) भएका ती महर्द्धि नाम गरेका भगवान्‌लाई म रातदिन नमस्कार गर्छु ।

३५१) ऋद्धः

निस्तुलाभिः समस्ताभिर्दुरापाभिश्च भूतिभिः ।
ऋद्धाय तुभ्यं प्रणतिः श्रद्धाबद्धाञ्जलेर्मम ॥३५१॥

अर्थ

अतुलनीय (तुलना गर्न नसकिने) दुष्प्राप्य (प्राप्त गर्न कठिन) सम्पूर्ण भूति (ऐश्वर्य) द्वारा समृद्धिशाली ऋद्ध नाम गरेका तपाईंलाई श्रद्धाले बद्धाञ्जलि भएको मेरो प्रणाम छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३५२) वृद्धात्मा

श्रद्धानिबद्धाञ्जलिभिः समस्तैर्नतमस्तकैः ।
निर्जरैर्नम्यमानाय तुभ्यं वृद्धात्मने नमः ॥३५२॥

अर्थ

श्रद्धाले हात जोडेका, नतमस्तक भएका सबै देवताहरूद्वारा नमस्कार गरिने भएका हुनाले वृद्धात्मा नाम गरेका तपाईं भगवान्लाई नमस्कार छ ।

३५३) महाक्षः

तुभ्यं नलिनपत्राभसुदीर्घोदारचक्षुषे ।
अविज्ञातपरोक्षाय महाक्षाय मुहुर्नमः ॥३५३॥

अर्थ

कमलपत्र जस्तो लामो र उदार नेत्र भएका, जसका निमित्त कुनै कुरा परोक्ष छैनन् त्यस्ता महाक्ष नाम गरेका तपाईंलाई बारम्बार नमस्कार छ ।

टिप्पणी

ठूला आँखा हुनाले वा इन्द्रियहरू नै ठूला भएका हुनाले भगवान् महाक्ष हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३५४) गरुडध्वजः

छन्दोमयं गरुत्मन्तं केतनीकृत्य राजते ।
तुभ्यं सभक्ति गरुडध्वजाय शतशो नमः ॥३५४॥

अर्थ

छन्दोमय (वेदमय) गरुडलाई ध्वजा (झण्डा) वनाएर शोभायमान हुनुभएका हुनाले गरुडध्वज नाम गरेका तपाईंलाई भक्तिसहित शतशः नमस्कार छ ।

३५५) अतुलः

न तस्य प्रतिमा अस्तीत्याह यद्विषये श्रुतिः ।
अतुलाय नमस्तस्मै तुलनातीतवृत्तये ॥३५५॥

अर्थ

न तस्य प्रतिमा अस्ति (त्यसको तुलना गर्ने कोही छैन) यस्तो वाक्य जसका विषयमा वेदले भन्दछ त्यस्ता तुलनादेखि पर भएका अतुल नाम गरेका भगवान्लाई नमस्कार छ ।

३५६) शरभः

शरेषु (शीर्यमाणेषु शरीरेषु शरीरिणाम्) ।
आत्मत्वेन विभाताय शरभाय नमो नमः ॥३५६॥

अर्थ

शरीरधारीहरूका शरीर शीर्ण (नष्ट) भएपछि शर अर्थात् शरीरमा आत्मत्वेन (आत्मरूपले) प्रकाशित हुने भएकाले शरभ नाम गरेका तपाईं भगवान्लाई नमस्कार छ नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३५७) भीमः

यद्भयाद्वाति वातोऽयं सूर्यस्तपति यद्भयात् ।
भीमाय तस्मै भवते भगवन् ! शतशो नमः ॥३५७॥

अर्थ

जसका भय (डर) ले यो वायु प्रवाहित हुंन्छ, जसका डरले सूर्यले ताप (प्रकाश) दिन्छन्, तिनै भीम नाम गरेका हे भगवान् तपाईंलाई शतशः नमस्कार छ ।

३५८) समयज्ञः

उचितं यो विजानाति समयं कर्मणां स्वयम् ।
तस्मै समत्वयज्ञाय समयज्ञाय ते नमः ॥३५८॥

अर्थ

जुन भगवान् कर्महरूको उचित समयलाई जान्नुहुन्छ उनै समत्वयज्ञलाई र यज्ञको समयलाई जान्ने भएका हुनाले समयज्ञ नाम गरेका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

सृष्टिस्थिति र संहारको समयलाई जान्ने हुनाले भगवान् समयज्ञ हुनुहुन्छ । अथवा छ समयहरू (भावविकार) लाई अथवा (छ ऋतुहरू) जान्नुहुन्छ त्यसैले भगवान् समयज्ञ हुनुहुन्छ । वा सम नाम गरेको यज्ञलाई जान्नुहुन्छ त्यसैले भगवान् समयज्ञ हुनुहुन्छ । सम = सबै भूतहरू त्यसमा यज्ञ भावना राख्ने हुनाले पनि भगवान् समयज्ञ हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३५९) हविर्हरिः

यो हविः प्रतिगृह्णाति श्रद्धापूतं मखे हुतम् ।
तस्मै कृताञ्जलि हविर्हरये हरये नमः ॥३५९॥

अर्थ

जसले श्रद्धाले पवित्र भएको यज्ञमा हवन गरिएको हविलाई हरण वा ग्रहण गर्नुहुन्छ त्यसैले हविर्हरि नाम गरेका हरि भगवान्लाई हात जोडेर नमस्कार छ ।

३६०) सर्वलक्षणलक्षण्यः

सर्वप्रमाणविद्विद्वल्लक्षणालक्षितात्मकः ।
सर्वलक्षणलक्षण्यः प्रभुः प्रेम्णा प्रणम्यते ॥३६०॥

अर्थ

सम्पूर्ण प्रत्यक्षादि प्रमाणहरू जान्ने भएका, विद्वान्हरूद्वारा गरिएका लक्षणहरूद्वारा लक्षित (ज्ञात) स्वरूप भएका, त्यसैले सर्वलक्षणलक्षण्य नाम गरेका प्रभु प्रेमपूर्वक नमस्कार गरिनुहुन्छ ।

टिप्पणी

संसार सवै भगवत्स्वरूप भएको हुनाले जुनसुकै लक्षण गरे पनि त्यो भगवान्को नै लक्षण हुन जान्छ, त्यसैले सर्वलक्षणलक्षण्य भगवान् हुनुहुन्छ । सम्पूर्ण लक्षण अर्थात् प्रमाणहरूद्वारा जो ज्ञान हुन्छ, त्यो ज्ञान नै उत्तम ज्ञान हो ती नै परमात्मा हुनाले भगवान् सर्वलक्षणलक्षण्य हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३६१) लक्ष्मीवान्

इलातलमिलन्मौलि कृताञ्जलि मुहुर्मुहुः ।
लक्ष्मीवते नमस्तुभ्यं लक्ष्मीलक्षितवक्षसे ॥३६१॥

अर्थ

पृथिवीतलमा मस्तक राखेर, हात जोडेर, लक्ष्मीले चिह्नित हृदय भएका, लक्ष्मीवान् तपाईं भगवान्लाई नमस्कार छ ।

३६२) समितिञ्जयः

आयोधनेषु सर्वेषु जयमर्जयते सदा ।
सभक्ति तुभ्यं समितिञ्जयाय शतशो नमः ॥३६२॥

अर्थ

सबै युद्धहरूमा सधैं जय प्राप्त गर्ने भएका, समितिञ्जय नाम गरेका तपाईं भगवान्लाई भक्तिपूर्वक शतशः नमस्कार छ ।

टिप्पणी

समिति अर्थात् युद्धलाई जित्नुहुन्छ त्यसैले भगवान् समितिञ्जय हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३६३) विक्षरः

अचलेभ्योऽपि सर्वेभ्योऽचलाय वसते सदा ।
क्षरणेन च हीनाय विक्षराय नमो नमः ॥३६३॥

अर्थ

अचलभन्दा पनि जो सधैं अचल भएर वस्दछ, क्षर भनेको चल वा चञ्चल वा नाशवान् हुनु हो त्यसबाट हीन अर्थात् नाशवान् नभएको (विगत क्षर भएको) हुनाले विक्षर नाम गरेका तपाईंलाई नमस्कार छ, नमस्कार छ ।

३६४) रोहितः

धृतस्रुचे रक्तरुचेऽध्वरशक्ताय जन्मिनाम् ।
हिताय जाग्रते तुभ्यं रोहिताय नमो नमः ॥३६४॥

अर्थ

स्रुक् (सुरो) धारण गरेका, रक्त वर्ण भएका, यज्ञमा लागेका प्राणीहरूका हितका निमित्त सदैव जाग्रत रहने, त्यसैले रोहित (रक्तवर्ण) नाम गरेका तपाईं भगवान्लाई नमस्कार छ, नमस्कार छ ।

टिप्पणी

आफ्नै इच्छाले रोहित (रक्त) वर्ण मूर्ति अथवा रोहित नामको माछोको रूप धारण गर्नाले भगवान् रोहित हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३६५) मार्गः

मुमुक्षुभिर्यत्नपरैर्मृग्यमाणाय सर्वदा ।
सहोरूपाय च सते मार्गाय शतशो नमः ॥३६५॥

अर्थ

प्रयत्न गर्ने भएका मुमुक्षुहरूद्वारा सदैव मृग्यमाण (खोजिने) भएका, सहरूप भएका अर्थात् सबैलाई जित्ने भएका वा सहन गर्ने हुनाले मार्ग नाम गरेका तपाईं भगवान्‌लाई शतशः नमस्कार छ ।

टिप्पणी

मुमुक्षुहरूले वहाँलाई खोज्छन् त्यसैले भगवान् मार्ग हुनुहुन्छ । वा परमानन्द जुन वाटोवाट प्राप्त हुन्छ ती भगवान् मार्ग हुनुहुन्छ ।

३६६) हेतुः

उपादानत्वेन सर्वं हिन्वते कार्यमादितः ।
प्रवर्तकाय च सते भवते हेतवे नमः ॥३६६॥

अर्थ

उपादान (कारण) रूपले सवै कार्यहरूलाई सृष्टिदेखि नै चलाउने भएका एवं प्रवर्तक (संचालक) भई सत्स्वरूप भएका त्यसैले हेतु नाम गरेका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

उपादान र निमित्त कारण भगवान् नै हुनुहुन्छ त्यसैले भगवान् हेतु हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३६७) दामोदरः

दाम्नोदरेऽपि बद्धाय सामोदत्वमनुज्झते ।
व्यामोहकारिकृतये नमो दामोदराय ते ॥३६७॥

अर्थ

दाम्लाले पेटमा बाँधिए पनि आमोद (प्रसन्नता) लाई नछोड्ने भएका र सबैलाई मोहित गर्ने भएका दामोदर नाम गरेका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

दम आदि साधनहरूले जो अति उदार हुनुहुन्छ त्यसैले भगवान् दामोदर हुनुहुन्छ । यहाँ दम भनेको इन्द्रियहरूलाई दमन गर्नेलाई बुझिन्छ, दमन गर्नाले नै अति उदार र उत्कृष्ट हुनुहुन्छ त्यसैले भगवान् दामोदर हुनुहुन्छ । अथवा यशोदाले पेटमा दाम्लाले बाँधिएका हुनाले दामोदर हुनुहुन्छ । वा दाम भनेका लोकहरू हुन् ती भगवान्का पेट (उदर) मा छन् त्यसैले भगवान् दामोदर हुनुहुन्छ ।

३६८) सहः

भक्त्या सकृत्प्रणामेनाऽपराधान् सहते सताम् ।
प्रबलाँश्चाभिभवते सहाय शतशो नमः ॥३६८॥

अर्थ

भक्तिद्वारा एकपटकको प्रणामले मात्रै सज्जनहरूका अपराधहरूलाई सहने एवं प्रवल (अहंकारीहरू) लाई जित्ने हुनाले सह नाम गरेका भगवान्लाई शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

सवैलाई जित्नुहुन्छ वा सवैलाई सहन गर्नुहुन्छ त्यसैले भगवान् सह हुनुहुन्छ । (सह धातु सहन गर्नु अर्थमा र पराजित गर्नु अर्थमा प्रयोग हुन्छ ।)

३६९) महीधरः

कुलाचलानां सप्तानां रूपेण धरते महीम् ।
महीधराय भवते भगवन्नस्तु मे नतिः ॥३६९॥

अर्थ

सातवटा कुलाचल (महेन्द्र, मलय, सह्य, शक्ति, ऋक्ष, विन्ध्य र पारिजात) का रूपमा मही (पृथ्वी) लाई धारण गर्ने भएका हुनाले महीधर नाम गरेका हे भगवान् तपाईंलाई मेरो नमस्कार छ ।

३७०) महाभागः

अनन्तकोटिब्रह्माण्डवर्तिभिर्निखिलैर्जनैः ।
समादृताय भगवन् ! महाभागाय ते नमः ॥३७०॥

अर्थ

अनन्तकोटि व्रह्माण्डमा विद्यमान सवै जनहरूद्वारा समादृत (आदर गरिएका) त्यसैले महाभाग नाम गरेका हे भगवन् ! तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

स्वेच्छाले देह (शरीर) धारण गरेर उत्कृष्ट भोजनलाई भोग गर्नुहुन्छ त्यसैले भगवान् महाभाग हुनुहुन्छ । अथवा अवतारहरूमा भगवान्को महान् भाग (ठूलो भाग) छ त्यसैले भगवान् महाभाग हुनुहुन्छ । (आदरणीय व्यक्तिलाई महाभाग शव्दको प्रयोग गरिन्छ ।)

३७१) वेगवान्

अनेजतेऽपि भवते मनसोऽपि जवीयसे ।
अद्भुतानन्तवेगाय तुभ्यं वेगवते नमः ॥३७१॥

अर्थ

कम्पनरहित भएर पनि मनभन्दा पनि तीव्र वेग भएका अद्भुत र अनन्त वेग (गति) भएका त्यसैले वेगवान् नाम गरेका तपाईं भगवान्लाई नमस्कार छ ।

टिप्पणी

वेग तीव्र गतिलाई भनिन्छ, तीव्र गति हुनाले भगवान् वेगवान् हुनुहुन्छ । उपनिषद्ले पनि - "अनेजदेकं मनसो जवीयः" कत्ति कम्पन नभए पनि मनभन्दा पनि वेगवान् भएको त्यो ब्रह्म (ईश्वर) एक मात्र हुनुहुन्छ भनेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३७२) अमिताशनः

उपसिच्य जगत्सर्वं मृत्युना भुञ्जते सते ।
सभक्ति तुभ्यममिताशनाय शतशो नमः ॥३७२॥

अर्थ

मृत्युरूपी तरकारीले मुछेर सम्पूर्ण जगत्लाई नै खाने भएका, अमित = धेरै, अशन = भोजन भएकाले अमिताशन नाम गरेका तपाईं भगवान्लाई शतशः नमस्कार छ ।

टिप्पणी

जसरी भात तरकारी, दाल, अचार, आदिले मुछेर खाने काम गरिन्छ त्यसै गरी भगवान्ले मृत्युरूपी तिहुन (तरकारी) ले मुछेर सम्पूर्ण संसारलाई भोग गर्नुहुन्छ भन्ने आशय हो । संहारको समयमा विश्वलाई नै खानुहुन्छ त्यसैले भगवान् अमिताशन हुनुहुन्छ ।

३७३) उद्भवः

उच्चैर्भवाच्च भवते भवाच्चोद्भवते सते ।
उद्भवाय नमस्तुभ्यमस्तु निस्तुलशक्तये ॥३७३॥

अर्थ

भव (संसार) देखि उच्च भएका एवं भववाट उत्पन्न हुने भएका हुनाले उद्भव नाम गरेका अतुलनीय शक्ति भएका, सत्स्वरूप तपाईंलाई नमस्कार छ ।

टिप्पणी

प्रपञ्चको उपादान कारण हुनाले अथवा भववाट उद्गत (माथि) हुनाले भगवान् उद्भव हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३७४) क्षोभणः

गुणत्रयमयीं मायां क्षोभयित्वा क्रमाद्बहून् ।
ब्रह्माण्डपिण्डान् सृजते क्षोभणाय नमो नमः ॥३७४॥

अर्थ

त्रिगुणमयी (सत्त्व गुण, रजोगुण र तमोगुण मयी) मायालाई क्षोभण (मन्थन) गरेर क्रमैले अनेक ब्रह्माण्ड पिण्डहरूलाई सृष्टि गर्ने भएका क्षोभण नाम गरेका भगवान्लाई नमस्कार छ, नमस्कार छ ।

३७५) देवः

इच्छां जिगीषां क्रीडां च स्वप्नं मोदं मदं द्युतिम् ।
यथोचितं विदधते देवाय भवते नमः ॥३७५॥

अर्थ

इच्छा, जिगीषा (जित्ने इच्छा), क्रीडा (खेल), स्वप्न (सपना), मोद (आनन्द), मद (अभिमान) र द्युति (कान्ति/शोभा) लाई यथोचित रूपले धारण गर्ने भएका हुनाले देव नाम गरेका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

"दिव्यति" इति देवः । भगवान् सृष्टि, स्थिति र संहारसंग क्रीडा गर्नुहुन्छ, असुर इत्यादिलाई जित्न चाहनुहुन्छ, सबै प्राणीहरूमा व्यवहार गर्नुहुन्छ, आत्मरूपले प्रकाशित हुनुहुन्छ । स्तुति गर्नेहरूद्वारा स्तुति गरिनुहुन्छ । सर्वत्र गमन गर्नुहुन्छ त्यसैले भगवान् देव हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३७६) श्रीगर्भः

प्रपन्नेभ्यः स्वभक्तेभ्यो दित्सतेऽनुपमां श्रियम् ।
कालं प्रतीक्षमाणाय श्रीगर्भाय नमो नमः ॥३७६॥

अर्थ

शरणमा आएका आफ्ना भक्तहरूलाई अनुपम श्री (शोभा/लक्ष्मी) दिन चाहने भएका, कालको प्रतीक्षा गर्ने श्रीगर्भ नामका भगवान्‌लाई नमस्कार छ, नमस्कार छ ।

३७७) परमेश्वरः

अचिन्तितं साधयते संसिद्धं लुम्पते सते ।
सभक्ति तुभ्यं परमेश्वराय शतशो नमः ॥३७७॥

अर्थ

अचिन्तित (कल्पना नगरिएको) कुरालाई साधन गर्ने, सिद्ध कुरालाई लोप (नाश) गरिदिने, सत्स्वरूप परमेश्वर नाम गरेका तपाईंलाई भक्तिसहित शतशः नमस्कार छ ।

३७८) करणम्

स्वयं करणभावेन क्रियाः साधयते सते ।
इन्द्रियत्वं चाऽऽश्रयते करणाय नमो नमः ॥३७८॥

अर्थ

स्वयं आफै करण (आदिकारण) भावले सम्पूर्ण क्रियाहरूलाई साधन गर्ने भएका एवं इन्द्रियत्वलाई आश्रयण (इन्द्रिय रूपमा परिणत) हुने भएका करण नाम गरेका तपाईं भगवान्‌लाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

कुनै पनि ज्ञानमा विषय कारण हुन्छ तर इन्द्रियहरू त्यसमा असाधारण कारण हुन्छन् । त्यसैले इन्द्रियहरू करण हुन् । असाधारण कारणलाई नै करण भनिन्छ । जगत्को उत्पत्तिमा साधकतम हुनुहुन्छ भगवान्, त्यसैले करण हुनुहुन्छ ।

३७९) कारणम्

उपादानत्वमालम्ब्य निमित्तत्वं च तिष्ठते ।
कारणाय नमस्तुभ्यं सततं स्वैरचारिणे ॥३७९॥

अर्थ

उपादान कारण (स्वयं कार्यरूपमा परिणत हुनु) लाई आश्रय लिएर निमित्त कारण हुनुभएका र स्वच्छन्दचारी पनि भएका हुनाले कारण नाम गरेका तपाईंलाई निरन्तर नमस्कार छ ।

टिप्पणी

भगवान् उपादान र निमित्त दुवै कारण हुनुहुन्छ त्यसैले कारण हुनुहुन्छ ।

३८०) कर्ता

स्वातन्त्र्यैणैव सकलं प्रस्तुतं कर्म कुर्वते ।
परानपेक्षकृतये कर्त्रे तुभ्यं नमो नमः ॥३८०॥

अर्थ

प्रस्तुत (उपस्थित) सम्पूर्ण कर्म स्वतन्त्ररूपले नै गर्ने भएका, अर्काको अपेक्षा नगर्ने भएका हुनाले कर्ता नाम गरेका तपाईंलाई नमस्कार छ, नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३८१) विकर्ता

स्वयं विरचितं विश्वं स्वयमेव क्षणान्तरे ।
विकुर्वते नमस्तुभ्यं विकर्त्रे बालकर्मणे ॥३८१॥

अर्थ

आफैंले रचित विश्वलाई दोस्रो क्षणमा आफैं विकृत (नाश) गर्ने भएका त्यसैले विकर्ता नाम गरेका, बालकको जस्तो कर्म भएका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

विचित्र भुवनका कर्ता हुनुहुन्छ त्यसैले भगवान् विष्णु विकर्ता हुनुहुन्छ ।

३८२) गहनः

कोविदानामवेद्यत्वं यातं यस्य समीहितम् ।
तस्मै तुभ्यं भगवते गहनाय नमो नमः ॥३८२॥

अर्थ

जसको समीहित (चेष्टा/इच्छा) विद्वान्हरूलाई पनि अवेद्य (जान्न नसकिने) छ त्यसैले गहन नाम गरेका तिनै तपाईं भगवान्लाई नमस्कार छ, नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३८३) गुहः

मायाच्छन्नाय भवते गूढरूपाय देहिने ।
स्कन्दरूपाय च सते गुहाय शतशो नमः ॥३८३॥

अर्थ

प्राणीहरूका निमित्त अत्यन्त गूढ रूप (जान्न नसकिने) भएका, मायाले आच्छादित रूप भई, सत् स्वरूप एवं स्कन्द (कार्तिकेय) रूप भएका हुनाले गुह नाम गरेका तपाईंलाई शतशः नमस्कार छ ।

टिप्पणी

आफ्नै मायाले आफ्ना स्वरूपलाई गुहन गर्नुहुन्छ (छोप्नुहुन्छ) त्यसैले भगवान् गुह हुनुहुन्छ । कार्तिकेयको नाम पनि गुह हो त्यसैले पनि भगवान्लाई गुहस्वरूप भनिएको हो ।

३८४) व्यवसायः

निर्धारणैकरूपाय (स्थिरज्ञानात्मने सते) ।
व्यवसायाय भगवन् ! भवतेऽस्तु नमो नमः ॥३८४॥

अर्थ

स्थिर ज्ञानस्वरूप आत्मा भएको हुनाले निर्धारित एकरूप भएका, सत् स्वरूप भएका हुनाले व्यवसाय नाम गरेका हे भगवान् तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३८५) व्यवस्थानः

व्यक्तिभिन्नक्रियाँल्लोकान् व्यवस्थापयते सते ।
व्यवस्थानाय भवते भगवन्नस्तु मे नतिः ॥३८५॥

अर्थ

व्यक्ति व्यक्तिले भिन्न क्रियाहरू भएका लोकहरूलाई व्यवस्थापित गर्ने भएका, सत्स्वरूप भएका त्यसैले व्यवस्थान नाम गरेका हे भगवान् तपाईंलाई मेरो नमस्कार छ ।

टिप्पणी

संसारमा सबैको व्यवस्थिति जसमा छ ती भगवान् नै व्यवस्थान हुनुहुन्छ । अथवा लोकपाल आदिको अधिकार र जरायुज, अण्डज, उद्भिज्ज आदि जीव, ब्राह्मण, क्षत्री आदि वर्ण, ब्रह्मचर्य गृहस्थादि आश्रम, एवं धर्म आदि सबैको व्यवस्था गर्नुहुन्छ त्यसैले भगवान् व्यवस्थान हुनुहुन्छ ।

३८६) संस्थानः

संवर्ते समनुप्राप्ते निजे स्थानेऽतिशोभने ।
जगत् स्थापयते तुभ्यं संस्थानाय नमो नमः ॥३८६॥

अर्थ

संवर्त अर्थात् प्रलयकाल प्राप्त भएमा अतिशोभन आफ्नै स्थानमा जगत्लाई स्थापन गर्ने भएका हुनाले संस्थान नाम गरेका तपाईंलाई नमस्कार छ, नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

भगवान्मा भूतहरूको प्रलयरूपी स्थिति छ त्यसैले भगवान् संस्थान हुनुहुन्छ । अथवा समीचीन स्थान हुनाले भगवान् संस्थान हुनुहुन्छ ।

३८७) स्थानदः

स्वस्वकर्मानुसारेण भूस्वर्गनरकादिकम् ।
स्थानं प्रयच्छते तुभ्यं स्थानदाय नमो नमः ॥३८७॥

अर्थ

आफ्ना-आफ्ना कर्मका अनुसारले (प्राणीहरूलाई) पृथ्वी, स्वर्ग, नरकादि स्थान दिने भएका हुनाले स्थानद नाम गरेका तपाईंलाई नमस्कार छ, नमस्कार छ ।

३८८) ध्रुवः

स्थैर्येण गत्वरत्वेन ध्रुवते ध्रवते सदा ।
ध्रुवायते नमो नित्यं सुनीतितनयाय च ॥३८८॥

अर्थ

स्थिरताले र गमनशीलताले ध्रुव र ध्रव दुवै हुने भएकाले र सुनीतिका छोरा पनि भएकाले ध्रुवनाम गरेका तपाईंलाई नित्य नमस्कार छ । धातु पनि त्यसै अर्थमा छ र रूप पनि ध्रुवति नै बन्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३८९) परर्द्धिः

ऋद्धेः परामेव काष्ठामाश्रिताय सनातनीम् ।
परर्द्धये नमस्तुभ्यं श्रद्धाबद्धाञ्जलेर्मम ॥३८९॥

अर्थ

ऋद्धि (समृद्धि) को सनातन, पराकाष्ठालाई प्राप्त गरेका, त्यसैले परर्द्धि नाम गरेका तपाईंलाई श्रद्धापूर्वक दुई हात जोडी नमस्कार छ ।

३९०) परमस्पष्टः

प्रपञ्चानन्यरूपाय व्यक्तत्वैनैव तिष्ठते ।
कृताञ्जलेर्मे परमस्पष्टाय भवते नमः ॥३९०॥

अर्थ

प्रपञ्चको अनन्य रूप भएका (प्रपञ्चस्वरूप भएका) त्यसैले व्यक्त (प्रकाशित) रूपले नै रहने भएका हुनाले परमस्पष्ट नाम गरेका तपाईंलाई हात जोडेको मेरो नमस्कार छ ।

टिप्पणी

परा (श्रेष्ठ) मा (शोभा) छ जसको त्यो परम हो, त्यो परममा पनि उत्कृष्ट हुनाले भगवान् परमस्पष्ट हुनुहुन्छ वा सर्वोत्कृष्ट हुनाले, वा ज्ञानस्वरूप हुनाले पनि भगवान् परमस्पष्ट हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३९१) तुष्टः

आप्तकामाय च सतेऽनत्ययानन्दबिन्दवे ।
निसर्गतृप्तिजुष्टाय तुष्टाय भवते नमः ॥३९१॥

अर्थ

पूर्णकामना भएकाले (सम्पूर्ण कामना प्राप्त भएका कुनै पनि कामना बाँकी नरहेका) अनन्त आनन्दका बिन्दु भएका एवं सत्स्वरूप भएका, स्वभावले नै तृप्तिले युक्त भएका हुनाले सदैव तुष्ट (सन्तुष्ट) भएका तुष्ट नाम गरेका तपाईं भगवान्लाई नमस्कार छ ।

३९२) पुष्टः

भक्तैर्जनैः पोषिताय यथाविभवदायिभिः ।
त्रैलोक्यव्यापिवपुषे पुष्टाय शतशो नमः ॥३९२॥

अर्थ

आफ्नो वैभव अनुसार दिने भएका, भक्तजनहरूद्वारा पोषित भएका एवं त्रैलोक्यलाई व्याप्त गर्ने शरीर भएका हुनाले पुष्ट नाम गरेका भगवान्लाई शतशः नमस्कार छ ।

३९३) शुभेक्षणः

ईक्षणादेव भक्तानां शुभं भावयते सते ।
शुभेक्षणाय भवते नतिरस्तु क्षणे क्षणे ॥३९३॥

अर्थ

ईक्षण (दर्शन) मात्रले भक्तहरूको शुभ (कल्याण) गर्ने भई सत्स्वरूप भएका हुनाले शुभेक्षण नाम गरेका तपाईंलाई क्षण-क्षणमा नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

जसको ईक्षण (दर्शन) सर्वथा शुभ छ त्यो शुभेक्षण हो त्यसैले भगवान् शुभेक्षण हुनुहुन्छ । अथवा मुमुक्षुहरूलाई मोक्ष दिने, भोगार्थीहरूलाई भोग दिने, सम्पूर्ण सन्देहहरूलाई नाश गर्ने, पापीहरूलाई पवित्र गर्ने, हृदय ग्रन्थिलाई खोल्ने, सम्पूर्ण कर्महरूलाई नाश गर्ने तथा अविद्यालाई नाश गर्ने हुनाले भगवान् शुभेक्षण हुनुहुन्छ ।

३९४) रामः

स्वे धाम्नि रममाणाय भक्तान् रमयतेऽनिशम् ।
गुणग्रामाभिरामाय रामाय शतशो नमः ॥३९४॥

अर्थ

आफ्नै धाममा रमण गर्ने, एवं भक्तहरूलाई निरन्तर रमण (आनन्दित) गराउने, गुणका समूहले अत्यधिक राम्रा भएका हुनाले राम नाम गरेका (भगवान्) लाई शतशः नमस्कार छ ।

टिप्पणी

नित्य आनन्द स्वरूप भएका हुनाले ती भगवान्मा योगीहरू रमण गर्दछन् ती भगवान् राम हुनुहुन्छ । "**रमन्ते योगिनो यस्मिन् सः रामः**" योगीहरू जसमा रमण गर्छन् वा आनन्दित हुन्छन् त्यो राम हो । अथवा रमणीय शरीर धारण गर्नाले दशरथका छोरा नै राम हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३९५) विरामः

भक्तानां भवयात्राया विरामं दिशते सते ।
कृताञ्जलि नमस्तुभ्यं विरामाय मुहुर्मुहुः ॥३९५॥

अर्थ

भक्तहरूको भवयात्रा (संसाररूपी यात्रा) मा विराम अर्थात् विश्राम (आराम) दिने भएका, सत् स्वरूप विराम नाम गरेका तपाईंलाई हात जोडेर बारबार नमस्कार छ ।

३९६) विरतः

निवृत्तिवर्त्म सरसं संश्रिताय सते सदा ।
विततब्रह्मचर्याय विरताय नमो नमः ॥३९६॥

अर्थ

सरस (रसिलो) निवृत्ति (वैराग्य) मार्गलाई आश्रित गर्ने भई सदा सत् स्वरूप भएका, विस्तृत ब्रह्मचर्य (अखण्ड ब्रह्मचारी) भएकाले (संसारबाट नै विरक्त भएका हुनाले) विरत नाम गरेका भगवान्लाई नमस्कार छ, नमस्कार छ ।

३९७) मार्गः

उज्झिताय दुराचारैर्मार्ग्यमाणाय साधुभिः ।
बृहत्पदप्रापकाय मार्गाय भवते नमः ॥३९७॥

अर्थ

दुराचारीहरूद्वारा त्याग गरिएका, साधुहरूद्वारा सदा मार्ग्यमाण (खोजिने) भएका, बृहत्पद (मोक्षपद) प्राप्त गराउने भएका मार्ग नाम गरेका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

जसलाई जानेर मुमुक्षुहरू मोक्ष प्राप्त गर्दछन् त्यो नै मार्ग हो त्यसैले भगवान् मार्ग हुनुहुन्छ । वेदले पनि **"नान्य: पन्था विद्यतेक यनाय"** भगवान् बाहेक मोक्षका लागि कुनै अर्को मार्ग छैन भनेको छ ।

३९८) नेय:

पूर्वोक्तज्ञानमार्गेण नेतव्याय सुदेशिकैः ।
जीवरूपाय भवते नेयाय शतशो नमः ॥३९८॥

अर्थ

पूर्वमा कथित ज्ञान मार्गद्वारा उपदेशकहरूले नेय (लगिने) जीव रूप भएका नेय नाम गरेका तपाईंलाई शतशः नमस्कार छ ।

टिप्पणी

मार्ग अर्थात् सम्यक् ज्ञानले जीव परमात्मस्वरूपमा लगिन्छ त्यसैले भगवान् नेय हुनुहुन्छ । जीवरूपमा भगवान् नेय हुनुहुन्छ ।

३९९) नय:

देशिकत्वं समालम्ब्य पूर्वोक्तेनैव वर्त्मना ।
स्वं पदं नयते जीवान् नयाय भवते नमः ॥३९९॥

अर्थ

उपदेशकको स्वरूपलाई लिएर पूर्वोक्त ज्ञान मार्गद्वारा नै आफ्नो पदमा जीवहरूलाई नयन गर्ने (लैजाने) काम भएकाले नय नाम गरेका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४००) अनयः

नेतृहीनाय भवते सर्वनेतृत्वशालिने ।
दयामयाय भगवन्ननयाय मुहुर्नमः ॥४००॥

अर्थ

नेताले रहित भएका, सबैको नेतृत्व गर्नाले शोभित भएका, एवं अत्यन्त दयालु भएकाले अनय नाम गरेका हे भगवन् तपाईंलाई बारम्बार नमस्कार छ ।

सहस्रनामविवृतौ कुलचन्द्रकृताविदम् ।
चतुर्थं शतकं प्राप पूर्णतां कृपया हरेः ॥

सहस्रनामको व्याख्यामा कुलचन्द्रको कृतिमा यो चौथो शतक हरिका कृपाले पूर्ण भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४०१) वीरः

युद्धदान-दया-धर्मैरुपपन्नाय सर्वतः ।
चतुर्धा प्रविभक्ताय वीराय भवते नमः ॥४०१॥

अर्थ

युद्ध, दान, दया एवं धर्मद्वारा पूर्णतः युक्त भएका, यसरी चार प्रकारले विभक्त भएका वीर नाम गरेका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

वीर रस चार प्रकारको मानिएको छ - युद्धवीर, दानवीर, दयावीर र धर्मवीर । तिनमा अर्जुन युद्धवीर, कर्ण दानवीर, रन्तिदेव दयावीर र हरिश्चन्द्र धर्मवीर हुन् वास्तवमा भगवान्ले नै ती रूप धारण गरेर लोकलाई शिक्षा दिनुभएको हो, त्यसैले भगवान् वीर हुनुहुन्छ । अत्यन्त पराक्रमी हुनाले भगवान् वीर हुनुहुन्छ ।

४०२) शक्तिमतां श्रेष्ठः

जेत्रे शक्तीर्धृतवतां प्रभावोत्साहमन्त्रजाः ।
तुभ्यं मुहुः शक्तिमतां श्रेष्ठाय भगवन्नमः ॥४०२॥

अर्थ

प्रभाव, उत्साह, एवं मन्त्रद्वारा उत्पन्न शक्तिहरू धारण गर्नेहरूलाई जित्ने र शक्तिमानहरूमा श्रेष्ठ हुनाले "शक्तिमतां श्रेष्ठः" नाम गरेका भगवान् तपाईंलाई बारम्वार नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

राजाका मुख्य तीन शक्ति मानिएका छन् - प्रभावशक्ति, उत्साहशक्ति र मन्त्रशक्ति । यी तीनै शक्ति जसमा रहन्छन् त्यो शक्तिमान् हो र ती शक्तिमान्हरूलाई पनि जित्ने भएका हुनाले भगवान् शक्तिमतां श्रेष्ठ हुनुहुन्छ । अर्थात् ब्रह्मादि शक्तिमान्हरूमा भन्दा पनि शक्तिमान् भएका हुनाले भगवान् शक्तिमतां श्रेष्ठ हुनुहुन्छ ।

४०३) धर्मः

दशलक्षणयुक्ताय सते धारयते प्रजाः ।
धर्माय तुभ्यं भगवन् ! शतशोऽस्तु नमो नमः ॥४०३॥

अर्थ

दर्मका दश लक्षणले युक्त भएका, सत्स्वरूप भई प्रजालाई धारण गर्ने भएका हुनाले धर्म नाम गरेका हे भगवन् तपाईंलाई शतशः नमस्कार छ, नमस्कार छ ।

टिप्पणी

मनुले धर्मका दश लक्षण बताउनुभएको छ -

धृतिः क्षमा दमोस्तेयं शौचमिन्द्रियनिग्रहः ।

धीर्विद्या सत्यमक्रोधो दशकं धर्मलक्षणम् ॥ मनुस्मृति ६।९२

धर्मका यी दशै लक्षण भगवान्मा निहित छन् र भगवान्ले सम्पूर्ण चराचर जगत्लाई धारण गर्नुभएको छ त्यसैले भगवान् धर्म हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४०४) धर्मविदुत्तमः

धर्मज्ञेभ्यः समेभ्योऽपि श्रेष्ठत्वेन व्यवस्थितः ।
प्रभुः प्रणम्यते प्रेम्णा मुहुर्धर्मविदुत्तमः ॥४०४॥

अर्थ

सबै धर्मज्ञहरूमा पनि श्रेष्ठ रूपमा स्थित हुनुभएका, धर्मविदुत्तम नाम गरेका प्रभु प्रेमपूर्वक बारबार प्रणाम गरिनुहुन्छ ।

टिप्पणी

श्रुति र स्मृतिहरू जसका आज्ञास्वरूप छन् ती भगवान् धर्मवेत्ताहरूमा सर्वश्रेष्ठ हुनुहुन्छ त्यसैले धर्मविदुत्तम हुनुहुन्छ ।

४०५) वैकुण्ठः

विकुण्ठज्ञानवासाय विकुण्ठायास्तनूभुवे ।
वैकुण्ठलोकपतये वैकुण्ठाय नमो नमः ॥४०५॥

अर्थ

विकुण्ठ (कुण्ठित वा कहीं नरोकिने) ज्ञानका वास भएका, एवं विकुण्ठाका छोरा भएका र वैकुण्ठलोकका स्वामी भएका हुनाले वैकुण्ठ नाम गरेका तपाईंलाई नमस्कार छ, नमस्कार छ ।

टिप्पणी

अनेक प्रकारको कुण्ठा अर्थात् गतिप्रतिरोधलाई विकुण्ठा भनिन्छ । त्यस विकुण्ठालाई गर्ने भएका हुनाले भगवान् वैकुण्ठ हुनुहुन्छ । (विकुण्ठायाः कर्ता वैकुण्ठ) संसारको आरम्भमा चारैतिर फिंजारिएका भूतहरूलाई परस्परमा मिलाएर तिनका गतिलाई रोकिदिनुहुन्छ त्यसैले भगवान् वैकुण्ठ हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४०६) पुरुषः

पुराऽपि सीदते पापमोषते पदसेविनाम् ।
पुरि स्वैरं शयानाय पुरुषाय नमो नमः ॥४०६॥

अर्थ

पुराकालमा पनि आफ्ना सेवकहरूको पापलाई नाश गर्ने भएका र पुरमा (नगर/वा शरीरमा) स्वेच्छया शयन गर्ने भएका हुनाले पुरुष नाम गरेका तपाईं भगवान्लाई नमस्कार छ, नमस्कार छ ।

टिप्पणी

सबैभन्दा पहिले हुनाले वा सबै पापको नाश गर्ने हुनाले भगवान् पुरुष हुनुहुन्छ । (पुरा सीदति इति पुरुषः अथवा पुरि शेते इति पुरुषः) वा पुर = शरीरमा शयन गर्नुहुन्छ त्यसैले पुरुष हुनुहुन्छ । (**"स वा अयं पुरुषः सर्वासु पूर्षु पुरिशयः"** वृ.आ.उ.२।५।१८ यसको अर्थ हो त्यो पुरुष सम्पूर्ण पुर (शरीर/नगर) हरूमा शयन गर्दछ ।

४०७) प्राणः

क्षेत्रज्ञरूपमालम्ब्य सदा प्राणिति यः प्रभुः ।
तस्मै प्राणाय भवते शतशोऽस्तु नमो नमः ॥४०७॥

अर्थ

क्षेत्रज्ञ (जीवात्मा) को रूप लिएर जुन प्रभु प्राणन (श्वासप्रश्वास) क्रिया गर्नुहुन्छ, तिनै प्राण नाम गरेका भगवान्लाई शतशः नमस्कार छ ।

टिप्पणी

क्षेत्रज्ञ रूपले वा प्राणात्मा रूपले भगवान् चेष्टा गर्नुहुन्छ त्यसैले भगवान् प्राण हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४०८) प्राणदः

भजतां प्राणदात्रे च ज्वरादिव्यथितात्मनाम् ।
विरोधिनां प्राणहर्त्रे प्राणदाय नमो नमः ॥४०८॥

अर्थ

ज्वर आदि रोगले पीडित आत्मा भएका (भक्तहरू) भजन गर्नेहरूलाई प्राणदान गर्ने अथवा विरोधीहरूको प्राण हरण गर्ने हुनाले प्राणद नाम गरेका भगवान्‌लाई नमस्कार छ, नमस्कार छ ।

टिप्पणी

(प्राणद शब्द दुई प्रकारले सिद्ध हुन्छ - **प्राणान् ददाति इति प्राणदः** जसले प्राण दिन्छ त्यो प्राणद हो । दा धातु दान अर्थमा पनि छ । प्रलय आदि समयमा प्राणीहरूका प्राणको खण्डन गर्नुहुन्छ ।

४०९) प्रणवः

प्रणम्यमानाय जनैर्ब्रह्म प्रणुवते सते ।
प्रणवाय नमस्तुभ्यं मन्त्रशक्तिविवर्धिने ॥४०९॥

अर्थ

सबै जनहरूद्वारा प्रणाम गरिने, ब्रह्मलाई स्तुति गर्ने वा नुहाउने (झुकाउने) र सत्स्वरूप हुनाले प्रणव नाम गरेका एवं मन्त्रको शक्ति बढाउने तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

प्रणव ॐकारलाई भनिन्छ। प्रकर्षेण नूयते स्तूयते अनेन यस्तो विग्रहमा प्र पूर्वक णु स्तुतौ धातुदेखि प्रणव बन्दछ। जसद्वारा भगवान्को स्तुति गरिन्छ त्यो प्रणव हो। अवतीति यस विग्रहमा अव धातुदेखि मन् प्रत्यय, टिलोप, ऊठ गरी गुण गरेर ॐ बन्दछ। जसले रक्षा गर्दछ त्यो ॐ हो। जुन सुकै मन्त्रको अगाडि ॐ लगाएपछि मन्त्रको शक्ति बढ्दछ। (ॐ भनेर) स्तुति वा प्रणाम गरिन्छ त्यसैले भगवान् ॐकार अथवा प्रणव हुनुहुन्छ।

४१०) पृथुः

प्रथमानाय महते स्मरतां शुभदायिने।
धराधेनुं च दुहते सभक्ति पृथवे नमः ॥४१०॥

अर्थ

चारैतिर फैलिएका, महान् भएका, स्मरण गर्नेहरूलाई शुभ दिने, धरा (पृथ्वी) रूपी धेनु (गाई) लाई दुहुने हुनाले पृथु नाम गरेका तपाईंलाई भक्तिपूर्वक नमस्कार छ।

४११) हिरण्यगर्भः

अण्डं हिरणमयं गर्भादाविर्भावयते सते।
हिरण्यगर्भाय नमस्तुभ्यं विधिमयाय च ॥४११॥

अर्थ

गर्भबाट हिरण्यमय (सुवर्णमय) अण्डलाई आविर्भाव गर्ने, सत्स्वरूप र ब्रह्मास्वरूप पनि भएका हिरण्यगर्भ नाम गरेका तपाईंलाई नमस्कार छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

हिरण्यगर्भ (ब्रह्मा) को उत्पत्तिको कारण भएको हिरण्मय अण्ड जसको वीजबाट उत्पन्न भएको छ ती भगवान् त्यस हिरण्मय अण्डका गर्भ हुनुहुन्छ त्यसैले भगवान् हिरण्यगर्भ हुनुहुन्छ ।

४१२) शत्रुघ्नः

देवान् निनाशयिषतो दुर्वृत्तान् दानवादिकान् ।
निघ्नते भवते नित्यं शत्रुघ्नाय नमो नमः ॥४१२॥

अर्थ

देवताहरूलाई नाश गर्ने इच्छा भएका दुश्चरित्र दानवादिहरूलाई (शत्रुलाई) नित्य नाश गर्ने भएका हुनाले शत्रुघ्न नाम गरेका तपाईंलाई नमस्कार छ, नमस्कार छ ।

४१३) व्याप्तः

प्रपञ्चमखिलं व्याप्य योऽध्यतिष्ठद्दशाङ्गुलम् ।
व्याप्ताय तस्मै भवते ममास्तु शतशो नमः ॥४१३॥

अर्थ

सम्पूर्ण प्रपञ्चलाई व्याप्त गरेर जो दश अङ्गुल (हृदय प्रदेश) मा (व्याप्त) रहनुहुन्छ तिनै व्याप्त नाम गरेका तपाईं भगवान्लाई मेरो शतशः नमस्कार छ ।

टिप्पणी

कारण रूपले भगवान् सबै कार्यमा व्याप्त (रहने) हुनाले भगवान् व्याप्त हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४१४) वायुः

अहर्निशं प्रवहते गन्धमुद्वहतेऽनिशम् ।
अर्दनं कुर्वते चैव वायवे शतशो नमः ॥४१४॥

अर्थ

निरन्तर प्रवहमान भएका, एवं रातदिन गन्धलाई वहन गर्ने भएका तथा अर्दन (पीडा/वातरोग) गर्ने भएका हुनाले वायु नाम गरेका भगवान्लाई शतशः नमस्कार छ ।

४१५) अधोक्षजः

अक्षजा(ऐन्द्रिया)यस्य विकाराः सन्त्यधःस्थिताः ।
अधोक्षजाय तस्मै ते ममास्तु शतशो नमः ॥४१५॥

अर्थ

अक्षज (इन्द्रियहरूबाट उत्पन्न) विकारहरू जसका अधःस्थित (भगवान् भन्दा तल छन्/तुच्छ छन्) छन् त्यसैले नै अधोक्षज नाम गरेका तपाईंलाई मेरो शतशः नमस्कार छ ।

टिप्पणी

अधः = तल (आफ्ना स्वरूपबाट) क्षीण हुनुहुन्न त्यसैले भगवान् अधोक्षज हुनुहुन्छ । अथवा द्यौ = आकाश/माथि छ, अक्ष छ, पृथ्वी अध छ, भगवान् ती दुवैका मध्यमा विराट्रूपले प्रकट हुनुहुन्छ त्यसैले अधोक्षज हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४१६) ऋतुः

ऋच्छते निरवच्छिन्नं छिन्दते सकलं जगत् ।
कालात्मने भगवते ऋतवे ते नमो नमः ॥४१६॥

अर्थ

निरन्तर रूपमा गमनशील हुनुहुन्छ, सम्पूर्ण जगत्लाई नाश गर्नुहुन्छ, त्यसैले कालस्वरूप भएका ऋतु नाम गरेका भगवान् तपाईंलाई नमस्कार छ ।

४१७) सुदर्शनः

यस्य दर्शनमात्रेण निर्वाणमुपलभ्यते ।
सुदर्शनाय तस्मै ते शतशोऽस्तु नमो नमः ॥४१७॥

अर्थ

जसको दर्शन मात्रले निर्वाण (मोक्ष) प्राप्त गरिन्छ, त्यसैले सुदर्शन नाम गरेका तपाईंलाई शतशः नमस्कार छ ।

टिप्पणी

सु (शोभन निर्वाणरूप फल) दर्शन छ जसको ती भगवान् सुदर्शन हुनुहुन्छ । भगवान्को दर्शनले निर्वाणरूप सुन्दर फल दिन्छ त्यसैले भगवान् सुदर्शन हुनुहुन्छ । अथवा अति सुन्दर दर्शन अर्थात् नेत्र छन् जसका ती भगवान् सुदर्शन हुनुहुन्छ । वा सुखले नै भगवान् भक्तद्वारा देखिनुहुन्छ त्यसैले सुदर्शन हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४१८) कालः

सर्वभूतानि कलयन् कालयन् योऽभिधावति ।
तस्मै कालाय ते नित्यं नमोऽस्तु शतशो मम ॥४१८॥

अर्थ

सम्पूर्ण प्राणीहरूलाई कलन (गणना) गर्दै एवं कालन (नाश गर्दै) जो दौडिरहनुहुन्छ त्यसैले काल नाम गरेका तपाइ भगवान्लाई नित्य मेरो शतशः नमस्कार छ ।

टिप्पणी

गणना गर्नु र नाश गर्नु दुवै अर्थमा काल शब्द बन्दछ । सबैलाई नाश गर्नुहुन्छ वा गणना गर्नुहुन्छ त्यसैले भगवान् काल हुनुहुन्छ ।

४१९) परमेष्ठी

प्रशस्ते हृदयाऽऽकाशे महिम्ना स्वेन तिष्ठते ।
अनन्ताय सते तुभ्यं नमोऽस्तु परमेष्ठिने ॥४१९॥

अर्थ

परम (प्रशस्त) हृदयरूपी आकाशमा आफ्नै महिमाले स्थित भएका, अनन्तस्वरूप भएका, सत्स्वरूप भएका परममा स्थित हुनाले नै परमेष्ठी नाम गरेका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४२०) परिग्रहः

यत्र कुत्रापि वसतो जन्मिनः परिगृह्णते ।
परिग्रहाय ते नित्यं ममाऽस्तु शतशो नमः ॥४२०॥

अर्थ

जुन कुनै स्थानमा पनि बस्ने र जन्म लिने भएका (प्राणीहरू) लाई ग्रहण गर्ने भएका हुनाले परिग्रह नाम गरेका तपाईं भगवान्लाई नित्य शतशः नमस्कार छ ।

४२१) उग्रः

यतो भीताः प्रकुर्वन्ति स्वं कर्म पवनादयः ।
उग्राय शतशस्तस्मै तुभ्यमस्तु नमो नमः ॥४२१॥

अर्थ

पवन (वायु) (आवह, प्रवह, अनुवह, संवह, विवह, परावह, परिवह) इत्यादि जसबाट भीत भएर (डराएर) आफ्नो काम गर्छन् त्यसैले उग्र नाम गरेका तपाईंलाई शतशः नमस्कार छ ।

४२२) संवत्सरः

यस्मिन् वसन्ति भूतानि सम्यगेव सनातने ।
संवत्सराय तस्मै ते करोमि शतशो नमः ॥४२२॥

अर्थ

जुन सनातन भगवान्मा सबै भूतहरू सम्यक् रूपले बस्दछन्, तिनै संवत्सर नामका तपाईं भगवान्लाई शतशः नमस्कार गर्छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४२३) दक्षः

वर्धमानाय सततं जगद्रूपेण सर्वतः ।
क्षिप्रं च कुर्वते कर्म दक्षाय भवते नमः ॥४२३॥

अर्थ

जगत् रूपले चारैतिर निरन्तर बढ्दैरहेका, अत्यन्त शीघ्र कार्य गर्ने दक्ष नाम गरेका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

(दक्षको अर्थ चतुर/कुशल हुन्छ कुशलतापूर्वक कार्य गर्ने हुनाले भगवान्को नाम दक्ष हो । जगत्का रूपमा बढ्ने हुनाले एवं सबै काम शीघ्र गर्ने हुनाले भगवान् दक्ष हुनुहुन्छ ।

४२४) विश्रामः

इतस्ततः संसरतां श्रान्तिभाजां शरीरिणाम् ।
विश्रान्तिदाय भवते विश्रामाय नमो नमः ॥४२४॥

अर्थ

यता उता नित्य चलिरहने, यसरी श्रान्ति प्राप्त गरेका (थाकेका) शरीरहरूलाई विश्राम दिने हुनाले विश्राम नाम गरेका तपाईंलाई नमस्कार छ, नमस्कार छ ।

टिप्पणी

संसार सागरमा भोग-प्यास आदि छ ऊर्मिहरू (तरङ्गहरू) द्वारा तरङ्गित भएका अविद्या आदि क्लेशहरूले र मद आदि उपक्लेशहरूले वशमा पारिएका मुमुक्षुहरू विश्राम चाहन्छन्, ती मुमुक्षुहरूलाई भगवान्ले विश्राम दिनुहुन्छ त्यसैले भगवान् विश्राम हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४२५) विश्वदक्षिणः

सर्वकर्मसु शक्ताय दक्षाय च सते सदा ।
भवतेऽनेकशो विश्वदक्षिणाय नमो नमः ॥४२५॥

अर्थ

सबै कर्महरूमा समर्थ भएका र दक्ष (कुशल) पनि भएका, सदा सत्‌रूप नै भएका हुनाले विश्वदक्षिण नाम गरेका तपाईंलाई अनेकबार नमस्कार छ ।

टिप्पणी

विश्व अर्थात् सबैभन्दा भगवान् शक्त र सबै कर्महरूमा कुशल हुनुहुन्छ त्यसैले भगवान् विश्वदक्षिण हुनुहुन्छ । (दक्षिण भनेको कुशल पनि हो ।)

४२६) विस्तारः

विस्तीर्यन्ते समस्तानि यस्मिन् भूतानि शाश्वते ।
तस्मा अवधिशून्याय विस्ताराय नमो नमः ॥४२६॥

अर्थ

जुन शाश्वत भगवान्‌का सम्पूर्ण भूतहरू विस्तृत हुन्छन् तिनै अवधि (नापले/मापदण्डले) ले रहित भएका, त्यसैले विस्तार नाम गरेका तपाईंलाई बारबार नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४२७) स्थावरस्थाणुः

स्थावराणां धरादीनां स्थानत्वेन स्थिताय ते ।
स्थिराय च सते नित्यं स्थावरस्थाणवे नमः ॥४२७॥

अर्थ

स्थावर (स्थिर बुझिने पृथ्वी, पर्वत आदि) का स्थानका रूपमा स्थित भएका, (स्वयं) स्थिर भएका नित्य सत्स्वरूप भएका, त्यसैले स्थावरस्थाणु नाम गरेका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

स्थितिशील हुनाले भगवान् स्थावर हुनुहुन्छ, साथै स्थितिशील भएका पृथिव्यादि भगवान्मा स्थित छन् त्यसैले भगवान् स्थाणु हुनुहुन्छ त्यसैले वहाँ स्थावरस्थाणु भनिनुहुन्छ ।

४२८) प्रमाणम्

प्रमाजनकरूपाय भवते संविदात्मना ।
प्रमाणाय सते तुभ्यं प्रणामाः सन्त्वनेकशः ॥४२८॥

अर्थ

संविद् (ज्ञान) का रूपमा प्रमा (यथार्थज्ञानका) जनक रूप भएका हुनाले प्रमाण नाम गरेका, सत्स्वरूप भएका तपाईं भगवान्लाई अनेकबार प्रणाम छ ।

टिप्पणी

संविद् अर्थात् ज्ञानस्वरूप हुनाले भगवान् प्रमाण हुनुहुन्छ (ज्ञान नै प्रमाण हुन्छ अज्ञान प्रमाण हुँदैन ।)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४२९) बीजमव्ययम्

एकरूपेण वसते कारणत्वममुञ्चते ।
नतयः सन्तु बीजायाव्ययाय भवते नमः ॥४२९॥

अर्थ

एक रूपले नै बस्ने एवं कारणत्वलाई नछोड्ने (त्याग नगर्ने भएका बीज) त्यसैले बीजमव्यय (बीज= बीउका/कारण र कहिल्यै नाश नहुने) बीजमन्यय नाम भएका तपाईंलाई मेरो नमस्कार छ ।

टिप्पणी

अन्यथा भाव नभएर (त्यसभन्दा विपरीत नभएर) संसारका कारण भगवान् हुनुहुन्छ, त्यसैले वहाँको नाम बीजमव्ययम् एउटै नाम हो ।

४३०) अर्थः

समस्तवस्तुरूपाय प्रार्थ्यमानाय जन्मिभिः ।
प्रवृत्तिहेतवे तुभ्यमर्थाय शतशो नमः ॥४३०॥

अर्थ

संसारका सबै वस्तुको रूप हुनाले, प्राणीहरूद्वारा सधैं प्रार्थ्यमान (चाहिने) भएका एवं प्रवृत्ति (व्यापार) का कारण भएका (मानिस कुनै व्यापारले नै प्रवृत्त हुन्छ व्यर्थमा होइन) हुनाले अर्थ नाम भएका तपाईंलाई शतशः नमस्कार छ ।

टिप्पणी

अर्थ भनेको प्रयोजन (उद्देश्य) हो । मानिस उद्देश्य विना कुनै पनि कार्यमा प्रवृत्त हुँदैन, त्यसैले भगवान् अर्थ हुनुहुन्छ । सुखरूप हुनाले सबैद्वारा प्रार्थित हुनुहुन्छ त्यसैले भगवान् अर्थ हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४३१) अनर्थः

प्रयोजनेन शून्याय पूर्णकामाय सर्वदा ।
अनर्थाय नमस्तुभ्यमर्थरूपाय वस्तुतः ॥४३१॥

अर्थ

प्रयोजन (उद्देश्य) ले शून्य भएका एवं सधैं पूर्णकाम भएकाले अनर्थ नाम गरेका वास्तवमा अर्थरूप भएका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

अर्थ भनेको प्रयोजन हो, भगवान्को कुनै प्रयोजन नै हुँदैन त्यसैले भगवान् अनर्थ हुनुहुन्छ । जसको इच्छा अपूर्ण हुन्छ त्यसले अर्थको कामना गर्दछ तर जो पूर्णकाम, जसका इच्छा पूर्ण छन् त्यसले कुनै अर्थको अपेक्षा नै राख्दैन त्यसैले भगवान्का कुनै पनि इच्छा छैनन् त्यसैले भगवान् अनर्थ हुनुहुन्छ र वस्तुतस्तु प्राणीले चाहना गरिने अर्थरूप पनि भगवान् नै हुनुहुन्छ । अतः आप्त (पूर्ण) काम हुनाले र कुनै अर्थ (प्रयोजन) नहुनाले भगवान् अनर्थ हुनुहुन्छ ।

४३२) महाकोशः

कोशा आच्छादका यस्य महान्तोऽन्नमयादिकाः
महाकोशाय तस्मै ते प्रणामाः सन्त्वनेकशः ॥४३२॥

अर्थ

अन्नमय आदि महान् कोशहरू जसका आच्छादक छन् - त्यसैले महाकोश भएका ती तपाईंलाई अनेकबार नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

आत्मालाई आच्छादन गर्नेवाला ५ कोश वेदान्तमा भनिएका छन्- अन्नमय कोशलाई छोप्ने प्राणमयकोश, प्राणमयकोशलाई छोप्ने मनोमयकोश, मनोमयकोशलाई छोप्ने विज्ञानमयकोश, विज्ञानमयकोशलाई पनि छोप्ने आनन्दमयकोश भनिएका छन् । (आनन्द भनेको ब्रह्म हो) अन्नमयादि महान् कोश आत्मा अर्थात् भगवान्का आच्छादक छन् । त्यसैले भगवान् महाकोश हुनुहुन्छ ।

४३३) महाभोगः

सुखरूपो यस्य भोगः सुमहानेव वर्तते ।
महाभोगाय तस्मै ते भगवन् ! भावये नमः ॥४३३॥

अर्थ

सुखरूप जसको भोग महान् नै छ, त्यसैले महाभोग नाम गरेका हे भगवान् ! तपाईंलाई म नमःको भावना गर्दछु ।

४३४) महाधनः

धनं महद्यस्य सदा विद्यते भोगसाधनम् ।
महाधनाय तस्मै ते प्रणामो मे मुहुर्मुहुः ॥४३४॥

अर्थ

भोगको साधन भएको जसको धन सदा महान् नै छ त्यसैले महाधन नाम गरेका तपाईंलाई मेरो बारम्बार प्रणाम छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४३५) अनिर्विण्णः

वैमनस्यमपास्यैव सानन्दं तिष्ठते सदा ।
अनिर्विण्णाय भवते भगवन्नतयो मम ॥४३५॥

अर्थ

वैमनस्य (शत्रुता) लाई सर्वथा त्याग गरेर सदा सानन्दरूपले रहने भएका, त्यसैले अनिर्विण्ण नाम गरेका हे भगवान् तपाईंलाई मेरा नमस्कार छ ।

टिप्पणी

निर्विण्ण भनेको उदासीनता वा दुःखी हुनु हो, भगवान् निर्विण्ण अर्थात दुःखी कहिल्यै हुनुहुन्न, त्यसैले अनिर्विण्ण हुनुहुन्छ । सम्पूर्ण काम प्राप्त भएको हुनाले भगवान् निर्विण्ण (उदासीन) हुनुहुन्न त्यसैले भगवान् अनिर्विण्ण हुनुहुन्छ ।

४३६) स्थविष्ठः

वैराजमाकलयते स्थूलात् स्थूलतमं वपुः ।
कृताञ्जलि नमन्मौलि स्थविष्ठाय नमो नमः ॥४३६॥

अर्थ

ठूलाभन्दा पनि ठूला विराट् रूप धारण गर्ने हुनाले स्थविष्ठ नाम गरेका तपाईं भगवान्लाई हात जोडेर, शिर झुकाएर बारबार नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४३७) अभूः

अजन्मने सते नित्यं सच्चिदानन्दमूर्तये ।
अभुवे भवते भूयो भगवन्नस्तु मे नतिः ॥४३७॥

अर्थ

जन्म नै नभएका, एवं सत्स्वरूप, नित्य सच्चिदानन्दस्वरूप 'अभू' नाम भएका तपाईं भगवान्लाई बारबार मेरो नमस्कार छ ।

टिप्पणी

अजन्मा हुनाले भगवान् अभू हुनुहुन्छ, भू हुने अर्थमा हुन्छ, भू सत्तायां धातुबाट बन्छ, जो हुँदैन त्यो अभू भयो । भगवान्को 'भू' नाम पनि हुनसक्छ, भू को अर्थ हुनु हो । पृथ्वीरूप हुनाले पनि भगवान् भू हुनुहुन्छ ।

४३७ (क) अभूः

सते सत्तैकरूपाय जगत्सत्तैकहेतवे ।
उर्वीत्वं कुर्वते तुभ्यं नमोऽस्तु भगवन् ! भुवे ॥

अर्थ

सदा सत्तामात्र एकमात्र रूप भएका, एवं जगत्का सत्ताका एकमात्र कारण भएका, पृथिवीको पनि काम गर्ने भएका, त्यसैले भूः नाम भएका भगवान् तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

भू धातु सत्तार्थक हो त्यसैले सदा जसको सत्ता रहन्छ, त्यो भू हो, भगवान् नै भू हुनुहुन्छ । भगवान्का सत्ताले नै जगत्को सत्ता नियन्त्रित छ त्यसैले भगवान् भू हुनुहुन्छ । अनि भू भनेकी पृथ्वी पनि हुन् । वास्तवमा पृथ्वीको रूपमा पनि भगवान् नै हुनुहुन्छ त्यसैले भगवान् भू हुनुहुन्छ ।

शङ्कराचार्यले आफ्नो भाष्यमा खण्डाकार मानेर अभूः मान्नुभएको छ तर कविले अभूलाई स्वीकार गरे पनि भूलाई पनि मानेर अर्थ गर्नुभयो ।

४३८) धर्मयूपः

स्तम्भवत्सर्वधर्माणामाधारत्वेन तस्थुषे ।
धर्मयूपाय भवते भगवन् ! भावये नमः ॥४३८॥

अर्थ

स्तम्भ (खम्बा) जस्तो सम्पूर्ण धर्महरूको आधार रूपमा स्थित भएका त्यसैले धर्मयूप नाम गरेका हे भगवान् म तपाईंलाई नमस्कार गर्छु ।

टिप्पणी

यूप भनेको खाँबो वा मौलो हो । खाँबोमा नै पशुहरू बाँधिन्छन् त्यसैले धर्म पनि भगवान्सँग बाँधिएको हुनाले भगवान् धर्मयूप हुनुहुन्छ । यूपमा जसरी पशुहरू बाँधिन्छन्, त्यसैगरी आराधनारूप धर्महरू भगवान्मा बाँधिन्छन् त्यसैले भगवान् धर्मयूप हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४३९) महामखः

कृता यदर्पिता सन्तो महत्त्वं यान्ति वै मखाः ।
महामखाय तस्मै ते भगवन् ! भावये नमः ॥४३९॥

अर्थ

जसमा अर्पित भएका मख (यज्ञ) हरू महत्त्व प्राप्त गर्दछन् त्यसैले महामख नाम गरेका हे भगवान् ती तपाईंलाई मेरो नमस्कारको भावना छ ।

टिप्पणी

जसमा अर्पित भएर मख अर्थात् यज्ञहरू निर्वाणरूप महान् फल दिएर ती मखहरू महामख हुन जान्छन् त्यसैले भगवान् महामख हुनुहुन्छ ।

४४०) नक्षत्रनेमिः

अनारतभ्रमदृक्षचक्रमध्यस्थिताऽऽत्मने ।
नक्षत्रनेमये नित्यं नाथ ! तुभ्यं नमो नमः ॥४४०॥

अर्थ

अनारत (निरन्तर) भ्रमण गर्ने, ऋक्ष (नक्षत्रहरू) को मध्यमा स्थित भएका (नेमि भनेको रथ चक्रको मध्य भाग हो) त्यसैले नक्षत्रनेमि नाम गरेका हे नाथ तपाईंलाई नित्य नमस्कार छ ।

टिप्पणी

ज्योतिश्चक्र (नक्षत्र) सहित सम्पूर्ण नक्षत्रमण्डललाई घुमाउँदै ध्रुवतारा शिशुमार चक्रको पुच्छ प्रदेशमा स्थित छ, त्यो शिशुमारको पनि हृदय अर्थात् मध्यमा ज्योतिश्चक्रको नेमिको जस्तो प्रवर्तक रूपले भगवान् विष्णु स्थित हुनुहुन्छ त्यसैले भगवान् नक्षत्रनेमि हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४४१) नक्षत्री

नक्षत्राणामधीशाय महाभागतया सते ।
सर्वैर्बहुमतायाऽथ तुभ्यं नक्षत्रिणे नमः ॥४४१॥

अर्थ

महान् भाग हुनाले नक्षत्रहरूका स्वामी भएका, सत् स्वरूप भएका, सबैद्वारा अत्यधिक मान्य भएका, त्यसैले नक्षत्री नाम गरेका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

चन्द्ररूप हुनाले भगवान् नक्षत्री हुनुहुन्छ । गीतामा 'नक्षत्राणामहं शशी' = नक्षत्रहरूमा म चन्द्रमा हूँ भन्नुभएको छ भगवान्ले ।

४४२) क्षमः

सर्वकार्यसमर्थाय समन्तूनपि देहिनः ।
अर्चतः क्षममाणाय क्षमाय भवते नमः ॥४४२॥

अर्थ

सम्पूर्ण प्राणीहरूको सम्पूर्ण कार्य गर्न समर्थ भएका, पूजा गर्नेहरूलाई क्षमा गर्ने भएका त्यसैले क्षम नाम गरेका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

सम्पूर्ण कार्यमा समर्थ हुनाले नै भगवान् क्षम हुनुहुन्छ । अथवा सबैलाई क्षमा गर्नुहुन्छ त्यसैले भगवान् क्षम हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४४३) क्षामः

तपस्विरूपमालम्ब्य चरते दुश्चरं तपः ।
कृशगात्राय भवते क्षामाय शतशो नमः ॥४४३॥

अर्थ

तपस्वीको रूप आलम्बन गरेर दुश्चर (कठोर) तपस्या गर्ने, दुर्बल (दुब्लो) शरीर भएका हुनाले क्षाम नाम गरेका तपाईंलाई शतशः नमस्कार छ ।

टिप्पणी

समस्त विकारहरू क्षीण भएपछि स्वात्मभावले अवस्थित भएका हुनाले भगवान् क्षाम हुनुहुन्छ । क्षै धातुबाट क्षाम बनेको हो क्त प्रत्यय गरेर, क्षामको अर्थ क्षीण हुन्छ ।

४४४) समीहनः

ईहा यस्य समीचीनाः सर्वकल्याणकारिकाः ।
समीहनाय तस्मै ते भगवन् ! शतशो नमः ॥४४४॥

अर्थ

जसका ईहा (चेष्टा) समीचीन छन् र सबैका कल्याणकारक छन् त्यसैले समीहन नाम गरेका हे भगवान् ! तपाईंलाई शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४४५) यज्ञः

द्रव्ययज्ञ-तपोयज्ञ-प्रभृतित्वेन तिष्ठते ।
ज्ञानयज्ञप्रधानाय यज्ञाय भवते नमः ॥४४५॥

अर्थ

द्रव्ययज्ञ, तपोयज्ञ आदि यज्ञरूपले रहने, ज्ञानयज्ञ प्रधान भएका हुनाले यज्ञनाम गरेका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

सबै यज्ञका स्वरूप हुनाले भगवान् यज्ञ हुनुहुन्छ अथवा यज्ञरूपले सबै देवताहरूलाई सन्तुष्ट गर्नका लागि प्रवृत्त हुनुहुन्छ त्यसैले भगवान् यज्ञ हुनुहुन्छ ।

४४६) इज्यः

विततैर्बहुभिर्यज्ञैर्निगमागमविश्रुतैः ।
इज्यमानाय भवत इज्याय शतशो नमः ॥४४६॥

अर्थ

वेद एवं आगम (तन्त्रशास्त्र, स्मृतिशास्त्र एवं पुराणादि) शास्त्रहरूमा प्रसिद्ध विस्तृत धेरै यज्ञहरूद्वारा इज्य (पूजा गरिने) भएका हुनाले इज्यनाम गरेका तपाईंलाई शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४४७) महेज्यः

देवेभ्य इज्यमानेभ्यः सर्वेभ्योऽप्यधिकाय ते ।
उत्सवेष्विज्यमानाय महेज्याय नमो नमः ॥४४७॥

अर्थ

इज्यमान् (पूजा गरिने) सबै देवताहरूभन्दा पनि अधिक भएका, उत्सवहरूमा इज्यमान (पूज्य) भएका हुनाले महेज्य नाम गरेका तपाईंलाई बारम्बार नमस्कार छ ।

टिप्पणी

यष्टव्य अर्थात् पूज्य देवताहरूमा मोक्षरूप फल दिने हुनाले भगवान् नै सबैभन्दा बढी यष्टव्य (पूज्य) हुनुहुन्छ, त्यसैले नै भगवान् महेज्य हुनुहुन्छ ।

४४८) क्रतुः

सयूपयज्ञरूपेण वितताय समन्ततः ।
हेतवे कामपूर्तीनां क्रतवे शतशो नमः ॥४४८॥

अर्थ

यूप (मौलो) भएको यज्ञ रूपले चारैतिर विस्तृत भएका, कामनाहरू पूर्तिका कारण भएका हुनाले क्रतु नाम गरेका भगवान्लाई शतशः नमस्कार छ ।

टिप्पणी

यूप (मौलो) सहितको यज्ञ क्रतु भनिन्छ, भगवान् क्रतुस्वरूप हुनुहुन्छ त्यसैले क्रतु उहाँको नाम रहेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४४९) सत्रम्

ऋत्विग्याज्योभयत्वेन क्रियमाणाय कर्मिभिः ।
सत्राय तुभ्यं भगवन् ! शतशो मे नमो नमः ॥४४९॥

अर्थ

ऋत्विक् र यजमान दुवै रूपले कर्म (यज्ञ) गर्नेहरूले कर्म (सत्रयाग) गरिने भएका हुनाले सत्रनाम गरेका हे भगवान् तपाईंलाई मेरा शतशः नमस्कार छन्, नमस्कार छन् ।

टिप्पणी

चोदनालक्षण (विधिरूप धर्म) लाई भगवान् प्राप्त गर्नुहुन्छ त्यसैले भगवान् सत्र हुनुहुन्छ । अथवा सत् (कार्यरूप जगत्) बाट रक्षा गर्नुहुन्छ त्यसैले भगवान् सत्र हुनुहुन्छ ।

४५०) सतां गतिः

अद्वन्द्वानामनीहानामसक्तानां भवं प्रति ।
गम्याय साञ्जलि सतां गतये शतशो नमः ॥४५०॥

अर्थ

द्वन्द्वले रहित भएका ईहा (चेष्टा/कामना) ले रहित भएका एवं संसारप्रति असक्त (आसक्तिले रहित) भएकाहरूले गम्य (प्राप्य) भएका हुनाले सतां गतिः सज्जनहरूको गति नाम गरेका तपाईंलाई अञ्जुली जोडेर शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४५१) सर्वदर्शी

तिरोधानं न लभते यद्दृष्टिर्देशकालतः ।
तस्मै सर्वनमस्याय नमस्ते सर्वदर्शिने ॥४५१॥

अर्थ

जसको दृष्टि देश कालले कहिल्यै तिरोधान गर्न सक्दैन (देश र कालले गर्दा दृष्टिको निरोध हुनसक्छ तर भगवान्को दृष्टि ती दुवैले रोक्न सक्दैनन् ।) त्यसैले सबैद्वारा नमस्करणीय भएका सर्वदर्शी तपाईंलाई नमस्कार छ ।

टिप्पणी

स्वाभाविक ज्ञानद्वारा सबै प्राणीहरूको कृत र अकृत (कर्म र अकर्म) लाई सम्पूर्ण रूपले देख्नुहुन्छ, त्यसैले भगवान् सर्वदर्शी हुनुहुन्छ ।

४५२) विमुक्तात्मा

स्वतो विमुक्तो यस्याऽऽत्मा न देशिकमपेक्षते ।
तस्मै कस्मैचन विमुक्तात्मने शतशो नमः ॥४५२॥

अर्थ

जसको आत्मा स्वतः (स्वाभाविक रूपले नै) विमुक्त छ, देश (स्थान) वा उपदेशको अपेक्षा गर्दैन, त्यसैले विमुक्तात्मा नाम भएका ती कुनै भगवान्लाई मेरो शतशः नमस्कार छ ।

टिप्पणी

स्वभावले नै जसको आत्मा विमुक्त छ त्यसैले भगवान् विमुक्तात्मा हुनुहुन्छ । अथवा भगवान् विमुक्त पनि हुनुहुन्छ आत्मा पनि हुनुहुन्छ त्यसैले विमुक्तात्मा हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४५३) सर्वज्ञः

अस्ति यो ज्ञश्च सर्वं च वेत्ति सर्वं च वस्तु यः ।
सर्वज्ञाय नमस्तस्मै ज्ञेयज्ञानज्ञमूर्तये ॥४५३॥

अर्थ

जुन (भगवान्) ज्ञ (जान्नेवाला) हुनुहुन्छ र सबैलाई पनि जान्नुहुन्छ । जुन भगवान् सबै वस्तु पनि हुनुहुन्छ त्यसैले ज्ञेय (वस्तु) ज्ञान अर्थात् जान्ने क्रिया तथा ज्ञ (ज्ञानस्वरूप) को मूर्ति भएका सर्वज्ञ नाम भएका ती भगवान्लाई मेरो नमस्कार छ ।

टिप्पणी

भगवान् ज्ञानस्वरूप, ज्ञानक्रियारूप एवं ज्ञेय वस्तुरूप तीनै रूप सम्पूर्ण ज्ञानैज्ञान हुनाले भगवान् सर्वज्ञ हुनुहुन्छ ।

भगवान् सर्व हुनुहुन्छ, एवं ज्ञ (ज्ञाता) पनि हुनुहुन्छ, त्यसैले भगवान् सर्वज्ञ हुनुहुन्छ ।

४५४) ज्ञानमुत्तमम्

अत्युत्तमाऽनवच्छिन्नज्ञानरूपेण तिष्ठते ।
तुभ्यं सभक्ति ज्ञानायोत्तमाय शतशो नमः ॥४५४॥

अर्थ

अत्युत्तम र अनवच्छिन्न (सदा रहिरहने) ज्ञानरूपले रहने भएका त्यसै हुनाले "ज्ञानमुत्तमम्" नाम गरेका तपाईंलाई सभक्ति शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

ज्ञानम् र उत्तमम् यो विशेषणसहित एउटै नाम हो । ज्ञान भनेको सर्वोत्तम अजन्य (नित्यसिद्ध) अनवच्छिन्न (देश काल एवं वस्तुको सीमाभन्दा पर भएको) र सबैको अत्यन्त साधक छ त्यसैले भगवान् ज्ञानमुत्तमम् हुनुहुन्छ । उपनिषद्ले पनि "**सत्यं ज्ञानमनन्तं ब्रह्म** ॥ (तै.उ.२।१) यस्तो भनेको छ ।

४५५) सुव्रतः

प्रपन्नाभयदातृत्वं स्वं व्रतं साधु बिभ्रते ।
सुव्रताय नमस्तुभ्यं विश्वविश्रुतकीर्तये ॥४५५॥

अर्थ

प्रपन्न (शरणप्राप्त) हरूलाई अभयदातृत्व (अभयदानरूप) आफ्नो व्रतलाई साधु (सम्यक्) रूपले धारण गर्ने भएका हुनाले सुव्रत नाम गरेका, विश्वमा नै विश्रुत (प्रसिद्ध) कीर्ति भएका तपाईं भगवान्लाई नमस्कार छ ।

४५६) सुमुखः

स्वच्छ-स्मित-समुद्योति-रदच्छद-युगान्तरम् ।
मुखं यस्यास्ति तस्मै ते सुमुखाय नमो नमः ॥४५६॥

अर्थ

स्वच्छ, ईषद्हास्यले प्रकाशित ओठका बीचमा जसको मुख छ तिनै सुमुख नाम गरेका भगवान्लाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४५७) सूक्ष्मः

अद्रव्यगुणरूपाय श्रुत्यन्तोद्‌गीतवर्त्मने ।
अणोरणीयसे तुभ्यं सूक्ष्माय शतशो नमः ॥४५७॥

अर्थ

द्रव्य, गुण आदिले रहित भएका, उपनिषद्‌ले गान गरिएका मार्ग (अथवा शरीर) भएका, अणुभन्दा पनि अणीयान् भएका (सूक्ष्मभन्दा पनि सूक्ष्म) सूक्ष्म नाम गरेका तपाईंलाई शतशः नमस्कार छ ।

टिप्पणी

शब्दस्पर्शादि स्थूलकारणले रहित हुनाले भगवान् सूक्ष्म हुनुहुन्छ, शब्दस्पर्शरूपरसगन्ध यी गुणहरू आकाश, वायु, तेज, जल, पृथ्वीका स्थूलत्वका कारण हुन् भगवान्‌मा ती छैनन् त्यसैले भगवान् सूक्ष्म हुनुहुन्छ ।

४५८) सुघोषः

यस्य घोषः प्रतिफलत्यद्यापि श्रोत्रियाऽऽनने ।
तस्मै निरस्तदोषाय सुघोषाय नमो नमः ॥४५८॥

अर्थ

जसको घोष (शब्दध्वनि) आज पनि श्रोत्रिय (वेदपाठी) का मुखमा प्रतिध्वनित हुन्छ तिनै दोषहरूले सर्वथा रहित सुघोष नाम गरेका भगवान्‌लाई नमो नमः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

(वास्तवमा वेदको घोष = उच्चारण भगवान्ले नै गर्नुहुन्छ, वेदपाठीका मुखबाट त त्यस घोषको प्रतिध्वनि मात्रै निस्कन्छ, त्यसैले भगवान् सुघोष हुनुहुन्छ ।) भगवान्को वेदरूप सुघोष (सुन्दरघोष शब्द छ) छ अथवा मेघको जस्तो गम्भीर घोष छ त्यसैले भगवान् सुघोष हुनुहुन्छ ।

४५९) सुखदः

सम्यग्विविच्याऽसद्भ्यश्च सद्भ्यश्च प्रतिवासरम् ।
सुखं द्यतेऽथ ददते सुखदाय नमो नमः ॥४५९॥

अर्थ

असत्हरूलाई र सत्हरूलाई (दुष्ट र सज्जनहरूलाई) सम्यक् विवेचन गरेर प्रतिदिन सुख काट्ने र सुख दिने भएका हुनाले सुखद नाम गरेका भगवान्लाई नमो नमः छ ।

टिप्पणी

(सुखद शब्द सुखपूर्वक दा धातुबाट क प्रत्यय गरेर अथवा सुख पूर्वक दो अवखण्डने धातुबाट क प्रत्यय गरेर सिद्ध हुन्छ । त्यसैले सुखदको अर्थ सुख काट्ने र सुख दिने दुवै अर्थमा यहाँ प्रयोग गरिएको छ ।) सदाचारीहरूलाई सुख दिनुहुन्छ, सुख दान गर्नुहुन्छ र दुराचारीहरूको सुखको दान अर्थात् खण्डन गर्नुहुन्छ त्यसैले भगवान् सुखद हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४६०) सुहृत्

प्रतिकारानपेक्षाय जगतामुपकारिणे ।
त्रैलोक्यवन्दनीयाय सुहृदे शतशो नमः ॥४६०॥

अर्थ

प्रतिकार (प्रत्युपकार) अपेक्षा नगरेर जगत्को उपकार गर्ने, त्रैलोक्यका वन्दनीय भएका हुनाले सुहृत् नाम गरेका भगवान्लाई शतशः नमस्कार छ ।

४६१) मनोहरः

कोटिकन्दर्पलावण्यसमष्टिमयमूर्तये ।
मनोहराय भवते शतशोऽस्तु नमो नमः ॥४६१॥

अर्थ

करोडौं कामदेवको सौन्दर्यको समष्टिरूप मूर्ति भएका हुनाले मनोहर नाम गरेका तपाईंलाई शतशः नमो नमः ।

४६२) जितक्रोधः

मर्यादां पालयन्नेव दुष्टान्निर्दलयन्नपि ।
नान्तः क्रुध्यति यस्तस्मै जितक्रोधाय ते नमः ॥४६२॥

अर्थ

मर्यादाको पालन गरेर नै दुष्टहरूको निर्दलन गर्दा गर्दै पनि जो भित्र क्रुद्ध हुनुहुन्न, तिनै जितक्रोध नाम भएका भगवान्लाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

वेदको मर्यादाको स्थापनाको निमित्त नै भगवान् देवशत्रु दानवहरूलाई दमन गर्नुहुन्छ क्रोधले होइन, भगवान्ले क्रोधलाई जित्नुभएको छ त्यसैले जितक्रोध हुनुहुन्छ ।

४६३) वीरबाहुः

वीरव्रतं पालयते धर्मरक्षात्मकं निजम् ।
आहवे सम्मुखस्थाय नमस्ते वीरवाहवे ॥४६३॥

अर्थ

धर्मरक्षास्वरूप आफ्नो वीर व्रतलाई पालन गर्ने, युद्धमा सम्मुख नै स्थित रहने (युद्धमा कहिल्यै पनि पछि नहट्ने) त्यसैले वीरबाहु नाम गरेका तपाईंलाई नमस्कार छ ।

४६४) विदारणः

दुर्दैत्यान् दारुणाचारान् दृप्तान् दारयते सते ।
विदारणाय भवते भगवञ्च्छतशो नमः ॥४६४॥

अर्थ

दारुण (कठोर) आचरण भएका, दृप्त (अहंकारी) भएका दुष्ट दैत्यहरूको सदैव दारण (नाश) गर्ने भएका विदारण नाम गरेका हे भगवान् तपाईंलाई शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४६५) स्वापनः

निजया मायया लोकान् सर्वान् स्वापयतेऽसतः ।
स्वापनाय नमस्तुभ्यं सुखाऽवाप्याय भक्तितः ॥४६५॥

अर्थ

आफ्नो मायाले असत् सबै लोकहरूलाई स्वापन (सुताउने काम) गर्ने हुनाले स्वापन नाम गरेका र भक्तिले सुखपूर्वक प्राप्त गर्न सकिने भएका तपाईंलाई नमस्कार छ ।

४६६) स्ववशः

सृष्टि-पालन-संहारान् स्वेच्छया कुर्वते सदा ।
वशीकृतत्रिलोकाय स्ववशाय नमो नमः ॥४६६॥

अर्थ

सृष्टि, पालन र संहाररूप क्रियाहरूलाई सधैं स्वेच्छया गर्ने भएका, तीनै लोकलाई वशमा गर्ने (आफू भने आफ्नै वशमा भएका) स्ववश नाम गरेका भगवान्लाई नमो नमः छ ।

टिप्पणी

स्वतन्त्र र जगत्को उत्पत्ति-स्थिति-प्रलयको कारण हुनाले भगवान् स्वतन्त्र हुनुहुन्छ त्यसैले वहाँ स्ववश हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४६७) व्यापी

व्याप्य प्रवर्तमानाय प्रत्यण्डं भुवनत्रयम् ।
अचिन्तनीयवीर्याय व्यापिने ते नमो नमः ॥४६७॥

अर्थ

प्रत्येक ब्रह्माण्डमा तिनै भुवनलाई व्याप्त गरेर कार्यमा प्रवृत्त हुने भएकाले र अचिन्तनीय पराक्रम भएका हुनाले व्यापी नाम गरेका तपाईं भगवान्लाई बारबार नमस्कार छ ।

४६८) नैकात्मा

आत्मनः सृजते भूरीन् वह्नेरर्चिःकणानिव ।
नैकात्मने भगवते नैकशो मे नमो नमः ॥४६८॥

अर्थ

अग्निबाट अर्चिकण (झिल्का) हरू जस्ता अनन्त आत्माहरूलाई सिर्जना गर्ने हुनाले नैकात्मा नाम भएका तपाईं भगवान्लाई मेरा अनेकबार नमस्कार छन् ।

टिप्पणी

जगत्को उत्पत्ति आदिमा नैमित्तिक शक्तिलाई प्रकट गर्ने विभूतिद्वारा भगवान् अनेक आत्मा रूपले स्थित हुनुहुन्छ त्यसैले भगवान् नैकात्मा हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४६९) नैककर्मकृत्

रूपैरनेकैः कर्माणि विविधानि प्रकुर्वते ।
नैककर्मकृते तुभ्यं भगवन् ! शतशो नमः ॥४६९॥

अर्थ

अनेक रूपहरूद्वारा विविध (अनेक) कर्म गर्ने भएका हुनाले नैककर्मकृत् नाम भएका तपाईं भगवान्लाई शतशः नमस्कार छ ।

टिप्पणी

संसारको उत्पत्ति, सम्पत्ति (उन्नति) र विपत्ति आदि अनेक कर्म भगवान् गर्नुहुन्छ त्यसैले भगवान् नैककर्मकृत् हुनुहुन्छ ।

४७०) वत्सरः

यत्र नित्यं निवसति जगदेतच्चराचरम् ।
तस्मै ते जगतां धर्त्रे वत्सराय नमो नमः ॥४७०॥

अर्थ

यो सम्पूर्ण चराचर जगत् जसमा निरन्तर बस्दछ, जगत्लाई धारण गर्ने तिनै ती वत्सर नाम गरेका भगवान्लाई अनेकबार नमस्कार छ ।

४७१) वत्सलः

अस्मानवेक्षमाणाय दृशा वात्सल्यपूर्णया ।
पुष्णते च सते सर्वान् वत्सलाय नमो नमः ॥४७१॥

अर्थ

वात्सल्यपूर्ण दृष्टिले हामीलाई सदैव देख्ने एवं सबै सज्जनहरूलाई पोषण गर्ने सत्स्वरूप वत्सल भगवान्लाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

भक्तहरूका स्नेही हुनाले भगवान् वत्सल हुनुहुन्छ। वत्स शब्द देखि लच् प्रत्यय भएर वत्सल शब्द बन्दछ।

४७२) वत्सी

वत्सैः समस्तैरस्माभिरन्विताय सते सदा।
प्रभूतपरिवाराय वत्सिने ते नमो नमः ॥४७२॥

अर्थ

हामी सबै वत्स (पुत्र) हौं, एवं हामीसंग सदा युक्त भई धेरै संख्याको परिवार भएका हुनाले वत्सी नाम भएका तपाईंलाई नमो नमः छ।

टिप्पणी

वत्सहरूको पालन गर्नाले भगवान् वत्सी हुनुहुन्छ। अथवा जगत्का पिता हुनाले भगवान्का सबै नागरिकहरू वत्स (सन्तान) हुन् त्यसैले भगवान् वत्सी हुनुहुन्छ।

४७३) रत्नगर्भः

सागरीभूयरत्नानि सदा धारयते सते।
रत्नगर्भाय ते नित्यं भगवन्! प्रत्यहं नमः ॥४७३॥

अर्थ

सागर बनेर सधै रत्नहरूलाई धारण गर्ने, सत्स्वरूप भएका हुनाले रत्नगर्भ नाम भएका हे भगवान् तपाईंलाई प्रतिदिन नमस्कार छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

समुद्रले रत्नलाई आफ्नो गर्भमा धारण गर्दछ, भगवान् नै समुद्रको रूप धारण गर्नुहुन्छ त्यसैले भगवान् रत्नगर्भ हुनुहुन्छ । रत्न जसका गर्भभूत छन् त्यो समुद्रको नाम रत्नगर्भ हो । भगवान् नै रत्नगर्भ (समुद्र) हुनुहुन्छ ।

४७४) धनेश्वरः

धीधनैर्धारणीयाय धनधान्याभिलाषिभिः ।
धनेश्वराय भगवन् ! भवतेऽस्तु नमो नमः ॥४७४॥

अर्थ

धनधान्य चाहनेहरू र बुद्धि नै धन भएकाहरूले धारण गर्न योग्य र धनका स्वामी भएका हुनाले धनेश्वर नाम भएका हे भगवन् तपाईंलाई सदा नमस्कार छ ।

४७५) धर्मगुप्

आत्मनोद्भावितं धर्मं सर्वस्वमिव वल्लभम् ।
गोपायते सते तुभ्यं मुहुर्धर्मगुपे नमः ॥४७५॥

अर्थ

आफैंद्वारा उद्भावना (प्रकट) गरिएको आफ्नो सर्वस्व जस्तो प्रिय भएको धर्मलाई गोपन (रक्षा) गर्नाले धर्मगुप् नाम गरेका, सत्स्वरूप भएका तपाईंलाई वारम्वार नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४७६) धर्मकृत्

स्वयमाचरते धर्मं लोकसङ्ग्रहहेतवे ।
फलाभिसन्धिशून्याय तुभ्यं धर्मकृते नमः ॥४७६॥

अर्थ

लोकसंग्रहका निमित्तमा (संसारलाई सबैले धर्म गर्नुपर्छ भन्ने शिक्षा दिनका लागि) स्वयं धर्मको आचरण गर्ने, (किन्तु) फलको अभिसन्धि (अभिलाषा) ले शून्य भएका धर्मकृत् नाम गरेका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

भगवान्ले अवतार लिएर मानवरूप लिंदा संसारलाई शिक्षा दिनका लागि धर्म गर्नुहुन्छ - त्यस धर्मको फल प्राप्त गर्ने इच्छा भगवान्मा हुँदैन त्यसैले भगवान् विशुद्ध (स्वार्थरहित) धर्म गर्नुहुन्छ त्यसैले धर्मकृत् हुनुहुन्छ ।

भगवान् धर्माधर्मले रहित भए पनि धर्मको मर्यादा स्थापनाका निमित्त नै धर्म गर्नुहुन्छ त्यसैले धर्मकृत् हुनुहुन्छ ।

४७७) धर्मी

रक्षितं विविधैर्योगैर्जगदभ्युदयावहम् ।
धर्मं स्वयं धारयते धर्मिणे ते नमो नमः ॥४७७॥

अर्थ

जगत्को अभ्युदय गर्ने भएको विविध उपायद्वारा रक्षा गरिएको धर्मलाई स्वयं पनि धारण गर्ने भएका हुनाले धर्मी नाम गरेका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

धर्मले यस लोकमा उन्नति र परलोकमा मोक्ष प्राप्त गराउँछ, त्यसैले धर्मलाई अभ्युदय गर्ने भनिएको छ ।

धर्महरूलाई धारण गर्नुहुन्छ त्यसैले भगवान् धर्मी हुनुहुन्छ । (**धर्मोऽस्यास्ति इति धर्मी - इनि प्रत्यय**)

४७८) सत्

सदेव सौम्येदमिति श्रुत्यन्तेनोपदर्शिनम् ।
अक्षरं ब्रह्म भवते सते तुभ्यं नमो नमः ॥४७८॥

अर्थ

सदेव सोम्येदमग्र आसीत्. (छा.उ. ६।२।१)

हे सोम्य (बाबु) पहिले यो (प्रपञ्च-संसार) सत् नै थियो यस उपनिषद्द्वारा देखाइएका अक्षर ब्रह्म (कहिल्यै नाश नहुने ब्रह्मस्वरूप) हुनाले सत् नाम भएका तपाईंलाई नमो नमः छ ।

टिप्पणी

(भगवान्लाई सत्=सत्स्वरूप, चित्=चैतन्यस्वरूप, ज्ञानस्वरूप र आनन्द=आनन्दस्वरूप भनिन्छ । त्यसमा सत् (सदा रहिरहने) यो पहिलो स्वरूप हो । सत्मा नै चैतन्य र आनन्दको भावना हुनसक्छ । त्यसैले भगवत्स्वरूपमा 'सत्' यसलाई प्रथम स्थान दिइएको छ । व्याख्याकारहरूले व्याख्या गर्दा सत् यस नामको बहुशः प्रयोग गर्नुभएको छ । यहाँ आएर सत् यस नामको नै व्याख्या भएको छ । सत्यस्वरूप परब्रह्म नै सत् हो, भगवान् सत् हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४७९) असत्

वाचारम्भणमित्यादिश्रुत्यन्तप्रतिपादितम् ।
अपरं ब्रह्म भवतेऽसते तुभ्यं नमो नमः ॥४७९॥

अर्थ

वाचारम्भणम् इत्यादि उपनिषद्द्वारा प्रतिपादित अपरब्रह्मस्वरूप असत् नाम भएका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

(ब्रह्मका सम्बन्धमा विद्वान्हरूले भनेका छन् - आरम्भमा यो एक मात्र अद्वितीय असत् नै थियो, त्यसबाट सत्को उत्पत्ति हुन्छ ।) असत्बाट सत्को उत्पत्ति कसरी हुन सक्छ ? वास्तवमा **"वाचारम्भणं विकारो नामधेयम्"** छा.उ.१।१४ ।

विकारको केवल वाणीद्वारा नै व्यवहार गरिन्छ त्यसको वास्तविक सत्ता हुँदैन, वास्तवमा त पहिले सत् नै थियो । (ब्रह्मको विवेचन दुई प्रकारले गरिएको छ - परब्रह्म र अपरब्रह्म । त्यसलाई अक्षरब्रह्म र क्षरब्रह्म पनि भनिन्छ । अक्षर भनेको कहिल्यै नाश नहुने सत्रूप परब्रह्म हो भने क्षर नाशवान् असत् अपरब्रह्म हो । यद्यपि सत्भन्दा भिन्न कुनै वस्तु छैन तैपनि असत् यसको उच्चारण गरिन्छ, जस्तै - माटाका घडा, दीप आदिको व्यवहार गरे पनि सत्य त माटो नै हो र घडा, दीप आदि असत् हुन् । त्यसैगरी सत् त ब्रह्म नै हो र अरू असत् नै हुन् । अपरब्रह्म असत् हो, प्रपञ्चरूप हुनाले विकार केवल नाममात्र र वाणीको विलासमात्र हो जसलाई उच्चारण गरिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४८०) क्षरम्

क्षरणेनोपपन्नाय प्रपञ्चात्मतया सते ।
क्षराय भवते नित्यं साञ्जलेर्मे नमो नमः ॥४८०॥

अर्थ

प्रपञ्चस्वरूप हुनाले, क्षर (नाश) ले युक्त भएका हुनाले क्षर नाम गरेका र सत्स्वरूप भएका तपाईंलाई मेरो साञ्जलि नित्य नै नमस्कार छ ।

४८१) अक्षरम्

क्षरणेन विहीनाय शुद्धबुद्धतया सते ।
अक्षराय नमस्तुभ्यं साञ्जलेर्मे सहस्रधा ॥४८१॥

अर्थ

शुद्धबुद्धस्वरूप हुनाले क्षर अर्थात् नाशले रहित भएका हुनाले अक्षर नाम भएका र सत्स्वरूप भएका तपाईंलाई साञ्जलि (दुवै हात जोडेर) मेरो हजारौं पटक नमस्कार छ ।

४८२) अविज्ञाता

जीवात् (परिच्छिन्नचितेः) पृथक्त्वेनैव तिष्ठते ।
अविज्ञात्रे भगवते ममास्तु शतशो नतिः ॥४८२॥

अर्थ

परिच्छिन्नचिति जीवदेखि पृथक् नै रहने भएका, त्यसैले अविज्ञाता नाम भएका तपाईं भगवान्लाई मेरो शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

(जीवात्मा परिच्छिन्न चित् हो र त्यो नै ज्ञाता हो । भगवान् अपरिच्छिन्नचित् हुनाले अविज्ञाता भन्नुपर्ने हुन्छ त्यसैले भगवान्लाई अविज्ञाता भनिएको हो । परिच्छिन्न भनेको मापन गर्न सकिने वस्तु हो भने अपरिच्छिन्न भनेको नाप्न नसकिने वस्तु हो । भगवान्लाई कसैले पनि नाप्न सक्दैन त्यसैले भगवान् अपरिच्छिन्न भनिन्छ ।)

विज्ञाता = जान्नेवाला र अविज्ञाता = नजान्नेवाला । भगवान् जीवरूपमा अविज्ञाता हुनुहुन्छ । आत्मामा कर्तृत्व आदि विकल्पविज्ञान कल्पित नै हो तापनि तिनै कर्तृत्व आदिको वासनाले छोपिएको जीव विज्ञाता हो र त्यसदेखि विलक्षण विष्णु भगवान् अविज्ञाता नै हुनुहुन्छ ।

४८३) सहस्रांशुः

यत्तेजोंऽशाद्दिनमणेः सहस्रांशुत्वमुच्यते ।
तस्मै कृताञ्जलि सहस्रांशवे शतशो नमः ॥४८३॥

अर्थ

जसका तेजका अंशमात्रले दिनमणि सूर्यको सहस्रांशुत्व (हजारौं किरणले युक्त भएका) भनिन्छ तिनै सहस्रांशु नाम गरेका भगवान्लाई हात जोडेर शतशः नमस्कार छ ।

टिप्पणी

सूर्य आदिमा वर्तमान किरणहरू वास्तवमै भगवान्कै किरण हुन्, हजारौं किरण हुनाले सूर्यलाई सहस्रांशु भनिन्छ तर वास्तवमा सहस्रांशु भगवान् नै हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४८४) विधाता

दधते शेषकूर्मादीन् धातृनपि विशेषतः ।
तुभ्यं विधात्रे भगवन् ! नतयः सन्त्वनेकशः ॥४८४॥

अर्थ

शेष-कूर्म आदि धाता(धारण गर्ने)हरूलाई पनि विशेषरूपले धारण गर्ने भएका हुनाले विधाता नाम गरेका हे भगवान् तपाईंलाई अनेकशः (अनेक) नमस्कारहरू छन् ।

४८५) कृतलक्षणः

गुणैः सद्भिः प्रतीताय, शास्त्रयोनित्वमृच्छते ।
तुभ्यं कृताञ्जलि कृतलक्षणाय नमो नमः ॥४८५॥

अर्थ

सद्गुणहरूद्वारा प्रतीत (ज्ञात) हुने भएका एवं शास्त्रयोनित्व रूपलक्षणलाई प्राप्त गर्ने भएका हुनाले कृतलक्षण नाम गरेका तपाईंलाई हात जोडेर नमो नमः छ ।

टिप्पणी

भगवान् आकृति र रूपरहित हुनाले भगवान् यस्ता हुनुहुन्छ कसैले भन्न सक्दैन । सद्गुणहरूले नै भगवान्को ज्ञान गर्न सकिन्छ । साथै भगवान् शास्त्रयोनि हुनुहुन्छ अर्थात् अनादि अपौरुषेय वेदलाई प्रकट गर्नेवाला भगवान् नै हुनुहुन्छ, शास्त्रका उत्पादक भगवान् नै हुनुहुन्छ । भगवान् कसैले बताउन सक्दैन केवल वेदले नै भगवान्को स्वरूपको वर्णन गर्न सक्छ त्यसैले शास्त्र अर्थात् वेद नै योनि अर्थात् लक्षण हो । शास्त्रयोनि =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शास्त्र नै योनि अर्थात् ज्ञापक छ जसको त्यो शास्त्रयोनि अथवा शास्त्रका योनि अर्थात् शास्त्रका योनि = प्रकाशक भगवान् नै हुनुहुन्छ ।

नित्य सिद्ध चैतन्यस्वरूप हुनाले भगवान् कृतलक्षण हुनुहुन्छ । अथवा वहाँले लक्षणहरू, शास्त्रहरू निर्माण गर्नुभएको छ त्यसैले भगवान् कृतलक्षण हुनुहुन्छ । अथवा श्रीवत्सरूप लक्षणलाई धारण गर्नुहुन्छ त्यसैले कृतलक्षण हुनुहुन्छ ।

४८६) गभस्तिनेमिः

मध्येज्योतिर्मण्डलं यस्तिष्ठत्यादित्यविग्रहः ।
गभस्तिनेमये तस्मै तुभ्यमस्ति नमो नमः ॥४८६॥

अर्थ

सूर्य शरीर भएका जुन भगवान् गभस्ति (सूर्य) को ज्योतिर्मण्डलका मध्यमा नेमि (चक्रको धुरो) जस्तो भएर बस्नुहुन्छ, तिनै गभस्तिनेमि नाम गरेका तपाईं भगवान्लाई नमो नमः छ ।

४८७) सत्त्वस्थः

सत्त्वप्राधान्येन सते सर्वप्राणिषु तिष्ठते ।
शतकृत्वः साञ्जलेर्मे सत्त्वस्थाय नमो नमः ॥४८७॥

अर्थ

सत्त्व प्राधान्यरूपले सबै प्राणीहरूमा स्थित भएका र सत्स्वरूप भएका हुनाले सत्त्वस्थ नाम गरेका भगवान्लाई हात जोडेर सयौं नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

प्रकाशस्वरूप सत्त्वगुणमा भगवान् प्राधान्येन बस्नुहुन्छ त्यसैले भगवान् सत्त्वस्थ हुनुहुन्छ । अथवा सत्त्व भनेका सबै प्राणी हुन् । तिनैमा बस्ने हुनाले भगवान् सत्त्वस्थ हुनुहुन्छ ।

४८८) सिंहः

बिभ्रते नित्यमौर्जित्यं श्रयते चाऽसहिष्णुताम् ।
गुणप्राधान्यपूज्याय सिंहाय शतशो नमः ॥४८८॥

अर्थ

सिंह झैं नित्य ऊर्जित (अत्यधिक तेजस्विता) धारण गर्ने, (दुष्टहरूप्रति) को असहिष्णुतालाई धारण गर्ने (दुष्टलाई नसहने) गुणको प्रधानताले पूज्य भएका हुनाले सिंह नाम भएका (भगवान्) लाई शतशः नमस्कार छ ।

टिप्पणी

सिंह जस्तो पराक्रमी हुनाले भगवान् सिंह हुनुहुन्छ । अथवा नृसिंह शब्दमा नृलाई हटाए पछि भगवान् सिंह नै हुनुहुन्छ । जसरी सत्यभामालाई सत्या पनि भनिन्छ भामा पनि भनिन्छ ।

४८९) भूतमहेश्वरः

भूतमात्राधिपतितां समालम्ब्य कृतस्थितिः ।
प्रणम्यमानः प्रीयेत नूनं भूतमहेश्वरः ॥४८९॥

अर्थ

भूत (प्राणी) मात्रको अधिपतित्व अवलम्बन गरेर स्थिति गरेका हुनाले भूतमहेश्वर नाम गरेका भगवान् प्रणाम गरेपछि निश्चय नै प्रसन्न हुनुहुनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

भूतहरूका महान् ईश्वर हुनुहुन्छ त्यसैले भगवान् भूतमहेश्वर हुनुहुन्छ । अथवा भूत अर्थात् सत्यरूपले ती भगवान् नै महान् ईश्वर हुनुहुन्छ ।

४९०) आदिदेवः

सर्वेषामादिभूताय दीव्यते च सते सदा ।
आदिदेवाय भवते नित्यमस्तु नमो नमः ॥४९०॥

अर्थ

भगवान् सबैका आदि हुनुहुन्छ एवं दीव्य पनि हुनुहुन्छ, त्यस्तै सदा सत्स्वरूप हुनुहुन्छ त्यसैले आदिदेव नाम गरेका तपाईंलाई मेरो नित्य नमस्कार छ ।

४९१) महादेवः

महीयमानाय सते दीव्यते च दिवानिशम् ।
महादेवाय भवते प्रणामाः सन्तु कोटिशः ॥४९१॥

अर्थ

भगवान् सदैव महीयमान (पूज्यमान) हुनुहुन्छ, सत्स्वरूप हुनुका साथै दिनरात दीव्यमान (प्रकाशस्वरूप) पनि भएको हुनाले महान् र दीव्य हुनाले महादेव नाम भएका तपाईंलाई कोटिशः प्रणामहरू छन् ।

टिप्पणी

अरु सम्पूर्ण भावहरूलाई छाडेर आत्मज्ञान र ऐश्वर्यको महत्ताले भगवान् महिमान्वित हुनुहुन्छ त्यसैले भगवान् महादेव हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४९२) देवेशः

प्रधानत्वेन देवानामीश्वरत्वं विवृण्वते ।
देवेशाय नमस्तुभ्यमस्तु निस्तुलशक्तये ॥४९२॥

अर्थ

देवताहरूमा प्रधान हुनाले ईश्वरत्वलाई स्वयं स्वीकार (वरण) गर्ने भएका देवेश नाम गरेका अतुलनीय शक्ति भएका तपाईंलाई नमस्कार छ ।

४९३) देवभृद्गुरुः

इन्द्रादीनां देवभृतां गुरुत्वेन सते सदा ।
देवभृद्गुरवे तुभ्यं शतशोऽस्तु नमो नमः ॥४९३॥

अर्थ

इन्द्रादि देवभृत् (देवताहरूलाई भरणपोषण गर्ने) हरूका मध्यमा गुरुरूपले सदा रहने भएका हुनाले देवभृद्गुरु नाम भएका तपाईंलाई शतशः नमस्कार छ ।

टिप्पणी

देवताहरूलाई जसले पालनपोषण गर्छ ती इन्द्रादि देवभृत् हुन् तिनका पनि गुरु (शासक) हुनाले भगवान् देवभृद्गुरु हुनुहुन्छ । अथवा देवहरूको भरण गर्नाले एवं सबै विद्याका वक्ता हुनाले भगवान् देवभृद्गुरु हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४९४) उत्तरः

सर्वश्रैष्ठ्यमुपादाय वर्तमानाय सर्वदा ।
उत्तराय नमस्तुभ्यमनुत्तरगुणश्रिये ॥४९४॥

अर्थ

सर्वश्रेष्ठतालाई ग्रहण गरेर सदा वर्तमान भएका हुनाले उत्तर नाम गरेका एवं अनुत्तर गुणश्रीले युक्त भएका (वहाँ भन्दा बढी गुण कहीं पनि कसैको पनि नभएको) तपाईंलाई नमस्कार छ ।

टिप्पणी

जन्मरूपी संसारको बन्धनबाट भगवान् उत्तीर्ण हुनुहुन्छ त्यसैले भगवान् उत्तर वा भगवान् सर्वोत्कृष्ट भएका हुनाले उत्तर हुनुहुन्छ ।

४९५) गोपतिः

सते गवां पालकाय वसुमत्या धवाय च ।
नमोऽस्तु ते गोपतये वचसां प्रभवेऽपि च ॥४९५॥

अर्थ

गाईहरूका पालक हुनाले र वसुमती (गोरूप धारिणी पृथ्वी) का धव=पति हुनाले गोपति नाम भएका र गो अर्थात् वाणीका प्रभु अर्थात् स्वामी भएका हुनाले पनि गोपति नाम गरेका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

गाईको पालन गर्नाले भगवान् गोपति हुनुहुन्छ । वा गोपवेश धारण गर्नाले पनि भगवान् गोपति हुनुहुन्छ, अथवा गौ=पृथ्वी हो र त्यसका पनि पति भएका हुनाले भगवान् गोपति हुनुहुन्छ । अथवा गो भनेका इन्द्रिय हुन् तिनका पनि पति हुनाले भगवान् गोपति हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४९६) गोप्ता

स्वभाव-धर्म-दक्षत्वपुरस्कारेण देहिनः ।
सर्वान् गोपायते तुभ्यं गोप्त्रे नाथ ! मुहुर्नमः ॥४९६॥

अर्थ

प्राण (शरीरधारी) हरूको स्वभाव, धर्म र दक्षतालाई अघिल्तिर राखेर सबैको गोपन (रक्षा) गर्ने हुनाले गोप्ता नाम भएका हे नाथ तपाईंलाई बारम्बार नमस्कार छ ।

४९७) ज्ञानगम्यः

ज्ञानादेव स्वतादात्म्यं दिशते नेतरैः क्रमैः ।
ज्ञानगम्याय ते नित्यं शतशोऽस्तु नमो नमः ॥४९७॥

अर्थ

ज्ञानले नै आफ्नो तादात्म्य (आफ्नो स्वरूपता) मोक्ष दिने भएका हुनाले अरु कुनै क्रमले गम्य (जान सकिने) नभएका त्यसैले ज्ञानले नै गम्य हुनाले ज्ञानगम्य नाम भएका तपाईंलाई नित्य सयौं नमस्कार छ ।

४९८) पुरातनः

कालानवच्छेद्यसत्ताशालितामविमुञ्चते ।
पुरातनाय भवते नित्यमेव नमो नमः ॥४९८॥

अर्थ

कालको अनवच्छेद्य सत्ताशालितालाई कहिल्यै नछोड्ने भएका (जो काल/समयको अधीनमा हुन्छ, कुनै कालमा त्यसको सत्ता हुन्छ कुनै कालमा हुँदैन त्यो कालावच्छेद्य सत्ता हुन्छ भगवान् कुनै कालमा हुने र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुनै कालमा नहुने हुनुहुन्न त्यसैले भगवान् कालावच्छेद्य सत्ताशाली नभएर कालानवच्छेद्य सत्ताशाली हुनुहुन्छ) । त्यसैले पुरातन नाम भएका तपाईंलाई नित्य नै नमो नमः छ ।

४९९) शरीरभूतभृत्

भूतानां धारणं कुर्वन् वपुरारम्भकारिणाम् ।
शरीरभूतभृत् सद्यः प्रणामेन प्रसीदतु ॥४९९॥

अर्थ

प्राणीहरूलाई धारण गर्दै आरम्भकारी शरीरलाई पोषण गर्ने हुनाले शरीरभूतभृत् नाम भएका भगवान् प्रणामद्वारा तुरुन्त प्रसन्न होऊन् ।

टिप्पणी

(प्राणीहरूको शरीर पञ्चभूतद्वारा निर्मित हुनाले त्यस शरीरका निर्माणकर्ता भगवान् भएका हुनाले वहाँ शरीरभूतभृत् हुनुहुन्छ ।) शरीरारम्भभूतान् भूतान् विभर्तीति शरीरभूतभृत् शरीरारम्भककारणभूतानां धारक इत्यर्थः ।

५००) भोक्ता

भुञ्जानाय निजानन्दं भुञ्जते सकलं जगत् ।
भोक्त्रे तुभ्यं भगवते शतशोऽस्तु नमो नमः ॥५००॥

अर्थ

निजानन्दको भोग गर्ने, एवं सम्पूर्ण जगत्लाई नै भोग गर्ने भएका हुनाले भोक्ता नाम भएका तपाईं भगवान्लाई शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

भगवान् आनन्दस्वरूप हुनुहुन्छ त्यसैले त्यही आनन्दको निरन्तर भोग गरिरहनुहुन्छ । साथै यो सम्पूर्ण संसारलाई पालन र भोग गर्ने पनि त भगवान् नै हुनुहुन्छ । त्यसैले भगवान्लाई भोक्ता भनिन्छ) ।

सहस्रनामविवृतौ कुलचन्द्रकृताविदम् ।
पञ्चमं शतकं प्राप पूर्णतां कृपया हरेः ॥

कुलचन्द्रद्वारा रचना गरिएको सहस्रनामको विवृति (व्याख्या) मा यो पाँचौं शतक भगवान्का कृपाले पूर्ण भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५०१) कपीन्द्रः

कपीनां भूरिवीर्याणां दशकण्ठं जिघांसताम् ।
इन्द्राय रघुवीराय कपीन्द्राय नमो नमः ॥५०१॥

अर्थ

अति धेरै पराक्रम भएका एवं दशानन रावणलाई मार्ने इच्छा राख्ने भएका कपि (वानर) हरूका इन्द्र (स्वामी) भएका हुनाले कपीन्द्र नाम गरेका रघुवीर रामलाई नमो नमः छ ।

टिप्पणी

कपि वराहलाई पनि भनिन्छ, भगवान् कपि पनि हुनुहुन्छ इन्द्र पनि । वराहरूपधारी भगवान् कपीन्द्र हुनुहुन्छ, अथवा कपि वानरहरूका इन्द्र हुनाले पनि भगवान् रामचन्द्र कपीन्द्र हुनुहुन्छ ।

५०२) भूरिदक्षिणः

ददते दक्षिणात्वेन समग्रामपि मेदिनीम् ।
रामद्वयाय ते भूरिदक्षिणाय नमो नमः ॥५०२॥

अर्थ

दक्षिणारूपमा समग्र पृथ्वीलाई नै दान गर्ने भएका हुनाले रामद्वयस्वरूप भएका (राम र परशुराम दुई रूप भएका) हुनाले भूरिदक्षिण नाम गरेका भगवान्लाई नमो नमः छ ।

टिप्पणी

भगवान् रामले पनि सम्पूर्ण पृथ्वीको दान गर्नुभएको हो र परशुरामले पनि २१ पटक क्षत्रिय राजाहरूको नाश गरेर पृथ्वीको दान गर्नुभएको हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अत्यन्त धेरै दान दिने हुनाले भगवान् राम र परशुरामलाई भूरिदक्षिण भनिन्छ। धर्मको मर्यादा देखाउँदै यज्ञानुष्ठान गर्दा भगवान् भूरिदक्षिणा = अत्यधिक दक्षिणा गर्नुहुन्छ त्यसैले भगवान् भूरिदक्षिण हुनुहुन्छ।

५०३) सोमपः

धर्माधानप्रसक्ताय विविधान् कुर्वतेऽध्वरान्।
राजर्षिभावरम्याय सोमपाय नमो नमः ॥५०३॥

अर्थ

धर्मको आधान (स्थापना) मा लागेका विविध यज्ञ गर्ने भएका, (अनेक यज्ञ गर्नाले नै) राजर्षिको भाव प्राप्त गरेर रमणीय भएका हुनाले सोमप नाम गरेका भगवान्लाई नमस्कार छ।

टिप्पणी

सोम यज्ञ ठूलो याग हो जसले यो यज्ञ गर्छ त्यो ऋषिसदृश हुन्छ। भगवान्ले क्षत्रियवंशमा अवतार धारण गरी सोमपान गरी राजर्षि नाम प्राप्त गर्नुभयो। सोम एउटा लताको नाम हो, त्यसको रसलाई आहुति गरिन्छ र अन्त्यमा त्यसको प्रसाद ग्रहण गरिन्छ। राजर्षिरूपले सोमपान गरेकाले भगवान् सोमप हुनुहुन्छ।

समस्त यज्ञहरूमा भगवान् देवतारूपले सोमपान गर्नुहुन्छ, त्यसैले भगवान् सोमप हुनुहुन्छ। अथवा यजमानका रूपले धर्मको मर्यादा देखाउँदै सोमपान गर्ने हुनाले भगवान् सोमप हुनुहुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५०४) अमृतपः

तत्तादृशेन महता समारम्भेण साधिताम् ।
सुधां विभज्य धयतेऽमृतपाय नमो नमः ॥५०४॥

अर्थ

त्यो त्यस्तो ठूलो कार्यले साधित (प्राप्त) अमृतलाई विभाग गरेर सोम पान गर्नाले अमृतप नाम भएका तपाईंलाई नमो नमः ।

टिप्पणी

आफ्नो अमृतरूप रसको पान गर्नाले भगवान् अमृतप हुनुहुन्छ । अथवा असुरद्वारा हरण गरिएको अमृतको रक्षा गरेर देवताहरूलाई पान गराई आफूले पनि पान गर्नुभयो, त्यसैले भगवान् अमृतप हुनुहुन्छ ।

५०५) सोमः

घृणिभिर्मुष्णते तापं पुष्णते सकलौषधीः ।
तस्थुषेऽप्युमया सार्धं सोमाय भवते नमः ॥५०५॥

अर्थ

(आफ्ना शीतल) किरणहरूद्वारा ताप (सन्ताप) लाई नाश गर्ने, सम्पूर्ण औषधीहरूलाई पोषण गर्ने र उमा (पार्वती) का साथमा रहने हुनाले पनि सोमनाम गरेका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

सोम भनेका चन्द्रमा हुन्, चन्द्रमाले आफ्ना किरणहरूले सम्पूर्ण औषधी-जडीवुटी, खाद्य पदार्थ आदिलाई पोषण गर्छन् र आफ्ना शीतल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किरणहरूले गर्मीको तापलाई नाश गर्दछन्, भगवान् पनि चन्द्रमा जस्तै तापलाई नाश गर्नुहुन्छ र औषधीलाई पोषण गर्नुहुन्छ साथै रामचन्द्र, कृष्णचन्द्र आदि नामले उच्चारण गरिनुहुन्छ एवं भगवान् शिवरूपले पनि सोम हुनुहुन्छ, उमासहित हुनाले भगवान् शिवलाई सोम भनिएको हो ।

५०६) पुरुजित्

पुरून् पुरूनपि सतः सुकृतध्वंसिनोऽद्धुरान् ।
जयते दानवान् दृप्तान् तुभ्यं पुरुजिते नमः ॥५०६॥

अर्थ

पुण्यनाशक, ठूला ठूला पनि उत्कट घमण्डी, दृष्टि नभएका दानवहरूलाई जित्ने भएका हुनाले पुरुजित् नाम गरेका सत्स्वरूप तपाईं पुरुजित् भगवान्लाई नमस्कार छ ।

५०७) पुरुसत्तमः

विश्वरूपाय (पुरवे) सत्तमायोत्तमत्वतः ।
तुभ्यं कृताञ्जलि पुरुसत्तमाय नमो नमः ॥५०७॥

व्याख्या

विश्वरूप धारण गर्ने भएका, त्यसैले पुरु (ठूला) महान् भएका र अत्यधिक सत्तम अर्थात् सत्हरूमा उत्तम भएका, त्यसैले सत्तम भनिएका र पुरुसत्तम नाम गरेका तपाईंलाई हात जोडेर नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५०८) विनयः

सर्वं विनयते विश्वं, विदते विविधं नयम् ।
विना च नीयमानाय विनयाय नमो नमः ॥५०८॥

अर्थ

सम्पूर्ण विश्वलाई विनय (शिक्षा) दिने हुनाले र विविध नय (नीति) प्राप्त गर्नाले साथै वि अर्थात् पक्षी (गरुड) ले नीयमान हुनाले विनय नाम गरेका तपाईं भगवान्लाई नमो नमः छ ।

टिप्पणी

(विनय भनेको शिक्षा हो सम्पूर्ण विश्वलाई भगवान्ले शिक्षा दिनुहुन्छ ।) विविध नीतिलाई जान्नुहुन्छ त्यसैले पनि भगवान् विनय हुनुहुन्छ । वि = पक्षी तेन नीयते इति विनयः पक्षी गरुडद्वारा बोकिने भएका हुनाले पनि भगवान् विनय हुनुहुन्छ । विनय भनेको दण्ड हो । दुष्टहरूलाई दण्डित गर्नुहुन्छ । त्यसैले भगवान् विनय हुनुहुन्छ ।

५०९) जयः

जयते दुर्जयान् दुष्टान्, काम्यमानाय देहिभिः ।
भक्तिमद्भिर्निर्जिताय जयाय भवते नमः ॥५०९॥

अर्थ

दुष्टहरूलाई जित्नाले भगवान् जय हुनुहुन्छ, भक्तिमान् प्राणीहरूद्वारा कामना गरिनुहुन्छ र उनीहरूद्वारा जितिनु पनि हुन्छ त्यसैले जय नामका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५१०) सत्यसन्धः

कृतां प्रतिज्ञामात्मीयां तथ्यामातन्वते सदा ।
सत्यसन्धाय भवते त्रिसन्ध्यं शतशो नमः ॥५१०॥

अर्थ

सन्धा भनेको प्रतिज्ञा हो, आफूले गरेको प्रतिज्ञालाई सदैव सत्य पार्ने भएका हुनाले सत्यसन्ध नाम भएका तपाईंलाई तीनै सन्ध्याकालमा (प्रातः, मध्याह्न र सायं) शतशः नमस्कार छ ।

५११) दाशार्हः

सर्वोच्चपात्रभावेन दानार्हत्वमुपेयुषे ।
दाशार्हाय नमस्तुभ्यं दशार्हकुलजाय च ॥५११॥

अर्थ

दाश भनेको दान हो अर्ह भनेको योग्य हो, सर्वोच्चदानको पात्रका भावले (भगवान् जस्तो दानको पात्र कोही पनि छैन त्यसैले) दाशार्ह नाम गरेका अथवा दशार्हको कुलमा जन्मेका हुनाले दाशार्ह नाम गरेका तपाईंलाई नमस्कार छ ।

५१२) सात्वतां पतिः

सात्वतां (भक्तिपूतानां) पालकाय सते सदा ।
तुभ्यं सभक्ति शतशः सात्वतां पतये नमः ॥५१२॥

अर्थ

सात्त्वत् अर्थात् भक्तिले पवित्र भएकाहरूको सदा पति अर्थात् पालक भएका हुनाले सात्त्वतां पति नाम भएका तपाईंलाई भक्तिसहित शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५१३) जीवः

प्राणान् क्षेत्रज्ञरूपेण स्वयं धारयते सते ।
नमो जीवाय भवते देवाचार्यमयाय च ॥५१३॥

अर्थ

स्वयं क्षेत्रज्ञका रूपमा प्राण धारण गर्ने, सत्स्वरूप भएका, जीव नाम भएका र देवताहरूका आचार्य स्वरूप भएका (बृहस्पतिरूप भएका) तपाईंलाई नमस्कार छ ।

५१४) विनयितासाक्षी

पश्यते भजतां योग्यं विनयित्वं दृशार्द्रया ।
तुभ्यं हरे ! विनयितासाक्षिणे शतशो नमः ॥५१४॥

अर्थ

भजन गर्ने भक्तहरूको विनयिता (नम्रता) लाई करुणापूर्ण दृष्टिले देख्ने भएका र भक्तहरूको विनयितासाक्षी भएका हुनाले विनयितासाक्षी नाम भएका हे हरे तपाईंलाई शतशः नमस्कार छ ।

टिप्पणी

भगवान् विनयिता (गति गर्ने) र असाक्षी हुनुहुन्छ । (नी धातु गत्यर्थक पनि हुनाले विनयिता भनिएको हो । भगवान् आत्मातिरिक्त अन्यलाई नदेख्ने हुनाले असाक्षी पनि हुनुहुन्छ । विनयित्व (नम्रता) नै विनयिता हो, त्यो प्रजाहरूको विनयितालाई साक्षात् देख्नुहुन्छ त्यसैले भगवान् विनयिता साक्षी हुनुहुन्छ । अथवा साक्षात् नदेख्नेवालालाई असाक्षी भनिन्छ । आत्मातिरिक्त नदेख्नेवालालाई असाक्षी भनिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५१५) मुकुन्दः

विनयेनोपपन्नेभ्यो भजद्भयोऽन्वहमादरात् ।
मुक्तिं ददानाय तुभ्यं मुकुन्दाय नमो नमः ॥५१५॥

अर्थ

विनयले युक्त भएका, भक्तहरूको प्रतिदिन आदरपूर्वक मुक्ति दिने तपाईं मुकुन्दलाई नमस्कार छ, नमस्कार छ ।

५१६) अमितविक्रमः

अमिता (गणनातीता) विक्रमा यस्य विश्रुताः ।
तस्मै ते नित्यममितविक्रमाय नमो नमः ॥५१६॥

अर्थ

अमित अर्थात् गणणातीत-गणना गर्न नसकिने विक्रम (पराक्रम) हरू जसका प्रसिद्ध छन् त्यसैले अमितविक्रमं नाम भएका तिनै तपाईंलाई नित्य नमो नमः छ ।

५१७) अम्भोनिधिः

अम्भांसि सर्वभूतानि (व्याप्नुवन्ति) समन्ततः ।
दधते सर्वदाप्यम्भोनिधये ते नमो नमः ॥५१७॥

अर्थ

अम्भ सर्वभूतहरू हुन्, किनकि ती सर्वत्र व्याप्त छन्, ती अम्भहरूको निधि अर्थात् सर्वदा धारण गर्ने भएका हुनाले नै अम्भोनिधि नाम भएका तपाईंलाई नमो नमः छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

अम्भ भनेको जल हो पञ्चभूतमध्ये जल पनि एक भूत हो, सम्पूर्ण भूतहरूका भगवान् निधि हुनाले भगवान् अम्भोनिधि हुनुहुन्छ । समुद्रलाई पनि अम्भोनिधि भनिन्छ त्यो जलहरूको खानी हो । समुद्ररूप भगवान् नै हुनाले अम्भोनिधि हुनुहुन्छ । अथवा अम्भ अर्थात् देवता आदि भगवान्मा निहित छन् त्यसैले भगवान् अम्भोनिधि हुनुहुन्छ ।

५१८) अनन्तात्मा

बहुरूपाय भवते विनाशरहिताय च ।
शेषात्मने च ते सत्या भक्त्याऽनन्तात्मने नमः ॥५१८॥

अर्थ

बहुरूप धारण गर्नाले, विनाशले रहित हुनाले, शेषस्वरूप हुनाले पनि अनन्तात्मा नाम भएका तपाईंलाई सद्भक्तिपूर्वक नमस्कार छ ।

टिप्पणी

भगवान् अनन्तात्मा हुनुहुन्छ, भगवान्का रूप धेरै छन् त्यसैले भगवान् अनन्तात्मा हुनुहुन्छ, जसको आत्माको कहिल्यै नाश हुँदैन त्यो अनन्त आत्मा हो । शेषनागको नाम पनि अनन्त हो, शेषरूप हुनाले भगवान् अनन्तात्मा हुनुहुन्छ । देश, काल एवं वस्तुले परिच्छिन्न (नियमित/इयत्ता) नहुनाले भगवान् अनन्तात्मा हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५१९) महोदधिशयः

शेषकल्पिततल्पाय सेव्यमानाय च श्रिया ।
नमो मे प्रत्यहोरात्रं महोदधिशयाय ते ॥५१९॥

अर्थ

शेषनागलाई तल्प (ओछ्यान) कल्पना गरेका र लक्ष्मीद्वारा सेवा गरिने भएका महासमुद्र (क्षीर सागरमा शयन गर्ने) हुनाले महोदधिशय नाम गरेका तपाईंलाई अहोरात्र नमस्कार गर्छु ।

टिप्पणी

समस्त भूतहरूलाई संहार गरेर सम्पूर्ण संसारलाई नै जलमय गरेर महोदधि (समुद्र) मा शयन गर्नुहुन्छ त्यसैले भगवान् महोदधिशय हुनुहुन्छ ।

५२०) अन्तकः

पर्यन्तसुखरूपाय भजतां भाग्यशालिनाम् ।
अन्तकाय नमस्तुभ्यं यमत्वेन स्थिताय च ॥५२०॥

अर्थ

(भगवान्को) भजन गर्ने भाग्यशालीहरूको अन्तिम सुखरूप भएका हुनाले एवं यमरूपले स्थित भएका अन्तक नाम भएका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

भूत(प्राणी)हरूलाई अन्त गर्नुहुन्छ त्यसैले भगवान् अन्तक हुनुहुन्छ (अन्तं समाप्तिं करोति इति अन्तकः) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५२१) अजः

अजते वेगवत्वेन जन्मना रहिताय च ।
आद् (वासुदेवाद्) जाताय सते चाऽजायते नमः ॥५२१॥

अर्थ

अत्यधिक गति हुनाले र जन्मले रहित हुनाले पनि भगवान् अज हुनुहुन्छ। अकार (वासुदेव) बाट उत्पन्न हुनाले भगवान् अज हुनुहुन्छ । त्यसैले सत्स्वरूप अज नाम भएका तपाईंलाई नमस्कार छ।

टिप्पणी

(अज गतिक्षेपणयोः) (न जायते इति अजः) (आत् अकारात् जातः अजः, अकारो वासुदेवः स्यादिति एकाक्षरी कोषः)
अकार (विष्णु) बाट उत्पन्न भएका हुनाले कामदेव अज हुन्, भगवान् कामस्वरूप हुनुहुन्छ त्यसैले अज हुनुहुन्छ।

५२२) महार्हः

अर्हा यस्यास्ति महती (भुक्तिमुक्तिप्रदायिनी)।
तस्मै ते भगवन्नस्तु महार्हाय नमो नमः ॥५२२॥

अर्थ

जसको अर्हा (पूजा) महती (महान्) छ र भुक्ति-मुक्तिप्रदा छ त्यसैले महार्ह नाम भएका हे भगवान् तपाईंलाई नमो नमः छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५२३) स्वाभाव्यः

आ(समन्तात्) स्वेन सद्भिर्भावनीयाय देहिभिः ।
स्वेनाऽभाव्यायाऽगुरुणा स्वाभाव्याय च ते नमः ॥५२३॥

अर्थ

आ अर्थात् चारैतिर (समन्तात्) स्वद्वारा (सज्जन) प्राणीहरूद्वारा भावनीय (भावना गर्न योग्य) हुनाले भगवान् स्वाभाव्य हुनुहुन्छ । गुरु नभएका (गौरवले रहित भएका) ले अभाव्य भएका हुनाले स्वाभाव्य नाम भएका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

स्वभावले नै नित्यसिद्ध हुनाले र अभाव्य अर्थात् उत्पन्न हुनुहुन्न त्यसैले भगवान् स्वाभाव्य हुनुहुन्छ ।

५२४) जितामित्रः

आन्तरान् रागरोषादीन् बाह्यान् कंसादिकानपि ।
अमित्रवर्गान् जयते जितामित्राय ते नमः ॥५२४॥

अर्थ

अन्तःस्थित राग-क्रोध आदि (अमित्र) शत्रुहरूलाई एवं बाह्य अमित्र कंसादिहरूलाई पनि जित्ने हुनाले जितामित्र नाम गरेका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५२५) प्रमोदनः

स्वयं प्रमोदमानाय भक्तान् मोदयते निजान् ।
प्रमोदनाय भवते भगवन् ! भावये नमः ॥५२५॥

अर्थ

स्वयं प्रमोद (हर्ष आनन्द) ले युक्त भएका एवं आफ्ना भक्तहरूलाई पनि प्रमोदित (आनन्दित) गर्ने भएका हुनाले प्रमोदन नाम गरेका हे भगवन् तपाईंलाई नमःको भावना गर्छु ।

५२६) आनन्दः

स्वानुभूत्येकरूपाय तृष्णातरलमानसैः ।
अलभ्याय सते तुभ्यमानन्दाय नमो नमः ॥५२६॥

अर्थ

आफ्नो अनुभवमात्रले एकरूपले जानिने भएका तृष्णा (लोभ) ले चञ्चल मन भएकाहरूले अलभ्य भएका हुनाले आनन्द नाम भएका सत् स्वरूप तपाईंलाई नमो नमः छ ।

५२७) नन्दनः

स्वपादपद्मनिरतान् साधून् नन्दयते सते ।
नन्दनाय नमस्तुभ्यं भक्तभृत्यत्वमीयुषे ॥५२७॥

अर्थ

आफ्ना चरण-कमलमा निरन्तर रत भएका (लागिरहेका)साधुहरूलाई सदा आनन्द दिने भक्तहरूको सेवकत्व पनि स्वीकार गर्ने नन्दन नाम भएका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५२८) नन्दः (अनन्दः)

परानपेक्षहर्षाय सुसमृद्धाय सर्वतः ।
स्वानन्दपरितुष्टाय नन्दाय भवते नमः ॥५२८॥

अर्थ

परलाई अपेक्षा नगरीकन हर्षित भएका, सर्वतः चारैतिरबाट समृद्ध भएका, स्व (आत्मा) को आनन्दले नै परितुष्ट भएका नन्द नाम भएका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

सबै प्रकारका सिद्धिहरूले सम्पन्न हुनाले भगवान् नन्द हुनुहुन्छ । अथवा भगवान्को वैषयिक नन्द अर्थात् सुख छैन, त्यसैले भगवान् अनन्द हुनुहुन्छ ।

५२९) सत्यधर्मा

सत्यै(रबाधितैः)सद्भिर्धर्मैर्ज्ञानसुखादिभिः ।
उपपन्नाय सततं नमस्ते सत्यधर्मणे ॥५२९॥

अर्थ

सत्य अर्थात् बाध (नाश) ले रहित सत्स्वरूप धर्म अर्थात् ज्ञान सुख आदिद्वारा युक्त सत्यधर्मा नाम भएका तपाईंलाई सतत नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५३०) त्रिविक्रमः

त्रीन् लोकान् क्रममाणाय दर्शितैः स्वैस्त्रिभिः पदैः ।
त्रिविक्रमाय भवते त्रिसन्ध्यं शतशो नमः ॥५३०॥

अर्थ

सबैलाई देखाइएका आफ्ना तीन पद (पाउ) द्वारा तीन लोकहरूलाई क्रम गर्ने (नाप्ने), त्रिविक्रम नाम गरेका तपाईंलाई तीनै सन्ध्यामा शतशः नमस्कार छ ।

५३१) महर्षिकपिलाचार्यः

देवहूतिप्रसादाय संभूताय महर्षये ।
कपिलाचार्याय सते शतशोऽस्तु नमो नमः ॥५३१॥

अर्थ

देवहूतिलाई प्रसन्नता (कृपा) प्रदान गर्न उत्पन्न हुनुभएका महान् ऋषि कपिलका रूपमा अवतार लिएका महर्षि कपिलाचार्य नाम गरेका सत्स्वरूप भएका तपाईंलाई शतशः नमस्कार छ ।

टिप्पणी

ठूला ऋषिलाई महर्षि भनिन्छ । सम्पूर्ण वेद जान्नेलाई महर्षि भनिन्छ । वेदको एक अंश मात्र जान्नेलाई ऋषि भनिन्छ । कुनै शास्त्रको निर्मातालाई आचार्य भनिन्छ । कपिल ऋषि सम्पूर्ण वेदज्ञ एवं सांख्य दर्शनका शुद्धतत्त्वविज्ञानका आचार्य हुनाले (भगवान्‌को अवतार) भएकाले महर्षि कपिलाचार्य भनिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५३२) कृतज्ञः

विजनेऽपि कृतं नृणां सकलं कर्म जानते ।
कृतज्ञाय नमस्तुभ्यं त्रिजगत्कर्मसाक्षिणे ॥५३२॥

अर्थ

एकान्तमा पनि गरिएको मनुष्यको सम्पूर्ण कर्म जान्ने एवं तिनै लोकका कर्मका साक्षी भएका कृतज्ञ नाम गरेका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

कृत अर्थात् गरेको जान्नेलाई कृतज्ञ भनिन्छ । कृत = गरिएको यो जगत् हो र त्यो भगवान्‌द्वारा गरिएको हो । ज्ञ भनेको आत्मा हो । भगवान् जगत्‌का कृत पनि हुनुहुन्छ, ज्ञ पनि हुनुहुन्छ त्यसैले भगवान् कृतज्ञ हुनुहुन्छ ।

५३३) मेदिनीपतिः

सप्तद्वीपां वसुमतीं साधु पालयते सते ।
श्रद्धयाऽनेकशस्तुभ्यं मेदिनीपतये नमः ॥५३३॥

अर्थ

सात द्वीप भएकी वसुमती (पृथ्वी)लाई सम्यक्=राम्रोसंग पालन गर्ने, सत्स्वरूप भएका हुनाले मेदिनीपति नाम भएका तपाईंलाई श्रद्धापूर्वक अनेकबार नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५३४) त्रिपदः

त्रिविधाँस्त्रिदशान्तःस्थान् तापान् संहर्तुमुन्नतान् ।
वामनत्वं विजहते त्रिपदाय नमो नमः ॥५३४॥

अर्थ

देवताहरूका भित्र स्थित भएका त्रिविध (तीन प्रकारका) कठोर तापहरूलाई हरण गर्नाका लागि वामनत्व (वामनरूप) लाई त्याग गर्ने (तीन पाउले नै सम्पूर्ण विश्वलाई नापेर लिने भएका) त्रिपद नाम भएका तपाईंलाई नमस्कार छ ।

५३५) त्रिदशाध्यक्षः

साक्षान्निरीक्षमाणाय जाग्रत्स्वप्नसुषुप्तिकाः ।
तिस्रो दशास्ता स्त्रिदशाध्यक्षाय भवते नमः ॥५३५॥

अर्थ

जाग्रत् - स्वप्न - सुषुप्ति नाम गरेका तीन दशा (अवस्था) लाई साक्षात् निरीक्षण गर्ने भएका हुनाले त्रिदशाध्यक्ष नाम भएका तपाईंलाई नमस्कार छ ।

५३६) महाशृङ्गः

महाशृङ्गधरं मात्स्यं वपुर्धृत्वा महत्तमम् ।
क्रीडते प्रलयाम्भोधौ महाशृङ्गाय ते नमः ॥५३६॥

अर्थ

ठूलो सिङ् धारण गर्ने, मत्स्यावतारको ठूलो शरीर धारण गरेर प्रलय-समुद्रमा क्रीडा गर्ने महाशृङ्ग नाम गरेका तपाईं भगवान्‌लाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५३७) कृतान्तकृत्

कुर्वते कृतसंहारं कृतान्तमपि कृन्तते ।
सहस्रशस्ते कृतान्तकृते नाथ ! नमो नमः ॥५३७॥

अर्थ

आफैले निर्माण गरेकालाई संहार गर्ने, एवं कृतान्त (यमराज) लाई पनि नाश गर्ने कृतान्तकृत् नाम भएका हे नाथ तपाईंलाई हजारौं नमस्कार छन् ।

५३८) महावराहः

विहारिणो लयाम्भोधौ क्षोणीमण्डलधारिणे ।
महावराहाय नमो हिरण्याक्षविदारिणे ॥५३८॥

अर्थ

प्रलय-समुद्रमा विहार गर्ने, पृथ्वीमण्डललाई धारण गर्ने, महावराहको रूप धारण गरेर हिरण्याक्षको विदारण अर्थात् नाश गर्ने महावराह नाम गरेका तपाईंलाई नमस्कार छ ।

५३९) गोविन्दः

गोभि(र्वेदान्तवाणीभि)र्वेद्यमानाय भावुकैः ।
लब्धस्वर्गाय च सते गोविन्दाय नमो नमः ॥५३९॥

अर्थ

गो = वेदान्तवाणीद्वारा भावुकहरूले जानिने भएका एवं प्राप्त स्वर्ग भएका (उपेन्द्रका रूपमा) एवं सतस्वरूप भएका हुनाले गोविन्द नाम भएका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५४०) सुषेणः

सुनन्द-नन्द-प्रबल-बलमुख्यावृताय ते ।
ब्रह्माण्डसाम्राज्यजुषे सुषेणाय नमो नमः ॥५४०॥

अर्थ

सुनन्द-नन्द-प्रबल-बल मुख्य भएका सेनाले आवृत (घेरिएको) ब्रह्माण्डरूप साम्राज्यको भोग गर्ने भएका, (सुन्दर सेना भएका हुनाले नै) सुषेण नाम भएका तपाईंलाई नमस्कार छ ।

५४१) कनकाङ्गदी

चतुर्षु दोःसु रत्नाढ्यं बिभ्रते कनकाङ्गदम् ।
देदीप्यमानवपुषे कनकाङ्गदिने नमः ॥५४१॥

अर्थ

चारै हातहरूमा रत्न विराजमान भएको, कनकको अङ्गद (सुनको कङ्कण) धारण गर्ने, देदीप्यमान शरीर भएका हुनाले कनकाङ्गदी नाम भएका तपाईंलाई नमस्कार छ ।

रत्नजडित सुनको अङ्गद (बालो) धारण गर्नाले भगवान् कनकाङ्गदी हुनुहुन्छ ।

५४२) गुह्यः

गूहनीयोपनिषदन्तःप्रविष्टाप्तदृष्टये ।
हृद्गुहान्तरवासाय गुह्याय भवते नमः ॥५४२॥

अर्थ

गूहनीय (गोपनीय) उपनिषद्हरूका अन्तः = भित्र प्रविष्ट भएर आप्तहरूले नै देख्न सकिने भएका, हृदयरूपी गुफाको अन्तरमा बास गर्ने भएका हुनाले गुह्य नाम गरेका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

उपनिषद गोपनीयविद्या हो, त्यसद्वारा नै भगवान्लाई जान्न सकिन्छ । त्यस उपनिषद्लाई कुनै आप्तले मात्र जान्न सक्दछ । त्यसैले "गूहनीयोपनिषदन्त:प्रविष्टाप्तदृष्टये" भनिएको हो । रहस्यमय (गुह्य) उपनिषद्द्वारा वेद्य हुनाले भगवान् गुह्य हुनुहुन्छ । अथवा हृदयाकाशमा लुकेका हुनुहुन्छ त्यसैले भगवान् गुह्य हुनुहुन्छ ।

५४३) गभीरः

करिष्यमाणं श्वःकर्म यस्य नाऽद्यावबुध्यते ।
जनावेद्यविचाराय गभीराय नमो नमः ॥५४३॥

अर्थ

भोलिको कर्म आजै गर्ने भएका जुन भगवान्को कर्म आज बुझिँदैन, साधारणजनहरूले जान्न नसकिने विचार भएका हुनाले गभीर नाम भएका भगवान्लाई नमस्कार छ ।

५४४) गहनः

भवेऽस्मिन्कण्टकाकीर्णे स्थितायैव समन्ततः ।
अनवाप्यप्रवेशाय गहनाय नमो नमः ॥५४४॥

अर्थ

यस कण्टकाकीर्ण (काँडैकाँडाले भरिएको) संसारमा चारैतिर स्थित भए ता पनि अनवाप्य प्रवेश (प्रवेश प्राप्त गर्न नसकिने) भएकाले गहन नामका भगवान्लाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५४५) गुप्तः

सतेऽपि शश्वत् सर्वत्र गवेषणपरायणैः
प्रायशोऽनुपलभ्याय गुप्ताय भवते नमः ॥५४५॥

अर्थ

सधैं चारैतिर विद्यमान भए ता पनि अन्वेषण गर्नेहरूले प्रायशः उपलब्ध नभएका हुनाले गुप्त नाम भएका तपाईंलाई नमस्कार छ।

५४६) चक्रगदाधरः

मनस्तत्त्वात्मकं चक्रं बुद्धितत्त्वात्मिकां गदाम्
धरते ते चक्रगदाधराय शतशो नमः ॥५४६॥

अर्थ

मनस्तत्त्वात्मक चक्र र बुद्धितत्त्वात्मक गदालाई धारण गर्ने चक्रगदाधर नाम भएका तपाईंलाई नमस्कार छ।

५४७) वेधाः

जरायुजस्वेदजादिचतुर्भेदविभेदितम्।
जगदेतद्विदधते वेधसे शतशो नमः ॥५४७॥

अर्थ

जरायुज - स्वेदज आदि (अण्डज र उद्भिज्ज समेत) चार भेदले भिन्न भएको यो संसारको विधान गर्ने भएका हुनाले वेधा नाम गरेका भगवान्लाई शतशः नमस्कार छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५४८) स्वाङ्गः

स्वेनैवाङ्गत्वमाप्तेन कुर्वते सकलं जगत् ।
करणान्तरहीनाय स्वाङ्गाय भवते नमः ॥५४८॥

अर्थ

आफ्नै अङ्गत्वलाई प्राप्त भएको कारणले सम्पूर्ण जगत्लाई निर्माण गर्ने र कुनै अर्को कारणले रहित भएका हुनाले स्वाङ्ग नाम गरेका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

कुनै पनि कार्य गर्दा कारणको आवश्यकता हुन्छ, कुमालेले घैटो बनाउँदा माटाको आवश्यकता पर्दछ तर भगवान्ले संसारको निर्माण गर्दा आफूभन्दा भिन्न कुनै वस्तुको आवश्यकता पर्दैन भगवान्ले स्वाङ्गले नै संसार बनाउनुहुन्छ त्यसैले स्वाङ्ग हुनुहुन्छ । कार्य गर्न स्वयं आफू नै त्यसको अङ्ग अर्थात् सहकारी कारण हुनुहुन्छ त्यसैले भगवान् स्वाङ्ग हुनुहुन्छ ।

५४९) अजितः

परैरनभिभूताय भूरिशक्तिधरैरपि ।
अजिताय नमस्तुभ्यं मथ्नते च महोदधिम् ॥५४९॥

अर्थ

अत्यधिक शक्ति धारण गर्ने भएका शत्रुहरूले पनि नजितिएका र समुद्रलाई मन्थन गर्ने भएका हुनाले अजित नाम गरेका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५५०) कृष्णः

महीतलहिताधायि-महाभारतभाषिणे ।
सत्यवत्या अपत्याय कृष्णाय शतशो नमः ॥५५०॥

अर्थ

महीतलको हित गर्ने भएको महाभारत भन्ने भएका सत्यवतीका छोरा व्यास (कृष्ण वर्णका हुनाले) कृष्ण नाम भएका तपाईंलाई शतशः नमस्कार छ ।

५५१) दृढः

न स्वरूपान्न सामर्थ्यात् क्वचित् प्रच्यवते स्म यः ।
तस्मै तुभ्यं भगवते दृढाय शतशो नमः ॥५५१॥

अर्थ

आफ्नो स्वरूपवाट र सामर्थ्यबाट कहिल्यै पनि जो च्युत हुनुहुन्न त्यसैले नै दृढ नाम भएका ती तपाईंलाई शतशः नमस्कार छ ।

५५२) सङ्कर्षणोऽच्युतः

आकर्षते लये लोकानप्रमादेन तिष्ठते ।
सङ्कर्षणायाऽच्युताय भवते शतशो नमः ॥५५२॥

अर्थ

प्रलयकालमा लोकहरूलाई (संसारका प्राणीहरूलाई) आकर्षण गर्दै, अप्रमादले (सावधानीपूर्वक) स्थित भएका सङ्कर्षणाच्युत नामका तपाईं भगवान्लाई शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५५३) वरुणः

सायन्तनार्करूपाय प्रतीचीपतये च ते ।
भविभिर्व्रियमाणाय वरुणाय नमो नमः ॥५५३॥

अर्थ

सायंकालिक सूर्यको रूप भएका, पश्चिम दिशाका मालिक, भविद्वारा वरण गरिएका वरुणस्वरूप भगवान्लाई बारम्बार नमस्कार छ ।

टिप्पणी

आफ्ना किरणहरूलाई आफैमा लीन गर्नाले सायंकालीन सूर्यलाई वरुण भनिएको छ ।

५५४) वारुणः

कुम्भयोनिस्वरूपेण वरुणाज्जन्म गृह्णते ।
रामभक्तधुरीणाय वारुणाय नमो नमः ॥५५४॥

अर्थ

वरुणबाट जन्म ग्रहण गर्ने भएका, रामभक्तहरूमा श्रेष्ठ भएका हुनाले वारुण (अगस्त्य) नाम भएका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

अगस्त्य ऋषिको जन्म वरुणको वीर्य घडामा खसी भएको हुनाले अगत्स्य ऋषिलाई कुम्भयोनि भनिन्छ र वरुणका अपत्य (सन्तान) भएका हुनाले वारुण पनि भनिन्छ । साथै अगस्त्य रामभक्त पनि हुनुहुन्छ । एवं वशिष्ठ ऋषि पनि रामभक्त र मित्र र वरुण देवताका सन्तानका रूपमा हुनुहुन्छ, दुवै ऋषिका रूपमा भगवान् नै हुनुहुन्छ साथै अगस्त्य र वशिष्ठ ऋषि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि भगवान् स्वरूप नै हुनुहुन्छ । त्यसैले वरुणका अपत्य (सन्तान/पुत्र) वारुण हुन् वशिष्ठ अथवा अगस्त्य वारुण हुन् ।

५५५) वृक्षः

वृण्वते सकलाँल्लोकान् (व्यापकत्वेन तिष्ठते) ।
अचलाय सते नित्यं वृक्षाय भवते नमः ॥५५५॥

अर्थ

सम्पूर्ण लोकहरूलाई वरण गर्ने, व्यापक रूपले स्थित रहने नित्य अचलरूपले रहने सत्स्वरूप वृक्ष नाम गरेका तपाईं भगवान्लाई नमस्कार छ ।

टिप्पणी

वृक्ष वरणे धातुबाट पचाद्यच् गरेर वृक्ष बन्दछ भगवान् सवैद्वारा वरण गरिनुहुन्छ त्यसैले भगवान्लाई वृक्ष भनिएको हो । वृक्ष जङ्गम होइन त्यसैले अचल भनिन्छ, भगवान् पनि अचल हुनुहुन्छ । वृक्ष जस्तै अचल रूपमा भगवान् स्थित हुनुहुन्छ त्यसैले भगवान् वृक्ष हुनुहुन्छ ।

५५६) पुष्कराक्षः

पुष्करं(व्योम)वपुषा महताऽक्ष्णुवते सते ।
पुष्कराक्षाय भवते भगवन्नस्तु मे नतिः ॥५५६॥

अर्थ

पुष्कर अर्थात् आकाशलाई आफ्नो महान् शरीरले देख्ने वा व्याप्त गर्ने भएका हुनाले पुष्कराक्ष नाम भएका हे भगवान् तपाईंलाई मेरो नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

अक्षि शब्द अशू व्याप्तौ अथवा अक्षू व्याप्तौ धातुबाट पनि बन्दछ, आकाशरूपी नेत्रद्वारा सम्पूर्णलाई व्याप्त गर्ने वा देख्ने हुनाले पनि भगवान्लाई पुष्कराक्ष भनिन्छ । पुष्कर उपपद व्याप्ति अर्थ भएको अक्षू धातुबाट अण् प्रत्यय भएर पुष्कराक्ष बन्दछ । हृदयकमलमा चिन्तन गरेपछि चित्स्वरूपले प्रकाशित हुनुहुन्छ त्यसैले भगवान् पुष्कराक्ष हुनुहुन्छ ।

५५७) महामनाः

प्रतीयते सत्यतया यन्मनःकल्पितं जगत् ।
तस्मै कृताञ्जलि महामनसे शतशो नमः ॥५५७॥

अर्थ

जसको मनःकल्पित संसार सत्यरूपले प्रतीत (ज्ञात) हुन्छ, त्यसैले महामन भएका ती भगवान्लाई शतशः नमस्कार छ ।

टिप्पणी

सृष्टिस्थिति संहार कर्महरू भगवान् मनले नै गर्नुहुन्छ त्यसैले भगवान् महामना हुनुहुन्छ ।

५५८) भगवान्

ऐश्वर्य-धर्म-कीर्ति-श्री-ज्ञान-वैराग्य-शालिने ।
भूरिभाग्योपभोग्याय तुभ्यं भगवते नमः ॥५५८॥

अर्थ

ऐश्वर्य - धर्म - कीर्ति - श्री (लक्ष्मी) - ज्ञान - वैराग्यले युक्त भएका र अत्यधिक भाग्य भएकाले नै उपभोग गर्न सकिने हुनाले भगवान् नाम भएका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५५९) भगहा

संवर्ते वर्तमानाय पूर्वोक्तमखिलं भगम् ।
स्वयं हतवते तुभ्यं भगघ्ने शतशो नमः ॥५५९॥

अर्थ

संवर्त (प्रलय) कालमा रहने भएका, साथै पूर्वकथित भगहरू (ऐश्वर्यादि) लाई स्वयं हनन गर्ने भएकाले भगहा नाम गरेका तपाईंलाई शतशः नमस्कार छ ।

५६०) आनन्दी

सानन्दैर्दिविषद्वृन्दैर्वन्द्यमानाय सर्वदा ।
स्वानन्दपरितुष्टाय तुभ्यमानन्दिने नमः ॥५६०॥

अर्थ

आनन्दसहित भएका दिविषद्वृन्द (देवताहरूको समुदाय) द्वारा सदा वन्दना गरिने भएका र आत्मानन्दले परितुष्ट (सन्तुष्ट) भएका आनन्दी नामका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

सुखस्वरूप हुनाले भगवान् आनन्दी हुनुहुन्छ । सम्पूर्ण सम्पत्तिले समृद्ध भएको हुनाले् पनि भगवान् आनन्दी हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५६१) वनमाली

सर्वर्तुकुसुमारब्धामम्लानां जानुलङ्घिनीम् ।
मालामलङ्कृतवते नमोऽस्तु वनमालिने ॥५६१॥

अर्थ

सबै ऋतुका पुष्पहरूले रचिएको कहिल्यै म्लान (मलिनो) नहुने घुँडासम्म लामो भएको (वैजयन्ती) मालाले अलङ्कृत भएका वनमाली नाम भएका तपाईंलाई नमस्कार छ ।

५६२) हलायुधः

खलान् प्रलम्बप्रमुखान् निघ्नते निखिलानपि ।
हलायुधाय भवते शतशोऽस्तु नतिर्मम ॥५६२॥

अर्थ

प्रलम्बासुर आदि सम्पूर्ण दुष्टहरूलाई (हलोरूपी आयुधद्वारा बलराम रूपले) मार्ने भएका हुनाले हलायुध नाम भएका तपाईंलाई मेरो शतशः नमस्कार छ ।

टिप्पणी

हलो नै आयुध (शस्त्र) हुनाले भगवान् हलायुध हुनुहुन्छ । बलभद्र रूपमा भगवान्‌को हलो शस्त्र हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५६३) आदित्यः

कश्यपाददितेर्गर्भात्सम्भूताय सते सते ।
वामनत्वेन वसते आदित्याय नमो नमः ॥५६३॥

अर्थ

कश्यप ऋषिद्वारा अदितिको गर्भबाट उत्पन्न, सूर्यरूप र वामनका रूपमा वस्ने अदितिका छोरा आदित्य नाम भएका सत्स्वरूप भएका र सज्जन पनि भएका तपाईंलाई नमस्कार छ ।

५६४) ज्योतिरादित्यः

ज्योतिर्मण्डलसंस्थाय द्विभुजाय किरीटिने ।
शङ्खिने चक्रिणे ज्योतिरादित्याय नमो नमः ॥५६४॥

अर्थ

(सूर्यको) ज्योतिर्मण्डलका वीचमा स्थित भएका, दुई भुजा भएका, किरीट (मुकुट) धारण गरेका, शङ्ख र चक्र धारण गरेका ज्योतिरादित्य नाम भएका भगवान्लाई नमस्कार छ ।

५६५) सहिष्णुः

स्तुति-निन्दा-लाभ-हानिमानाऽमानसमानया ।
धिया प्रवर्तमानाय नमस्तुभ्यं सहिष्णवे ॥५६५॥

अर्थ

स्तुति-निन्दा-लाभ-हानि-मान-अपमानमा समान बुद्धि (भाव) ले प्रवृत्त हुने (सवै कुरालाई समान रूपले सहन गर्ने) सहिष्णु नाम भएका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५६६) गतिसत्तमः

शास्त्रश्रुतासु गतिषु श्रेष्ठत्वेनैव तिष्ठते ।
निर्वाणरूपाय गतिसत्तमाय नमो नमः ॥५६६॥

अर्थ

शास्त्रमा श्रवण गरिएका (सुनिएका) गतिहरूमा सर्वदा श्रेष्ठ रूपले नै रहने भएका, निर्वाण (मोक्ष) रूप भएका हुनाले गतिसत्तम नाम भएका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

शास्त्रमा अनेक प्रकारका गतिहरू स्वर्गति, चन्द्रलोक गति, सूर्यलोक गति, वैकुण्ठलोक गति, ब्रह्मलोक, शिवलोक, देवीलोक गति सुनिन्छ ती गतिहरूमा भगवद्धाम गति नै सत्तम गति हो त्यो नै वास्तविक निर्वाण हो, त्यसैले भगवान्लाई गतिसत्तम भनिएको हो ।

५६७) सुधन्वा

त्रैलोक्यविश्रुतं यस्य धनुः शार्ङ्गाख्यमुत्तमम् ।
पाणौ जागर्ति तस्मै ते नमो नित्यं सुधन्वने ॥५६७॥

अर्थ

तीनै लोकमा प्रसिद्ध शार्ङ्ग नाम गरेको उत्तम धनुष जसको हातमा सदैव जागृत रहन्छ तिनै तपाईं सुधन्वा नाम गरेका भगवान्लाई नित्य नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५६८) खण्डपरशुः

बिभ्राणः परशुं घोरं खलखण्डनकर्मठम् ।
प्रीयतां खण्डपरशुः प्रणामाज्जमदग्निजः ॥५६८॥

अर्थ

दुष्टहरूको खण्डन गर्नमा कर्मठ भएको घोर (भयङ्कर) परशु (बन्चरो) धारण गर्ने भएका र जमदग्नि ऋषिबाट उत्पन्न भएका हुनाले खण्डपरशु नाम भएका भगवान् (मेरो) प्रणामले प्रसन्न होउन् ।

टिप्पणी

शत्रुहरूको खण्डन गर्नाले खण्डनाम भएको परशु (बन्चरो) परशुराम श्रीभगवान्‌को शस्त्र हो, त्यसैले भगवान् परशुरामका रूपमा खण्डपरशु हुनुहुन्छ ।

५६९) दारुणः

दृष्टभूरिदुराचारान् दृप्तान् दारयते बहून् ।
धर्मत्राणप्रसक्ताय दारुणाय नमो नमः ॥५६९॥

अर्थ

देखिएका अत्यधिक दुराचार भएका धेरै घमण्डीहरूलाई दारण गर्ने (मार्ने) भएका र धर्मको रक्षा गर्न लागिरहेका दारुण नाम भएका भगवान्‌लाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५७०) द्रविणप्रदः

अर्चद्भ्यश्च नमद्भ्यश्च स्तुवद्भ्यश्च बृहद्वसु ।
प्रयच्छतेऽस्तु द्रविणप्रदाय भवते नमः ॥५७०॥

अर्थ

पूजा गर्ने, नमस्कार गर्ने एवं स्तुति गर्नेहरूलाई धेरै धन (द्रविण) दिने भएका हुनाले द्रविणप्रद नाम भएका तपाईंलाई नमस्कार छ ।

५७१) दिवःस्पृक्

जगत्तरुस्वरूपाय संकल्पजलसेकतः ।
सद्यः प्रवर्धमानाय नमस्तुभ्यं दिवःस्पृशे ॥५७१॥

अर्थ

संसाररूपी वृक्ष स्वरूप भएका सङ्कल्पको जलको सेचनले तत्काल बढ्ने भएका हुनाले आकाशलाई छुने भएका दिवःस्पृक् नाम भएका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

यो संसाररूपी वृक्ष सङ्कल्पले नै बन्दछ र बढ्छ पनि । सङ्कल्पमात्रले नै आकाशलाई छुन पुग्छ । संसाररूपी वृक्षले आकाशलाई छुने हुनाले वृक्षस्वरूप भगवान् हुनुभयो । त्यसैले दिव भनेको आकाश वा स्वर्ग र स्पृक् भनेको स्पर्श गर्ने भन्ने हुनाले भगवान् दिवःस्पृक् हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५७२) सर्वदृग्व्यासः

सर्वज्ञत्वात्सर्वदृशे वेदवर्गविभाजनात् ।
भवते सर्वदृग्व्यासाय ते नाथ ! नमो नमः ॥५७२॥

अर्थ

सर्वज्ञ हुनाले सर्वदृक् भएका (दृशिर् प्रेक्षणे धातुको चाक्षुष ज्ञानानुकूल व्यापार हुनाले त्यसमा चाक्षुष विशेषणको त्याग गरेर ज्ञानमात्र अर्थ हुन्छ त्यस दृश्मा सर्वदृक्को अर्थ सर्वज्ञ हुन्छ ।) वेदहरूको विभाजन (व्यास = विस्तार) गर्नाले व्यास नाम भएका हुनाले सर्वदृग्व्यास नाम गरेका हे नाथ तपाईंलाई नमस्कार छ ।

टिप्पणी

सर्वदृश् अर्थात् सर्वज्ञानहरूको व्यास (विस्तार) गर्नाले भगवान् सर्वदृग्व्यास हुनुहुन्छ । ब्रह्माको रूपमा भगवान्ले (चारै) वेदहरू र (अठारै) पुराणहरूको व्यास (बिस्तार) गर्नुभएको हो, त्यसैले सर्वदृग्व्यास हुनुहुन्छ ।

५७३) वाचस्पतिरयोनिजः

अयोनिजाय भवते पत्ये वाचां च तिष्ठते ।
नमोऽस्तु वाचस्पतयेऽयोनिजाय सहस्रशः ॥५७३॥

अर्थ

कुनै योनिवाट उत्पन्न नभएकाले अयोनिज तथा वचनहरूका पतिरूपमा स्थित हुनाले वाचस्पतिरयोनिज नाम भएका तपाईं भगवान्लाई हजारौं नमस्कार छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

वाक् अर्थात् विद्याका पति हुनाले भगवान् वाचस्पति र जननीबाट जन्म नहुनाले अयोनिज हुनुहुन्छ त्यसैले भगवान् वाचस्पतिरयोनिज यो विशेषण सहित एक नाम हो ।

५७४) त्रिसामा

अध्वरेषु समस्तेषु सवनेषु त्रिषु स्फुटम् ।
उद्गात्रा गीयमानाय त्रिसाम्ने भवते नमः ॥५७४॥

अर्थ

सम्पूर्ण अध्वर (यज्ञहरू) मा तीनै सवनमा (प्रातः सवन, माध्यन्दिन सवन, र सायं सवनमा) स्पष्टरूपले उद्गाताद्वारा गीयमान भएका हुनाले त्रिसामा नाम भएका तपाईंलाई नमस्कार छ ।

५७५) सामगः

वर्णिवेषं समालम्ब्य स्वयं सामानि गायते ।
नमः सामैकरुचये शतशः सामगाय ते ॥५७५॥

अर्थ

वर्णी (ब्रह्मचारी) भेष धारण गरेर स्वयं सामहरूको गान गर्ने भएका र साम (गान) मा अति रुचि भएका हुनाले सामग नाम भएका तपाईंलाई शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५७६) साम

चिद्वृत्तीनां दारुणानां धाम्ने (रोधविधायिने)।
रोषोपशमशीलाय साम्नेऽस्तु शतशो नमः ॥५७६॥

अर्थ

दारुण (कठोर = कष्टकर) चित्तवृत्तिहरूको धाम भएका (ती दारुण चित्तवृत्तिहरूको निरोध गर्ने भएका) रोष (क्रोध) लाई उमशमन (शान्ति) गर्ने भएका हुनाले साम नाम भएका तपाईंलाई शतशः नमस्कार छ।

टिप्पणी

"वेदानां सामवेदोऽस्मि" यस भगवद्वचन अनुसार सामवेद भएका हुनाले भगवान् साम हुनुहुन्छ।

५७७) निर्वाणम्

सुखेन निर्वापयते तीव्रं भवदवानलम्।
परमानन्दरूपाय निर्वाणाय नमो नमः ॥५७७॥

अर्थ

तीव्र (कठिन=कठोर) भव (संसार) रूपी दवानल (वनको डंडेलो) लाई सहजै निर्वाण गर्ने (निभाउने) भएका र परमानन्दरूप भएका हुनाले निर्वाण नाम भएका तपाईंलाई नमो नमः छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५७८) भेषजम्

परिश्रमानपेक्षाय मधुरायाऽनपापिने ।
सश्रद्धजनसेव्याय भेषजाय नमो नमः ॥५७८॥

अर्थ

परिश्रमको अपेक्षा नगर्ने भएका, मधुर भएका र विघ्नले रहित भएका श्रद्धाले युक्त भएका जनहरूद्वारा सेवन गर्न योग्य भएका हुनाले भेषज (औषध) नाम भएका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

औषधी बनाउँदा अत्यन्त परिश्रम चाहिन्छ । औषधी प्रायः मिठो हुँदैन र व्यर्थ पनि हुन सक्छ, औषधी प्रति श्रद्धा नभएका जनले पनि त्यसको सेवन गर्नुपर्छ । भगवान् संसाररूपी रोगको औषधी हुनुहुन्छ । त्यस औषधीको निमित्त परिश्रमको अपेक्षा हुँदैन, औषधी कटु हुन सक्छन् भने भगवान् रूपी औषधी मधुरै हुन्छ । अरु औषधी व्यर्थ हुन सक्छन् तर भगवान्रूपी औषधी व्यर्थ हुँदैनन् । अरु औषधी श्रद्धा नभए पनि सेवन गर्नुपर्छ तर भगवान्रूपी औषधी त श्रद्धालुजनहरूद्वारा नै सेव्य हुन्छ । भेषज भनेको औषधी हो ।

५७९) भिषक्

जन्ममृत्युजराव्याधीन् समूलं हरते सते ।
भक्त्युपायनगम्याय भिषजेऽस्तु नमो नमः ॥५७९॥

अर्थ

जन्म-मृत्यु-वृद्धावस्था (रूप) व्याधि (रोग) हरूलाई समूल नाश गर्ने भएका, सत्स्वरूप भएका, भक्तिरूपी उपहार लिएर गम्य (जान) योग्य भएका हुनाले भिषक् नाम गरेका तपाईं भगवान्लाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

वैद्यले साधारण रोग नाश गर्छ, जन्म-मृत्यु-वृद्धावस्थारूप रोगहरूलाई नाश गर्न सक्दैन किन्तु भगवान् तिनलाई समूल नाश गर्नुहुन्छ। वैद्यसंग केही लिएर जानुपर्ने हुन्छ तर भगवान्‌रूपी वैद्यसंग केही लिएर जानुपर्दैन केवल भक्ति र श्रद्धामात्र लिएर गए हुन्छ। संसाररूपी रोगलाई निवारण गर्ने भएकाले भगवान् भिषक् (वैद्य) हुनुहुन्छ।

५८०) सन्न्यासकृत्

धरणीयं स्वशिरसा सृजते तुर्यमाश्रमम्।
सभक्ति तुभ्यं सन्न्यासकृते नाथ ! नमो नमः ॥५८०॥

अर्थ

आफ्ना शिरद्वारा धारण गर्न योग्य भएको चतुर्थ आश्रम (सन्न्यास) लाई सृजना गर्ने भएका हुनाले सन्न्यासकृत् नाम भएका हे नाथ तपाईंलाई भक्तिपूर्वक नमस्कार छ।

५८१) शमः

तुभ्यं प्रशामिताशेषदोषवर्गाय जाग्रते।
सिद्धिसोपानभूताय शमाय शतशो नमः ॥५८१॥

अर्थ

सम्पूर्ण दोष वर्गलाई शान्त गर्ने भएका, सदा जाग्रत रहने भएका र सिद्धिहरूको सिंढी जस्ता भएका शम नाम भएका तपाईंलाई शतशः नमस्कार छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५८२) शान्तः

सुखं वैषयिकं सर्वं जहते सहतृष्णया ।
स्वानन्दपरितुष्टाय शान्ताय शतशो नमः ॥५८२॥

अर्थ

सम्पूर्ण वैषयिक सुखलाई तृष्णाको साथमा त्याग गर्ने भएका, स्वात्मानन्दले परितुष्ट भएका हुनाले शान्त नाम भएका तपाईंलाई शतशः नमस्कार छ ।

टिप्पणी

अरुलाई देखाउनका निमित्त पनि विषयसम्बन्धी सुखलाई त्याग गर्न सकिन्छ किन्तु त्यसप्रति तृष्णा रहिरहन्छ तर भगवान्‌लाई विषयप्रति तृष्णा छुँदैछैन भगवान् स्वात्मामा नै सन्तुष्ट हुनुहुन्छ त्यसैले भगवान् सदा शान्त हुनुहुन्छ ।

५८३) निष्ठा

विलापयन्त्यै भूतानि संवर्तसमयोदये ।
जगदन्तस्वरूपायै निष्ठायै शतशो नमः ॥५८३॥

अर्थ

प्रलयको समय आएपछि सम्पूर्ण प्राणीलाई विलीन गराउने, संसारको अन्त (नाश) स्वरूप निष्ठा नामक भगवान्‌लाई शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५८४) शान्तिः

नोपादेयं सारहीनं सापायमखिलं जगत् ।
इति भावं दधानायै शान्तये शतशो नमः ॥५८४॥

अर्थ

सारहीन वस्तु लिनु (ग्रहण गर्नु) हुन्न, यो सम्पूर्ण जगत् विघ्नसहित छ निर्विघ्न छैन, यस्तो भाव धारण गर्ने शान्ति नाम भएका भगवान्लाई शतशः नमस्कार छ ।

५८५) परायणम्

मार्गरूपाय लोकानां श्रेष्ठाच्छ्रेष्ठतमाय च ।
परायणाय भवते नित्यमेव नमो नमः ॥५८५॥

अर्थ

लोकको (प्राणीहरूको) मार्गरूप भएका, श्रेष्ठभन्दा पनि श्रेष्ठतम भएका, त्यसैले परम अयन (श्रेष्ठतम मार्ग) स्वरूप भएका हुनाले परायण नाम भएका तपाईंलाई नित्य नै नमस्कार छ ।

५८६) शुभाङ्गः

सामुद्रशास्त्रनिर्दिष्टसल्लक्षणसमुच्चयम् ।
अङ्गेषु विभ्रते तुभ्यं शुभाङ्गाय नमो नमः ॥५८६॥

अर्थ

सामुद्रिक शास्त्रमा निर्देश गरिएका सम्पूर्ण शुभ लक्षणहरूको समुदायलाई आफ्ना अङ्गहरूमा धारण गर्ने भएका शुभाङ्ग नाम भएका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५८७) शान्तिदः

रागद्वेषादिरहितामवस्थां श्रुतिशंसिताम् ।
भजद्भ्यो यच्छते तुभ्यं शान्तिदाय नमो नमः ॥५८७॥

अर्थ

वेद – शास्त्रमा वर्णित रागद्वेष आदिले रहित भएको अवस्था (शान्ति) लाई भजन गर्ने आफ्ना भक्तहरूलाई प्रदान गर्ने भएका हुनाले शान्तिद नाम भएका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

रागद्वेष आदिले मुक्त हुनु नै शान्ति हो, त्यो शान्ति भगवान्ले दिनुहुन्छ त्यसैले भगवान् शान्तिद हुनुहुन्छ ।

५८८) स्रष्टा

भिन्नरूपान् प्रतिव्यक्ति भिन्नभिन्नविचारकान् ।
अनन्तान् सृजते लोकान् स्रष्ट्रे तुभ्यं नमो नमः ॥५८८॥

अर्थ

प्रतिव्यक्ति भिन्न-भिन्न विचारकहरूका भिन्न-भिन्न रूपका अनन्तलोकहरूको सृष्टि गर्ने भएका हुनाले स्रष्टा नाम गरेका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५८९) कुमुदः

वैकुण्ठादौ दिव्यलोके वसतेऽपि सते सदा ।
कौ (भूम्यां) मोदमानाय कुमुदाय नमो नमः ॥५८९॥

अर्थ

वैकुण्ठादि दिव्यलोकमा सदैव बस्ने भएका भए पनि सत्स्वरूप भएर कु अर्थात् पृथ्वीमा मोदमान (प्रसन्न) भएका हुनाले कुमुद नाम भएका तपाईंलाई नमस्कार छ ।

५९०) कुवलेशयः

यः शेते कुवले (तोये) भूधरे शेषभोगिनि ।
तस्मै तुभ्यं कुवलयेशयाय शतशो नमः ॥५९०॥

अर्थ

जो कुवलय (जल) मा सुत्नुहुन्छ अथवा पर्वतमा सुत्नुहुन्छ, वा शेषनागमा शयन गर्नुहुन्छ त्यसैले कुवलेशय नाम गरेका तपाईं भगवान्लाई शतशः नमस्कार छ ।

टिप्पणी

कु अर्थात् पृथ्वीलाई वलय अर्थात् घेर्ना/वेर्नाले जल कुवलय भनिन्छ । त्यसमा भगवान् शयन गर्नुहुन्छ, त्यसैले कुवलेशय, त्यसै गरी पर्वतहरूमा पृथ्वीमा चल्दछन् ती पर्वतमाथि भगवान् शयन गर्नुहुन्छ र कुवलय भनेको पर्वत हो । पृथ्वीमा सर्पहरूको पेट चल्छ त्यसैले ती कुवलय हुन्, शेषनाग पनि सर्प हुनाले कुवलय हुन् ती शेषका पेटमा भगवान सुत्ने हुनाले पनि भगवान् कुवलेशय हुनुभयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५९१) गोहितः

हिताधानाय गोर्भूमेः कृतयत्नाय नैकदा ।
गोहिताय नमस्तुभ्यं नानारूपावतारिणे ॥५९१॥

अर्थ

गाई र भूमिको हित गर्नका लागि अनेक बार प्रयत्न गर्ने, त्यसका लागि नानारूप अवतार ग्रहण गर्ने, गोहित नाम भएका तपाईं भगवान्लाई शतशः नमस्कार छ ।

टिप्पणी

गाईको वृद्धि (हित) को लागि गोवर्धन धारण गर्नुभयो त्यसैले गोहित, र गो अर्थात् पृथ्वीको भार हटाउनका लागि शरीर धारण गर्नुहुन्छ त्यसैले गोहित हुनुहुन्छ ।

५९२) गोपतिः

गोर्धरित्रीस्वरूपाया वाग्रूपायाश्च सर्वतः ।
पालनैकप्रवृत्ताय तुभ्यं गोपतये नमः ॥५९२॥

अर्थ

धरित्री (पृथ्वी) स्वरूप गोको अथवा वाणीरूप गोको रक्षा गर्नका लागि मात्र सर्वतः/अनेक प्रकारले प्रवृत्त भएका हुनाले गोपति नाम भएका तपाईं भगवान्लाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५९३) गोप्ता

स्वभावक्षिप्रकारित्वपुरस्कारेण सर्वदा ।
गोपायते गां विविधां तुभ्यं गोप्त्रे नमो नमः ॥५९३॥

अर्थ

स्वभावले नै शीघ्र कार्य गर्ने आफ्नो स्वभावलाई अग्रसर गरेर विविध गो अर्थात् पृथ्वी-गाई आदिलाई गोपन=रक्षा गर्ने भएका हुनाले गोप्ता नाम भएका तपाईं भगवान्‌लाई नमो नमः छ ।

टिप्पणी

भगवान् जगत्‌का रक्षक हुनुहुन्छ त्यसैले गोप्ता हुनुहुन्छ । आफ्ना मायाले आफूलाई गोपन गर्नुहुन्छ=छोप्नुहुन्छ त्यसैले भगवान् गोप्ता हुनुहुन्छ ।

५९४) वृषभाक्षः

धर्मस्वरूपवृषभे दयया दत्तदृष्टये ।
वृषभाक्षाय भवते भगवन् ! भूरिशो नमः ॥५९४॥

अर्थ

धर्मस्वरूप भएका वृषभ/वसाहामाथि दयाले दृष्टि दिने भएका हुनाले वृषभाक्ष नाम भएका हे भगवन् तपाईंलाई अनेकवार नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५९५) वृषप्रियः

धर्मस्य वासवस्यापि प्रियत्वेनैव तिष्ठते ।
वृषप्रियाय भवते करोमि शतशो नमः ॥५९५॥

अर्थ

धर्मको र इन्द्रको पनि प्रियरूपमा रहने हुनाले वृषप्रिय नाम भएका तपाईं भगवान्लाई म शतशः नमस्कार गर्छु ।

५९६) अनिवर्ती

धर्माद्युद्धाच्च सततमनिवृत्ताय तिष्ठते ।
सतेऽनिवर्तिने तुभ्यं नतिरस्तु दिने दिने ॥५९६॥

अर्थ

धर्म र युद्धबाट कहिल्यै निवृत्त नभएर (नहटेर) रहनुहुन्छ उनै सत्स्वरूप अनिवर्ती नाम गरेका तपाईं भगवान्लाई प्रतिदिन नमस्कार छ ।

टिप्पणी

भगवान् देवासुर संग्रामबाट कहिल्यै निवृत्त हुनुहुन्न त्यसैले अनिवर्ती अथवा धर्मबाट विमुख हुनुहुन्न त्यसैले अनिवर्ती हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५९७) निवृत्तात्मा

विषयेभ्यो निवृत्तोऽस्ति यस्यात्माऽऽनन्दविग्रहः ।
स वन्द्यते निवृत्तात्मा निवृत्तजनवल्लभः ॥५९७॥

अर्थ

आनन्दस्वरूप भएको जसको आत्मा विषयबाट निवृत्त भएको छ, उनै विषयबाट निवृत्त भएका जनहरूका प्रिय भएका निवृत्तात्मा भगवान्‌लाई वन्दना गरिन्छ ।

५९८) संक्षेप्ता

युद्धव्याध्यादिभिर्लोकानतिवृद्धान्मुहुर्मुहुः ।
यथोचितं संक्षिपते संक्षेप्त्रे शतशो नमः ॥५९८॥

अर्थ

अत्यधिक बढेका लोक (प्राणी) हरूलाई युद्ध र रोग आदिद्वारा बारम्बार यथोचित संक्षेप (न्यून) गर्ने भएका हुनाले संक्षेप्ता नाम भएका तपाईं भगवान्‌लाई शतशः नमस्कार छ ।

टिप्पणी

विस्तृत जगत्‌लाई संहारको वेलामा सूक्ष्म रूपले संक्षिप्त गर्नुहुन्छ त्यसैले भगवान् संक्षेप्ता हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५९९) क्षेमकृत्

शिष्टानामवशिष्टानां योगभाजां शरीरिणाम् ।
क्षेमं विदधते नित्यं तुभ्यं क्षेमकृते नमः ॥५९९॥

अर्थ

अवशिष्ट (संहारपछि बाँचेका) भएका शिष्टहरूको र योगप्राप्त भएका प्राणीहरूको क्षेम (कल्याण वा प्राप्त भएकाको रक्षा) गर्ने भएका हुनाले क्षेमकृत् नाम गरेका तपाईं भगवान्लाई नित्य नमस्कार छ ।

टिप्पणी

अप्राप्तको प्राप्तिलाई योग भनिन्छ र प्राप्तको रक्षालाई क्षेम भनिन्छ । बढेका प्राणीहरूको युद्धद्वारा नाशपछि बाँचेका सज्जनहरूले अप्राप्तको प्राप्ति गरेका छन् त्यस्ता प्राणीहरूको क्षेम अर्थात् कल्याण भगवान् गर्नुहुन्छ, त्यसैले भगवान् क्षेमकृत् हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६००) शिवः

भविनां स्मरतां नाम श्रेयो भावयते सते ।
भक्तिप्रियाय भवते शिवाय शतशो नमः ॥६००॥

अर्थ

(भगवान्का) नामको स्मरण गर्ने प्राणीहरूको श्रेय अर्थात् कल्याणको भावना गर्ने भएका, सत्स्वरूप भएका, भक्तिप्रिय भएका हुनाले शिव नाम भएका तपाईंलाई शतशः नमस्कार छ ।

सहस्रनामविवृतौ कुलचन्द्रकृताविदम् ।
षष्ठं च शतकं प्राप पूर्णतां कृपया हरेः ॥

कुलचन्द्रद्वारा रचना गरिएको सहस्रनामको व्याख्यामा यो छैठौं शतक भगवान्का कृपाले पूर्ण भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६०१) श्रीवत्सवक्षाः

श्वेतरोमावर्तरूपं वहते लक्ष्म वक्षसा ।
कृताञ्जलि नमन्मौलि नमः श्रीवत्सवक्षसे ॥६०१॥

अर्थ

सेता रौंहरूको आवर्त (घुमाउरो) रूप चिह्न हृदयले धारण गर्ने भएका हुनाले श्रीवत्सवक्षा नाम भएका तपाईं भगवान्लाई शिर झुकाएर हात जोडेर नमस्कार छ ।

६०२) श्रीवासः

श्रियो वास्तुस्वरूपाय श्रियं वासयते हृदि ।
तमःप्रसरहीनाय श्रीवासाय नमो नमः ॥६०२॥

अर्थ

लक्ष्मीको वास्तुस्वरूप भएका, हृदयमा लक्ष्मीलाई बास दिने र अन्धकारको प्रसारले रहित भएका हुनाले श्रीवास नाम गरेका भगवान्लाई नमो नमः छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६०३) श्रीपतिः

श्रिया स्वयं पतित्वेन वृतायाऽनन्तदीप्तये ।
सिद्धसागरमन्थाय तुभ्यं श्रीपतये नमः ॥६०३॥

अर्थ

लक्ष्मीद्वारा स्वयं पति रूपमा वरण गरिएका, अनन्त कान्ति भएका, सागर मन्थनमा सिद्ध भएका हुनाले श्रीपति नाम भएका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

अमृत मन्थनका बेलामा सम्पूर्ण सुर र असुरलाई छाडेर श्रीले श्रीभगवान्लाई नै वरण गरिन्, त्यसैले भगवान् श्रीपति हुनुहुन्छ । वा श्री भनेको पराशक्ति हो त्यसका पति भगवान् हुनुहुन्छ ।

६०४) श्रीमतां वरः

तेजोविज्ञानसंपद्भिर्निर्जयन् सकलान् जनान् ।
साष्टाङ्गप्रणिपातेन प्रीयतां श्रीमतां वरः ॥६०४॥

अर्थ

तेज-विज्ञान र सम्पत्तिद्वारा सम्पूर्ण मानिसहरूलाई जित्ने भएका, त्यसैले श्रीमान्हरूमा श्रेष्ठ भएका हुनाले श्रीमतां वर नाम भएका भगवान् (मेरो) साष्टाङ्ग प्रणामले प्रसन्न होऊन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६०५) श्रीदः

तेजोविज्ञानसंपत्तिमयीं श्रियमनत्ययाम् ।
सद्भ्यः सद्भ्यो ददानाय श्रीदाय शतशो नमः ॥६०५॥

अर्थ

कहिल्यै नाश नहुने तेज, विज्ञान र सम्पत्तिरूपी श्री(लक्ष्मी)लाई सत्स्वरूप भएका सज्जनहरूलाई दिने भएका हुनाले श्रीद नाम भएका भगवान्लाई शतशः नमस्कार छ ।

६०६) श्रीशः

आदिशक्तिस्वरूपाया अर्चितायाः सुरैरपि ।
श्रियोऽधीशाय भवते श्रीशाय भगवन् नमः ॥६०६॥

अर्थ

आदि शक्तिस्वरूप भएकी देवताहरूद्वारा पनि अर्चित (पूजित) भएकी श्री (लक्ष्मी) का अधीश (मालिक) भएका हुनाले श्रीश नाम भएका हे भगवान् तपाईंलाई नमस्कार छ ।

६०७) श्रीनिवासः

श्रीमत्सु (विद्या-विनय-वैभवप्राप्तकीर्तिषु) ।
नित्यं निवसते तुभ्यं श्रीनिवासाय मे नमः ॥६०७॥

अर्थ

विद्या, विनय र वैभव (ऐश्वर्य) ले कीर्ति (ख्याति) प्राप्त गरेका श्रीमान्हरूमा नित्य नै निवास गर्ने भएका हुनाले श्रीनिवास भएका तपाईं भगवान्लाई मेरो नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६०८) श्रीनिधिः

यच्छते स्वच्छचित्तेभ्यो भक्तेभ्यः प्रत्यहं श्रियम् ।
रिक्ततादोषशून्याय तुभ्यं श्रीनिधये नमः ॥६०८॥

अर्थ

स्वच्छ चित्त भएका भक्तहरूलाई नित्य श्री (लक्ष्मी) दिने भएका, रिक्तता (न्यूनता) का दोषले शून्य भएका हुनाले श्रीनिधि नाम भएका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

सर्वशक्तिमान् भगवान्मा सम्पूर्ण श्री एकत्रित छन् त्यसैले भगवान् श्रीनिधि हुनुहुन्छ ।

६०९) श्रीविभावनः

भजद्भ्यः प्रीतिमाधाय ददते विविधां श्रियम् ।
तुभ्यं कृताञ्जलि श्रीविभावनाय मुहुर्नमः ॥६०९॥

अर्थ

भजन गर्नेहरू (सेवकहरू) लाई प्रीतिपूर्वक विविध लक्ष्मी दिने भएका हुनाले श्रीविभावन नाम भएका तपाईंलाई हात जोडेर बारम्बार नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६१०) श्रीधरः

समर्चनीयचरणां विरिञ्चिप्रमुखैरपि ।
श्रियं वत्सेन धरते श्रीधराय नमो नमः ॥६१०॥

अर्थ

विरिञ्चि (ब्रह्मा) आदिद्वारा पनि पूजनीय चरण भएकी श्री (लक्ष्मी) लाई वत्स (हृदयको चिह्न) ले धारण गर्नाले श्रीधर नाम भएका तपाईंलाई नमो नमः छ ।

६११) श्रीकरः

कुर्वते भूरिभक्तीनामौचित्यरुचिरां श्रियम् ।
श्रियं करे कुर्वते च श्रीकराय नमो नमः ॥६११॥

अर्थ

अत्यधिक भक्तिले युक्त भएकाहरूको उचित रूपले राम्री भएकी श्री (लक्ष्मी) दिने भएका श्री (लक्ष्मी) लाई कर (हात) मा गर्ने (लक्ष्मीलाई हातमा राख्ने) भएका हुनाले श्रीकर नाम भएका भगवान्लाई नमस्कार छ ।

टिप्पणी

स्मरण गर्ने, स्तुति गर्ने, पूजा गर्ने भएका भक्तहरूको श्री गर्नुहुन्छ अर्थात् भक्तहरूलाई लक्ष्मी दिनुहुन्छ त्यसैले भगवान् श्रीकर हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६१२) श्रेयः

वर्तमानमपि प्रेयोऽवधीर्य सकलं धिया ।
सुधीभिर्मार्गणीयाय श्रेयसे भवते नमः ॥६१२॥

अर्थ

वर्तमान भएको पनि (आफूसंग भएको पनि) सम्पूर्ण प्रेय (लौकिक कल्याण) लाई तिरस्कार गरेर आफ्नो बुद्धिद्वारा बुद्धिमान्हरूद्वारा खोजिने भएका श्रेय (परम कल्याणरूप) भएका श्रेय नाम भएका तपाईंलाई नमस्कार छ ।

६१३) श्रीमान्

प्राज्यया स्तुत्यया नित्यसिद्धया च सदा श्रिया ।
संपन्नाय सते तुभ्यं श्रीमते प्रत्यहं नमः ॥६१३॥

अर्थ

अत्यधिक श्रेष्ठ भएकी, स्तुत्य भएकी, नित्य सिद्ध भएकी, श्री (लक्ष्मी) द्वारा सदा सम्पन्न भएका, सत्स्वरूप भएका हुनाले श्रीमान् नाम भएका तपाईंलाई प्रतिदिन नमस्कार छ ।

६१४) लोकत्रयाश्रयः

उपादानत्वेन लोकान् सृजन्नथ च पालयन् ।
प्रणम्यमानः श्रेयो मे देयाल्लोकत्रयाश्रयः ॥६१४॥

अर्थ

उपादान रूपमा (कार्य नै कारणरूपमा परिणत हुने रूपमा) लोकको सृष्टि गर्नाले, पालन गर्नाले प्रणाम गरिने भएका, त्यसैले तीनै लोकका आश्रय भएका हुनाले लोकत्रयाश्रय नाम भएका भगवान् मलाई श्रेय (परमकल्याण) दिऊन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६१५) स्वक्षः

अक्षिणी यस्य विद्येते पुण्डरीकमनोरमे ।
तस्मै स्वक्षाय देवाय करोमि शतशो नमः ॥६१५॥

अर्थ

जसका दुवै आँखा कमलजस्ता सुन्दर छन्, तिनै स्वक्ष नाम गरेका देवतालाई शतशः नमस्कार गर्दछु ।

६१६) स्वङ्गः

मङ्गलान्मङ्गलत्वेन यस्याङ्गानि सतां हृदि ।
भासन्ते प्रत्यहं तस्मै स्वङ्गाय शतशो नमः ॥६१६॥

अर्थ

मङ्गलका पनि मङ्गलरूपले जसका अङ्गहरू सज्जनहरूका हृदयमा भासित हुन्छन्, तिनै स्वङ्ग नाम गरेका भगवान्लाई प्रतिदिन शतशः नमस्कार छ ।

६१७) शतानन्दः

उपाधिभेदशतधाऽऽनन्दजातसमष्टये ।
शतानन्दाय शतशः प्रणामाः सन्तु सर्वदा ॥६१७॥

अर्थ

उपाधि (स्थान) का भेदले सयकडौं प्रकारका आनन्दका समष्टिरूप भएकाले शतानन्द नाम भएका भगवान्लाई मेरा शतशः प्रणाम सदासर्वदा रहून् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६१८) नन्दिः

देहिभिः स्पृहणीयाय पञ्चक्लेशकदर्थितैः ।
परमानन्दरूपाय नन्दये शतशो नमः ॥६१८॥

अर्थ

अविद्या, अस्मिता, राग, द्वेष, अभिनिवेश रूप पाँच क्लेशहरूले पीडित भएका देहधारीहरूले स्पृहणीय (अभीष्ट) भएका परमानन्दरूप भएका त्यसैले नन्दी नाम भएका भगवान्लाई शतशः नमस्कार छ ।

६१९) ज्योतिर्गणेश्वरः

ज्योतिषां ज्योतिषे तुभ्यं व्योमान्तरविहारिणे ।
ज्योतिर्गणेश्वरायास्तु शतशो मे नमो नमः ॥६१९॥

अर्थ

आकाशमध्यमा विहार गर्ने भएका ज्योतिहरूका पनि ज्योति भएका, ज्योतिर्गणका ईश्वर भएका, त्यसैले ज्योतिर्गणेश्वर नाम भएका भगवान्लाई मेरो शतशः नमस्कार छ ।

६२०) विजितात्मा

जहते सुखदुःखादिभावनां जितचेतसे ।
नमस्करोमि भवते सश्रद्धं विजितात्मने ॥६२०॥

अर्थ

सुख, दुःख इत्यादिका भावनालाई त्याग गर्ने भएकाले चित्तलाई जितेका र त्यसै कारणले विजितात्मा नाम भएका तपाईंलाई श्रद्धापूर्वक नमस्कार गर्दछु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६२१) अविधेयात्मा

ऐहलौकिकशास्त्रीयविधानपरवर्तिने ।
अविधेयात्मने तुभ्यं नमो मम दिने दिने ॥६२१॥

अर्थ

ऐहलौकिक र शास्त्रीय विधानबाट पर रहने भएका (लौकिक र शास्त्रीय विधानले नबाँधिएका) हुनाले अविधेयात्मा (अशासित स्वरूप भएका) तपाईंलाई मेरो दिनदिनको नमस्कार छ ।

६२२) सत्कीर्तिः

सती (श्रेयस्करी) यस्य कीर्तिर्लोकेषु गीयते ।
तस्मै सत्कीर्तये तुभ्यं नमस्कारान् प्रवर्तये ॥६२२॥

अर्थ

सत् (श्रेयस्कर, परमकल्याणकारी) जसको कीर्ति लोकमा गायन गरिन्छ, तिनै सत्कीर्ति नाम भएका तपाईंलाई नमस्कारहरू चढाउँछु ।

६२३) छिन्नसंशयः

जिज्ञासूनां संशयिनां छिन्दते संशयान् दृढान् ।
भगवन् ! भवते च्छिन्नसंशयाय नमो नमः ॥६२३॥

अर्थ

संशयशील (सन्देहयुक्त) जिज्ञासुहरूको दृढ संशयहरूलाई छेदन (नाश) गर्ने छिन्नसंशय नाम भएका हे भगवान् तपाईंलाई नमो नमः छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६२४) उदीर्णः

उद्रिक्तताम् (अधिकताम्) ब्रह्माण्डादपि बिभ्रते ।
उदीर्णाय नमस्तुभ्यं ब्रह्माण्डपरवर्तिने ॥६२४॥

अर्थ

ब्रह्माण्डभन्दा पनि अधिकता धारण गर्ने भएका ब्रह्माण्डदेखि परवर्ती भएकाले उदीर्ण नाम गरेका तपाईंलाई नमस्कार छ ।

६२५) सर्वतश्चक्षुः

सर्वं सार्वत्रिकं वृत्तं वीक्षमाणाय सर्वदा ।
सर्वैश्च दर्शनीयाय सर्वतश्चक्षुषे नमः ॥६२५॥

अर्थ

सम्पूर्ण सर्वत्रको वृत्त (चरित=कार्य) लाई सर्वदा देख्ने भएका र सबैद्वारा दर्शनीय भएकाले सर्वतश्चक्षुः नाम भएका भगवान्लाई नमस्कार छ ।

६२६) अनीशः

परेशनमनाप्ताय स्वयमीशाय तिष्ठते ।
तुभ्यं नमोऽस्तु भगवन्ननीशाय मुहुर्मुहुः ॥६२६॥

अर्थ

अर्काको ईशन (प्रभुत्व) प्राप्त नगरेका स्वयं ईशतालाई (प्रभुतालाई) प्राप्त गरेर स्थित भएका हुनाले अनीश नाम गरेका हे भगवन् तपाईंलाई वारम्वार नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६२७) शाश्वतस्थिरः

यो वर्तते शाश्वतिकोऽविकृतश्व महाप्रभुः ।
स प्रयातु प्रणामेन प्रणयं शाश्वतस्थिरः ॥६२७॥

अर्थ

जो निरन्तर शाश्वत र विकाररहित छ तिनै शाश्वतस्थिर नाम भएका महाप्रभु (मेरो) प्रणामले प्रीति (प्रेम) प्राप्त गरुन् ।

६२८) भूशयः

अशयिष्ठाः क्षितौ राम ! मार्गार्थी सागरं प्रति ।
सच्चरित्राय तस्मै ते भूशयाय नमो नमः ॥६२८॥

अर्थ

हे भगवन् राम सागर वा समुद्रसँग मार्ग (बाटो) याच्ञा गर्दा (माग्दा) भूमिमा सुत्नु भएको थियो त्यसैले भूशय नाम गरेका सच्चरित्रवान् तपाईंलाई नमस्कार छ ।

६२९) भूषणः

भावुकैर्भावनीयाभी रामकृष्णादिमूर्तिभिः ।
भुवं भूषयते तुभ्यं भूषणाय नमो नमः ॥६२९॥

अर्थ

भावुक भक्तहरूद्वारा भावना गरिने भएका रामकृष्ण इत्यादि मूर्तिहरूद्वारा पृथ्वीलाई सुशोभित गर्ने भएका हुनाले भूषण नाम गरेका तपाईंलाई नमो नमः छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६३०) भूतिः

नानाविधानाकृतये जगदौज्ज्वल्यहेतवे ।
सर्वादरार्हवपुषे भूतये भवते नमः ॥६३०॥

अर्थ

नाना विधानका अनेक आकृति भएका जगत्को उज्ज्वलताका कारण भएका, सबैको आदरयोग्य शरीर भएका भूति नाम गरेका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

भवन (हुनु) सत्ता अथवा विभूतिरूप हुनाले भगवान् भूति हुनुहुन्छ । अथवा सम्पूर्ण भूतिका (ऐश्वर्यका) कारण हुनाले भगवान् भूति हुनुहुन्छ ।

६३१) विशोकः

क्षणिकाद्विरसात्तुच्छाद्वस्तुनः पृथगृच्छते ।
स्वच्छानन्दस्वरूपाय विशोकाय नमो नमः ॥६३१॥

अर्थ

क्षणिक-विरस (रसरहित) र तुच्छ वस्तुबाट पृथक् भएका, स्वच्छ र आनन्द स्वरूप भएका हुनाले विशोक नाम भएका भगवान्लाई नमो नमः छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६३२) शोकनाशनः

सशोकान् भजतो लोकानशोकानाशु कुर्वते ।
भवते साञ्जलेः शोकनाशनाथ नमो मम ॥६३२॥

अर्थ

शोकले युक्त भएका, भगवान्को भजन गर्ने भएका लोकहरूलाई शीघ्र अशोक (शोकरहित) गर्ने हुनाले शोकनाशन नाम गरेका तपाईंलाई अञ्जलिबद्ध मेरो नमस्कार छ ।

६३३) अर्चिष्मान्

तेजसाऽतिशयानाय सर्वांस्तेजस्विनः सदा ।
अर्चिष्मते नमस्तुभ्यमखण्डज्ञानवर्चसे ॥६३३॥

अर्थ

तेजद्वारा सबै तेजस्वीमाथि विजयी हुने भएका, अखण्ड ज्ञानरूपी तेज भएका हुनाले अर्चिष्मान् नाम गरेका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६३४) अर्चितः

विरिञ्चिप्रमुखैर्लोकैः कृताघैरघशान्तये ।
सगद्गदं साश्रुपातमर्चिताय नमो नमः ॥६३४॥

अर्थ

पाप गरेका ब्रह्माजी आदि प्रमुख लोकहरूद्वारा अघ (पाप) शान्तिको निमित्त गद्गद भएर अश्रुपातपूर्वक अर्चित (पूजित) भएका हुनाले अर्चित नाम भएका भगवान्लाई नमो नमः छ ।

टिप्पणी

भगवान्ले कृष्णावतारको बाललीलाको बेलामा गोपाल बालक गाईका बाच्छा लिएर चराउन जाँदा भगवान्को परीक्षण गर्न ब्रह्माले गोपालवालक बाच्छाहरू लुकाउने पाप गरे । पछि बोध भएपछि ती सबै फर्काएर अश्रुपात-पूर्वक गद्गद भएर ब्रह्माले भगवान् कृष्णको स्तुति गरे भन्ने वृत्तान्त भागवतमा छ । सम्पूर्ण लोक र ब्रह्माजी आदिद्वारा पनि पूजित हुनुहुन्छ त्यसैले भगवान् अर्चित हुनुहुन्छ ।

६३५) कुम्भः

कुम्भकेऽन्तःस्थापिताय सिद्धैः कुम्भोद्भवादिभिः ।
ब्रह्माण्डपिण्डपूर्णाय कुम्भाय शतशो नमः ॥६३५॥

अर्थ

कुम्भोद्भव (वसिष्ठ, अगस्त्य आदि) सिद्धहरूद्वारा कुम्भका अन्तरमा स्थापित भएका ब्रह्माण्डरूपी पिण्डले पूर्ण भएका हुनाले कुम्भ नाम भएका भगवान्लाई शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

कुम्भमा देवताहरूको आवाहन गरेर पूजा गरिन्छ । अगस्त्य ऋषिले कुम्भमा आह्वान गरेर पूजा गरिएका हुनाले भगवान् कुम्भज हुनुहुन्छ । कुम्भ (कलश) को जस्तो भगवान्मा सबै वस्तु अवस्थित छन् त्यसैले भगवान् कुम्भज हुनुहुन्छ ।

६३६) विशुद्धात्मा

कृताञ्जलेर्मम विशुद्धात्मने श्रद्धया नमः ।
भ्राजमानाय भवते समतीत्य गुणत्रयम् ॥६३६॥

अर्थ

तीन गुणहरू (सत्त्व, रज, तमः तीन गुणहरू) लाई अतिक्रान्त गरेर (जितेर वा नाघेर) सुशोभित हुने विशुद्धात्मा तपाईंलाई हात जोडेर श्रद्धापूर्वक मेरो नमस्कार छ ।

६३७) विशोधनः

नामसंकीर्तनध्यानपूजनैः पुनते जगत् ।
विशोधनाय भवतेऽनेकशो मे नमो नमः ॥६३७॥

अर्थ

नामको सङ्कीर्तन गर्नाले मूर्तिको ध्यान र पूजन गर्नाले संसारलाई विशोधन अर्थात् पवित्र गर्ने भएका हुनाले विशोधन नाम गरेका तपाईंलाई मेरो अनेकबार नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६३८) अनिरुद्धः

अरिवर्गैररुद्धाय प्रबलैरपि सङ्गरे ।
स्वव्यूहमध्यतुर्यायाऽप्यनिरुद्धाय ते नमः ॥६३८॥

अर्थ

युद्धमा अत्यन्त प्रवल भएकाले शत्रुवर्गले पनि नरोकिएका आफ्ना व्यूहका मध्यमा चतुर्थ (चौथो) स्वरूप भएका अनिरुद्ध नाम गरेका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

जसलाई युद्धमा निरुद्ध गर्न (रोक्न) सकिँदैन त्यो अनिरुद्ध हो । भगवान्लाई युद्धमा रोक्न सक्ने को थियो र ? प्रबल मानिएका उनका शत्रुहरू पनि तृण (घाँस) समान थिए । वैष्णव समुदायमा भगवान्का चार व्यूहहरूको पूजा हुन्छ । वासुदेव (कृष्ण), सङ्कर्षण (बलराम), प्रद्युम्न (कामदेव) र अनिरुद्ध । अनिरुद्ध (कामदेवको छोरा) चौथो व्यूहमा पर्दछन् ।

६३९) अप्रतिरथः

नासीद्यस्य प्रतिद्वन्द्वी सद्गुणैः कोऽपि कुत्रचित् ।
प्रणामेनाऽप्रतिरथः प्रीयतां स प्रभुर्मम ॥६३९॥

अर्थ

सद्गुणहरूले भगवान्को प्रतिरथ, प्रतिद्वन्द्वी कहीं पनि कोही पनि थिएनन् त्यसैले भगवान् अप्रतिरथ हुनुहुन्थ्यो उनै प्रभु मेरो प्रणामद्वारा प्रसन्न होऊन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६४०) प्रद्युम्नः

द्युम्नं (धनं) यस्य पूर्णं स्पृहणीयं दिवौकसाम् ।
प्रद्युम्नाय नमस्तस्मै स्वव्यूहान्तर्गताय च ॥६४०॥

अर्थ

द्युम्न (धन) जसको पूर्ण छ, देवताहरूको पनि स्पृहणीय छ, तिनै प्रद्युम्न नाम गरेका भगवान्लाई आफ्नै चार व्यूह अन्तर्गत (तेस्रो) भएकालाई नमस्कार छ ।

६४१) अमितविक्रमः

तुलनातीतविपुलाऽमलविक्रमशालिने ।
नमोऽस्तु तुभ्यममितविक्रमाय सहस्रशः ॥६४१॥

अर्थ

तुलना गर्न नसकिने अनन्त (अत्यधिक) स्वच्छ विक्रम (पराक्रम) ले युक्त भएका अमितविक्रम नाम भएका तपाईंलाई हजारौं नमस्कार छ ।

टिप्पणी

उहाँको विक्रम (पुरुषार्थ) वा पाउ राख्ने क्रम अमित (असीमित) छ त्यसैले भगवान् अमितविक्रम हुनुहुन्छ । उहाँको विक्रम अहिंसित छ कुनैले रोक्न नसकिनेछ, त्यसैले पनि अमितविक्रम हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६४२) कालनेमिनिहा

सुरवर्गैः प्रार्थिताय दैत्यसार्थकदर्थितैः ।
महाहवे कालनेमिनिघ्ने तुभ्यं नमो नमः ॥६४२॥

अर्थ

दैत्यका सेनाहरूद्वारा पीडित भएका देवताहरूद्वारा प्रार्थित भएर (प्रार्थना गरिएर) महायुद्धमा कालनेमिलाई मार्ने भएका हुनाले कालनेमिनिहा नाम भएका तपाईंलाई नमो नमः छ ।

६४३) वीरः

दान-धर्म-दया-युद्धैर्विश्रुताय जगत्त्रये ।
नमो वीराय भवते निर्भीकाय समन्ततः ॥६४३॥

अर्थ

दान-धर्म-दया र युद्धद्वारा संसारमा वीर नामले प्रसिद्ध भएका र निर्भीक पनि भएका वीर नाम गरेका तपाईंलाई चारैतिरबाट नमस्कार छ ।

६४४) शौरिः

शूरवंशसुधासिन्धुकौस्तुभायितमूर्तये ।
विश्वं रोचयते दीप्त्या शौरये भवते नमः ॥६४४॥

अर्थ

शूरवंशरूपी अमृतसागरको कौस्तुभमणि जस्ता मूर्ति भएका, कान्तिले विश्वलाई नै प्रकाशित गर्ने भएका हुनाले शौरि नाम गरेका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

शूरवंशलाई अमृतको समुद्र मान्ने हो भने समुद्रबाट कौस्तुभमणि निस्किएको थियो त्यसै गरी शूरवंशमा कौस्तुभमणि जस्तै भगवान् प्रकट हुनुभयो त्यसैले शौरि भनिएको हो । शूरकुलमा उत्पन्न हुनाले नै भगवान् शौरि हुनुहुन्छ ।

६४५) शूरजनेश्वरः

दिगीशानां तथान्येषां शूरख्यातिजुषामपि ।
ईशः प्रणम्यते भक्त्या मया शूरजनेश्वरः ॥६४५॥

अर्थ

दिगीशहरू (दिक्पालहरू) र अन्यहरू पनि शूरनामको प्रसिद्धिले युक्त भएकाहरूका पनि ईश (स्वामी) भएका हुनाले शूरजनेश्वर नाम भएका भगवान् मद्वारा भक्तिपूर्वक प्रणाम गरिनुहुन्छ ।

६४६) त्रिलोकात्मा

त्रयाणामपि लोकानामन्तर्यामितया स्थितः ।
त्रिलोकरूपश्च भवन् त्रिलोकात्मा प्रणम्यते ॥६४६॥

अर्थ

तीनै लोकहरूको अन्तर्यामीरूपले स्थित भएका र त्रिलोकस्वरूप भएका त्रिलोकात्मा नामका भगवान् (मद्वारा) प्रणाम गरिनुहुन्छ ।

टिप्पणी

अन्तर्यामी रूपले भगवान् तिनै लोकका आत्मा हुनुहुन्छ त्यसैले भगवान् त्रिलोकात्मा हुनुहुन्छ अथवा तिनै लोक भगवान्भन्दा भिन्न होइनन् त्यसैले भगवान् त्रिलोकात्मा हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६४७) त्रिलोकेशः

नितान्तभिन्नप्रकृतींस्त्रींलोकानधितस्थुषे ।
त्रिलोकेशाय भगवन् ! भवते शतशो नमः ॥६४७॥

अर्थ

नितान्त भिन्न प्रकृति भएका तीन लोक (स्वर्ग, मर्त्य, पाताल) लाई अधिकारमा राख्ने भएका (तीनलोकका स्वामी भएका) त्यसैले त्रिलोकेश नाम भएका हे भगवान् तपाईंलाई शतशः नमस्कार छ ।

६४८) केशवः

सूर्यादिसंक्रामणीयान् स्वानंशून् केशसंज्ञितान् ।
यः सदा वाति तस्मै ते केशवाय नमो नमः ॥६४८॥

अर्थ

सूर्य आदिमा संक्रमणीय (प्रेषित गरिने) केश नाम गरेका आफ्ना किरणहरूलाई जसले सदा गति प्रदान गर्नुहुन्छ तिनै केशव नामका भगवान् तपाईंलाई नमो नमः छ ।

टिप्पणी

भगवान्का केश नाम गरेका किरणहरू नै सूर्य आदिमा संक्रमित केशपूर्वक गति भएका (गएका) छन् त्यसैले भगवान् केशव हुनुहुन्छ । केशपूर्वक वा गतिगन्धनयोः धातुबाट केशव बनेको हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६४९) केशिहा

तुङ्गं तुरङ्गवपुषं दानवं कंसकिङ्करम् ।
हेलया निघ्नते तुभ्यं केशिघ्ने शतशो नमः ॥६४९॥

अर्थ

अत्यन्त अग्लो (उच्च) घोडाको शरीर धारण गर्ने, कंसको सेवक, केशी नामका दानवलाई हेलाले (खेलवाडमै) मार्ने भएका केशिहा नाम भएका तपाईंलाई शतशः नमस्कार छ ।

६५०) हरिः

यमानिलेन्द्रचन्द्रार्कविष्णुरूपेण तिष्ठते ।
स्वाधिकारोचितं कर्म कुर्वते हरये नमः ॥६५०॥

अर्थ

यम, वायु, इन्द्र, चन्द्र, सूर्य र विष्णु रूपमा रहने, आफ्नो अधिकारको उचित (योग्य) कर्म गर्ने हरिनामका भगवान्लाई नमस्कार छ ।

६५१) कामदेवः

केतुमालनिवासाय श्रिया संसेविताय च ।
जगत्त्रितयकान्ताय कामदेवाय ते नमः ॥६५१॥

अर्थ

केतुमाल वर्षमा निवास गर्ने, लक्ष्मीद्वारा सेवित, तीनै लोकमा सुन्दर भएका कामदेव नाम गरेका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

धर्मादि (धर्म-अर्थ-काम-मोक्ष) चार पुरुषार्थहरूलाई चाहनेहरूले कामना गरिनेलाई काम भनिन्छ जो काम पनि छ र देव पनि छ त्यो कामदेव हो र भगवान् कामदेव हुनुहुन्छ ।

६५२) कामपालः

भक्तकामान् पालयते, रेवतीरमणात्मना ।
वर्तमानाय च सते कामपालाय ते नमः ॥६५२॥

अर्थ

रेवतीरमण (वलदेव) रूपमा विद्यमान भएर भक्तका कामनाहरूलाई पालन गर्ने भएका सत्स्वरूप भएका कामपाल नाम गरेका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

कामीहरूको कामनालाई पालन गर्नुहुन्छ त्यसैले भगवान् कामपाल हुनुहुन्छ । बलदेव कामदेवका पिता हुनाले पनि कामपाल हुनुहुन्छ ।

६५३) कामी

सर्वैर्जनैः काम्यमानैः सर्वेन्द्रियसुखावहैः ।
कामैः सदैव युक्ताय कामिने शतशो नमः ॥६५३॥

अर्थ

सवै इन्द्रियहरूलाई सुख दिने भएका, सवै जनहरूले कामना गर्ने कामहरूले सदैव युक्त भएका हुनाले कामी नाम भएका तपाईंलाई शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६५४) कान्तः

नितान्तरम्यवपुषे भक्तवृन्दमनोमुषे ।
सुखसीमान्तरूपाय कान्ताय भवते नमः ॥६५४॥

अर्थ

नितान्त सुन्दर शरीर भएका, भक्तवृन्दहरूको मनलाई चोर्ने र सुखको सीमान्त (सुखको अन्तिम सीमा भगवान् नै हुनुहुन्छ) सुख रूप भएका हुनाले कान्त नाम भएका तपाईंलाई नमस्कार छ ।

६५५) कृतागमः

वेदान् शास्त्राणि विज्ञानमाविर्भावयते स्वतः ।
कृतागमाय भवते भगवन् ! भावये नमः ॥६५५॥

अर्थ

वेदहरूलाई, शास्त्रहरूलाई र विज्ञानलाई स्वतः (आफैबाट) आविर्भाव गर्ने हुनाले कृतागम नाम भएका हे भगवान् तपाईंलाई म नमस्कारको भावना गर्दछु ।

६५६) अनिर्देश्यवपुः

गुणद्रव्यक्रियाजातिभिन्नभावमुपेयुषे ।
प्रभो ! तुभ्यमनिर्देश्यवपुषे शतशो नमः ॥६५६॥

अर्थ

गुण, द्रव्य, क्रिया, जाति आदि भिन्न-भिन्न भावमा प्राप्त हुने भएका हुनाले अनिर्देश्यवपु (जसको शरीर यस्तो छ भनेर देखाउन सकिंदैन) त्यस्तो शरीर, भएका हे प्रभो हजुरलाई शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

वैशेषिक दर्शनअनुसार द्रव्य, गुण, कर्म, सामान्य (जाति), विशेष, समवाय र अभाव यी सात पदार्थ मानिएका छन् । त्यसमा द्रव्यगुण कर्म-जाति रूपमा भगवान् नै हुनुहुन्छ भन्ने कुरा उल्लेख छ, त्यसैले वहाँको कस्तो शरीर छ जान्नै सकिंदैन, त्यसैले अनिर्देश्यवपु हुनुहुन्छ ।

६५७) विष्णुः

सर्वाभ्यधिकया कान्त्या सर्वं वेविषते जगत् ।
जगत्त्रयैकप्रभवे विष्णवे शतशो नमः ॥६५७॥

अर्थ

सबैभन्दा अधिक कान्तिद्वारा जगत्लाई नै व्याप्त गर्ने, जगत्त्रयका एकमात्र प्रभु विष्णु नाम भएका भगवान्लाई शतशः नमस्कार छ ।

टिप्पणी

विष्णु शब्द विष्लृ व्याप्तौ धातुबाट बनेको हो । **वेवेष्टि व्याप्नोति सर्वमिति विष्णुः** = जसले सबैलाई व्याप्त गर्दछ त्यो विष्णु हो । भगवान्को अत्यधिक कान्ति पृथ्वी र आकाशलाई व्याप्त गरेर स्थित छ त्यसैले भगवान् विष्णु हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६५८) वीरः

ईर्यमाणाय बहुशो विना (गरुडमूर्तिना)।
निर्भयाय सते नित्यं वीराय भवते नमः ॥६५८॥

अर्थ

गरुडरूप वि=पक्षी, द्वारा धेरै जसो हिंड्ने/गमन गर्ने भएका, निर्भय भएका हुनाले वीर नाम भएका र नित्य नै सत्स्वरूप भएका तपाईंलाई नमस्कार छ।

६५९) अनन्तः

देशकालपरिच्छेदवर्जिताय सते सदा।
अनन्ताय नमस्तुभ्यं शेषत्वेन स्थिताय च ॥६५९॥

अर्थ

देश र कालको परिच्छेद (नाप) ले रहित भएका, सदा सत्स्वरूप भएका हुनाले अनन्त नाम भएका र शेष (नाग) को रूपमा पनि स्थित भएका (सबैको अवशेषको रूपमा रहेका) तपाईंलाई नमस्कार छ।

टिप्पणी

व्यापक हुनाले, नित्य हुनाले सर्वात्मस्वरूप हुनाले देश-काल र वस्तुबाट अपरिछिन्न (ननापिने) हुनाले भगवान् अनन्त हुनुहुन्छ। तै.उ. ले पनि - "**सत्यं ज्ञानमनन्तं ब्रह्म**" भनेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६६०) धनञ्जयः

किरीटिने दिग्जयिने वह्नये धनदायिने ।
धनञ्जयाय भवते द्विधास्तु भगवन् ! नतिः ॥६६०॥

अर्थ

किरीट धारण गर्ने, दिग्विजय गर्ने, अग्निस्वरूप भएका, र धनदाता भएका हुनाले धनञ्जय नाम भएका हे भगवान् तपाईंलाई द्विप्रकारले नमस्कार छ ।

टिप्पणी

अर्जुनले दिग्विजयमा धेरै धन जितेका थिए त्यसैले धनञ्जय नाम भयो । अग्निले पनि धनलाई जित्छन् त्यसैले अग्निको नाम पनि धनञ्जय हो । यी दुई रूपमा हुनाले भगवान् धनञ्जय हुनुहुन्छ ।

६६१) ब्रह्मण्यः

तपोवेदाँश्च विप्राँश्च ज्ञानं च ब्रह्मसंमितम् ।
रक्षितुं यतमानाय ब्रह्मण्याय नमो नमः ॥६६१॥

अर्थ

ब्रह्मतुल्य भएका तपस्या, वेदहरू ब्राह्मणहरू र ज्ञानलाई रक्षा गर्न प्रयत्नशील रहेका हुनाले ब्रह्मण्य नाम भएका भगवान्लाई नमो नमः छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६६२) ब्रह्मकृत्

तपो विप्राँश्च वेदाँश्च ज्ञानं च ब्रह्मसंमितम् ।
कुर्वते कर्मणां सिद्ध्यै तुभ्यं ब्रह्मकृते नमः ॥६६२॥

अर्थ

तपस्या, ब्राह्मणहरू, वेदहरू र ज्ञान यी ब्रह्मतुल्य हुन् । कर्मको सिद्धिका निमित्त यी ब्रह्महरूलाई निर्माण गर्ने भएका हुनाले ब्रह्मकृत् नाम भएका तपाईंलाई नमस्कार छ ।

६६३) ब्रह्मा

प्रपञ्चमेतं सकलमाविर्भावयितुं स्वयम् ।
स्वनाभिपद्माद्भवते ब्रह्मणे भवते नमः ॥६६३॥

अर्थ

यो सम्पूर्ण प्रपञ्चलाई आविर्भाव (प्रकट) गराउनका लागि स्वयं आफै आफ्नो नाभिकमलबाट उत्पन्न भएका ब्रह्मा नाम गरेका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६६४) ब्रह्म

बृंहते(वर्धमानाय)बृहते च सते स्वयम् ।
विचित्रशक्तये तुभ्यं ब्रह्मणे बहुशो नमः ॥६६४॥

अर्थ

नित्य नै बढ्ने भएका, बृहत् भएका, स्वयं सत्स्वरूप भएका विचित्र शक्तिले युक्त भएका हुनाले ब्रह्म नाम भएका तपाईंलाई धेरै-धेरै नमस्कार छ ।

६६५) ब्रह्मविवर्धनः

तपोविप्रज्ञानवेदान् स्वयं सृष्टान् प्रवर्धयन् ।
प्रणम्यते पुरुप्रेम्णा प्रभुर्ब्रह्मविवर्धनः ॥६६५॥

अर्थ

तपस्या, ब्राह्मण, ज्ञान र वेदहरू जसलाई ब्रह्म पनि भनिन्छ र ती आफैले सृष्टि गरिएकाहरूलाई प्रवर्धन गर्नाले ब्रह्मविवर्धन नाम भएका प्रभु अत्यधिक प्रेमले प्रणाम गरिनुहुन्छ ।

६६६) ब्रह्मवित्

अङ्गैः समन्वितान् वेदान् सार्थकान् विदते सते ।
संप्रदाय प्रवृत्ताय तुभ्यं ब्रह्मविदे नमः ॥६६६॥

अर्थ

अङ्गले युक्त भएका वेदहरूलाई अर्थ सहित जान्ने, सत्स्वरूप, सम्प्रदायमा प्रवृत्त भएका हुनाले ब्रह्मवित् नाम भएका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६६७) ब्राह्मणः

अधीयानाय तद्(ब्रह्म) तद्(ब्रह्म) विदते समम् ।
त्रिजगद्वन्दनीयाय ब्राह्मणाय नमो नमः ॥६६७॥

अर्थ

त्यस ब्रह्म अर्थात् वेदको अध्ययन गर्ने, त्यो वह्म अर्थात् वेदलाई जान्ने पनि भएका, तिनै लोकले प्रार्थना गर्न योग्य भएका हुनाले ब्राह्मण नाम भएका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

वेद पढ्ने अधिकार विधिवत् रूपमा ब्राह्मणको मात्र भएकाले भगवान् स्वयं पनि ब्राह्मणस्वरूप हुनाले वेदलाई जान्ने भगवान् नै हुनाले र ब्राह्मण नै लोकपूज्य भएका हुनाले भगवान्लाई ब्राह्मण भनिन्छ । ब्राह्मणका रूपले सम्पूर्ण लोकमा "वेदमा यो वस्तुलाई यसरी उपदेश गरिएको छ" भन्ने हुनाले भगवान्लाई ब्राह्मण भनिन्छ ।

६६८) ब्रह्मी

तपोविप्राँश्च वेदाँश्च ज्ञानं च ब्रह्मसंमितम् ।
सततं विभ्रते तुभ्यं ब्रह्मिणे शतशो नमः ॥६६८॥

अर्थ

तपस्या, ब्राह्मणहरू, वेदहरू र ज्ञान ब्रह्मतुल्य भएका यिनीहरूलाई निरन्तर धारण गर्ने भएका हुनाले ब्रह्मी नाम भएका तपाईंलाई शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६६९) ब्रह्मज्ञः

स्वनिःश्वासमयान् वेदान् याथातथ्येन जानते ।
भवते भगवन् ! भूयो ब्रह्मज्ञाय नमो नमः ॥६६९॥

अर्थ

आफ्ना निःश्वासस्वरूप भएका वेदहरूलाई यथातथ्यले जान्ने ब्रह्मज्ञ नाम भएका हे भगवान् तपाईंलाई पुनः पुनः नमो नमः छ ।

६७०) ब्राह्मणप्रियः

पूजयन् ब्राह्मणान् सर्वान् दानसंमानकर्मभिः ।
प्रणम्यते प्रणयतो भगवान् ब्राह्मणप्रियः ॥६७०॥

अर्थ

दान-सम्मान आदि कर्महरूद्वारा सबै ब्राह्मणहरूको पूजा गर्ने ब्राह्मणप्रिय भगवान् प्रेमपूर्वक प्रणाम गरिनुहुन्छ ।

टिप्पणी

ब्राह्मणहरूका भगवान् प्रिय हुनुहुन्छ त्यसैले भगवान् ब्राह्मणप्रिय हुनुहुन्छ (ब्राह्मणानां प्रियः = ब्राह्मणहरूका प्रिय) अथवा ब्राह्मणहरू भगवान्का प्रिय छन्, ब्राह्मणाः प्रिया यस्य सः । यी दुवै व्युत्पत्तिबाट ब्राह्मणप्रिय शब्द सिद्ध हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६७१) महाक्रमः

महान्तः पादविक्षेपाः (क्रमाः) यस्य सुविश्रुताः ।
महाक्रमः स भगवान् मया प्रीत्या प्रणम्यते ॥६७१॥

अर्थ

जसका महान् क्रमहरू (पादविक्षेपहरू-पाइलाहरू) अत्यन्त प्रसिद्ध छन् ती भगवान् महाक्रम हुनुहुन्छ, ती भगवान् मद्वारा प्रेमपूर्वक प्रणाम गरिनुहुन्छ ।

६७२) महाकर्मा

महान्ति यस्य कर्माणि हिताधायीनि देहिनाम् ।
प्रणम्यते स भगवान् महाकर्मा सहस्रशः ॥६७२॥

अर्थ

जसका कर्महरू महान् छन् र प्राणीहरूका हितकारक छन् तिनै महाकर्मा नाम गरेका भगवान् हजारौंबार प्रणाम गरिनुहुन्छ ।

६७३) महातेजाः

महता तेजसा यस्य सन्ति तेजस्विनः परे ।
महातेजाः स भगवान् नित्यमेव नमस्यते ॥६७३॥

अर्थ

जसको महान् तेजले अरु (सूर्य आदि) पनि तेजस्वी हुन्छन् त्यसैले महातेजा नाम गरेका ती भगवान् मद्वारा नित्य नै नमस्कार गरिनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६७४) महोरगः

नामोच्चारणमात्रेण सर्पाक्रमणरोधिने ।
महोरगाय भवते नमो वासुकिरूपिणे ॥६७४॥

अर्थ

नामोच्चारण मात्रले सर्पको आक्रमणलाई रोक्ने भएका महोरग नाम गरेका वासुकि (नाग) स्वरूप भएका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

महान् उरग (सर्प) लाई महोरग भनिन्छ र त्यस्ता सर्प भगवान् नै हुनुहुन्छ । महोरग वासुकि नागलाई भनिन्छ र भगवान् वासुकि नागस्वरूप भएका हुनाले महोरग हुनुहुन्छ । वासुकि नागको नाम लिएमा सर्पको आक्रमण रोकिन्छ ।

६७५) महाक्रतुः

महान्तः क्रतवो येनाऽऽजह्रिरे निगमोदिताः ।
महाक्रतुः स भगवान् प्रणामेन प्रसीदतु ॥६७५॥

अर्थ

शास्त्रमा भनिएका महान् क्रतु (यज्ञ) हरू जसले गर्नुभयो ती भगवान् महाक्रतु नामका हुनुहुन्छ तिनै भगवान् मेरो प्रणामले प्रसन्न हुनुहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६७६) महायज्वा

यागाननेकशः कुर्वन् श्रद्धासंभृतसाधनः ।
महायज्वा स भगवान् मनसा मे समिज्यते ॥६७६॥

अर्थ

श्रद्धाले सामग्रीहरू जोडेर यज्ञहरू अनेकबार गर्ने भएका हुनाले महायज्वा नाम भएका ती भगवान् मेरो मनले राम्ररी पूजा गरिनुहुन्छ ।

६७७) महायज्ञः

कायक्लेशाऽनपेक्षी सन् सर्वकिल्विषबर्हणः ।
महायज्ञो जपमयः प्रभुः स्मृत्या प्रसीदतु ॥६७७॥

अर्थ

शारीरिक क्लेशहरूलाई अपेक्षा नगरी सम्पूर्ण पापहरूलाई नाश गर्ने जपमय महायज्ञ नाम भएका प्रभु मेरो स्मरणद्वारा प्रसन्न रहनुहोस् । (जप पनि महायज्ञ हो ।)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६७८) महाहविः

हूयमानः स्वयं स्वस्मिन् स्वेनैव हविषाऽन्वहम् ।
महाहविः प्रादुरस्तु हृदग्नौ मम वन्दितः ॥६७८॥

अर्थ

आफैंमा आफैंरूपी हविद्वारा प्रतिदिन हवन गरिने भएका हुनाले महाहवि नाम भएका ती भगवान् नमस्कार गरिएर मेरो हृदयरूपी अग्निमा प्रादुर्भाव होऊन् ।

६७९) स्तव्यः

न स्तौति यः कञ्चिदपि स्तूयते चाखिलैर्जनैः ।
स्तवनीयाय कृतिभिः स्तव्याय शतशो नमः ॥६७९॥

अर्थ

जसले कसैलाई स्तुति गर्दैन, जो सबै जनहरूद्वारा स्तुति गरिन्छ, जो आफ्ना कृति (कार्यहरू) द्वारा स्तुति योग्य पनि छ तिनै स्तव्य नाम गरेका भगवान्लाई शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६८०) स्तवप्रियः

प्रसादनेषु सर्वेषु स्तवं रोचयते निजम् ।
स्तवप्रियाय भवते भगवन् ! भावये नमः ॥६८०॥

अर्थ

प्रसादन (प्रसन्न) गर्ने सबै वस्तुहरूमा आफ्नो स्तव (स्तुति) लाई नै रुचाउने भएका हुनाले स्तवप्रिय नाम भएका हे भगवन् तपाईंलाई म नमस्कारको भावना गर्दछु ।

६८१) स्तोत्रम्

कुर्वतेऽभीष्टसंसिद्धिमिष्टदेवप्रसादतः ।
शिष्टैर्जनैरादृताय स्तोत्राय शतशो नमः ॥६८१॥

अर्थ

इष्टदेवको प्रसन्नताद्वारा अभीष्ट सिद्धि सम्पादन गर्ने र शिष्टजनद्वारा आदर गरिएका स्तोत्रनामक परमात्मालाई शतशः नमस्कार छ ।

टिप्पणी

जसले स्तुति गरिन्छ त्यो स्तोत्र हो, स्तोत्रमा भगवान्‌को गुण संकीर्तन गरिन्छ त्यसैले भगवान् पनि स्तोत्र हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६८२) स्तुतिः

मतिवैमल्यदायिन्यै यच्छन्त्यै वाञ्छितां गतिम् ।
भक्तिसाहित्यशालिन्यै स्तुतयेऽस्तु नमो नमः ॥६८२॥

अर्थ

बुद्धिको विमलता दिने, आफूले चाहेको गति प्राप्त गराउने, भक्ति साहित्यले युक्त स्तुतिरूप भगवान्लाई नमस्कार छ ।

६८३) स्तोता

श्रद्धानुबद्धचित्ताय भक्तिपूतात्मने सते ।
आसन्नसिद्धिलाभाय स्तोत्रे तुभ्यं नमो नमः ॥६८३॥

अर्थ

श्रद्धाले बद्धचित्त (बाँधिएको चित्त) भएका, भक्तिले पवित्र आत्मा भएका, सत्स्वरूप भएका, सिद्धिलाभको समीपमा नै भएका स्तोतारूप तपाईं भगवान्लाई नमो नमः छ ।

६८४) रणप्रियः

आयुधानि गदादीनि सदा धारयते सते ।
रणप्रियाय भवते नमः सुकृतरक्षिणे ॥६८४॥

अर्थ

गदा इत्यादि आयुध (अस्त्रशस्त्र) सदा धारण गर्ने भएका, सत्स्वरूप भएका रणप्रिय (युद्धप्रिय) नाम भएका सुकृतको रक्षा गर्ने (पुण्यको रक्षा गर्ने) तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

पाञ्चजन्य शंख, सुदर्शन चक्र, कौमोदकी गदा, शार्ङ्ग धनुष, नन्दक खड्ग यी भगवानका पाँच आयुध हुन् ।

भगवान्लाई रण अर्थात् युद्ध प्रिय छ । लोकरक्षाको निमित्त पाँच आयुध निरन्तर धारण गर्नुहुन्छ त्यसैले भगवान् रणप्रिय हुनुहुन्छ ।

६८५) पूर्णः

कामैरिहत्यैरखिलैः सकलाभिश्च शक्तिभिः ।
अनुज्झिताय भगवन् ! पूर्णाय भवते नमः ॥६८५॥

अर्थ

यस लोकका सम्पूर्ण कामनाहरूले र सम्पूर्ण शक्तिहरूले कहिल्यै त्याग नगरिएका सदा पूर्ण भएका पूर्ण नाम भएका हे भगवन् तपाईंलाई नमस्कार छ ।

६८६) पूरयिता

स्वपादपद्मद्वितयद्विरेफायितचेतसाम् ।
मनोरथान् पूरयते पूरयित्रे नमो नमः ॥६८६॥

अर्थ

आफ्नो चरणकमलद्वयमा भ्रमर जस्तो चित्त भएका (भक्त) हरूको मनोरथलाई पूर्ण गर्ने भएका हुनाले पूरयिता नाम गरेका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६८७) पुण्यः

स्मरणार्चनसश्रद्धनामोच्चारणमात्रतः ।
पुनते मलिनाँल्लोकान् पुण्याय भवते नमः ॥६८७॥

अर्थ

स्मरण गर्नाले, पूजा गर्नाले, श्रद्धासहित नामको उच्चारण (कीर्तन) गर्नाले मात्र मलिन (अपवित्र/तुच्छ) लोकलाई पवित्र गर्ने भएका हुनाले पुण्य नाम भएका तपाईंलाई नमस्कार छ ।

६८८) पुण्यकीर्तिः

श्रद्धाभक्तिकृतं यस्य कीर्तनं कल्मषापहम् ।
नमस्तस्मै भगवते हरये पुण्यकीर्तये ॥६८८॥

अर्थ

श्रद्धाभक्तिपूर्वक गरिएको जसको कीर्तन पापलाई नाश गर्दछ, तिनै पुण्यकीर्ति नाम भएका भगवान् हरिलाई नमस्कार छ ।

६८९) अनामयः

यदाराधनमात्रेण नश्यन्ति व्याधयोऽखिलाः ।
अनामयाय तस्मै ते भगवन् ! शतशो नमः ॥६८९॥

अर्थ

जसको आराधना मात्रले सम्पूर्ण व्याधिहरू नष्ट हुन्छन्, तिनै अनामय नामका तपाईंलाई हे भगवन् शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

आमय भनेको रोगव्याधि हो र अनामय भनेको रोग-व्याधिरहित हो । भगवान् रोगव्याधिरहित हुनुहुन्छ । कर्मबाट उत्पन्न भएका आन्तरिक वा बाह्य व्याधिहरूद्वारा भगवान् कहिल्यै पीडित हुनुहुन्न त्यसैले भगवान् अनामय हुनुहुन्छ ।

६९०) मनोजवः

मनोतिगामिवेगायाऽनेजतेऽपि सदा सते ।
मनोजवाय भवते भगवन्नस्तु मे नमः ॥६९०॥

अर्थ

कत्ति कम्पन (हिड्नु/डुल्नु) नगर्ने भए पनि मनभन्दा पनि अत्यधिक वेग भएका, सदा सत्स्वरूप भएका मनोजव नाम गरेका हे भगवन् तपाईंलाई मेरो नमस्कार छ ।

६९१) तीर्थकरः

नानाविधानां विद्यानां प्रणेत्रे (शास्त्रयोनये) ।
तुभ्यं प्रभो ! तीर्थकरायाऽस्तु मे शतशो नमः ॥६९१॥

अर्थ

नाना प्रकारका विद्याहरूका प्रणेता (निर्माता) भएका शास्त्रहरूका योनि (शास्त्रहरूको उत्पत्तिस्थान) हुनाले तीर्थकर नाम भएका हे प्रभो ! तपाईंलाई मेरो शतश नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

तीर्थ=शास्त्र, कर=कर्ता, तीर्थकर=शास्त्रकर्ता, भगवान् शास्त्रकर्ता हुनुहुन्छ। भगवान् चौध विद्या र वेदबाह्य विद्याका सिद्धान्तहरूका कर्ता र प्रवक्ता हुनुहुन्छ त्यसैले भगवान् तीर्थकर हुनुहुन्छ । तीर्थ विद्या वा शास्त्रलाई भनिन्छ।

६९२) वसुरेताः

रेतो(वीर्यं)यस्य वसु (धनं=काञ्चनतां गतम्) ।
समस्तवस्तुरूपाय नमस्ते वसुरेतसे ॥६९२॥

अर्थ

जसको रेत अर्थात् वीर्य वसु (धन) वा सुवर्णको रूपमा परिणत भयो, समस्त वस्तुका रूप भएका वसुरेता नामका तपाईंलाई नमस्कार छ।

६९३) वसुप्रदः

वसु(वित्तं) बहुविधं स्वभक्तेभ्यः प्रयच्छते ।
वसुप्रदाय भवते भगवन् ! भावये नमः ॥६९३॥

अर्थ

अनेक प्रकारका वसु (धन) आफ्ना भक्तहरूलाई दिने वसुप्रद नाम गरेका हे भगवन् तपाईंलाई म नमस्कारको भावना गर्दछु।

टिप्पणी

भगवान् अत्यधिक धन दिनुहुन्छ त्यसैले भगवान् वसुप्रद हुनुहुन्छ। धनका अध्यक्ष त भगवान् नै हुनुहुन्छ अन्य कुवेर आदि उनका कृपाले नै धनाध्यक्ष भएका हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६९४) वसुप्रदः

वसुत्वेनाऽवगन्तव्यं ज्ञानं भक्ताय यच्छते ।
वसुप्रदाय भवते पुनरस्तु नमो नमः ॥६९४॥

अर्थ

ज्ञानलाई वसुरूपमा धन मान्नुपर्दछ, त्यो ज्ञान भक्तलाई दिने भएका हुनाले वसुप्रद नाम भएका तपाईंलाई पुनरपि नमो नमः छ ।

टिप्पणी

वसु अर्थात् मोक्षरूपी उत्कृष्ट फल भक्तहरूलाई दिनुहुन्छ त्यसैले भगवान् वसुप्रद हुनुहुन्छ । वा देवताहरूका शत्रुहरूको धनलाई प्रकर्षेण खण्डन गर्नाले भगवान् वसुप्रद हुनुहुन्छ ।

६९५) वासुदेवः

जगत्समाच्छादयते, दीव्यतेऽनेकधा, सते ।
नमस्ते वासुदेवाय वसुदेवाऽऽत्मजाय च ॥६९५॥

अर्थ

जगत्लाई आच्छादन (छोप्ने काम) गर्ने र अनेक प्रकारले प्रकाशमान, सत्स्वरूप, वसुदेवका आत्मज (पुत्र) वासुदेव नाम भएका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६९६) वसुः

उषितायाऽखिलैलोकैर्वसते तेषु चाऽन्तरा ।
तुभ्यं नमोऽस्तु भगवन् ! वसवे साञ्जलेर्मम ॥६९६॥

अर्थ

सम्पूर्ण लोकहरूले वास गरिएका र ती लोकहरूमा स्वयं पनि बस्ने भएका हुनाले वसु नाम गरेका हे भगवन् तपाईंलाई अञ्जलिबद्ध मेरो नमस्कार छ ।

६९७) वसुमनाः

मनो यस्यास्ति वसुवद्रोचनीयं सचेतसाम् ।
तस्मै ते साञ्जलि वसुमनसे शतशो नमः ॥६९७॥

अर्थ

जसको मन सचेत (सहृदय - सावधान - बुद्धिमान्) हरूको निमित्त वसु (धन) को जस्तो रोचनीय (रुचाउन योग्य) छ तिनै वसुमना नाम गरेका तपाईंलाई मेरो हात जोडेर शतशः नमस्कार छ ।

६९८) हविः

ब्रह्मनिष्ठैर्ब्रह्मरूपैर्ब्रह्माग्नौ प्रतिवासरम् ।
हूयमानाय हविषे ब्रह्मणे शतशो नमः ॥७९८॥

अर्थ

ब्रह्मनिष्ठ एवं ब्रह्मस्वरूप भएका (ज्ञानी) हरूद्वारा ब्रह्मरूपी अग्निमा प्रतिदिन हवि(चरु)का रूपमा आहुति दिइने भएका हुनाले हविनाम भएका ब्रह्मलाई शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६९९) सद्गतिः

श्रद्धावतामास्तिकानां भक्तिभूषितचेतसाम् ।
सतामुद्देश्यरूपाय तुभ्यं सद्गतये नमः ॥६९९॥

अर्थ

श्रद्धाले युक्त भएका भक्तिले शोभित चित्त भएका, आस्तिक सज्जनहरूका उद्देश्यरूप भएका हुनाले सद्गति नाम भएका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

श्रद्धावान्, आस्तिक, एवं भक्त सज्जनहरूको उद्देश्य सद्गति (राम्रो गति) नै हुन्छ । ब्रह्म छ भन्ने कुरा जसले मान्दछ त्यो सन्त हो, ती सन्तहरूद्वारा प्राप्य हुनाले भगवान् सद्गति हुनुहुन्छ । भगवान्को गति अर्थात् बुद्धि सत् वा श्रेष्ठ छ त्यसैले भगवान् सद्गति हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७००) सत्कृतिः

सतीमेव (जगद्रक्षाप्रवणां) सुकृतीप्सिताम् ।
कृतिमारभमाणाय तुभ्यं सत्कृतये नमः ॥७००॥

अर्थ

पुण्यवान्हरूद्वारा चाहिएको, सत्स्वरूप भएको, संसारको रक्षामा चतुर भएको कृति आरम्भ गर्ने सत्कृति नामका तपाईंलाई नमस्कार छ ।

सहस्रनामविवृतौ कुलचन्द्रकृताविदम् ।
सप्तमं शतकं प्राप पूर्णतां कृपया हरेः ॥

कुलचन्द्रको कृति सहस्रनामको व्याख्यामा यो सातौं शतकले हरिका कृपाले पूर्णता प्राप्त गऱ्यो ।

❀ ❀ ❀

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७०१) सत्ता

त्वदनन्यैकरूपायै चिद्विवर्तैकमूर्तये ।
सर्वोपरिमहत्तायै सत्तायै भगवन् ! नमः ॥७०१॥

अर्थ

तपाईंको अनन्य एक रूप भएको (भगवत्स्वरूप), चैतन्यको विवर्त (चित्शक्ति नै सत्तारूपमा परिणत), सबैभन्दा माथि महत्ता भएको (सर्वव्यापक) तपाईंको रूप भएको सत्तालाई हे भगवन् नमस्कार छ ।

टिप्पणी

सजातीय, विजातीय, स्वगत भेदले रहित भएको अनुभूतिलाई सत्ता भनिन्छ, ती सत्ता भगवद्रूप नै हुन् । छान्दोग्य. उ. "एकमेवाद्वितीयम्" भनेर त्यस्तो सत्ताको प्रतिपादन गरिएको छ ।

७०२) सद्भूतिः

यस्य भूतिः(स्थितिः) सत्या(कुतर्कैरनपाकृता) ।
तस्मै सद्बोधसिद्धाय तुभ्यं सद्भूतये नमः ॥७०२॥

अर्थ

जसको भूति (स्थिति) सत्य छ, कुतर्कद्वारा खण्डन गर्न सकिंदैन तिनै सद्ज्ञानले सिद्ध भएका सद्भूति नामका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७०३) सत्परायणः

साकल्येन प्रवृत्ताय सतां कल्याणकर्मणि ।
तुभ्यं प्रभो ! सत्परायणाय नित्यं नमो नमः ॥७०३॥

अर्थ

सज्जनहरूको कल्याण कर्ममा सम्पूर्ण रूपले प्रवृत्त भएका सत्परायण नाम भएका (सज्जनहरूको एकमात्र आश्रय भएका) हे प्रभो तपाईंलाई नित्य नमस्कार छ ।

७०४) शूरसेनः

संपन्ना यस्य सेनास्ति शूरैर्हनुमदादिभिः ।
प्रभूतशक्तये तस्मै शूरसेनाय ते नमः ॥७०४॥

अर्थ

जसको सेना हनुमान आदि शूर (वीर) हरूले सम्पन्न छ, त्यसैले शूरसेन नाम भएका प्रभूत (अत्यधिक) शक्तिले युक्त भएका तिनै तपाईंलाई नमस्कार छ ।

७०५) यदुश्रेष्ठः

षट्पञ्चाशत्कोटिमितान् यदूनत्युग्रविक्रमान् ।
तिष्ठते समधिष्ठाय यदुश्रेष्ठाय ने नमः ॥७०५॥

अर्थ

छपन्न करोड अत्यन्त उग्र पराक्रम भएका यदुहरूलाई एकत्रित गरी आफ्ना वशमा राखेर रहने यदुश्रेष्ठ नाम गरेका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७०६) सन्निवासः

सतां शोधितचित्तानां पादपद्मानुरागिणाम् ।
नित्यंवासस्वरूपाय सन्निवासाय ने नमः ॥७०६॥

अर्थ

(सदाचरणले) शुद्धचित्त भएका, भगवान्का चरणकमलका अनुरागी भएका, सज्जनहरूको नित्य बासस्वरूप भएका सन्निवास नाम गरेका तपाईंलाई नमस्कार छ ।

७०७) सुयामुनः

यमुनातीरनिलयाः सौष्ठवं प्राप्नुवन् यतः ।
सुयामुनाय तस्मै ते भगवन् ! भावये नमः ॥७०७॥

अर्थ

यमुनाका तीरमा घर भएकाहरूले जसबाट सुष्ठुता (सुन्दरता) प्राप्त गरे सुयामुन नाम भएका हे भगवान् तिनै तपाईंलाई म नमस्कार टक्र्याउँछु ।

७०८) भूतावासः

अद्यत्वे चान्तकाले च भूतानि सकलान्यपि ।
स्वस्मिन्नेवाऽऽवासयते भूतावासाय ते नमः ॥७०८॥

अर्थ

अचेल र अन्तकाल (प्रलयकाल) मा पनि सम्पूर्ण भूतहरूलाई आफैंमा आवास दिने भएका हुनाले भूतावास नाम गरेका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७०९) वासुदेवः

सर्वभूतनिवासेन वासवे, दीप्तिमत्तया ।
देवाय च सते, नित्यं वासुदेवाय ने नमः ॥७०९॥

अर्थ

सम्पूर्ण भूतको निवास हुनाले वासु नाम भएका र दीप्तिमान् हुनाले देवनाम भएका हुनाले वासुदेव नाम भएका र सत्स्वरूप भएका तपाईंलाई नित्य नमस्कार छ ।

टिप्पणी

जगत्लाई मायाले आच्छादित गर्नुहुन्छ त्यसैले भगवान् वासु हुनुहुन्छ र ती वासु नै देव पनि हुनुहुन्छ त्यसैले वासुदेव हुनुहुन्छ । (वस आच्छादने धातुबाट वासु शब्द बन्छ ।)

७१०) सर्वासुनिलयः

सर्वे प्राणा निलीयन्ते यस्मिन्नेव नियन्त्रिताः ।
अधिष्ठात्रे नमस्तस्मै सर्वासुनिलयाय ते ॥७१०॥

अर्थ

सवै असु (प्राण) हरू जसमा नियन्त्रित भएर निलीन (विलय) हुन्छन्, सबै असुका अधिष्ठाता पनि भएका हुनाले सर्वासुनिलय नाम भएका ती भगवान्लाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७११) अनलः

अलंभावं (समाप्तत्वं) यत्र नाऽऽयान्ति सद्‌गुणाः ।
अनलाय नमस्तस्मै भवते पावकाय च ॥७११॥

अर्थ

सद्‌गुणहरूले जहाँ अलंभाव (समाप्तता) प्राप्त गर्दैनन् त्यसै हुनाले अनल नाम गरेका र पावक पवित्र गर्ने (अग्निरूप) भएका तपाईं भगवान्‌लाई नमस्कार छ ।

टिप्पणी

न अलं यत्र स अनलः = जहाँ गुणहरूको सीमाना छैन त्यो अनल हो । अथवा अग्निको नाम पनि अनल हो । पवित्र गर्ने हुनाले भगवान् अनल हुनुहुन्छ । अलं भनेको पर्याप्ति वा पूरा हुनु हो, भगवान्‌को शक्ति र सम्पत्तिको अलं अर्थात् समाप्ति छैन त्यसैले भगवान् अनल हुनुहुन्छ ।

७१२) दर्पहा

अपथेन प्रवृत्तानां दुर्दान्तानां बलीयसाम् ।
दर्पं विनिघ्नते तुभ्यं दर्पघ्ने शतशो नमः ॥७१२॥

अर्थ

अपथ (कुमार्ग) बाट प्रवृत्त भएका, बलवान् दुष्टहरूको दर्प (अभिमान) लाई हनन (नाश) गर्ने दर्पहा नाम भएका तपाईंलाई शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७१३) दर्पदः

बलं वित्तं च विद्यां च दायं दायं सुदुर्लभाम् ।
दर्पदायाऽपि भवते भगवन् ! भावये नमः ॥७१३॥

अर्थ

आफ्ना भक्तहरुलाई अत्यन्त दुर्लभ भएका, बल-धन-विद्यालाई निरन्तर दिने भएका हुनाले दर्पद पनि नाम भएका तपाईंलाई हे भगवन् म नमस्कारको भावना गर्दछु ।

७१४) दृप्तः

प्रभूतां शक्तिमालम्ब्य कठोरं कर्म कुर्वते ।
जामदग्न्यादिरूपेण दृप्ताय भवते नमः ॥७१४॥

अर्थ

अत्यधिक शक्तिको आश्रय लिएर परशुराम आदि रूपमा कठोर कर्म (२१ औं पटकसम्म पृथ्वीमा क्षेत्रीहरूको संहार, मातृवध, सोदर वध जस्ता कर्म) गर्ने भएका हुनाले दृप्त नाम भएका तपाईंलाई नमस्कार छ ।

७१५) दुर्धरः

दिधीर्षिताय सुचिरं मानसेऽपि मनीषिभिः ।
हठान्निःसरते तुभ्यं दुर्धराय नमो नमः ॥७१५॥

अर्थ

विद्वान्हरूद्वारा धेरै कालसम्म मनमा राख्ने इच्छा भए ता पनि हठात् त्यहाँ (मन) बाट निस्कने भएका हुनाले दुर्धर (दुःखले धारण गरिने) नाम भएका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

कुनै पनि उपाधिले रहित हुनाले धारण/चिन्तन-मनन इत्यादिद्वारा ध्यान गर्न नसकिने भए पनि उनैका कृपाले विशेष भक्तहरूले दुःखले हृदयमा धारण गर्न सकिने हुनाले भगवान् दुर्धर हुनुहुन्छ ।

७१६) अपराजितः

अपारिताय निर्जेतुं परैर्विपुलविक्रमैः ।
सभक्ति तुभ्यमपराजिताय शतशो नमः ॥७१६॥

अर्थ

अत्यधिक विक्रम भएका शत्रुहरूद्वारा पराजित गर्न नसकिएका हुनाले अपराजित नाम भएका तपाईंलाई भक्तिपूर्वक शतशः नमस्कार छ ।

७१७) विश्वमूर्तिः

वीनां शुनां च रूपेण तिष्ठते पूजिताय च ।
सर्वात्मतां सूचयते नमस्ते विश्वमूर्तये ॥७१७॥

अर्थ

पक्षीहरूको र कुकुरहरूको रूपले स्थित भएका एवं पूजित पनि भएका हुनाले सर्वात्मताको सूचन गर्ने (भगवान् सबैका आत्मा हुनुहुन्छ भन्ने) भएका हुनाले विश्वमूर्ति नाम भएका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

बलि वैश्वदेवको कार्यमा कुकुर र कागलाई पनि अन्नको बलि दिइने हुनाले काग र कुकुर पनि भगवान्कै रूप हुन् भन्ने कुरा ज्ञात हुन्छ। वि भनेको पक्षी हो र श्वा भनेको कुकुर हो वि र श्वको रूप हुनाले भगवान् विश्वमूर्ति हुनुहुन्छ। भगवान् सर्वात्मक हुनाले र विश्वको नै मूर्ति भएको हुनाले भगवान् विश्वमूर्ति हुनुहुन्छ।

७१८) महामूर्तिः

मूर्तिर्यस्यास्ति महती शेषपर्यङ्कशायिनी।
तस्मै तुभ्यं मम महामूर्तये शतशो नमः ॥७१८॥

अर्थ

शेषरूपी शैय्यामा सुत्ने भएका जसको मूर्ति महती (ठूलो) छ त्यसैले महामूर्ति नाम भएका तिनै तपाईंलाई मेरो शतशः नमस्कार छ।

७१९) दीप्तमूर्तिः

दीप्तिं सूर्यसहस्रस्य विश्वरूपप्रदर्शने।
पार्थाय संदर्शयते नमस्ते दीप्तमूर्तये ॥७१९॥

अर्थ

अर्जुनलाई विश्वरूप देखाउने बेलामा हजारौं सूर्यको दीप्ति (तेज/कान्ति) देखाउने भएका हुनाले दीप्तमूर्ति नाम गरेका तपाईं भगवान्लाई नमस्कार छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७२०) अमूर्तिमान्

विश्वस्फूर्तिं विदधते किल केवलमीक्षया ।
सच्चिदानन्दरूपाय सतेऽमूर्तिमते नमः ॥७२०॥

अर्थ

केवल ईक्षा (दृष्टि) द्वारा नै विश्वमा स्फूर्ति गर्ने भएका सच्चिदानन्द रूप भएका र सत्स्वरूप भएका (स्थूलमूर्ति नहुनाले) अमूर्तिमान् नाम भएका तपाईंलाई नमस्कार छ ।

७२१) अनेकमूर्तिः

लीलाविहारलोलाय लोकानुग्रहहेतवे ।
मूर्तीरनेकाः सृजते नमस्तेऽनेकमूर्तये ॥७२१॥

अर्थ

लीलाले विहार गर्नमा चञ्चल भएका, लोकको अनुग्रहका निमित्त अनेकमूर्ति (रूप) सृष्टि गर्ने भएका, अनेकमूर्ति नाम भएका तपाईंलाई नमस्कार छ ।

७२२) अव्यक्तः

नानाविधानि रूपाणि गृह्णतेऽपि सते सदा ।
अव्यक्ताय नमस्तुभ्यं व्यञ्जनापारवर्तिने ॥७२२॥

अर्थ

अनेक प्रकारका रूप ग्रहण गर्दा गर्दै पनि सदा अव्यक्तरूपले रहने र सत् स्वरूप भएका हुनाले अव्यक्त नाम भएका व्यञ्जना (प्राकट्य) देखि पर भएका अव्यक्त नाम भएका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७२३) शतमूर्तिः

यथोपयोगं दधते मूर्तीः स्वैरं शताधिकाः ।
लीलामात्रप्रवृत्ताय नमस्ते शतमूर्तये ॥७२३॥

अर्थ

उपयोग अनुसार स्वेच्छाले सयकडौं मूर्ति धारण गर्ने, लीला मात्रले प्रवृत्त भएका शतमूर्ति नाम भएका तपाईंलाई नमस्कार छ ।

७२४) शताननः

मूर्त्यैकयापि धृतया शतं वक्त्राणि बिभ्रते ।
शताननाय भवते शतकृत्वो नमो नमः ॥७२४॥

अर्थ

धारण गरिएको एकमूर्ति (शरीर) द्वारा पनि सयकडौं मुख धारण गर्ने शतानन नाम भएका तपाईंलाई सयौंबार नमो नमः छ ।

७२५) एकः

सर्वप्रपञ्चविलये शिष्यमाणाय निर्व्ययम् ।
अनेकशो नमस्तस्मा एकस्मै दृढशक्तये ॥७२५॥

अर्थ

सम्पूर्ण प्रपञ्चको विलय भएपछि (महाप्रलय भएपछि) अव्यय रूपले एकमात्र शेष रहने भएका हुनाले एक नाम भएका दृढशक्ति भएका तपाईंलाई अनेकबार नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७२६) नैकः

गुणत्रयमयीं मायामवलम्ब्य निजेच्छया ।
बहुत्वं बिभ्रते तुभ्यं नैकाय शतशो नमः ॥७२६॥

अर्थ

त्रिगुणमयी मायालाई आश्रय लिएर आफ्नै इच्छाले बहुत्व धारण गर्ने भएका (बहु बन्ने भएका हुनाले) नैक नाम गरेका तपाईंलाई शतशः नमस्कार छ ।

७२७) सवः

परिपूरितकामाय विश्वश्वश्रेयसात्मने ।
निपीयमानसोमाय सवाय शतशो नमः ॥७२७॥

अर्थ

सम्पूर्ण कामनाहरू पूर्ण गर्ने भएका विश्वको कल्याण स्वरूप आत्मा भएका, यज्ञमा पान गरिने सोमस्वरूप भएका हुनाले सवनाम गरेका भगवान्लाई शतशः नमस्कार छ ।

७२८) कः

सर्वोच्चसुखरूपाय वेधोव्रध्नमयाय च ।
मरुदम्बुमयायाऽपि काय तुभ्यं नमो नमः ॥७२८॥

अर्थ

सर्वोच्च सुखरूप भएका, तथा ब्रह्मा र सूर्य रूप भएका, वायु र जलमय भएका कः नाम गरेका तपाईंलाई नमो नमः छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७२९) किम्

किंकिंकिमिति सोत्कण्ठैः सर्बैरेव मुमुक्षुभिः ।
जिज्ञास्यमानाय सते कस्मै तुभ्यं नमो नमः ॥७२९॥

अर्थ

किं किं किं (के हो, के हो, के हो) यसरी उत्कण्ठापूर्वक सबै मुमुक्षुहरूद्वारा जिज्ञासा गरिने भएका सत्स्वरूप भएका किम् नाम गरेका तपाईंलाई नमस्कार छ ।

७३०) यत्

सिद्धरूपाय भवते वाच्छते किंचनाऽपरम् ।
उद्देश्यतैकरूपाय यस्मै तुभ्यं नमो नमः ॥७३०॥

अर्थ

सिद्धरूप भएका तपाईंलाई केही अरू पनि चाहने भएका हुनाले उद्देश्यताको एकरूप भएका हुनाले यत् नामका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

यत् शब्दले स्वतः सिद्धवस्तुको वाचक भएका हुनाले ब्रह्मको नै निर्देश हुन्छ त्यसैले ब्रह्म (भगवान्) यत् हुनुहुन्छ । "यतो वा इमानि भूतानि जायन्ते" यस श्रुतिले यत् शब्दले ब्रह्मलाई नै बताएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७३१) तत्

तन्वते बहुलाँल्लोकान् वितताय समन्ततः ।
स्वनिर्देशस्वरूपाय तस्मै तुभ्यं नमो नमः ॥७३१॥

अर्थ

धेरै लोकहरूको विस्तार गर्ने भएका, चारैतिर विस्तृत भएका, आफ्नो निर्देश स्वरूप भएका हुनाले तत् नाम गरेका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

ॐ तत्-सत् यी तीन नामले ब्रह्मको निर्देश गरिन्छ । तनु विस्तारे धातुबाट तत् बनेको हो जो विस्तृत छ त्यो तत् हो ।

ब्रह्मले तनन अर्थात् विस्तार गर्नाले ब्रह्मलाई तत् भनिन्छ गीतामा पनि - **ॐ तत्सदिति निर्देशो ब्रह्मणस्त्रिविधः स्मृतः** भनेर भगवान्को तत् नाम हो भनेको छ ।

७३२) पदमनुत्तमम्

नमो नमोऽस्तु शतधा सर्वधामातिशायिने ।
मुमुक्षुभिर्मार्गिताय पदायाऽनुत्तमाय ते ॥७३२॥

अर्थ

सम्पूर्ण धामहरूलाई अतिक्रमण गर्ने (जित्ने) भएका, मुमुक्षुहरूले खोजिएका पदमनुत्तमम् नाम गरेका तपाईं भगवान्लाई सयौं प्रकारले नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

मुमुक्षुद्वारा प्राप्त गरिन्छ त्यसैले ब्रह्म पद हो, त्यो ब्रह्मभन्दा कुनै पनि श्रेष्ठ छैन त्यसैले त्यो अनुत्तम पनि हो, त्यसैले विशेषण सहित पदमनुत्तमम् एउटै नाम हो ।

७३३) लोकबन्धुः

हिताहितोपदेशं च योगक्षेमं च तन्वते ।
त्रैलोक्यादरणीयाय नमस्ते लोकबन्धवे ॥७३३॥

अर्थ

हित र अहितको उपदेश र योगक्षेम - अप्राप्तको प्राप्ति र प्राप्तको रक्षण तथा विस्तार गर्ने भएका, त्रैलोक्यका नै आदरणीय भएका लोकबन्धु नाम गरेका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

सबैका आधारभूत परमात्मामा सबै लोक बाँधिएका हुन्छन्, लोकहरूका बन्धु हुनाले भगवान् लोकबन्धु हुनुहुन्छ वा लोकका जनक हुनाले पनि लोकबन्धु हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७३४) लोकनाथः

अनवाप्तावलम्बानां शोकसिन्धुं तितीर्षताम् ।
सतामालम्बभूताय लोकनाथाय ते नमः ॥७३४॥

अर्थ

कुनै अवलम्बन नपाएका र शोकको समुद्र तर्न इच्छा भएका सज्जनहरूको अवलम्बन भएका हुनाले लोकनाथ नाम भएका तपाईंलाई नमस्कार छ ।

७३५) माधवः

स्वानन्दमधुसाम्राज्यशालिने प्राज्यशक्तये ।
माधवाय नमस्तुभ्यं मधुवंशोद्भवाय च ॥७३५॥

अर्थ

आफ्नो आनन्दस्वरूप मधुको साम्राज्यले युक्त भएका, प्राज्य (ठूलो) शक्ति भएका तथा मधुवंशमा उत्पन्न माधव नाम भएका तपाईंलाई नमस्कार छ ।

७३६) भक्तवत्सलः

पादपल्लवसक्तेषु निजेषु तनयेष्विव ।
छायां विदधते भक्तवत्सलाय नमो नमः ॥७३६॥

अर्थ

चरणरूपी पालुवामा लागेका आफ्ना भक्तहरूमा सन्तानको जस्तो छाया गर्ने भएका हुनाले भक्तवत्सल नाम भएका भगवान्लाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७३७) सुवर्णवर्णः

प्रपन्नभक्तहृद्गामिद्रुतचामीकरत्विषे ।
तुभ्यं सुवर्णवर्णाय भगवन् ! भावये नमः ॥७३७॥

अर्थ

शरणमा आएका भक्तहरूको हृदयमा प्रवेश गर्ने, पग्लेको सुनको जस्तो कान्ति भएका सुवर्णवर्ण नाम गरेका हे भगवान् म तपाईंलाई नमस्कार गर्दछु ।

७३८) हेमाङ्गः

दीप्तं दृढं च यस्याङ्गं हेमतुल्यं विराजते ।
हेमाङ्गाय नमस्तस्मै सतः क्षेमार्थिनो मम ॥७३८॥

अर्थ

दीप्त (प्रकाशमान) एवं दृढ जसका अङ्ग हेमतुल्य (सुनजस्तो) शोभित हुन्छन् हेमाङ्ग नाम गरेका ती भगवान्लाई कल्याणको अभिलाषा गर्ने मेरो नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७३९) वराङ्गः

सर्वसल्लक्षणोपेतं यस्याङ्गमतिसुन्दरम् ।
तस्मै ते दर्शनीयाय वराङ्गाय नमो नमः ॥७३९॥

अर्थ

सम्पूर्ण सत्लक्षणले युक्त भएको जसको अङ्ग अत्यन्त सुन्दर छ र जो अत्यन्त दर्शनयोग्य हुनुहुन्छ, वर (सुन्दर) अङ्ग भएका हुनाले वराङ्ग नाम गरेका तिनै भगवान्लाई नमो नमः छ ।

७४०) चन्दनाङ्गदी

चन्दनै(र्विहिताह्लादै)रङ्गदैर्यस्य बाहवः ।
विभ्राजन्ते स्म तस्मै ते चन्दनाङ्गदिने नमः ॥७४०॥

अर्थ

चन्दन अर्थात् आह्लाद (प्रसन्नता) उत्पन्न गर्ने भएका अङ्गद (वाजुबन्ध) हरूले जसका चारै बाहु सुशोभित छन् तिनै चन्दनाङ्गदी नाम गरेका भगवान् तपाईंलाई मेरो नमस्कार छ ।

टिप्पणी

चन्दन चदी आह्लादने धातुबाट बनेको हो, आह्लाद दिने अङ्ग जसका छन् ती भगवान् चन्दनाङ्गदी हुनुहुन्छ । चन्दनको अर्थ आह्लाद दिने भन्ने हुन्छ । अथवा चन्दन अर्थात् आह्लाददायक अङ्गद (केयूर) द्वारा भगवान् भूषित हुनुहुन्छ त्यसैले चन्दनाङ्गदी हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७४१) वीरहा

यो हन्ति धर्मरक्षायै वीरानेवाऽऽततायिनः ।
मम तस्मै प्रवीराय वीरघ्ने शतशो नमः ॥७४१॥

अर्थ

जुन भगवान्ले धर्मरक्षाको निमित्त आतङ्ककारी भएका वीरहरूको नै हनन गर्नुहुन्छ तथा स्वयं प्रवीर हुनुहुन्छ त्यसैले वीरहा नाम भएका ती भगवान्लाई मेरो सयौंवार नमस्कार छ ।

७४२) विषमः

त्रिषु लोकेषु समता यस्य कापि न विद्यते ।
वैलक्षण्यवते तस्मै विषमाय नमो नमः ॥७४२॥

अर्थ

तीन लोकमा जसको समता कहीं पनि छैन, विलक्षणताले युक्त भएका हुनाले विषम नाम भएका ती भगवान्लाई नमस्कार छ ।

७४३) शून्यः

सद्विचारविहीनानां सर्वेषां चर्मचक्षुषाम् ।
शून्यवद्भासमानाय शून्याय भवते नमः ॥७४३॥

अर्थ

सद्विचारले रहित भएका केवल चर्म-चक्षु भएका (ज्ञान-चक्षु नभएका) यस्ता सबैका निमित्त शून्यको जस्तो भासमान भएका हुनाले शून्य नाम भएका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७४४) घृताशीः

घृता(विगलिता) यस्याऽऽशिष आत्मसुखैषणाः ।
तस्मै घृताशिषे तुभ्यं नाथ ! नित्यं नमो नमः ॥७४४॥

अर्थ

घृत अर्थात् विगलित छन् जसका आशिषहरू (आत्मा सुखका एषणाहरू) यस्ता घृताशी नाम भएका हे नाथ ती तपाईंलाई नित्य नमस्कार छ ।

७४५) अचलः

न शक्यते चालयितुं यः संवर्तप्रभञ्जनैः ।
अचलाय नमस्तस्मै स्वसंकल्पदृढाय च ॥७४५॥

अर्थ

जुन भगवान् प्रलयकालिक वायुद्वारा चलाउन सकिनुहुन्न तथा आफ्नो सङ्कल्पमा दृढ पनि हुनुहुन्छ, त्यसैले अचल नाम भएका ती भगवान्लाई नमस्कार छ ।

७४६) चलः

आवहप्रवहादीनां वातानां रूपतः स्वयम् ।
चलते व्योम्नि सततं चलाय शतशो नमः ॥७४६॥

अर्थ

आवह, प्रवह आदि वायुहरूका रूपले स्वयं आकाशमा निरन्तर चल्नुहुन्छ त्यसैले चल नामका तपाईंलाई शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७४७) अमानी

मानेन(परिमाणेन) रहिताय सते सदा ।
अमानिने नमस्तुभ्यमभिमानोज्झिताय च ॥७४७॥

अर्थ

मान अर्थात् परिमाणले रहित भएका तथा सदा सत्स्वरूप भएका र अभिमानले रहित भएका हुनाले पनि अमानी नाम भएका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

शुद्ध ज्ञानस्वरूप भएका भगवान्‌को अनात्मवस्तुहरूमा आत्माभिमान छैन त्यसैले भगवान् अमानी हुनुहुन्छ ।

७४८) मानदः

द्यते मानं दुर्जनानां ददते सर्वदा सताम् ।
मानदाय नमस्तुभ्यं सुविवेकविधायिने ॥७४८॥

अर्थ

दुर्जनहरूको मानलाई खण्डन गर्ने, सज्जनहरूलाई मान दिने (मानको दान र खण्डन दुवै गर्ने) र राम्रो विचार गर्ने भएका मानद नामका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७४९) मान्यः

मनसा वचसा सर्वैर्वपुषा च हितार्थिभिः ।
माननीयाय भवते मान्याय भगवन् ! नमः ॥७४९॥

अर्थ

हित चाहने भएका सबै (प्राणीहरू) ले मन, वचन र शरीरद्वारा माननीय भएका हुनाले मान्य नाम भएका हे भगवान् तपाईंलाई नमस्कार छ ।

७५०) लोकस्वामी

लोकानां भिन्नरूपाणां सर्वब्रह्माण्डवर्तिनाम् ।
अधीशानाय ते लोकस्वामिने भगवन् ! नमः ॥७५०॥

अर्थ

सम्पूर्ण ब्रह्माण्डमा रहेका, भिन्न भिन्न रूप भएका लोकहरूका अधीश हुनाले लोकस्वामी नाम गरेका हे भगवन् तपाईंलाई नमस्कार छ ।

७५१) त्रिलोकधृक्

नित्यं प्रगल्भमानाय त्रैलोक्यस्य विधारणे ।
ऊर्जस्वलाय त्रिलोकधृषे तुभ्यं नमो नमः ॥७५१॥

अर्थ

त्रैलोक्यको धारण गर्नमा नित्य प्रगल्भमान (सामर्थ्ययुक्त) भएका ऊर्जस्वल (तेजस्वी) भएका (त्रिलोकलाई धारण गर्ने) त्रिलोकधृक् नाम भएका तपाईंलाई नमो नमः छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७५२) सुमेधाः

अनेककोटिब्रह्माण्डघटनायां पटीयसे ।
सुमेधसे नमस्तुभ्यं पदप्रणतवेधसे ॥७५२॥

अर्थ

अनेककोटि ब्रह्माण्डको रचनामा चतुर भएका तथा ब्रह्माजीले चरणमा प्रणाम गरिएका भएका हुनाले सुमेधा नाम भएका तपाईंलाई नमस्कार छ ।

७५३) मेधजः

मेधे(ऽध्वरे) सुविहिते(यथाविधि कृते जनैः) ।
उत्पद्यमानाय सते मेधजाय नमो नमः ॥७५३॥

अर्थ

राम्रोसंग विधान गरिएको एवं मानवहरूद्वारा यथाविधि सम्पन्न गरिएको मेध (यज्ञ) मा उत्पन्न हुने भएका हुनाले र सत्स्वरूप भएकाले मेधज नामका भगवान्लाई नमस्कार छ ।

७५४) धन्यः

धनं लब्धे बहुविधं सदा सुकृतिने सते ।
सत्कृतायाऽखिलैर्लोकैर्धन्याय शतशो नमः ॥७५४॥

अर्थ

सदा अनेक प्रकारको धनलाभ गर्ने भएका, एवं पुण्यवान् भएका, सत्स्वरूप भएका, सम्पूर्ण लोकले सत्कार गरिएका धन्य नाम भएका भगवान्लाई शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७५५) सत्यमेधाः

अबाध्यरूपया सर्वं मेधया कर्म कुर्वते ।
भवते भक्तितः सत्यमेधसे शतशो नमः ॥७५५॥

अर्थ

अबाध्यरूप भएको (बाध गर्न नसकिने) मेधा (बुद्धि) द्वारा सम्पूर्ण कर्म गर्ने सत्यमेधा नाम भएका तपाईंलाई भक्तिपूर्वक शतशः नमस्कार छ ।

७५६) धराधरः

स्वांशभूतैः शेषकूर्मकोलप्रभृतिभिर्धराम् ।
धरते मूर्धनि धराधराय शतशो नमः ॥७५६॥

अर्थ

आफ्ना अंश भएका शेषनाग, कच्छपावतार, वराहावतार आदिद्वारा शिरमा धरा(पृथ्वी)लाई धारण गर्ने धराधर नाम गरेका भगवान्लाई शतशः नमस्कार छ ।

७५७) तेजोवृषः

निजतेजोमयं तोयं सूर्यद्वारा प्रवर्षते ।
तेजोवृषाय भगवन् ! भवते शतशो नमः ॥७५७॥

अर्थ

आफ्नो तेजस्वरूप जललाई सूर्यद्वारा वर्षा गराउने तेजोवृष नाम भएका हे भगवन् ! तपाईंलाई शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७५८) द्युतिधरः

द्युत्या प्रद्योतयन् विश्वं विद्युत्सूर्यादिनिष्ठया ।
प्रणम्यते द्युतिधरः प्रभुः प्रीतिपुरःसरम् ॥७५८॥

अर्थ

विद्युत्, सूर्य आदिमा रहेको आफ्नो द्युति (कान्ति) द्वारा विश्वलाई नै प्रद्योतित (प्रकाशित) गर्ने हुनाले द्युतिधर नाम भएका प्रभु प्रीतिपूर्वक प्रणाम गरिनुहुन्छ ।

७५९) सर्वशस्त्रभृतां वरः

योऽतिशेते शस्त्रभृतः सर्वानेव निजैर्गुणैः ।
प्रणम्यते स प्रणयात् सर्वशस्त्रभृतां वरः ॥७५९॥

अर्थ

जुन भगवान् आफ्ना स्वकीय गुणले सम्पूर्ण शस्त्रधारीहरूलाई जित्नुहुन्छ वा (सम्पूर्ण शस्त्रधारीहरूमा श्रेष्ठ हुनुहुन्छ) त्यसैले सर्वशस्त्रभृतां वर नाम गरेका ती भगवान् प्रेमपूर्वक प्रणाम गरिनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७६०) प्रग्रहः

भक्तैः समर्पितं प्रीत्या पत्रपुष्पफलादिकम् ।
वात्सल्याद् गृह्णते तुभ्यं प्रग्रहाय नमो नमः ॥७६०॥

अर्थ

भक्तहरूद्वारा प्रेमपूर्वक समर्पण गरिएको पत्रपुष्पफल इत्यादिलाई वात्सल्य (माया) ले ग्रहण गर्ने भएका हुनाले प्रग्रह नाम भएका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

भक्तद्वारा चढाइएको पत्रपुष्प इत्यादिलाई ग्रहण गर्नुहुन्छ त्यसैले भगवान् प्रग्रह हुनुहुन्छ । विषयरूपी वनमा दौडने दुर्दान्त (दमन गर्न कठिन भएका) इन्द्रियरूपी घोडाहरूलाई डोरी (लगाम) जस्तो आफ्नो कृपाले बाँध्नुहुन्छ त्यसैले भगवान् प्रग्रह हुनुहुन्छ ।

७६१) निग्रहः

स्वयं विरचितं विश्वं स्वयमेव निगृह्णते ।
मर्यादात्राणसज्जाय निग्रहाय नमो नमः ॥७६१॥

अर्थ

आफैंले रचना गरेको विश्वलाई आफैं निग्रह (नियन्त्रण) गर्ने र मर्यादाको रक्षा निमित्त सदैव तयार रहेका हुनाले निग्रह नाम भएका भगवान्लाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७६२) व्यग्रः

स्वयमाविर्भावितस्य विश्वस्य परिरक्षणे ।
सदा व्याप्रियमाणाय व्यग्राय भवते नमः ॥७६२॥

अर्थ

आफैंले आविर्भाव गरेको विश्वको रक्षा गर्नमा सदा लागिरहेका हुनाले व्यग्र नाम भएका तपाईंलाई नमस्कार छ ।

७६३) नैकशृङ्गः

चतुःशृङ्गतया मर्त्यानाविष्टाय वृषात्मना ।
नानद्यमानाय सते नैकशृङ्गाय ते नमः ॥७६३॥

अर्थ

चार शृङ्ग (सिंग) हुनाले वृषभ रूपमा सम्पूर्ण मर्त्य (प्राणी) हरूमा प्रविष्ट भएका र उच्च शब्द गर्जन गर्ने एवं सत्स्वरूप भएका हुनाले नैकशृङ्ग नाम गरेका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

भगवान् सबै प्राणीमा शब्दरूप बसाहाका रूपले प्रवेश गर्नुभएको छ । शब्दरूप बसाहाका चार सिङ्गमा नाम संज्ञा अर्थात् सुबन्तपद, आख्यात = अर्थात् क्रिया = तिङन्तपद, उपसर्ग = प्र, परा, उप-इत्यादि, निपात अर्थात् च वा अह, स्वर अन्तर इत्यादि । यिनै चार शब्दरूपी बसाहाका सिंग हुन् । शब्दरूपी वृषभ सबै प्राणीभित्र प्रवेश नगर्ने हो भने प्राणीहरू बोल्न वा आफ्नो आशय व्यक्त गर्न सक्दैनन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७६४) गदाग्रजः

अग्रे प्रजाताय सते वसुदेवसुताद् गदात् ।
गदाग्रजाय भवते नतिरस्तु सदा मम ॥७६४॥

अर्थ

वसुदेवका छोरा गददेखि अघि उत्पन्न भएका हुनाले (गदका अग्रज दाजु हुनाले) गदाग्रज नाम भएका तपाईंलाई मेरो सदा नमस्कार छ ।

टिप्पणी

गद कृष्णका भाइ हुन् । गद मन्त्रको नाम पनि हो । मन्त्रभन्दा पहिले भगवान् प्रकट हुनुभएको थियो ।

निगद अर्थात् मन्त्रभन्दा अघि प्रकट हुने हुनाले निगद शब्दको नि पदलाई लोप गरेर गदाग्रज भनेको हो । भगवान् मन्त्रभन्दा अघि नै प्रकट हुनाले गदाग्रज हुनुहुन्छ । गदका दाजु हुनाले भगवान् गदाग्रज हुनुहुन्छ ।

७६५) चतुर्मूर्तिः

युगानुसारिणीर्मूर्तीश्चतस्रो वर्णभेदिताः ।
बिभ्रते साञ्जलि चतुर्मूर्तये भवते नमः ॥७६५॥

अर्थ

युगको अनुसरण गर्ने भएका चार वर्ण (सत्ययुगमा श्वेतवर्ण, त्रेतायुगमा रक्तवर्ण, द्वापरयुगमा पीतवर्ण र कलियुगमा कृष्णवर्ण) ले भिन्न भिन्न चारमूर्ति वा रूप धारण गर्ने भएका चतुर्मूर्ति नाम भएका तपाईंलाई साञ्जलि (हात जोडेर) नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

चार मूर्तिहरू विराट्, सूत्रात्म, अव्याकृत र तुरीय यी चारमूर्ति छन् जसका अथवा श्वेत, रक्त, पीत र कृष्ण यी चार मूर्ति भएका ती भगवान् चर्तुमूर्ति हुनुहुन्छ ।

७६६) चतुर्बाहुः

भक्तवर्गाय चतुरः पुमर्थान् दातुमिच्छते ।
अगूढभावाय चतुर्बाहवे भवते नमः ॥७६६॥

अर्थ

भक्तवर्गहरूलाई चारपुरुषार्थहरू (धर्म, अर्थ, काम, मोक्ष) दिन चाहने भएका अगूढ भाव भएका (रहस्यात्मक भाव नभएका) हुनाले चतुर्बाहु नाम भएका तपाईलाई नमस्कार छ ।

टिप्पणी

भगवान्ले चार बाहुद्वारा भक्तहरूलाई चार प्रकारका पुरुषार्थहरू खुला दिलले दिनुहुन्छ त्यसैले भगवान् चतुर्बाहु हुनुहुन्छ ।

भगवान्का चार बाहुहरू छन् त्यसैले भगवान् चतुर्बाहु हुनुहुन्छ । यो भगवान् वासुदेवको रूढ नाम हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७६७) चतुर्व्यूहः

पाञ्चरात्रागमप्रोक्तचतुर्व्यूहमयात्मने ।
चतुर्व्यूहाय भवते प्रणिधाय नमो नमः ॥७६७॥

अर्थ

पञ्चरात्र आगममा भनिएको चतुर्व्यूह रूप आत्मा भएका हुनाले चतुर्व्यूह नाम भएका तपाईंलाई अत्यन्त नम्रतापूर्वक नमस्कार छ ।

टिप्पणी

वैष्णव आगममा भगवान्का वासुदेव, संकर्षण, प्रद्युम्न र अनिरुद्ध यी चार व्यूह मानिएका छन् त्यसैले भगवान् चतुर्व्यूह हुनुहुन्छ । शरीरपुरुष, छन्दःपुरुष, वेदपुरुष, महापुरुष यी चार पुरुष भगवान् चार व्यूह बहवृच् उपनिषदमा वताइएका छन् । ती चार पुरुष व्यूह छन् जसले ती भगवान् चतुर्व्यूह हुनुहुन्छ ।

७६८) चतुर्गतिः

वर्णानामाश्रमाणां च पालितानां यथाविधि ।
गम्याय साञ्जलि चतुर्गतये भवते नमः ॥७६८॥

अर्थ

यथाविधि पालन गरिएका चार वर्ण र चार आश्रमका गम्यस्थान (गतिस्थान) भएको हुनाले चतुर्गति नाम गरेका तपाईंलाई साञ्जलि नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७६९) चतुरात्मा

अनेककोटिब्रह्माण्डसाम्राज्यपरिपालने ।
प्राज्यं चातुर्यमाप्ताय नमस्ते चतुरात्मने ॥७६९॥

अर्थ

अनेककोटि ब्रह्माण्डरूपी साम्राज्यको परिपालन गर्नमा अत्यधिक चतुरता प्राप्त गरेका चतुरात्मा नाम गरेका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

रागद्वेषादिले रहित हुनाले भगवान्को आत्मा चतुर छ त्यसैले भगवान् चतुरात्मा हुनुहुन्छ र मन, बुद्धि, चित्त, अहंकार रूप चार अन्तःकरणले युक्तरूप भएका हुनाले भगवान् चतुरात्मा हुनुहुन्छ ।

७७०) चतुर्भावः

स्वभक्तानां भावयते पुमर्थांश्चतुरः पुरः ।
चतुर्भावाय भवते भगवन् ! भावये नमः ॥७७०॥

अर्थ

आफ्ना भक्तहरूका चार पुरुषार्थहरूलाई प्रथम भावना गर्ने हुनाले चतुर्भाव नाम गरेका तपाईंलाई हे भगवन् ! म नमस्कारको भावना गर्दछु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७७१) चतुर्वेदवित्

सकल्पान् सरहस्याँश्च साङ्गाँश्च विपुलानपि ।
जानते चतुरो वेदाँश्चतुर्वेदविदे नमः ॥७७१॥

अर्थ

कल्प, रहस्य, अङ्ग सहित अत्यन्त विस्तृत भएका चारै वेदलाई जान्ने भएका हुनाले चतुर्वेदवित् नाम भएका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

कल्प भनेका श्रौत सूत्रहरू हुन्, रहस्य भनेका उपनिषदहरू हुन् । अङ्ग भनेका व्याकरण, छन्द, कल्प, ज्योतिष, निरुक्त र शिक्षा हुन् यी वेदका छ अङ्ग हुन् । व्याकरण - मुख, छन्द=पाउ, कल्प भनेका हात, ज्योतिष भनेका नेत्र, निरुक्त भनेका कान, शिक्षा भनेका नाक यी वेदका छ अङ्ग हुन् । चार वेदका अर्थलाई भगवान्ले ठीक ठीक जान्नुहुन्छ त्यसैले भगवान् चतुर्वेदवित् हुनुहुन्छ ।

७७२) एकपाद्

जगत्त्रयीमवष्टभ्य पादेनैकेन तिष्ठते ।
कदाचित्त्रिपदे तुभ्यं नित्यमेकपदे नमः ॥७७२॥

अर्थ

(भूर्भूवः स्वःरूप) तीनै जगत्लाई एक पाउले मात्रै अँठ्याएर बस्ने भएका, कदाचित् (वामनरूपमा तीनै लोकलाई तीन पाउमा नाप्ने भएका) त्रिपात् पनि भएका र एकपाद् भएका हुनाले एकपाद् नाम गरेका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

यो सम्पूर्ण विश्व भगवान्‌को एकपाद् मात्रै हो, अरू तीन पाद अमृतरूप छन् र दिव(स्वर्ग)मा छन् भनेको हुनाले भगवान्‌लाई एकपाद् भनिएको हो । भगवान्‌को एकपाद (चरण) मात्रै विश्वरूपले स्थित छ त्यसैले भगवान् एकपात् हुनुहुन्छ ।

७७३) समावर्तः

अतन्द्रिताय सततं मालामिव जगत्त्रयीम् ।
सानन्दमावर्तयते समावर्ताय ते नमः ॥७७३॥

अर्थ

जगत्‌त्रयलाई मालाको जस्तो आलस्यरहित भएर आनन्दसहित निरन्तर आवर्तन (घुमाउने) गर्ने भएका हुनाले समावर्त नाम भएका तपाईंलाई नमस्कार छ ।

७७४) अनिवृत्तात्मा

प्रवृत्तायैव सततं प्रपञ्चपरिपालने ।
अनिवृत्तात्मने तुभ्यं नतयः सन्त्वनेकशः ॥७७४॥

अर्थ

प्रपञ्च (संसार) को परिपालन गर्न निरन्तर प्रवृत्त (लागिरहेका) नै भएका (कहिल्यै पनि निवृत्त नभएका) अनिवृत्तात्मा नाम भएका तपाईंलाई अनेकवार नमस्कार प्राप्त होऊन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

मूलमा **"समावर्तोऽनिवृत्तात्मा"** यस्तो पाठ मानेमा **"अनिवृत्तात्मा"** आत्मा निवृत नभएका, यस्तो अर्थ र **"समावर्तो निवृत्तात्मा"** यस्तो पाठ मानेमा विषयबाट निवृत्त आत्मा यसको अर्थ हुन्छ ।

सर्वत्र विद्यमान हुनाले भगवान्को आत्मा कहींबाट पनि निवृत्त छैन त्यसैले भगवान् अनिवृत्तात्मा हुनुहुन्छ । अथवा भगवान्को आत्मा (मन) विषयबाट निवृत्त छ त्यसैले भगवान् निवृत्तात्मा पनि हुनुहुन्छ ।

७७५) दुर्जयः

प्रचण्डतरदोर्दण्डैर्दुर्दान्तैर्दानवादिभिः ।
अपारिताय निर्जेतुं दुर्जयाय नमो नमः ॥७७५॥

अर्थ

प्रचण्ड बाहुदण्ड भएका दुर्दान्त (अतिकठोर अदमनीय) दानव इत्यादिद्वारा कहिल्यै पनि जित्न नसकिएका हुनाले दुर्जय नामका तपाईंलाई नमो नमः छ ।

७७६) दुरतिक्रमः

प्रबलैरपि यस्याज्ञा नातिक्रान्ता सुरासुरैः ।
तस्मै सभक्ति दुरतिक्रमाय भवते नमः ॥७७६॥

अर्थ

अति प्रबल भएका देवता र दानवहरूले पनि जसको आज्ञाको कहिल्यै अतिक्रमण (उल्लङ्घन) गरेनन् त्यसै हुनाले दुरतिक्रम नाम भएका तिनै तपाईंलाई भक्तिपूर्वक नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७७७) दुर्लभः

यतमानैः श्रद्दधानैर्धीरधुर्यैर्मनीषिभिः ।
दुःखेनैवोपलभ्याय दुर्लभाय नमो नमः ॥७७७॥

अर्थ

धैर्य धारण गर्नेमा अग्रगण्य भएका, श्रद्धाले युक्त भएका, निरन्तर यत्नशील भएका मनीषीहरूद्वारा पनि दुःखले नै प्राप्त गर्न सकिने दुर्लभ नाम भएकालाई नमस्कार छ ।

७७८) दुर्गमः

नानाप्रयत्ननिरतैर्निःसङ्गैर्निष्परिग्रहैः ।
कृच्छ्रेण गम्यमानाय दुर्गमाय नमो नमः ॥७७८॥

अर्थ

नाना प्रयत्नमा लागिरहने, एवं निःसङ्ग (दुष्टहरूको सङ्गले रहित) भएका साथै निष्परिग्रह भएका (अर्काको दान नलिने) हरूद्वारा बडा दुःखले नै गम्यमान (जान्न सकिने भएका र जान सकिने भएका पनि) दुर्गम नाम भएका भगवान्‌लाई नमस्कार छ ।

७७९) दुर्गः

गच्छद्भिः कामकोपादिदूषितेन पथा नृभिः ।
प्रायोऽगम्याय भवते दुर्गाय भगवन् ! नमः ॥७७९॥

अर्थ

कामक्रोध इत्यादिले दूषित (मार्गले हिंड्ने) भएका मानिसहरूले प्रायः अगम्य दुर्ग नाम भएका हे भगवन् तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७८०) दुरावासः

आवास्यमानाय सते क्लेशेन महता हृदि ।
दुरावासाय भवते भगवन् ! शतशो नमः ॥७८०॥

अर्थ

ठूलो क्लेश (दुःख) ले हृदयमा बास गराउन सकिने भएका, त्यसैले दुरावास भएका र सत्स्वरूप हे भगवान् ! तपाईंलाई शतशः नमस्कार छ ।

७८१) दुरारिहा

दुरारिणः(कुपथगान्)दितिजान् प्रबलानपि ।
निघ्नते ते दुरारिघ्ने भगवन् ! भावये नमः ॥७८१॥

अर्थ

कुपथमा जाने भएका, अति प्रबल दुष्ट अरि (शत्रु) दैत्यहरूलाई मार्ने दुरारिहा नाम भएका हे भगवान् ! तपाईंलाई नमस्कारको भावना गर्छु ।

७८२) शुभाङ्गः

सस्मितास्यसरोजाय करुणावर्षिचक्षुषे ।
वितीर्णभवभङ्गाय शुभाङ्गाय नमो नमः ॥७८२॥

अर्थ

ईषद्हास्यले युक्त मुखकमल भएका, करुणाको वर्षा गर्ने नेत्र भएका भवभङ्ग (मोक्ष) लाई वितरण गर्ने भएका (सबै अङ्ग नै शुभ भएकाले) शुभाङ्ग नाम भएका भगवान्लाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७८३) लोकसारङ्गः

सारङ्गवल्लोकसारं गृह्णतेऽसक्तचेतसे ।
तुभ्यं कृताञ्जलेर्लोकसारङ्गाय नमो मम ॥७८३॥

अर्थ

सारङ्ग (पक्षी/भुमरो) जस्तो लोकको सारतत्त्वलाई ग्रहण गर्ने (किन्तु स्वयं) असक्त चित्त भएका (लोकको सारग्रहण गरे पनि कहिल्यै त्यसमा आसक्त नभएका) लोकसारङ्ग नाम भएका तपाईंलाई हात जोडेको मेरो नमस्कार छ ।

७८४) सुतन्तुः

तन्यमानो यस्य तन्तुर्देवतिर्यङ्नरात्मकः ।
रम्य एवास्ति तस्मै ते नमो मम सुतन्तवे ॥७८४॥

अर्थ

जसको तन्तु (डोरा) तान्दा तान्दै देवता तिर्यक् (पशुपक्षी) र नरस्वरूप वन्दछ र अत्यन्त रमणीय छ त्यसैले सुतन्तु नाम गरेका ती तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



भगवान् वामन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवान् श्रीराम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवान् परशुराम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवान् श्रीकृष्ण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७८५) तन्तुवर्धनः

यो वर्धयँल्लोकमिमं नाऽऽलस्यमधिगच्छति ।
तस्मै तुभ्यं प्रभो ! तन्तुवर्धनाय नमो नमः ॥७८५॥

अर्थ

जुन भगवान् यो संसार (रूपी तन्तु) लाई बढाउँदै गर्दा पनि कहिल्यै आलस्य गर्नुहुन्न त्यसैले तन्तुवर्धन नाम गरेका हे प्रभो तपाईंलाई नमस्कार छ ।

७८६) इन्द्रकर्मा

परमैश्वर्यसंपन्नं यस्य कर्माऽस्ति विश्रुतम् ।
तस्मै तुभ्यं मम नमो भगवन्निन्द्रकर्मणे ॥७८६॥

अर्थ

जसको कर्म परम ऐश्वर्यले युक्त छ भन्ने कुरा प्रसिद्ध छ, त्यसैले इन्द्रकर्मा नाम गरेका हे भगवन् तिनै तपाईंलाई मेरो नमस्कार छ ।

टिप्पणी

इन्द्र शब्द इदि परमैश्वर्ये धातुबाट बनेको हो । जसको परम ऐश्वर्य छ त्यो नै इन्द्र भनिन्छ, परमैश्वर्यले युक्त कर्म भएका हुनाले भगवान् इन्द्रकर्मा भनिनुहुन्छ । इन्द्रको जस्तो कर्म भएका भगवान् इन्द्रकर्मा अर्थात् ऐश्वर्यकर्मा हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७८७) महाकर्मा

महान्ति सन्ति कर्माणि यस्याऽसाध्यानि मानवैः ।
तस्मै तुभ्यं खलु महाकर्मणे प्रत्यहं नमः ॥७८७॥

अर्थ

जसका महान् कर्महरू मानवद्वारा असाध्य (गर्न नसकिने) छन् त्यसैले महाकर्मा नाम भएका तिनै तपाईंलाई निश्चयपूर्वक प्रतिदिन नमस्कार छ ।

७८८) कृतकर्मा

चिकीर्षितानि कर्माणि यस्य सिद्ध्यन्ति तत्क्षणान् ।
तस्मै नमोऽस्तु शतधा सभक्ति कृतकर्मणे ॥७८८॥

अर्थ

जसका गर्न चाहिएका कर्महरू तत्क्षण सिद्ध (सम्पन्न) हुन्छन् त्यसैले कृतकर्मा नाम भएका तपाईंलाई भक्तिपूर्वक सयौंबार नमस्कार छ ।

टिप्पणी

कृतार्थ भएकाले भगवान्का सबै कार्य गरिएकै छन् वहाँलाई कुनै काम गर्नु छैन त्यसैले भगवान् कृतकर्मा (काम गरी सकिएको) हुनुहुन्छ । अथवा भगवान्ले धर्मस्वरूप कर्म गर्नुभएको छ त्यसैले भगवान् कृतकर्मा हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७८९) कृतागमः

ऋगादीन् सकलान् वेदान् निःश्वासादेव तन्वते ।
कृतागमाय भवते भगवन् ! भावये नमः ॥७८९॥

अर्थ

ऋग्वेद आदि सबै वेदहरूलाई आफ्ना निःश्वासबाट नै विस्तार गर्ने, आगम (वेद आदि शास्त्र) लाई कृत=गर्ने, भएका हुनाले कृतागमः नाम भएका हे भगवान् ! म नमःको भावना गर्छु ।

टिप्पणी

जसरी श्वास-प्रश्वास लिँदा कुनै प्रयत्न गर्नुपर्दैन, त्यसैगरी वेदको प्रादुर्भाव गर्न कुनै प्रयत्न गर्नुपर्दैन त्यसैले भगवान्लाई कृतागम भनिएको हो । भगवान्ले वेद आदि शास्त्र रूप आगम बनाउनुभएको छ त्यसैले भगवान् कृतागम हुनुहुन्छ ।

७९०) उद्भवः

उत्कृष्ट एव यस्यास्ति भवः संसारपूजितः ।
उद्भवाय नमस्तस्मै सत्कर्मश्लाघ्यजन्मने ॥७९०॥

अर्थ

जसको भव (प्राकट्य) अत्यन्त उत्कृष्ट छ र संसारले पूजित छ तिनै उद्भव नाम गरेका, सत्कर्मले प्रशंसनीय जन्म भएका भगवान्लाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

भगवान् आफ्नै इच्छाले उत्कृष्ट भव अर्थात् जन्म लिनुहुन्छ त्यसैले भगवान् उद्‌भव हुनुहुन्छ । अथवा सबैका कारण हुनाले भगवान्‌को जन्म हुँदैन उद्‌गत अर्थात् अपगत भव (जन्म) भएका हुनाले भगवान् उद्‌भव हुनुहुन्छ । उत्कृष्ट (उत्तम) भव (जन्म) स्वेच्छया लिनुहुन्छ, अथवा उद्‌गत, अवगत भव (जन्म) भएकोले भगवान् उद्‌भव हुनुहुन्छ ।

७९१) सुन्दरः

अन्यानुपेक्ष्य साक्षाच्छ्रीः शिश्रिये यं सनातनम् ।
तस्मै ते दिव्यवपुषे सुन्दराय नमो नमः ॥७९१॥

अर्थ

साक्षात् श्री(लक्ष्मी)ले अन्य (देवता) हरूको उपेक्षा गरेर सनातन पुरुष भएका यी भगवान्‌लाई नै अति सुन्दर भएकाले आश्रय लिनुभयो त्यसैले 'सुन्दर'नाम भएका (र) दिव्य शरीर भएका तपाईं भगवान्‌लाई नमस्कार छ ।

टिप्पणी

समुद्र मन्थनबाट उत्पत्ति भएकी लक्ष्मीले देवदानवहरुमा सर्वश्रेष्ठ सुन्दर मानेर भगवान् विष्णुलाई वरण गरेकी हुनाले उहाँलाई सुन्दर भनिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७९२) सुन्दः

सुष्ठून्दते(क्लेदयते)चेतसा पश्यतो जनान् ।
कारुण्यवर्षिनेत्राय सुन्दाय भवते नमः ॥७९२॥

अर्थ

चित्तले देख्ने भएका सबै जनहरूलाई राम्रोसँग उन्दन (क्लेदन=करुणापूर्ण दृष्टि) गर्ने हुनाले सुन्द नाम भएका, करुणाको वर्षा गर्ने नेत्र भएका तपाईं भगवान्लाई नमस्कार छ ।

टिप्पणी

सु उन्दन (आर्द्रभाव/करुणाभाव) गर्नुहुन्छ भगवान् त्यसैले सुन्द हुनुहुन्छ । सु पूर्वक उन्दी क्लेदने धातुबाट पचाद्यच् गरेर पृषोदरादित्वात् सुको उमा पररूप गरेर सुन्द बन्दछ ।

७९३) रत्ननाभः

यस्य नाभेरुदभवद्ब्रह्मा लोकत्रयार्चितः ।
उत्कृष्टनाभये तस्मै रत्ननाभाय ते नमः ॥७९३॥

अर्थ

जसका नभिबाट तीनै लोकले अर्चित (पूजित) भएका ब्रह्माजी उत्पन्न हुनुभयो, उत्कृष्ट अर्थात् रत्नजस्तो नाभि भएका हुनाले रत्ननाभ नाम भएका ती तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७९४) सुलोचनः

परोक्षत्वाऽनभिज्ञाय नीलेन्दीवरचक्षुषे ।
सुलोचनाय भवते भगवन् ! भावये नमः ॥७९४॥

अर्थ

परोक्षत्वदेखि अनभिज्ञ भएका, नीलकमल जस्ता नेत्र भएका सुलोचन नाम गरेका हे भगवन् ! म तपाईंलाई नमस्कारको भावना गर्छु ।

टिप्पणी

परोक्ष भनेको आँखाले नदेखिएकोलाई भनिन्छ । भगवान्का लागि कुनै पनि कुरा त्यस्तो छैन । त्यसैले भगवान् परोक्षत्वदेखि अनभिज्ञ हुनुहुन्छ । सुन्दर लोचन (नेत्र वा ज्ञान) हुनाले भगवान् सुलोचन हुनुहुन्छ ।

७९५) अर्कः

सदा समर्चनीयाय चेतनैः सकलैरपि ।
अर्काय तुभ्यं भगवन् ! नमोऽस्तु शतशो मम ॥७९५॥

अर्थ

सम्पूर्ण चेतनहरूद्वारा पनि सदा समर्चनीय भएका अर्कनाम भएका हे भगवान् तपाईंलाई मेरो शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७९६) वाजसनः

वाज(मन्नं) क्षुधावद्भ्यः सन्वते(ददते)ऽनिशम् ।
विभ्राजमानकृतये नमो वाजसनाय ते ॥७९६॥

अर्थ

भोकाहरूलाई निरन्तर वाज (अन्न) दान गर्ने, र शोभित कृति (कार्य) भएका वाजसन नाम भएका तपाईंलाई नमस्कार छ ।

७९७) शृङ्गी

शृङ्गशालिमहामीनरूपेण प्रलयाम्बुधौ ।
चिरं विहरमाणाय शृङ्गिणे शतशो नमः ॥७९७॥

अर्थ

शृङ्ग (सिंग) भएको महामीनका (माछोका) रूपले प्रलय समुद्रमा चिरकालसम्म विहार गर्ने (सिंग हुनाले) शृङ्गी नाम भएका भगवान्लाई शतशः नमस्कार छ ।

७९८) जयन्तः

भयावहाऽऽचारपरान् दुर्जयान् जयते रिपून् ।
शक्रात्मजाय च सते जयन्ताय नमो नमः ॥७९८॥

अर्थ

अत्यन्त भयावह आचार भएका दुर्जय शत्रुहरूलाई जित्ने र इन्द्रका आत्मज (छोरा) हुनाले पनि जयन्त नाम भएका सत्स्वरूप भगवान्लाई नमो नमः छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७९९) सर्वविज्जयी

अनागतमतीतं च जानते वस्तु सर्वतः ।
सर्वांश्च जयते लोकान् सर्वविज्जयिने नमः ॥७९९॥

अर्थ

अनागत (भविष्य) तथा अतीत (भूत) सम्पूर्ण वस्तुहरूलाई सबै प्रकारले जान्ने र सम्पूर्ण लोकहरूलाई जित्ने पनि भएका सर्वविज्जयी नाम भएका भगवान्लाई नमस्कार छ ।

टिप्पणी

सर्ववित् = सबै कुरा जान्ने, जयी = सबैलाई जित्ने ।

सम्पूर्ण विषयको ज्ञान जसलाई छ त्यो सर्ववित् हो, आभ्यन्तर अर्थात् भित्रका (रागद्वेष आदि) शत्रुहरू र बाह्य (बाहिरका) हिरण्याक्ष आदि दुर्जन शत्रुहरूलाई जित्ने भगवान् सर्वविज्जयी हुनुहुन्छ । जो सर्ववित् र जयी छ त्यो सर्वविज्जयी एउटै नाम हो ।

८००) सुवर्णविन्दुः

वेदराशेः (सुवर्णस्य) ज्ञात्रे (बिन्दुत्वशालिने) ।
सुवर्णबिन्दवे तुभ्यं भगवन् ! भावये नमः ॥८००॥

अर्थ

राम्रो वर्ण (अक्षर) भएका वेदराशि जान्ने भएका तथा बिन्दुस्वरूप पनि भएका हुनाले सुवर्णबिन्दु नाम भएका हे भगवान् ! म तपाईंलाई नमस्कारको भावना गर्छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

बिन्दु अर्थात् भगवान्का अवयवहरू (अङ्गहरू) सुवर्णतुल्य छन् त्यसैले भगवान् सुवर्णबिन्दु हुनुहुन्छ । श्रुतिले पनि नखदेखि शिखासम्म भगवान् सुवर्ण नै हुनुहुन्छ भनेको छ । अथवा सुन्दर वर्ण र बिन्दु छन् जसमा यस्तो मन्त्रस्वरूप हुनाले भगवान् मन्त्रात्मा (ॐकार रूप) सुवर्णबिन्दु हुनुहुन्छ ।

सहस्रनामविवृतौ कुलचन्द्रकृताविदम् ।
अष्टमं शतकं प्राप पूर्णतां कृपया हरेः ॥

सहस्रनामको व्याख्यारूप यो कुलचन्द्रको कृतिमा आठौं शतक भगवान्का कृपाले पूर्ण भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८०१) अक्षोभ्यः

रागद्वेषादिभिर्दोषैर्विपक्षैरितरैरपि ।
क्षोभं नेतुमशक्यायाऽक्षोभ्याय शतशो नमः ॥८०१॥

अर्थ

रागद्वेष आदि दोषहरू र अरु शत्रुहरूद्वारा पनि क्षोभ (क्रोध) मा लैजान नसकिएका हुनाले अक्षोभ्य नाम गरेका तपाईं भगवान्लाई नमस्कार छ ।

८०२) सर्ववागीश्वरेश्वरः

वागीश्वराणां सर्वेषां ब्रह्मादीनामपीश्वरः ।
प्रणत्या प्रीतिमायातु सर्ववागीश्वरेश्वरः ॥८०२॥

अर्थ

वाक् (वाणी) का ईश्वर भएका सबै ब्रह्मादिहरूका पनि ईश्वर भएका हुनाले सर्ववागीश्वरेश्वर नाम गरेका भगवान् (मेरो) प्रणति (प्रणाम) द्वारा प्रीति=प्रसन्नता प्राप्त गरून् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८०३) महाह्रदः

अवगाह्याय धीमद्भिर्निर्विवासद्भिरन्वहम् ।
महाह्रदाय भवते शतशोऽस्तु सदा नमः ॥८०३॥

अर्थ

विशेष वासले रहित भएका बुद्धिमान्हरूद्वारा अवगाहन गरिने (आश्रय लिइने) भएका हुनाले महाह्रद नाम भएका तपाईंलाई प्रतिदिन सदा शतशः नमस्कार छ ।

टिप्पणी

विशेष वास (निवास) नभएका जलजन्तुहरू जसरी ठूलो रहमा गएर वास लिन्छन् त्यसै गरी बुद्धिमान् पुरुषहरू पनि भगवान्रूपी महान् ह्रद (रह) मा वास लिन्छन् । त्यसैले भगवान् महाह्रद हुनुहुन्छ । आनन्दरूप भगवान्मा विश्राम गरेर योगीहरू सुखपूर्वक त्यसै गरी बस्दछन् जसरी ठूलो दहमा जलजन्तुहरू बस्दछन् त्यसैले भगवान् महाह्रद हुनुहुन्छ ।

८०४) महागर्तः

महती गर्तसदृशी यस्य मायाऽस्ति दुस्तरा ।
महागर्ताय ते तस्मै ममास्तु शतशो नतिः ॥८०४॥

अर्थ

ठूलो गर्त (खाल्टो) जस्तो जसको माया अति दुस्तर (नाघ्न नसकिने) छ त्यसै हुनाले महागर्त नाम भएका ती तपाईंलाई मेरो शतश नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८०५) महाभूतः

देशकालाऽनवच्छिन्नरूपाय भवते सदा ।
महाभूताय ते भूमन् ! शतशोऽस्तु नमो नमः ॥८०५॥

अर्थ

देश, काल इत्यादिले अनवच्छिन्न (सीमारहित) भएका हुनाले महाभूत नाम भएका हे भूमन् (अत्यधिक महान्) ती तपाईंलाई शतशः नमस्कार छ ।

८०६) महानिधिः

ब्रह्माण्डकोटयो यस्मिन्निधीयन्ते पृथक् पृथक् ।
तस्मै ते साञ्जलि महानिधये शतशो नमः ॥८०६॥

अर्थ

करोडौं ब्रह्माण्ड जुन भगवान्मा पृथक्-पृथक् विलय हुन्छन्, त्यसैले महान् निधि हुनाले महानिधि नाम गरेका ती तपाईंलाई साञ्जलि (हात जोडेर) शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८०७) कुमुदः

कुं (पृथ्वीं) यो मोदयते यश्च तस्यां प्रमोदते ।
कुमुदाय नमस्तस्मै नतमौलि कृताञ्जलि ॥८०७॥

अर्थ

कु अर्थात् पृथिवीलाई जसले मुदित (प्रसन्न) गर्नुहुन्छ र जुन (भगवान्) त्यस पृथ्वीमा प्रमुदित हुनुहुन्छ । त्यसैले कुमुद नाम गरेका ती भगवान्लाई शिर नुहाएर, हात जोडेर नमस्कार छ ।

टिप्पणी

कौ पृथ्व्यां मोदते (पृथिवीमा प्रसन्न हुने) र कुं पृथ्वीं मोदयति (पृथिवीलाई प्रसन्न गर्ने) भगवान् कुमुद हुनुहुन्छ । कु अर्थात् धरणीलाई भार हटाएर प्रसन्न गर्नुहुन्छ त्यसैले भगवान् कुमुद हुनुहुन्छ ।

८०८) कुन्दरः

कुन्दं(कुन्दप्रसूनाभं)रम्यं सत्कर्मणां फलम् ।
भजद्भ्यो यच्छते तुभ्यं कुन्दराय नमो नमः ॥८०८॥

अर्थ

कुन्द पुष्पजस्तो रमणीय सत्कर्महरूको फल भक्तहरूलाई दिने कुन्दर नाम गरेका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८०९) कुन्दः

कुं समग्रां प्रददते कश्यपाय विनिर्जिताम् ।
जामदग्न्यस्वरूपाय कुन्दाय शतशो नमः ॥८०९॥

अर्थ

जितिएको समग्र पृथ्वी कश्यपलाई दान दिने जमदग्नि ऋषिका छोरा परशुरामस्वरूप भएका कुन्द (कुं ददाति इति कुन्दः) नाम भएका तपाईंलाई शतशः नमस्कार छ ।

टिप्पणी

कुन्द पुष्पको जस्तो सुन्दर अङ्ग भएका हुनाले र स्वच्छ फटिकमणिको जस्तो सुन्दर रूप भएका हुनाले भगवान् कुन्द अथवा कु पृथ्वी कश्यपलाई दिएको हुनाले भगवान् कुन्द हुनुहुन्छ ।

८१०) पर्जन्यः

तापान् शमयते सर्वान् वर्षते काममीप्सितम् ।
लोकोपकारधन्याय पर्जन्याय नमो नमः ॥८१०॥

अर्थ

सम्पूर्ण तापहरूलाई शमन गर्ने तथा अभिलषित कामनाको वर्षा गर्ने र लोकोपकार गर्नाले धन्य भएका पर्जन्य (बादलको) जस्तो काम भएका पर्जन्य नाम भएका भगवान्लाई नमो नमः छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८११) पावनः

कृतस्मृतीन् कृतस्तोत्रान् कृताभ्यर्चान् कृताननतीन् ।
जनान् सद्यः पावयते पावनाय नमो नमः ॥८११॥

अर्थ

स्मरण गरेका, स्तुति गरेका, पूजा गरेका र नमस्कार गरेका जनहरूलाई तत्क्षण पवित्र गर्ने पावन नाम भएका भगवान्‌लाई नमस्कार छ ।

८१२) अनिलः

इलाः(प्रवर्तका) यस्य न वर्तन्ते जगत्त्रये ।
अनिलाय नमस्तस्मै लीलोपात्तप्रवृत्तये ॥८१२॥

अर्थ

इल (प्रवर्तक) - प्रवृत्त गराउने वा अह्राउने जसका तीनै भुवनमा कोही छैनन् त्यसैले अनिल नाम भएका लीलाले मात्र प्रवृत्ति गर्ने भएका ती भगवान्‌लाई नमस्कार छ ।

टिप्पणी

इल् प्रेरणे यस धातुबाट अच् प्रत्यय गरेर इल बन्छ प्रेरणा गरिनेवाला, न इल इति अनिल प्रेरणारहित भगवान्‌लाई कसैले प्रेरित गर्दैन लीलाले स्वतः प्रवृत्त हुनुहुन्छ । जसले प्रेरणा गर्छ त्यो इल हो, प्रेरणारहित हुनाले भगवान् अनिल हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८१३) अमृताशः

य: स्वानन्दामृतं भुङ्क्ते यस्याऽऽशा न मृता क्वचित् ।
अमृताशाय तस्मै ते शतशोऽस्तु नमो नमः ॥८१३॥

अर्थ

जसले आफ्नो आनन्दरूपी अमृतको आश = भोजन गर्छ अथवा जसको आशा (इच्छा/आकाङ्क्षा) कहिल्यै मृत हुँदैन त्यसैले अमृताश नाम भएका ती तपाईं भगवान्लाई शतशः नमस्कार छ ।

टिप्पणी

अमृताश शब्द दुई प्रकारले सिद्ध हुन्छ, अमृतमश्नातीति-अमृताशः (अमृत पान गर्ने र अर्को न मृता-अमृता आशा यस्य सः = जसको आशा इच्छा कहिले मृत हुँदैन त्यो अमृताश हो ।

स्वात्मानन्दरूप अमृतको भगवान्ले नै अशन गर्नुहुन्छ त्यसैले भगवान् अमृताश हुनुहुन्छ अथवा समुद्र मन्थनद्वारा निक्लेको अमृतलाई स्वयं खानुहुन्छ त्यसैले अमृताश हुनुहुन्छ । भगवान्को आशा अमृत र अविनाशी छ त्यसैले भगवान् अमृताश हुनुहुन्छ ।

८१४) अमृतवपुः

वपुर्यस्याऽमृतमयं (ध्यानादेवामयापहम्) ।
नमोऽस्तु तस्मा अमृतवपुषे शाश्वताय ते ॥८१४॥

अर्थ

जसको वपु=शरीर अमृतमय छ, ध्यानले नै आमय (संसाररूपी रोग) लाई नाश गर्छ त्यसैले शाश्वत भएका र अमृतवपु नाम भएका भगवान्लाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८१५) सर्वज्ञः

जनान् सर्वांश्च सर्वेषां कर्माणि च यथातथम् ।
सदा विजानते तुभ्यं सर्वज्ञाय नमो नमः ॥८१५॥

अर्थ

सबै जनहरूलाई र सबैका कर्महरूलाई पनि यथार्थतः (जस्ताको तस्तै) सधैं जान्ने भएका हुनाले सर्वज्ञ नाम भएका तपाईंलाई नमो नमः छ ।

८१६) सर्वतोमुखः

प्रणामेन प्रार्थ्यमानः पतदश्रु कृताञ्जलि ।
प्रीयतां विश्वतश्चक्षुर्भगवान् सर्वतोमुखः ॥८१६॥

अर्थ

आँशु झार्दै, हात जोडेर प्रणामपूर्वक प्रार्थना गरिने भएका विश्वतः (सबैतिर) चक्षु (नेत्र) भएका हुनाले सर्वतोमुख नाम भएका भगवान् प्रसन्न हुनुहोस् ।

८१७) सुलभः

प्रसीदते पत्रपुष्पफलाद्यैः प्रीतितोऽर्पितैः ।
तुभ्यं सुदाममित्राय सुलभाय नमो नमः ॥८१७॥

अर्थ

प्रेमपूर्वक अर्पण गरिएका पत्र पुष्पफल आदिले प्रसन्न हुने भएका तथा सुदामाका (कनिकाले मात्र प्रसन्न भई) मित्र भएका हुनाले सुलभ (सजिलै पाइने) भएकाले सुलभ नाम गरेका तपाईंलाई नमो नमः छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८१८) सुव्रतः

प्रपन्नपालनमयं व्रतं यस्य सुविश्रुतम् ।
तस्मै ते भगवन्नित्यं सुव्रताय नमो नमः ॥८१८॥

अर्थ

प्रपन्न (शरणमा आएका) को पालनरूप व्रत जसको सुप्रसिद्ध छ, त्यसैले सुन्दर व्रत भएका हुनाले सुव्रत नाम गरेका हे भगवन् ! ती तपाईंलाई नित्य नै नमस्कार छ ।

टिप्पणी

भगवान् सुन्दर व्रत गर्नुहुन्छ अर्थात् भोजन गर्नुहुन्छ अथवा भोजनबाट निवृत्त हुनुहुन्छ त्यसैले पनि भगवान् सुव्रत हुनुहुन्छ । (व्रत शब्दको अर्थ भोजन र भोजनबाट निवृत्ति दुवै हुन्छ ।)

८१९) सिद्धः

संकल्पकल्पितानल्पब्रह्माण्डाय सते प्रभो ।
असक्ततानुवद्धाय सिद्धाय भवते नमः ॥८१९॥

अर्थ

सङ्कल्पले कल्पित भएका (कल्पना गरेका) अनन्त ब्रह्माण्ड (का निर्माता) भएका तथा असक्तता (आसक्तिरहितता) ले युक्त भएका सिद्ध नाम भएका सत्स्वरूप हे प्रभु ! तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८२०) शत्रुजित्

उच्छृङ्खलान् खलप्रायान् प्राणिपीडाविधायकान् ।
सर्वान् शत्रून् निर्जयते तुभ्यं शत्रुजिते नमः ॥८२०॥

अर्थ

उच्छृङ्खल (उद्दण्ड दुष्ट) भएका प्रायः खल भएका, प्राणीहरूलाई दुःख दिने भएका यस्ता सबै शत्रुहरूलाई जित्ने भएका हुनाले शत्रुजित् नाम गरेका तपाईंलाई नमस्कार छ ।

८२१) शत्रुतापनः

पापप्रसक्तानखिलान् शत्रूँस्तापयते सते ।
तुभ्यं प्रभो ! मुहुः शत्रुतापनाय नमो नमः ॥८२१॥

अर्थ

पापमा लागेका सम्पूर्ण शत्रुहरूलाई ताप दिने शत्रुतापन नाम भएका, सत्स्वरूप भएका हे प्रभु ! तपाईंलाई बारम्बार नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८२२) न्यग्रोधः

नीचः(कुपथगान्) सर्वानसुरान् (नीचमञ्चतः) ।
रुन्धते युद्धसन्नद्धान् न्यग्रोधाय नमो नमः ॥८२२॥

अर्थ

नीच कुपथगामीहरू युद्धका निमित्त नीच कार्य गर्न तयार भएकालाई रोधन (रोक्ने काम) गर्ने भएका हुनाले न्यग्रोध नाम गरेका तपाईं भगवान्लाई नमस्कार छ ।

टिप्पणी

न्यक् रोहण (तल उम्रने काम) गर्नुहुन्छ र सबैका माथि हुनुहुन्छ त्यसैले भगवान् न्यग्रोध हुनुहुन्छ ।

८२३) उदुम्बरः

अम्बरा(द्भौतिकाऽऽकाशात्)उन्नतत्वेन निष्ठते ।
उदम्बराय भवते भगवन् भावये नमः ॥८२३॥

अर्थ

अम्बर (भौतिक आकाश) देखि उन्नतरूपले नै रहने भएको हुनाले उदुम्बर नाम भएका तपाईंलाई हे भगवन् म नमः को भावना गर्छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८२४) अश्वत्थः

विनाशिसंसारतया वर्तमानाय सन्ततम् ।
अश्वत्त्थाय नमस्तुभ्यं नमो बोधिद्रुमाय च ॥८२४॥

अर्थ

विनाशशील संसारका रूपमा सदा वर्तमान रहेको हुनाले अश्वत्थ नाम भएका, तथा बोधिद्रुम (अश्वत्थ = पीपल वृक्ष) स्वरूप भएका हुनाले अश्वत्थ नाम भएका तपाईं भगवान्लाई नमस्कार छ ।

टिप्पणी

भोलि नरहनेलाई नश्वः तिष्ठति इति अश्वत्थका अनुसार यो संसार विनाशशील हो, यो संसार आज छ भोलि छैन त्यस संसारको रूपमा पनि भगवान् वर्तमान नै हुनुहुन्छ, त्यसैले वहाँलाई अश्वत्थ भनिएको हो र अश्वत्थ अर्थात् पीपलवृक्ष पनि भगवान् नै हुनाले भगवान् अश्वत्थ हुनुहुन्छ । श्व=अर्थात् भोलि पनि नरहने वालालाई अश्वत्थ भनिन्छ त्यसैले जगत् अश्वत्थ हो र त्यो जगत्रूप भगवान् पनि अश्वत्थ हुनुभयो । गीतामा पनि **"ऊर्ध्वमूलमधः शाखमश्वत्थं प्राहुरव्ययम्"** भनिएको छ । गीता - १५-१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८२५) चाणूरान्ध्रनिषूदनः

मल्लं चाणूरनामानं हतवानन्ध्रदेशजम् ।
प्रणम्यते प्रणयतश्चाणूरान्ध्रनिषूदनः ॥८२५॥

अर्थ

अन्ध्रदेशमा उत्पन्न भएको चाणूरनामको पहलमानलाई निषूदन (मारण) गरेका चाणूरान्ध्रनिषूदन नाम भएका तपाईंलाई प्रेमपूर्वक प्रणाम गरिन्छ ।

८२६) सहस्रार्चिः

सहस्राहस्करव्यूहमहनीयमहामहाः ।
अजस्रमर्चनीयो मे सहस्रार्चिः सहस्रधा ॥८२६॥

अर्थ

हजारौं सूर्यको व्यूह (समूह) को जस्तो पूजनीय महान् तेज भएका हुनाले सहस्रार्चिः नाम भएका तपाईं भगवान् मद्वारा हजारौं प्रकारले निरन्तर पूजनीय हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८२७) सप्तजिह्वः

कालीकरालीप्रमुखा रसनाः सप्त बिभ्रते ।
वीतिहोत्रस्वरूपाय सप्तजिह्वाय ते नमः ॥८२७॥

अर्थ

कालीकराली आदि प्रमुख सात जिह्वा धारण गर्ने अग्निस्वरूप भएका सप्तजिह्व नाम गरेका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

अग्निरूप भगवान्का काली, कराली आदि सात जिह्वा छन् त्यसैले भगवान् सप्तजिह्व हुनुहुन्छ -

काली कराली च मनोजवा च सुलोहिता या च सुधूम्रवर्णा ।

स्फुलिङ्गिनी विश्वरुची च देवी लेलायमाना इति सप्त जिह्वाः–१।२।४ मुण्डकोपनिषद् ।

८२८) सप्तैधाः

एधांसि(दीप्तयो)यस्य जिह्वारूपाः समिन्धते ।
सप्तैधसे नमस्तुभ्यं तस्मै ज्वलनमूर्तये ॥८२८॥

अर्थ

जसका एध (दीप्ति=ज्वाला) हरू जिह्वाका रूप भएका सातवटा निरन्तर एधमान (वर्धमान) छन् तिनै अग्निमूर्ति भएका सप्तैधा नामका तपाईं भगवान्लाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८२९) सप्तवाहनः

सप्तनामा तुरङ्गश्च सप्ताऽश्वाश्च वहन्ति यम् ।
तस्मै सूर्यात्मने सप्तवाहनाय नमो नमः ॥८२९॥

अर्थ

सप्त (सात) अश्व (घोडा) जसका (भगवान् सूर्यका) वाहन छन् अथवा सप्तनामको घोडा वाहन छ जसको ती सूर्यस्वरूप भएका सप्तवाहन नाम गरेका भगवान्लाई नमो नमः छ ।

८३०) अमूर्तिः

पाणिपादादिसंपन्ना मूर्तिर्यस्य न लभ्यते ।
नमो नमोऽस्तु शतधा तस्मै तुभ्यममूर्तये ॥८३०॥

अर्थ

हात, पाउ आदिले सम्पन्न भएको मूर्ति जसको पाइँदैन त्यसैले अमूर्ति नाम भएका ती तपाईंलाई शतशः नमस्कार छ ।

८३१) अनघः

यो दुःखपापव्यसनैर्निर्मुक्तोऽस्ति निजानपि ।
तादृशान् कुरुते तस्मा अनघाय नमो नमः ॥८३१॥

अर्थ

जुन भगवान् दुःख, पाप तथा व्यसन (जुवा इत्यादि) बाट मुक्त हुनुहुन्छ र आफ्ना जनलाई पनि त्यस्तै बनाउनुहुन्छ (दुःख-पाप-व्यसन इत्यादिलाई अघ भनिन्छ) । त्यो अघले रहित भएका हुनाले अनघ नामका भगवान्लाई मेरो नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८३२) अचिन्त्यः

न शक्यते चिन्तयितुं यश्चिदाऽऽनन्दविग्रहः ।
तस्मै साञ्जलिकं तुभ्यमचिन्त्याय नमो नमः ॥८३२॥

अर्थ

चैतन्य र आनन्दस्वरूप भएका जुन भगवान् चिन्तन गर्न सकिनुहुन्न, त्यसैले अचिन्त्य नाम गरेका तिनै ती तपाईं भगवान्लाई दुइ हात जोडेर नमस्कार छ ।

टिप्पणी

प्रमाता इत्यादिलाई साक्षी मानेर कुनै प्रमाणद्वारा ग्रहण गर्न र चिन्तन गर्न नसकिने हुनाले भगवान् अचिन्त्य हुनुहुन्छ ।

८३३) भयकृत्

कुर्वते कुत्सितधियां कृन्तते कृतिनां भयम् ।
तुभ्यं विवेकपटवे प्रभो ! भयकृते नमः ॥८३३॥

अर्थ

कुत्सित (खराव=दुष्ट) बुद्धि भएकाहरूलाई भय गर्ने भएका र कृतिहरू (भक्तहरूको) को भयलाई कृन्तन=नाश गर्ने भएका, विवेक गर्न चतुर भएका भयकृत् नाम गरेका प्रभुलाई नमस्कार छ ।

टिप्पणी

भयं कृन्तति वा भयं करोति भयकृत् । असत् मार्गमा चल्नेहरूलाई भय गर्नुहुन्छ त्यसैले भयकृत् हुनुहुन्छ वा भक्तको भयलाई काट्नुहुन्छ त्यसैले भयकृत् हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८३४) भयनाशनः

वर्णाश्रमाचारवतां भयं नाशयते सते ।
तुभ्यं सभक्ति भयनाशनाय भगवन् ! नमः ॥८३४॥

अर्थ

वर्ण र आश्रमको आचारलाई मान्नेहरूको भयनाश गर्ने, सत्स्वरूप भएका भयनाशन नाम गरेका हे भगवान् ! तपाईंलाई भक्तिपूर्वक नमस्कार छ ।

८३५) अणुः

विपश्चिच्चिन्त्यमानाय सर्वकारणमूर्तये ।
चर्मचक्षुरनीक्ष्याय नमोऽस्तु शतशोऽणवे ॥८३५॥

अर्थ

विद्वान्हरूद्वारा चिन्तन गरिने भएका, सम्पूर्ण कारणका मूर्ति भएका, किन्तु चर्मचक्षु (स्थूल आँखाले) ले नदेखिने भएका अणुनाम गरेका तपाईंलाई शतशः नमस्कार छ ।

८३६) बृहत्

प्रपञ्चमेतं व्याप्याऽपि वितस्तिमधितिष्ठते ।
नमोऽस्तु बृहते तुभ्यं श्रद्धाबद्धाञ्जलेर्मम ॥८३६॥

अर्थ

यो सम्पूर्ण विश्व प्रपञ्चलाई व्याप्त गरेर स्थित भए पनि एक बित्ता मात्रामा (हृदय प्रदेशमा) बस्ने भएका हुनाले बृहत् नाम गरेका तपाईंलाई श्रद्धाले अञ्जलि बाँधेको मेरो नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८३७) कृशः

लोकसंग्रहसंपत्त्यै कठोरं कुर्वते तपः ।
परिक्षीणशरीराय कृशाय भवते नमः ॥८३७॥

अर्थ

लोकसंग्रहको निमित्त कठोर तपस्या गर्दा परिक्षीण (दुब्लो) शरीर भएका कृशनाम गरेका तपाईंलाई नमस्कार छ ।

८३८) स्थूलः

प्रयच्छते स्वभक्तेभ्यः स्थिरमिच्छाधिकं धनम् ।
स्थूललक्ष्याय भवते स्थूलाय शतशो नमः ॥८३८॥

अर्थ

आफ्ना भक्तहरूलाई स्थिर र इच्छाभन्दा पनि अधिक धन दिने, स्थूल लक्ष्य=ठूलो उद्देश्य भएका हुनाले स्थूल नाम गरेका तपाईंलाई शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८३४) भयनाशनः

वर्णाश्रमाचारवतां भयं नाशयते सते ।
तुभ्यं सभक्ति भयनाशनाय भगवन् ! नमः ॥८३४॥

अर्थ

वर्ण र आश्रमको आचारलाई मान्नेहरूको भयनाश गर्ने, सत्स्वरूप भएका भयनाशन नाम गरेका हे भगवान् ! तपाईंलाई भक्तिपूर्वक नमस्कार छ ।

८३५) अणुः

विपश्चिच्चिन्त्यमानाय सर्वकारणमूर्तये ।
चर्मचक्षुरनीक्ष्याय नमोऽस्तु शतशोऽणवे ॥८३५॥

अर्थ

विद्वान्हरूद्वारा चिन्तन गरिने भएका, सम्पूर्ण कारणका मूर्ति भएका, किन्तु चर्मचक्षु (स्थूल आँखाले) ले नदेखिने भएका अणुनाम गरेका तपाईंलाई शतशः नमस्कार छ ।

८३६) बृहत्

प्रपञ्चमेतं व्याप्याऽपि वितस्तिमधितिष्ठते ।
नमोऽस्तु बृहते तुभ्यं श्रद्धाबद्धाञ्जलेर्मम ॥८३६॥

अर्थ

यो सम्पूर्ण विश्व प्रपञ्चलाई व्याप्त गरेर स्थित भए पनि एक बित्ता मात्रामा (हृदय प्रदेशमा) बस्ने भएका हुनाले बृहत् नाम गरेका तपाईंलाई श्रद्धाले अञ्जलि बाँधेको मेरो नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८३७) कृशः

लोकसंग्रहसंपत्त्यै कठोरं कुर्वते तपः ।
परिक्षीणशरीराय कृशाय भवते नमः ॥८३७॥

अर्थ

लोकसंग्रहको निमित्त कठोर तपस्या गर्दा परिक्षीण (दुब्लो) शरीर भएका कृशनाम गरेका तपाईंलाई नमस्कार छ ।

८३८) स्थूलः

प्रयच्छते स्वभक्तेभ्यः स्थिरमिच्छाधिकं धनम् ।
स्थूललक्ष्याय भवते स्थूलाय शतशो नमः ॥८३८॥

अर्थ

आफ्ना भक्तहरूलाई स्थिर र इच्छाभन्दा पनि अधिक धन दिने, स्थूल लक्ष्य=ठूलो उद्देश्य भएका हुनाले स्थूल नाम गरेका तपाईंलाई शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८३९) गुणभृत्

विभिन्नचेतोऽभिरुचि त्रैलोक्यं विविधाकृति ।
सिसृक्षते सते तुभ्यं प्रभो ! गुणभृते नमः ॥८३९॥

अर्थ

विभिन्न चित्त र भिन्न-भिन्न रुचि भएको तथा विविध आकृति भएको त्रैलोक्यलाई सृष्टि गर्न चाहने भएका अनेक गुणलाई धारण गर्ने भएको यो संसारलाई रच्ने गुणभृत् नाम गरेका, सत्स्वरूप प्रभु ! तपाईंलाई नमस्कार छ ।

८४०) निर्गुणः

सच्चिदानन्दरूपाय प्रपञ्चपरवर्तिने ।
निर्गुणाय नमस्तुभ्यं श्रद्धाबद्धाञ्जलेर्मम ॥८४०॥

अर्थ

सच्चिदानन्दरूप भएका, यो विश्वप्रपञ्चबाट पर भएका निर्गुण नाम भएका तपाईंलाई श्रद्धाले अञ्जलिबद्ध मेरो नमस्कार छ ।

८४१) महान्

सर्वैर्गुणैः प्रपूर्णाय निर्गुणाय च तिष्ठते ।
महनीयाय भवते महते शतशो नमः ॥८४१॥

अर्थ

सम्पूर्ण गुणहरूले पूर्ण भएका र निर्गुण पनि भएका हुनाले महनीय (पूज्य) भएकाले महान् नाम गरेका तपाईंलाई शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८४२) अधृतः

न सन्ति यस्य धर्तारस्त्रिषु लोकेषु केचन ।
अधृताय नमस्तुभ्यं तस्मै नाथ ! सहस्रशः ॥८४२॥

अर्थ

जसलाई धारण गर्ने लोकमा कोही पनि छैन । कसैले धारण नगरिएका हुनाले अधृत नाम भएका हे नाथ ती तपाईंलाई सहस्रशः नमस्कार छ ।

टिप्पणी

पृथिव्यादि जो धारक छन् तिनका पनि धारक हुनाले र भगवान्लाई धारण गर्ने कोही नहुनाले भगवान् अधृत हुनुहुन्छ ।

८४३) स्वधृतः

स्वयं स्वेन प्रभुत्वेन ध्रियमाणाय सर्वदा ।
स्वधृताय सते तुभ्यं ममास्तु प्रणतिः सदा ॥८४३॥

अर्थ

आफ्ना प्रभुत्वले सर्वदा स्वयं आफैले धारण गरिएका हुनाले स्वधृत नाम गरेका र सत्स्वरूप भएका तपाईंलाई मेरा प्रणतिहरू सदा रहून् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८४४) स्वास्यः

आस्याद्विप्राँश्च वह्निं च वेदाँश्चोद्भाव्य तिष्ठते ।
लोककल्याणसज्जाय स्वास्याय भवते नमः ॥८४४॥

अर्थ

मुखबाट ब्राह्मणहरूलाई, अग्निलाई र वेदहरूलाई प्रकट गरेर रहने भएका, लोकको कल्याण गर्नका लागि सदैव सज्ज (तयार) भएका, स्वास्य नाम भएका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

(सु आस्य=स्वास्य सुन्दर मुख) सुन्दर कमलकोशको (भित्रको) तल जस्तो अत्यन्त कोमल सुन्दर आस्य (मुख) हुनाले भगवान् स्वास्य हुनुहुन्छ । वेदात्मक विशाल शब्दराशि भगवान्को मुखबाट प्रकट भएको हो त्यसैले वहाँ स्वास्य हुनुहुन्छ ।

८४५) प्राग्वंशः

यस्य वंशः(प्रपञ्चोऽयं) जठरे प्रागवस्थितः ।
तस्मै ते भगवन्नस्तु प्राग्वंशाय नमो नमः ॥८४५॥

अर्थ

जसको वंश (यो प्रपञ्च नै भगवान्को वंश हो) पूर्वकालमा भगवान्का पेटमा स्थित थियो त्यसैले प्राग्वंश नाम भएका हे भगवन् ती तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८४६) वंशवर्धनः

वंशं यदोर्वर्धयते च्छिन्दते तं च शापतः ।
तुभ्यं प्रभो द्विधा वंशवर्धनाय नमो नमः ॥८४६॥

अर्थ

यदुको वंशलाई वर्धन गर्ने (बढाउने) र (ब्राह्मणको) शापले त्यस वंशलाई नाश पनि गर्ने दुई प्रकारले वंशको वर्धन गर्ने भएका हे प्रभु तपाईंलाई नमस्कार छ ।

टिप्पणी

वृधु वृद्धौ भ्वादि, वृधु भाषार्थे, वर्ध छेदनपूरणयोः चुरादि पनि धातु अनेकार्थक हुनाले वर्धन र कर्तन दुवै अर्थमा हुन्छ । आफ्नो वंशरूप प्रपञ्चलाई वर्धन र छेदन पनि गर्नाले भगवान् वंशवर्धन हुनुहुन्छ ।

८४७) भारभृत्

शेषरूपेण धरणं विष्णुरूपेण पोषणम् ।
कुर्वते भगवन्नस्तु तुभ्यं भारभृते नमः ॥८४७॥

अर्थ

(यो प्रपञ्चको) शेषरूपले धारण एवं विष्णु रूपले पोषण गर्ने भएका हुनाले भारभृत् नाम गरेका हे भगवन् ! तपाईंलाई नमस्कार छ ।

टिप्पणी

डुभृञ् धारणपोषणयोः धातुबाट भार उपपद राखेर भारभृत् शब्द बन्दछ - त्यसैले भगवान्ले प्रपञ्च/भारलाई धारण पनि गर्नुहुन्छ पोषण पनि गर्नुहुन्छ । अनन्तादि रूपले पृथ्वीको भारलाई धारण गर्नुहुन्छ त्यसैले भगवान् भारभृत् हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८४८) कथितः

श्रुतिस्मृतिपुराणानामागमानां च राशिभिः ।
मुहुर्मुहुः प्रस्तुताय कथिताय नमो नमः ॥८४८॥

अर्थ

श्रुति-स्मृति-पुराण तथा आगमहरूका राशि-राशिहरूले बारम्बार प्रस्तुत गरिएका (कथित भएका) हुनाले कथित नाम भएका भगवान्लाई नमो नमः छ ।

८४९) योगी

रुन्धते चेतसो वृत्तिं कुर्वते कर्म काङ्क्षितम् ।
विविधोपायसज्जाय योगिने शतशो नमः ॥८४९॥

अर्थ

चित्तको वृत्तिलाई रोक्ने भएका तथा आफूले चाहेको कर्म गर्ने भएका, विविध उपायले युक्त भएका योगी नाम भएका भगवान्लाई शतशः नमस्कार छ ।

टिप्पणी

योग उपायलाई पनि भनिन्छ **योगः संहननोपायध्यानसङ्गतियुक्तिषु** (अमरकोषः) । योग ज्ञानलाई भनिन्छ, त्यसैले प्राप्य हुनाले भगवान् योगी हुनुहुन्छ । अथवा योग समाधिलाई भनिन्छ र भगवान् स्वात्मामा वा समाधिमा नै रहनुहुन्छ त्यसैले भगवान् योगी हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८५०) योगीशः

योगान्तरायैर्निखिलैर्व्याधिस्त्यानादिमूर्तिभिः ।
अबाधिताय भवते योगीशाय नमो नमः ॥८५०॥

अर्थ

योगका विभिन्न विघ्नस्वरूप भएका, व्याधि-स्त्यान-संशय-प्रमाद-आलस्य आदिरूप भएकाले कहिल्यै पनि बाधित नभएका योगीश नाम भएका हे भगवान् तपाईंलाई नमस्कार छ ।

टिप्पणी

अन्य योगीहरू योगका विघ्नहरूद्वारा आफ्ना स्वरूपबाट विचलित हुन्छन् तर भगवान्मा योगका ती विघ्नहरू नहुने हुनाले र तिनीहरुका ईश हुनाले योगीश हुनुहुन्छ ।

८५१) सर्वकामदः

प्राणिमैत्रीपवित्राणां निजं धर्ममनुज्झताम् ।
श्रद्धया भजतां सर्वकामदाय नमो नमः ॥८५१॥

अर्थ

प्राणीमात्रका प्रति मैत्री भावनाले पवित्र भएका तथा आफ्नो धर्मलाई त्याग नगर्ने भएका र श्रद्धापूर्वक भजन गर्नेहरूलाई सम्पूर्ण कामना दिने भएका हुनाले सर्वकामद नामका भगवान्लाई नमो नमः छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८५२) आश्रमः

शास्त्रानुसारिणां न्हणां संसारारण्यचारिणाम् ।
विश्रामदायिने तुभ्यमाश्रमाय नमो नमः ॥८५२॥

अर्थ

शास्त्रअनुसार चल्ने भएका, संसाररूपी वनमा घुम्ने मनुष्यहरूलाई विश्राम दिने भएका हुनाले आश्रम नाम भएका तपाईंलाई नमो नमः छ।

८५३) श्रमणः

कुर्वते भक्तिविमुखान् यतमानान् विमुक्तये ।
सर्वानेव श्रमफलान् श्रमणाय नमो नमः ॥८५३॥

अर्थ

भक्तिले रहित भएका तर मुक्तिका लागि प्रयत्न गर्ने मानिसहरूलाई श्रममात्र फल दिने श्रमण नाम भएका तपाईंलाई नमो नमः छ।

८५४) क्षामः

कुर्वते दुर्जनान् क्षामान् पुष्टानपि धनादिभिः ।
गुणग्रामाभिरामाय क्षामाय भवते नमः ॥८५४॥

अर्थ

धन इत्यादिले पुष्ट भएका दुर्जनहरूलाई पनि क्षाम=कृश (दुर्वल) शक्तिरहित गर्ने भएका तथा स्वयं गुण-समुदायले सुन्दर भएका हुनाले क्षाम नाम भएका तपाईंलाई नमस्कार छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८५५) सुपर्णः

छन्दःपर्णसमाच्छन्नभवाश्वत्थैकमूर्तये ।
तार्क्ष्यात्मना तिष्ठते च सुपर्णाय नमो नमः ॥८५५॥

अर्थ

छन्द अर्थात् वेद नै पर्ण=पत्र जस्ता भएकाले छोपिएको संसाररूपी अश्वत्थ (पीपल) नै एकमूर्ति भएका र गरुडरूपमा पनि स्थित भएकाले सुपर्ण नाम गरेका भगवान्लाई नमस्कार छ ।

८५६) वायुवाहनः

स्वश्रोत्रनिर्गतौ वायू श्वश्रेयसविधायिनौ ।
स्थाने वाहयते वायुवाहनाय नमो नमः ॥८५६॥

अर्थ

आफ्ना कानबाट निस्केका तथा कल्याण गर्ने भएका दुई वायुलाई वाहनको स्थान बनाउने भएका वायुवाहन नाम भएका तपाईंलाई नमो नमः छ ।

टिप्पणी

(वेदले भनेको छ **"श्रोत्राद् वायुश्च प्राणश्च"** भगवानका दुई कानबाट वायु र सामान्य प्राणवायु/प्राण निस्के वा प्रकट भए । प्राणवायु र सामान्य सांसारिक वायुद्वारा नै भगवान्ले संसारलाई चलाउनुभएको छ ।) प्राणवायु र सामान्य वायुलाई लक्ष्य गरेर ग्रन्थकारले द्विवचनको प्रयोग गरेको बुझिन्छ । जसको भयले वायु समस्त भूतहरूलाई वहन गर्छ ती भगवान् वायुवाहन हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८५७) धनुर्धरः

प्रबलैर्दशकण्ठाद्यैर्दुर्धरं धरते धनुः ।
धनुर्धराय भवते नतेः सन्तु परम्पराः ॥८५७॥

अर्थ

अत्यन्त प्रबल भएका दशकण्ठ (रावण) आदिद्वारा धारण गर्न नसकिएको धनु धारण गर्नाले धनुर्धर नाम भएका तपाईंलाई नति=नमस्कारका परम्परा प्राप्त होऊन् अर्थात् धेरै नमस्कार छ ।

८५८) धनुर्वेदः

धनुर्विद्यां विशेषेण विदते विश्वरक्षिकाम् ।
धनुश्च विन्दते नित्यं धनुर्वेदाय ते नमः ॥८५८॥

अर्थ

विश्वको रक्षक भएको धनुर्वेदलाई विशेषरूपले जान्ने र नित्य धनुषलाई प्राप्त गर्ने हुनाले धनुर्वेद नाम गरेका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

विद् धातु ज्ञान अर्थमा छ, धनुर्वेदलाई जान्ने भगवान् हुनुहुन्छ । विद्लृ लाभे तुदादि धातु लाभ अर्थमा छ भगवान्ले धनुर्वेदलाई प्राप्त गरेकाले पनि धनुर्वेद हुनुहुन्छ । ती भगवान् राम नै धनुर्वेद जान्नुहुन्छ त्यसैले भगवान् धनुर्वेद हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८५९) दण्डः

धनापहारप्रवणान् धर्मबाधाविधायिनः ।
दस्यून् दमयते चण्डान् दण्डाय भवते नमः ॥८५९॥

अर्थ

(अर्काको) धनको अपहरण गर्नमा प्रवण (चतुर) भएका एवं धर्ममा बाधा गर्ने भएका प्रचण्ड दस्यु (डाँका) हरूलाई दमन गर्ने दण्ड नाम भएका हजुरलाई नमस्कार छ ।

८६०) दमयिता

पृथुप्रभृतिरूपेण दुर्जनान् दमनोचितान् ।
वर्त्मस्थितान् विदधते दमयित्रे नमो नमः ॥८६०॥

अर्थ

दमन गर्न योग्य भएका दुर्जनहरूलाई पृथु आदि (राजाको) रूपले (दमन गरेर) मार्गस्थित=सन्मार्गमा रहने बनाउनाले दमयिता नाम भएका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८६१) दमः

फलरूपाय दण्डस्य दुरवापाय रागिभिः ।
मुक्तिसोपानभूताय दमाय शतशो नमः ॥८६१॥

अर्थ
दण्डको फलस्वरूप भएका र रागी पुरुषहरूले अप्राप्य भएका, मुक्तिका सोपान (सिंढी) नै भएका दम नाम भएका श्री भगवान्लाई शतशः नमस्कार छ ।

८६२) अपराजितः

अपारिताय निर्जेतुं प्रबलैरपि वैरिभिः ।
सभक्ति तुभ्यमपराजिताय शतशो नमः ॥८६२॥

अर्थ
प्रबल शत्रुहरूद्वारा पनि जित्न नसकिएका अपराजित नाम भएका तपाईंलाई भक्तिपूर्वक शतशः नमस्कार छ ।

८६३) सर्वसहः

सर्वं क्षमाशालितया सहमानाय दुःसहम् ।
सर्वं कर्तुं च शक्ताय नमः सर्वसहाय ते ॥८६३॥

अर्थ
अत्यन्त क्षमाशील हुनाले सहन गर्न नसकिने सबै कुराहरूलाई सहन गर्ने भएका र सबै गर्न समर्थ भएका हुनाले सर्वसह नाम भएका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८६४) नियन्ता

नातिक्रामन्ति मर्यादां सिन्ध्वाद्या यन्नियन्त्रिताः ।
तस्मै ते भगवन् ! नित्यं नियन्त्रे शतशो नमः ॥८६४॥

अर्थ

जसले नियन्त्रण गर्नाले समुद्र आदि (आफ्नो) मर्यादालाई अतिक्रमण (उल्लङ्घन) गर्दैनन् । त्यसैले नियन्ता नाम भएका हे भगवान् ! तपाईंलाई नित्य शतशः नमस्कार छ ।

८६५) अनियम/नियमः

नियामको यस्य नास्ति योऽस्ति सर्वनियामकः ।
तस्मै तेऽनियमायास्तु भगवन् ! मामिका नतिः ॥८६५॥

अर्थ

जसको कुनै नियामक छैन त्यसैले अनियम नाम भएका, जो सबैका नियामक छन् त्यसैले नियम नाम भएका तिनै तपाईं नियम वा अनियम नाम भएकालाई मेरो नमस्कार छ ।

टिप्पणी

भगवान्‌का निमित्त कुनै नियम (नियति) छैन । त्यसैले भगवान् अनियम हुनुहुन्छ । भगवान् सबैका नियन्ता हुनुहुन्छ र वहाँलाई नियन्त्रण गर्ने कोही छैन त्यसैले भगवान् नियम हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८६६) अयमः/यमः

यमनेन विहीनाय(स्वच्छन्दाय सते सदा) ।
मृत्युना च विहीनायाऽयमाय भवते नमः ॥८६६॥

अर्थ

यमन (नियन्त्रण) ले रहित भएका, सदा स्वच्छन्द रहने भएका (अयम नाम भएका) र मृत्युले पनि रहित भएका हुनाले अयम नाम भएका तथा सबैको यमन (नियन्त्रण) गर्ने हुनाले यम नाम भएका तपाईंलाई नमस्कार छ ।

८६७) सत्त्ववान्

सत्त्वं(बलं शोभनत्वं नित्यत्वं च)निरन्तरम् ।
बिभ्रतेऽदभ्रयशसे तुभ्यं सत्त्ववते नमः ॥८६७॥

अर्थ

सत्त्व (बल, शोभनत्व, नित्यत्व) लाई निरन्तर धारण गर्ने अत्यन्त यशस्वी सत्त्ववान् नाम गरेका तपाईंलाई नमस्कार छ ।

सत् शब्दको अर्थ बल हुन्छ, सुन्दर हुन्छ र नित्य पनि हुन्छ । भगवान्मा बल, सुन्दरता र नित्यता निरन्तर विद्यमान छन् त्यसैले भगवान् सत्त्ववान् हुनुहुन्छ । भगवान्मा शौर्यवीर्यादि सत्त्वगुण छन्, त्यसैले भगवान् सत्त्ववान् हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८६८) सात्त्विकः

अहर्निशं सत्त्वगुणप्रधानं कर्म कुर्वते ।
शान्ताकाराय भवते सात्त्विकाय नमो नमः ॥८६८॥

अर्थ

निरन्तर सत्त्वगुण प्रधान कर्म गर्ने हुनाले र शान्त आकार भएका हुनाले सात्त्विक नाम गरेका तपाईंलाई नमो नमः छ ।

८६९) सत्यः

त्रिकालाबाध्यसत्ताय वैतथ्यरहिताय च ।
साधवे सत्सु च सदा सत्याय भवते नमः ॥८६९॥

अर्थ

तीनै कालमा अबाधित सत्ता हुनाले तथा असत्यताले रहित पनि भएका हुनाले सज्जनहरू प्रति सदा साधु हुनाले सत्य नाम भएका तपाईंलाई नमस्कार छ ।

८७०) सत्यधर्मपरायणः

सत्ये धर्मे दृढत्वेन साकल्याद्यः प्रवर्तते ।
स प्रभुः प्रीयतां नत्या सत्यधर्मपरायणः ॥८७०॥

अर्थ

सत्य र धर्ममा अथवा सत्यरूप धर्ममा जुन भगवान् दृढरूपले र सम्पूर्ण रूपले प्रवृत्त हुनुहुन्छ, सत्यधर्मपरायण नाम भएका ती प्रभु नमस्कारद्वारा प्रसन्न हुनुहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८७१) अभिप्रायः

ससाधनैरीप्सिताय साक्षात् कर्तुं तपोधनैः ।
अभिप्रायाय भवते भगवन् ! भावये नमः ॥८७१॥

अर्थ

तपस्या नै धन भएका तपस्वीहरूद्वारा साक्षात्कार गर्नका लागि आफ्ना सम्पूर्ण साधनहरूद्वारा ईप्सित भएका (भगवान्लाई प्राप्त गर्ने अभिप्राय राखिएका) हुनाले अभिप्राय नाम भएका हे भगवन् ! म तपाईंलाई नमस्कार गर्दछु ।

८७२) प्रियार्हः

प्रियायाऽऽत्मतयाऽर्हां च(पूजारूपां) समर्हते ।
प्रियार्हाय नमस्तुभ्यमर्हया च प्रसीदते ॥८७२॥

अर्थ

आत्मस्वरूप हुनाले (सबैको) प्रिय भएका तथा अर्हा अर्थात् पूजाका योग्य भएका र पूजाले प्रसन्न हुने भएका प्रियार्ह नाम भएका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८७३) अर्हः

राजसूयसमारम्मे पूजिताय पृथात्मजैः ।
सर्वतोऽभ्यर्हणीयायाऽर्हाय तुभ्यं नमो नमः ॥८७३॥

अर्थ

राजसूय यज्ञको प्रारम्भमा पृथा (कुन्ती) का पुत्रहरूले (सर्वप्रथम) पूजित भएका, सबैभन्दा पूज्य पनि भएका अर्ह नाम भएका तपाईंलाई नमो नमः छ ।

८७४) प्रियकृत्

कल्याणं विदधानाय पादपल्लवसेविनाम् ।
प्रसादरम्याकृतये तुभ्यं प्रियकृते नमः ॥८७४॥

अर्थ

चरणकमलको सेवा गर्नेहरूको कल्याण गर्ने तथा प्रसाद (प्रसन्नता) ले अत्यन्त सुन्दर आकृति भएका सबैको प्रिय गर्ने प्रियकृत् नाम भएका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८७५) प्रीतिवर्धनः

सकृत्कृताभ्यर्चनानां सत्त्वमेधयते सते ।
तुभ्यं कृताञ्जलि प्रीतिवर्धनाय नमो नमः ॥८७५॥

अर्थ

एकपटक पनि पूजा गर्नेहरूको सत्त्व (गुण) लाई बढाउने भएका, सत्स्वरूप भएकाले प्रीतिलाई पनि बढाउने भएका प्रीतिवर्धन नाम भएका तपाईंलाई कृताञ्जलि=हात जोडेर नमस्कार छ ।

८७६) विहायसगतिः

निराधारे निरालम्बे वितते व्योमवर्त्मनि ।
गच्छन् प्रणम्यते प्रीत्या विहायसगतिः प्रभुः ॥८७६॥

अर्थ

निराधार र निरालम्ब विस्तृत आकाश मार्गमा जाने विहायसगति (आकाश गति) नाम भएका प्रभु प्रेमपूर्वक प्रणाम गरिनुहुन्छ ।

टिप्पणी

जसको गति अर्थात् आश्रय विहायस (आकाशमा) छ ती भगवान् विहायसगति हुनुहुन्छ । विष्णुपद अथवा सूर्यरूपले भगवान् विहायसगति हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८७७) ज्योतिः

ग्रहर्क्षगणवह्नीन्दुब्रध्नरूपेण सर्वदा ।
जगद्भासयते तुभ्यं ज्योतिषे बहुशो नमः ॥८७७॥

अर्थ

ग्रहहरू, ऋक्ष (नक्षत्र) गणहरू, अग्नि-चन्द्रमा तथा ब्रध्न (सूर्य) रूपले सर्वदा जगत्लाई भासित (प्रकाशित) गर्ने ज्योतिः नाम भएका तपाईंलाई धेरै पटक नमस्कार छ ।

८७८) सुरुचिः

मनोरमेण वपुषा रुचिरं कर्म कुर्वते ।
अभ्यन्तराय जगतां तुभ्यं सुरुचये नमः ॥८७८॥

अर्थ

मनोरम शरीरद्वारा रुचिर (राम्रो) कर्म गर्ने, संसारको अभ्यन्तर (आन्तरिक) स्वरूप भएका हुनाले सुरुचि नाम भएका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८७९) हुतभुक्

सभक्ति सम्भृतश्रद्धं सुहुतं भुञ्जते हविः ।
नमस्तुभ्यं हुतभुजे जगच्छ्रेयसि जाग्रते ॥८७९॥

अर्थ

भक्ति र श्रद्धाले जोडिएको, राम्रैसँग हुत गरिएको हवि भोग गर्ने तथा जगत्को कल्याणका निमित्त सदैव जाग्रत रहने हुतभुक् नाम भएका तपाईंलाई नमस्कार छ ।

८८०) विभुः

अधीशतामाश्रयते व्यापकत्वेन तिष्ठते ।
करोमि योजितकरो विभवे बहुशो नमः ॥८८०॥

अर्थ

(सबै प्रपञ्चको) अधीशता, (स्वामित्व) ग्रहण गर्ने (सबैका स्वामी भएका) तथा व्यापक (विभु) रूपले रहने विभु नाम भएका प्रभुलाई हात जोडेर धेरैपटक नमस्कार गर्छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८८१) रविः

रसानाददते भौमान् रूयमाणाय जन्मिभिः ।
सभक्ति तुभ्यं रवये कलये शतशो नमः ॥८८१॥

अर्थ

पृथ्वीका सम्पूर्ण रसहरूलाई ग्रहण गर्ने तथा प्राणीहरूद्वारा स्तुति गरिने (आह्वान गरिने) रवि नाम भएका हे भगवन् ! तपाईंलाई भक्तिपूर्वक शतशः नमस्कार गर्छु ।

८८२) विरोचनः

सर्वं जगद्रोचयते रोचमानाय धर्मिणे ।
विरोचनाय भवते रोचतां मे नमस्कृतिः ॥८८२॥

अर्थ

सम्पूर्ण जगत्लाई रोचित (प्रकाशित) गर्ने तथा रोचमान (प्रकाशमान) भएका धर्मी (स्वप्रकाश) स्वरूप भएका विरोचन नाम भएका तपाईंलाई मेरो नमस्कार रुचोस् वा राम्रो लागोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८८३) सूर्यः

कर्मणे सुवते लोकान् सरते च नभोङ्गणे ।
भूर्यादरेण क्रियते सूर्याय शतशो नतिः ॥८८३॥

अर्थ

कर्मको लागि सबै लोकलाई प्रेरणा गर्ने तथा आकाशरूपी आँगनमा गमन गर्ने सूर्य नाम भएका तपाईंलाई अत्यन्त आदरपूर्वक नमस्कार गरिन्छ ।

टिप्पणी

शोभालाई जन्म दिन्छन् त्यसैले सूर्य वा अग्नि सूर्य हुनुहुन्छ । भगवान् सूर्य र अग्निस्वरूप पनि हुनुहुन्छ त्यसैले सूर्य हुनुहुन्छ ।

८८४) सविता

सर्वान् जनयते लोकान् तांश्च प्रेरयते कृतौ ।
पवित्रदर्शनायास्तु सवित्रे शतशो नमः ॥८८४॥

अर्थ

सबै लोकलाई जन्म दिने र तिनीहरूलाई कार्यमा प्रेरणा गर्ने तथा दर्शन नै पवित्र भएका हुनाले सविता नाम भएका तपाईंलाई शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८८५) रविलोचनः

द्वादशात्मा रविर्यस्य दृशमेकां समाश्रितः ।
स प्रीयतां प्रणतिभिर्भगवान् रविलोचनः ॥८८५॥

अर्थ

द्वादशात्मा (बाह्र शरीर) भएका सूर्य जसको एउटा आँखामा आश्रित छन् तिनै रविलोचन नाम भएका भगवान् प्रणामहरूद्वारा प्रसन्नता प्राप्त गरून् ।

८८६) अनन्तः

देशकालानवच्छेद्यविग्रहाय (सदा सते) ।
शेषतामपि यातायाऽनन्ताय शतशो नमः ॥८८६॥

अर्थ

देश र कालले अनवच्छिन्न शरीर भएका (देशकालले भगवान्‌को अवस्थालाई व्यक्त गर्न नसकिने भएका) तथा सदा सत्स्वरूप नै भएका र शेष नागको पनि स्वरूप भएका (शेषनागको पनि नाम अनन्त हुनाले) अनन्त नाम भएका भगवान्‌लाई शतशः नमस्कार छ ।

टिप्पणी

नित्य हुनाले, सर्वगत हुनाले तथा देशकालको परिच्छेदको अभाव हुनाले भगवान् अनन्त हुनुहुन्छ अथवा शेषरूप हुनाले पनि भगवान् अनन्त हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८८७) हुतभुक्

यथाविधि हुतं लोकै(र्वह्नौ क्षिप्तं) शुभं हविः ।
भुञ्जते विधिवात्सल्यात्तुभ्यं हुतभुजे नमः ॥८८७॥

अर्थ

लोकद्वारा विधिपूर्वक हवन गरिएको अग्निमा प्रक्षेप गरिएको शुभहवि (पुरोडाश-चरु) विधिको प्रेमी हुनाले हुतको भोग गर्ने हुतभुक् नाम गरेका तपाईंलाई नमस्कार छ ।

८८८) भोक्ता

पीडचमानं दुराचारैर्दुर्दान्तैर्निर्दयैर्जनैः ।
कृत्स्नं जगत् पालयते भोक्त्रे तुभ्यं नमो नमः ॥८८८॥

अर्थ

अत्यन्त दुष्ट, दुराचारी, दयारहित जनहरूद्वारा पीडित भएको सम्पूर्ण जगत्लाई पालन गर्ने भएका भोक्ता नामका तपाईंलाई नमो नमः छ ।

टिप्पणी

प्रकृति र पुरुषमा प्रकृति भोग्या हुन् र अचेतन हुन्, पुरुष चेतन हो र भोग्या प्रकृतिको भोक्ता हो । त्यसैले भगवान् भोक्ता हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८८९) सुखदः

ददते सुखमार्तेभ्यः प्रपन्नेभ्यो यथेप्सितम् ।
सुखदाय नमस्तुभ्यं खदूषणहराय च ॥८८९॥

अर्थ

शरणमा आएका आर्त (दुःखी) जनहरूलाई उनीहरूले चाहेजति सुख दिने तथा आकाशको दोषलाई हरण गर्ने सुखद नाम भएका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

सुखं ददाति इति सुखदः । भक्तहरूलाई मोक्षरूप सुख दिनुहुन्छ त्यसैले भगवान् सुखद हुनुहुन्छ । अथवा असुख (दुःख) लाई दान गर्नुहुन्छ, खण्डन गर्नुहुन्छ त्यसैले सुखद हुनुहुन्छ । **भोक्ताऽसुखदः** यस्तो पाठ माने असुखद (दुःख) लाई खण्डन गर्ने अर्थ हुन्छ ।

८९०) नैकजः

युगे युगे धर्महेतोर्देवतिर्यङ्नरादिषु ।
असकृज्जायमानाय नैकजाय नमो नमः ॥८९०॥

अर्थ

युग-युगमा धर्म(रक्षा)का लागि देवता, तिर्यक् (पशुपक्षी) तथा मनुष्य आदिमा एकवार होइन अनेकबार जायमान=उत्पन्न हुने हुनाले नैकज नाम भएका भगवान्‌लाई नमो नमः छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८९१) अग्रजः

हिरण्यगर्भरूपेण सर्वतः प्रथमं स्वयम् ।
प्रादुर्भूताय भवतेऽग्रजाय शतशो नमः ॥८९१॥

अर्थ

हिरण्यगर्भ (ब्रह्मा) को रूपले सर्वतः प्रथम स्वयं नै प्रादुर्भाव (प्रकट) भएका हुनाले (सबैभन्दा अघि जन्मेका हुनाले) अग्रज नाम भएका तपाईंलाई शतशः नमस्कार छ ।

८९२) अनिर्विण्णः

स्वीयं चिकीर्षितं कर्म सद्यः सिद्धं प्रपश्यते ।
अनिर्विण्णाय भवते भगवन् ! भावये नमः ॥८९२॥

अर्थ

आफ्नो चिकीर्षित (गर्न चाहेको) कर्म तुरुन्तै सिद्ध भएको देख्ने भएकाले अनिर्विण्ण नाम भएका तपाईंलाई हे भगवन् ! नमस्कारको भावना गर्छु ।

टिप्पणी

निर्विण्ण भनेको विरक्त हो, मनुष्यको कामना पूर्ण नभएमा विरक्त हुन्छ, भगवान्को कामना सदैव पूर्ण छ त्यसैले निर्विण्ण नभई अनिर्विण्ण हुनुहुन्छ । सम्पूर्ण कामना पूर्ण प्राप्त भएको हुनाले र अप्राप्ति कुनै पनि नभएको हुनाले भगवान् अनिर्विण्ण हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८९३) सदामर्षी

सकृत्प्रमादसंजातपातकान् भजतो निजम् ।
क्षाम्यते साञ्जलि सदामर्षिणे भवते नमः ॥८९३॥

अर्थ

एकपटक प्रमादले गर्दा भएका पापले युक्त भएका र भगवान्‌को भजन गर्ने भएका आफ्ना भक्तहरूलाई सदा क्षमा गर्ने भएका हुनाले सदामर्षी नाम भएका तपाईंलाई हात जोडेर नमस्कार छ ।

टिप्पणी

सदामर्षी सदापूर्वक मृष तितिक्षायाम् धातुबाट (आङ् उपसर्ग लाएर पनि सिद्ध हुन्छ आ=आभिमुख्येन=सम्मुख सहन गर्ने, सदा सहन गर्ने दुवै अर्थ हुन्छ । साधुहरूलाई सदा आफ्नो सम्मुख सहन गर्नुहुन्छ वा क्षमा गर्नुहुन्छ त्यसैले भगवान् सदामर्षी हुनुहुन्छ ।

८९४) लोकाधिष्ठानम्

उपादानत्वेन पूर्वं परमाधारतावशात् ।
सभक्ति भवते लोकाधिष्ठानाय नमो नमः ॥८९४॥

अर्थ

सृष्टिपूर्व उपादानरूपमा (कारणरूपमा) सृष्टि पश्चात् आधार हुनाले लोकका अधिष्ठान अर्थात् आधार भएका लोकाधिष्ठान नाम गरेका तपाईंलाई भक्तिसहित नमो नमः छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८९५) अद्‌भुतः

य: सर्वतोऽपि पूर्णः सन् द्रष्टुं ध्यातुं न शक्यते ।
चित्ररूपाय तस्मै तेऽद्‌भुताय भगवन्नमः ॥८९५॥

अर्थ

जो सबैतिरबाट पूर्ण भएर पनि देख्न र ध्यान गर्न सकिनुहुन्न, विचित्ररूप भएका तिनै ती अद्‌भुत नाम गरेका हे भगवन् ! तपाईंलाई नमस्कार छ ।

८९६) सनात्

अनारतप्रवाहाय मनागपि न तिष्ठते ।
जनाऽगम्यविचाराय सनात् ! तुभ्यं नमो नमः ॥८९६॥

अर्थ

निरन्तर प्रवाहले युक्त भएका क्षणमात्र पनि गतिरोध नभएका, मानिसद्वारा अगम्य (जान्न नसकिने) विचार भएका सनात् नाम भएका तपाईंलाई नमो नमः छ ।

टिप्पणी

सनात् यो निपात हो र अव्यय हो । जसको चिरकाल वा नित्य अर्थ हुन्छ । काल पनि परमात्माको स्वरूप हो, त्यसैले भगवान् सनात् हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८९७) सनातनतमः

सर्वान् सनातनम्मन्यान् यः करोति तदाननान् ।
प्रीयतां स प्रणामेन सनातनतमः प्रभुः ॥८९७॥

अर्थ

आफूलाई सनातन मान्नेहरू सबैलाई जसले तदानीन्तन (त्यस कालमा मात्र भएका) गर्दिनुहुन्छ, आफू भने सनातनतम सधैं रहनेवालाहरूमा (प्राचीनतम) बन्नुहुन्छ त्यसैले सनातनतम नाम भएका तपाईं प्रभु मेरा प्रणामले प्रसन्न हुनुहोस् ।

८९८) कपिलः

दशग्रीवग्रासकामान् कपीन् संगृह्णते बहून् ।
रामत्वे कपिलायाऽस्तु नमः कर्दमजाय च ॥८९८॥

अर्थ

दशग्रीव रावणले ग्रास गर्न खोजिएका कपि अर्थात् धेरै वानरहरूलाई रामका रूपमा संग्रह गर्ने भएका हुनाले कपिल नाम (कपीन् लाति इति कपिलः) र कर्दम ऋषिका छोरा हुनाले पनि कपिल नाम गरेका भगवान्लाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८९९) कपिः

व्यवहारं जागतं यश्चारु चालयति द्रुतम् ।
तस्मै करोमि ते नित्यं कपये शतशो नमः ॥८९९॥

अर्थ

जगत्को व्यवहारलाई जसले सुन्दररूपले शीघ्र चलाउनुहुन्छ त्यसैले कपि नाम भएका तपाईं ती भगवान्लाई नित्य शतशः नमस्कार गर्छु ।

टिप्पणी

कपि चलने धातुबाट कपि बनेको हो, **कम्पते इति कपिः** = जो चलनशील छ त्यो कपि हो । संसारलाई चलनशील बनाएको हुनाले भगवान् कपि हुनुहुन्छ । **कं जलं पिबतीति कपिः** । कं अर्थात् जललाई किरणहरूद्वारा पिउने भएका हुनाले कपि सूर्य हुन् अथवा वराह भगवान् पनि कपि हुनुहुन्छ ।

९००) अप्ययः

यस्मिन् लये प्रविशति जगदेतदनत्यये ।
जगत्कोषाय तस्मै तेऽप्ययाय शतशो नमः ॥९००॥

अर्थ

प्रलयमा जुन कहिल्यै नाश नहुने भगवान्मा यो जगत् प्रवेश गर्छ, जगत्का कोषरूप तिनै ती अप्यय नामका भगवान्लाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

अप्यय शब्द अपिपूर्वक इण् धातुबाट बन्दछ । अप्येति जगत् अस्मिन्निति अप्ययः । जगत् जसमा जान्छ त्यो अप्यय हो । प्रलयकालमा जगत् भगवान्मा अपगत हुन्छ वा विलीन हुन्छ त्यसैले भगवान् अप्यय हुनुहुन्छ ।

सहस्रनामविवृतौ कुलचन्द्रकृताविदम् ।
नवमं शतकं प्राप पूर्णतां कृपया हरेः ॥

कुलचन्द्रको कृतिरूप यस सहस्रनामको व्याख्यामा यो नवम शतक हरिका कृपाले पूर्ण भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९०१) स्वस्तिदः

ऋद्धैः श्रद्धाकृतैः सद्भिर्यागैः प्रीतिमुपेयुषे ।
इन्द्राय वृद्धश्रवसे स्वस्तिदाय नमो नमः ॥९०१॥

अर्थ

समृद्ध तथा श्रद्धापूर्वक गरिएका शुद्ध यज्ञहरूले प्रीति प्राप्त गर्ने भएका, प्रवृद्ध (बढेको) श्रव (यश) भएका र इन्द्रस्वरूपले स्वस्ति=कल्याण दिने भएका हुनाले स्वस्तिदः नाम भएका भगवान्लाई नमो नमः छ ।

९०२) स्वस्तिकृत्

पूषणाद् भजते प्रीतिं महतीं विश्ववेदसे ।
अन्यतस्तिष्ठते तूष्णीं पूष्णे स्वस्तिकृते नमः ॥९०२॥

अर्थ

वृद्धिले अत्यन्त प्रसन्न हुने तथा सम्पूर्ण विश्वलाई नै जान्ने, अन्य कुरामा चूप (मौन) बस्ने, वृद्धि गर्नाले कल्याण गर्ने स्वस्तिकृत् नाम भएका भगवान्लाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९०३) स्वस्तिः

सभक्ति भजतां न्हणां भद्रभावेन तिष्ठते ।
अरिष्टनेमये तुभ्यं वच्मि स्वस्ति सगौरवम् ॥९०३॥

अर्थ

भक्तिपूर्वक भजन गर्ने मनुष्यहरूका निमित्त भद्रभावले (कल्याण स्वरूपले) रहने अरिष्टनेमि नाम भएका तपाईंलाई गौरवपूर्वक स्वस्तिवाचन गर्छु ।

९०४) स्वस्तिभुक्

भक्तिभाजां मङ्गलानि वाग्भिः पालयते सते ।
नमोऽस्तु बृहतां पत्ये तुभ्यं स्वस्तिभुजे मुहुः ॥९०४॥

अर्थ

भक्तहरूका मङ्गलहरू वचनले पालन गर्ने भएका, सत्स्वरूप, ठूलाहरूका पनि स्वामी भएका हुनाले स्वस्तिभुक् नाम भएका तपाईं भगवान्‌लाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९०५) स्वस्तिदक्षिणः

स्वस्तिदानैकदक्षाय भक्तिपक्षावलम्बिनाम् ।
तुभ्यं सहस्रशः स्वस्तिदक्षिणाय नमो नमः ॥९०५॥

अर्थ

भक्तिको पक्षलाई आश्रय लिनेहरूलाई स्वस्तिदान अर्थात् कल्याणदान गर्न एकमात्र दक्ष भएका स्वस्तिदक्षिण नाम भएका तपाईंलाई हजारौं नमस्कार छन् ।

टिप्पणी

दक्ष धातु वृद्धि र शीघ्रार्थमा छ साथै गति र हिंसा अर्थमा पनि छ, स्वस्ति-कल्याणको वृद्धि गर्नुहुन्छ वा कल्याणमा दक्ष चतुर हुनुहुन्छ । दुवै अर्थमा भगवान् स्वस्तिदक्षिण हुनुहुन्छ । स्वस्तिरूपले भगवान् बढ्नुहुन्छ त्यसैले भगवान् स्वस्तिदक्षिण हुनुहुन्छ वा स्वस्तिदानमा समर्थ हुनुहुन्छ ।

९०६) अरौद्रः

प्रावृट्पयोदरुचये कृपापीयूषवर्षिणे ।
तुभ्यं सभक्ति भगवन्नरौद्राय नमो नमः ॥९०६॥

अर्थ

वर्षाकालिक मेघको जस्तो कान्ति भएका र कृपारूप अमृतको वर्षा गर्ने अरौद्र (भयङ्कर नभएका - कठोर नभएका) हे भगवान् तपाईंलाई भक्तिपूर्वक नमो नमः छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९०७) कुण्डली

साङ्ख्ययोगस्वरूपे द्वे कुण्डले बिभ्रते सते ।
असीमसुषमाढ्याय तुभ्यं कुण्डलिने नमः ॥९०७॥

अर्थ

सांख्य-योग दर्शनस्वरूप दुई कुण्डल (कानमा लगाउने अलङ्कारविशेष) धारण गर्ने एवं अनन्तशोभाले युक्त कुण्डली नाम भएका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

शेषनाग रूप हुनाले अथवा सूर्यमण्डलको जस्तो कुण्डल धारण गर्नाले वा सांख्ययोगरूपी मकराकृति कुण्डल धारण गर्नुहुन्छ त्यसैले भगवान् कुण्डली हुनुहुन्छ ।

९०८) चक्री

मनोमयं सहस्रारं सहस्रांशुसहस्रभम् ।
तेजस्तत्त्वमयं चक्रं बिभ्रते चक्रिणे नमः ॥९०८॥

अर्थ

मनोमय हजारौं धार भएको हजारौं सूर्यको जस्तो कान्ति भएको, तैजस तत्त्वस्वरूप भएको चक्र (सुदर्शन चक्र) धारण गर्ने चक्री नाम भएका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९०९) विक्रमी

शक्रप्रभृतिदिक्पालाश्रयणीयं महत्तमम् ।
विक्रमं श्रयते तुभ्यं सदा विक्रमिणे नमः ॥९०९॥

अर्थ

इन्द्रादि दिक्पालहरूद्वारा आश्रय लिइने, महत्तम (अत्यन्त ठूलो) विक्रम (पराक्रम) धारण गर्ने विक्रमी नाम भएका तपाईंलाई सदा नमस्कार छ ।

टिप्पणी

विक्रम भनेको पाउ राख्नु हो, वामन रूपमा भगवान्ले पाउ वढाउनुभएको थियो । पादविक्षेप र पराक्रम अरुको भन्दा विशेष हुनाले भगवान् विक्रमी हुनुहुन्छ ।

९१०) ऊर्जितशासनः

ऊर्जितं शासनं यस्य न क्वचित् प्रतिहन्यते ।
प्रणम्यते स प्रणयात् प्रभुरूर्जितशासनः ॥९१०॥

अर्थ

ऊर्जित (वलियो) शासनं जसको कहीं पनि प्रतिहत हुँदैन (रोकिंदैन), त्यसैले ऊर्जितशासन नाम भएका ती प्रभु (मद्वारा) प्रेमपूर्वक प्रणाम गरिनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९११) शब्दातिगः

न शक्नुवन्ति निर्वक्तुं यं साक्षाच्छ्रुतयः श्रुताः ।
शब्दातिगाय तस्मै ते शतशोऽस्तु नमो नमः ॥९११॥

अर्थ

साक्षात् सुनिएका श्रुति (वेद) हरू जसको निर्वचन गर्न सक्दैनन् (वेदहरूले भगवान्को व्याख्या गर्न सक्दैनन्) । वेदहरू शब्दस्वरूप छन् ती शब्दस्वरूप वेदलाई पनि अतिक्रमण गर्ने हुनाले शब्दातिग नाम भएका तिनै तपाईं भगवान्लाई शतशः नमस्कार छ ।

टिप्पणी

शब्दको प्रवृत्ति (व्यवहार)को कारण भएका जाति इत्यादि भगवान्मा असम्भव छन्, शब्दले वर्णन गर्न सकिंदैन, त्यसैले भगवान् शब्दातिग हुनुहुन्छ ।

९१२) शब्दसहः

शब्दा यस्मिन्नेव नित्यं निपतन्ति श्रुतीरिताः ।
तस्मै तुभ्यं सदा शब्दसहाय शतशो नमः ॥९१२॥

अर्थ

श्रुति अर्थात् वेदहरूले भनिएका शब्दहरू जसमा नित्य नै परिरहन्छन् (श्रुतिहरूले नित्य भगवान्को गान गर्छन्) त्यसै हुनाले शब्दसह (शब्दलाई सहन गर्ने) नाम भएका तिनै तपाईंलाई शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९१३) शिशिरः

तापत्रयोपतप्तानामितश्चेतश्च धावताम् ।
शरणीकरणीयाय शिशिराय नमो नमः ॥९१३॥

अर्थ

आधिभौतिक, आध्यात्मिक र आधिदैविक यी तापत्रयले असाध्यै सन्तप्त भएका र शरणको लागि यताउता दौडने भएका, (जीवले) शरण गर्न योग्य भएका शिशिर नाम भएका भगवान्लाई नमो नमः छ । (शिशिर भनेको शीतल हो र तापले पीडित भएकालाई शीतलता चाहिन्छ ।)

९१४) शर्वरीकरः

ग्रीष्ममध्याह्नमार्तण्डनिभाद् भीतस्य मे भवात् ।
प्रीतः प्रणामेन भवेद् भगवान् शर्वरीकरः ॥९१४॥

अर्थ

ग्रीष्म कालको मध्याह्नको सूर्य समान भएका, संसाररूपी (तापबाट) डराएको मलाई शर्वरीकर रात्रिरूपी शीतलता प्रदान गर्ने चन्द्रमाजस्ता शर्वरीकर भगवान् प्रणामद्वारा प्रसन्न हुनुहोस् ।

टिप्पणी

संसारीहरूका निमित्त आत्मा नै शर्वरी अर्थात् रात्री जस्तो हो, ज्ञानीहरूका लागि संसार नै रात्री हो ती दुवैका निमित्त भगवान् शर्वरी अर्थात् रात्रि गर्नुहुन्छ, त्यसैले भगवान् शर्वरीकर हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९१५) अक्रूरः

क्रूरो यस्मात् खले नास्ति, मृदुर्यश्चास्ति सज्जने ।
अक्रूराय नमस्तस्मै पविपुष्पमयात्मने ॥९१५॥

अर्थ

जुन भगवान् खलका निमित्त भगवान् जस्तो क्रूर कोही छैन, एवं सज्जनका निमित्त भगवान् जस्तो कोमल कोही छैन त्यसैले अक्रूर नाम भएका बज्र र पुष्प जस्तो शरीर भएका ती भगवान्लाई नमस्कार छ ।

९१६) पेशलः

मनोरमशरीराय चरणादरिणां सताम् ।
अनुकूलाय भवते पेशलाय नमो नमः ॥९१६॥

अर्थ

मनोरम शरीर भएका एवं चरणकमलको आदर गर्ने भएका सज्जनहरूका निमित्त अनुकूल भएका हुनाले पेशल नाम भएका तपाईंलाई नमो नमः छ ।

९१७) दक्षः

सर्वसंपत्तिपूर्णाय सत्वरं कर्म कुर्वते ।
चातुर्यचारुचित्ताय दक्षाय भवते नमः ॥९१७॥

अर्थ

सम्पूर्ण सम्पत्तिले पूर्ण भएका र सत्वर=शीघ्र कर्म गर्ने भएका तथा चतुरताले सुन्दर चित्त भएका दक्ष नाम भएका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

बढेको, समर्थ भएको र शीघ्र कार्य गर्नेलाई दक्ष भनिन्छ । यी तीनै गुण भगवान्मा छन् त्यसैले भगवान् दक्ष हुनुहुन्छ ।

९१८) दक्षिणः

नानातापोपपन्नानां प्रपन्नानां च पादयोः ।
अनुकूलाय भवते दक्षिणाय नमो नमः ॥९१८॥

अर्थ

नाना प्रकारका तापले पीडित भएका तथा भगवान्का चरणहरूमा प्राप्त भएकाहरूको निमित्त अनुकूल भएका हुनाले दक्षिण नाम भएका तपाईंलाई नमो नमः छ ।

टिप्पणी

दक्षिण शब्दको पनि दक्ष नै अर्थ हो । दक्ष धातुको गति र हिंसा अर्थ हुनाले भगवान्मा गति (सर्वत्र गमन) र हिंसा सबैलाई अन्त्यमा संहार गर्ने हुनाले भगवान् दक्षिण हुनुहुन्छ ।

९१९) क्षमिणां वरः

क्षमावतां(सहिष्णूनां) क्षमताशालिनामपि ।
मध्ये श्रेष्ठाय क्षमिणां वराय भवते नमः ॥९१९॥

अर्थ

क्षमावान् भएका तथा सहिष्णु (सहनशील) भएका र क्षमताशाली (शक्तिशाली) भएका मध्ये श्रेष्ठ भएका हुनाले क्षमिणां वर नाम भएका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

क्षमीहरूमा भगवान् सर्वश्रेष्ठ हुनुहुन्छ । क्षमू सहने (दिवादि:) क्षमूष् सहने (भ्वादि:) धातुबाट क्षमी बनेको छ ।

क्षमावान् भएका योगीहरू, पृथिवी आदिहरूमा श्रेष्ठ भएका हुनाले भगवान् क्षमिणां वर हुनुहुन्छ ।

९२०) विद्वत्तमः

वृत्तं वर्तिष्यमाणं च विदते वृत्तमादितः ।
विद्वत्तमाय भवते भगवन् ! भूयसी नतिः ॥९२०॥

अर्थ

वृत्त (बितेको) वर्तिष्यमाण (भविष्यमा हुने) सम्पूर्ण वृत्त (चरित्र) जान्ने विद्वत्तम नाम गरेका (जान्नेहरूमा श्रेष्ठ) हे भगवन् ! तपाईंलाई धेरै-धेरै नमस्कार छ ।

टिप्पणी

भगवान्लाई सदा-सर्वदा सबैलाईभन्दा बढी ज्ञान छ, सबैभन्दा ठूला विद्वान् हुनुहुन्छ त्यसैले भगवान् (अतिशय विद्वान्) विद्वत्तम हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९२१) वीतभयः

द्वितीयहीनाय सते बलिष्ठत्वेन तिष्ठते ।
भवतेऽस्तु सदा वीतभयाय शतशो नमः ॥९२१॥

अर्थ

द्वितीयले हीन भएका (अद्वितीय) तथा सबैभन्दा बलवान् भएर रहेका हुनाले भय व्यतीत भएका (भयरहित) वीतभय नाम भएका तपाईंलाई सदा शतशः नमस्कार छ ।

९२२) पुण्यश्रवणकीर्तनः

पुण्यदं श्रवणं यस्य पुण्यदं यस्य कीर्तनम् ।
प्रणम्यते स भगवान् पुण्यश्रवणकीर्तनः ॥९२२॥

अर्थ

जसको श्रवण (भगवन्नाम श्रवण) पुण्य दिने वाला छ, र जसको कीर्तन पनि पुण्यदाता छ, ती पुण्यश्रवणकीर्तन नाम भएका भगवान् (मद्वारा) प्रणाम गरिनुहुन्छ ।

९२३) उत्तारणः

भक्तान् समुत्तारयते भीमादस्माद् भवार्णवात् ।
उत्तारणाय भवते भगवन् ! भावये नमः ॥९२३॥

अर्थ

भयङ्कर संसार-समुद्रबाट भक्तहरूलाई उत्तारण गराउने (पार लगाउने), उत्तारण नाम भएका हे भगवन् ! तपाईंलाई नमःको भावना गर्छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९२४) दुष्कृतिहा

परपीडाप्रवृत्तानां कृतिर्येषां न शोभना ।
तानेव निघ्नते तुभ्यं दुष्कृतिघ्ने नमो नमः ॥९२४॥

अर्थ

परपीडामा प्रवृत्त भएकाहरूको जसको कृति (कार्य) शोभन (राम्रो) छैन, तिनीहरूलाई नै मार्ने दृष्कृतिहा नाम भएका तपाईं भगवान्‌लाई नमस्कार छ ।

९२५) पुण्यः

श्रद्धास्मरणमात्रेण पुनते मलिनं जनम् ।
बुद्धिनैपुण्यलभ्याय पुण्याय भवते नमः ॥९२५॥

अर्थ

श्रद्धा (पूर्वक) स्मरणमात्रले मलिन (पापी) जनलाई पवित्र गर्ने, बुद्धिको निपुणताले प्राप्त गर्न सकिने हुनाले पुण्य नाम भएका तपाईं भगवान्‌लाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९२६) दुःस्वप्ननाशनः

दुःस्वप्नसूचितं दुःखं हरते स्मृतिमात्रतः ।
प्रगेप्रगेऽस्तु दुःस्वप्ननाशनाय नमो नमः ॥९२६॥

अर्थ

प्रत्येक प्रातः (भगवान्‌को) स्मरणमात्रले दुःस्वप्न (नराम्रो सपना) बाट सूचित दुःखको नाश गर्नुहुन्छ, त्यसैले भगवान् दुःस्वप्ननाशन हुनुहुन्छ । त्यस्ता भगवान्‌लाई नमस्कार छ ।

९२७) वीरहा

वीरं(गतिं बहुविधां) निघ्नते मुक्तिमिच्छताम् ।
कैवल्यदाय भवते वीरघ्नेऽस्तु नमो नमः ॥९२७॥

अर्थ

मुक्ति चाहनेहरूको वीर (विविध ईर=अनेक गति) लाई नाश गर्ने र कैवल्य (मोक्ष) दान गर्ने वीरहा नामका तपाईंलाई नमो नमः छ ।

टिप्पणी

वि=विविध, ईर=गति, ईर गतौ कम्पने च, अदादिः । वीरं हन्तीति वीरहा । सांसारिक विविध गतिलाई नाश गरेर मुक्ति प्रदान गर्ने भगवान् हुनुहुन्छ । संसारिक मानवहरूका विविधगतिलाई मुक्ति प्रदान गरेर नाश गर्नाले भगवान् वीरहा हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९२८) रक्षणः

सत्त्वं गुणमधिष्ठाय धर्मबाधामनिच्छते ।
पालनव्रतनिष्ठाय रक्षणाय नमो नमः ॥९२८॥

अर्थ

सत्त्वगुणको अधिष्ठान गरेर (सत्त्वगुणलाई धारण गरेर) धर्मको बाधा नचाहने हुनाले रक्षण (पालनरूप) व्रतको निष्ठा भएका रक्षण नाम भएका भगवान्‌लाई नमो नमः छ ।

९२९) सन्तः

सन्तलौकिकनामभ्यः कुर्वद्भ्यो जगते हितम् ।
त्वदनन्यत्वमाप्तेभ्यः सद्भ्योऽस्तु शतशो नमः ॥९२९॥

अर्थ

सन्त यो लौकिक नाम भएका, जगत्‌को हित गर्ने तपाईंदेखि अनन्यता (भगवान्‌देखि अभिन्नता) प्राप्त गरेका हुनाले "सन्त" नाम प्राप्त गरेका भगवान्‌लाई शतशः नमस्कार छ ।

टिप्पणी

सन्मार्गमा हिंड्नेलाई सन्त भनिन्छ, विद्या र विनयको वृद्धिको निमित्त भगवान् स्वयं सन्तरूपले विराजमान हुनुहुन्छ, त्यसैले भगवान् सन्त हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९३०) जीवनः

प्राणत्वेन प्रवृत्ताय प्राणिनां पालकाय च ।
जगदाधारभूताय जीवनाय नमो नमः ॥९३०॥

अर्थ

प्राणको रूपले प्रवृत्त भएका र प्राणीहरूको पालक पनि भएका, जगत्को आधारभूत पनि भएका हुनाले जीवन नाम भएका भगवान्लाई नमो नमः छ ।

टिप्पणी

जीवन भनेको प्राण हो र पानी पनि हो, भगवान् प्राणको रूपमा सबै प्राणीहरूको पालन पनि गर्नुहुन्छ, जीवनको आधार पनि हुनुहुन्छ । प्राणरूपले समस्त प्रजा (प्राणी) हरूलाई जीवित राख्नुहुन्छ, त्यसैले भगवान् जीवन हुनुहुन्छ ।

९३१) पर्यवस्थितः

प्रह्लादादीनिव निजान् भक्तान् रक्षितुमुत्तमान् ।
समन्ततः सदा पर्यवस्थिताय नमो नमः ॥९३१॥

अर्थ

प्रह्लाद आदि जस्ता आफ्ना उत्तम भक्तहरूको रक्षा गर्नका लागि चारैतिर सदा अवस्थित (उपस्थित) रहिरहने पर्यवस्थित नाम भएका तपाईंलाई नमो नमः छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९३२) अनन्तरूपः

संख्यातीतानि रूपाणि त्राणायैव वितन्वते ।
नमोऽस्त्वनन्तरूपाय भवते शतशो मम ॥९३२॥

अर्थ

संख्यातीत (असंख्य) रूपहरूलाई (भक्तहरूको) त्राण (रक्षा) को निमित्त नै विस्तार गर्ने अनन्तरूप नाम भएका तपाईंलाई मेरो शतशः नमस्कार छ ।

९३३) अनन्तश्रीः

बिभ्रतेऽन्तविहीनां स्वां शक्तिरूपां श्रियं सदा ।
दिने दिने तुभ्यमनन्तश्रियेऽस्तु नमो नमः ॥९३३॥

अर्थ

अन्तले रहित भएको आफ्नै शक्तिरूप भएकी लक्ष्मीलाई सदा धारण गर्ने अनन्तश्री नाम भएका तपाईंलाई प्रतिदिन नमस्कार छ ।

९३४) जितमन्युः

निर्दैन्याय सते नित्यं निष्क्रोधाय च तिष्ठते ।
तुभ्यं नमोऽस्तु भगवन् ! शतशो जितमन्यवे ॥९३४॥

अर्थ

दैन्य(दीनता)ले रहित भएर सत्‌रूपमा नित्य क्रोधले रहित भएर पनि रहने भएका मन्यु अर्थात् क्रोधलाई जितेका हुनाले जितमन्यु नाम भएका हे भगवन् ! तपाईंलाई शतशः नमस्कार होस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१३५) भयापहः

पारत्रिकं चैहिकं च सेवया हरते भयम् ।
भयापहाय भवते भगवन् ! भावये नमः ॥१३५॥

अर्थ

सेवा गर्नाले पारलौकिक र ऐहलौकिक भयलाई अपहरण (नाश) गर्ने भयापह नाम भएका हे भगवन् ! तपाईंलाई म नमःको भावना गर्छु ।

१३६) चतुरश्रः

औचित्यचारुचित्ताय समभावेन तिष्ठते ।
अजस्रं क्रियते भक्त्या चतुरस्राय ते नमः ॥१३६॥

अर्थ

औचित्यले सुन्दर चित्त भएका (सबै काम उचित रूपले गर्ने) एवं सदा समताभावले रहने चतुरश्र (चारैतिर समभाव राख्ने) नाम भएका तपाईंलाई भक्तिपूर्वक निरन्तर नमस्कार गरिन्छ ।

१३७) गभीरात्मा

ज्ञातुं न शक्यते पूर्वं यस्य किञ्चिच्चिकीर्षितम् ।
तस्मै कृताञ्जलि गभीरात्मने भवते नमः ॥१३७॥

अर्थ

जसको चिकीर्षित (गर्न चाहेको कुरा) पहिले जान्न सकिंदैन, त्यसैले गभीरात्मा नाम गरेका तिनै तपाईं भगवान्‌लाई हात जोडेर नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९३८) विदिशः

पदपद्मप्रपन्नेभ्यो दिशते विविधं वसु ।
भवते विष्टपपते ! विदिशाय नमो नमः ॥९३८॥

अर्थ

चरणकमलको आश्रय लिएका (भक्त) हरूलाई अनेक प्रकारको धन दिने विदिश नाम भएका हे भुवनका पति भगवान् ! तपाईंलाई नमो नमः छ ।

९३९) व्यादिशः

विशेषेण स्वयं साक्षाच्छक्रादिभ्यः पृथक् पृथक् ।
कार्याण्यादिशते तुभ्यं व्यादिशाय नमो नमः ॥९३९॥

अर्थ

इन्द्र इत्यादिहरूलाई पृथक्-पृथक् स्वयं साक्षात् भएर विविध कार्यको आदेश दिने हुनाले व्यादिश नाम भएका तपाईंलाई नमो नमः छ ।

९४०) दिशः

कर्मानुरूपं सकलं फलं काले शरीरिणाम् ।
दिशतेऽव्याहततया दिशाय भवते नमः ॥९४०॥

अर्थ

समय आएमा प्राणीहरूका कर्मअनुसार सम्पूर्ण फल अव्याहत (कुनै विघ्नवाधा नपरीकन जस्ताको तस्तै) रूपमा दिने दिश नाम भएका तपाईं भगवान्‌लाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९४१) अनादिः

यस्याऽऽरम्भः कारणं च ज्ञायते न पुरातनैः ।
तस्मा अनादये तुभ्यं नमोवादान् प्रवर्तये ॥९४१॥

अर्थ

जसको आरम्भ र कारण प्राचीनतम (पुरातन) हरूले पनि जानिंदैन (भगवान् अनादि भएका हुनाले वहाँको आरम्भ र कारण कहिले भयो कसैले पनि जान्दैन) त्यसैले अनादि नाम भएका तिनै तपाईंलाई नमस्कारका शब्दहरू चढाउँछु ।

९४२) भूर्भुवः

सर्वं धरन्ती भूरेषा यदाधारेऽवतिष्ठते ।
भुवोभुवे नमस्तस्मै तुभ्यमद्भुतशक्तये ॥९४२॥

अर्थ

सवैलाई धारण गर्ने भएकी यी पृथ्वी जसका आधारले स्थित छन् तिनै पृथिवीका पनि उत्पत्ति स्थान भएकाले भूर्भुवः नाम भएका, अद्भुत शक्ति भएका तपाइं भगवान्लाई नमस्कार छ ।

टिप्पणी

(भूः=पृथ्वी भुवः=उत्पत्तिस्थान भूर्भुवः पृथ्वीको उत्पतिस्थान) भूः भनेको आधार हो, पृथ्वी सबैकी आधार भएकी हुनाले भू भनिन्छिन्, ती भू को पनि उत्पत्ति स्थान भएको हुनाले भगवान् भूर्भुवः हुनुहुन्छ । पृथ्वीको आधारमात्र होइन शोभा पनि भगवान् हुनुहुन्छ । यस नामले यही बुझाउँछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९४३) लक्ष्मी

रूप-सत्यत्व-शान्तत्वैः काय-वाक्-चित्तवर्तिभिः ।
सुलक्षणैरन्विताय लक्ष्मिणे भवते नमः ॥९४३॥

अर्थ

रूप, सत्यता तथा शान्तता (कोमलता) यी तीन शरीर, वचन एवं चित्तमा रहने सुलक्षणहरूले युक्त भएका लक्ष्मी नाम भएका हे भगवान् ! तपाईंलाई नमस्कार छ ।

टिप्पणी

रूप शरीरमा रहन्छ, सत्य वाणीको धर्म हो, शान्तता चित्तमा रहने हो, यी तीन सुलक्षण हुन् । ती लक्षण भगवान्मा रहने भएका हुनाले भगवान्लाई लक्ष्मी भनिएको हो ।

लक्ष्म चिह्नम् अस्य अस्तीति लक्ष्मी इन् प्रत्यय भएर लक्ष्मी शब्द बन्दछ । त्यस पुंलिङ्ग शब्दको लक्ष्मिणे चतुर्थीमा रूप बन्दछ । त्यही लक्ष्मी शब्दलाई लिएर व्याख्याकारले यहाँ व्याख्या गर्नुभएको हो ।

लक्ष्मी भनेको आत्मविद्या हो । भगवान् आत्मविद्यास्वरूप हुनाले लक्ष्मी हुनुहुन्छ । अथवा लक्ष्मी भनेको शोभा पनि हो, भूः भनेको पृथ्वी, भुवः भनेको अन्तरिक्ष ती दुवैको शोभा भएका हुनाले भगवान् भूर्भुवो लक्ष्मी हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९४४) सुवीरः

शोभना विविधा ईरा(गतयो) यस्य विश्रुताः ।
तस्मै नमः सुवीराय वीरवृन्दोत्तमाय च ॥९४४॥

अर्थ

शोभन (सुन्दर) विविध (अनेक) ईरा (गतिहरू) जसका प्रसिद्ध छन् त्यसैले सुवीर नाम भएका र वीर समुदायमा उत्तम पनि भएका ती भगवान्लाई नमस्कार छ ।

९४५) रुचिराङ्गदः

यस्याङ्गदैर्द्योतमानैर्बाहवः समलङ्कृताः ।
तस्मै सदाऽस्तु रुचिराङ्गदाय शतशो नमः ॥९४५॥

अर्थ

जसका द्योतित (चम्किने) अङ्गद (वाजुबन्ध) द्वारा चार हातहरू अलङ्कृत छन्, रुचिराङ्गद नाम भएका ती भगवान्लाई सदा शतशः नमस्कार छ ।

९४६) जननः

पूर्वकर्मात्तसंस्कारानुसारं सकलानपि ।
जीवान् जनयते तुभ्यं जननाय नमो नमः ॥९४६॥

अर्थ

पूर्व (जन्म) को कर्मले प्राप्त संस्कार अनुसार नै सम्पूर्ण जीवहरूको जनन=उत्पत्ति गर्ने भएका हुनाले जनन नाम भएका तपाईंलाई नमो नमः छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१४७) जनजन्मादिः

कारणत्वं प्रपन्नाय सर्वेषां जनजन्मनाम् ।
तुभ्यं नमोऽस्तु जनजन्मादये शतशो मम ॥१४७॥

अर्थ

जन अर्थात् उत्पत्तिवालाहरूको जन्महरूको आदि कारण प्राप्त भएका हुनाले जनजन्मादि नाम गरेका तपाईंलाई मेरो शतशः नमस्कार छ ।

१४८) भीमः

सुरमुख्यान् वातमुखान् स्वमहिम्ना महीयसा ।
प्रभो ! भापयमानाय भीमाय भवते नमः ॥१४८॥

अर्थ

देवताहरूमा मुख्य र वायुहरूमा मुख्यहरूलाई आफ्नो महान् महिमाद्वारा भय गराउने भएका भीम नाम गरेका हे प्रभो ! तपाईंलाई नमस्कार छ ।

टिप्पणी

देवताहरुमा मुख्य इन्द्रलाई र वायुलाई यक्षरूपमा भगवान् प्रकट भएर भय दिएको वृत्तान्त केनोपनिषद्मा छ ।

भयका कारण हुनाले भगवान् भीम हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९४९) भीमपराक्रमः

पराक्रमाद्यस्य दैत्यास्त्रस्यन्ति निजवीक्षितात् ।
तस्मै तुभ्यं भीमपराक्रमाय शतशो नमः ॥९४९॥

अर्थ

आफूद्वारा देखिएको जसको पराक्रमले दैत्यहरू डराउँछन् तिनै भीमपराक्रम नाम भएका तपाईं भगवान्लाई शतशः नमस्कार छ ।

९५०) आधारनिलयः

स्वयमाधारभूतानां भूतानामालयोऽस्ति यः ।
सोऽयमाधारनिलयः प्रणत्या प्रीयतां प्रभुः ॥९५०॥

अर्थ

स्वयं आधारभूत भएका (पृथ्वी आदिका) भूतहरूका जो आश्रय हुनुहुन्छ त्यसैले आधारनिलय नाम भएका उनै यी भगवान् प्रभु मेरो प्रणामद्वारा प्रसन्न होऊन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९५१) अधाता (धाता)

अनपेक्ष्यैव धातारं धीयमानाय तिष्ठते ।
अधात्रे शतशस्तुभ्यं नमो बद्धाञ्जलेर्मम ॥९५१॥

अर्थ

कुनै धाता (धारण गर्नेवाला) लाई अपेक्षा नगरेर नै धाता (सबैका धारणकर्ता बनेर) रहने भएका अधाता नाम भएका तपाईंलाई दुवै हात जोडेर शतशः नमस्कार छ ।

टिप्पणी

अविद्यमानो धाता यस्य सः अधाता जसको धाता अर्थात् धारणकर्ता छैन त्यो अधाता हो । स्वयं आफै धृत अर्थात् स्थित भएका भगवान्‌को कुनै अन्य धाता छैन, त्यसैले भगवान् अधाता हुनुहुन्छ । अथवा संहारको समयमा सम्पूर्ण प्रजाहरूलाई धयन (पान) गर्नुहुन्छ त्यसैले भगवान् धाता हुनुहुन्छ । धेट् पाने धातुबाट आत्व गरी तृच् प्रत्यय अथवा धा धातुबाट तृच् प्रत्यय गरेर धाता सिद्ध हुन्छ ।

९५२) पुष्पहासः

पुष्पतुल्याद्यस्य हासान्मायारूपाज्जगत्फलम् ।
आविर्बभूव तस्मै ते पुष्पहासाय मे नमः ॥९५२॥

अर्थ

मायाको स्वरूप भएका पुष्प (फूल) को जस्तो जसको हास (हाँसो) बाट जगत् (संसार) रूपी फल उत्पन्न भयो, पुष्पहास नाम भएका त्यस्ता तपाईं भगवान्‌लाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

फूलबाट फलको उत्पत्ति हुन्छ । भगवान्को माया फूल जस्तो छ र त्यसबाट संसाररूप फलको उत्पत्ति हुन्छ । त्यो मायारूप फूल (पुष्प) भगवान्को हाँसो जस्तो हुनाले भगवान्लाई पुष्पहास भनिएको हो । मुकुल (कोपिलो) को रूपमा स्थित पुष्प (फूल) हरूको हास (हाँसो) जस्तो भगवान्को प्रपञ्चको विकास हुन्छ त्यसैले भगवान् पुष्पहास हुनुहुन्छ ।

९५३) प्रजागरः

जाग्रते त्रिषु लोकेषु शयानेषु निराकुलम् ।
प्रजागराय भवते भगवन् ! भावये नमः ॥९५३॥

अर्थ

तीनै लोक (त्रिलोक) निराकुल (सञ्चसित) सुतेको बेलामा पनि सदा जागरण स्थितिमा रहने प्रजागर नाम भएका हे भगवन् ! तपाईंलाई म नमस्कार गर्दछु ।

९५४) ऊर्ध्वगः

उत्तराधरभावेन सत्सु सर्वेषु जन्तुषु ।
भवते भगवन्नित्यमूर्ध्वगाय नमो नमः ॥९५४॥

अर्थ

उत्तर र अधर (माथि र तल) को भावले सबै जन्तु (जीव) हरू रहेकोमा नित्य ऊर्ध्व (उत्=उत्तर=उत्तम) भावमा स्थित भएकाले ऊर्ध्वग (उँभो जाने) नाम भएका हे भगवन् ! तपाईंलाई नित्य नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९५५) सत्पथाचारः

सद्भिः कृतानि कर्माणि स्वयमाचरते सदा ।
तुभ्यं प्रभो ! सत्पथाचाराय नित्यं नमो नमः ॥९५५॥

अर्थ

सज्जनहरूले गरेका कर्महरू स्वयम् (आफैं) पनि आचरण गर्ने हुनाले सत्पथाचार नाम भएका (सत्=सज्जनको, पथ=मार्गको, आचार=आचरण भएका) तपाईं प्रभुलाई नित्य नमो नमः छ ।

९५६) प्राणदः

दुर्बलानामपि सतां पादपद्मोपधायिनाम् ।
बलमादधते स्फीतं प्राणदाय नमो नमः ॥९५६॥

अर्थ

दुर्बल भएका, चरणकमलको आश्रय लिने भएका, सज्जनहरूलाई अनन्यबलको आधान (ठूलो बल दिने) भएका प्राणद नाम गरेका, सत्स्वरूप भगवान्लाई नमस्कार छ ।

टिप्पणी

मरेका परीक्षित्लाई प्राणदान गरेर जीवन दिने भएका हुनाले भगवान् प्राणद हुनुहुन्छ । (मृत अवस्था उत्पन्न भएका परीक्षितलाई भगवान्ले प्राणदान दिनुभयो) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९५७) प्रणवः

भगवन् ! भवते सर्बैर्नवनीयाय सर्वदा ।
सते भवद्वाचकाय प्रणवाय नमो नमः ॥९५७॥

अर्थ

सर्वदा सबैद्वारा नवनीय (प्रणामयोग्य/स्तुति गर्न योग्य) भएका हुनाले प्रणव नाम गरेका र भगवान्‌को पनि वाचक भई सत्स्वरूप भएका प्रणव नाम गरेका तपाईंलाई नमो नमः छ ।

९५८) पणः

संसारिभिः संस्तुताय व्यवहारैकहेतवे ।
उत्साहतरुमूलाय पणाय भवते नमः ॥९५८॥

अर्थ

सांसारिक प्राणीहरूद्वारा स्तुति गरिएका तथा व्यवहारका एकमात्र कारण भएका, उत्साहरूपी वृक्षका मूल (जरो) भएका पण नाम भएका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

पण धातुको अर्थ व्यवहार हो । राम्रो व्यवहारलाई सबैले प्रशंसा गर्छन्, संसारको सम्पूर्ण काम व्यवहारमै चलेको छ । व्यवहारले गर्दा उत्साह पनि हुन्छ र त्यो व्यवहारको मूल भगवान् नै भएका हुनाले वहाँ पण हुनुहुन्छ । पणधातुको स्तुति पनि अर्थ हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९५९) प्रमाणम्

प्रत्यक्षादिस्वरूपाय वस्तुवेदनकर्मणे ।
प्रज्ञावद्भिः संश्रिताय प्रमाणाय नमो नमः ॥९५९॥

अर्थ

(कुनै) वस्तुको ज्ञानकार्यमा प्रत्यक्ष आदि प्रमाण आवश्यक हुन्छन्, बुद्धिमान्हरूले प्रमाणको नै आश्रय लिन्छन् र ती प्रमाणस्वरूप भगवान् नै हुनाले प्रमाणम् नाम भएका भगवान्लाई नमो नमः छ ।

९६०) प्राणनिलयः

संवर्ते प्राणतत्त्वस्याऽऽलयत्वं गृह्णते सते ।
भवते साञ्जलि प्राणनिलयाय नमो नमः ॥९६०॥

अर्थ

संवर्त (प्रलय) कालमा प्राणतत्त्वको आलय ग्रहण गर्ने भगवान् नै हुनुहुन्छ । (प्रलयमा) प्राण भगवान्मा नै निलीन हुन्छ) त्यसैले प्राणनिलय नाम गरेका सत्स्वरूप तपाईलाई अञ्जलि जोडेर नमस्कार छ ।

टिप्पणी

प्राण अर्थात् इन्द्रियहरू जीवमा लीन हुन्छन्, त्यसैले जीव प्राणनिलय हो । अथवा जसले प्राण=श्वास लिन्छ त्यो जीव प्राण हो, त्यो प्राणरूपी जीव भगवान्मा निलीन हुन्छ त्यसैले भगवान् प्राणनिलय हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९६१) प्राणभृत्

अन्नरूपेण जगतां प्राणान् सर्वत्र पुष्णते ।
जगदादरणीयाय तुभ्यं प्राणभृते नमः ॥९६१॥

अर्थ

अन्नरूपले संसारका प्राणीहरूलाई सर्वत्र पोषण गर्ने हुनाले सम्पूर्ण जगत्का नै आदरणीय भएका प्राणभृत् नाम गरेका तपाईंलाई नमस्कार छ ।

९६२) प्राणजीवनः

प्राणेष्वपि प्राणतया प्रविष्टाय समन्ततः ।
तुभ्यं प्रभो ! मुहुः प्राणजीवनाय नमो नमः ॥९६२॥

अर्थ

प्राणमा पनि प्राणरूपले सर्वत्र प्रविष्ट भएको हुनाले (प्राणलाई पनि जीवन दिने हुनाले) प्राणजीवन नाम भएका हे प्रभु तपाईंलाई बारम्बार नमस्कार छ ।

९६३) तत्त्वम्

पारमार्थ्यस्वरूपाय समन्वेष्याय जन्मिभिः ।
प्रतिवस्तुप्रविष्टाय तत्त्वाय शतशो नमः ॥९६३॥

अर्थ

परमार्थस्वरूप भएका र प्राणीहरूद्वारा सधैं खोजिने भएका, प्रत्येक वस्तुमा प्रविष्ट भएका हुनाले तत्त्व नाम भएका तपाईंलाई शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

परमार्थतत्त्व भगवान् नै हुनुहुन्छ । प्रत्येक वस्तुमा भगवान् नै प्रविष्ट हुनुहुन्छ । पारमार्थिक सत्यलाई नै तत्त्व भनिन्छ र त्यो तत्त्वको खोजी प्रत्येक व्यक्तिले गरिरहेको हुन्छ । तत्त्व भन्नु, तथ्य भन्नु, अमृत भन्नु, परमार्थ भन्नु, यी एउटै अर्थलाई भनिन्छ र यी सबै ब्रह्मका वाचक हुन् र तत्त्व भनेको भगवान् हुनुहुन्छ ।

९६४) तत्त्ववित्

यथार्थं वस्तुनो रूपं जानानाय प्रतिक्षणम् ।
नमस्तत्त्वविदे तुभ्यं तुलनातीतशक्तये ॥९६४॥

अर्थ

वस्तुको यथार्थस्वरूपलाई प्रत्येक क्षणमा जान्ने भएका अर्थात् तत्त्वलाई जान्ने भएका, तुलना गर्न नसकिने शक्ति भएका तत्त्ववित् नामका तपाईंलाई नमस्कार छ ।

९६५) एकात्मा

एकत्वेनेक्षणात्पूर्वमात्मभावेन तिष्ठते ।
अद्वितीयाय भगवँस्तुभ्यमेकात्मने नमः ॥९६५॥

अर्थ

ईक्षणभन्दा पूर्व आत्मभावरूपले एकत्वेन रूपमा रहने, अद्वितीय भएका हुनाले एकात्मा नाम भएका हे भगवन् ! तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९६६) जन्ममृत्युजरातिगः

प्रतिवस्तुभवैः षड्भिर्विकारैः परिवर्जितः ।
प्रणत्या प्रीयतां देवो जन्ममृत्युजरातिगः ॥९६६॥

अर्थ

प्रत्येक वस्तुमा रहने भएका छ प्रकारका भावविकारले रहित भएका हुनाले जन्ममृत्युजरातिग नाम भएका देव (भगवान्) प्रणति (नमस्कार) ले प्रसन्न हुनुहोस् ।

टिप्पणी

प्रत्येक वस्तु जन्म लिन्छ, रहन्छ, बढ्छ, विकृत हुन्छ, क्षीण हुन्छ र अन्त्यमा नष्ट हुन्छ । यी छ भावविकार भनिन्छन् । ती छ भावविकारलाई जन्ममरण वृद्धावस्था (क्षीणता) मा अन्तर्भाव गरेर भगवान्लाई (षट्भावविकारले रहित हुनाले) जन्ममृत्युजरातिग भनिएको हो ।

जायते, अस्ति, वर्धते, विपरिणमते, अपक्षीयते, नश्यति यी छ प्रकारका भावविकारलाई अतिक्रमण गर्नुहुन्छ, त्यसैले भगवान् जन्ममृत्युजरातिग हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९६७) भूर्भुवःस्वस्तरुः

व्याहृत्या तारयन् विश्वं (त्रिलोकतरुतां गतः) ।
प्रसीदतु प्रणामेन भूर्भुवःस्वस्तरुः प्रभुः ॥९६७॥

अर्थ

गायत्रीका तीन व्याहृतिद्वारा विश्वलाई तार्ने, त्रिलोकका नै तरु (वृक्ष) स्वरूप, भूर्भुवःस्वस्तरु नाम गरेका प्रभु प्रणामले प्रसन्न होऊन् ।

टिप्पणी

गायत्री मन्त्रका तीन व्याहृतिहरुले सबैलाई तार्ने हुनाले तरु भनिएको हो । भूर्भुवः स्वस्तरुस्वरूप भगवान् प्रणामले प्रसन्न भई मलाई पनि तारून् भन्ने आशय झल्कन्छ ।

भूर्भुवः स्वः यी तीन व्याहृतिलाई वेदको सार भनिन्छ । ती व्याहृतिद्वारा नै होम इत्यादिद्वारा तीनै लोकका प्रजा तर्छन् पार गर्छन् त्यसैले भगवान् भूर्भुवःस्वस्तरु हुनुहुन्छ ।

९६८) तारः

स्थिताय सर्वतोऽप्युच्चैर्मर्त्यांस्तारयते सते ।
प्रणवानन्यरूपाय ताराय भवते नमः ॥९६८॥

अर्थ

सबैभन्दा उच्च स्थानमा रहेका तथा मर्त्य/मानिसहरूलाई तार्ने भएका हुनाले तार नाम भएका र प्रणव अर्थात् ॐकारको अभिन्न स्वरूप भएका, तार नाम गरेका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९६९) सविता

विश्वस्य सकलस्यास्य स्वतन्त्रत्वेन सर्वदा ।
जनयित्रे प्रेरयित्रे सवित्रे भवते नमः ॥९६९॥

अर्थ

स्वतन्त्ररूपले यो सम्पूर्ण विश्वलाई सर्वदा प्रसव (उत्पन्न) गर्ने भएका र प्रेरणा पनि गर्ने भएका हुनाले सविता नाम गरेका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

सविता षु धातुबाट निष्पन्न शब्द हो । षु धातु तीन छन् । षु प्रसवैश्वर्ययोः भ्वादि, षु प्रसवैश्वर्ययोः अदादि र षुञ् अभिषवे । त्यसमा प्रसव र ऐश्वर्यवाची षु धातुदेखि सविता वनेको हो । जसले संसारको प्रसव उत्पत्ति गर्छ त्यो सविता हो । भगवान्‌ले यस विश्वको उत्पत्ति गर्नुहुन्छ, त्यसैले भगवान् सविता हुनुहुन्छ । अथवा षू प्रेरणे तुदादिगणी धातुवाट सुवति कर्मणि प्रेरयतीति सविता कर्ममा प्रेरणा गर्नाले पनि भगवान् सविता हुनुहुन्छ । भगवान् लोकका जनक र कर्ममा प्रेरक हुनुहुन्छ ।

९७०) प्रपितामहः

सकलस्यास्य विश्वस्य धाता ख्यातः पितामहः ।
तस्यापि पित्रे प्रपितामहाय भवते नमः ॥९७०॥

अर्थ

सम्पूर्ण यस विश्वका पितामह (हजुर बुवा) धाता (व्रह्माजी) प्रसिद्ध छन्, ती पितामह व्रह्माजीका पनि पिता हुनाले प्रपितामह नाम भएका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९७१) यज्ञः

संभूय भूतये भूम्या यजमानर्त्विगादिभिः ।
क्रियमाणाय धर्माय यज्ञाय शतशो नमः ॥९७१॥

अर्थ

पृथ्वीको कल्याणका लागि यजमान ऋत्विक् इत्यादिले मिलेर गरिने भएका, धर्मस्वरूप भएका हुनाले यज्ञ नाम गरेका तपाईंलाई शतशः नमस्कार छ ।

९७२) यज्ञपतिः

यज्ञानां क्रियमाणानां रक्षकाय सते सदा ।
अधिष्ठात्रेऽपि भवते यज्ञपतये शतशो नमः ॥९७२॥

अर्थ

गरिने भएका यज्ञहरूका रक्षक भएका हुनाले र यज्ञका अधिष्ठाता (यज्ञका पति) हुनाले यज्ञपति नाम भएका तपाईं भगवान्लाई शतशः नमस्कार छ ।

९७३) यज्वा

यथाविधानं यजने यज्ञैः श्रुत्यादिदर्शितैः ।
यज्वने भवते नित्यं नतिरस्तु सदा मम ॥९७३॥

अर्थ

श्रुति (वेद) इत्यादिले देखाइएका (वताएका) यज्ञहरूलाई विधि अनुसार सम्पन्न गर्ने हुनाले यज्वा नाम भएका तपाईंलाई मेरो सदा नित्य नमस्कार रहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९७४) यज्ञाङ्गः

यज्ञाङ्गैरेव साङ्गत्वं दधते दिव्यमूर्तये ।
श्रीवराहादिरूपेण यज्ञाङ्गाय नमो नमः ॥९७४॥

अर्थ

यज्ञका अङ्गहरूद्वारा नै यज्ञको साङ्गतालाई धारण गर्ने भएका र वराह आदि रूपले यज्ञका दिव्य मूर्ति पनि भएका हुनाले यज्ञाङ्ग नाम भएका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

यज्ञहरू भगवान्का अङ्ग नै हुन् त्यसैले भगवान् यज्ञाङ्ग हुनुहुन्छ । वराह भगवान्को शरीर यज्ञको अङ्ग हो त्यसैले पनि भगवान् यज्ञाङ्ग हुनुहुन्छ ।

९७५) यज्ञवाहनः

कर्तॄन् प्रति कृतान् यज्ञान् (फलत्वेन व्यवस्थितान्) ।
नयते भवते यज्ञवाहनाय नमो नमः ॥९७५॥

अर्थ

गरिएका यज्ञहरूलाई र ती यज्ञहरूको फलस्वरूपले स्थित भएकालाई कर्ताहरूका समीपमा लैजाने यज्ञवाहन नाम भएका तपाईंलाई नमो नमः छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

यज्ञ सकिएपछि ती यज्ञ कर्म समाप्त हुन्छन्, र अदृष्ट फलरूपमा ती यज्ञ स्थित रहन्छन्, ती फलहरूलाई भगवान् कर्ता समक्ष पुऱ्याइदिनुहुन्छ । त्यसैले भगवान् यज्ञवाहन हुनुहुन्छ । फलका कारण भएका यज्ञहरूलाई वहन गर्नुहुन्छ त्यसैले भगवान् यज्ञवाहन हुनुहुन्छ ।

९७६) यज्ञभृत्

क्रियमाणं यथाकल्पं यज्ञं नानाविधानकम् ।
बिभ्रते याजकत्वेन तुभ्यं यज्ञभृते नमः ॥९७६॥

अर्थ

कल्प (शास्त्र) अनुसार गरिने भएका अनेक विधानका यज्ञहरूलाई याजक (यज्ञ गराउने पुरोहित) को रूपमा यज्ञलाई धारण गर्ने हुनाले "यज्ञभृत्" नाम भएका तपाईंलाई नमस्कार छ ।

९७७) यज्ञकृत्

विविधान् संकलयते संभारान् विधिबोधितान् ।
यजमानस्वरूपेण तुभ्यं यज्ञकृते नमः ॥९७७॥

अर्थ

(शास्त्रीय) विधिले बताइएका (यज्ञका) विविध सामग्रीहरूलाई यजमानको रूपले संकलन (एकत्रित) गर्ने यज्ञकृत् (यज्ञकर्ता - यजमान) नाम भएका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

जगत्को आदिमा (सृष्टिको आदि कालमा) तथा सृष्टिको अन्त (संहार) कालमा यज्ञ गर्नु हुन्छ र भगवान् यज्ञकृत् (यज्ञकर्ता) हुनुहुन्छ। अथवा यज्ञको कृन्तन (काट्ने काम) गर्नुहुन्छ र भगवान् यज्ञकृत् हुनुहुन्छ। (यज्ञं कृन्ततीति यज्ञकृत्)

९७८) यज्ञी

यज्ञान् श्रुतिस्मृतिप्रोक्तानाहृत्य ख्यातिमृच्छते।
यज्ववर्गपुरोगाय यज्ञिने भवते नमः ॥९७८॥

अर्थ

श्रुति (वेद) र स्मृति (पुराणादि) मा बताइएका यज्ञहरूको संपादन गरेर ख्याति (प्रसिद्धि) प्राप्त गरेका यज्ववर्ग (यज्ञ गर्नेगराउनेहरू) मा अग्रगण्य भएकाले यज्ञी भन्ने प्रसिद्धि पाएकाले यज्ञी नाम गरेका तपाईंलाई नमस्कार छ।

टिप्पणी

यज्ञोऽस्यास्तीति जसको यज्ञ छ। (भगवान्‌को) आराधनात्मक (सेवारूप) यज्ञ कार्यहरूको शेषी (अङ्गी) हुनाले यज्ञी हुनुहुन्छ। (यज्ञ भगवान्‌को निमित्त गरिन्छ त्यसो हुँदा यज्ञहरू अङ्ग र भगवान् अङ्गी हुनुहुन्छ।)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९७९) यज्ञभुक्

क्रियमाणान् जनैर्यज्ञान् कौशिकाद्यैरिव स्वयम् ।
रामादिवत् पालयते तुभ्यं यज्ञभुजे नमः ॥९७९॥

अर्थ

कौशिक (विश्वामित्र) आदि ऋषि जनहरूद्वारा गरिने यज्ञहरूको रामादि जस्तो गरेर पालन गर्ने हुनाले "यज्ञभुक्" नाम भएका तपाईं भगवान्लाई नमस्कार छ ।

टिप्पणी

यज्ञं भुनक्ति पालयतीति यज्ञभुक् भुज्धातुदेखि रक्षण भिन्न अर्थमा आत्मनेपद (भुङ्क्ते) हुन्छ, रक्षण अर्थमा परस्मैपद हुन्छ (भुनक्ति) रामले कौशिक (विश्वामित्र) को यज्ञको रक्षा गर्नुभएको थियो । अतः यज्ञको भोग गर्ने हुनाले अथवा यज्ञको रक्षण गर्ने हुनाले भगवान् यज्ञभुक् हुनुहुन्छ ।

९८०) यज्ञसाधनः

यत्प्राप्तौ द्वारतां यान्ति विहिता निखिला मखाः ।
तस्मै ते भगवन् ! यज्ञसाधनाय नमो नमः ॥९८०॥

अर्थ

जसको प्राप्तिमा गरिएका सम्पूर्ण यज्ञहरू द्वार (ढोका, प्रवेशमार्ग) बन्छन्, उनै "यज्ञसाधन" नामका भगवान्लाई नमो नमः छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९८१) यज्ञान्तकृत्

यज्ञस्यान्तं (फलप्राप्तिं) नामोत्कीर्तनतः सताम् ।
कुर्वते तेऽस्तु यज्ञान्तकृतेऽच्युत ! नमो नमः ॥९८१॥

अर्थ

(भगवान्का) नामको कीर्तन गर्नाले सज्जनहरूका यज्ञको फलप्राप्ति हुने भएको हुनाले यज्ञान्तकृत् नाम भएका हे अच्युत भगवान् ! तपाईंलाई नमो नमः छ ।

टिप्पणी

यज्ञका अन्तमा अच्युत नाम उच्चारण गर्ने प्रचलन छ, अच्युतको नाम उच्चारण गर्नाले यज्ञको अन्त र फलप्राप्ति पनि हुन्छ त्यसैले भगवान् यज्ञान्तकृत् हुनुहुन्छ । यज्ञान्तमा भनिन्छ -

यस्य स्मृत्या च नामोक्त्या तपोयज्ञक्रियादिषु ।

न्यूनं सम्पूर्णतां याति सद्यो बन्दे तमच्युतम् ॥

यज्ञको अन्त अर्थात् यज्ञको फलप्राप्ति गराउने हुनाले भगवान् यज्ञान्तकृत् हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



भगवान् बुद्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



भगवान् कल्कि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९८२) यज्ञगुह्यम्

रहस्यभूताय सते यच्छते फलमुत्तमम् ।
ज्ञानयज्ञस्वरूपाय यज्ञगुह्याय ते नमः ॥९८२॥

अर्थ

रहस्यभूत भएका हुनाले र उत्तम फल पनि दिने एवं ज्ञानयज्ञको स्वरूप भएका यज्ञगुह्य नाम भएका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

भगवान् अर्थात् ब्रह्मको ज्ञान उपनिषद्हरूद्वारा हुन्छ । उपनिषद्मा रहस्यात्मक ज्ञान छ र उपनिषद्को यथार्थ ज्ञान भएपछि उत्तमफल वा मोक्षफल प्राप्त हुन्छ । उपनिषद्को अध्ययन नै ज्ञानयज्ञ हो । भगवान् स्वयं ज्ञानस्वरूप हुनुहुन्छ र त्यस्तो उपनिषद् गुह्यज्ञान यज्ञस्वरूप हुनाले भगवान् यज्ञगुह्य हुनुहुन्छ ।

यज्ञहरूमा गुह्य (गोप्य) ज्ञानयज्ञ हो अथवा फलको कामनारहित गरेको यज्ञ पनि यज्ञगुह्य हो, भगवान् अत्यन्त गुह्य हुनाले यज्ञगुह्य हुनुहुन्छ ।

९८३) अन्नम्

जगत्त्रितयसंजातैर्निखिलैरेव जन्मिभिः ।
अद्यमानाय ते नित्यमन्नाय शतशो नमः ॥९८३॥

अर्थ

तीनै लोकमा उत्पन्न भएका सबै प्राणीहरूले अद्यमान (खाइने/भक्षण गरिने) हुनाले अन्न नाम गरेका तपाईंलाई नित्य शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिप्पणी

अद्यते इति अन्नम् जो वस्तु खाइन्छ त्यो अन्न हो । देवताहरूको पुरोडाश (हवि) अन्न हो । पशुहरूको घाँस अन्न हो । सर्पहरूको वायु नै अन्न हो, पितृहरूको स्वधा गरी दिइने जल पिण्डादि नै अन्न हो । यी सबै रूपमा भगवान् नै हुनुहुन्छ त्यसैले भगवान् अन्न हुनुहुन्छ । प्राणीहरूद्वारा खाइने हुनुहुन्छ त्यसैले भगवान् अन्न हुनुहुन्छ । अथवा प्राणीहरूलाई खानुहुन्छ त्यसैले भगवान् अन्न हुनुहुन्छ । अद्यते इति अन्नम् वा अत्तीति अन्नम् । जो खाइन्छ त्यो अन्न हो । खानेवाला पनि अन्न हो ।

९८४) अन्नादः

ब्रह्मक्षत्रार्यशूद्रादिरूपं संपन्नमात्मना ।
अदते सर्वमेवान्नमन्नादाय नमो नमः ॥९८४॥

अर्थ

आफूद्वारा ब्राह्मण-क्षत्रिय-वैश्य-शूद्रादि रूपमा सम्पन्न गरिएका र यी सम्पूर्णलाई नै अन्नस्वरूप मानेर खाने भएका हुनाले अन्नाद नाम भएका तपाईंलाई नमो नमः छ ।

टिप्पणी

अन्नमत्ति इति अन्नादः=जसले अन्न खान्छ त्यो अन्नाद हो । अन्नलाई खानुहुन्छ त्यसैले भगवान् अन्नाद हुनुहुन्छ । सम्पूर्ण जगत् अन्नादिरूपले भोक्ता र भोग्य रूप नै हो यो भाव एव शब्दले बुझाउँछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९८५) आत्मयोनिः

आत्मैव योनिर्यस्यास्ति(यस्यात्मा कारणं स्वयम्) ।
तस्मै तुभ्यं नित्यमात्मयोनये शतशो नमः ॥९८५॥

अर्थ

जुन भगवान्‌को आफ्नो आत्मा नै आफ्नो योनि अर्थात् उत्पत्तिस्थान हो अर्थात् जसको आत्मा स्वयं आफ्नो योनि (कारण) हो । त्यसैले आत्मयोनि नाम भएका तिनै तपाईंलाई नित्य शतशः नमस्कार छ ।

९८६) स्वयंजातः

यः स्वयं जायते(यस्य जनको नास्ति कश्चन) ।
तस्मै कृताञ्जलि मम स्वयं जाताय ते नमः ॥९८६॥

अर्थ

जो स्वयं उत्पन्न/स्वयं जात हुनुहुन्छ, जसको जनक (पिता) कोही पनि छैन, त्यसैले स्वयंजात नाम भएका तिनै तपाईं भगवान्‌लाई हात जोडेर मेरो शतशः नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९८७) वैखानः

हिरण्याक्षं हतवते खनित्वा धरणीमिमाम् ।
वराहवपुषे तुभ्यं वैखानाय नमो नमः ॥९८७॥

अर्थ

यो पृथ्वीलाई (विशेषरूपले) खनेर हिरण्याक्षलाई मार्ने भएका र वराह शरीर धारण गर्ने भएका वैखान नाम गरेका तपाईंलाई नमो नमः छ ।

टिप्पणी

विशेष रूपले खनन गर्नाले भगवान् वैखान हुनुहुन्छ । पृथ्वीलाई विशेषरूपले खनेर पातालमा बसेका हिरण्याक्षलाई वराहले मार्नुभएको हुनाले भगवान् वैखान हुनुहुन्छ ।

९८८) सामगायनः

भक्तान् गापयते साम, गायते च स्वयं क्वचित् ।
शान्तिकामाय ते सामगायनाय नमो नमः ॥९८८॥

अर्थ

भक्तहरूलाई सामवेदको गायन गराउने र कहिले काहीं स्वयं पनि सामगान गर्ने भएका (सामगायन) द्वारा शान्ति कामना गर्ने भएका सामगायन नाम भएका तपाईंलाई नमो नमः छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९८९) देवकीनन्दनः

पुरुप्रेम्णा प्रीणयते देवकीं कंसपीडिताम् ।
नमः प्रतिपदं देव ! देवकीनन्दनाय ते ॥९८९॥

अर्थ

कंसले पीडित भएकी (आफ्नी आमा) देवकीलाई अत्यधिक प्रेमले (मायाले) प्रसन्न गराउने भएका देवकीनन्दन नाम भएका हे देव तपाईंलाई मेरो प्रतिपद (पाइला-पाइलामा) नमस्कार छ ।

९९०) स्रष्टा

अनन्तकोटिब्रह्माण्डान् शीलधर्मपुरःसरम् ।
सृजते साधु भवते स्रष्ट्रेऽस्तु शतशो नमः ॥९९०॥

अर्थ

अनन्तकोटि ब्रह्माण्डहरूलाई शीलधर्मपुरस्सर (आफ्नो स्वभाव अनुसार) राम्रोसँग सृष्टि गर्ने भएका स्रष्टा नाम गरेका तपाईंलाई शतशः नमस्कार छ ।

९९१) क्षितीशः

हतसर्वविपक्षाय निर्मितार्णवसेतवे ।
क्षितीशाय नमस्तस्मै दिलीपकुलकेतवे ॥९९१॥

अर्थ

समुद्रमा सेतु (पुल) निर्माण गरेर सम्पूर्ण विपक्षलाई (शत्रु) मार्ने तथा दिलीपका कुलका केतु (ध्वज) जस्ता भएका (रामावतारमा) क्षितीश नाम भएका तपाईंलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९९२) पापनाशनः

कीर्तनैरर्चनैर्ध्यानैर्दुरितानि विनिर्दहन् ।
प्रसीदतु प्रणामेन भगवान् पापनाशनः ॥९९२॥

अर्थ

कीर्तन-पूजन-ध्यानद्वारा स्मरण गर्नाले पापलाई नाश गर्ने पापनाशन नाम गरेका भगवान् प्रणामद्वारा प्रसन्न होऊन् ।

९९३) शङ्खभृत्

भूताद्यहङ्कारमयं पाञ्चजन्याभिधानकम् ।
शङ्खं धृतवते दिव्यं तुभ्यं शङ्खभृते नमः ॥९९३॥

अर्थ

(पञ्च) भूतको आदि भएको, तामस अहंकारमय (अहङ्कारस्वरूप) पाञ्चजन्य नाम गरेको दिव्य शङ्ख धारण गर्ने शङ्खभृत् नाम भएका तपाईंलाई नमस्कार छ ।

अहङ्कारस्वरूप भएको पाञ्चजन्यलाई भगवान्ले आफ्नो हातमा राखेकाले अहङ्कार भगवान्को वशमा छ भन्ने कुरा बोध हुन्छ । भूतादि अहङ्काररूप पाञ्चजन्य शङ्खलाई धारण गर्नाले भगवान् शङ्खभृत् हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९९४) नन्दकी

विद्यामयं नन्दकाख्यं खड्गं धारयते सते ।
भगवन् ! भवते भक्त्या भूरि नन्दकिने नमः ॥९९४॥

अर्थ

विद्यामय नन्दक नामको खड्गलाई धारण गर्ने नन्दकी नाम भएका र सत्स्वरूप भएका हे भगवन् तपाईंलाई भक्तिपूर्वक धेरै-धेरै नमस्कार छ ।

९९५) चक्री

सहस्रसूर्यप्रतिमं मनोमयमखण्डितम् ।
सुदर्शनाभिधं चक्रं बिभ्रते चक्रिणे नमः ॥९९५॥

अर्थ

हजारौं सूर्यजस्तो भएको, मनोमय=मनःस्वरूप भएको, अखण्डित सुदर्शन नाम गरेको चक्रलाई धारण गर्ने चक्री नाम भएका तपाईंलाई नमस्कार छ ।

टिप्पणी

मनस्तत्त्वात्मक सुदर्शन चक्रलाई भगवान्ले धारण गर्नुहुन्छ । त्यसैले भगवान् चक्री अथवा संसारचक्र भगवान्का आज्ञाले चलेको छ त्यसैले भगवान् चक्री हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९९६) शार्ङ्गधन्वा

राजसाऽहङ्कारमयमनुत्तरगुणं धनुः ।
शार्ङ्गाभिधानं दधते नमस्ते शार्ङ्गधन्वने ॥९९६॥

अर्थ

राजस अहङ्कारमय (राजस अहङ्कारको स्वरूप भएको) अनुत्तर (सर्वश्रेष्ठ) गुण (डोरी-ताँदो) भएको शार्ङ्ग नामको धनुष धारण गर्ने भएका शार्ङ्गधन्वा नामका तपाईंलाई नमस्कार छ ।

९९७) गदाधरः

कौमोदकीं बुद्धिरूपां गदां वैरिमदापहाम् ।
बिभ्रते साञ्जलि गदाधराय भवते नमः ॥९९७॥

अर्थ

बुद्धिस्वरूप भएको, वैरीहरूको मद=घमण्डलाई नाश गर्ने भएको, कौमोदकी नाम गरेको गदालाई धारण गर्ने भएका गदाधर नाम भएका तपाईं भगवान्लाई साञ्जलि नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९९८) रथाङ्गपाणिः

रणे रथाङ्गमादाय गाङ्गेयं प्रतिधावते ।
रथाङ्गपाणये तुभ्यं नमः संभ्रमशालिने ॥९९८॥

अर्थ

युद्धमा रथको अङ्ग भएको चक्र (रथको पाङ्ग्रो) लिएर गङ्गापुत्र (भीष्म) का प्रति दौड्ने भएका संभ्रम (सन्देह) युक्त भएका रथाङ्गपाणि नाम गरेका तपाईं भगवान्लाई नमस्कार छ ।

टिप्पणी

भगवान्को पाणि=हातमा, रथाङ्ग=रथको चक्का छ, त्यसैले भगवान् रथाङ्गपाणि हुनुहुन्छ ।

९९९) अक्षोभ्यः

अपारिताय प्रबलैः परैः क्षोभयितुं युधि ।
तुभ्यं मम नमन्मौले अक्षोभ्याय नमो नमः ॥९९९॥

अर्थ

प्रबल शत्रुहरूद्वारा युद्धमा क्षोभ (क्रोध/रोष) गराउन नसकिने हुनाले अक्षोभ्य नाम गरेका तपाईं भगवान्लाई शिर झुकाएर मेरो नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१०००) सर्वप्रहरणायुधः

यस्य सर्वं प्रहरणमायुधत्वाय कल्पते ।
स प्रभुर्नम्यते प्रीत्या सर्वप्रहरणायुधः ॥१०००॥ ॐ ॥

अर्थ

जसको सबै (कुरो) प्रहरण (प्रहार) को आयुध अर्थात् शस्त्र हुन जान्छ, त्यसैले सर्वप्रहरणायुध नाम भएका ती प्रभु प्रीतिपूर्वक (मद्वारा) नमस्कार गरिनुहुन्छ ।

टिप्पणी

भगवान्का केवल चक्र-गदा आदिमात्र आयुध छैनन् किन्तु सबै प्रहार गर्ने वस्तु आयुध हुन् । जस्तै नृसिंहावतारमा नख (नङ्) नै भगवान्को आयुध भयो, त्यसैले भगवान् सर्वप्रहरणायुध हुनुहुन्छ । सर्वप्रहरणायुध ॐ नमः इति यस्तो द्विर्वचन समाप्तिको द्योतक हो भने ॐकार मङ्गलको वाचक हो ।

व्याख्याकारले शङ्ख-चक्र-गदा-खड्ग-धनुष यी पाँच आयुधले युक्त भएको भगवान्को नामको व्याख्या गर्दा यी अस्त्र-शस्त्रहरू विशेष अहङ्कार इत्यादिका प्रतीक हुन् । त्यसमा पाञ्चजन्य शङ्ख पञ्चभूतको आदि कारण सात्त्विक अहङ्कारको प्रतीक हो । नन्दक=खड्ग विद्याको प्रतीक हो । सुदर्शन नामको चक्र मनस्तत्त्वको प्रतीक हो । शार्ङ्गधनुष - राजस अहङ्कारको प्रतीक हो भने कौमोदकी गदा बुद्धिको प्रतीक हो भन्नु भएको छ यी विशेष ध्येय कुरा हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इतीदं कीर्तनीयस्य केशवस्य महात्मनः ।
नाम्नां सहस्रं दिव्यानामशेषेण प्रकीर्तितम् ॥१२१॥

अर्थ

यस रीतिले कीर्तनयोग्य महान् आत्मा भएका केशव (जलशायी भगवान् श्रीविष्णुका दिव्य सहस्रनामहरूको कीर्तन गरियो ॥१२१॥

य इदं शृणुयान्नित्यं यश्चापि परिकीर्तयेत् ।
नाशुभं प्राप्नुयात्किञ्चित्सोऽमुत्रेह च मानवः ॥१२२॥

अर्थ

जसले यो सहस्रनाम नित्य सुन्दछ अथवा कीर्तन गर्छ (पाठ गर्छ) त्यो मानव परलोकमा र यसलोकमा कत्ति पनि अशुभ (अकल्याण) पाउँदैन ॥१२२॥

वेदान्तगो ब्राह्मणः स्यात्क्षत्रियो विजयी भवेत् ।
वैश्यो धनसमृद्धः स्याच्छूद्रः सुखमवाप्नुयात् ॥१२३॥

अर्थ

(यस स्तोत्रको पाठक) यदि ब्राह्मण हो भने वेदान्त अर्थात् उपनिषद् (अर्थ) को ज्ञाता हुन्छ, क्षत्रिय (युद्धमा) विजयी हुन्छ, वैश्य धनले समृद्ध हुन्छ र (सुन्नेवाला) शूद्र हो भने सुख प्राप्त गर्छ ॥१२३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्मार्थी प्राप्नुयाद्धर्ममर्थार्थी चार्थमाप्नुयात् ।
कामानवाप्नुयात्कामी प्रजार्थी प्राप्नुयात्प्रजाम् ॥१२४॥

अर्थ

(पाठक र श्रोता) धर्म चाहने वाला छ भने धर्म प्राप्त गर्छ (धार्मिक हुन्छ) । अर्थ (धन) चाहनेवाला छ भने अर्थ (धन) प्राप्त गर्छ, काम चाहने वाला छ (नेत्रादि इन्द्रियहरूको स्वविषयमा अकुण्ठता चाहनेवाला) काम (इन्द्रियहरूको आफ्नो विषयमा प्रवीणता) प्राप्त गर्दछ । सन्तान चाहनेले सन्तान प्राप्त गर्छ ॥१२४॥

भक्तिमान् यः सदोत्थाय शुचिस्तद्गतमानसः ।
सहस्रं वासुदेवस्य नाम्नामेतत्प्रकीर्तयेत् ॥१२५॥

अर्थ

जो (कोही) भक्तिमान् पुरुष सदा (प्रातःकालमै) उठी पवित्र भएर (शौच, स्नान, सन्ध्या इत्यादि गरेर) भगवान्मा चित्त लगाएर वासुदेव (भगवान्) का यी नामहरूको कीर्तन (पठन, श्रवण) गरोस् ॥१२५॥

यशः प्राप्नोति विपुलं ज्ञातिप्राधान्यमेव च ।
अचलां श्रियमाप्नोति श्रेयः प्राप्नोत्यनुत्तमम् ॥१२६॥

अर्थ

(यस स्तोत्रको पाठक, श्रोता) विपुल (अत्यधिक) यश प्राप्त गर्छ र आफ्नो जातिमा प्रधानता (मुख्यता) प्राप्त गर्छ । अचला लक्ष्मी प्राप्त गर्छ र सर्वोत्तम श्रेय (मोक्ष पनि) प्राप्त गर्छ ॥१२६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न भयं क्वचिदाप्नोति वीर्यं तेजश्च विन्दति ।
भवत्यरोगो द्युतिमान्बलरूपगुणान्वितः ॥१२७॥

अर्थ

(यस स्तोत्रको पाठक र श्रोता पुरुष) कहीं पनि भय प्राप्त गर्दैन । वीर्य (पराक्रम) तेज (ओजस्विता) प्राप्त गर्छ । त्यो (पाठक श्रोता पुरुष) नीरोग (रोगरहित) कान्तिमान् र बल, रूप, गुणले सम्पन्न हुन्छ ॥१२७॥

रोगार्तो मुच्यते रोगाद् बद्धो मुच्येत बन्धनात् ।
भयान्मुच्येत भीतस्तु मुच्येतापन्न आपदः ॥१२८॥

अर्थ

(यस स्तोत्रको पाठक र श्रोता) रोगी मनुष्य रोगबाट छुट्छ, बद्ध (कुनै कारणले बन्धनमा परेको मनुष्य) बन्धनबाट छुट्छ, भयमा परेको (भयभीत मनुष्य) भयबाट मुक्त हुन्छ र आपत्तिमा परेको मनुष्य आपत्तिबाट मुक्त हुन्छ ॥१२८॥

दुर्गाण्यतितरत्याशु पुरुषः पुरुषोत्तमम् ।
स्तुवन्नामसहस्रेण नित्यं भक्तिसमन्वितः ॥१२९॥

अर्थ

कुनै व्यक्तिले पुरुषोत्तम (भगवान् श्रीविष्णु) को भक्तिले युक्त भएर (भक्तिपूर्वक) हजारनामले स्तुति गऱ्यो भने कठिन (कठोर) दुःखबाट शीघ्र मुक्त हुन्छ ॥१२९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वासुदेवाश्रयो मर्त्यो वासुदेवपरायणः ।
सर्वपापविशुद्धात्मा याति ब्रह्म सनातनम् ॥१३०॥

अर्थ

वासुदेव (भगवान् श्रीविष्णु) को आश्रयमा रहने मनुष्य वासुदेवमा परायण भएर सबै पापबाट (छुटेर) शुद्ध चित्त भएर सनातन ब्रह्मलाई प्राप्त गर्छ ॥१३०॥

न वासुदेवभक्तानामशुभं विद्यते क्वचित् ।
जन्ममृत्युजराव्याधिभयं नैवोपजायते ॥१३१॥

अर्थ

वासुदेवका भक्तहरूको कहीं पनि अशुभ (अकल्याण) हुँदैन तथा उनीहरूलाई जन्म मृत्यु वृद्धावस्था तथा रोगको भय पनि रहदैन ।

इमं स्तवमधीयानः श्रद्धाभक्तिसमन्वितः ।
युज्येतात्मसुखक्षान्तिश्रीधृतिस्मृतिकीर्तिभिः ॥१३२॥

अर्थ

यस (सहस्रनाम) स्तुतिको श्रद्धा र भक्तिपूर्वक पाठ गर्ने र सुन्ने व्यक्ति आत्म सुख, क्षमा, लक्ष्मी, धैर्य र कीर्तिले युक्त हुन्छ ॥१३२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न क्रोधो न च मात्सर्यं न लोभो नाशुभा मतिः ।
भवन्ति कृतपुण्यानां भक्तानां पुरुषोत्तमे ॥१३३॥

अर्थ

पुरुषोत्तम भगवान्मा भक्ति (गर्ने) पुण्यात्मा भक्तहरूको क्रोध (रिस) मात्सर्य (आर्काको दोष देख्ने स्वभाव) लोभ र अशुभ बुद्धि हुँदैन ॥१३३॥

द्यौः सचन्द्रार्कनक्षत्रा खं दिशो भूर्महोदधिः ।
वासुदेवस्य वीर्येण विधृतानि महात्मनः ॥१३४॥

अर्थ

चन्द्रमा सूर्य र नक्षत्र (ताराहरू) सहित आकाश (स्वर्ग/सूर्य आदि) दिशाहरू पृथ्वी तथा महोदधि (समुद्र) यी सबै महात्मा भगवान् वासुदेव (विष्णु) का वीर्य (पराक्रम) ले नै धारण गरिएका छन् । (निराकार शून्य आकाश आकर्षण शक्तिले युक्त भएर निराधार रहेका छन्) ॥१३४॥

ससुरासुरगन्धर्वं सयक्षोरगराक्षसम् ।
जगद्वशे वर्ततेदं कृष्णस्य सचराचरम् ॥१३५॥

अर्थ

सुर (देवता) असुर (दैत्य) गन्धर्व (देवजाति विशेष) सहित तथा यक्ष (देवयोनिविशेष) सर्प, राक्षससहित सम्पूर्ण चराचर (भगवान्) कृष्ण (विष्णु) को वशमा छन् ॥१३५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इन्द्रियाणि मनो बुद्धिः सत्त्वं तेजो बलं धृतिः ।
वासुदेवात्मकान्याहुः क्षेत्रं क्षेत्रज्ञ एव च ॥१३६॥

अर्थ

(आँखा, कान आदि) इन्द्रियहरू, मन (संकल्प विकल्पको काम गर्ने) बुद्धि (निश्चयको काम गर्ने) अन्तःकरण (चित्त र अहङ्कार) तेज, बल, धैर्य, क्षेत्र (यो शरीर) र क्षेत्रज्ञ (यस शरीरलाई जान्ने जीवात्मा) यी सबै वासुदेवात्मक (वासुदेव विष्णुस्वरूप) नै भनिएका (मानिएका) छन् ॥१३६॥

सर्वागमानामाचारः प्रथमं परिकल्पते ।
आचारप्रभवो धर्मो धर्मस्य प्रभुरच्युतः ॥१३७॥

अर्थ

सवै आगम (शास्त्र) हरूमा सर्वप्रथम आचारको नै कल्पना हुन्छ । (आचारः प्रथमो धर्मः श्रुत्युक्तः स्मार्त एव च = सर्वप्रथम श्रुति र स्मृतिमा वताइएको आचार (सदाचार) नै धर्म हो ।) आचारले नै धर्म हुन्छ (आचारबाट नै धर्मको उत्पत्ति हुन्छ) र धर्मका प्रभु (स्वामी) अच्युत (श्रीविष्णु) नै हुनुहुन्छ ॥१३७॥

ऋषयः पितरो देवा महाभूतानि धातवः ।
जङ्गमाजङ्गमं चेदं जगन्नारायणोद्भवम् ॥१३८॥

अर्थ

ऋषिहरू, पितृहरू, देवताहरू महाभूत (पृथ्वी, जल, तेज, वायु, आकाश) हरू धातुहरू (स्वर्ण, रजत, लौह, अथवा रक्त वीर्य मज्जा आदिहरू), जङ्गम (चल प्राणीहरू) अचल (वृक्षादि प्राणीहरू) र यो चराचर जगत् नारायणबाट उत्पन्न भएको हो ॥१३८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योगो ज्ञानं तथा सांख्यं विद्याः शिल्पादि कर्म च ।
वेदाः शास्त्राणि विज्ञानमेतत्सर्वं जनार्दनात् ॥१३९॥

अर्थ

योग (हठयोग, मन्त्रयोग, लययोग, राजयोग) ज्ञान (वेदान्त, उपनिषद्) विद्या, (पुराण धर्मशास्त्र) शिल्पादिकर्म (सीप सिकाउने विद्या) वेद र शास्त्र (विधि निषेध वताउने निर्णय शास्त्र) र विज्ञान (आत्मज्ञान तथा भौतिक विज्ञान) यी सबै जनार्दन भगवान् विष्णुबाट नै उत्पन्न भएका हुन् ॥१३९॥

एको विष्णुर्महद्भूतं पृथग्भूतान्यनेकशः ।
त्रींल्लोकान् व्याप्य भूतात्मा भुङ्क्ते विश्वभुगव्ययः ॥१४०॥

अर्थ

एकमात्र भगवान् विष्णु नै महाभूत (सर्वोपरि तत्त्व) हुनुहुन्छ । (उहाँबाट नै) भूतहरू (पृथिवी आदिहरू) पृथक् भएका हुन्) विश्वमा नै भोग गर्ने अव्यय (अविनाशी) (ती भगवान् विष्णु) त्रिलोकलाई व्याप्त गरेर (त्रिलोकस्वरूप भएर) भोग गर्नुहुन्छ ॥१४०॥

इमं स्तवं भगवतो विष्णोर्व्यासेन कीर्तितम् ।
पठेद् य इच्छेत्पुरुषः श्रेयः प्राप्तुं सुखानि च ॥१४१॥

अर्थ

जो पुरुष श्रेय (परमकल्याण) सुख (यस लोकको कल्याण) प्राप्त गर्न चाहन्छ भने व्यास कीर्तित (व्यासले भनेको) भगवान् विष्णुको यो स्तोत्र पढोस् ॥१४१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विश्वेश्वरमजं देवं जगतः प्रभवाप्ययम् ।
भजन्ति ये पुष्कराक्षं न ते यान्ति पराभवम् ॥१४२॥

अर्थ

विश्वका स्वामी, अज (कहिल्यै उत्पन्न नभएका) जगत्को उत्पत्ति नाश गर्ने भएका, कमल जस्ता नेत्र भएका भगवान्को जसले भजन गर्छ तिनीहरू पराभव (पराजय) प्राप्त गर्दैनन् ॥१४२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केही नामको थप व्याख्या

व्याख्याकारले हजार नामको श्लोकात्मक व्याख्या समाप्त गरेपछि पुनः केही नामको व्याख्या गर्दै अभिमान परिहार गर्नुभएको छ। जस्तै-

१) अच्युतः

नानाव्रततपोदानाध्वरसिद्धिदकीर्तये ।
निपत्य कुर्वे पदयोरच्युताय नमो नमः ॥१॥

अर्थ

अनेक व्रत, तपस्या, दान, यज्ञहरूको सिद्धि (सफलता) दिने कीर्ति भएका हुनाले अच्युत नाम भएका भगवान्का दुवै पाउमा परेर नमस्कार गर्छु।

टिप्पणी

यस्या स्मृत्या च नामोक्त्या तपोयज्ञक्रियादिषु ।
न्यूनं सम्पूर्णतां याति सद्यो वन्दे तमच्युतम् ॥

यस शास्त्रवचन अनुसार कुनै शास्त्रीय कर्म गर्दा केही त्रुटि हुन सक्छ, मानवत्रुटिरहित हुन सक्दैन, तर अच्युत नाम उच्चारण गर्नाले त्यो त्रुटि पूर्ण हुन्छ, त्यसैले यहाँ व्याख्याकारले पुनः अच्युत भगवान्लाई नमस्कार गर्नुभएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२) साक्षी

आचारच्युतिसंभाव्यभूरिभीतिनिवृत्तये ।
परोक्षतानभिज्ञाय साक्षिणे शतशो नमः ॥२॥

अर्थ

आचारमा च्युति (त्रुटि) को संभावना गरेर अत्यधिक भय (डर) को निवृत्तिका निमित्त जसको निमित्त कुनै कुरा परोक्ष (अज्ञात) छैन, त्यस्ता साक्षीनाम भएका भगवान्‌लाई शतशः नमस्कार छ ।

३) लेखर्षभानुजः

क्षान्त्यै लेखापराधानां बोधवैधुर्यजन्मनाम् ।
लेखर्षभानुजायाऽहं करोमि विनयान्नमः ॥३॥

अर्थ

ज्ञानको विधुरता (त्रुटि) ले उत्पन्न भएका, यस लेखमा भएका अपराधहरूको क्षमा निमित्त लेखर्षभ (इन्द्रका) अनुज (भाइ वामनरूप) भगवान्‌लाई म विनयपूर्वक नमस्कार गर्छु ।

यो व्याख्या लेखको रूपमा भएको हुनाले लेखमा त्रुटि अर्थात् अपराध हुन सक्ने हुनाले लेखर्षभका भाइ भगवान्‌ले त्यसलाई क्षमा गर्नुहोला भन्ने आशयले व्याख्याकारले विनयपूर्वक नमस्कार गर्नुभएको छ । लेखर्षभ (लेखमा श्रेष्ठ) इन्द्र हुन् । उनै इन्द्रका भाई हुनाले लेखमा त्रुटिलाई क्षमा गरिदिन यो प्रार्थना गरिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४) कौतुकी र अद्‌भुतः

श्रीपते ! स्वानि नामानि निर्वक्तुं मादृशं जडम् ।
नियुञ्जते कौतुकिनेऽद्‌भुताय भवते नमः ॥४॥

अर्थ

हे श्रीपति (लक्ष्मीका स्वामी) म जस्तो जड (मूर्ख) लाई नामको व्याख्यामा लगाउनुभयो त्यसैले तपाईं कौतुकी (खेलवाड गर्नेवाला) हुनुहुन्छ र अद्‌भुत = आश्चर्यजनक काम गर्ने हुनुहुन्छ । त्यस्ता तपाईंलाई नमस्कार छ ।

टिप्पणी

कुनै मूर्ख व्यक्तिलाई भगवान्‌को सहस्रनाम जस्तो व्याख्या गर्न लगाउनु एउटा खेलवाड जस्तो हुनाले यहाँ भगवान्‌लाई कौतुकी भनिएको छ । साथै भगवान्‌को कृपाले मूक (लाटो) पनि वाचाल=व्याख्या गर्न सक्ने बन्न सक्छ तथा पङ्गु=लङ्गडो पर्वतलाई लङ्घन गर्न (नाघ्न) सक्छ ।

"मूकं करोति वाचालं पङ्गुं लङ्घयते गिरिम् ।
यत्कृपा तमहं वन्दे परमानन्दमाधवम् ॥"

यो सूक्तिंलाई मनमा धारण गरेर भगवत्कृपाले नै यो व्याख्या गर्न सकिएको हो भन्ने कुरा झल्काउनुभएको छ र यी पङ्क्तिहरूद्वारा आफ्नो निरभिमानिता पनि प्रकट गर्नुभएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सहस्रनाम व्याख्याको प्रवृत्तिमा कारण

निन्दनीयाऽखिलकृतेश्चलाचलमतेः सतः ।

स्तुतिर्विफलतामेति श्रद्धाविश्वासवर्जिता ॥१॥

अर्थ

निन्दनीय सम्पूर्ण कृति भएका, चलाचल बुद्धि भएका व्यक्तिको श्रद्धाविश्वासले रहित भएको स्तुति विफल हुन्छ ।

इत्यहं भगवन् कृष्ण ! न न वेद्मि विदन्नपि ।

आदेशमिव विन्दानः प्रावर्ते परतन्त्रधीः ॥२॥

अर्थ

यो कुरा हे भगवन् कृष्ण जान्दा-जान्दै पनि जानेको छैन । (किनभने प्रवृत्त नहुनुपर्नेमा पनि प्रवृत्त भएको छु) कुनै (अदृश्य शक्ति) को आदेश जस्तो मानेर परतन्त्र बुद्धि भएर यसमा प्रवृत्त भएको छु ।)

"स्तुतौ प्रवृत्त एवाऽसि श्रद्धां केवलमेधय ।

अनत्ययं प्रत्ययं च प्रत्यहं प्रचुरीकुरु" ॥३॥

अर्थ

"तिमी स्तुतिमा प्रवृत्त नै भएका छौ, केवल श्रद्धालाई बढाऊ, अत्यधिक विश्वासलाई प्रतिदिन बढाउँदै जाऊ" ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इति मां केचन प्राहुर्हितकामा विपश्चितः ।
सुवचं दुश्चरमिदं चित्तचाञ्चल्यदं वचः ॥४॥

अर्थ

यसरी मेरो हित चाहने केही विद्वान्हरूले मलाई भने, तर भन्नु सरल छ गर्न कठिन छ, यो वचनले चित्तमा चञ्चलता मात्र दिन्छ ।

विषमेऽस्मिन् हि समये दृश्यमानमहाभये ।
श्रद्धाविश्वासयोर्दार्ढ्यं केवलं वाचि तिष्ठति ॥५॥

अर्थ

यस विषम (कठोर) समयमा महाभय देखिने बेलामा श्रद्धा र विश्वासको दृढता केवल वचनमा मात्रै रहन्छ । (मनमा श्रद्धा विश्वास छैन, त्यसैले कसरी यसमा लाग्ने यो संशय नै थियो ।

"यथातथाऽपि विहितं भगवन्नामकीर्तनम् ।
हितमेवाऽऽदधाती"ति द्वैपायनमहामुनिः ॥६॥

अर्थ

भगवान् महामुनि द्वैपायन व्यासले "जुनसुकै रीतिले पनि गरिएको भगवन्नामको कीर्तनले हित नै गर्छ" भन्नुभएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तस्यैतया केवलया सूक्त्याऽऽश्वासमवापितः ।
मा भूवं वञ्चितः सोऽपि मा भूद्वितथगीर्मुनिः ॥७॥

अर्थ

त्यो भगवान् व्यासको सूक्तिद्वारा आश्वासन प्राप्त भएको हुनाले (म यस कार्यमा लागें) र म वञ्चित नहोऊँ र ती मुनि व्यासजी असत्य वाणी भएका नहोऊन् ।

प्रवर्तकोऽसि भगवन् किमन्यदभिधीयताम् ।
अस्मिन् वचःप्रपञ्चेऽपि ममता नापनीयताम् ॥८॥

अर्थ

हे भगवन् ! तपाईं नै सञ्चालक हुनुहुन्छ, म यो भन्दा अरू के भनौं ? मेरो यस वचनको प्रपञ्चमा ममता नहटाउनुहोस् ।

कर्तुं द्राघीयसीं यात्रां प्रवृत्तः क्षुब्ध-भीत-धीः ।
अलब्धशम्बलबलः करोमि हरये नमः ॥९॥

अर्थ

म लामो यात्रा गर्न लागेको छु, तर मेरो बुद्धि क्षुब्ध र डराएको छ, कुनै अवलम्वन नपाएको म केवल हरिलाई नमस्कार गर्छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वपरिचयः

गोत्रेणात्रिर्गौतमोपनामा नेपालभूमिभूः ।

श्री (६) रमाकान्ततनयः सावित्रीगर्भसंभवः ॥१॥

अर्थ

गोत्रले म अत्रिगोत्रको, गौतम मेरो उपनाम (थर), नेपाल मेरो जन्मभूमि, तथा श्री ६ रमाकान्तको छोरो एवं (माता) सावित्रीको गर्भबाट उत्पन्न भएको हूँ ।

श्रीकाशीसंश्रयावाप्तवेदशास्त्रपवित्रितः ।

श्रीगुरूणां कृपापात्रं मनीषिजनकिङ्करः ॥२॥

अर्थ

श्री काशी (विश्वनाथपुरी) को आश्रयबाट प्राप्त वेद र शास्त्रको (अध्ययन) ले पवित्र भएको एवं श्री गुरुहरूको कृपापात्र भएको र मनीषी (विद्वान्) जनहरूको सेवक हूँ ।

नेपालपालावलितः कलितस्वल्पसत्कृतिः ।

प्रपञ्चपरतानीतपञ्चसप्ततिहायनः ॥३॥

अर्थ

नेपालका पालक (राजा) ले दिएको वृत्ति प्राप्त गरेको र थोरै नै सत्कृति गरेको, प्रपञ्चमा परेर ७५ वर्ष व्यतीत गरेको हूँ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वतातपादप्राचीनसंकल्पपरिपूर्तये ।

सहस्रनामविवृतिं कुलचन्द्रो व्यधादिमाम् ॥४॥

अर्थ

आफ्ना पूज्यपाद पिताजीको प्राचीन सङ्कल्पको पूर्ति निमित्त म कुलचन्द्रले यो सहस्रनामको व्याख्या गरें ।

निध्यभ्रखाक्षि (२००९) प्रमिते वैक्रमाब्दीयमाधवे ।

दीनबन्धोः पदद्वन्द्वे प्रबन्धोऽयं समर्पितः ॥५॥

अर्थ

बि.सं. २००९ साल वैशाख महिनामा यो प्रबन्ध दीनबन्धु भगवान्‌का चरणकमलद्वयमा समर्पित गरियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्टखण्डः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्वच्छिरोमणेः कुलचन्द्रगौतमस्य हस्ताक्षराणां निदर्शनम्

श्रीगणेशाय नमः ।

भूमिका

अन्तर्वाणीश्वराणां साहित्याम्भोधिकुम्भजातानाम् ।
आदर्शभावावितस्य दुर्निराचाराचर्नीयानाम् — ॥
श्रीरामशास्त्रिनाम्नां प्राच्याचार्यवर्याणाम् ।
चरणारविन्दयुगलं विपुलबलं चेत्त | आश्रय । ॥
समदर्शि-सर्वतन्त्रस्वतन्त्र-विद्वन्मतल्लीनाम् —
श्री (६) पूज्यपाद-गुरुवर-गङ्गाधरशास्त्रिमानवल्लीनाम्
निर्द्वन्द्वतामेतां नामं नामं पदोर्द्वन्द्वम् ।
विष्णोर्नामसहस्रं निर्वक्तुं श्रद्धया प्रवृत्तोऽस्मि ॥

× × ×

स्वपरिचयः

(१) गोत्रेणात्रिर्गौतमोपनामा नेपालभूमिभूः ।
श्री (६) रमाकान्ततनयः सावित्रीगर्भसंभवः ।
(२) श्रीकाशीसंस्थावाप्तवेदशास्त्रपरिचितिः ।
श्रीगुरूणां कृपापात्रं मनीषिजनकिङ्करः ।
(३) नेपालपालावलितः कलितस्वल्पसत्कृतिः ।
प्रपञ्चपरतन्त्रीत पञ्चसप्ततिहायनैः ॥
(४) स्वतातपादप्राचीनसंकल्पपरिपूर्तये ।
सहस्रनामविवृतिं कुलचन्द्रो व्यधादिमाम् ॥
(५) नियमशराक्षि (२०५६) प्रमिते वैक्रमाब्दीयमाधवे ।
शिवबन्धोः प्रदर्शके प्रबन्धोऽयं समर्पितः ॥

× × ×

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुर्थ्यन्तः खण्डः

श्रीविष्णुसहस्रनामावली

१. ॐ विश्वाय नमः
२. ॐ विष्णवे नमः
३. ॐ वषट्काराय नमः
४. ॐ भूतभव्यभवत्प्रभवे नमः
५. ॐ भूतकृते नमः
६. ॐ भूतभृते नमः
७. ॐ भावाय नमः
८. ॐ भूतात्मने नमः
९. ॐ भूतभावनाय नमः
१०. ॐ पूतात्मने नमः
११. ॐ परमात्मने नमः
१२. ॐ मुक्तानां परमगतये नमः
१३. ॐ अव्ययाय नमः
१४. ॐ पुरुषाय नमः
१५. ॐ साक्षिणे नमः
१६. ॐ क्षेत्रज्ञाय नमः
१७. ॐ अक्षराय नमः
१८. ॐ योगाय नमः
१९. ॐ योगविदां नेत्रे नमः
२०. ॐ प्रधानपुरुषेश्वराय नमः
२१. ॐ नारसिंहवपुषे नमः
२२. ॐ श्रीमते नमः
२३. ॐ केशवाय नमः
२४. ॐ पुरुषोत्तमाय नमः
२५. ॐ सर्वाय नमः
२६. ॐ शर्वाय नमः
२७. ॐ शिवाय नमः
२८. ॐ स्थाणवे नमः
२९. ॐ भूतादये नमः
३०. ॐ निधिरव्ययाय नमः
३१. ॐ सम्भवाय नमः
३२. ॐ भावनाय नमः
३३. ॐ भर्त्रे नमः
३४. ॐ प्रभवाय नमः
३५. ॐ प्रभवे नमः
३६. ॐ ईश्वराय नमः
३७. ॐ स्वयम्भुवे नमः
३८. ॐ शम्भवे नमः
३९. ॐ आदित्याय नमः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४०. ॐ पुष्कराक्षाय नमः
४१. ॐ महास्वनाय नमः
४२. ॐ अनादिनिधनाय नमः
४३. ॐ धात्रे नमः
४४. ॐ विधात्रे नमः
४५. ॐ धातुरुत्तमाय नमः
४६. ॐ अप्रमेयाय नमः
४७. ॐ हृषीकेशाय नमः
४८. ॐ पद्मनाभाय नमः
४९. ॐ अमरप्रभवे नमः
५०. ॐ विश्वकर्मणे नमः
५१. ॐ मनवे नमः
५२. ॐ त्वष्ट्रे नमः
५३. ॐ स्थविष्ठाय नमः
५४. ॐ स्थविरध्रुवाय नमः
५५. ॐ अग्राह्याय नमः
५६. ॐ शाश्वताय नमः
५७. ॐ कृष्णाय नमः
५८. ॐ लोहिताक्षाय नमः
५९. ॐ प्रतर्दनाय नमः
६०. ॐ प्रभूताय नमः
६१. ॐ त्रिककुब्धाम्ने नमः
६२. ॐ पवित्राय नमः
६३. ॐ मङ्गलाय पराय नमः
६४. ॐ ईशानाय नमः
६५. ॐ प्राणदाय नमः
६६. ॐ प्राणाय नमः
६७. ॐ ज्येष्ठाय नमः
६८. ॐ श्रेष्ठाय नमः
६९. ॐ प्रजापतये नमः
७०. ॐ हिरण्यगर्भाय नमः
७१. ॐ भूगर्भाय नमः
७२. ॐ माधवाय नमः
७३. ॐ मधुसूदनाय नमः
७४. ॐ ईश्वराय नमः
७५. ॐ विक्रमिणे नमः
७६. ॐ धन्विने नमः
७७. ॐ मेधाविने नमः
७८. ॐ विक्रमाय नमः
७९. ॐ क्रमाय नमः
८०. ॐ अनुत्तमाय नमः
८१. ॐ दुराधर्षाय नमः
८२. ॐ कृतज्ञाय नमः
८३. ॐ कृतये नमः
८४. ॐ आत्मवते नमः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८५. ॐ सुरेशाय नमः
८६. ॐ शरणाय नमः
८७. ॐ शर्मणे नमः
८८. ॐ विश्वरेतसे नमः
८९. ॐ प्रजाभवाय नमः
९०. ॐ अह्ने नमः
९१. ॐ संवत्सराय नमः
९२. ॐ व्यालाय नमः
९३. ॐ प्रत्ययाय नमः
९४. ॐ सर्वदर्शनाय नमः
९५. ॐ अजाय नमः
९६. ॐ सर्वेश्वराय नमः
९७. ॐ सिद्धाय नमः
९८. ॐ सिद्धये नमः
९९. ॐ सर्वादये नमः
१००. ॐ अच्युताय नमः
१०१. ॐ वृषाकपये नमः
१०२. ॐ अमेयात्मने नमः
१०३. ॐ सर्वयोगविनिःसृताय नमः
१०४. ॐ वसवे नमः
१०५. ॐ वसुमनसे नमः
१०६. ॐ सत्याय नमः
१०७. ॐ समात्मने नमः
१०८. ॐ सम्मिताय नमः
१०९. ॐ समाय नमः
११०. ॐ अमोघाय नमः
१११. ॐ पुण्डरीकाक्षाय नमः
११२. ॐ वृषकर्मणे नमः
११३. ॐ वृषाकृतये नमः
११४. ॐ रुद्राय नमः
११५. ॐ बहुशिरसे नमः
११६. ॐ बभ्रवे नमः
११७. ॐ विश्वयोनये नमः
११८. ॐ शुचिश्रवसे नमः
११९. ॐ अमृताय नमः
१२०. ॐ शाश्वतस्थाणवे नमः
१२१. ॐ वरारोहाय नमः
१२२. ॐ महातपसे नमः
१२३. ॐ सर्वगाय नमः
१२४. ॐ सर्वविद्भानवे नमः
१२५. ॐ विष्वक्सेनाय नमः
१२६. ॐ जनार्दनाय नमः
१२७. ॐ वेदाय नमः
१२८. ॐ वेदविदे नमः
१२९. ॐ अव्यङ्गाय नमः
१३०. ॐ वेदाङ्गाय नमः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१३१. ॐ वेदविदे नमः
१३२. ॐ कवये नमः
१३३. ॐ लेकाध्यक्षाय नमः
१३४. ॐ सुराध्यक्षाय नमः
१३५. ॐ धर्माध्यक्षाय नमः
१३६. ॐ कृताकृताय नमः
१३७. ॐ चतुरात्मने नमः
१३८. ॐ चतुर्व्यूहाय नमः
१३९. ॐ चतुर्दंष्ट्राय नमः
१४०. ॐ चतुर्भुजाय नमः
१४१. ॐ भ्राजिष्णवे नमः
१४२. ॐ भोजनाय नमः
१४३. ॐ भोक्त्रे नमः
१४४. ॐ सहिष्णवे नमः
१४५. ॐ जगदादिजाय नमः
१४६. ॐ अनघाय नमः
१४७. ॐ विजयाय नमः
१४८. ॐ जेत्रे नमः
१४९. ॐ विश्वयोनये नमः
१५०. ॐ पुनर्वसवे नमः
१५१. ॐ उपेन्द्राय नमः
१५२. ॐ वामनाय नमः
१५३. ॐ प्रांशवे नमः
१५४. ॐ अमोघाय नमः
१५५. ॐ शुचये नमः
१५६. ॐ ऊर्जिताय नमः
१५७. ॐ अतीन्द्राय नमः
१५८. ॐ सङ्ग्रहाय नमः
१५९. ॐ सर्गाय नमः
१६०. ॐ धृतात्मने नमः
१६१. ॐ नियमाय नमः
१६२. ॐ यमाय नमः
१६३. ॐ वेद्याय नमः
१६४. ॐ वैद्याय नमः
१६५. ॐ सदायोगिने नमः
१६६. ॐ वीरघ्ने नमः
१६७. ॐ माधवाय नमः
१६८. ॐ मधवे नमः
१६९. ॐ अतीन्द्रियाय नमः
१७०. ॐ महामायाय नमः
१७१. ॐ महोत्साहाय नमः
१७२. ॐ महाबलाय नमः
१७३. ॐ महाबुद्धये नमः
१७४. ॐ महावीर्याय नमः
१७५. ॐ महाशक्तये नमः
१७६. ॐ महाद्युतये नमः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१७७. ॐ अनिर्देश्यवपुषे नमः
१७८. ॐ श्रीमते नमः
१७९. ॐ अमेयात्मने नमः
१८०. ॐ महाद्रिधृषे नमः
१८१. ॐ महेष्वासाय नमः
१८२. ॐ महीभर्त्रे नमः
१८३. ॐ श्रीनिवासाय नमः
१८४. ॐ सतां गतये नमः
१८५. ॐ अनिरुद्धाय नमः
१८६. ॐ सुरानन्दाय नमः
१८७. ॐ गोविन्दाय नमः
१८८. ॐ गोविदाम्पतये नमः
१८९. ॐ मरीचये नमः
१९०. ॐ दमनाय नमः
१९१. ॐ हंसाय नमः
१९२. ॐ सुपर्णाय नमः
१९३. ॐ भुजगोत्तमाय नमः
१९४. ॐ हिरण्यनाभाय नमः
१९५. ॐ सुतपसे नमः
१९६. ॐ पद्मनाभाय नमः
१९७. ॐ प्रजापतये नमः
१९८. ॐ अमृत्यवे नमः
१९९. ॐ सर्वदृशे नमः
२००. ॐ सिंहाय नमः
२०१. ॐ सन्धात्रे नमः
२०२. ॐ सन्धिमते नमः
२०३. ॐ स्थिराय नमः
२०४. ॐ अजाय नमः
२०५. ॐ दुर्मर्षणाय नमः
२०६. ॐ शास्त्रे नमः
२०७. ॐ विश्रुतात्मने नमः
२०८. ॐ सुरारिघ्ने नमः
२०९. ॐ गुरवे नमः
२१०. ॐ गुरुतमाय नमः
२११. ॐ धाम्ने नमः
२१२. ॐ सत्याय नमः
२१३. ॐ सत्यपराक्रमाय नमः
२१४. ॐ निमिषाय नमः
२१५. ॐ अनिमिषाय नमः
२१६. ॐ स्रग्विणे नमः
२१७. ॐ वाचस्पतये उदारधिये नमः
२१८. ॐ अग्रण्ये नमः
२१९. ॐ ग्रामण्ये नमः
२२०. ॐ श्रीमते नमः
२२१. ॐ न्यायाय नमः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२२२. ॐ नेत्रे नमः
२२३. ॐ समीरणाय नमः
२२४. ॐ सहस्रमूर्ध्ने नमः
२२५. ॐ विश्वात्मने नमः
२२६. ॐ सहस्राक्षाय नमः
२२७. ॐ सहस्रपदे नमः
२२८. ॐ आवर्तनाय नमः
२२९. ॐ निवृत्तात्मने नमः
२३०. ॐ संवृताय नमः
२३१. ॐ सम्प्रमर्दनाय नमः
२३२. ॐ अहःसंवर्तकाय नमः
२३३. ॐ वह्नये नमः
२३४. ॐ अनिलाय नमः
२३५. ॐ धरणीधराय नमः
२३६. ॐ सुप्रसादाय नमः
२३७. ॐ प्रसन्नात्मने नमः
२३८. ॐ विश्वधृषे नमः
२३९. ॐ विश्वभुजे नमः
२४०. ॐ विभवे नमः
२४१. ॐ सत्कर्त्रे नमः
२४२. ॐ सत्कृताय नमः
२४३. ॐ साधवे नमः
२४४. ॐ जह्नवे नमः
२४५. ॐ नारायणाय नमः
२४६. ॐ नराय नमः
२४७. ॐ असंख्येयाय नमः
२४८. ॐ अप्रमेयात्मने नमः
२४९. ॐ विशिष्टाय नमः
२५०. ॐ शिष्टकृते नमः
२५१. ॐ शुचये नमः
२५२. ॐ सिद्धार्थाय नमः
२५३. ॐ सिद्धसंकल्पाय नमः
२५४. ॐ सिद्धिदाय नमः
२५५. ॐ सिद्धिसाधनाय नमः
२५६. ॐ वृषाहिणे नमः
२५७. ॐ वृषभाय नमः
२५८. ॐ विष्णवे नमः
२५९. ॐ वृषपर्वणे नमः
२६०. ॐ वृषोदराय नमः
२६१. ॐ वर्धनाय नमः
२६२. ॐ वर्धमानाय नमः
२६३. ॐ विविक्ताय नमः
२६४. ॐ श्रुतिसागराय नमः
२६५. ॐ सुभुजाय नमः
२६६. ॐ दुर्धराय नमः
२६७. ॐ वाग्मिने नमः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२६८. ॐ महेन्द्राय नमः
२६९. ॐ वसुदाय नमः
२७०. ॐ वसवे नमः
२७१. ॐ नैकरूपाय नमः
२७२. ॐ बृहद्रूपाय नमः
२७३. ॐ शिपिविष्टाय नमः
२७४. ॐ प्रकाशनाय नमः
२७५. ॐ ओजस्तेजोद्युतिधराय नमः
२७६. ॐ प्रकाशात्मने नमः
२७७. ॐ प्रतापनाय नमः
२७८. ॐ ऋद्धाय नमः
२७९. ॐ स्पष्टाक्षराय नमः
२८०. ॐ मन्त्राय नमः
२८१. ॐ चन्द्रांशवे नमः
२८२. ॐ भास्करद्युतये नमः
२८३. ॐ अमृतांशूद्भवाय नमः
२८४. ॐ भानवे नमः
२८५. ॐ शशबिन्दवे नमः
२८६. ॐ सुरेश्वराय नमः
२८७. ॐ औषधाय नमः
२८८. ॐ जगतःसेतवे नमः
२८९. ॐ सत्यधर्मपराक्रमाय नमः
२९०. ॐ भूतभव्यभवन्नाथाय नमः
२९१. ॐ पवनाय नमः
२९२. ॐ पावनाय नमः
२९३. ॐ अनलाय नमः
२९४. ॐ कामघ्ने नमः
२९५. ॐ कामकृते नमः
२९६. ॐ कान्ताय नमः
२९७. ॐ कामाय नमः
२९८. ॐ कामप्रदाय नमः
२९९. ॐ प्रभवे नमः
३००. ॐ युगादिकृते नमः
३०१. ॐ युगावर्ताय नमः
३०२. ॐ नैकमायाय नमः
३०३. ॐ महाशनाय नमः
३०४. ॐ अदृश्याय नमः
३०५. ॐ व्यक्तरूपाय नमः
३०६. ॐ सहस्रजिते नमः
३०७. ॐ अनन्तजिते नमः
३०८. ॐ इष्टाय नमः
३०९. ॐ अविशिष्टाय नमः
३१०. ॐ शिष्टेष्टाय नमः
३११. ॐ शिखण्डिने नमः
३१२. ॐ नहुषाय नमः
३१३. ॐ वृषाय नमः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३१४. ॐ क्रोधघ्ने नमः
३१५. ॐ क्रोधकृत्कर्त्रे नमः
३१६. ॐ विश्वबाहवे नमः
३१७. ॐ महीधराय नमः
३१८. ॐ अच्युताय नमः
३१९. ॐ प्रथिताय नमः
३२०. ॐ प्राणाय नंमः
३२१. ॐ प्राणदाय नमः
३२२. ॐ वासवानुजाय नमः
३२३. ॐ अपांनिधये नमः
३२४. ॐ अधिष्ठानाय नमः
३२५. ॐ अप्रमत्ताय नमः
३२६. ॐ प्रतिष्ठिताय नमः
३२७. ॐ स्कन्दाय नमः
३२८. ॐ स्कन्दधराय नमः
३२९. ॐ धुर्याय नमः
३३०. ॐ वरदाय नमः
३३१. ॐ वायुवाहनाय नमः
३३२. ॐ वासुदेवाय नमः
३३३. ॐ बृहद्भानवे नमः
३३४. ॐ आदिदेवाय नमः
३३५. ॐ पुरन्दराय नमः
३३६. ॐ अशोकाय नमः
३३७. ॐ तारणाय नमः
३३८. ॐ ताराय नमः
३३९. ॐ शूराय नमः
३४०. ॐ शौरये नमः
३४१. ॐ जनेश्वराय नमः
३४२. ॐ अनुकूलाय नमः
३४३. ॐ शतावर्ताय नमः
३४४. ॐ पद्मिने नमः
३४५. ॐ पद्मनिभेक्षणाय नमः
३४६. ॐ पद्मनाभाय नमः
३४७. ॐ अरविन्दाक्षाय नमः
३४८. ॐ पद्मगर्भाय नमः
३४९. ॐ शरीरभृते नमः
३५०. ॐ महर्द्धये नमः
३५१. ॐ ऋद्धाय नमः
३५२. ॐ वृद्धात्मने नमः
३५३. ॐ महाक्षाय नमः
३५४. ॐ गरुडध्वजाय नमः
३५५. ॐ अतुलाय नमः
३५६. ॐ शरभाय नमः
३५७. ॐ भीमाय नमः
३५८. ॐ समयज्ञाय नमः
३५९. ॐ हविर्हरये नमः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३६०. ॐ सर्वलक्षणलक्षण्याय नमः
३६१. ॐ लक्ष्मीवते नमः
३६२. ॐ समितिञ्जयाय नमः
३६३. ॐ विक्षराय नमः
३६४. ॐ रोहिताय नमः
३६५. ॐ मार्गाय नमः
३६६. ॐ हेतवे नमः
३६७. ॐ दामोदराय नमः
३६८. ॐ सहाय नमः
३६९. ॐ महीधराय नमः
३७०. ॐ महाभागाय नमः
३७१. ॐ वेगवते नमः
३७२. ॐ अमिताशनाय नमः
३७३. ॐ उद्भवाय नमः
३७४. ॐ क्षोभणाय नमः
३७५. ॐ देवाय नमः
३७६. ॐ श्रीगर्भाय नमः
३७७. ॐ परमेश्वराय नमः
३७८. ॐ करणाय नमः
३७९. ॐ कारणाय नमः
३८०. ॐ कर्त्रे नमः
३८१. ॐ विकर्त्रे नमः
३८२. ॐ गहनाय नमः
३८३. ॐ गुहाय नमः
३८४. ॐ व्यवसायाय नमः
३८५. ॐ व्यवस्थानाय नमः
३८६. ॐ संस्थानाय नमः
३८७. ॐ स्थानदाय नमः
३८८. ॐ ध्रुवाय नमः
३८९. ॐ परर्द्धये नमः
३९०. ॐ परमस्पष्टाय नमः
३९१. ॐ तुष्टाय नमः
३९२. ॐ पुष्टाय नमः
३९३. ॐ शुभेक्षणाय नमः
३९४. ॐ रामाय नमः
३९५. ॐ विरामाय नमः
३९६. ॐ विरताय नमः
३९७. ॐ मार्गाय नमः
३९८. ॐ नेयाय नमः
३९९. ॐ नयाय नमः
४००. ॐ अनयाय नमः
४०१. ॐ वीराय नमः
४०२. ॐ शक्तिमतां श्रेष्ठाय नमः
४०३. ॐ धर्माय नमः
४०४. ॐ धर्मविदुत्तमाय नमः
४०५. ॐ वैकुण्ठाय नमः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४०६. ॐ पुरुषाय नमः
४०७. ॐ प्राणाय नमः
४०८. ॐ प्राणदाय नमः
४०९. ॐ प्रणवाय नमः
४१०. ॐ पृथवे नमः
४११. ॐ हिरण्यगर्भाय नमः
४१२. ॐ शत्रुघ्नाय नमः
४१३. ॐ व्याप्ताय नमः
४१४. ॐ वायवे नमः
४१५. ॐ अधोक्षजाय नमः
४१६. ॐ ऋतवे नमः
४१७. ॐ सुदर्शनाय नमः
४१८. ॐ कालाय नमः
४१९. ॐ परमेष्ठिने नमः
४२०. ॐ परिग्रहाय नमः
४२१. ॐ उग्राय नमः
४२२. ॐ संवत्सराय नमः
४२३. ॐ दक्षाय नमः
४२४. ॐ विश्राामाय नमः
४२५. ॐ विश्वदक्षिणाय नमः
४२६. ॐ विस्ताराय नमः
४२७. ॐ स्थावरस्थाणवे नमः
४२८. ॐ प्रमाणाय नमः
४२९. ॐ बीजायाव्ययाय नमः
४३०. ॐ अर्थाय नमः
४३१. ॐ अनर्थाय नमः
४३२. ॐ महाकोशाय नमः
४३३. ॐ महाभोगाय नमः
४३४. ॐ महाधनाय नमः
४३५. ॐ अनिर्विण्णाय नमः
४३६. ॐ स्थविष्ठाय नमः
४३७. ॐ अभुवे नमः
४३८. ॐ धर्मयूपाय नमः
४३९. ॐ महामखाय नमः
४४०. ॐ नक्षत्रनेमये नमः
४४१. ॐ नक्षत्रिणे नमः
४४२. ॐ क्षमाय नमः
४४३. ॐ क्षामाय नमः
४४४. ॐ समीहनाय नमः
४४५. ॐ यज्ञाय नमः
४४६. ॐ इज्याय नमः
४४७. ॐ महेज्याय नमः
४४८. ॐ क्रतवे नमः
४४९. ॐ सत्राय नमः
४५०. ॐ सतां गतये नमः
४५१. ॐ सर्वदर्शिने नमः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४५२. ॐ विमुक्तात्मने नमः
४५३. ॐ सर्वज्ञाय नमः
४५४. ॐ ज्ञानमुत्तमाय नमः
४५५. ॐ सुव्रताय नमः
४५६. ॐ सुमुखाय नमः
४५७. ॐ सूक्ष्माय नमः
४५८. ॐ सुघोषाय नमः
४५९. ॐ सुखदाय नमः
४६०. ॐ सुहृदे नमः
४६१. ॐ मनोहराय नमः
४६२. ॐ जितक्रोधाय नमः
४६३. ॐ वीरबाहवे नमः
४६४. ॐ विदारणाय नमः
४६५. ॐ स्वापनाय नमः
४६६. ॐ स्ववशाय नमः
४६७. ॐ व्यापिने नमः
४६८. ॐ नैकात्मने नमः
४६९. ॐ नैककर्मकृते नमः
४७०. ॐ वत्सराय नमः
४७१. ॐ वत्सलाय नमः
४७२. ॐ वत्सिने नमः
४७३. ॐ रत्नगर्भाय नमः
४७४. ॐ धनेश्वराय नमः
४७५. ॐ धर्मगुपे नमः
४७६. ॐ धर्मकृते नमः
४७७. ॐ धर्मिणे नमः
४७८. ॐ सते नमः
४७९. ॐ असते नमः
४८०. ॐ क्षराय नमः
४८१. ॐ अक्षराय नमः
४८२. ॐ अविज्ञात्रे नमः
४८३. ॐ सहस्रांशवे नमः
४८४. ॐ विधात्रे नमः
४८५. ॐ कृतलक्षणाय नमः
४८६. ॐ गभस्तिनेमये नमः
४८७. ॐ सत्त्वस्थाय नमः
४८८. ॐ सिंहाय नमः
४८९. ॐ भूतमहेश्वराय नमः
४९०. ॐ आदिदेवाय नमः
४९१. ॐ महादेवाय नमः
४९२. ॐ देवेशाय नमः
४९३. ॐ देवभृद्गुरवे नमः
४९४. ॐ उत्तराय नमः
४९५. ॐ गोपतये नमः
४९६. ॐ गोप्त्रे नमः
४९७. ॐ ज्ञानगम्याय नमः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४९८. ॐ पुरातनाय नमः
४९९. ॐ शरीरभूतभृते नमः
५००. ॐ भोक्त्रे नमः
५०१. ॐ कपीन्द्राय नमः
५०२. ॐ भूरिदक्षिणाय नमः
५०३. ॐ सोमपाय नमः
५०४. ॐ अमृतपाय नमः
५०५. ॐ सोमाय नमः
५०६. ॐ पुरुजिते नमः
५०७. ॐ पुरुसत्तमाय नमः
५०८. ॐ विनयाय नमः
५०९. ॐ जयाय नमः
५१०. ॐ सत्यसन्धाय नमः
५११. ॐ दाशार्हाय नमः
५१२. ॐ सात्वताम्पतये नमः
५१३. ॐ जीवाय नमः
५१४. ॐ विनयितासाक्षिणे नमः
५१५. ॐ मुकुन्दाय नमः
५१६. ॐ अमितविक्रमाय नमः
५१७. ॐ अम्भोनिधये नमः
५१८. ॐ अनन्तात्मने नमः
५१९. ॐ महोदधिशयाय नमः
५२०. ॐ अन्तकाय नमः
५२१. ॐ अजाय नमः
५२२. ॐ महार्हाय नमः
५२३. ॐ स्वाभाव्याय नमः
५२४. ॐ जितामित्राय नमः
५२५. ॐ प्रमोदनाय नमः
५२६. ॐ आनन्दाय नमः
५२७. ॐ नन्दनाय नमः
५२८. ॐ नन्दाय नमः
५२९. ॐ सत्यधर्मणे नमः
५३०. ॐ त्रिविक्रमाय नमः
५३१. ॐ महर्षये कपिलाचार्याय नमः
५३२. ॐ कृतज्ञाय नमः
५३३. ॐ मेदिनीपतये नमः
५३४. ॐ त्रिपदाय नमः
५३५. ॐ त्रिदशाध्यक्षाय नमः
५३६. ॐ महाशृङ्गाय नमः
५३७. ॐ कृतान्तकृते नमः
५३८. ॐ महावराहाय नमः
५३९. ॐ गोविन्दाय नमः
५४०. ॐ सुषेणाय नमः
५४१. ॐ कनकाङ्गदिने नमः
५४२. ॐ गुह्याय नमः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५४३. ॐ गभीराय नमः
५४४. ॐ गहनाय नमः
५४५. ॐ गुप्ताय नमः
५४६. ॐ चक्रगदाधराय नमः
५४७. ॐ वेधसे नमः
५४८. ॐ स्वाङ्गाय नमः
५४९. ॐ अजिताय नमः
५५०. ॐ कृष्णाय नमः
५५१. ॐ दृढाय नमः
५५२. ॐ सङ्कर्षणाऽच्युताय नमः
५५३. ॐ वरुणाय नमः
५५४. ॐ वारुणाय नमः
५५५. ॐ वृक्षाय नमः
५५६. ॐ पुष्कराक्षाय नमः
५५७. ॐ महामनसे नमः
५५८. ॐ भगवते नमः
५५९. ॐ भगघ्ने नमः
५६०. ॐ आनन्दिने नमः
५६१. ॐ वनमालिने नमः
५६२. ॐ हलायुधाय नमः
५६३. ॐ आदित्याय नमः
५६४. ॐ ज्योतिरादित्याय नमः
५६५. ॐ सहिष्णवे नमः
५६६. ॐ गतिसत्तमाय नमः
५६७. ॐ सुधन्वने नमः
५६८. ॐ खण्डपरशवे नमः
५६९. ॐ दारुणाय नमः
५७०. ॐ द्रविणप्रदाय नमः
५७१. ॐ दिवःस्पृशे नमः
५७२. ॐ सर्वदृग्व्यासाय नमः
५७३. ॐ वाचस्पतयेऽयोनिजाय नमः
५७४. ॐ त्रिसाम्ने नमः
५७५. ॐ सामगाय नमः
५७६. ॐ साम्ने नमः
५७७. ॐ निर्वाणाय नमः
५७८. ॐ भेषजाय नमः
५७९. ॐ भिषजे नमः
५८०. ॐ संन्यासकृते नमः
५८१. ॐ शमाय नमः
५८२. ॐ शान्ताय नमः
५८३. ॐ निष्ठायै नमः
५८४. ॐ शान्त्यै नमः
५८५. ॐ परायणाय नमः
५८६. ॐ शुभाङ्गाय नमः
५८७. ॐ शान्तिदाय नमः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५८८. ॐ स्रष्ट्रे नमः
५८९. ॐ कुमुदाय नमः
५९०. ॐ कुवलेशयाय नमः
५९१. ॐ गोहिताय नमः
५९२. ॐ गोपतये नमः
५९३. ॐ गोप्त्रे नमः
५९४. ॐ वृषभाक्षाय नमः
५९५. ॐ वृषप्रियाय नमः
५९६. ॐ अनिवर्तिने नमः
५९७. ॐ निवृत्तात्मने नमः
५९८. ॐ संक्षेप्त्रे नमः
५९९. ॐ क्षेमकृते नमः
६००. ॐ शिवाय नमः
६०१. ॐ श्रीवत्सवक्षसे नमः
६०२. ॐ श्रीवासाय नमः
६०३. ॐ श्रीपतये नमः
६०४. ॐ श्रीमतांवराय नमः
६०५. ॐ श्रीदाय नमः
६०६. ॐ श्रीशाय नमः
६०७. ॐ श्रीनिवासाय नमः
६०८. ॐ श्रीनिधये नमः
६०९. ॐ श्रीविभावनाय नमः
६१०. ॐ श्रीधराय नमः
६११. ॐ श्रीकराय नमः
६१२. ॐ श्रेयसे नमः
६१३. ॐ श्रीमते नमः
६१४. ॐ लोकत्रयाश्रयाय नमः
६१५. ॐ स्वक्षाय नमः
६१६. ॐ स्वङ्गाय नमः
६१७. ॐ शतानन्दाय नमः
६१८. ॐ नन्दये नमः
६१९. ॐ ज्योतिर्गणेश्वराय नमः
६२०. ॐ विजितात्मने नमः
६२१. ॐ अविधेयात्मने नमः
६२२. ॐ सत्कीर्तये नमः
६२३. ॐ छिन्नसंशयाय नमः
६२४. ॐ उदीर्णाय नमः
६२५. ॐ सर्वतश्चक्षुषे नमः
६२६. ॐ अनीशाय नमः
६२७. ॐ शाश्वतस्थिराय नमः
६२८. ॐ भूशयाय नमः
६२९. ॐ भूषणाय नमः
६३०. ॐ भूतये नमः
६३१. ॐ विशोकाय नमः
६३२. ॐ शोकनाशनाय नमः
६३३. ॐ अर्चिष्मते नमः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६३४. ॐ अर्चिताय नमः
६३५. ॐ कुम्भाय नमः
६३६. ॐ विशुद्धात्मने नमः
६३७. ॐ विशोधनाय नमः
६३८. ॐ अनिरुद्धाय नमः
६३९. ॐ अप्रतिरथाय नमः
६४०. ॐ प्रद्युम्नाय नमः
६४१. ॐ अमितविक्रमाय नमः
६४२. ॐ कालनेमिनिघ्ने नमः
६४३. ॐ वीराय नमः
६४४. ॐ शौरये नमः
६४५. ॐ शूरजनेश्वराय नमः
६४६. ॐ त्रिलोकात्मने नमः
६४७. ॐ त्रिलोकेशाय नमः
६४८. ॐ केशवाय नमः
६४९. ॐ केशिघ्ने नमः
६५०. ॐ हरये नमः
६५१. ॐ कामदेवाय नमः
६५२. ॐ कामपालाय नमः
६५३. ॐ कामिने नमः
६५४. ॐ कान्ताय नमः
६५५. ॐ कृतागमाय नमः
६५६. ॐ अनिर्देश्यवपुषे नमः
६५७. ॐ विष्णवे नमः
६५८. ॐ वीराय नमः
६५९. ॐ अनन्ताय नमः
६६०. ॐ धनञ्जयाय नमः
६६१. ॐ ब्रह्मण्याय नमः
६६२. ॐ ब्रह्मकृते नमः
६६३. ॐ ब्रह्मणे नमः
६६४. ॐ ब्रह्मणे नमः
६६५. ॐ ब्रह्मविवर्धनाय नमः
६६६. ॐ ब्रह्मविदे नमः
६६७. ॐ ब्राह्मणाय नमः
६६८. ॐ ब्रह्मिणे नमः
६६९. ॐ ब्रह्मज्ञाय नमः
६७०. ॐ ब्राह्मणप्रियाय नमः
६७१. ॐ महाक्रमाय नमः
६७२. ॐ महाकर्मणे नमः
६७३. ॐ महातेजसे नमः
६७४. ॐ महोरगाय नमः
६७५. ॐ महाक्रतवे नमः
६७६. ॐ महायज्वने नमः
६७७. ॐ महायज्ञाय नमः
६७८. ॐ महाहविषे नमः
६७९. ॐ स्तव्याय नमः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६८०. ॐ स्तवप्रियाय नमः
६८१. ॐ स्तोत्राय नमः
६८२. ॐ स्तुतये नमः
६८३. ॐ स्तोत्रे नमः
६८४. ॐ रणप्रियाय नमः
६८५. ॐ पूर्णाय नमः
६८६. ॐ पूरयित्रे नमः
६८७. ॐ पुण्याय नमः
६८८. ॐ पुण्यकीर्तये नमः
६८९. ॐ अनामयाय नमः
६९०. ॐ मनोजवाय नमः
६९१. ॐ तीर्थकराय नमः
६९२. ॐ वसुरेतसे नमः
६९३. ॐ वसुप्रदाय नमः
६९४. ॐ वसुप्रदाय नमः
(ॐ वसु (ज्ञान) प्रदाय नमः)
६९५. ॐ वासुदेवाय नमः
६९६. ॐ वसवे नमः
६९७. ॐ वसुमनसे नमः
६९८. ॐ हविषे नमः
६९९. ॐ सद्‍गतये नमः
७००. ॐ सत्कृतये नमः
७०१. ॐ सत्तायै नमः
७०२. ॐ सद्‍भूतये नमः
७०३. ॐ सत्परायणाय नमः
७०४. ॐ शूरसेनाय नमः
७०५. ॐ यदुश्रेष्ठाय नमः
७०६. ॐ सन्निवासाय नमः
७०७. ॐ सुयामुनाय नमः
७०८. ॐ भूतावासाय नमः
७०९. ॐ वासुदेवाय नमः
७१०. ॐ सर्वासुनिलयाय नमः
७११. ॐ अनलाय नमः
७१२. ॐ दर्पघ्ने नमः
७१३. ॐ दर्पदाय नमः
७१४. ॐ दृप्ताय नमः
७१५. ॐ दुर्धराय नमः
७१६. ॐ अपराजिताय नमः
७१७. ॐ विश्वमूर्तये नमः
७१८. ॐ महामूर्तये नमः
७१९. ॐ दीप्तमूर्तये नमः
७२०. ॐ अमूर्तिमते नमः
७२१. ॐ अनेकमूर्तये नमः
७२२. ॐ अव्यक्ताय नमः
७२३. ॐ शतमूर्तये नमः
७२४. ॐ शताननाय नमः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७२५. ॐ एकाय नमः
७२६. ॐ नैकाय नमः
७२७. ॐ सवाय नमः
७२८. ॐ काय नमः
७२९. ॐ काय नमः
७३०. ॐ यते नमः
७३१. ॐ तते नमः
७३२. ॐ पदमनुत्तमाय नमः
७३३. ॐ लोकवन्धवे नमः
७३४. ॐ लोकनाथाय नमः
७३५. ॐ माधवाय नमः
७३६. ॐ भक्तवत्सलाय नमः
७३७. ॐ सुवर्णवर्णाय नमः
७३८. ॐ हेमाङ्गाय नमः
७३९. ॐ वराङ्गाय नमः
७४०. ॐ चन्दनाङ्गदिने नमः
७४१. ॐ वीरघ्ने नमः
७४२. ॐ विषमाय नमः
७४३. ॐ शून्याय नमः
७४४. ॐ घृताशिषे नमः
७४५. ॐ अचलाय नमः
७४६. ॐ चलाय नमः
७४७. ॐ अमानिने नमः
७४८. ॐ मानदाय नमः
७४९. ॐ मान्याय नमः
७५०. ॐ लोकस्वामिने नमः
७५१. ॐ त्रिलोकधृषे नमः
७५२. ॐ सुमेधसे नमः
७५३. ॐ मेधजाय नमः
७५४. ॐ धन्याय नमः
७५५. ॐ सत्यमेधसे नमः
७५६. ॐ धराधराय नमः
७५७. ॐ तेजोवृषाय नमः
७५८. ॐ द्युतिधराय नमः
७५९. ॐ सर्वशस्त्रभृतां वराय नमः
७६०. ॐ प्रग्रहाय नमः
७६१. ॐ निग्रहाय नमः
७६२. ॐ व्यग्राय नमः
७६३. ॐ नैकश्रृङ्गाय नमः
७६४. ॐ गदाग्रजाय नमः
७६५. ॐ चतुर्मूर्तये नमः
७६६. ॐ चतुर्बाहवे नमः
७६७. ॐ चतुर्व्यूहाय नमः
७६८. ॐ चतुर्गतये नमः
७६९. ॐ चतुरात्मने नमः
७७०. ॐ चतुर्भावाय नमः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७७१. ॐ चतुर्वेदविदे नमः
७७२. ॐ एकपदे नमः
७७३. ॐ समावर्ताय नमः
७७४. ॐ अनिवृत्तात्मने नमः
७७५. ॐ दुर्जयाय नमः
७७६. ॐ दुरतिक्रमाय नमः
७७७. ॐ दुर्लभाय नमः
७७८. ॐ दुर्गमाय नमः
७७९. ॐ दुर्गाय नमः
७८०. ॐ दुरावासाय नमः
७८१. ॐ दुरारिघ्ने नमः
७८२. ॐ शुभाङ्गाय नमः
७८३. ॐ लोकसारङ्गाय नमः
७८४. ॐ सुतन्तवे नमः
७८५. ॐ तन्तुवर्धनाय नमः
७८६. ॐ इन्द्रकर्मणे नमः
७८७. ॐ महाकर्मणे नमः
७८८. ॐ कृतकर्मणे नमः
७८९. ॐ कृतागमाय नमः
७९०. ॐ उद्भवाय नमः
७९१. ॐ सुन्दराय नमः
७९२. ॐ सुन्दाय नमः
७९३. ॐ रत्ननाभाय नमः
७९४. ॐ सुलोचनाय नमः
७९५. ॐ अर्काय नमः
७९६. ॐ वाजसनाय नमः
७९७. ॐ शृङ्गिणे नमः
७९८. ॐ जयन्ताय नमः
७९९. ॐ सर्वविज्जयिने नमः
८००. ॐ सुवर्णबिन्दवे नमः
८०१. ॐ अक्षोभ्याय नमः
८०२. ॐ सर्ववागीश्वरेश्वराय नमः
८०३. ॐ महाह्रदाय नमः
८०४. ॐ महागर्ताय नमः
८०५. ॐ महाभूताय नमः
८०६. ॐ महानिधये नमः
८०७. ॐ कुमुदाय नमः
८०८. ॐ कुन्दराय नमः
८०९. ॐ कुन्दाय नमः
८१०. ॐ पर्जन्याय नमः
८११. ॐ पावनाय नमः
८१२. ॐ अनिलाय नमः
८१३. ॐ अमृताशाय नमः
८१४. ॐ अमृतवपुषे नमः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८१५. ॐ सर्वज्ञाय नमः
८१६. ॐ सर्वतोमुखाय नमः
८१७. ॐ सुलभाय नमः
८१८. ॐ सुव्रताय नमः
८१९. ॐ सिद्धाय नमः
८२०. ॐ शत्रुजिते नमः
८२१. ॐ शत्रुतापनाय नमः
८२२. ॐ न्यग्रोधाय नमः
८२३. ॐ उदुम्बराय नमः
८२४. ॐ अश्वत्थाय नमः
८२५. ॐ चाणुरान्ध्रनिषूदनाय नमः
८२६. ॐ सहस्रार्चिषे नमः
८२७. ॐ सप्तजिह्वाय नमः
८२८. ॐ सप्तैधसे नमः
८२९. ॐ सप्तवाहनाय नमः
८३०. ॐ अमूर्तये नमः
८३१. ॐ अनघाय नमः
८३२. ॐ अचिन्त्याय नमः
८३३. ॐ भयकृते नमः
८३४. ॐ भयनाशनाय नमः
८३५. ॐ अणवे नमः
८३६. ॐ बृहते नमः
८३७. ॐ कृशाय नमः
८३८. ॐ स्थूलाय नमः
८३९. ॐ गुणभृते नमः
८४०. ॐ निर्गुणाय नमः
८४१. ॐ महते नमः
८४२. ॐ अधृताय नमः
८४३. ॐ स्वधृताय नमः
८४४. ॐ स्वास्याय नमः
८४५. ॐ प्राग्वंशाय नमः
८४६. ॐ वंशवर्धनाय नमः
८४७. ॐ भारभृते नमः
८४८. ॐ कथिताय नमः
८४९. ॐ योगिने नमः
८५०. ॐ योगीशाय नमः
८५१. ॐ सर्वकामदाय नमः
८५२. ॐ आश्रमाय नमः
८५३. ॐ श्रमणाय नमः
८५४. ॐ क्षामाय नमः
८५५. ॐ सुपर्णाय नमः
८५६. ॐ वायुवाहनाय नमः
८५७. ॐ धनुर्धराय नमः
८५८. ॐ धनुर्वेदाय नमः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८५९. ॐ दण्डाय नमः
८६०. ॐ दमयित्रे नमः
८६१. ॐ दमाय नमः
८६२. ॐ अपराजिताय नमः
८६३. ॐ सर्वसहाय नमः
८६४. ॐ नियन्त्रे नमः
८६५. ॐ अनियमाय नमः
८६६. ॐ अयमाय नमः
८६७. ॐ सत्त्ववते नमः
८६८. ॐ सात्त्विकाय नमः
८६९. ॐ सत्याय नमः
८७०. ॐ सत्यधर्मपरायणाय नमः
८७१. ॐ अभिप्रायाय नमः
८७२. ॐ प्रियार्हाय नमः
८७३. ॐ अर्हाय नमः
८७४. ॐ प्रियकृते नमः
८७५. ॐ प्रीतिवर्धनाय नमः
८७६. ॐ विहायसगतये नमः
८७७. ॐ ज्योतिषे नमः
८७८. ॐ सुरुचये नमः
८७९. ॐ हुतभुजे नमः
८८०. ॐ विभवे नमः
८८१. ॐ रवये नमः
८८२. ॐ विरोचनाय नमः
८८३. ॐ सूर्याय नमः
८८४. ॐ सवित्रे नमः
८८५. ॐ रविलोचनाय नमः
८८६. ॐ अनन्ताय नमः
८८७. ॐ हुतभुजे नमः
८८८. ॐ भोक्त्रे नमः
८८९. ॐ सुखदाय नमः
८९०. ॐ नैकजाय नमः
८९१. ॐ अग्रजाय नमः
८९२. ॐ अनिर्विण्णाय नमः
८९३. ॐ सदामर्षिणे नमः
८९४. ॐ लोकाधिष्ठानाय नमः
८९५. ॐ अद्भुताय नमः
८९६. ॐ सनाते नमः
८९७. ॐ सनातनतमाय नमः
८९८. ॐ कपिलाय नमः
८९९. ॐ कपये नमः
९००. ॐ अप्ययाय नमः
९०१. ॐ स्वस्तिदाय नमः
९०२. ॐ स्वस्तिकृते नमः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१०३. ॐ स्वस्तये नमः
१०४. ॐ स्वस्तिभुजे नमः
१०५. ॐ स्वस्तिदक्षिणाय नमः
१०६. ॐ अरौद्राय नमः
१०७. ॐ कुण्डलिने नमः
१०८. ॐ चक्रिणे नमः
१०९. ॐ विक्रमिणे नमः
११०. ॐ ऊर्जितशासनाय नमः
१११. ॐ शब्दातिगाय नमः
११२. ॐ शब्दसहाय नमः
११३. ॐ शिशिराय नमः
११४. ॐ शर्वरीकराय नमः
११५. ॐ अक्रूराय नमः
११६. ॐ पेशलाय नमः
११७. ॐ दक्षाय नमः
११८. ॐ दक्षिणाय नमः
११९. ॐ क्षमिणांवराय नमः
१२०. ॐ विद्वत्तमाय नमः
१२१. ॐ वीतभयाय नमः
१२२. ॐ पुण्यश्रवणकीर्तनाय नमः
१२३. ॐ उत्तारणाय नमः
१२४. ॐ दुष्कृतिघ्ने नमः
१२५. ॐ पुण्याय नमः
१२६. ॐ दुःस्वप्ननाशनाय नमः
१२७. ॐ वीरघ्ने नमः
१२८. ॐ रक्षणाय नमः
१२९. ॐ सन्ताय नमः
१३०. ॐ जीवनाय नमः
१३१. ॐ पर्यवस्थिताय नमः
१३२. ॐ अनन्तरूपाय नमः
१३३. ॐ अनन्तश्रिये नमः
१३४. ॐ जितमन्यवे नमः
१३५. ॐ भयापहाय नमः
१३६. ॐ चतुरस्राय नमः
१३७. ॐ गभीरात्मने नमः
१३८. ॐ विदिशाय नमः
१३९. ॐ व्यादिशाय नमः
१४०. ॐ दिशाय नमः
१४१. ॐ अनादये नमः
१४२. ॐ भुवोभुवे नमः
१४३. ॐ लक्ष्मिणे नमः
१४४. ॐ सुवीराय नमः
१४५. ॐ रुचिराङ्गदाय नमः
१४६. ॐ जननाय नमः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१४७. ॐ जन्मजन्मादये नमः
१४८. ॐ भीमाय नमः
१४९. ॐ भीमपराक्रमाय नमः
१५०. ॐ आधारनिलयाय नमः
१५१. ॐ अधात्रे नमः
१५२. ॐ पुष्पहासाय नमः
१५३. ॐ प्रजागराय नमः
१५४. ॐ ऊर्ध्वगाय नमः
१५५. ॐ सत्पथाचाराय नमः
१५६. ॐ प्राणदाय नमः
१५७. ॐ प्रणवाय नमः
१५८. ॐ पणाय नमः
१५९. ॐ प्रमाणाय नमः
१६०. ॐ प्राणनिलयाय नमः
१६१. ॐ प्राणभृते नमः
१६२. ॐ प्राणजीवनाय नमः
१६३. ॐ तत्त्वाय नमः
१६४. ॐ तत्त्वविदे नमः
१६५. ॐ एकात्मने नमः
१६६. ॐ जन्ममृत्युजरातिगाय नमः
१६७. ॐ भूर्भुवःस्वस्तरवे नमः
१६८. ॐ ताराय नमः
१६९. ॐ सवित्रे नमः
१७०. ॐ प्रपितामहाय नमः
१७१. ॐ यज्ञाय नमः
१७२. ॐ यज्ञपतये नमः
१७३. ॐ यज्वने नमः
१७४. ॐ यज्ञाङ्गाय नमः
१७५. ॐ यज्ञवाहनाय नमः
१७६. ॐ यज्ञभृते नमः
१७७. ॐ यज्ञकृते नमः
१७८. ॐ यज्ञिने नमः
१७९. ॐ यज्ञभुजे नमः
१८०. ॐ यज्ञसाधनाय नमः
१८१. ॐ यज्ञान्तकृते नमः
१८२. ॐ यज्ञगुह्याय नमः
१८३. ॐ अन्नाय नमः
१८४. ॐ अन्नादाय नमः
१८५. ॐ आत्मयोनये नमः
१८६. ॐ स्वयंजाताय नमः
१८७. ॐ वैखानाय नमः
१८८. ॐ सामगायनाय नमः
१८९. ॐ देवकीनन्दनाय नमः
१९०. ॐ स्रष्ट्रे नमः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९९१ ॐ क्षितीशाय नमः
९९२. ॐ पापनाशनाय नमः
९९३. ॐ शङ्खभृते नमः
९९४. ॐ नन्दकिने नमः
९९५. ॐ चक्रिणे नमः
९९६. ॐ शार्ङ्गधन्वने नमः
९९७. ॐ गदाधराय नमः
९९८. ॐ रथाङ्गपाणये नमः
९९९. ॐ अक्षोभ्याय नमः
१०००. ॐ सर्वप्रहरणायुधाय नमः

ॐ सर्वप्रहरणायुधाय नमः

- हरिः ॐ तत्सत् -

इति श्रीविष्णुसहस्रनामावली सम्पूर्णा

- शिवमस्तु -

श्रीविष्णुसहस्रनामस्तोत्रम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुर्थ्यन्तमा केही विकल्प नामावली

१ ॐ विश्वस्मै नमः
१२ ॐ मुक्तानां परमायै गतये नमः
२५ ॐ सर्वस्मै नमः
३० ॐ निधये अव्ययाय नमः
४५ ॐ धातवे उत्तमाय नमः
५४ ॐ स्थविराय ध्रुवाय नमः
६३ ॐ मङ्गलाय परस्मै नमः
५३१ ॐ महर्षिकपिलाचार्याय नमः
५५२ ॐ सङ्कर्षणाय अच्युताय नमः
५७१ ॐ दिवस्पृशे नमः
५७३ ॐ वाचस्पतिरयोनिजाय नमः
५७६ ॐ सामाय नमः
६१८ ॐ नन्दिने नमः
७२५ ॐ एकस्मै नमः
७२६ ॐ नैकस्मै नमः
७२९ ॐ कस्मै नमः
७३० ॐ यस्मै नमः
७३१ ॐ तस्मै नमः
७३२ ॐ पदायानुत्तमाय नमः
८९६ ॐ सनात् नमः
९०३ ॐ स्वस्ति/स्वस्तिने नमः
९२९ ॐ सद्भ्यो नमः
९४२ ॐ भूर्भुवे/भूर्भुवाय नमः
९४३ ॐ लक्ष्म्यै नमः

द्रष्टव्यः

श्रीविष्णुसहस्रनामका विषयमा शाङ्करभाष्यलाई मूल आधार मानी विभिन्न विद्वान्हरूको परामर्श अनुसार श्रीविष्णुका नामलाई सर्वनाम, अव्यय आदिका साथै विष्णुकै पर्यायवाची नाम र मन्त्रका रूपमा पनि लिनु समीचीन देखिएकाले विश्व, सर्व, किम् यत्, तत् जस्ता नामलाई चतुर्थी विभक्तिमा विश्वाय, सर्वाय, काय, यते, तते पनि बनाइएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ श्रीपरमात्मने नमः

अथ श्रीविष्णुसहस्रनामस्तोत्रम्

(मूलपाठः)

यस्य स्मरणमात्रेण जन्मसंसारबन्धनात् ।
विमुच्यते नमस्तस्मै विष्णवे प्रभविष्णवे ॥
नमः समस्तभूतानामादिभूताय भूभृते ।
अनेकरुपरूपाय विष्णवे प्रभविष्णवे ॥

वैशम्पायन उवाच-
श्रुत्वा धर्मानशेषेण पावनानि च सर्वशः ।
युधिष्ठिरः शान्तनवं पुनरेवाभ्यभाषत ॥१॥

युधिष्ठिर उवाच-
किमेकं दैवतं लोके किं वाप्येकं परायणम् ।
स्तुवन्तः कं कमर्चन्तः प्राप्नुयुर्मानवाः शुभम् ॥२॥
को धर्मः सर्वधर्माणां भवतः परमो मतः ।
किं जपन्मुच्यते जन्तुर्जन्मसंसारबन्धनात् ॥३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भीष्म उवाच-

जगत्प्रभुं देवदेवमनन्तं पुरुषोत्तमम् ।
स्तुवन्नामसहस्रेण पुरुषः सततोत्थितः ॥४॥
तमेव चार्चयन्नित्यं भक्त्या पुरुषमव्ययम् ।
ध्यायन्स्तुवन्नमस्यंश्च यजमानस्तमेव च ॥५॥
अनादिनिधनं विष्णुं सर्वलोकमहेश्वरम् ।
लोकाध्यक्षं स्तुवन्नित्यं सर्वदुःखातिगो भवेत् ॥६॥
ब्रह्मण्यं सर्वधर्मज्ञं लोकानां कीर्तिवर्धनम् ।
लोकनाथं महद्भूतं सर्वभूतभवोद्भवम् ॥७॥
एष मे सर्वधर्माणां धर्मोऽधिकतमो मतः ।
यद्भक्त्या पुण्डरीकाक्षं स्तवैरर्चेन्नरः सदा ॥८॥
परमं यो महत्तेजः परमं यो महत्तपः ।
परमं यो महद्ब्रह्म परमं यः परायणम् ॥९॥
पवित्राणां पवित्रं यो मङ्गलानां च मङ्गलम् ।
दैवतं देवतानां च भूतानां योऽव्ययः पिता ॥१०॥
यतः सर्वाणि भूतानि भवन्त्यादियुगागमे ।
यस्मिंश्च प्रलयं यान्ति पुनरेव युगक्षये ॥११॥
तस्य लोकप्रधानस्य जगन्नाथस्य भूपते ।
विष्णोर्नामसहस्रं मे शृणु पापभयापहम् ॥१२॥
यानि नामानि गौणानि विख्यातानि महात्मनः ।
ऋषिभिः परिगीतानि तानि वक्ष्यामि भूतये ॥१३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ विश्वं विष्णुर्वषट्कारो भूतभव्यभवत्प्रभुः ।
भूतकृद्भूतभृद्भावो भूतात्मा भूतभावनः ॥१४॥
पूतात्मा परमात्मा च मुक्तानां परमा गतिः ।
अव्ययः पुरुषः साक्षी क्षेत्रज्ञोऽक्षर एव च ॥१५॥
योगो योगविदां नेता प्रधानपुरुषेश्वरः ।
नारसिंहवपुः श्रीमान्केशवः पुरुषोत्तमः ॥१६॥
सर्वः शर्वः शिवः स्थाणुर्भूतादिर्निधिरव्ययः ।
सम्भवो भावनो भर्ता प्रभवः प्रभुरीश्वरः ॥१७॥
स्वयम्भूः शम्भुरादित्यः पुष्कराक्षो महास्वनः ।
अनादिनिधनो धाता विधाता धातुरुत्तमः ॥१८॥
अप्रमेयो हृषीकेशः पद्मनाभोऽमरप्रभुः ।
विश्वकर्मा मनुस्त्वष्टा स्थविष्ठः स्थविरो ध्रुवः ॥१९॥
अग्राह्यः शाश्वतः कृष्णो लोहिताक्षः प्रतर्दनः ।
प्रभूतस्त्रिककुब्धाम पवित्रं मङ्गलं परम् ॥२०॥
ईशानः प्राणदः प्राणो ज्येष्ठः श्रेष्ठः प्रजापतिः ।
हिरण्यगर्भो भूगर्भो माधवो मधुसूदनः ॥२१॥
ईश्वरो विक्रमी धन्वी मेधावी विक्रमः क्रमः ।
अनुत्तमो दुराधर्षः कृतज्ञः कृतिरात्मवान् ॥२२॥
सुरेशः शरणं शर्म विश्वरेताः प्रजाभवः ।
अहः संवत्सरो व्यालः प्रत्ययः सर्वदर्शनः ॥२३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अजः सर्वेश्वरः सिद्धः सिद्धिः सर्वादिरच्युतः ।
वृषाकपिरमेयात्मा सर्वयोगविनिःसृतः ॥२४॥
वसुर्वसुमनाः सत्यः समात्मा सम्मितः समः ।
अमोघः पुण्डरीकाक्षो वृषकर्मा वृषाकृतिः ॥२५॥
रुद्रो बहुशिरा बभ्रुर्विश्वयोनिः शुचिश्रवाः ।
अमृतः शाश्वतः स्थाणुर्वरारोहो महातपाः ॥२६॥
सर्वगः सर्वविद् भानुर्विष्वक्सेनो जनार्दनः ।
वेदो वेदविदव्यङ्गो वेदाङ्गो वेदवित्कविः ॥२७॥
लोकाध्यक्षः सुराध्यक्षो धर्माध्यक्षः कृताकृतः ।
चतुरात्मा चतुर्व्यूहश्चतुर्दंष्ट्रश्चतुर्भुजः ॥२८॥
भ्राजिष्णुर्भोजनं भोक्ता सहिष्णुर्जगदादिजः ।
अनघो विजयो जेता विश्वयोनिः पुनर्वसुः ॥२९॥
उपेन्द्रो वामनः प्रांशुरमोघः शुचिरूर्जितः ।
अतीन्द्रः संग्रहः सर्गो धृतात्मा नियमो यमः ॥३०॥
वेद्यो वैद्यः सदायोगी वीरहा माधवो मधुः ।
अतीन्द्रियो महामायो महोत्साहो महाबलः ॥३१॥
महाबुद्धिर्महावीर्यो महाशक्तिर्महाधृतिः ।
अनिर्देश्यवपुः श्रीमानमेयात्मा महाद्रिधृक् ॥३२॥
महेष्वासो महीभर्ता श्रीनिवासः सतां गतिः ।
अनिरुद्धः सुरानन्दो गोविन्दो गोविदां पतिः ॥३३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मरीचिर्दमनो हंसः सुपर्णो भुजगोत्तमः ।
हिरण्यनाभः सुतपाः पद्मनाभः प्रजापतिः ॥३४॥
अमृत्युः सर्वदृक् सिंहः सन्धाता सन्धिमान्स्थिरः ।
अजो दुर्मर्षणः शास्ता विश्रुतात्मा सुरारिहा ॥३५॥
गुरुर्गुरुतमो धाम सत्यः सत्यपराक्रमः ।
निमिषोऽनिमिषः स्रग्वी वाचस्पतिरुदारधीः ॥३६॥
अग्रणीर्ग्रामणीः श्रीमान् न्यायो नेता समीरणः ।
सहस्रमूर्धा विश्वात्मा सहस्राक्षः सहस्रपात् ॥३७॥
आवर्तनो निवृत्तात्मा संवृतः सम्प्रमर्दनः ।
अहःसंवर्तको वह्निरनिलो धरणीधरः ॥३८॥
सुप्रसादः प्रसन्नात्मा विश्वधृग्विश्वभुग्विभुः ।
सत्कर्ता सत्कृतः साधुर्जह्नुर्नारायणो नरः ॥३९॥
असंख्येयोऽप्रमेयात्मा विशिष्टः शिष्टकृच्छुचिः ।
सिद्धार्थः सिद्धसंकल्पः सिद्धिदः सिद्धिसाधनः ॥४०॥
वृषाही वृषभो विष्णुर्वृषपर्वा वृषोदरः ।
वर्धनो वर्धमानश्च विविक्तः श्रुतिसागरः ॥४१॥
सुभुजो दुर्धरो वाग्मी महेन्द्रो वसुदो वसुः ।
नैकरूपो बृहद्रूपः शिपिविष्टः प्रकाशनः ॥४२॥
ओजस्तेजोद्युतिधरः प्रकाशात्मा प्रतापनः ।
ऋद्धः स्पष्टाक्षरो मन्त्रश्चन्द्रांशुर्भास्करद्युतिः ॥४३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अमृतांशूद्भवो भानुः शशबिन्दुः सुरेश्वरः ।
औषधं जगतः सेतुः सत्यधर्मपराक्रमः ॥४४॥
भूतभव्यभवन्नाथः पवनः पावनोऽनलः ।
कामहा कामकृत्कान्तः कामः कामप्रदः प्रभुः ॥४५॥
युगादिकृद् युगावर्तो नैकमायों महाशनः ।
अदृश्योऽव्यक्तरूपश्च सहस्रजिदनन्तजित् ॥४६॥
इष्टोऽविशिष्टः शिष्टेष्टः शिखण्डी नहुषो वृषः ।
क्रोधहा क्रोधकृत्कर्ता विश्वबाहुर्महीधरः ॥४७॥
अच्युतः प्रथितः प्राणः प्राणदो वासवानुजः ।
अपां निधिरधिष्ठानमप्रमत्तः प्रतिष्ठितः ॥४८॥
स्कन्दः स्कन्दधरो धुर्यो वरदो वायुवाहनः ।
वासुदेवो बृहद्भानुरादिदेवः पुरन्दरः ॥४९॥
अशोकस्तारणस्तारः शूरः शौरिर्जनेश्वरः ।
अनुकूलः शतावर्तः पद्मी पद्मनिभेक्षणः ॥५०॥
पद्मनाभोऽरविन्दाक्षः पद्मगर्भः शरीरभृत् ।
महर्द्धिर्ऋद्धो वृद्धात्मा महाक्षो गरुडध्वजः ॥५१॥
अतुलः शरभो भीमः समयज्ञो हविर्हरिः ।
सर्वलक्षणलक्षण्यो लक्ष्मीवान्समितिञ्जयः ॥५२॥
विक्षरो रोहितो मार्गो हेतुर्दामोदरः सहः ।
महीधरो महाभागो वेगवानमिताशनः ॥५३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उद्भवः क्षोभणो देवः श्रीगर्भः परमेश्वरः ।
करणं कारणं कर्ता विकर्ता गहनो गुहः ॥५४॥
व्यवसायो व्यवस्थानः संस्थानः स्थानदो ध्रुवः ।
परर्द्धिः परमस्पष्टस्तुष्टः पुष्टः शुभेक्षणः ॥५५॥
रामो विरामो विरजो मार्गो नेयो नयोऽनयः ।
वीरः शक्तिमतां श्रेष्ठो धर्मो धर्मविदुत्तमः ॥५६॥
वैकुण्ठः पुरुषः प्राणः प्राणदः प्रणवः पृथुः ।
हिरण्यगर्भः शत्रुघ्नो व्याप्तो वायुरधोक्षजः ॥५७॥
ऋतुः सुदर्शनः कालः परमेष्ठी परिग्रहः ।
उग्रः संवत्सरो दक्षो विश्रामो विश्वदक्षिणः ॥५८॥
विस्तारः स्थावरः स्थाणुः प्रमाणं बीजमव्ययम् ।
अर्थोऽनर्थो महाकोशो महाभोगो महाधनः ॥५९॥
अनिर्विण्णः स्थविष्ठोऽभूर्धर्मयूपो महामखः ।
नक्षत्रनेमिर्नक्षत्री क्षमः क्षामः समीहनः ॥६०॥
यज्ञ इज्यो महेज्यश्च क्रतुः सत्रं सतां गतिः ।
सर्वदर्शी विमुक्तात्मा सर्वज्ञो ज्ञानमुत्तमम् ॥६१॥
सुव्रतः सुमुखः सूक्ष्मः सुघोषः सुखदः सुहृत् ।
मनोहरो जितक्रोधो वीरबाहुर्विदारणः ॥६२॥
स्वापनः स्ववशो व्यापी नैकात्मा नैककर्मकृत् ।
वत्सरो वत्सलो वत्सी रत्नगर्भो धनेश्वरः ॥६३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्मगुब्धर्मकृद्धर्मी सदसत्क्षरमक्षरम् ।
अविज्ञाता सहस्रांशुर्विधाता कृतलक्षणः ॥६४॥
गभस्तिनेमिः सत्त्वस्थः सिंहो भूतमहेश्वरः ।
आदिदेवो महादेवो देवेशो देवभृद्गुरुः ॥६५॥
उत्तरो गोपतिर्गोप्ता ज्ञानगम्यः पुरातनः ।
शरीरभूतभृद्भोक्ता कपीन्द्रो भूरिदक्षिणः ॥६६॥
सोमपोऽमृतपः सोमः पुरुजित्पुरुसत्तमः ।
विनयो जयः सत्यसन्धो दाशार्हः सात्वतां पतिः ॥६७॥
जीवो विनयिता साक्षी मुकुन्दोऽमितविक्रमः ।
अम्भोनिधिरनन्तात्मा महोदधिशयोऽन्तकः ॥६८॥
अजो महार्हः स्वाभाव्यो जितामित्रः प्रमोदनः ।
आनन्दो नन्दनो नन्दः सत्यधर्मा त्रिविक्रमः ॥६९॥
महर्षिः कपिलाचार्यः कृतज्ञो मेदिनीपतिः ।
त्रिपदस्त्रिदशाध्यक्षो महाशृङ्गः कृतान्तकृत् ॥७०॥
महावराहो गोविन्दः सुषेणः कनकाङ्गदी ।
गुह्यो गभीरो गहनो गुप्तश्चक्रगदाधरः ॥७१॥
वेधाः स्वाङ्गोऽजितः कृष्णो दृढः संकर्षणोऽच्युतः ।
वरुणो वारुणो वृक्षः पुष्कराक्षो महामनाः ॥७२॥
भगवान् भगहानन्दी वनमाली हलायुधः ।
आदित्यो ज्योतिरादित्यः सहिष्णुर्गतिसत्तमः ॥७३॥
सुधन्वा खण्डपरशुर्दारुणो द्रविणप्रदः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिविस्पृक्सर्वदृग्व्यासो वाचस्पतिरयोनिजः ॥७४॥
त्रिसामा सामगः साम निर्वाणं भेषजं भिषक् ।
संन्यासकृच्छमः शान्तो निष्ठा शान्तिः परायणम् ॥७५॥
शुभाङ्गः शान्तिदः स्रष्टा कुमुदः कुवलेशयः ।
गोहितो गोपतिर्गोप्ता वृषभाक्षो वृषप्रियः ॥७६॥
अनिवर्ती निवृत्तात्मा संक्षेप्ता क्षेमकृच्छिवः ।
श्रीवत्सवक्षाः श्रीवासः श्रीपतिः श्रीमतां वरः ॥७७॥
श्रीदः श्रीशः श्रीनिवासः श्रीनिधिः श्रीविभावनः ।
श्रीधरः श्रीकरः श्रेयः श्रीमाँल्लोकत्रयाश्रयः ॥७८॥
स्वक्षः स्वङ्गः शतानन्दो नन्दिर्ज्योतिर्गणेश्वरः ।
विजितात्मा विधेयात्मा सत्कीर्तिश्छिन्नसंशयः ॥७९॥
उदीर्णः सर्वतश्चक्षुरनीशः शाश्वतस्थिरः ।
भूशयो भूषणो भूतिर्विशोकः शोकनाशनः ॥८०॥
अर्चिष्मानर्चितः कुम्भो विशुद्धात्मा विशोधनः ।
अनिरुद्धोऽप्रतिरथः प्रद्युम्नोऽमितविक्रमः ॥८१॥
कालनेमिनिहा वीरः शौरिः शूरजनेश्वरः ।
त्रिलोकात्मा त्रिलोकेशः केशवः केशिहा हरिः ॥८२॥
कामदेवः कामपालः कामी कान्तः कृतागमः ।
अनिर्देश्यवपुर्विष्णुर्वीरोऽनन्तो धनंजयः ॥८३॥
ब्रह्मण्यो ब्रह्मकृद्ब्रह्मा ब्रह्म ब्रह्मविवर्धनः ।
ब्रह्मविद्ब्राह्मणो ब्रह्मी ब्रह्मज्ञो ब्राह्मणप्रियः ॥८४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महाक्रमो महाकर्मा महातेजा महोरगः ।
महाक्रतुर्महायज्वा महायज्ञो महाहविः ॥८५॥
स्तव्यः स्तवप्रियः स्तोत्रं स्तुतिः स्तोता रणप्रियः ।
पूर्णः पूरयिता पुण्यः पुण्यकीर्तिरनामयः ॥८६॥
मनोजवस्तीर्थकरो वसुरेता वसुप्रदः ।
वसुप्रदो वासुदेवो वसुर्वसुमना हविः ॥८७॥
सद्गतिः सत्कृतिः सत्ता सद्भूतिः सत्परायणः ।
शूरसेनो यदुश्रेष्ठः सन्निवासः सुयामुनः ॥८८॥
भूतावासो वासुदेवः सर्वासुनिलयोऽनलः ।
दर्पहा दर्पदो दृप्तो दुर्धरोऽथापराजितः ॥८९॥
विश्वमूर्तिर्महामूर्तिर्दीप्तमूर्तिरमूर्तिमान् ।
अनेकमूर्तिरव्यक्तः शतमूर्तिः शताननः ॥९०॥
एको नैकः सवः कः किं यत्तत्पदमनुत्तमम् ।
लोकबन्धुर्लोकनाथो माधवो भक्तवत्सलः ॥९१॥
सुवर्णवर्णो हेमाङ्गो वराङ्गश्चन्दनाङ्गदी ।
वीरहा विषमः शून्यो घृताशीरचलश्चलः ॥९२॥
अमानी मानदो मान्यो लोकस्वामी त्रिलोकधृक् ।
सुमेधा मेधजो धन्यः सत्यमेधा धराधरः ॥९३॥
तेजोवृषो द्युतिधरः सर्वशस्त्रभृतां वरः ।
प्रग्रहो निग्रहो व्यग्रो नैकशृङ्गो गदाग्रजः ॥९४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुर्मूर्तिश्चतुर्बाहुश्चतुर्व्यूहश्चतुर्गतिः ।
चतुरात्मा चतुर्भावश्चतुर्वेदविदेकपात् ॥९५॥
समावर्तोऽनिवृत्तात्मा दुर्जयो दुरतिक्रमः ।
दुर्लभो दुर्गमो दुर्गो दुरावासो दुरारिहा ॥९६॥
शुभाङ्गो लोकसारङ्गः सुतन्तुस्तन्तुवर्धनः ।
इन्द्रकर्मा महाकर्मा कृतकर्मा कृतागमः ॥९७॥
उद्भवः सुन्दरः सुन्दो रत्ननाभः सुलोचनः ।
अर्को वाजसनः शृङ्गी जयन्तः सर्वविज्जयी ॥९८॥
सुवर्णविन्दुरक्षोभ्यः सर्ववागीश्वरेश्वरः ।
महाह्रदो महागर्तो महाभूतो महानिधिः ॥९९॥
कुमुदः कुन्दरः कुन्दः पर्जन्यः पावनोऽनिलः ।
अमृताशोऽमृतवपुः सर्वज्ञः सर्वतोमुखः ॥१००॥
सुलभः सुव्रतः सिद्धः शत्रुजिच्छत्रुतापनः ।
न्यग्रोधोदुम्बरोऽश्वत्थश्चाणचूरान्ध्रनिषूदनः ॥१०१॥
सहस्रार्चिः सप्तजिह्वः सप्तैधाः सप्तवाहनः ।
अमूर्तिरनघोऽचिन्त्यो भयकृद्भयनाशनः ॥१०२॥
अणुर्बृहत्कृशः स्थूलो गुणभृन्निर्गुणो महान् ।
अधृतः स्वधृतः स्वास्यः प्राग्वंशो वंशवर्द्धनः ॥१०३॥
भारभृत्कथितो योगी योगीशः सर्वकामदः ।
आश्रमः श्रमणः क्षामः सुपर्णो वायुवाहनः ॥१०४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धनुर्धरो धनुर्वेदो दण्डो दमयिता दमः ।
अपराजितः सर्वसहो नियन्ता नियमो यमः ॥१०५॥
सत्त्ववान्सात्त्विकः सत्यः सत्यधर्मपरायणः ।
अभिप्रायः प्रियार्होऽर्हः प्रियकृत्प्रीतिवर्धनः ॥१०६॥
विहायसगतिर्ज्योतिः सुरुचिर्हुतभुग्विभुः ।
रविर्विरोचनः सूर्यः सविता रविलोचनः ॥१०७॥
अनन्तो हुतभुग्भोक्ता सुखदो नैकजोऽग्रजः ।
अनिर्विण्णः सदामर्षी लोकाधिष्ठानमद्भुतः ॥१०८॥
सनात्सनातनतमः कपिलः कपिरप्ययः ।
स्वस्तिदः स्वस्तिकृत्स्वस्ति स्वस्तिभुक्स्वस्तिदक्षिणः ॥१०९॥
अरौद्रः कुण्डली चक्री विक्रम्यूर्जितशासनः ।
शब्दातिगः शब्दसहः शिशिरः शर्वरीकरः ॥११०॥
अक्रूरः पेशलो दक्षो दक्षिणः क्षमिणां वरः ।
विद्वत्तमो वीतभयः पुण्यश्रवणकीर्तनः ॥१११॥
उत्तारणो दुष्कृतिहा पुण्यो दुःस्वप्ननाशनः ।
वीरहा रक्षणः सन्तो जीवनः पर्यवस्थितः ॥११२॥
अनन्तरूपोऽनन्तश्रीर्जितमन्युर्भयापहः ।
चतुरस्रो गभीरात्मा विदिशो व्यादिशो दिशः ॥११३॥
अनादिर्भूर्भुवो लक्ष्मीः सुवीरो रुचिराङ्गदः ।
जननो जनजन्मादिर्भीमो भीमपराक्रमः ॥११४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आधारनिलयो धाता पुष्पहासः प्रजागरः ।
ऊर्ध्वगः सत्पथाचारः प्राणदः प्रणवः पणः ॥११५॥
प्रमाणं प्राणनिलयः प्राणभृत्प्राणजीवनः ।
तत्त्वं तत्त्वविदेकात्मा जन्ममृत्युजरातिगः ॥११६॥
भूर्भुवःस्वस्तरुस्तारः सविता प्रपितामहः ।
यज्ञो यज्ञपतिर्यज्वा यज्ञाङ्गो यज्ञवाहनः ॥११७॥
यज्ञभृद्यज्ञकृद्यज्ञी यज्ञभुग्यज्ञसाधनः ।
यज्ञान्तकृद्यज्ञगुह्यमन्नमन्नाद एव च ॥११८॥
आत्मयोनिः स्वयंजातो वैखानः सामगायनः ।
देवकीनन्दनः स्रष्टा क्षितीशः पापनाशनः ॥११९॥
शङ्खभृन्नन्दकी चक्री शार्ङ्गधन्वा गदाधरः ।
रथाङ्गपाणिरक्षोभ्यः सर्वप्रहरणायुधः ॥१२०॥
॥सर्वप्रहरणायुध ॐ नम इति ॥

इतीदं कीर्तनीयस्य केशवस्य महात्मनः ।
नाम्नां सहस्रं दिव्यानामशेषेण प्रकीर्तितम् ॥१२१॥
य इदं शृणुयान्नित्यं यश्चापि परिकीर्तयेत् ।
नाशुभं प्राप्नुयात्किञ्चित्सोऽमुत्रेह च मानवः ॥१२२॥
वेदान्तगो ब्राह्मणः स्यात्क्षत्रियो विजयी भवेत् ।
वैश्यो धनसमृद्धः स्याच्छूद्रः सुखमवाप्नुयात् ॥१२३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्मार्थी प्राप्नुयाद्धर्ममर्थार्थी चार्थमाप्नुयात् ।
कामानवाप्नुयात्कामी प्रजार्थी प्राप्नुयात्प्रजाम् ॥१२४॥
भक्तिमान्यः सदोत्थाय शुचिस्तद्गतमानसः ।
सहस्रं वासुदेवस्य नाम्नामेतत्प्रकीर्तयेत् ॥१२५॥
यशः प्राप्नोति विपुलं ज्ञातिप्राधान्यमेव च ।
अचलां श्रियमाप्नोति श्रेयः प्राप्नोत्यनुत्तमम् ॥१२६॥
न भयं क्वचिदाप्नोति वीर्यं तेजश्च विन्दति ।
भवत्यरोगो द्युतिमान्बलरूपगुणान्वितः ॥१२७॥
रोगार्तो मुच्यते रोगाद्बद्धो मुच्येत बन्धनात् ।
भयान्मुच्येत भीतस्तु मुच्येतापन्न आपदः ॥१२८॥
दुर्गाण्यतितरत्याशु पुरुषः पुरुषोत्तमम् ।
स्तुवन्नामसहस्रेण नित्यं भक्तिसमन्वितः ॥१२९॥
वासुदेवाश्रयो मर्त्यो वासुदेवपरायणः ।
सर्वपापविशुद्धात्मा याति ब्रह्म सनातनम् ॥१३०॥
न वासुदेवभक्तानामशुभं विद्यते क्वचित् ।
जन्ममृत्युजराव्याधिभयं नैवोपजायते ॥१३१॥
इमं स्तवमधीयानः श्रद्धाभक्तिसमन्वितः ।
युज्येतात्मसुखक्षान्तिश्रीधृतिस्मृतिकीर्तिभिः ॥१३२॥
न क्रोधो न च मात्सर्यं न लोभो नाशुभा मतिः ।
भवन्ति कृतपुण्यानां भक्तानां पुरुषोत्तमे ॥१३३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्यौः सचन्द्रार्कनक्षत्रा खं दिशो भूर्महोदधिः ।
वासुदेवस्य वीर्येण विधृतानि महात्मनः ॥१३४॥
ससुरासुरगन्धर्वं सयक्षोरगराक्षसम् ।
जगद्वशे वर्ततेदं कृष्णस्य सचराचरम् ॥१३५॥
इन्द्रियाणि मनो बुद्धिः सत्त्वं तेजो बलं धृतिः ।
वासुदेवात्मकान्याहुः क्षेत्रं क्षेत्रज्ञ एव च ॥१३६॥
सर्वागमानामाचारः प्रथमं परिकल्पते ।
आचारप्रभवो धर्मो धर्मस्य प्रभुरच्युतः ॥१३७॥
ऋषयः पितरो देवा महाभूतानि धातवः ।
जङ्गमाजङ्गमं चेदं जगन्नारायणोद्भवम् ॥१३८॥
योगो ज्ञानं तथा सांख्यं विद्याः शिल्पादि कर्म च ।
वेदाः शास्त्राणि विज्ञानमेतत्सर्वं जनार्दनात् ॥१३९॥
एको विष्णुर्महद्भूतं पृथग्भूतान्यनेकशः ।
त्रींल्लोकान्व्याप्य भूतात्मा भुङ्क्ते विश्वभुगव्ययः ॥१४०॥
इमं स्तवं भगवतो विष्णोर्व्यासेन कीर्तितम् ।
पठेद्य इच्छेत्पुरुषः श्रेयः प्राप्तुं सुखानि च ॥१४१॥
विश्वेश्वरमजं देवं जगतः प्रभवाप्ययम् ।
भजन्ति ये पुष्कराक्षं न ते यान्ति पराभवम् ॥१४२॥
ॐ तत्सदिति श्रीमहाभारते शतसाहस्र्यां संहितायां
वैयासिक्यायामानुशासनिके पर्वणि भीष्मयुधिष्ठिरसंवादे
श्रीविष्णोर्दिव्यसहस्रनामस्तोत्रम् ॥

Acc 30932 / 30135

हरिः ॐ तत्सत् हरिः ॐ तत्सत् हरिः ॐ तत्सत्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



वंशीराम भण्डारी र सुना भण्डारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रस्तुत ग्रन्थ प्रकाशनमा सम्बन्धित ६ पुस्ताका व्यक्तित्वहरू ।

→ रमाकान्त गौतम (प्रेरक)

विद्वच्छिरोमणि कुलचन्द्र गौतम
(ग्रन्थकार)

पति लक्ष्मीनाथ गौतमका
साथ सुभद्रा गौतम
(पाण्डुलिपि दाता)

पति वंशीराम भण्डारीका
साथ सुना भण्डारी
(प्रकाशिका)

शशिराम भण्डारी
(प्रकाशन सहयोगी)

ऋषिकेशराम
भण्डारी
सहयोगी

रघुराम भण्डारी
सहयोगी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



ISBN 9937287363-6
9 789937 287363

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu